

जीवनशैली रुपान्तरण गर्दै

नेपाल टेलिकम

राष्ट्रको सञ्चार

# अठारौँ
# वार्षिक प्रतिवेदन
## २०८१/८२


**4G सेवा** - ७४९ स्थानीय तहमा
**2G सेवा** - ७५३ स्थानीय तहमा
देशका ग्रामीण क्षेत्र तथा अत्यन्तै विकट भुभाग सम्म पनि दूरसञ्चार सेवा विस्तार गर्दै सम्पर्ण नेपालीको जीवनशैली रुपान्तरण गर्ने एउटै उद्देश्यका साथ नेपाल टेलिकमको प्रयास निरन्तर जारी छ ।

# विषयसूची


## संस्था सम्बन्धी जानकारी

| | |
|---|---|
| साधारण सभाको सूचना, प्रोक्सी फाराम | ८ |
| कम्पनी सम्बन्धी सामान्य जानकारी | ९ |
| कम्पनीका उद्देश्य | ११ |
| अभियान, परिकल्पना तथा लक्ष्य | १२ |
| सांगठनिक संरचना | १३ |
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रमुख कोसेढुङ्गाहरु | १४ |
| पुरस्कार तथा सम्मानहरू | १६ |
| आर्थिक वर्ष २०८१/८२ को परिदृश्य | २५ |
| कम्पनीका प्रमुख वित्तीय सूचकाङ्क | २६ |
| साधारण सभाको फोटो | २७ |

## संस्थाको नेतृत्व र रणनीतिक पुनरावलोकन

| | |
|---|---|
| अध्यक्षको मन्तव्य | ३१ |
| सञ्चालक समिति | ३४ |
| प्रबन्ध निर्देशकको मन्तव्य | ३९ |
| कम्पनी व्यवस्थापन | ४२ |
| सञ्चालक समितिको प्रतिवेदन | ४७ |
| व्यावसायिक उपलब्धिहरू | ७० |
| व्यावसायिक परिदृश्य | ७१ |
| कम्पनीका प्राथमिकता | ७२ |
| ग्राहक सेवा र सम्बन्ध | ७३ |
| कम्पनीको सफलताको आधार | ७६ |
| संस्थागत सामाजिक उत्तरदायित्व | ८५ |
| Value Added Statement | ८७ |

## व्यवस्थापकीय समीक्षा तथा विश्लेषण

| | |
|---|---|
| व्यवस्थापनको समीक्षा | ९० |
| Horizontal and Vertical Analysis | ९४ |
| त्रैमासिक पुनरावलोकन (प्रतिवेदनको) | ९७ |
| मानव पुँजी | १०१ |

## सुशासन तथा जोखिम व्यवस्थापन

| | |
|---|---|
| संस्थागत सुशासन | १०६ |
| अनुपालना प्रतिवेदन | १११ |
| संस्थागत जोखिम व्यवस्थापन | १२० |

## वित्तीय प्रतिवेदन

| | |
|---|---|
| एकल वित्तीय विवरण | १२७ |
| एकीकृत वित्तीय विवरण | २०९ |
| कोसेढुङ्गाहरु | २८७ |



# संस्था सम्बन्धी जानकारी

# अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना
# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा
(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०९)

**आदरणीय सेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८२।०९।०८ गते अपरान्ह ४:१५ बजे बसेको सञ्चालक समितिको १०८९ औं बैठकको निर्णय अनुसार कम्पनीको अठारौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १० को उपनियम (३) बमोजिम सम्पूर्ण सेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**साधारण सभाको कार्यक्रम**

मिति  २०८२/०९/३० गते (तदनुसार १४ जनवरी २०२६) बुधवार
समयः  विहान ११:०० बजे।
स्थानः  राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं।

**छलफलका विषय:**

**१. साधारण प्रस्तावः**

क) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।

ग) लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार श्री महालेखापरीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५(घ) को प्रावधान अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/८३ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने तथा नियुक्तिका अन्य सर्तहरु निर्धारण गर्ने प्रस्ताव पारित गर्ने।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपश्चात आ.व. २०८१/८२ को कम्पनीको मुनाफा रकम मध्येबाट सेयरधनीहरुलाई प्रति सेयर रु ३०।- अक्षरेपी तिस रुपैयाँ मात्र (नगद लाभांशमा लाग्ने कर समेत) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने।

२. **विविधः**

सञ्चालक समितिको आज्ञाले,
**द्वारिका प्रसाद पौडेल**
कम्पनी सचिव

## कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी:

१. कम्पनीको अठारौँ वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ साल पौष २० गतेदेखि मिति २०८२ साल पौष ३० गतेसम्म कम्पनीको सेयर दाखिल खारेजको काम बन्द गरिनेछ। साथै, नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२ साल पौष १९ गतेसम्म नियमानुसार कारोबार भई यस कम्पनीको सेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका सेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि सेयरधनी कायम गरिनेछ।

२. वार्षिक साधारण सभामा भाग लिन उपस्थित हुने सेयरधनीहरुले आफ्नो BOID Statement वा सेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाण (कागजात) अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ।

३. वार्षिक साधारण सभामा भाग लिन सेयरधनी आफैँ उपस्थित हुन नसक्ने भएमा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सकिनेछ। प्रतिनिधि नियुक्त गर्न चाहने सेयरधनीले सो सम्बन्धी निवेदन मिति २०८२/०९/२६ गते अपरान्ह ४:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौँमा दर्ता गराई सक्नुपर्नेछ। एकभन्दा बढी व्यक्तिलाई सेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ।

४. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिर पुस्तिका खुल्नुअघि सभास्थलमा आई लिखित सूचना दिनुपर्नेछ।

५. सभामा भाग लिन प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ। सेयरधनी महानुभावको सुविधाको लागि सभा हुने दिन सेयरधनी उपस्थिती पुस्तिका विहान १०:०० बजेदेखि खुल्ला रहनेछ।

६. सेयरधनी महानुभावहरुको ठेगानामा पठाइने कम्पनीको अठारौँ वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको website: www.ntc.net.np मा हेर्न सकिनेछ। कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका सेयरधनी महानुभावहरुले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौँबाट परिचय खुल्ने कागजात पेस गरी लिन सक्नुहुनेछ।

७. नावालक वा विक्षिप्त सेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको सेयरधनीहरुको लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ।

८. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने सेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाडौँमा लिखित जानकारी दिनु पर्नेछ। लिखित जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन।

९. सेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपमा जवाफ दिइनेछ।

१०. सेयरधनी महानुभावहरु सभास्थलमा उपस्थित हुँदा झोला, पोका जस्ता बस्तुहरु नलिई आउन हुन अनुरोध गरिन्छ। सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ।

११. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाडौँमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ।

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

अनुसूची-१(क)
(निर्वाचन निर्देशिकाको दफा ४ को खण्ड (घ) र कम्पनी ऐन २०६३ को दफा ७१ को उपदफा (३) सँग सम्बन्धित)

**साधारण सभामा भाग लिन र मतदान गर्न आफ्नो प्रतिनिधि नियुक्त गर्ने निवेदन (प्रोक्सी फाराम) को ढाँचा**

श्री सञ्चालक समिति,
नेपाल दूरसञ्चार कम्पनी लिमिटेड,
भद्रकालीप्लाजा, काठमाडौँ ।

**विषयः प्रतिनिधि नियुक्त गरेको सम्बन्धमा ।**

..............................जिल्ला ..................म.न.पा./उ.म.न.पा./न.पा/गा.पा., वडा नं. ..... बस्ने म/हामी......................... ले त्यस कम्पनीको सेयरधनीको हैसियतले सम्वत् २०८२ साल पौष ३० गते बुधवार का दिन हुने अठारौँ वार्षिक साधारण सभामा म/हामी स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ............................ जिल्ला ............................ म.न.पा./उ.म.न.पा./न.पा/गा.पा., वडा नं. ..... बस्ने त्यस कम्पनीका सेयरधनी श्री ......................................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/ पठाएका छौं।

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको:**

हस्ताक्षरको नमुनाः
सेयरधनी प्रमाणपत्र भए प्रमाणपत्र नम्बरः
सेयरधनी प्रमाणपत्र अभौतिकीकरण गरिसकेको भए BOID नम्बरः
मितिः

निवेदक
दस्तखतः
नामः
ठेगानाः
सेयर प्रमाणपत्र/BOID नम्बरः

**द्रष्टव्य :**
१. माथि उल्लिखित सम्पूर्ण व्यहोरा भरी यो निवेदन (प्रोक्सी फाराम) साधारण सभा सुरुहुने दिन भन्दा कम्तीमा ५ दिन अगावै कम्पनीको रजिष्टर्ड कार्यालय (के.का. भद्रकालीप्लाजा) मा दर्ता गरी सक्नुपर्नेछ ।
२. एकै सेयरधनीको एकभन्दा बढी निवेदन (प्रोक्सी फाराम) प्राप्त भएमा सो सेयरधनीले पेस गरेका सवै निवेदनहरु (प्रोक्सी फाराम) रद्द हुनेछन् ।




# कम्पनी सम्बन्धी सामान्य जानकारी

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड २०६० माघ २२ (५ फेब्रुअरी २००४) मा तत्कालीन नेपाल दूरसञ्चार संस्थानबाट रुपान्तरण भई कम्पनी ऐन अनुसार स्थापना भएको हो । कम्पनीको केन्द्रीय कार्यालय भद्रकालीप्लाजा, काठमाडौंमा रहेको छ । सेवा प्रदायक कम्पनीहरुमध्ये अग्रणी स्थानमा रहेर कम्पनीले भ्वाइस सेवामा GSM, FTTH, PSTN र इन्टरनेट सेवामा 3G, 4G, ADSL, FTTH प्रविधिबाट देशव्यापी रुपमा सेवा प्रदान गरिरहेको छ । विगतमा देशका सुगम तथा दुर्गम सबै स्थानमा सुलभ दूरसञ्चार सेवा प्रदान गर्नको लागि कम्पनीले समयसापेक्ष रुपमा WiMAX, CDMA, VHF लगायतका प्रविधि समेत परिचालन गरेको थियो ।

विश्व परिवेशमा तीव्र रुपमा सूचना प्रविधिमा भैरहेको परिवर्तनलाई आत्मसात् गर्दै कम्पनीले नवीनतम प्रविधि भित्र्याउँदै अत्याधुनिक प्रविधिको प्रयोग गरी ग्राहकहरुको आवश्यकता पूरा गर्दै "राष्ट्रको सञ्चार" बन्न सफल भएको छ । ग्राहक सङ्ख्या, पुँजी, लगानी, ग्राहक सेवा केन्द्र, नेटवर्क आदिको आधारमा देशको अग्रणी दूरसञ्चार कम्पनीको रुपमा रहेको यस कम्पनीले देशभर पहुँच हुने गरी १६२ वटा ग्राहक सेवा केन्द्रहरु सञ्चालन गरिरहेको छ । देशका सातै प्रदेशको ७७ वटै जिल्लामा पुगिसकेको कम्पनीको सेवाको सञ्जाल नाफामूलक क्षेत्रहरुमा मात्र सीमित नरही तुलनात्मक रुपमा लगानी बढी हुने तर प्रतिफल न्यून हुने अति विकट तथा दुर्गम क्षेत्रहरुमा समेत पुगेको छ । नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको वि. सं. २०८२ आषाढ मसान्तको MIS Report अनुसार भ्वाईस तथा इन्टरनेट सेवामा कम्पनीको बजार हिस्सा क्रमश: ५३.७० र ५५.६८ प्रतिशत रहेको छ ।

## ग्राहक संख्या आ.व. २०८१/८२

| | |
|---|---|
| 4G | १७,५५१,००४ |
| 3G | २०,८५,२०६ |
| 2G | १२,९०,८०९ |
| (FTTH) | ७,४९,६०० |

## सेवाको पहुँच तथा विस्तार

**4G सेवा**

**७४९** स्थानीय तह आ.व. २०८१/८२

**७४३** स्थानीय तह आ.व. २०८०/८१

**वायरलाइन (FTTH) सेवा**

**७७** जिल्ला आ.व. २०८१/८२

**७७** जिल्ला आ.व. २०८०/८१

## बजार हिस्सा

भ्वाइस सेवा: ४६.३०% , ५३.७०%

डाटा सेवा: ४४.३२% , ५५.६८%

कम्पनी | अन्य




कम्पनीका उद्देश्यहरु
दूरसञ्चार सेवालाई व्यावसायीकरण गरी स्तरीय सेवा प्रदान गर्ने ।
दूरसञ्चार सेवा प्रदान गर्ने ।
दूरसञ्चार सेवा आदानप्रदान गर्ने/गराउने ।
दूरसञ्चार सेवा विकास गर्न आधुनिक दूरसञ्चार प्रणालीको विकास एवं विस्तार गर्ने ।
दूरसञ्चार सेवा सञ्चालन गर्न भू-उपग्रह स्थापना गर्ने, एन्टेना निर्माण तथा जडान गर्ने, स्विचिङ उपकरण निर्माण तथा जडान गर्ने/ गराउने ।
ग्राहकलाई नेपालभित्र तथा बाहिर दूरसञ्चार सेवा उपलव्ध गराउने ।
दूरसञ्चार प्रणालीको प्रयोगका लागि तार वा केबुल राख्ने, टावर, खम्बा, एन्टेना जस्ता अन्य उपकरणहरु निर्माण तथा जडान गर्ने र आवश्यक अन्य संरचनाको निर्माण गर्ने ।
दूरसञ्चार सेवा विस्तारको लागि सम्भाव्यता अध्ययन गर्ने/गराउने ।
दूरसञ्चार सेवा सञ्चालन तथा विकासको लागि आवश्यक अन्य कार्य गर्ने ।

## अभियान

एउटा प्रगतिशील संस्थाको रुपमा ग्राहकवर्गको हित तथा सेवामा समर्पित रही देशभरि भरपर्दो दूरसञ्चार सेवाहरु उपलब्ध गराई देशको आर्थिक र सामाजिक विकासमा उल्लेखनीय योगदान पुर्‍याउने हाम्रो अभियान रहेको छ ।

## परिकल्पना

सस्तो र भरपर्दो दूरसञ्चार सेवाहरु सर्वसुलभ रुपमा सबैलाई उपलब्ध गराउनुका साथै दूरसञ्चार क्षेत्रमा देशकै अग्रणी सेवाप्रदायकको रुपमा स्थापित रहिरहने हाम्रो परिकल्पना रहेको छ ।

## लक्ष्य

देशको सहरी क्षेत्रदेखि लिएर अति विकट ठाउँमा समेत सस्तो र भरपर्दो दूरसञ्चार सेवाहरु उपलब्ध गराउनु हाम्रो लक्ष्य रहेको छ ।

# सांगठनिक संरचना


सञ्चालक समिति
लेखापरीक्षण समिति
प्रबन्ध निर्देशक
कम्पनी सचिवालय
आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभाग
पदपूर्ति सचिवालय
प्रमुख सञ्चालन अधिकृत
प्रमुख वित्तीय अधिकृत
प्रमुख मानव संसाधन अधिकृत
प्रमुख प्राविधिक अधिकृत
प्रमुख व्यावसायिक अधिकृत
वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय
वायरलेस सेवा निर्देशनालय
सूचना प्रविधि निर्देशनालय
व्याकवोन प्रसारण निर्देशनालय
प्रादेशिक निर्देशनालय विराटनगर, कोशी प्रदेश
प्रादेशिक निर्देशनालय वीरगञ्ज, मधेश प्रदेश
प्रादेशिक निर्देशनालय काठमाडौं, बागमती प्रदेश
प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश
प्रादेशिक निर्देशनालय भैरहवा, लुम्बिनी प्रदेश
प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेश
प्रादेशिक निर्देशनालय अत्तरिया, सुदूरपश्चिम प्रदेश

# नेपाल दूरसञ्चार कम्पनी लिमिटेडका प्रमुख कोसेढुङ्गाहरू

**१९१३**
काठमाडौँमा पहिलो टेलिफोन लाइनको स्थापना

**१९५०**
टेलिग्राम सेवाको स्थापना

**१९५५**
सर्वसाधारण नेपालीलाई टेलिफोन लाइन वितरण

**१९७१**
टेलेक्स सेवाको सुरुवात

**१९८२**
अन्तर्राष्ट्रिय सर्किटको लागि भू-उपग्रह केन्द्रको स्थापना

**२००७**
3G सेवाको सुरुवात

**२००५**
CDMA सेवाको सुरुवात

**२००४**
तत्कालीन नेपाल दूरसञ्चार संस्थानलाई नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा परिवर्तन

**२००३**
GSM प्रिपेड सेवाको सुरुवात

**२००२**
पूर्व-पश्चिम राजमार्गमा अप्टिकल फाइबर बिछ्याउने कार्यको सुरुवात

**२००८**
ADSL इन्टरनेट सेवाको सुरुवात

**२०१०**
देशका सम्पूर्ण गा.पा. मा कम्पनीको दूरसञ्वार सेवा पुगेको

**२०१२**
IP CDMA सेवाको सुरुवात

**२०१४**
कम्पनीको Mobile App को सुरुवात

**२०१५**
FTTH सेवाको सुरुवात

**१९८३**
डिजिटल टेलिफोन एक्सचेञ्जको स्थापना

**१९८४**
अन्तरदेशीय ट्रंक सेवा (STD) को सुरुवात

**१९८४**
ग्रामीण दूरसञ्चार सेवाको सुरुवात

**१९८७**
अन्तर्राष्ट्रिय ट्रंक सेवा (ISD) को सुरुवात

**१९९५**
Optical Fiber Network को जडान

**१९९६**
सम्पूर्ण टेलिफोन नेटवर्क स्वचालित गरिएका

**१९९६**
अन्तर्राष्ट्रिय गेटवे एक्सचेञ्जको स्थापना

**१९९६**
भिस्याट सेवाको सुरुवात

**१९९९**
GSM मोवाइल सेवाको सुरुवात

**२०००**
इन्टरनेट सेवाको सुरुवात

**२०१७**
4G/LTE सेवाको सुरुवात

**२०२२**
VoLTE र ViLTE सेवाको व्यावसायिक सुरुवात

**२०२५**
VoWifi सेवाको व्यावसायिक सुरुवात

# सम्मान तथा पुरस्कार

चौधौँ राष्ट्रिय कर दिवस, २०८२ को अवसरमा आन्तरिक राजस्व विभागबाट कम्पनी सम्मानित भएको छ। आर्थिक वर्ष २०७६/७७ (२०७६ श्रावण) देखि आर्थिक वर्ष २०८१/८२ (२०८२ आषाढ) सम्मको कर अवधिमा मू.अ.कर विवरण र सो बमोजिमको कर समयमै दाखिला गरी नियमित कर सहभागिता जनाएका करदातामध्ये सबैभन्दा बढी मू.अ.कर दाखिला गर्ने संस्थाको रुपमा कम्पनी सम्मानित भएको हो। पहिलो राष्ट्रिय कर दिवसका अवसरमा आ.व. २०६७/६८ का लागि सबैभन्दा बढी आयकर दाखिला गर्ने संस्थाको रुपमा सम्मानित भएको कम्पनी छ पटक सबैभन्दा बढी आयकर दाखिला गर्ने र दुई पटक सबैभन्दा बढी मूल्य अभिवृद्धि कर दाखिला गर्ने संस्थाको रुपमा तेह्रौं कर दिवससम्ममा ८ पटक सम्मानित भइसकेकोमा यसपटकको कर दिवस समेत गरी कम्पनी जम्मा नौ पटक सम्मानित भएको छ।



नेपाल सरकारलाई सबैभन्दा बढी मूल्य अभिवृद्धि कर दाखिला गर्ने करदाताको रुपमा सम्मान प्राप्त ।

### १. सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाताको सम्मानको संख्या

**६ पटक**

(आ. व. २०६७/६८, २०७४/७५, २०७६/७७, २०७७/७८, २०७८/७९, २०७९/८०)

- निरन्तर चार आर्थिक वर्ष २०७६/७७ देखि २०७९/८०
- सबैभन्दा बढी आयकर दाखिला गर्ने करदाताको सम्मानको सुरुवात आ. व. २०६७/६८: पहिलो राष्ट्रिय कर दिवसमा सम्मानित ।



### २. सबैभन्दा बढी मूल्य अभिवृद्धि कर दाखिला गर्ने करदाताको रुपमा सम्मानको संख्या

**३ पटक**

(आ. व. २०७० ।७१,२०७१ ।७२ तथा २०८० ।८१)

# VALUE CREATION

## FOR CUSTOMER

### TECHNOLOGY DEPLOYED




### BROADBAND SERVICE USERS




### NT MOBILE DATA USERS






## NT APP DOWNLOAD

**21.63 lakh**
2081/82

**15.74 Lakh**
2080/81

## NETWORK EXPANSION (BTS/eNodeB)

| Network | 2081/82 | 2080/81 | Change |
|---|---|---|---|
| 4G Network | 4457 | 4179 | 9.37% Growth |
| 3G Network | 2994 | 3007 | (1.00%) |
| 2G Network | 4542 | 4384 | 9.6% Growth |
| Satellite | 41 | 52 | (7%) |

**8,834 KM**
2081/82
Transmission Fiber Expansion

## FOR SOCIETY

| CONTRIBUTION TO EXCHEQUERS | NPR 18.46 Billion 2081/82 | NPR 41.70 Billion 2080/81 |
|---|---|---|

**४० वटा**
सरकारी र सामुदायिक विद्यालयहरुमा ICT Lab स्थापना ।

**३४ हजार**
SEE विद्यार्थीहरुलाई नि:शुल्क E-Learning Class सञ्चालन ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा **नि:शुल्क WiFi** सेवा उपलब्ध गराइएको ।

सात वटै प्रदेशका ग्रामीण तथा दुर्गम क्षेत्रमा अध्ययनरत **६,०००** विद्यार्थीहरुलाई स्कूल ब्याग/युनिफर्म उपलब्ध गराइएको ।

देशभरबाट **२० वटा** वृद्धाश्रम / अनाथाश्रम / बालआश्रम / परोपकारी सामाजिक संघ संस्थाहरुलाई आवश्यक सहयोग सामग्री उपलव्ध गराइएको ।

देशभरबाट **१०० वटा** सरकारी तथा सामुदायिक विद्यालय / सामाजिक संघसंस्था / मठमन्दिर / क्रियापुत्री घरमा नि:शुल्क इन्टरनेट तथा टेलिफोन सेवा उपलब्ध गराइएको ।

देशका विभिन्न भागमा रहेका सामुदायिक पुस्तकालयमा **E-Library स्थापना** गर्न सहयोग उपलव्ध गराइएको ।

विशेष क्षमता भएका तथा ज्येष्ठ नागरिकलाई दैनिक जीवनमा उपयोगी हुने सामाग्रीहरु उपलब्ध गराइएको। साथै दृष्टिविहीनसँग सम्बन्धित संस्थालाई कम्प्युटर उपलब्ध गराइएको ।

विशेष महत्वका पार्कहरु सौन्दर्यकरण तथा हरियाली प्रवर्धन कार्यका लागि सहकार्य गरिएको ।

### FREE CALL TO EMERGENCY SERVICES

| Emergency Number | Service Name | | |
|---|---|---|---|
| 100 | Police | 105 | Army Kathmandu valley |
| 101 | Fire Brigade | 107 | CIAA |
| 102 | Ambulance/Medical Emergancy | 1111 | Hello Sarkar |
| 103 | Traffic Police | 1114 | Armed Police Force for Disaster |
| 106 | Military Police | 1098 | Child helpline(CWIN) |
| 104 | Center Child Welfare Board | 1144 | Tourist Police |

# दूरसञ्चार सेवाको नेटवर्क

2G: 4518

3G: 2982

4G: 4402

73 Serving Sites in Popular Trekking Routes



| TREKKING ROUTE | DISTRICT |
|---|---|
| Annapurna Base Camp | Kaski |
| Tatopani - Ghorepani - Gnandruk - Ulleri - Nayapool Route | Kaski, Myagdi |
| Mardi Himal route | Kaski |
| Mansalu Route (Gorkha Arughat - Manang) | Gorkha,Manang |
| Khumai Danda Route (Lahachowk to Khumai) | Kaski |
| Siklesh - Kapuche Lake - Kori | Kaski |
| Jomsom - Muktinath - Lomanthang - Corolla Boarder | Mustang |
| Manang - Upper Manang - Tilicho Lake - Thorangla | Manang |
| Ghalegaun | Lamjung |
| Bhujung | Lamjung |
| Warpak | Gorkha |
| Kanjanjanga Trekking Route, Pathibara Mandir, Olangchunggola | Taplejung |
| Mount Everest Region | Solukhumbu |
| Tibet Border Kimathanka:~<br>Arun III<br>Sabhapokhari | Sankhuwasabha<br>Sankhuwasabha<br>Sankhuwasabha |

## VSAT SITES

**41** 2081/82

**92** 2080/81

## SOLAR SITES

**555** 2081/82

**620** 2080/81

**Free Bulk SMS**- Government agencies

**Free Access** to all government websites (.gov.np): **150 sites**

**Free Voice call and Free Data Service** during GenZ Movement all over Nepal for **3 days**

## FREE DATA SERVICE

In GenZ Movement

**43,88,123**
**Unique User**

**1,28,92,077**
**Total Subscription (Count)**

## FREE VOICE SERVICE

In GenZ Movement

**38,20,407**
**Unique User**

**1,03,93,599**
**Total Subscription (Count)**

## FOR INVESTOR

### MARKET CAPITALIZATION

**38%** 5 years average dividend Payout

**177 Billion**
**FY 2080-81**

**157 Billion**
**FY 2081-82**

**-10.94%**
**GROWTH**

**-0.06%**
**CAGR**

AWARDED AS A HIGHEST VAT PAYER FOR

2080/81

## DIVIDEND

| | |
|---|---|
| FY 2081-82 **48,887** Shareholders | **30%** |
| FY 2080-81 **45736** Shareholders | **30%** |

# FOR EMPLOYEES

## TRAINING




## REVENUE PER EMPLOYEE (RS.)




## DIFFERENTLY ABLED EMPLOYEES






## SOCIAL WELFARE

**2,313**
**Number of Retired Pension holder FY 2081.82**

**2,203**
**Number of Retired Pension holder FY2080.81**



## GENDER DIVERSITY

**Female:Male=1:6.37**

| FY | MALE | FEMALE | TOTAL |
|---|---|---|---|
| Contributory | 676 | 207 | 883 |
| Non Contributory | 2463 | 286 | 2749 |



# FOR ENVIRONMENT

५५५ दुरसञ्चार साइटहरु सौर्य उर्जाबाट सञ्चालित जसले झण्डै

**१००० टन**

**कार्वन ($CO_2$) उत्सर्जन गर्नबाट जोगाएको छ ।**

प्रमुख कार्यालयहरुमा जडित सोलार प्लान्टबाट

**३९१ किलोवाट**

**विद्युत उत्पादन गरी राष्ट्रिय प्रसारण लाइनमा जोडीएको छ ।**

EV साधनलाई प्राथमिकता दिइदै आएको ।

**वार्षिक ६०,९८४**

**केजी कार्वन ($CO_2$) उत्सर्जन गर्नबाट जोगाइएको छ ।**

कार्यालयहरुलाई Paperless बनाउँदै लगिएको छ ।

E-waste management का लागि कम्पनीले Recharge card को प्रयोगलाई निरुत्साहित गर्ने नीति अनुरुप अनलाईन रिचार्ज बिक्रीलाई प्रोत्साहन गर्दै विगत गर्षको तुलनामा **५ करोड** रिचार्ज कार्डलाई अनलाइन रिचार्ज मार्फत प्रतिस्थापन गरेको ।

विशेष महत्वका पार्कहरु सौन्दर्यकरण तथा हरियाली प्रवर्धन कार्यका लागि सहकार्य गरिएको छ ।



# आर्थिक वर्ष २०८१/८२ को परिदृश्य

**रु ६.०० अर्ब**
नाफा

**रु १८.०३ अर्ब**
भ्वाइस सेवाको आय

**रु ३८.१९ अर्ब**
आय

**रु १३.९३ अर्ब**
इन्टरनेट सेवाको आय

**४८.४३ प्रतिशत**
EBITDA

**३० प्रतिशत**
प्रतिफल

**रु ३३.३७**
प्रति सेयर आम्दानी (EPS)

**रु १८.४६ अर्ब**
सरकारी कोषमा योगदान

**३६३२**
कर्मचारी संख्या

**रु १.०५ करोड**
प्रति कर्मचारी औसत आम्दानी

**५३.७%**
भ्वाइस सेवाको बजार हिस्सा

**७४९**
4G सेवाको पहुँच पुगेका स्थानीय तह

**५५.६८%**
इन्टरनेट सेवाको बजार हिस्सा

**२.०९ करोड**
मोवाइल ग्राहक

**१००%**
2G सेवाको पहुँच पुगेका स्थानीय तह

**१.५१ करोड**
इन्टरनेट ग्राहक



# कम्पनीका प्रमुख वित्तीय सूचकाङ्कहरु

## कुल आय (रु. अर्ब)




## खुद नाफा (रु. अर्ब)




## नेट वर्थ (रु. अर्ब)




## Return on Capital Employed (प्रतिशत)




## खुद मुनाफा अनुपात (प्रतिशत)




## प्रति सेयर आम्दानी (रु.)




## सरकारी कोषमा योगदान (रु. अर्ब)




## प्रति कर्मचारी औसत आम्दानी (रु. हजारमा)




नोटः अघिल्ला आ. व. हरुका सुचकाङ्कहरु प्रकाशित प्रतिवेदन अनुसार ।


नेपाल दूरसञ्चार कम्पनी लिमिटेड
१८औं
वार्षिक साधारण सभा
सञ्चालक
अध्यक्ष
सञ्चालक
सञ्चालक
WELC


LEADERSHIP

# संस्थाको नेतृत्व र रणनीतिक पुनरावलोकन



# अध्यक्षको मन्तव्य

**आदरणीय सेयरधनी महानुभावहरु,**

**आम नागरिकको अपरिहार्य आवश्यकता र समग्र अर्थतन्त्रको मेरुदण्डको रुपमा विकसित भएको दूरसञ्चार सेवा र दूरसञ्चार सेवा उद्योगकै नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएको नेपालको पहिलो दूरसञ्चार सेवा प्रदायक कम्पनी नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको अठारौँ वार्षिक साधारण सभामा उपस्थित हुनुभएका आदरणीय सेयरधनी महानुभाव, कम्पनीका सञ्चालक, नियामक निकायका प्रतिनिधि, कम्पनीका लेखापरीक्षक, कानूनी सल्लाहकार, कम्पनीमा कार्यरत कर्मचारी तथा सञ्चारकर्मी मित्र लगायत सबैलाई यस गरिमामय सभामा हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु। कम्पनीका समग्र सेयरधनी महानुभावहरुको निरन्तर विश्वास, कम्पनीको सञ्चालकहरुको मार्गदर्शन, कम्पनी व्यवस्थापनको कुशल नेतृत्वमा समग्र कर्मचारीको मेहनत तथा परिश्रम र लेखापरीक्षकको कार्य तत्परताको फलस्वरुप आर्थिक वर्षको निर्दिष्ट समयावधि भित्रै वार्षिक साधारण सभा सम्पन्न हुन सकेकोमा खुशी व्यक्त गर्दछु।**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको स्थापनादेखि नै दूरसञ्चार सेवाको विकासको मेरुदण्डको रुपमा रही आमग्राहकको विश्वासलाई जीवन्त राखी कम्पनीको मान प्रतिष्ठा र अस्तित्वको रक्षा गर्दै तुलनात्मक रुपमा सफलता प्राप्त गर्न सफल भएको जानकारी गराउन पाउँदा गौरव महसुस गरेको छु। दूरसञ्चार क्षेत्रको विश्व बजारमा विकास भइरहेको नवीनतम र अत्याधुनिक प्रविधिको प्रयोग गरी सेवालाई थप गुणस्तरीय बनाउन कम्पनी सदाझैं प्रतिबद्ध रहिआएको छ । यस क्षेत्रमा रहेको तीव्र प्रतिष्पर्धि वातावरणमा मुनाफाभन्दा बढी सेवाभावलाई उच्च प्राथमिकतामा राखी भौगोलिक रुपले अति विकट तथा दुर्गम क्षेत्रमा सेवा विस्तार तथा वितरण गर्दै डिजिटल नेपाल बनाउने नेपाल सरकारको अवधारणामा सहयोग गर्ने, विद्युतीय सुशासन निर्माणमा सहयोगी भूमिका निर्वाह गर्ने तथा अप्टिकल फाइबरको माध्यमबाट सूचना महामार्ग निर्माण गरी डिजिटल डिभाइड कम गर्नेतर्फ कम्पनीले निरन्तररुपमा आफ्ना कार्यक्रमहरुलाई परिलक्षित गरिरहेको छ। व्यावसायिक कम्पनी भएकोले संस्थागत सुशासन कायम गर्दै ग्राहकलाई सहुलियत दरमा गुणस्तरीय सेवा प्रदान गर्ने तथा कम्पनीको प्रमुख आधारको रुपमा रहनुभएका सेयरधनीहरुलाई आकर्षक प्रतिफल उपलब्ध गराउने उद्देश्यमा कम्पनी सदाझैं प्रतिबद्ध रहेको छ।

आदरणीय सेयरधनी महानुभावहरु,

आर्थिक वर्ष २०८१/८२ मा कम्पनीले कूल रु. ३८ अर्ब १९ करोड राजश्व आम्दानी गरी रु. ६ अर्ब नाफा आर्जन गर्न सफल भएको छ। यो नाफा गत वर्षको भन्दा २४.४३ प्रतिशतले कम हो। बढ्दो प्रतिस्पर्धाका कारण दूरसञ्चार सेवाको महशुल दर घट्दै गएका कारण कम्पनीको कार्य सञ्चालन आयमा कमी आएको हो । साथै मुद्रा बजारमा रहेको अधिक तरलताका कारण बैंक तथा वित्तीय संस्थाको निक्षेपमा प्राप्त हुने ब्याजदरमा कमी आएका कारण गैर कार्य सञ्चालन आयमा कमी आएको। यसै आ.व. मा कम्पनीले कर तथा शुल्कवापत आफ्नो कूल आयमध्ये रु. १८ अर्ब ४६ करोड राजस्वको रुपमा नेपाल सरकारलाई बुझाएको छ । कम्पनीको नाफामा सेयरधनीहरुको योगदान र लगानीको उच्च कदर गर्दै कम्पनी सञ्चालक समितिले प्रतिसेयर रु. ३० लाभांश वितरण गर्ने प्रस्ताव स्वीकृतिका लागि यस गरिमामय सभामा पेस गर्ने निर्णय गरेको जानकारी गराउँदछु । सेयरधनी महानुभावहरुबाट विगतका साधारणसभामा नगद लाभाँशको सट्टा बोनस सेयर माग हुने गरेको विषयमा कम्पनीले उच्च कदर गर्दै आएको छ। हालको अवस्थामा कम्पनीमा पर्याप्त पुँजी रहेकोले नगद लाभाँश उपलब्ध गराउने गरिएको हो साथै कम्पनीले भावी दिनमा मेघा परियोजना सञ्चालन गर्नु पर्ने र थप पुँजी आबश्यक हुने अवस्थामा बोनस सेयर समेत उपलब्ध गराइने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

प्रचलित कानूनको कार्यान्वयन र नियामक निकायबाट समयसमयमा जारी गरिएका नीति निर्देशनको परिपालना गर्दै नागरिक वडापत्र, कम्पनीको कर्मचारी विनियमावली, आर्थिक विनियमावली, लेखा नीतिका साथै आवश्यक अन्य नीतिको व्यवस्था कार्यान्वयन गरी सदाचार र नैतिकता अभिवृद्धि गर्दै संस्थागत सुशासन कायम गरिएको छ। साथै जोखिम न्यूनीकरणको लागि आय सुनिश्चितताको परीक्षण, कार्यसम्पादन परीक्षण तथा प्राविधिक परीक्षणको कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइएको छ। कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह गर्ने क्रममा वातावरण संरक्षण, स्वास्थ्य, शिक्षा तथा खेलकुद लगायतका क्षेत्रहरुमा सदाझैँ सहयोग उपलब्ध गराउँदै आएको छ।

विकसित देशहरुले 5G सेवालाई व्यावसायिक रुपमा सुचारु गरी स्थिरता भईसकेको छ भने छिमेकी देशहरुले समेत 5G सेवालाई सुरुवात गरिसकेका छन्। देशभित्र आम ग्राहक र सरोकारवालाहरुको 5G सेवालाई उपभोग गर्ने तीव्र आकांक्षा रहेको देखिन्छ। कम्पनी निकट भविष्यमा नै देशको राजधानी लगायत ठूला शहरहरुबाट 5G सेवा सुचारु गर्ने प्रक्रियामा रहेको छ। तथापि तिसौं वर्ष अगाडि बनेका नीतिगत र कानूनी व्यवस्थाका कारण प्रविधि विकासको समग्रतालाई समेट्न नसकेकोले व्यावसायिक वातावरणमा थप अनुकुलता ल्याउनु पर्ने आवश्यकता देखिन्छ। 5G सेवा जस्ता प्रविधि खरिद गर्न ठूलो लगानी गर्नु पर्ने र दूरसञ्चार क्षेत्रमा अत्याधिक कर तथा शुल्कको भारको कारण लाभ लागत विश्लेषण गर्दा तत्काल लागतको दाँजोमा अपेक्षित प्रतिफल प्राप्त हुने देखिदैन। व्यवसाय मैत्री नीतिगत र कानूनी व्यवस्थाको अद्यावधिक गरी नवीनतम् प्रविधि व्यवसायीकरण नहुन्जेलसम्म निश्चित अवधिको लागि कर, गैरकर, दस्तुर तथा रोयल्टीमा आवश्यक सहुलियत प्रदान गरी सेवाप्रदायकहरु उत्प्रेरित हुने वातावरण बनाउन नेपाल सरकारले विशेष ध्यान दिनु पर्ने अवस्था आएको छ। यसको लागि म सरकार समक्ष विशेष अनुरोध गर्दछु।

विश्वभर व्यापक अध्ययन, अनुसन्धान र नवप्रवर्तनका कारण दूरसञ्चार क्षेत्रमा उल्लेखनीय परिवर्तन र विकास हुँदा विशेष गरी जिएसएम सेवामा फाईभजी प्रविधिलाई व्यावसायिक रुपमा र थप विशेषता सहित 6G (Sixth Generation) सम्मको अध्ययन अनुसन्धान भइरहेको परिप्रेक्ष्यमा दूरसञ्चार सेवा हरेक नागरिक, उद्योग व्यवसाय तथा सरकारी क्षेत्रका लागि आधारभूत आवश्यकताका रुपमा स्थापित भएको छ। सूचना प्रविधिको सहज उपलब्धताले उद्योग, व्यवसाय, शिक्षा, स्वास्थ्य, कृषि, दूरशिक्षा, दूरस्वास्थ्य लगायत समग्र अर्थतन्त्रमा सकारात्मक भूमिका रहेको जनमानसमा महसुस हुन थालेको छ। देशको भौगोलिक अवस्था र सापेक्षित रुपमा अन्य पूर्वाधारहरुको पहुँच विस्तार हुन नसकेको अवस्थामा कम्पनीले सेवाभावबाट प्रेरित भई सूचना प्रविधिलाई थप गुणस्तरीय तथा प्रभावकारी बनाउन 4G/LTE प्रविधिमा आधारित VoLTE सेवा तथा FTTH सेवा विस्तारलाई सफलतापूर्वक सम्पन्न गरी स्तरोन्नति तथा वितरणलाई निरन्तरता दिदै आएको छ। परिणामस्वरुप वि.सं. २०८२ असोज मसान्तसम्ममा सातै प्रदेशका ७७ जिल्लाका कुल ७४९ स्थानीय तहमा अत्याधुनिक दूरसञ्चार 4G/LTE सेवाको पहुँच विस्तार भएको छ। २०८२ असोज महिनासम्ममा देशका ७७ वटै जिल्लामा उच्च गतिको FTTH सेवा विस्तार भएको छ। समीक्षा अवधिमा 2G तर्फ १४३ तथा 4G तर्फ १०९ वटा BTS हरु थप गरी हालसम्म 2G तर्फ ४,५४२, 3G तर्फ २,९९४ र 4G तर्फ ४४३७ वटा BTS सञ्चालनमा रहेका छन्। समिक्षा अवधिमा थप चार स्थानीय तह हुम्लाको ताँजकोट र अदानचुली, मुगुको सोरु तथा कार्मारोङ्मा 4G सेवा सञ्चालन आई २०८२ असोजसम्म ७४९ स्थानीय तहमा सेवाको पहुँच विस्तार भएको छ। साथै 2G सेवा देशका सबै ७५३ स्थानीय तहमा उपलब्ध छ। त्यसैगरी FTTH सेवाको पहुँच ७७ वटै जिल्लामा पुगिसकेको छ।

4G सेवाको पहुँच नपुगेका अति विकट र दुर्गम क्षेत्रका स्थानीय तहहरुमा उपयुक्त प्रविधिको उपयोग गरी सेवा विस्तार गर्ने कार्यलाई निरन्तरता दिइएको छ। देशभर High Bandwidth Connectivity विस्तार गर्ने र Content मा आधारित Value Added Services विस्तार गर्ने नीतिलाई निरन्तरता दिइएको छ। नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोषबाट प्राप्त सहयोगलाई अधिकतम प्रतिफल प्राप्त हुनेगरी परिचालन गर्ने प्रयत्न स्वरुप कोशी, मधेश र बागमती प्रदेश अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने विभिन्न मार्गमा अप्टिकल फाइवर नेटवर्क विस्तार गर्ने कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ को अन्त्यसम्ममा कूल ८,८३४ कि.मि. विस्तार भएको छ। देशभर High Bandwidth Connectivity सेवा विस्तारका लागि ब्याकबोन नेटवर्क स्तरोन्नति गरिएको छ। सम्भाव्यताका आधारमा भूमिगत माध्यमबाट सूचना महामार्गको निर्माणलाई तीव्रता दिइएको छ। अप्टिकल फाईबर नेटवर्क विस्तार गर्न नसकिने स्थानहरुमा उच्च क्षमताको माईक्रोवेभ रेडियो लिंक स्थापना गरिएको छ भने माईक्रोवेभ रेडियो लिंक मार्फत स्याटेलाइट लिंकलाई प्रतिस्थापन गर्दै लगिएको छ। सेवा अविछिन्न राख्नको लागि नियमित रुपमा विद्युत उपलब्ध गराउन सोलार पावर प्रणाली जडानलाई विशेष जोड दिईएको छ। देशैभरि लोकप्रिय रहेको FTTH सेवाको पूर्वाधार विस्तार तथा लाईन वितरणको लक्ष्य आर्थिक वर्ष २०८१/८२ मा प्राप्त गर्न ठोस कार्ययोजना कार्यान्वयनमा ल्याइएको छ। यसका लागि आवश्यक जनशक्ति, उपकरण र अन्य सामग्रीको आपूर्ति सुनिश्चित हुनेगरी काम अघि बढाइएको छ। निकट भविष्यमै देशका सबै स्थानबाट तामाको तारलाई अप्टिकल फाइबरले पूर्ण रुपमा प्रतिस्थापन गर्ने नीति लिइएको छ।

तीव्र प्रविधिगत परिवर्तन, बढ्दो बजार प्रतिस्पर्धा, सेवाको मूल्य निर्धारणमा आउने दवाव, ग्राहकको सेवा प्रयोग गर्ने शैलीमा आएको परिवर्तनहरु कम्पनीका लागि दीर्घकालीन जोखिमका रूपमा रहेका छन्। नाफा नहुने क्षेत्रमा समेत सेवा दिनुपर्ने बाध्यता, घट्दो राजस्व, उच्च फ्रिक्वेन्सी शुल्क र प्रविधि परिवर्तनको उच्च लागतजस्ता पक्षहरुलाई ध्यानमा राख्दै प्राथमिकतामा आधारित लगानी, चरणबद्ध प्रविधिको परिवर्तन र संगठनात्मक सुधारमार्फत जोखिम न्युनिकरण गर्ने रणनीति कम्पनीले अवलम्बन गर्नु पर्ने देखिन्छ।

दूरसञ्चारको प्रतिस्पर्धात्मक बजारमा कम्पनीलाई सक्षम संस्थाको रुपमा विकास गर्न कम्पनीको आन्तरिक कार्यवातावरणलाई चुस्त र प्रभावकारी बनाउँदै निर्णय प्रक्रिया, कार्यशैली र संस्थागत संरचना सुधारका लागि विद्यमान नीति नियमलाई आवश्यकता अनुरुप व्यावहारिक र समयसापेक्ष बनाउँदै लगिएको छ। कम्पनीमा रहेको सञ्चित रकमलाई उच्च प्रतिफल प्राप्त हुने परियोजनाको पहिचान गरी विविध क्षेत्रमा लगानी गर्ने नीति अनुरुप अल्पकालीन, मध्यकालीन र दीर्घकालीन लगानीका क्षेत्र पहिचान गर्न सुरु गरिएको छ। नेपाल सरकारले सार्वजनिक संस्थान तथा यसै कम्पनी सरहका सार्वजनिक निकायको सुधारको लागि अल्पकालिन मध्यकालिन र दीर्घकालिन नीति कार्यक्रम र रणनीति निर्माण गरेको देखिन्छ। विगतमा वार्षिक नीति तथा कार्यक्रम मार्फत नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रणनीतिक साझेदार भित्र्याउने र सोही क्रममा सेयर विनिवेश मार्फत कम्पनीको जम्मा पुँजीको तिस प्रतिशतसम्म आम नागरिक तथा संस्थाहरुलाइ वितरण गर्ने नीतिगत व्यवस्था भएको र उक्त नीतिगत व्यवस्था कार्यान्वयन हुने क्रममै रहेकोले सो सम्वन्धमा आवश्यक कार्ययोजना बनाइ लागु गर्ने कार्यमा यस कम्पनी सहयोगी भूमिका निर्वाह गर्न तत्पर रहेको जानकारी गराउन चाहान्छु।

आदरणीय सेयरधनी महानुभावहरु,
सावधिक बिमाको सिलिङ बृद्धि गरी सामयिक बनाई कर्मचारी उत्प्रेरित गराउने कार्यलाई यस आ. व.मा समेत निरन्तरता दिइएको छ। कम्पनीमा कार्यरत जनशक्तिबाट उचित प्रतिफल प्राप्तिको लागि नीति, योजना र विषयहरुलाई संशोधन मार्फत कर्मचारीमैत्री बनाईने छ। कर्मचारीको बढुवा लगायतका वृत्ति विकासको मागलाई यथोचित रुपमा सम्बोधन गरिनेछ। वृत्ति विकासको निम्ति बैकल्पिक उपायको पहिचान गरी शीघ्र कार्यान्वयन गरिनेछ। कर्मचारीका सिप, दक्षता अभिवृद्धिका लागि आवश्यक तालिम प्रदान गरी सकारात्मक धारणाको विकास गराइनेछ। ज्ञान, सिप, दक्षता र सकारात्मक भावना सहितको कर्मचारीहरुबाट कम्पनीको बृहत्तर र सुधारको मार्गचित्र पहिचान गरी कम्पनीको भावी कार्य दिशा तय गरिनेछ।

डाटा सेवा तर्फ दिनानुदिन ग्राहक आकर्षण बढ्दै गईरहेको सन्दर्भमा डाटाको गुणस्तर सुधार गरी लागत प्रभावी बनाउँदै कुशल रणनीतिका साथ बजार हिस्सा बढाउन विशेष प्रयत्न गरिनेछ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्ठित संस्थाहरुसँग सम्बन्ध स्थापित गरी कम्पनीको हित अनुकुल हुनेगरी साझेदार संस्थाहरुसँगको सहकार्य समेतमा Value Added Service and Content Based Service विस्तार गरिनेछ। कम्पनी पूनर्संरचना, अनावश्यक खर्च कटौती, कम्पनीको कार्य प्रणालीमा सुधार गरी कम्पनीलाई मितव्ययी बनाइनेछ। विश्वभर नै भ्वाइस सेवाको माग र सोबाट प्राप्त हुने राजश्वमा गिरावटको साथै OTT (Over The Top) जस्ता सेवाको उपयोग वृद्धिले कम्पनीको राजस्वमा उल्लेख्य नकारात्मक असर परेकोले OTT सेवाको नियमनको लागि नियामक निकाय समक्ष अनुरोध गरिनेछ। यस कार्यमा कम्पनीमा कार्यरत कर्मचारी, नियामक निकाय, सेयरधनी महानुभावहरुबाट सदाझैं पूर्ण सहयोग प्राप्त हुनेछ भन्ने मेरो विश्वास छ।

कम्पनीको सेवा प्रवाहलाई प्रभावकारी र गुणस्तरीय बनाउन अहोरात्र लागिरहनु भएका सबै कर्मशिल कर्मचारीको लगनशिलता, मेहनत तथा ग्राहक सेवाप्रतिको समपर्णको उच्च कदर गर्दछु। आगामी दिनमा पनि सबै कर्मचारीले कम्पनीको उच्च प्रगति र उपभोक्ताको सन्तुष्टिका लागि आफ्नो क्षमता, दक्षता, सिप र अनुभवको पूर्ण उपयोग गर्नुहुनेछ भन्नेमा म विश्वस्त छु। कम्पनीमा कार्यरत कर्मचारीलाई उत्प्रेरित गराई उच्च मनोबलका साथ कार्यसम्पादन गर्न अनुकूल वातावरण बनाउने कार्यमा सहयोग हुनेछ भन्ने विश्वास लिएको छु।

आदरणीय सेयरधनी महानुभावहरु,
यस गरिमामय सभामा यहाँहरुले सक्रिय सहभागिता जनाउनु भएकोमा हार्दिक आभार व्यक्त गर्दछु।

अन्त्यमा, आजको यस अठारौं साधारणसभा सम्पन्न गर्न सहयोग गर्नुहुने उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक आभार सहित पुनः स्वागत गर्दछु।

धन्यवाद।
**राधिका अर्याल**
**अध्यक्ष**
२०८२।०९।३०



# सञ्चालक समिति

STANDING FROM LEFT TO RIGHT

**श्री मनिष जङ्ग जोशी**
सदस्य

**श्री द्वारिका प्रसाद पौडेल**
कम्पनी सचिव

**श्री टंक प्रसाद पाण्डेय**
सदस्य

SITTING

**श्री राधिका अर्याल**
अध्यक्ष



STANDING FROM LEFT TO RIGHT

**श्री सुवास चन्द्र शिवाकोटी**
सदस्य

**श्री अरुणा जोशी**
सदस्य

**श्री लोक बहादुर कटुवाल**
सदस्य

SITTING

**श्री सविना मास्के प्रधान**
सदस्य

# सञ्चालक समिति



**श्री राधिका अर्याल**
अध्यक्ष
सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री राधिका अर्याल नेपाल सरकारको वि.सं. २०८१ श्रावण १४ को निर्णयानुसार नियुक्त भई वि.सं. २०८१ श्रावण २१ गते देखि कम्पनीको सञ्चालक समितिको अध्यक्षको जिम्मेवारीमा रहनुभएको छ । यस अघि उहाँले वि.सं. २०७५ मङ्सिर २७ देखि वि.सं. २०७७ आषाढ २३ सम्म सहसचिव पदमा रहँदा कम्पनीको सञ्चालक सदस्यको रुपमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधित्व गर्नुका साथै मिति २०७७ जेष्ठ ३१ देखि आषाढ २३ सम्म निमित्त अध्यक्षको समेत जिम्मेवारी वहन गर्नुभएको थियो । उहाँसँग विगतमा वातावरण विभागको उपमहानिर्देशक, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको सहसचिव, वागमती प्रदेश, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सहसचिव, लुम्विनी प्रदेशको प्रमुख सचिव साथै उपराष्ट्रपतिको कार्यालय सचिवको समेत जिम्मेवारी वहन गरेको लामो कार्यानुभव छ ।



**श्री सविना मास्के प्रधान**
सदस्य
नि. प्रबन्ध निर्देशक

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०८२ जेष्ठ २८ गतेको निर्णय बमोजिम नेपाल टेलिकमको निमित्त प्रबन्ध निर्देशकमा नियुक्त हुनुभएका श्री सविना मास्के प्रधान सो समयमा नेपाल टेलिकमको प्रमुख प्राविधिक अधिकृतको जिम्मेवारीमा हुनुहुन्थ्यो । वि.सं. २०४९ सालमा तत्कालिन नेपाल दूरसञ्चार संस्थानमा इञ्जिनियरका रुपमा सेवा प्रवेश गर्नुभएको उहाँसँग विभिन्न विभागहरु तथा निर्देशनालयहरुको नेतृत्वदायी भूमिकामा रही करिब ३३ वर्षको लामो सेवा तथा कार्य गरेको अनुभव छ ।



**श्री टंक प्रसाद पाण्डेय**
सदस्य
सहसचिव, अर्थ मन्त्रालय

नेपाल सरकार अर्थ मन्त्रालयका सहसचिव श्री टंक प्रसाद पाण्डेय सोही मन्त्रालयको मिति २०८२ असोज २१ गतेको निर्णयानुसार नियुक्त भई कम्पनीको सञ्चालक समिति सदस्यको जिम्मेवारीमा रहनुभएको छ । त्रिभुवन विश्वविद्यालयबाट जनप्रशासन तथा मानविकी ग्रामीण विकासमा स्नातको त्तर तह सम्मको अध्ययन गर्नु भएका उहाँसँग अर्थ मन्त्रालय र मातहतका विभिन्न निकायहरुमा दुई दशकभन्दा बढि काम गरेको अनुभव छ । साथै गण्डकी प्रदेशमा प्रदेश सचिवको रुपमा समेत जिम्मेवारी सम्हाल्नुभएका उहाँका सार्वजनिक प्रशासन तथा आर्थिक प्रशासन सम्बन्धी पुस्तक तथा लेख र चनाहरु पनि प्रकाशित छन् ।





**श्री सुवास चन्द्र शिवाकोटी**
सदस्य
सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव श्री सुवास चन्द्र शिवाकोटी सोही मन्त्रालयको २०८२ मङ्सिर १२ गतेको निर्णयबाट कम्पनीको सञ्चालक समिति सदस्यको जिम्मेवारीमा रहनुभएको छ । खासगरी बजेट तथा योजना प्रणाली, सार्वजनिक खरिद व्यवस्थापन, आर्थिक व्यवस्थापन, सार्वजनिक ऋण तथा लगानी व्यवस्थापन, सार्वजनिक कोष व्यवस्थापन, स्थानीय विकास व्यवस्थापन लगायतका विषय क्षेत्रमा उहाँले विभिन्न स्थानीय तह, मधेस प्रदेश अर्थ मन्त्रालयको सचिव, सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्देशक, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको आर्थिक प्रशासन प्रमुख, महालेखा नियन्त्रकको कार्यालयको उपमहालेखा नियन्त्रक, पेफा सचिवालयको सदस्य सचिव लगायतका भूमिकामा कार्य गर्नुभएको छ ।



**श्री अरुणा जोशी**
सदस्य
सहसचिव, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय

नेपाल सरकार कानून, न्याय तथा संसदिय मामिला मन्त्रालयका सह सचिव अरुणा जोशी सोही मन्त्रालयको २०८२ कार्तिक १२ गतेको निर्णयबाट कम्पनीको सञ्चालक समिति सदस्यको जिम्मेवारीमा रहनुभएको छ । काठमाडौं स्कुल अफ ल बाट पाँच वर्षे एलएलबि र दुई वर्षे एलएलएम गर्नुभएका उहाँसँग सहसचिवको रुपमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय तथा निर्वाचन आयोगमा समेत काम गरेको अनुभव छ। वि.सं. २०६९ सालमा अधिकृतको रुपमा सेवा प्रवेश देखिनै नेपालको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा कार्यरत रहँदै आउनुभएका उहाँसँग उपसचिवको रुपमा प्रदेशमा काम गरेको छोटो अनुभव पनि छ। राष्ट्रिय देखि अन्तराष्ट्रिय कानूनका विषयमा समेत उहाँको विज्ञता छ।



**श्री मनिष जङ्ग जोशी**
सदस्य
प्रतिनिधि, सर्वसाधारण सेयरधनी

एरोनटिकल इञ्जिनियरिङमा स्नातक र व्यवस्थापनमा स्नातकोत्तर मनिष जङ्ग जोशी वि.सं. २०८० माघदेखि कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण सेयरधनीको तर्फबाट प्रतिनिधित्व गरिर हनुभएको छ। उहाँसँग हवाई तथा उड्डयन क्षेत्रमा पन्ध्र वर्षभन्दा बढिको कार्यानुभव छ। आफ्नो कार्यको दौरानमा एयरवर्दिनेस (airworthiness) र सुरक्षा विभागको प्रमुखको रुपमा उहाँले हवाई परिचालन र सुरक्षाका क्षेत्रमा सम्बन्धित टोलीलाई कुशल नेतृत्व दिनुभएको छ । यसका अतिरिक्त कृषि, लगानी र प्रविधि सम्बन्धी कम्पनीहरुमा लगानीकर्ता र निर्देशकको भूमिका पनि उहाँले निभाइरहनुभएको छ।



**श्री लोक बहादुर कटुवाल**
सदस्य
प्रतिनिधि, कर्मचारी

वि.सं. २०४९ सालदेखि नेपाल टेलिकममा कार्यरत श्री लोक बहादुर कटुवालले कम्पनीका विभिन्न विभाग तथा कार्यालयहरुमा कार्य गर्नुभएको छ । उहाँले मिति २०८१ मङ्सिरदेखि कम्पनीको कर्मचारी प्रतिनिधिको रुपमा सञ्चालक समितिमा प्रतिनिधित्व गर्नुभएको छ। लामो समयदेखि उहाँ ट्रेड युनियन अभियानमा सक्रिय हुनुहुन्छ।





# प्रबन्ध निर्देशकको मन्तव्य

**आदरणीय सेयरधनी एवं नेपाल टेलिकम सम्बद्ध महानुभावहरु,**

**देशभर सञ्चारको सर्वसुलभ सेवा प्रदान गर्दै राष्ट्रको सञ्चारको रुपमा आफ्नो पहिचान स्थापित गर्न सफल राज्यको अग्रणी दूरसञ्चार सेवा प्रदायक नेपाल टेलिकमको अठारौँ वार्षिक साधारण सभाको अवसरमा समस्त सेयरधनी महानुभावहरु, नियामक निकायका प्रतिनिधिहरु, कम्पनी सञ्चालक समितिका पदाधिकारीहरु, कम्पनीका कानूनी सल्लाहकार, लेखापरीक्षक, कर्मचारी साथीहरु, पत्रकार मित्रहरु तथा साधारण सभामा आबद्ध सम्पूर्ण महानुभावहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु।**

लामो गौरवशाली सञ्चारको इतिहास बोकेको, देशको सुगम शहरदेखि अति दुर्गम स्थानसम्म Microwave, VSAT तथा Fiber बाट सञ्चार सेवा पुऱ्याउन सफल यस कम्पनीको प्रगतिमा साथ सहयोग पुऱ्याउनु हुने सम्बद्ध तथा सरोकारवाला सम्पूर्ण निकायमा कम्पनीको तर्फबाट हार्दिक आभार व्यक्त गर्न चाहन्छु।

हालको तीब्र प्रतिस्पर्धात्मक बजारमा पनि कम्पनीले देशका सबै भुभागमा बलियो उपस्थिति देखाउँदै देशको दूरसञ्चार र सूचना प्रविधिको विकासमा प्रमुख भूमिका निर्वाह गरेको छ। दूरसञ्चारका सेवाहरुको नवीनतम विकास र विस्तारको माध्यमबाट देशको आर्थिक, सामाजिक तथा दूरसञ्चारको विकासमा योगदान गर्दै जनतालाई गुणस्तरीय र नवीनतम सेवा उपलब्ध गराउन हामी निरन्तर लागिरहेका छौं।

हाल कम्पनीले वायरलाइन सेवा अन्तर्गत देशव्यापी रुपमा टेलिफोन, इन्टरनेट तथा टेलिभिजन सहितको FTTH सेवा विस्तार गरी बिभिन्न Application मा पहुँच पुर्याएको छ। नेपाल टेलिकमले मुख्यरुपमा GPON/XGSPON प्रविधिमा आधारित दुई तहको Optical Splitter लगाई एफटीटीएच (FTTH) सेवा विस्तार गरिरहेको छ। सेवाग्राहीलाई Broadband कनेक्टिभिटी प्रदान गर्न र भविष्यमा अन्य प्रविधि जस्तै 5G प्रविधिको लागि आवश्यक नेटवर्क पूर्वाधार (Backhaul) प्रदान गर्न समेत एफटीटीएच Fiber Network को प्रयोग हुनेछ। हालमा FTTH Network को Occupancy कम रहेता पनि भविष्यमा M2M Network का लागि Platform को निर्माण FTTH Network बाट भइसकेको छ। सेवाग्राहीलाई 2G, 3G, 4G, VOLTE मा Expansion मार्फत सेवाको पहुँच बढाउनुका साथै 5G सेवा पनि Experience गराउनेछौं।

कम्पनीले विश्व बजारमा आएका नवीनतम प्रविधिलाई समयमै सञ्चालन गर्ने गरेको छ। उदाहरणका लागि Data Center Infrastructure, Cloud Service, Content Data Network, Radio Network Optimization Services, SIM Vending Machines, WAN Services, Network Monitoring Tools, IoT Network, Media Platform आदि सञ्चालनमा ल्याइसकेको तथा ल्याउने प्रक्रियमा रहेको छ। कम्पनीले वायरलेस तथा वायरलाइन सेवा विस्तारलाई उच्च प्राथमिकता दिएको छ। वायरलाइन सेवा देशका ७७ वटै जिल्लामा पुगिसकेको छ भने वायरलेस सेवा अन्तर्गत 2G सेवा सबै स्थानीय तहमा तथा 4G सेवाको पहुँच ७४९ स्थानीय तहहरुमा पुगिसकेको छ। यी सेवाहरुलाई आवश्यक पर्ने Power, Tower तथा Backbone Infrastructure लाई विशेष प्राथमिकता दिएको छ। राष्ट्रिय पसारण लाइन नपुगेका तथा विद्युत नियमित आपुर्ति नहुने क्षेत्रमा सौर्य उर्जामार्फत सेवाहरु सञ्चालन गरिएको छ। आधुनिक रेडियो तथा Optical Fiber (ADSS UG Cable OPGW, 400G Network, Redundant DWDM Network, etc) मार्फत कम्पनीको Transmission Backbone लाई स्तरोन्नति गरिदै लगिएको छ। कम्पनीको नयाँ BIlling System, CRBT, Customer Care तथा CCTV Network on FTTH को प्रक्रिया अगाडि बढाइएको छ। प्रविधिको परिवर्तनसँगै OTT (Over the Top) को बढ्दो

प्रयोगका कारण कम्पनीको आम्दानीमा भइरहेको ह्रासले थपेको चुनौतीलाई आत्मसात् गर्दै कम्पनीले उपकरण/पूर्वाधार मर्मत खर्च लगायतका विविध खर्च कटौती गर्नुका साथै हाल सञ्चालनमा रहेका सेवा तथा प्रविधिको रुपान्तरणसँगै प्रचलनमा आउने नयाँ प्रकृतिका सेवा सामयिक रुपमा विस्तार एवं सञ्चालन गरी आयका नयाँ स्रोतहरु थप गर्न अनवरत लागिपरेको बेहोरा जानकारी गराउन चाहन्छु।

कम्पनीले प्रचलित नेपाल कानून र नियामक निकायका निर्देशनको अनुपालना गरी कम्पनीको आन्तरिक काम कारवाहीहरुलाई पारदर्शी, मितब्ययी, जवाफदेही र उत्तरदायी हुनपर्ने सुशासनका मूल्य मान्यतालाई अवलम्बन गर्दै आएको सन्दर्भमा फरक वातावरणमा सञ्चालित र आन्तरिक काम कारवाहीमा सापेक्षित रुपमा स्वतन्त्र अन्य कम्पनीसँग प्रतिस्पर्धा गर्नुपर्ने चुनौती सामना गर्दै आएको छ। नेपाल टेलिकमलाई प्राइभेट कम्पनी सरह कार्यहरु गर्न दिइएमा मात्र कम्पनीले प्राविधिक तथा व्यावसायिक सफलता सहीरुपमा हासिल गर्न सक्नेछ। यस्ता कठिनाइका वावजुद पनि थप व्यावसायिक भई नयाँ Marketing Strategy र Policy अवलम्वन गर्दै ग्राहकमैत्री व्यवहारसहित कम्पनीका सेवाहरु ग्राहकका घर दैलोमा पुऱ्याउने कार्यलाई निरन्तरता दिइएको छ। निरन्तर सेवा सञ्चालनको सुनिश्चितता गरी ग्राहक सन्तुष्टि अभिवृद्धि गर्नको लागि मर्मत संभार कार्यलाई थप चुस्त दुरुस्त बनाई चौबिसै घण्टा सेवा प्रवाहलाई १९८ तथा १४९८ का कल सेन्टर तथा iNOC (Integrated Network Operation Centre) बाट प्रभावकारी बनाइएको छ।

अन्त्यमा, यस कम्पनीलाई राष्ट्रको अग्रणी दूरसञ्चार सेवा प्रदायकका रुपमा निरन्तर स्थापित गराइराख्न आधुनिक प्रविधि तथा व्यावसायिक गतिविधिलाई चुस्त राख्दै आगामी दिनमा देशैभरिका सम्पूर्ण सेवाग्राही नेपाली जनताहरुलाई सर्वसुलभ र गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्दै सञ्चारको माध्यमबाट देशको विकास र समृद्धिमा समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दछौँ। साथै वर्तमान समयमा समग्र दूरसञ्चार उद्योग सहित यस कम्पनीले समेत सामना गर्नुपरेका चुनौतिहरुलाई निराकरण गरी अवसरमा बदल्न आवश्यक नीति निर्माणका लागि सम्बद्ध निकायहरुबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास राख्दै विषेशतः श्री नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयप्रति निरन्तर प्राप्त भएका निर्देशन, सुधारात्मक सुझाव र मार्गदर्शनको लागि नेपाल टेलिकमको तर्फबाट विशेष आभार सहित कृतज्ञता व्यक्त गर्दछु।

धन्यवाद।

**सविना मास्के प्रधान**
प्रबन्ध निर्देशक
२०८२/०९/३०



# कम्पनी व्यवस्थापन



**श्री रीना डंगोल**
प्रमुख प्राविधिक अधिकृत

वि.सं. २०५१ साल बाट तत्कालिन नेपाल दूर सञ्चार संस्थानको इञ्जिनियरको रुपमा सेवा सुरु गर्नुभएका उहाँले कम्पनीका विभिन्न कार्यालय, विभाग र निर्देशनालयमा विभिन्न जिम्मेवारीहरु वहन गर्दै हाल प्रमुख प्राविधिक अधिकृतका साथै वायरलाइन तथा ग्राहकसेवा निर्देशनालयको निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ। यसका अतिरिक्त उहाँ नेपाल डिजिटल पेमेन्ट्स कम्पनीको अध्यक्षको भूमिका पनि बहन गरिरहनुभएको छ।



**श्री डिल्लिराम अधिकारी**
प्रमुख सञ्चालन अधिकृत

विगत २३ वर्षदेखि कम्पनीको विभिन्न विभाग तथा निर्देशनालयहरुमा नेतृत्वदायी भूमिका तथा तीन वर्ष प्रबन्ध निर्देशकको रुपमा समेत जिम्मेवारी निर्वाह गर्नुभएका उहाँ हाल कम्पनीको प्रमुख सञ्चालन अधिकृतका रुपमा कार्यरत हुनुहुन्छ। यसका अतिरिक्त अपर तामाकोशी हाइड्रोपावर कम्पनी लिमिटेड, विद्युत उत्पादन कम्पनी लिमिटेड, एनइए इञ्जिनियरिङ कम्पनी लिमिटेड, नलगाड हाइड्रोपावर कम्पनी लिमिटेड तथा त्रिशुली हाइड्रो पावर कम्पनी लिमिटेडको सञ्चालकको रुपमा समेत काम गरिसक्नुभएको छ।



**श्री राजेन्द्र अर्याल**
प्रमुख वित्तीय अधिकृत

विगत ३७ वर्षदेखि कम्पनीको सेवामा रही विभिन्न कार्यालय, विभाग तथा निर्देशनालयहरुको लेखा प्रमुखको जिम्मेवारी निर्वाह गरिसक्नुभएका उहाँ कम्पनी सचिव हुँदै हाल प्रमुख वित्तीय अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ। यसका अतिरिक्त उहाँ त्रिशुली जलविद्युत कम्पनी लिमिटेडमा सञ्चालकको भूमिकामा पनि हुनुहुन्छ।



**श्री द्वारिका प्रसाद पौडेल**
ना. प्र. नि. (कम्पनी सचिव)

विगत २८ वर्षदेखि कम्पनीमा कार्यरत रहि विभिन्न कार्यालय,शाखा प्रमुख हुँदै विभिन्न निर्देशनालयको समेतको लेखा प्रमुखको जिम्मेवारी वहन गर्नुभएका उहाँसँग केन्द्रिय राजश्व विभाग तथा आन्तरिक लेखा परिक्षण तथा निरीक्षण विभागको प्रमुखको रुपमा समेत कार्य गरेको अनुभव छ। हाल उहाँ कम्पनी सचिवको रुपमा कार्यरत हुनुहुन्छ।



**श्री गंगा सागर मातंछे**
प्रमुख व्यावसायिक अधिकृत

विगत तेत्तिस वर्षदेखि कम्पनीको विभिन्न कार्यालय, विभाग, निर्देशनालयहरुमा कार्य गर्नुभएका उहाँ हाल कम्पनीको प्रमुख व्यावसायिक अधिकृतको रुपमा कार्यरत हुनुहुन्छ। यसका अतिरिक्त उहाँ त्रिशुली जलविद्युत कम्पनी लिमिटेडमा सञ्चालकको भूमिकामा पनि रहनुभएको छ।



**श्री निर्झर भट्टराई**
निमित्त प्रमुख मानव संसाधन अधिकृत

विगत २९ वर्षदेखि कम्पनीमा सेवारत रहि उपत्यका बाहिरका विभिन्न कार्यालय, व्यापार व्यवस्थापन विभाग, मोवाईल सेवा निर्देशनालय हुँदै हाल उहाँ कम्पनीको निमित्त प्रमुख मानव संसाधन अधिकृतको रुपमा कार्यरत रहनु भएको छ।



**श्री प्रेम प्रसाद सिलवाल**
निर्देशक,
वायरलेस सेवा निर्देशनालय

वि.सं. २०६० मा टेलिकम इञ्जिनियरको रुपमा सेवामा प्रवेश गर्नुभएका उहाँले सुरुवाती दिनमा वायरलेस सेवा निर्देशनालयको सञ्चालन तथा मर्मत संभार तथा आयोजना विभागमा कार्य गर्नुभयो। उहाँसँग दूरसञ्चार कार्यालय नेपालगञ्जको कार्यालय प्रमुख हुँदै प्रमुख प्राविधिक अधिकृतको कार्यालय तथा विभिन्न विभागहरुको प्रमुखको रुपमा कार्य गरेको अनुभव पनि छ। उहाँ ब्याकबोन ट्रान्समिशन निर्देशनालयको निर्देशक हुँदै हाल वायरलेस सेवा निर्देशनालयको निर्देशक हुनुहुन्छ।



**श्री बिमलेश झा**
निर्देशक,
सूचना प्रविधि निर्देशनालय

विगत ३० वर्षदेखि कम्पनीका विभिन्न पदीय जिम्मेवारीमा रहँदै, मुख्यत ISP Network System, MPLS Network, ADSL System को डिजाइनिङ, कार्यान्वयन तथा सञ्चालनको कार्य गर्दै हाल उहाँ सूचना प्रविधि निर्देशनालयमा निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ।



**श्री सुजन पोखरेल**
निमित्त ना. प्र. नि.,
आ ले प तथा निरीक्षण विभाग

विगत तीस वर्षदेखि कम्पनीमा कार्यरत रही विभिन्न कार्यालय तथा निर्देशनालयको लेखा प्रमुखको जिम्मेवारी वहन गर्नुभइ हाल उहाँ आन्तरिक लेखा परीक्षण तथा निरीक्षण विभागको प्रमुखको रुपमा कार्यरत हुनुहुन्छ।



**श्री शोभन अधिकारी**
निर्देशक,
ब्याकबोन प्रसारण निर्देशनालय

विगत २६ वर्षदेखि विभिन्न दूरसञ्चार कार्यालयहरुको प्रमुख, केन्द्रिय कार्यालय अन्तर्गत योजना, विकास, खरिद, अन्तराष्ट्रिय व्यापार लगायत अन्य विभाग र निर्देशनालयहरुमा कार्य गर्दै कम्पनीको सूचना अधिकारी, नोडल अधिकृत र प्रवक्ता आदिको जिम्मेवारी निर्वाह गर्दै हाल उहाँ ब्याकबोन प्रशारण निर्देशनालयमा निर्देशकको जिम्मेवारीमा हुनुहुन्छ।



**श्री लक्ष्मण महर्जन**
निर्देशक,
वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय

विगत ३१ वर्षदेखि कम्पनीको सेवामा रहनुभएका वहाँ विभिन्न कार्यालय, विभाग तथा निर्देशनालयको प्रमुखको नेतृत्वदायी भूमिका निर्वाह गरी हाल वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयको निर्देशकको भूमिकामा कार्यरत हुनुहुन्छ।



**श्री इन्दल यादव**
निर्देशक,
प्रादेशिक निर्देशनालय काठमाडौँ, वागमती प्रदेश

विगत ३० वर्षदेखि नेपाल टेलिकमका विभिन्न कार्यालयहरु तथा विभागहरुको प्रमुख तथा विभिन्न निर्देशनालयहरुको निर्देशकको नेतृत्वदायी भूमिका निर्वाह गर्दै हाल उहाँ वागमती प्रादेशिक निर्देशनालय काठमाडौँ, वागमती प्रदेशको निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ।



**श्री हरि ढकाल**
निर्देशक,
प्रादेशिक निर्देशनालय भैरहवा, लुम्विनी प्रदेश

विगत तिस वर्षदेखि नेपाल टेलिकमका स्वीचिङ, सूचना प्रविधि, व्यापार लगायतका विभिन्न शाखा, कार्यालय तथा विभागमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आउनुभएका उहाँ हाल प्रादेशिक निर्देशनालय भैरहवाको निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ।



**श्री बसन्त लिङथेप**
निर्देशक,
प्रादेशिक निर्देशनालय पोखरा, गण्डकी प्रदेश

विगत २८ वर्षदेखि नेपाल टेलिकमको विभिन्न बिभाग र कार्यालयहरुको कार्यालय प्रमुख एवं तालिम तथा अनुसन्धान केन्द्रको निर्देशक भई नेतृत्वदायी भूमिका निर्वाह गर्दै हाल उहाँ गण्डकी प्रादेशिक निर्देशनालय पोखराको निर्देशकको रुपमा कार्यरत भइरहँदा तिलिचो बेस क्याम्प सम्म 4g सेवा पुर्याएको र मनाङ जिल्लामा अन्य ठाउँमा पनि 4G पुर्याई पुरानो vsat प्रबिधि हटाएको साथै मुस्ताङ कोरोला बोर्डर पास, धवलागिरी पदमार्ग अनि ढोरपाटन सम्म 4G सेवा पुर्याउन महत्तपुर्ण भुमिका निर्वाह गर्नुभएको छ।



**श्री कृष्णप्रसाद भण्डारी**
निर्देशक,
प्रादेशिक निर्देशनालय वीरगञ्ज, मधेश प्रदेश

विगत २६ वर्षदेखि नेपाल टेलिकमको सेवामा रही विभिन्न शाखा, विभाग र निर्देशनालयहरुमा नेतृत्वदायी जिम्मेवारी वहन गर्दै हाल उहाँ प्रादेशिक निर्देशनालय वीरगञ्जको निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ।



**श्री गोपाल सिंह के सी**
निर्देशक,
प्रादेशिक निर्देशनालय विराटनगर, कोशी प्रदेश

विगत २६ वर्षदेखि कम्पनीमा कार्यरत उहाँसँग Switching System Engineer को रुपमा कार्यालय प्रमुखको रुपमा, सूचना प्रविधि निर्देशनालय अन्तरगतको Convergent Real Time Billing आयोजनामा काम गरेको, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालय अन्तरगत योजना विभाग, आयोजना कार्यान्वयन विभाग र वायरलेस सेवा निर्देशनालय अन्तरगत विभिन्न Auxiliary आयोजनाहरु र 4G आयोजनाको आयोजना प्रमुखको रुपमा कार्य गरेको अनुभव छ। हाल उहाँ प्रादेशिक निर्देशनालय विराटनगरको निर्देशकको रुपमा कार्यरत हुनुहुन्छ।



**डा. कमल लामिछाने**
निर्देशक,
प्रादेशिक निर्देशनालय सुर्खेत, कर्णाली प्रदेश

विगत १९ वर्षदेखि कम्पनीमा कार्यरत उहाँले तत्कालीन मोवाइल सेवा स्वीचिङ मेन्टेनेन्स विभाग र निर्देशनालयहरुमा हुँदा कम्पनीको सेवा विस्तार र दूरसञ्चार क्षेत्रको समग्र विकासमा नेतृत्वदायी भूमिका निभाउँदै हाल प्रादेशिक निर्देशनालय सुर्खेतको निर्देशकको रुपमा कार्यरत भईरहँदा कर्णाली प्रदेशका विशेषगरी ग्रामिण क्षेत्रमा डिजिटल पहुँच पुर्याउन महत्तपूर्ण भुमिका निर्वाह गर्नु भएको छ। उहाँले विभिन्न अन्तर्राष्ट्रिय राष्ट्रिय सम्मेलन, गोष्ठी दूरसञ्चार विज्ञको रुपमा समेत योगदान पुऱ्याउनु भएको छ।



**श्री द्रवेन्द्र कुमार चौधरी**
निर्देशक,
प्रादेशिक निर्देशनालय अत्तरिया, सुदूरपश्चिम प्रदेश

विगत २५ वर्षदेखि कम्पनीमा विभिन्न कार्यालयको प्रमुख तथा सूचना प्रविधि निर्देशनालयमा विभिन्न भूमिका निर्वाह गर्दै हाल उहाँ प्रादेशिक निर्देशनालय अत्तरियाको निर्देशकको रुपमा कार्यरत रहनुभएको छ।



# सञ्चालक समितिको प्रतिवेदन

**आदरणीय सेयरधनी महानुभावहरू,**

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको १८औँ वार्षिक साधारण सभामा उपस्थित कम्पनीका सम्पूर्ण सेयरधनी महानुभावहरू, नियामक निकायका प्रतिनिधिहरू, लेखापरीक्षक, कानूनी सल्लाहकार, कर्मचारीहरू लगायत सबैलाई हार्दिक स्वागत तथा अभिवादन गर्दछौं । समीक्षा अवधि २०८१।८२ मा कम्पनीका आयोजनाहरूको कार्यान्वयन तथा सेवा वितरणमा सहजता आएको, 4G तथा FTTH सेवाको निरन्तर विस्तार भएको जस्ता कारणले विविध चुनौतिका बीच पनि सेवाहरुको प्रवाह तथा बजार विस्तार भएको छ। समीक्षा अवधिमा दूरसञ्चार क्षेत्रमा बढेको तीब्र प्रतिस्पर्धाका कारण सेवाहरुको उपभोक्ता मूल्यमा आएको गिरावट, बढ्दो रुपमा विद्यार्थी तथा श्रमिक वर्ग विदेशिने क्रम जारी रहेकोले उपभोगमा देखिएको यथास्थिति आदिले गर्दा अर्थतन्त्रका अन्य क्षेत्र जस्तै दूरसञ्चार क्षेत्र पनि प्रभावित भएको र त्यसको असर कम्पनीको राजस्वमा पनि देखिएको छ। समीक्षा अवधिमा कम्पनीले ५ वर्षको लागि मोबाइल सेवा पुनःअनुमतिपत्र प्राप्त गरेको छ।

देशैभरी गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराउने कम्पनीको अभियानमा ग्रामिण क्षेत्रमा दूरसञ्चार पूर्वाधारको न्यून उपलब्धता कम्पनीको लागि चुनौतिको रुपमा रहेको छ। यसका अतिरिक्त सार्वजनिक संस्थाको रुपमा कम्पनीले पालना गर्नुपर्ने नीति नियमहरु समेतको कारण निर्णय प्रक्रियामा जटिलता रहेको छ। साथै सरकारी नीति नियममा रहेका जटिलता र तिनमा प्रतिस्पर्धी व्यवसायको लागि आवश्यक परिमार्जनको कमीले पनि चुनौतिहरु थपिएका छन् । फलस्वरुप परियोजनाहरुको समयमा समापन तथा ती मार्फत नयाँ प्रविधि र सेवाहरुको अवलम्बनमा तुलनात्मक रुपमा बढी समय लाग्ने गरेको छ। यसको विपरित दूरसञ्चार र सूचना प्रविधिको क्षेत्रमा अल्प समयमा नवीनतम प्रविधि, उपकरण र सेवाहरु बजारमा आउने हुँदा नियमित रुपमा प्रविधि रुपान्तरणमा उच्च लागत लाग्ने र सो लागत उठाउनको लागि कम समय प्राप्त हुने गरेको छ। यसरी प्रक्रियागत तथा नीतिगत जटिलताले बढी समय लगाउने र व्यावसायिक क्षेत्रको प्रकृतिको कारण कम समयमै नयाँ परियोजना र सेवाहरु भित्र्याउनुपर्ने दोहोरो चुनौति कम्पनी सामू रहेको छ। साथै पछिल्लो समयमा OTT (Over-the-top) सेवाहरूको व्यापक प्रयोगका कारणले अन्तर आवद्धता राजस्वमा तथा भ्वाइस कलहरुमा निरन्तर कमी आइरहेको छ। राजस्व वृद्धिमा निरन्तर देखिएको चुनौतिको परिप्रेक्ष्यमा कम्पनीले यथा सम्भव खर्च न्यूनिकरण तथा वित्तीय स्रोतहरुको प्रभावकारी परिचालन गरी कम्पनीको वित्तीय स्वास्थ्य सुनिश्चित गर्ने प्रयास गरेको छ।

परिवर्तित परिप्रेक्ष्यमा प्रविधि र बजार परिदृष्यको कारण ग्राहकहरूको चाहना तथा आवश्यकतालाई मध्यनजर गरी नवीनतम प्रविधिमा आधारित गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्न कम्पनीले उपलब्ध स्रोत तथा साधनहरूलाई अधिकतम् परिचालन गर्दै आएको छ । मुलुकका सम्पूर्ण भू-भागमा बसोबास गर्ने जनताहरूलाई अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराउने योजना अन्तर्गत कम्पनीले वायरलेस प्रविधिमा आधारित उच्च गतिको 4G/VoLTE Advanced सेवालाई देशका ७७ वटै जिल्लामा पुर्याइएको छ। 4G/LTE सेवाको पहुँच नपुगेका ४ स्थानीय तहमा सेवा पुऱ्याउन तथा दूरदराजका क्षेत्रमा सेवाको गुणस्तर वृद्धि कार्यलाई थप प्रभावकारी बनाइएको छ। त्यसैगरी डिजिटल नेपालको अवधारणालाई कार्यान्वयन गर्नका लागि अपरिहार्य रहेको कनेक्टिभिटिको उपलब्धता सुनिश्चित गर्न कम्पनीले अन्य ब्रोडब्याण्ड सेवा सँगसँगै FTTH (Fiber to the Home) सेवा विस्तारलाई पनि विशेष जोड दिँदै ७७ वटै जिल्ला र ३६१ स्थानीय तह (पालिका) मा सो सेवा पुऱ्याइसकिएको छ । क्रमशः बाँकी पालिकाहरुमा समेत FTTH सेवा पुऱ्याउनेतर्फ कार्य भैरहेको छ। त्यसैगरी कम्पनीको वित्तीय अवस्था सुधार गर्न ताररहित सेवाहरूको प्राविधिक रूपान्तरण सहितको विस्तार, अन्तर्राष्ट्रिय रोमिङ्ग सेवाको विस्तार तथा सेवाहरूको गुणस्तर सुधार लगायतका कार्यहरूलाई निरन्तरता दिइएको छ।

कम्पनीले एक जिम्मेवार सार्वजनिक व्यावसायिक संस्थाको रुपमा संस्थागत सुशासनलाई प्राथमिकतामा राख्दै आफ्ना नीति तथा नियमहरू पारदर्शी रूपमा प्रस्तुत गर्ने गरेको छ । आर्थिक वर्ष २०८१/८२ मा कम्पनीले गरेका प्रगतिहरू, उपलब्धिहरू, कम्पनी सञ्चालनमा देखिएका चुनौतीहरू एवं भविष्यका अल्पकालीन तथा दीर्घकालीन योजनाहरू सहितको यो प्रतिवेदन कम्पनी ऐन, २०६३ र धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम तयार गरी सञ्चालक समितिको तर्फबाट यस सभामा स्वीकृतिको लागि पेस गरिएको छ।

## कम्पनीको कार्यसम्पादन

### १. वित्तीय उपलब्धि

गत आ.व. मा कम्पनीको आय रु. ४२ अर्ब १४ करोड रहेकोमा आ.व. २०८१/८२ मा रु. ३८ अर्ब १९ करोड कायम भई कुल आयमा गत वर्षको तुलनामा ९.३८ प्रतिशतले कमी भएको छ । समीक्षा अवधिमा कम्पनीको कुल सञ्चालन आय १.९३ प्रतिशत कम भएको छ। त्यस्तै गत वर्षको तुलनामा नाफामा २४.४३ प्रतिशतले कमी भई रु. ६ अर्ब ६७ लाख कायम भएको छ । कम्पनीको आय तथा नाफामा भएको परिवर्तनका मुख्य कारणहरु यस प्रकार रहेका छन् ।

- दूरसञ्चार प्रविधिको विकास, इन्टरनेट सेवा र Smart Phone को बढ्दो पहुँचले OTT (जस्तैः Viber, Whatsapp, Messenger, imo आदि) सेवाहरुको व्यापक प्रयोगको कारण विदेशबाट हुने आगमन कल र मुलुकभित्र हुने भ्वाइस कलको परिमाणमा ठूलो असर पर्नु ।

- प्रविधिमा आएको परिवर्तनका कारण PSTN तथा ADSL सेवाको राजस्व विगतका वर्षहरुदेखि लगातार घट्दो क्रममा रहनु । तर PSTN र ADSL प्रविधिलाई FTTH प्रविधिमा रुपान्तरण गरिएका कारण FTTH सेवाको राजस्व भने निरन्तर वृद्धि उन्मुख रहेको ।

- फ्रिक्वेन्सी दस्तुरमा वृद्दि भएको तर दुरसञ्चार सेवाको दररेट निरन्तर घट्दै गइरहनु ।

- आ. व. २०८१।८२ मा मुद्रा बजारमा कायम रहेको अधिक तरलताका कारण कम्पनीले लगानी गरेका मुद्दती निक्षेपहरुले प्रदान गर्ने प्रतिफलको औषत ४.०५% रहेको जुन गत आ.व. मा ८.७६% रहेको जसका कारण समीक्षा अवधिमा कम्पनीको गैर-सञ्चालन आय अन्तर्गतको वित्तीय आय ४४.७४% ले कम भएको ।

### १.१ आय

बढ्दो प्रतिस्पर्धाका कारण नियमित रुपमा महशुल दरमा गर्नुपरेको कटौति, Normal Tariff प्रयोग गर्नेभन्दा सस्तो दररेटमा उपलब्ध गराइएका झाभच एबअपबनभ प्रयोग गर्ने ग्राहकहरू वृद्धि, फ्रिक्वेन्सी दस्तुर बृद्दि भएको, भएका कारण लगातार ग्राहक संख्या बढेको भएपनि जिएसएम तथा FTTH सेवामा अपेक्षित राजस्व सङ्कलन हुन सकेको छैन। त्यसैगरी दूरसञ्चार प्रविधिको विकास, इन्टरनेट सेवा र कबचत एजयलभ को बढ्दो पहुँचले OTT (जस्तैः Viber, Whatsapp, Messenger, imo आदि) सेवाहरुको व्यापक प्रयोगको कारण विदेशबाट हुने आगमन कलको परिमाणमा असर परेका कारण अन्तरआवद्धता आय करिब रु.४१ करोडले कम भएको छ। समग्रमा समीक्षा अवधिमा कुल कार्य सञ्चालन आय रु.६६ करोडले कम भएको छ।

यसैगरी बैंक तथा वित्तीय संस्थामा भएको लगानीबाट गत आ.व. मा रु. ६.८१ अर्ब आर्जन गरिएकोमा समीक्षा अवधिमा जम्मा रु. ३.७६ अर्ब आम्दानी भई ब्याज आम्दानीमा रु. ३ अर्ब ४ करोडले कमी आएको छ।

## कम्पनीको वित्तीय उपलब्धिको मुख्य झलकः

(रकम रु. अर्बमा)

| | आर्थिक वर्ष | | बढी/(घटी) | |
|---|---|---|---|---|
| विवरण | २०८१/८२ | २०८०/८१ (परिमार्जित) | रकम | प्रतिशत |
| कुल आय | ३८.१९ | ४२.१४ | -३.९५ | -९.३८% |
| सञ्चालन आय | ३३.८९ | ३४.५६ | -०.६७ | -१.९३% |
| कर्मचारी खर्च | ७.९७ | ८.६९ | -०.७२ | -८.२९% |
| मर्मत तथा सञ्चालन खर्च | ५.८८ | ६.३८ | -०.५० | -७.८७% |
| कार्यालय सञ्चालन खर्च | १.२८ | १.२३ | ०.०५ | ३.८२% |
| कुल खर्च | २८.३४ | ३०.७० | -२.३६ | -७.७१% |
| नाफा | ६.०० | ७.९५ | -१.९४ | -२४.४३% |
| प्रति सेयर आम्दानी (रु.) | ३३.३७ | ४४.१६ | -१०.७९ | -२४.४३% |
| नेटवर्थ प्रति सेयर (रु.) | ५४६.३७ | ५४१.४४ | ४.९३ | ०.९१% |



### १.२ अदृश्य सम्पत्ति (Intangible Assets)

समीक्षा अवधिमा अदृश्य सम्पत्ति २६.२९ प्रतिशतले कम भई रु. १ अर्ब ११ करोड पुगेको छ। कम्पनीको आ.व २०८१/८२ मा जम्मा रु १४ करोड ४४ लाख बराबरको मात्र सफ्टवेयरहरु थप भएको र यस वर्ष रु.४६ करोड अपलेखन (Amortization) गरिएको कारण अदृश्य सम्पत्ति घट्न गएको हो।

**१.३ जायजेथा, प्लाण्ट र उपकरण**

(Property, Plant and Equipment)

आयोजनाहरु सम्पन्न भई पुँजीकरण गरिएका सम्पत्तिहरुमा प्रयोग योग्य अवधिका आधारमा ह्रासकट्टि (Depreciation) तथा प्रयोगयोग्य नभएका सम्पत्तिको अपलेखन गरेका कारण समीक्षा अवधिमा जायजेथा, प्लाण्ट र उपकरण ३.८४% प्रतिशतले कम भई रु. ४६ अर्ब ५० करोड ४२ लाख पुगेको छ।

**१.४ प्रयोग अधिकार सम्पत्ति** (Right of Use -ROU_ Assets)

कम्पनीबाट लिजमा लिई प्रयोग भैरहेका सम्पत्तिहरुको कम्पनीको लेखा नीति तथा नेपाल वित्तीय प्रतिवेदनमानहरु (NFRS) बमोजिम अपलेखन (Amortization) गरेका कारण प्रयोग अधिकार सम्पत्ति समीक्षा अवधिमा १०.५८ प्रतिशतले कम भई रु.१ अर्ब ९१ करोड ७८ लाख पुगेको छ।

**१.५ पुँजीगत कार्यप्रगति** (Capital work in Progress)

समीक्षा अवधिमा पुँजीगत कार्यप्रगतिमा लेखाङ्कन गरिएको रु. ८३ करोड बराबरको आयोजना सम्पन्न भई पुँजीकरण गरिएको कारणले समीक्षा अवधिमा पुँजीगत कार्यप्रगति १४.७७ प्रतिशतले कम भई रु.३ अर्ब २३ करोड पुगेको छ।

**१.६ दीर्घकालीन ऋण तथा अग्रिम भुक्तानी**

**(Long Term Loan and Advances)**

नयाँ आयोजनाहरु सञ्चालन गर्नका लागि आपूर्तिकर्तालाई अग्रिम रकम प्रदान गरिएको कारणले समीक्षा अवधिमा दीर्घकालिन ऋण तथा अग्रिम भुक्तानी १४.७७ प्रतिशतले बृद्धि भई रु. ९७ करोड ८७ लाख कायम भएको छ।

**१.७ मुद्दती निक्षेप तथा अन्य लगानीहरु**

**(Term Deposits and Other Investments)**

कम्पनीमा रहेको सञ्चित रकमलाई उच्चतम परिचालन गर्न बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेप तथा ऋणपत्रमा गरिएको लगानी समीक्षा अवधिमा १५.७९ प्रतिशतले कमी भई रु.३२ अर्ब ९५ करोड ३५ लाख पुगेको छ। समीक्षा अवधिमा कम्पनीले सञ्चालक समितिको निर्णय बमोजिम कर्मचारीहरुको निवृत्तिभरणको व्यवस्थाको लागि रु.१३ अर्ब १५ करोड भुक्तानी गर्नुपरेकोले मुद्दती निक्षेपमा कमी आएको हो।

**१.८ स्थगन कर सम्पत्ति** (Deferred Tax Assets)

समीक्षा अवधिमा कर प्रयोजनका लागि दाबी हुने खर्च किताबी खर्च भन्दा बढी भएका कारण स्थगन कर सम्पत्ति समीक्षा अवधिमा १०.१२ प्रतिशतले बृद्धि भई रु.८ अर्ब ९७ करोड २४ लाख पुगेको छ।

**१.०९ जिन्सी मौज्दात** (Inventories)

कम्पनीको मुख्य आयोजनाहरु सम्पन्नको क्रममा रहेको कारण समीक्षा अवधिमा जिन्सी मौज्दात ४५.८२ प्रतिशतले कमी भई रु.२८ करोड २३ लाख पुगेको छ।

**१.१० प्रोदभावी रकम, पेश्की र अन्य भुक्तानी** (Accrual, Advances and Other Receivables)

समीक्षा अवधिमा लगानीमा प्राप्त गर्नुपर्ने ब्याज रकमहरु प्राप्त गर्न बाँकी रहेको तथा सरकारी अनुदानको रकम प्राप्त हुन बाँकी रहेको रकमलाई प्रोदभावी रकम कायम गरिएको हुँदा प्रोदभावी रकम, पेश्की र अन्य भुक्तानी ८४.७२ प्रतिशतले वृद्धि भई रु.१ अर्ब ८१ करोड ७५ लाख पुगेको छ।

**१.११ नगद तथा नगद सरह** (Cash and Cash Equivalent)

समीक्षा अवधिमा मुद्रा बजारमा कायम रहेको अधिक तरलताका कारण अल्पकालीन लगानीका क्षेत्रहरुमा लगानीका अवसरहरु प्राप्त नभएको हुंदा नगद तथा नगद सरह रकम १२८.७३ प्रतिशत ले वृद्धि भई रु.९ अर्ब ५५ करोड २ लाख पुगेको छ।

**१.१२ दीर्घकालीन कर्मचारी सुविधा** (Post Employee Benefit)

कर्मचारीलाई भुक्तानी गर्नुपर्ने दायित्व Actuarial Valuation मार्फत गराईएको र समीक्षा अवधिमा कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम रु. १३.१५ अर्ब Define Benefit Assets मा भुक्तानी गरेको कारण दीर्घकालिन कर्मचारी सुविधा ४६.६८ प्रतिशतले कमी भई रु. ९ अर्ब ७३ करोड पुगेको छ।

**१.१३ व्यावसायिक दायित्व** (Trade Payable)

समीक्षा अवधिमा सेवा विस्तार तथा गुणस्तर सुधारका लागि खरिद गरिएको व्याण्डविथ सेवा वापतको भुक्तानी बाँकी भएका कारण व्यावसायिक दायित्व ३५.४५ प्रतिशतले बृद्धि भई रु.८४ करोड ९९ लाख कायम भएको छ।

**१.१४ गैर वित्तीय दायित्व** (Non Financial Liabilities)

कर्मचारी बोनस वापत विगत आ. व. मा व्यवस्था गरिएको समीक्षा अवधिमा भुक्तानी नभएका कारण गैर वित्तीय दायित्व १६.९७ प्रतिशतले बृद्धि भई रु.८ अर्ब ३ करोड ५३ लाख कायम भएको छ।

**१.१५ सेवाको मर्मत तथा सम्भार खर्च**

(Operation and Maintenance Costs)

समीक्षा अवधिमा प्लान्ट तथा मेसिन मर्मत खर्च अघिल्लो आ. व. को तुलनामा रु. १७ करोड ७९ लाखले घट्नुका साथै अन्तरआबद्धता खर्च (अन्तरराष्ट्रिय), तालिम, इन्धन लगायतका अन्य केहि शिर्षकमा समेत

खर्च घटेको कारण मर्मत तथा सम्भार खर्च ७.८७ प्रतिशतले कमी भई रु.५ अर्ब ८८ करोड कायम भएको छ।

**१.१६ नियामक दस्तुर, शुल्क तथा नवीकरण दस्तुर**

समीक्षा अवधिमा जिएसएम सेवाको नयाँ अनुमति पत्रको लागि नियमानुसार लाग्ने अनुमतिपत्र दस्तुर रु २१ करोड भुक्तानी गरी अनुमति पत्र मिति २०८१ बैशाख २८ गते प्राप्त भएकोले विगत वर्षको तुलनामा ४०.८५% ले कमी भई रु. ४ अर्ब ३१ करोड पुगेको छ।

## २. व्यावसायिक उपलब्धि

**२.१ भ्वाइस सेवाः**

गत आ. व. मा करिब २ करोड ३० लाख २० हजार ग्राहक आधार रहेकोमा समीक्षा अवधिमा करिब १५ लाख ग्राहक घटि भई कुल ग्राहक आधार २ करोड १५ लाख १७ हजार पुगेको छ। कम्पनीको कुल भ्वाइस सेवाको ग्राहक मध्ये जिएसएम मोबाइल सेवामा ९७.७७ प्रतिशत ग्राहक रहेका छन्। देशभरिको समग्र भ्वाइस सेवातर्फ कम्पनीको बजार हिस्सा समीक्षा अवधिमा १० प्रतिशतले घटि भई ५३.२१ प्रतिशत पुगेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले सिम सब्सक्रिप्सनलाई आधार मानी बजार हिस्साको गणना गर्ने बिधि अवलम्बन गरेको कारण यस समिक्षा अवधिदेखि कम्पनीको बजार हिस्सा सिम वितरणको आधारमा नगरी सिम सब्सक्रिप्सनको आधारमा गरिएकोले ग्राहक संख्या तथा बजार हिस्सामा कमी देखिएको। साथै निष्क्रिय रहेका प्रिपेड सिमकार्डहरुलाई कम्पनीको जिएसएम प्रणालीबाट क्रमशः हटाइदै लगिएकोले समीक्षा अवधिमा ग्राहक आधारमा कमी देखिएको।

**कम्पनीको विभिन्न प्रविधि अन्तर्गत भ्वाइस सेवाका ग्राहक आधारः**

| विवरण | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | बढी/(घटी) | बढी/(घटी) प्रतिशत | कुल संख्याको अनुपात प्रतिशत (२०८१/८२) |
|---|---|---|---|---|---|
| आधारभूत टेलिफोन | ८१,७८४ | २३०,४६८ | (१४८,६८४) | (६५%) | ०.३८% |
| जि.एस.एम. | २१,०३८,२३१ | २२,४२४,०२९ | (१,३८५,७९८) | (६%) | ९७.७७% |
| एफ.टि.टि.एच. | ३९७,५०५ | ३६६,०१० | ५८,७३९ | (९%) | १.८४% |
| जम्मा ग्राहक | २१,५१७,५२० | २३,०२०,५०७ | (१,५०२,९८७) | (७%) | १००% |
| कम्पनीको बजार हिस्सा* | ५३.२१ | ६३.५५ | | | |

*नेपाल दूरसञ्चार प्राधिकरणको २०८२ असोजको एमआइएस प्रतिवेदनबाट साभार (सिम सब्सक्रिप्सनको आधारमा)

**२.१५ करोड**
भ्वाइस सेवाको कुल ग्राहक आधार

**२.१४ करोड**
डाटा सेवाको कुल ग्राहक आधार

**२.२ डाटा सेवाः**

गत आ. व. मा ग्राहक आधार २ करोड २७ लाख ३७ हजार रहेकोमा समीक्षा अवधिमा २ करोड १४ लाख ३ हजार पुगेको छ। कम्पनीको कुल डाटा सेवाको ग्राहक मध्ये जिएसएम मोबाइल सेवामा ९८.२९ प्रतिशत ग्राहक रहेका छन्। देशभरिको समग्र डाटा सेवा (ब्रोडब्याण्ड) तर्फ गत वर्ष कम्पनीको बजार हिस्सा ७१.८५ प्रतिशत रहेको समीक्षा अवधिमा ५६.३० प्रतिशत पुगेको छ। यस समीक्षा अवधिदेखि कम्पनीको बजार हिस्सा गणना सिम वितरणको आधारमा नगरी सिम सब्सक्रिप्सनको आधारमा गरिएकोले ग्राहक संख्या तथा बजार हिस्सामा कमी देखिएको।

**कम्पनीको विभिन्न प्रविधि अन्तर्गतका डाटा सेवाका ग्राहकहरुः**

| सेवाहरु | आ.व. | | बढी/(घटी) | बढी/(घटी) प्रतिशत | कुल संख्याको अनुपात प्रतिशत (२०८१/८२) |
|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८०/८१ | | | |
| जि.एस.एम. | २१,०३८,२३१ | २२,४२४,०२९ | (१,३८५,७९८) | (६.१८ %) | ९८.२९% |
| ए.डि.एस.एल. | ३६० | ५,२२७ | (४,८६७) | (९३.११%) | ०.००% |
| एफ.टि.टि.एच. | ३६४,९१४ | ३०८,३१८ | ५६,५९६ | १८.३६% | १.७०% |
| जम्मा ग्राहक | २१,४०३,५०५ | २२,७३७,५७४ | (१,३३४,०६९) | (५.८७%) | १००% |
| कम्पनीको बजार हिस्सा* | ५६.३० | ७१.८५ | | | |

*नेपाल दूरसञ्चार प्राधिकरणको २०८२ असोजको एमआइएस प्रतिवेदनबाट साभार (सिम सब्सक्रिप्सनको आधारमा)

**आ. व. ०७७/७८ देखि डाटा सेवाका ग्राहकहरुको अवस्था**

| सेवाहरु | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|
| जि.एस.एम. | १९,९७१,०८६ | २१,०५१,४०५ | २०,३९४,९५३ | २२,४२४,०२९ | २१,०३८,२३१ |
| सि.डि.एम.ए | १३६,५७३ | १३६,५७३ | १३६,५७३ | - | - |
| वाइम्याक्स | १८,५६१ | ६,२९३ | - | - | - |
| ए.डि.एस.एल. | १४९,३५२ | १००,४५५ | ४३,८५४ | ५,२२७ | ३६० |
| एफ.टि.टी.एच. | १२२,११० | १९१,०६१ | २४८,३८५ | ३०८,३१८ | ३६४,९१४ |
| जम्मा ग्राहक | २०,३९७,६८२ | २१,४८५,७८७ | २०,६८७,१९२ | २२,७३७,५७४ | २१,४०३,५०५ |

## २.३ सेवा विस्तारः

- समीक्षा अवधिमा GSM सेवातर्फ कुल २० लाख ५० हजार वितरण गर्ने लक्ष्य रहेकोमा २२ लाख ५८ हजार ९ सय २९ वितरण गरी ११० प्रतिशत लक्ष्य प्राप्त भएको छ। साथै २०८२ असोजसम्ममा ६ लाख २२ हजार ६ सय वितरण भई २६ प्रतिशत लक्ष्य प्राप्ति भइसकेको छ।
- समीक्षा अवधिमा FTTH (Voice, Data, IPTV) सेवातर्फ २ लाख ६ हजार २ सय ५० वितरण गर्ने लक्ष्य रहेकोमा ९५ हजार २ सय १५ वितरण भएको साथै असोजसम्ममा १६ हजार ८ सय २९ FTTH लाइन (Unique CPE) वितरण गरिएको छ।
- २०८२ आषाढ मसान्तसम्ममा कुल २१,९५,२८४ FTTH लाइन वितरण गर्न सकिने पूर्वाधार नेटवर्क विस्तार गरी ७७ जिल्लाका विभिन्न स्थानीय तहमा कुल ४,८१,८५५ लाइन Unique CPE मार्फत FTTH सेवा वितरण गरिएको छ। सो मध्ये FTTH Voice प्रयोगकर्ता ३,९९,६५३ FTTH Data प्रयोगकर्ता ३,५५,९४७ र NTTV प्रयोगकर्ता ६८,६०१ रहेका छन्। FTTH सेवा देशका सबै जिल्लाहरुमा गत आर्थिक वर्षमानै पुगिसकेको छ। ७५३ मध्ये ३६१ वटा स्थानीय तहहरुमा FTTH सेवा पुगिसकेको छ भने थप तहहरुमा पुऱ्याउने कार्य भइरहेको छ।
- त्यसैगरी समीक्षा अवधिमा थप जडान गरिएको ४३ वटा eNodeB हरु मार्फत कुल ७४९ स्थानीय तहमा 4G/LTE सेवाको पहुँच पुगेको छ। साथै सुगम स्थानदेखि दुर्गम एवं विकट स्थानहरुमा भ्वाइस सेवालाई अझ प्रभावकारी बनाउन आ. व. २०८१/८२ मा 2G BTS हरु समेत जडान गरिएको छ। 2G सेवा देशका सबै स्थानीय तहहरुमा पुगिसकेको छ।
- आ.व. २०८१/८२ मा लोकमार्गहरुमा मोबाइल सेवाको सहज पहुँच (Highway Coverage) विस्तारको लागि High Gain Antenna जडान भइरहेको छ।
- ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजनाको कोशी, मधेश र बागमती प्रदेश अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने विभिन्न मार्गमा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने कार्यक्रम अन्तर्गत आ. व. २०८०/८१ को अन्त्यसम्ममा कुल १,४५० कि.मी. विस्तार भएको छ। त्यसैगरी कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गत मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने विभिन्न मार्गमा अप्टिकल फाइबर नेटवर्क (UG/ADSS) विस्तार गर्ने कार्यक्रम अन्तर्गत कम्पनीको विद्यमान अप्टिकल फाइबर नेटवर्क समेत प्रयोग गर्ने व्यवस्था अनुसार थप ६७२ कि.मी. नेटवर्क गरी कर्णाली

र सुदूरपश्चिम प्रदेशमा कुल १,१८४ कि.मी. फाइबर नेटवर्क पूर्णरुपमा तयार भएको छ।

- ❖ तत्काल अप्टिकल फाइबर विस्तार गर्न नसकिने कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गतका अति विकट एवम् दुर्गम जिल्ला सदरमुकामहरुमा समेत भरपर्दो सञ्चार संरचना स्थापना गर्ने उद्देश्यले २१ हप (Hop) माइक्रोवेभ रेडियो सञ्चालन गर्नका लागि आपूर्तिकर्तासँग सम्झौता भएकोमा २० हप (Hop) माइक्रोवेभ रेडियो जडान सम्पन्न भई सञ्चालनमा आएको छ।

## २.४ गुणस्तर सुधार

नेपाल टेलिकमले आफ्नो सेवाको गुणस्तर सुधारका लागि विभिन्न उपायहरूको अवलम्बन गर्दै आएको छ। दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धात्मक रूपमा अग्रणी रहन र ग्राहक सन्तुष्टिमा केन्द्रित रहन कम्पनीले प्राविधिक, व्यवस्थापकीय र ग्राहक केन्द्रित उपायहरूको माध्यमबाट गुणस्तर सुधार मा उल्लेखनीय उपलब्धि हासिल गरेको छ।

- ❖ FTTH सेवामा ग्राहकहरुको बढ्दो आकर्षणलाई मध्यनजर गर्दै यो सेवा जडान गर्न चाहने उपभोक्ताहरुले कम्पनीको कार्यालयमा पुग्न नपर्ने गरी १९८ मा कल गरेर सेवा जडान सम्बन्धी सम्पूर्ण कार्य गर्न सकिने व्यवस्था मिलाइएको छ।
- ❖ कम्पनीले सेवाको पहुँच नपुगेको स्थानमा समय सापेक्षित सेवा विस्तार गर्नुको साथै प्रदान गरिएका विविध सेवाहरुको न्यूनतम गुणस्तर सुनिश्चित गर्ने कार्यलाई निरन्तरता दिएको छ। सेवाको उपलब्धता एवम् गुणस्तरमा थप अभिवृद्धि गर्नका लागि Preventive Maintenance, Network Optimization, Transmission Network Capacity Upgrade, Service Core Network Capacity Upgrade, Solar Power Supply जडान तथा थप, Battery Backup थप तथा इलेक्ट्रिफिकेशन गर्ने लगायतका कार्यहरुलाई निरन्तरता दिइएको छ। सेवाको विस्तार, निरन्तर उपलब्धता तथा गुणस्तर सुधार गर्ने लगायतका महत्वपूर्ण कार्यहरुलाई प्राथमिकता दिन दक्ष जनशक्ति आवश्यक रहने मुख्य एवम् महत्वपूर्ण कार्यमा कम्पनीका कर्मचारीलाई विशेष रुपमा केन्द्रित गराई अन्य सहायक कार्यहरु Outsource मार्फत गराउने नीतिलाई निरन्तरता दिईएको छ।
- ❖ कम्पनीबाट प्रदान गरिएका सेवाहरुको मर्मत सम्भार तथा सञ्चालन चुस्त दुरुस्त राख्न Preventive/Corrective Maintenance, Scheduled Maintenance तथा Network Optimization कार्यलाई थप प्रभावकारी बनाइएको छ।
- ❖ अव्यवस्थित केबुलहरूलाई स्थानीय निकाय, सडक विभाग, खानेपानी तथा विद्युत प्राधिकरण लगायत अन्य सम्बन्धित निकायँग समन्वय गरी व्यवस्थित गर्ने कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइएको छ।
- ❖ कम्पनीको ब्याकबोन नेटवर्क जस्तै अप्टिकल फाइबरमा क्षति हुन नदिई कम्पनीको सेवाहरु अटुट रुपमा सञ्चालन हुन स्थानीय निकाय, सडक विभाग, खानेपानी तथा विद्युत प्राधिकरण लगायत अन्य सम्बन्धित निकायँग समन्वय गरिदै आएको छ।

# ३. आर्थिक वातावरण

## ३.१ विश्व अर्थतन्त्र

सन् २०२२ को मध्यतिरबाट अधिकांश मुलुकको मुद्रास्फीति दर कम हुँदै गएसँगै विश्व आर्थिक क्रियाकलाप क्रमशः विस्तार हुँदै गएकोले सन् २०२५ मा विश्वको आर्थिक वृद्धिदर ३.२ प्रतिशत मात्र हुने अन्तर्राष्ट्रिय मुद्रा कोषको प्रक्षेपण रहेको छ। सन् २०२४ मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले विस्तार भएको थियो। रूस युक्रेन युद्ध, भू-राजनीतिक तनाव, न्यून उत्पादकत्व र उच्च ऋण लागतका कारण कोषले विश्व अर्थतन्त्र सन् २०२५ मा ३.२ प्रतिशतले विस्तार हुने प्रक्षेपण गरेको छ। सन् २०२४ मा विकसित मुलुक र उदीयमान तथा विकासशील मुलुकका अर्थतन्त्रहरु क्रमशः १.७ प्रतिशत र ४.२ प्रतिशतले वृद्धि भएकोमा सन् २०२५ मा क्रमशः १.५ प्रतिशत र ४ प्रतिशत हुने कोषको प्रक्षेपण छ। विश्वव्यापी रूपमा स्फीति दर २०२५ मा ४.२ प्रतिशतमा झर्ने र २०२६ मा ३.७ प्रतिशतमा घट्ने अपेक्षा गरिएको छ।

## ३.२ देशको अर्थतन्त्रको समीक्षा

अर्थ मन्त्रालयबाट प्रकाशित आ.व. २०८१।८२ को आर्थिक सर्वेक्षण अनुसार आ.व. २०८०।८१ मा नेपालको आर्थिक वृद्धि ३.६७% रहेकोमा कृषि, उद्योग तथा सेवा क्षेत्रमा भएको वृद्धिका कारण आर्थिक वर्ष आ.व. २०८१।८२ मा नेपालको आर्थिक वृद्धि ४.६१ प्रतिशत रहेको अनुमान छ। गत आ.व. को कुल गार्हस्थ उत्पादनमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान क्रमशः २५.२ र ७४.८ प्रतिशत रहेकोमा आ.व. २०८१।८२ को कुल गार्हस्थ उत्पादनमा कृषि तथा गैर कृषि क्षेत्रको योगदान क्रमशः २५.६ र ७४.४ प्रतिशत रहने अनुमान छ। विप्रेषण आप्रवाह र पर्यटनबाट आर्जन हुने आयमा भएको वृद्धि तथा व्यापार घाटामा भएको सुधारका कारण विदेशी मुद्रा सञ्चिति हालसम्मकै उच्च भएको छ। अर्थतन्त्रको बाह्य क्षेत्र सन्तुलित र सुदृढ बन्दै स्थायित्व कायम भएको छ। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा भएको कमी र छिमेकी मुलुक भारतको मुद्रास्फीतिमा आएको कमीका कारण विगतमा उच्च रहेको उपभोक्ता मुद्रास्फीति घट्दै गएको छ। आ.व. २०८१/८२ को आषाढ मसान्तमा औसत उपभोक्ता मुद्रास्फीति २.२ प्रतिशत रहेको छ जुन गत वर्षको सोही अवधिमा ३.५७ प्रतिशत थियो। बैङ्क तथा वित्तीय संस्थाहरुमा निक्षेप बढेको छ। ब्याजदर क्रमशः कम हुँदै गएको छ। २०८२ आषाढ मसान्तमा वाणिज्य बैङ्कको औसत ब्याजदर निक्षेपमा ४.१९% र कर्जामा ७.८५% रहेको छ।

### ३.३ दूरसञ्चार क्षेत्रको समीक्षा

International Telecommunications Union (ITU) ले २०२५ जुलाई मा प्रकाशित गरेको प्रतिवेदन अनुसार सन् २०२५ को अन्त्यमा विश्वभर मोबाइल सेवाको औसत घनत्व १११.५ प्रतिशत रहेको छ। विकसित मुलुकमा मोबाइल सेवाको घनत्व १४१ प्रतिशत, विकासशील मुलुकमा १३२ प्रतिशत, अल्पविकसित मुलुकमा ६९.५ प्रतिशत रहेको छ। मोबाइल सेवाको घनत्व सबैभन्दा बढी ९९.३ प्रतिशत कमनवेल्थ अफ इण्डिपेण्डेण्ट स्टेट्स (CIS) मा रहेको छ भने सबैभन्दा कम ९४.१ प्रतिशत अफ्रिकामा रहेको छ। एसिया प्यासिफिक क्षेत्रमा मोबाइल सेवाको घनत्व ९९.१ प्रतिशत रहेको छ।

समग्रमा विश्वको कुल जनसंख्याको ९८.१ प्रतिशत जनसंख्यामा सेलुलर मोबाइल नेटवर्कको पहुँच पुगेको छ भने 3G मोबाइल नेटवर्कको पहुँच ९६.३ प्रतिशत जनसंख्यामा र 4G-LTE/WiMAX मोबाइल नेटवर्कको पहुँच ९२.७ प्रतिशत जनसंख्यामा पुगेको छ। विकसित देशमा झण्डै ९९ प्रतिशत जनसंख्यामा नै सेलुलर मोबाइल नेटवर्कको पहुँच पुगेको अवस्था रहेको छ भने न्यून मध्यम आय भएका देशको हकमा कुल ९८ प्रतिशत जनसंख्यामा सेलुलर मोबाइल नेटवर्कको पहुँच पुगेको छ। अर्को तर्फ न्यूनमध्यम आय भएका देशका ग्रामीण क्षेत्रमा ८७.३ प्रतिशत जनतामा मात्र सेलुलर मोबाइल नेटवर्कको पहुँचमा रहेका छन्।

ITU ले प्रकाशित गरेको सोही प्रतिवेदन अनुसार सन् २०२५ मा विश्वको ७३.६ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगिसकेको छ। घरधुरी अनुसार इन्टरनेटको पहुँच विकसित मुलुकमा ९४.४२ प्रतिशत, विकासशील मुलुकमा ६२.९ प्रतिशत र अल्पविकसित मुलुकमा ३३.७ प्रतिशत रहेको छ। एसिया प्यासिफिक क्षेत्रमा भने जम्मा ७७ प्रतिशत घरधुरीमा इन्टरनेटको पहुँच पुगेको छ।

विश्वभरी नै भ्वाइस सेवाको भन्दा डाटा सेवाको माग तीव्र रुपमा बढ्दै गएको पाइन्छ। साथै विभिन्न प्रकारका सफ्टवेयर एप्लिकेसन मार्फत निःशुल्क रुपमा इन्टरनेटमा आधारित भ्वाइस टेलिफोन सेवा Over The Top (OTT) प्राप्त भएकाले त्यस्ता प्रकारका OTT सफ्टवेयर एप्लिकेसनहरुको व्यापक प्रयोग हुन थालेको छ। जसले गर्दा अन्तर्राष्ट्रिय सेवा बापतको मात्र नभई राष्ट्रिय भ्वाइस तथा एसएमएस सेवा बापतको राजस्वमा नकारात्मक असर परेको छ। डाटा सेवाको व्यापारमा परिमाणात्मक वृद्धि भएता पनि तीव्र प्रतिस्पर्धात्मक वातावरणका कारण भ्वाइस तथा डाटा सेवाको महसुल दरमा लगातार गिरावट आइरहेको छ। केही इन्टरनेट सेवा प्रदायकले अनुमतिपत्रमा उल्लेख नभएको वाईफाई मोविलिटि मार्फत सेवा सञ्चालन गरिरहेकोले दूरसञ्चार सेवा प्रदायकको मोवाइल इन्टरनेटको प्रयोगमा समेत कमी आएको देखिन्छ। यसका अतिरिक्त डाटा सेवाको महसुल दर भ्वाइस सेवाको महसुल दरको तुलनामा निकै कम रहेकाले समग्रमा दूरसञ्चार सेवा प्रदायकहरुलाई आफ्नो राजस्व कायम गर्न कठिन भइरहेको छ। यसरी विविध कारणले गर्दा स्वाभाविक रुपमा हुन गएको राजस्व गिरावटलाई न्यूनीकरण गर्न ग्राहकमैत्री भ्यालु एडेड सेवा मार्फत राजस्व वृद्धि गर्ने प्रयास गरिएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणको २०८२ आषाढ महिनाको MIS Report अनुसार भ्वाइस सेवाका प्रयोगकर्ताहरुको कुल संख्या २ करोड ९७ लाख २७ हजार पुगी टेलिघनत्व १०१.९ प्रतिशत पुगेको छ। सो मध्ये ५२.७ प्रतिशत बजार हिस्सा कम्पनीको रहेको छ। यसै गरी समीक्षा अवधिमा मोवाइल ब्रोडब्याण्ड डाटा सेवाको कुल घनत्व १०२.०० प्रतिशत पुगेको छ र उक्त मोवाइल ब्रोडब्याण्ड डाटा सेवामा कम्पनीको बजार हिस्सा ५५.७ प्रतिशत रहेको छ।

## ४. संस्थागत सुशासन तथा पारदर्शिता

संस्थागत सुशासन (Corporate Governance) सम्बन्धी अभ्यासलाई उच्च महत्वका साथ पालना गराउन सञ्चालक समिति र सुशासन कायम गर्न कम्पनी व्यवस्थापन प्रतिवद्ध रहेको छ। कम्पनीले आफ्ना सेयरधनी, सरोकारवालाहरुको हित तथा सेवाग्राहीहरूको अपेक्षा अनुरुप सेवाग्राहीलाई प्रदान गर्ने सेवा तथा सेवाको गुणस्तर वृद्धि गर्न संस्थागत सुशासनलाई आफ्नो नीति तथा नियमहरूको अभिन्न अंगको रुपमा अपनाएको छ। कम्पनीको लक्ष्य तथा उद्देश्य प्राप्तिका लागि आवश्यक प्रणालीको विकास गरी सोको प्रभावकारी रुपमा पालना गराउनुका साथै अनुगमन गर्ने व्यवस्था गरिएको छ। संस्थागत सुशासनका अभ्यासहरू चुस्त एवं मजबुत बनाउन दूरसञ्चार ऐन, २०५३, कम्पनी ऐन, २०६३, धितोपत्र बोर्ड सम्बन्धी ऐन, २०६३, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४, सार्वजनिक खरिद ऐन, २०६३, श्रम ऐन, २०७४ लगायत नेपाल सरकार तथा नियामक निकायहरूबाट समय-समयमा जारी गरिएका नीति एवं निर्देशनहरूलाई पूर्णरुपमा पालना गरिएको छ। संघीय संरचना अनुरुप सातै प्रदेशहरूमा प्रादेशिक निर्देशनालय तथा दुई उप-प्रादेशिक निर्देशनालय स्थापना गरिएको छ। धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २६ को उपनियम १ बमोजिम त्रैमासिक रुपमा वित्तीय विवरण प्रकाशन गर्दै वार्षिक प्रतिवेदन नेपाल वित्तीय प्रतिवेदनमान अनुसार तयार गरिएको छ।

भ्रष्टाचार निवारण ऐन, २०५९, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ ऐन, २०६४ लगायतका ऐनहरुमा भएको व्यवस्थाको पालना गर्दै भ्रष्टाचार रोकथाम गर्न कम्पनी प्रतिबद्ध रहेको छ। भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कर्मचारीहरूको सम्पत्ति विवरण प्रत्येक आर्थिक वर्षको सुरुमा नै सम्वद्ध निकायमा पठाउने गरिएको छ। भ्रष्टाचार निवारणका लागि

#https://www.itu.int/en/ITU-D/Statistics/Pages/stat/default.aspx

आवश्यक नियन्त्रण प्रणाली लागू गरिएको छ । कम्पनीमा वित्तीय अनुशासन कायम राख्न लेखापरीक्षण समिति गठन भई क्रियाशील रहेको छ । लेखापरीक्षण समितिको भूमिका प्रभावकारी बनाउन लेखापरीक्षण प्रतिवेदन एवं कम्पनीमा स्थापित आन्तरिक नियन्त्रण प्रणालीको समयसापेक्ष पुनरावलोकन गरी सुधारका कदमहरू कार्यान्वयन गर्ने गरिएको छ । कर्मचारी विनियमावलीमा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण सम्बन्धी विनियमहरुको व्यवस्था गरिएको छ । खरिद प्रक्रियालाई मितव्ययी, पारदर्शी, विश्वसनीय तथा जवाफदेही बनाउन तथा कार्यसञ्चालनको आवश्यक आर्थिक प्रशासन व्यवस्थापनको लागि कम्पनीले आर्थिक विनियमावली लागू गरेको छ। कम्पनीले अगाडि सारेको महत्वपूर्ण योजनाहरु तथा अन्य नियमित कार्यहरु प्रभावकारी ढंगले समयमा नै सम्पन्न गर्न कम्पनीका कार्यकारी प्रमुख र विभागीय प्रमुखहरुबिच कार्यसम्पादन सम्झौता गरी आवधिक रुपमा कार्यसम्पादन मूल्यांकन गर्ने गरिएको छ भने कम्पनीका कार्यहरू व्यवस्थित गर्नको लागि आवश्यक अधिकारहरू प्रत्यायोजन गर्नुको साथै सबै कर्मचारीहरूलाई कार्य विवरण दिई कामप्रति जिम्मेवार बनाइएको छ। त्यस्तै संस्थागत सुशासनका लागि नागरिक बडापत्र कार्यान्वयन गरिएको छ। नेपाल सरकार, प्रधानमन्त्रीको कार्यालयमा रहेको हेलो सरकार, नियामक निकाय लगायत अन्य सरोकारवाला निकायहरुबाट प्राप्त हुने निर्देशन एवं सुझावहरु पालना गरी सेवाग्राहीका गुनासाहरूलाई उचित रुपमा सम्बोधन गर्न कम्पनी प्रतिबद्ध रहँदै आएको छ। साथै खरिद प्रक्रियामा एकरुपता ल्याई पारदर्शी एवम् प्रतिस्पर्धात्मक बनाउन विद्युतीय प्रक्रियाबाट कम्पनीले आफ्नो खरिद प्रणालीलाई व्यवस्थित गर्दै आएको छ।

## ५. सञ्चालक समिति

कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावलीको नियम १२ अनुसार कम्पनीको सञ्चालक समिति गठन भएको छ । सञ्चालक समितिले आफ्नो काम कारवाही कम्पनी ऐन, २०६३ र कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार गर्दै आएको छ । कम्पनीको प्रबन्धपत्रमा भएको व्यवस्था अनुसार ७ जना सञ्चालकहरू रहेका छन् ।

**कम्पनीको सञ्चालक समितिको संरचना देहायबमोजिम रहेको छः-**

| क्र.सं. | सञ्चालकको नाम | पद | प्रतिनिधित्व गर्ने संस्था |
|---|---|---|---|
| १. | श्री राधिका अर्याल | अध्यक्ष | सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| २. | श्री सविना मास्के प्रधान | सदस्य | निमित्त प्रबन्ध निर्देशक, नेपाल टेलिकम |
| ३. | श्री टंक प्रसाद पाण्डेय | सदस्य | सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय |
| ४. | श्री सुवास चन्द्र शिवाकोटी | सदस्य | सहसचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय |
| ५. | श्री अरुणा जोशी | सदस्य | सहसचिव, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय |
| ६. | श्री लोक बहादुर कटुवाल | सदस्य | कर्मचारी प्रतिनिधि |
| ७. | श्री मनिष जङ्ग जोशी | सदस्य | सर्वसाधारण सेयरधनी प्रतिनिधि |

**सञ्चालक समितिमा भएको हेरफेर र सोको कारणः**

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व गर्ने संस्था | उक्त स्थानमा अगाडि रहेको व्यक्ति | कारण |
|---|---|---|---|---|---|
| १ | श्री राधिका अर्याल | अध्यक्ष | सचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री रामकृष्ण सुवेदी | नेपाल सरकारको निर्णय अनुसार। |
| २ | श्री सविना मास्के प्रधान | सदस्य | नि. प्रबन्ध निर्देशक, नेपाल टेलिकम | श्री संगीता पहाडी (अर्याल) | नेपाल सरकारको निर्णय अनुसार । |
| ३ | श्री संगीता पहाडी (अर्याल) | सदस्य | प्रबन्ध निर्देशक नेपाल टेलिकम | | नेपाल सरकारको निर्णय अनुसार । |
| ४ | श्री धनिराम शर्मा | सदस्य | सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | डा. टोकराज पाण्डे | नेपाल सरकारको निर्णय अनुसार । |
| ५ | श्री कोमल बहादुर खत्री | सदस्य | सहसचिव, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | श्री निर्मला अधिकारी भट्टराई | नेपाल सरकारको निर्णय अनुसार । |
| ६ | श्री कोशहरि निरौला | सदस्य | सहसचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री बाबुराम भण्डारी | नेपाल सरकारको निर्णय अनुसार । |

| क्र.सं. | सञ्चालकहरुको नाम | पद | प्रतिनिधित्व गर्ने संस्था | उक्त स्थानमा अगाडि रहेको व्यक्ति | कारण |
|---|---|---|---|---|---|
| ७ | श्री लोक बहादुर कटुवाल | सदस्य | कर्मचारी प्रतिनिधि | श्री शंकर लामिछाने | कर्मचारी सञ्चाकलकको निर्वाचनबाट नियुक्त। |
| ८ | श्री यज्ञ प्रसाद भट्टराई | सदस्य | सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | श्री धनिराम शर्मा | नेपाल सरकारको निर्णय अनुसार। |
| ९ | श्री टंक प्रसाद पाण्डेय | सदस्य | सहसचिव, नेपाल सरकार, अर्थ मन्त्रालय | श्री यज्ञ प्रसाद भट्टराई | नेपाल सरकारको निर्णय अनुसार। |
| १० | श्री अरुणा जोशी | सदस्य | सहसचिव, नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | श्री कोमल बहादुर खत्री | नेपाल सरकारको निर्णय अनुसार। |
| ११ | श्री सुवासचन्द्र सिवाकोटी | सदस्य | सहसचिव, नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | श्री कोशहरि निरौला | नेपाल सरकारको निर्णय अनुसार। |

**सञ्चालकहरूलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको विवरण**

समीक्षा वर्ष २०८१/८२ मा सञ्चालक समितिको ४२ वटा बैठक बसेको र उक्त बैठकमा उपस्थित सञ्चालकहरूलाई निम्नानुसार पारिश्रमिक, भत्ता तथा सुविधा रकम भुक्तानी भएको छः-

| क्र.सं. | पदाधिकारीहरू | पद | उपस्थिति संख्या | जम्मा रकम रु. |
|---|---|---|---|---|
| १. | श्री राधिका अर्याल | अध्यक्ष | ४० | ३,००,००० |
| २. | श्री रामकृष्ण सुवेदी | अध्यक्ष | २ | १५,००० |
| ३. | श्री कोमल बहादुर खत्री | सदस्य | २३ | १,७२,५०० |
| ४. | श्री निर्मला अधिकारी भट्टराई | सदस्य | ७ | ५२,५०० |
| ५. | श्री यज्ञ प्रसाद भट्टराई | सदस्य | १६ | १,२०,००० |
| ६. | श्री धनिराम शर्मा | सदस्य | १७ | १,२७,५०० |
| ७. | डा. टोकराज पाण्डे | सदस्य | ४ | ३०,००० |
| ८. | श्री कोशहरि निरौला | सदस्य | ३० | २,२५,००० |
| ९. | श्री बाबुराम भण्डारी | सदस्य | ८ | ६०,००० |
| १०. | श्री सविना मास्के प्रधान | सदस्य | १० | ७५,००० |
| ११. | श्री संगीता पहाडी (अर्याल) | सदस्य | ३२ | २,४०,००० |
| १२. | श्री मनिष जङ्ग जोशी | सदस्य | ४१ | ३,०७,५०० |
| १३. | श्री लोक बहादुर कटुवाल | सदस्य | २७ | २,०२,५०० |
| १४. | श्री द्वारिका प्रसाद पौडेल | कम्पनी सचिव | ३४ | २,५५,००० |
| १५. | श्री राजेन्द्र अर्याल | कम्पनी सचिव | ८ | ६०,००० |

## ६. लेखापरीक्षण समिति

कम्पनी ऐन, २०६३ को अधिनमा रही सञ्चालक समितिले कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन, संस्थागत सुशासनको प्रभावकारिताको मूल्याङ्कन गर्नका लागि गैर-कार्यकारी सञ्चालकको संयोजकत्वमा ४ जना सञ्चालक र आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागका प्रमुख सदस्य सचिव रहने गरी लेखापरीक्षण समिति गठन गरेको छ।

**यस समितिमा रहेका पदाधिकारीहरुः**

| क्र.सं. | पदाधिकारी | पद |
|---|---|---|
| १. | सञ्चालक श्री टंक प्रसाद पाण्डेय | अध्यक्ष |
| २. | सञ्चालक श्री कोशहरि निरौला | सदस्य |
| ३. | सञ्चालक श्री अरुणा जोशी | सदस्य |
| ४. | सञ्चालक श्री मनिष जङ्ग जोशी | सदस्य |
| ५. | ना.प्र.नि. (आ.ले.प. तथा नि. विभाग)<br>श्री द्वारिका प्रसाद पौडेल | सदस्य सचिव |

कम्पनीको लेखापरीक्षण समितिले कम्पनी ऐन, २०६३ को दफा १६४ र १६५ को प्रावधान अनुसार कम्पनीको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रणाली, प्रचलित नियम कानूनको अनुपालन, लेखा नीतिको परिमार्जन तथा कार्यान्वयन र लेखापरीक्षण कार्यक्रम बारे नियमित समीक्षा गरी सञ्चालक समिति मार्फत व्यवस्थापनलाई आवश्यक निर्देशन दिँदै आएको छ।

लेखापरीक्षण समितिका प्रमुख उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :

- ❖ संस्थाको आर्थिक व्यवस्थापन, लेखापरीक्षण प्रक्रिया र वित्तीय विवरणको पारदर्शिता तथा विश्वसनीयता सुनिश्चित गर्ने।
- ❖ कम्पनीको आन्तरिक वित्तीय नियन्त्रण प्रणाली (Internal Financial Control System), आन्तरिक नियन्त्रण प्रणाली (Internal Control System) तथा जोखिम व्यवस्थापन प्रणाली (Risk Management System) को पुनरावलोकन गर्ने।
- ❖ कम्पनीको आन्तरिक लेखापरीक्षण कार्यको सुपरीवेक्षण तथा पुनरावलोकन गर्ने।
- ❖ कम्पनीमा आय सुनिश्चितताको परीक्षण, कार्यसम्पादन परीक्षण तथा प्राविधिक परीक्षण गर्ने गराउने व्यवस्था गर्ने र सो परीक्षणबाट प्राप्त प्रतिवेदनहरु पुनरावलोकन गरी सञ्चालक समितिमा पेश गर्ने।
- ❖ कम्पनीको लेखापरीक्षकको नियुक्तिको लागि सम्भावित लेखापरीक्षकहरुको नाम सिफारिस गर्ने र निजको पारिश्रमिक तथा नियुक्तिको शर्तहरु निर्धारण गरी अनुमोदनको लागि सञ्चालक समिति मार्फत साधारण सभामा पेश गर्ने।
- ❖ प्रचलित नियम, कानूनमा भएको व्यवस्था तथा नियमनकारी निकायबाट जारी गरिएका निर्देशनहरूको पालना गरे नगरेको सम्बन्धमा समीक्षा गर्ने।
- ❖ आन्तरिक लेखापरीक्षणको स्वीकृत कार्ययोजनाको आधारमा आन्तरिक लेखापरीक्षण गराउने।
- ❖ कम्पनीको काम कारवाहीमा नियमितता, मितव्ययिता, औचित्यता, प्रभावकारिता जस्ता कुराहरू अवलम्बन भए नभएको बारे समीक्षा गरी व्यवस्थापनलाई निर्देशन दिने प्रयोजनार्थ आवश्यक सुधार सहितको सुझाव सञ्चालक समितिमा पेश गर्ने।
- ❖ कम्पनी ऐन, २०६३ को दफा १६५ मा उल्लेख भएका अन्य कार्यहरू गर्ने।

समीक्षा अवधिमा यस समितिले गरेका प्रमुख कार्यहरूको संक्षिप्त विवरण देहाय बमोजिम रहेका छन्

- ❖ कम्पनीले प्रचलित नियम, कानूनमा भएको व्यवस्था र नियमनकारी निकायले दिएको निर्देशन परिपालना गरे नगरेको सम्बन्धमा छलफल गरिएको।
- ❖ कम्पनीको आसामी असुली, राजस्व तथा ग्राहक वृद्धि, आयोजना कार्यान्वयन, खर्च नियन्त्रण तथा आर्थिक अनुशासन लगायतका मुख्य विषयहरु तथा आन्तरिक नियन्त्रण, जोखिम व्यवस्थापन प्रणाली र प्रशासनलाई अझ सुदृढ पार्न सुधारको आवश्यकता रहेका क्षेत्रहरू समेटी निर्देशनको लागि सञ्चालक समितिमा सुझाव सहित सिफारिस गरिएको।
- ❖ आन्तरिक लेखापरीक्षण तथा बाह्य लेखापरीक्षणमा औँल्याइएका विषयहरूमा आवधिक रूपमा समीक्षा गरी व्यवस्थापनलाई निर्देशन दिने प्रयोजनार्थ आवश्यक सुधारसहितको सुझावहरु सञ्चालक समितिमा सिफारिस गरिएको।
- ❖ आ.व. २०८१/८२ मा लेखापरीक्षण समितिबाट पारित भए बमोजिम सम्पन्न भएका विभिन्न विषयहरुको प्राविधिक परीक्षणको प्रतिवेदन माथि छलफल गरी व्यवस्थापनलाई निर्देशन दिने प्रयोजनार्थ सुधार सहितको सुझावहरु सञ्चालक समितिमा सिफारिस गरिएको।
- ❖ कम्पनीको आ.व. २०८१/८२ को अन्तिम लेखापरीक्षकको पारिश्रमिक तथा नियुक्तिका शर्तहरू सिफारिस गरिएको।
- ❖ अन्तिम लेखापरीक्षकलाई उपलब्ध गराइएको कम्पनीको आ.व. २०८०/८१ को प्रारम्भिक वित्तीय विवरणमाथि विस्तृत छलफल गरिएको र तोकिएको समयभित्र लेखापरीक्षण कार्य सम्पन्न गर्न व्यवस्थापनलाई निर्देशन दिइएको।
- ❖ कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको समीक्षा तथा मूल्यांकन गरिएको ।

**समीक्षा अवधिमा लेखापरीक्षण समितिको बैठक ७ पटक बसेको र समितिका पदाधिकारीहरूलाई निम्नानुसारको बैठक भत्ता भुक्तानी गरिएको:**

| क्र.सं. | पदाधिकारी | पद | बैठक संख्या | भत्ता रकम रु. |
|---|---|---|---|---|
| १. | श्री निर्मला अधिकारी भट्टराई | अध्यक्ष | १ | ७,५०० |
| २. | श्री धनिराम शर्मा | अध्यक्ष | ३ | २२,५०० |
| ३. | श्री यज्ञप्रसाद भट्टराई | अध्यक्ष | ३ | २२,५०० |
| ४. | डा. टोकराज पाण्डे | सदस्य | १ | ७,५०० |
| ५. | श्री बाबुराम भण्डारी | सदस्य | १ | ७,५०० |
| ६. | श्री कोमल बहादुर खत्री | सदस्य | ५ | ३७,५०० |
| ७. | श्री कोशहरि निरौला | सदस्य | ६ | ४५,००० |
| ८. | श्री मनिष जङ्ग जोशी | सदस्य | ७ | ५२,५०० |
| ९. | श्री द्वारिका प्रसाद पौडेल | सदस्य सचिव | २ | १५,००० |
| १०. | श्री राजेन्द्र श्रेष्ठ | सदस्य सचिव | ५ | ३७,५०० |

## ७. आन्तरिक नियन्त्रण प्रणाली

संस्थागत दक्षता र प्रभावकारिता अभिवृद्धि गर्न, समयमै सही र पूर्ण वित्तीय विवरण तथा व्यवस्थापकीय सूचना उपलब्ध गराउन तथा ऐन, नियमका पालना गर्न आन्तरिक नियन्त्रण प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ। साथै जालसाजी रोक्न, गल्ती कम गर्न र जोखिम व्यवस्थापन गर्न आन्तरिक नियन्त्रण प्रणाली हुन जरूरी हुन्छ। कम्पनीको उद्देश्य पूरा गर्न र आर्थिक अनुशासन कायम राख्न प्रभावकारी नियन्त्रण प्रणाली अपरिहार्य रहेको छ। यी विषयलाई मध्यनजर गरी समितिले आवश्यकतानुसार विनियम, कार्यविधि, नीति तथा मापदण्ड तयार गरी प्रभावकारी रूपमा लागु गरेको छ। यस्ता विनियम, कार्यविधि, नीति तथा मापदण्डहरूलाई जोखिम पहिचान तथा निराकरण गर्नको लागि समय सापेक्ष परिमार्जन गरी अद्यावधिक गर्ने गरिएको छ । कम्पनीको नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन कम्पनीमा एक स्वतन्त्र आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभाग गठन गरिएको छ। यस विभागले लेखापरीक्षण समितिको प्रत्यक्ष निगरानी र रेखदेखमा काम गर्दछ। लेखापरीक्षण समितिले नियमित रूपमा आन्तरिक लेखापरीक्षण, बाह्य लेखापरीक्षण र निरीक्षण प्रतिवेदनको समीक्षा गरी सञ्चालक समितिलाई कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिताका विषयमा स्वतन्त्र रूपले जानकारी गराउने गरेको छ। आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागले सञ्चालक समितिले स्वीकृत गरेको आन्तरिक लेखापरीक्षण कार्यविधि र प्रचलित कानून तथा मूल्य मान्यताको आधारमा जोखिममा आधारित लेखापरीक्षण गर्ने गर्दछ। कम्पनीको नियन्त्रण प्रणालीलाई थप प्रभावकारी बनाउन प्रत्येक दुई वर्षको अन्तरालमा कम्तीमा एकपटक आय सुनिश्चितताको परीक्षण (Revenue Assurance Audit), कार्यसम्पादनको परीक्षण (Performance Audit) र प्राविधिक परीक्षण (Technical Audit) गराउने व्यवस्था गरिएको छ। सोही बमोजिम आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागमा यस सम्बन्धी कार्यको लागि छुट्टै प्राविधिक इकाई गठन भई कार्य भइरहेको छ। त्यस्तै राजस्व चुहावट नियन्त्रण गर्ने उद्देश्यले राजस्व निगरानी तथा अनुगमन समिति क्रियाशिल रहेको छ।

## ८. लेखापरीक्षक

कम्पनीको आ.व. २०८१।८२ को लागि महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम अन्तिम लेखापरीक्षकमा नियुक्त हुनुभएका लेखापरीक्षकद्वय चार्टर्ड एकाउन्टेन्ट श्री नरेन्द्र भट्टराई तथा चार्टर्ड एकाउन्टेन्ट श्री प्रकाश जङ्ग थापाबाट लेखापरीक्षण कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०८२।८३ को लेखापरीक्षण गर्नका लागि महालेखापरीक्षकको कार्यालयको परामर्श तथा लेखापरीक्षण समितिको सिफारिस अनुसार यस साधारण सभाबाट लेखापरीक्षकको नियुक्ति गरिनेछ।

## ९. ग्राहक सेवा

देशको अग्रणी दूरसञ्चार सेवाप्रदायकका रूपमा कम्पनीले ग्राहकहरूको सन्तुष्टि र आवश्यकतालाई केन्द्रविन्दुमा राखेर विभिन्न गतिविधिहरु सञ्चालन गर्दै आएको छ। आफ्नो सेवा उपयोग गर्ने ग्राहकहरूको सन्तुष्टि सुनिश्चित गर्न मुलुकका विभिन्न १६४ स्थानहरुमा रहेका दूरसञ्चार कार्यालय तथा ग्राहक सेवा केन्द्र मार्फत आवश्यक सेवाहरु उपलब्ध गराउँदै आएको छ। वहु-माध्यम ग्राहक सेवा (Omni Channel Customer Care) को अवधारणा अनुसार ग्राहकसेवालाई प्रभावकारी बनाउन सामाजिक सञ्जाल, मोवाइल एप, वेभ-साइट, टेलिफोन, इमेल, र च्याटबोट जस्ता माध्यमहरु मार्फत प्रदान गरिदै आएको छ। अत्याधुनिक प्रविधिलाई अवलम्बन गर्दै ग्राहक सेवालाई अझ प्रभावकारी बनाउन "मैना" रोबोट सञ्चालनमा ल्याइएको छ जसले सेवाग्राहीका जिज्ञासा सहित टेलिकमको सेवा र नयाँ प्याकेजको

बारेमा जानकारी प्रदान गर्दै आएको छ। FTTH जडान तथा फाइवर इन्टरनेट मर्मतसम्भारका ग्राहकहरुले १९८ तथा मोवाइल सेवाका ग्राहकहरुले १४९८ (शुल्क नलाग्ने टेलिफोन नम्बरहरु) मार्फत समस्याहरु दर्ता गर्न सक्ने व्यवस्था गरिएको छ। साथै गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन कम्पनीको केन्द्रीय कार्यालय तथा देशभरका दूरसञ्चार कार्यालय एवम निर्देशनालयहरुमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ। देशैभरि रहेका आम ग्राहक वर्गलाई छिटो छरितो एवं सहजतापूर्वक सेवा प्रदान गर्ने हेतुले देशका मुख्य मुख्य स्थानमा रहेका दूरसञ्चार कार्यालयहरुबाट सेवाग्राहीका लागि विहान ७ वजेदेखि बेलुकी ७ वजेसम्म सेवा लिन सकिने व्यवस्था गरिएकोमा क्रमशः सबै दूरसञ्चार कार्यालयहरुबाट यस सेवा उपलब्ध गराउने तयारीमा कम्पनी रहेको छ। नियमित रुपमा गरिने ग्राहक सन्तुष्टि सर्वेक्षणबाट प्राप्त सुझावहरूलाई कार्यान्यवन गरी उच्चस्तरीय ग्राहक सेवा प्रदान गर्न कम्पनी प्रतिवद्ध छ।

## १०. वातावरण संरक्षणमा कम्पनीको योगदान

नेपाल टेलिकमले आफ्नो व्यावसायिक गतिविधिहरु सञ्चालन गर्ने क्रममा प्राकृतिक वातावरणको संरक्षणमा समेत सक्रिय भूमिका निर्वाह गरिरहेको छ। आधुनिक प्रविधिको प्रयोग र हरित रणनीतिहरू मार्फत कम्पनीले वातावरणीय प्रभाव न्यून गर्ने प्रयास गरिरहेको छ। विभिन्न कार्यालयहरु तथा बि.टि.एस.हरुमा जडान गरिएको सौर्य उर्जा प्रणालीले कार्बन उत्सर्जन घटाउन मद्दत गरेको छ। कागजको खपत कम गर्न Dealer Management System को सुरुवात गरिएको छ भने Digital Signature / Document Management System लागू गर्नको लागि कार्य भैरहेको छ। प्लाष्टिक प्रयोग गरिएको रिचार्ज कार्डको खपत कम गर्न डिजिटल भुक्तानीलाई प्रवर्द्धन गर्ने उद्देश्यले समय-समयमा विभिन्न आकर्षक अफरहरु सञ्चालन गर्दै आइरहेको छ। पुराना उपकरणहरूको पुनः प्रयोग (Recycling) र इलेक्ट्रोनिक फोहोरको व्यवस्थापनमार्फत वातावरणीय प्रदूषण नियन्त्रणमा सहयोग पुर्याउने कार्यक्रमहरुको तयारीमा कम्पनी रहेको छ। कम्पनीले विभिन्न स्थानहरूमा वृक्षारोपण कार्यक्रम सञ्चालन गरी हरित क्षेत्रको विस्तारमा योगदान पुर्याउनुको साथै विभिन्न सामाजिक संस्थाहरुसँगको सहकार्यमा वातावरण संरक्षणको महत्वबारे जनचेतना फैलाउने कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। हरियाली संरक्षण तथा वृक्षारोपण सम्बन्धी विविध कार्यक्रमहरुलाई निरन्तरता दिइएको छ। साथै त्रिभुवन पार्क थानकोटमा १० वटा पिकनिक स्पटहरुको सौन्दर्यकरण गरिएको, मदन भण्डारी पार्क तीनकुने काठमाडौंमा ज्येष्ठ नागरिक विश्रामस्थल तथा सेल्फि पोइण्ट निर्माण गरिएको र नेपाल पत्रकार महासंघ दाङ्ग शाखाको प्राङ्गणमा रहेको कृष्णसेन स्मृति पार्कको सौन्दर्यीकरण गरिएको छ। साथै धार्मिक मठ-मन्दिर, पुरातात्विक महत्वका स्थानहरु, पर्यटकीय स्थल, बसपार्क, सार्वजनिक पार्क तथा बगैंचा लगायतका ३५ (हरेक प्रदेशका कम्तिमा ४ स्थान) महत्वपूर्ण सार्वजनिक स्थलहरुमा डष्टविन तथा भिजिटर्स चेयर राखिएको छ।

## ११. लिलामी तथा स्क्र्याप व्यवस्थापन

कम्पनीले आफ्नो लामो व्यावसायिक इतिहासको क्रममा विभिन्न समयमा विभिन्न प्रविधि, उपकरण तथा सरसामान खरीद गरी सेवाहरु प्रवाह गरेको र प्रविधिको विकास सँगसँगै नयाँ उपकरण, औजार, प्रणाली र सरसामानहरुको प्रयोग आवश्यकतानुसार गरेको छ। सो क्रममा पुराना प्रविधि र पुस्ताका सामानहरु ठूलो मात्रामा प्रयोगविहिन रुपमा रहेका छन्। व्यावसायिक उपयोगिता नभए पनि ती सामानको स्क्र्याप मूल्य उल्लेखनीय रहेकोले तिनको लिलाम विक्री मार्फत पनि कम्पनीले उल्लेख्य आय आर्जन गर्न सक्दछ। विगतमा विभिन्न समयमा गरिएका पुराना तार, ब्याट्री, फलामजन्य, कम्प्युटरजन्य लगायतका विविध स्क्र्याप सामानको लिलामीबाट उल्लेख्य रुपमा आय आर्जन भएको छ। बाँकी रहेका र आगामी समयमा सिर्जना हुने यस्ता स्क्र्याप सामानहरुको यथासमय लिलामी गर्ने कार्यलाई निरन्तरता दिइनेछ। यसबाट थप आय आर्जन हुनुका साथै कम्पनीका कार्यालय परिसरहरुको सरसफाई हुने, स्थान खाली हुने तथा ती सामानको उचित व्यवस्थापन मार्फत वातावरण सुधारमा समेत योगदान हुने अपेक्षा गरिएको छ।

## १२. सरोकारवालासँगको सम्बन्ध

सरोकारवालाहरुसँगको सौहार्दपूर्ण व्यावसायिक सम्बन्धले कम्पनीको दीर्घकालीन प्रगति र सफलता सुनिश्चित गर्न सक्ने भएकोले कम्पनी आफ्नो व्यावसायसँग सरोकार राख्ने सबै सरोकारवालाहरुसँग सुमधुर सम्बन्धको विकासमा सजग रहेको छ। दूरसञ्चार नीतिहरूको प्रभावकारी कार्यान्वयन र दूरसञ्चार पूर्वाधार विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने निकायहरु जस्तै नेपाल सरकार, दूरसञ्चार नियामक निकाय, सडक बिभाग, नेपाल बिद्युत प्राधिकरण लगायत अन्य निकायहरुसँग सुमधुर सम्बन्ध कायम गर्दै आएको छ। संस्थाको प्रतिस्पर्धात्मक क्षमतामा सुधार ल्याउने उद्देश्यले नयाँ प्रविधिको अवलम्बन र नवप्रवर्तनमा योगदान पुर्याउन सक्ने दूरसञ्चार तथा सूचना प्रविधिसँग सम्बन्धित उपकरण उत्पादनकर्ता, आपूर्तिकर्ता तथा परामर्शदातासँगको सम्बन्ध विकास गर्न कम्पनी अग्रसर रहेको छ। सम्बन्धित सरोकारवालहरुसँग नियमति बैठक तथा छलफल भइरहेको छ। समुदायसँगको सम्बन्धले सामाजिक विकासमा सहयोग पुर्याउनुका साथै संस्थाको सकारात्मक छवि निर्माण गर्न मद्दत पुग्ने भएकोले सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। सेयरधनी महानुभावहरु तथा सरोकारवालाको जानकारीको लागि कम्पनीले वित्तीय एवं अन्य जानकारीहरु नियमित रुपमा कम्पनीको वेभ पेज, पत्रपत्रिका, न्युजलेटर, वार्षिक प्रतिवेदन तथा पत्रकार सम्मेलनमार्फत उपलब्ध गराउँदै आएको छ। यी प्रयासहरूले नेपाल टेलिकमलाई सबै सरोकारवालासँग दीर्घकालीन र विश्वासपूर्ण सम्बन्ध निर्माण गर्न सक्षम बनाएको छ।

## १३. जोखिम व्यवस्थापन

वित्तीय, व्यावसायिक तथा सञ्चालन गतिविधिहरूलाई मूल्याङ्कन गरी कम्पनीलाई हुनसक्ने सम्भावित नोक्सानी/जोखिमलाई न्यूनीकरण गर्न कम्पनी प्रतिबद्ध छ । दूरसञ्चार प्रविधिको विकास, Data सेवा र Smart Phone को बढ्दो प्रयोगका कारण OTT (Viber, WhatsApp, Messenger आदि) सेवाहरूको व्यापक प्रयोग भएको कारणले विदेशबाट हुने आगमन कल र मुलुकबाट हुने वहिर्गमन कल तथा देशभित्र हुने भ्वाइस कलको परिमाणमा पनि असर परेको छ। कम्पनीले प्राप्त गर्ने राजस्वमा मुलुक भित्रिने अन्तर्राष्ट्रिय कल वापतको रकमको ठूलो योगदान रहने गरेको छ। बढ्दो प्रतिस्पर्धाको कारणले व्यापार प्रवर्द्धनको क्रममा महसुल दरमा कटौती गर्नुपर्ने बाध्यात्मक अवस्था रहेको छ। यी कारणहरूले गर्दा कम्पनीको समग्र राजस्वमा चुनौती थपिएको छ।

कम्पनीले अन्तर्राष्ट्रिय अन्तरआवद्धताबाट घट्न गएको राजस्व पूर्ति गर्न र समग्र राजस्व वृद्धि गर्न कम्पनीमा भएका स्रोत तथा साधनहरूलाई अधिकतम परिचालन गरेको छ। साथै डाटा सेवा, भ्यालु एडेड सेवा तथा अन्य नवीन सेवाका विकास तथा विस्तारमार्फत आय वृद्धि गर्न आफ्नो सम्पूर्ण ध्यान केन्द्रित गरेको छ । उच्च गतिको डाटा सेवाको बढ्दो मागलाई सम्बोधन गर्न ब्याण्डविथ थप गरी प्रतिस्पर्धात्मक मूल्यमा इन्टरनेट सेवा उपलब्ध गराइएको छ। साथै ग्राहकहरूलाई अत्याधुनिक सेवा प्रदान गर्न दूरसञ्चार प्रणालीमा समयसापेक्ष सुधार गरिएको छ।

कम्पनीको वित्तीय अवस्था सुधार गर्न वायरलेस सेवाहरूको आमूल रूपान्तरणसहितको विस्तार, अन्तर्राष्ट्रिय रोमिङ्ग सेवाको विस्तार र सेवाहरूको गुणस्तर सुधार लगायतका कार्यलाई निरन्तरता दिइएको छ। यसबाट कम्पनीको राजस्व वृद्धि हुने अपेक्षा गरिएको छ।

कम्पनीको नेटवर्कको अनधिकृत प्रयोग गरी कम्पनीको आय र मुलुकको राजस्व चुहावट गर्न केही व्यक्ति र समूहले गैरकानूनी रूपमा अन्तर्राष्ट्रिय आगमन कल बाइपासका आधुनिक प्रविधि उपयोग गर्ने गरेको पाइएको छ । यस्ता गैरकानूनी कार्यले कम्पनीको राजस्वमा प्रतिकुल प्रभाव पारिरहेको छ। यस्ता गैरकानूनी क्रियाकलाप निरुत्साहित र नियन्त्रण गरी चुहावटको नकारात्मक असर न्यूनीकरण गर्न कम्पनीले नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोसँगको सहकार्यमा राजस्व चुहावट नियन्त्रण गर्नुको साथै सोका लागि विभिन्न आधुनिक प्रविधिको प्रयोग गर्दै आएको छ।

बजारको तीव्र प्रतिस्पर्धालाई न्यूनिकरण गर्न सस्तो सुलभ तथा भरपर्दो सेवा प्रदान गरी ग्राहकलाई कम्पनीका सेवाहरूमा नै आबद्ध गराइराख्ने रणनीति लिईएको छ।

## १४. कर्मचारीप्रति कम्पनीको योगदान

नेपाल टेलिकमले आफ्नो लक्ष्य हासिल गर्न इमान्दार, प्रतिबद्ध र उत्प्रेरित मानव संसाधनलाई महत्वपूर्ण सम्पत्तिको रुपमा ग्रहण गरेको छ। कर्मचारीहरुको व्यवस्थित परिचालनलाई कम्पनीले उच्च प्राथमिकता दिएको छ। उपलब्ध जनशक्तिबाट उच्चतम कार्यक्षमता हासिल गर्न हरेक कर्मचारीले आफूले गर्नुपर्ने कामको स्पष्ट विवरण प्राप्त गर्ने तथा आवधिक रुपमा ती कामको उचित मूल्याङ्कन भै सोको आधार मा कर्मचारीलाई उचित प्रोत्साहन दिने व्यवस्था गरिएको छ । कर्मचारीहरुको उत्पादकत्व अभिवृद्धि गर्न कार्यवातावरणमा संवाद, सहयोग र सहकार्य सहित सहकर्मीहरुसँग सुमधुर सम्बन्ध रहनु पर्दछ भन्नेमा कम्पनी सचेत छ। कर्मचारीहरूमा सिर्जनशीलता अभिवृद्धि गर्नका लागि कम्पनीले कर्मचारी सम्बन्ध व्यवस्थापनलाई उच्च प्राथमिकता दिएको छ। नेपाल टेलिकमलाई नेपालमा काम गर्नका लागि उत्कृष्ट कम्पनीहरूमध्ये एक बनाउनको लागि कम्पनी र कर्मचारीहरू बीच सकारात्मक सम्बन्ध सिर्जना गरी कर्मचारीको सन्तुष्टि र उत्पादकत्वमा वृद्धि गर्न कम्पनी क्रियाशिल छ। कम्पनीको समग्र उत्पादकत्व कम्पनीमा कार्यरत कर्मचारीहरुको ज्ञान, सिप र मनोवृत्तिमा आधारित हुने भएकोले सोको अभिवृद्धिको लागि कर्मचारीहरुलाई नियमित स्वदेशी तथा विदेशी तालिमको व्यवस्था गरिएको छ । साथै कर्मचारीहरुको वृत्ति विकासको लागि आवधिक रुपमा सरुवा, जिम्मेवारीमा हेरफेर तथा आन्तरिक प्रतिस्पर्धा मार्फत बढुवा हुने व्यवस्था गरिएको छ।

### १४.१ कर्मचारी भर्ना

कम्पनीमा दक्ष तथा सक्षम कर्मचारी भर्ना गर्नको लागि पारदर्शी नीति नियम तथा मापदण्डहरू लागु गरिएको छ। कम्पनीले प्रतिस्पर्धाको माध्यमबाट कर्मचारी भर्ना गर्ने गरेको छ । साथै लोकसेवा आयोगको संलग्नता र परीक्षा कार्यक्रम तालिका अनुसार समावेशिताको सिद्धान्तको आधारमा कर्मचारी भर्ना गर्ने गरिएको छ।

### १४.२ कर्मचारीका सेवा तथा सुविधा

कार्यरत कर्मचारीहरूलाई कम्पनीले आकर्षक सेवा सुविधा उपलब्ध गराउँदै आएको छ । कर्मचारीहरूको सेवा-सुविधामा तलब, भत्ता, बोनस र कार्यसम्पादनमा आधारित टेलिकम भत्ताको व्यवस्था गरिएको छ। तह ११ र तह १० का कर्मचारीहरूलाई सवारी साधनको सुविधा पनि उपलब्ध गराइएको छ। देशको आर्थिक अवस्थालाई मध्यनजर गरी कर्मचारीको सेवा-सुविधामा समयानुकुल पुनरावलोकन गर्ने गरिएको छ।

समीक्षा अवधिमा कर्मचारीहरुको सरुवा प्रक्रियालाई व्यवस्थित गर्न निर्दिष्ट कार्यविधि बमोजिम Online Transfer Request फाराम भर्ने

व्यवस्था मिलाइएको छ । कर्मचारीहरूको सेवा सुविधामा गरिएको खर्चको विवरण कम्पनीको वित्तीय विवरणमा उल्लेख गरिएको छ।

### १४.३ कार्यसम्पादन सम्झौता

कम्पनीका निर्धारित लक्ष्य, योजना र नियमित कार्यहरू समयमै सम्पन्न गर्ने प्रतिबद्धताका साथ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव/कम्पनी सञ्चालक समितिका अध्यक्ष र प्रबन्ध निर्देशक बीच तथा कम्पनीका प्रबन्ध निर्देशक र प्रमुख प्राविधिक अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, प्रमुख सञ्चालन अधिकृत, प्रमुख मानव संसाधन अधिकृत, प्रमुख वित्तीय अधिकृत, नायव प्रबन्ध निर्देशक (आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभाग), कम्पनी सचिव, वायरलेस सेवा निर्देशनालयका निर्देशक र वायरलाईन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक बीच कार्यसम्पादन सम्झौता भएको छ। साथै निर्देशक तथा विभागीय प्रमुख र प्रबन्धकहरू बीच समेत कार्यसम्पादन सम्झौता भएको छ । त्यस्तै समीक्षा अवधिमा तह ११ देखि तह ८ सम्मका कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता गर्ने कार्यलाई निरन्तरता दिइएको छ। साथै सबै तहका कर्मचारीलाई कार्यविवरण दिने व्यवस्था मिलाइएको छ।

### १४.४ तालिम तथा वृत्ति विकास

मानव संसाधनलाई सृजनशील, सकारात्मक, अद्यावधिक र उत्प्रेरित बनाई राख्न तालिमको व्यवस्था गरिएको छ। मानव संसाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई कम्पनीमा नयाँ सोच र प्रविधिहरू भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ। "तालिम खर्च नभई लगानी हो" भन्ने कम्पनीको मान्यता रहेको छ । त्यसैले सक्षम तथा व्यावसायिक जनशक्ति तयार गर्न कम्पनीले निरन्तर लगानी गरिरहेको छ। बदलिँदो परिवेश र गतिशील वातावरणमा आफ्ना कर्मचारीहरूलाई समयसापेक्ष, दक्ष र सीपयुक्त बनाउन तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका साथसाथै उत्प्रेरित गर्नका लागि कम्पनीले समयसमयमा विभिन्न आन्तरिक तथा बाह्य तालिम एवम् गोष्ठीहरुमा कर्मचारीलाई सहभागी गराउँदै आएको छ । समीक्षा अवधिमा दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रबाट कुल ७९ वटा तालिम तथा १४ वटा गोष्ठी/कार्यशाला सञ्चालन गरिएको छ भने ४८७ जना कर्मचारीलाई वैदेशिक तालिम एवम् गोष्ठीहरुमा सहभागी गराइएको छ । दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रबाट समीक्षा अवधिमा सम्पन्न भएका तालिम तथा गोष्ठी/कार्यशालाको विवरण यस प्रकार रहेको छ।

## १५. राष्ट्रिय अर्थतन्त्रमा कम्पनीको योगदान

दूरसञ्चार सेवालाई आर्थिक विकासको संवाहकको रूपमा स्वीकार गरिएको सन्दर्भमा कम्पनीले कर राजस्व संकलन, डिजिटल डिभाईड न्यूनीकरण, डिजिटल साक्षरता विस्तार, विद्युतीय सरकार को अवधारणाको कार्यान्वयन र ज्ञानमा आधारित समाज निर्माणको माध्यमबाट राष्ट्र निर्माणमा अतुलनीय योगदान पुऱ्याउँदै आएको

**तालिमको विवरण**

| | | TRAINING | | | | SEMINAR | |
|---|---|---|---|---|---|---|---|
| S. NO. | WING | NO. OF PROGRAMS | MALE | FEMALE | TOTAL | PROGRAMS | PARTICIPANTS |
| 1. | Finance | 12 | 185 | 25 | 210 | 4 | 132 |
| 2. | Information Technology | 14 | 204 | 34 | 238 | 1 | 32 |
| 3. | Management | 11 | 193 | 30 | 223 | 2 | 65 |
| 4. | Marketing | 7 | 105 | 22 | 127 | 1 | 19 |
| 5. | Power | 9 | 177 | 13 | 190 | 5 | 203 |
| 6. | Wireless & Transmission | 13 | 207 | 15 | 222 | 1 | 30 |
| 7. | Wireine & Access Network | 13 | 239 | 16 | 255 | 0 | 0 |
| | | **79** | **1310** | **155** | **1465** | **14** | **481** |

छ । मूलतः कम्पनीको कुल आयको अधिकतम हिस्सा आयकर, मूल्य अभिवृद्धि कर, सेवा शुल्क, रोयल्टी, लाभांश लगायत शीर्षकमा सरकारी राजस्व बापत राष्ट्रिय ढुकुटीमा जम्मा गर्दै आएको तथ्य स्मरणीय छ। यसले देशको कुल गार्हस्थ उत्पादन वृद्धिमा कम्पनीको महत्वपूर्ण भूमिका रहेको संकेत गर्दछ । कम्पनीले समीक्षा अवधिमा लाभाशं, कर तथा गैरकर बापत १८ अर्ब ४६ करोड रुपैयाँ सरकारी कोषमा योगदान गरेको छ।

## १६. डिजिटल डिभाईड न्यूनीकरण तथा डिजिटल फ्रेमवर्कमा कम्पनीको योजना

देशको समग्र विकासमा सूचना प्रविधिको महत्वपूर्ण योगदान रहेको छ। कम्पनीले आफ्नो सेवा विस्तार गर्दा व्यावसायिक प्रतिफलको सम्भावना न्यून हुने दुर्गम र अति विकट स्थानहरूमा समेत भौगोलिक विविधता अनुसार उपयुक्त प्रविधिको प्रयोग गरी सस्तो र भरपर्दो दूरसञ्चार सेवा उपलब्ध गराउँदै आएको छ । इन्टरनेटको पहुँच विस्तारले डिजिटल डिभाइड कम गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। नेपाल सरकारले डिजिटल नेपालको अवधारणाको कार्यान्वयनका लागि इन्टरनेटको पहुँचलाई अत्यावश्यक आधारस्तम्भको रूपमा लिएको छ। इन्टरनेटले सूचना र सञ्चारमा सहज पहुँच स्थापित गर्न मद्दत गर्नुका साथै विकासका अन्य अवसरहरू पनि सिर्जना गर्दछ। कम्पनीले 4G/LTE प्रविधि मार्फत देशभर उच्च गतिको इन्टरनेट सेवा विस्तारमा विशेष ध्यान दिएको छ । विभिन्न प्रविधिहरूको माध्यमबाट कम्पनीले ब्रोडब्याण्ड सेवा प्रदान गर्दै आएको छ र 4G/LTE प्रविधि मार्फत प्रदान गरिएको इन्टरनेट सेवाले डिजिटल डिभाइड र ब्रोडब्याण्ड डिभाइडलाई कम गर्न महत्वपूर्ण योगदान दिएको छ।

डिजिटल नेपाल फ्रेमवर्कलाई साकार पार्न कम्पनीले ८ वटा प्रमुख क्षेत्रहरूमा काम गर्दै आएको छः

### १६.१ डिजिटल फाउन्डेशन

कम्पनीले देशका ७४९ स्थानीय तहमा 4G सेवा विस्तार गरिसकेको छ र बाँकी स्थानीय तहहरुमा चाँडै 4G सेवा पुऱ्याउने योजना बनाएको छ । 4G सेवाको विस्तारले डिजिटल साक्षरता बढाउन र स्थानीय निकायहरूमा इ-गभर्नेन्स उपलब्ध गराउन सजिलो बनाएको छ। वायरलेस र वायरलाइन प्रविधिको माध्यमबाट सबै नागरिकलाई अत्याधुनिक दूरसञ्चार सेवा उपलब्ध गराउने कम्पनीको लक्ष्य रहेको छ । साथै कम्पनीले आगामी दिनमा 5G सेवा सञ्चालनमा ल्याउने योजना समेत बनाएको छ।

### १६.२ कृषि

कम्पनीले वायरलेस तथा वायरलाइन सेवा र Value Added Services मार्फत कृषि क्षेत्रमा प्रयोग हुने विभिन्न प्रविधिहरूलाई समेट्ने गरी सेवा विस्तार गरेको छ। फलस्वरुप कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि हुने अपेक्षा गरिएको छ।

### १६.३ स्वास्थ्य

ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाका साथै Tele-health, Tele-medicine आदि सेवाहरु उपलब्ध गराउने पूर्वाधारको रुपमा कम्पनीले वायरलेस तथा वायरलाइन सेवालाई देशका अधिकांश स्वास्थ्य केन्द्रहरूमा पुर्याएको छ। कम्पनीले Bulk SMS र CRBT मार्फत स्वास्थ्य सम्बन्धी जानकारी निःशुल्क प्रदान गर्दै आएको छ।

### १६.४ शिक्षा

कम्पनीले नेपाल सरकारको शिक्षा क्षेत्रमा डिजिटल प्रविधि मार्फत शैक्षिक परिणाम सुधार्ने उद्देश्यलाई समर्थन गर्दै विभिन्न वायरलेस र वायरलाइन प्रविधि मार्फत भरपर्दो दूरसञ्चार सेवा प्रदान गरेको छ । कम्पनीले शैक्षिक जानकारी Bulk SMS र CRBT मार्फत निःशुल्क उपलब्ध गराएको छ र विद्यार्थीहरूलाई निःशुल्क/सहुलियत दरमा सिमकार्ड वितरण गर्नुका साथै Online Class तथा अन्य विद्युतीय सामग्रीमा पहुँचका लागि विभिन्न अफर/प्याकेजहरू सञ्चालन गरेको छ।

### १६.५ ऊर्जा

कम्पनीले ऊर्जा उत्पादन स्थलहरू, विशेषगरी विद्युत उत्पादन स्थलहरूमा वायरलेस प्रविधिको माध्यमबाट सेवा प्रदान गरिरहेको छ। यसका साथै नेपाल विद्युत प्राधिकरणको स्मार्ट मिटरको लागि M2M (Machine to Machine) सिमकार्ड उपलब्ध गराइरहेको छ।

### १६.६ पर्यटन

कम्पनीले पर्यटकीय स्थानहरुमा अत्याधुनिक र गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गर्दै आएको छ। साथै कम्पनीले पर्यटकलाई आकर्षित गर्न Tourist SIM तथा आकर्षक प्याकेज उपलब्ध गराइरहेको छ।

### १६.७ वित्तीय

कम्पनीले वायरलेस र वायरलाइन प्रविधिको माध्यमबाट वित्तीय सेवाहरूलाई डिजिटल बनाउने प्रयास गरिरहेको छ । विभिन्न POS उपकरणहरूमा सिमकार्ड उपलब्ध गराइरहेको छ र नेपाल टेलिकमको सहायक कम्पनी नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड मार्फत "नमस्ते पे" विद्युतीय भुक्तानी सेवा सञ्चालनमा ल्याएको छ। ग्राहकहरूले क्यूआर कोड स्क्यान गरेर कम्पनीका ग्राहक सेवा केन्द्रहरूमा भुक्तानी गर्न सक्ने व्यवस्था मिलाइएको छ।

### १६.८ सहरी पूर्वाधार

सहरी पूर्वाधारको विकास र सहरी सौन्दर्यको उचित व्यवस्थापनको लागि कम्पनीले सेवा विस्तार र विकासमा उचित मापदण्ड बनाई सम्बन्धित निकायहरूसँग सहकार्य गर्दै आइरहेको छ । कम्पनीले देशभर वायरलेस र वायरलाइन प्रविधिको माध्यमबाट जल व्यवस्थापन, फोहरमैला व्यवस्थापन र सार्वजनिक यातायात जस्ता सहरी पूर्वाधार तथा सेवाहरूमा सुधार ल्याउन सहयोगी भूमिका निर्वाह गरिरहेको छ। उल्लिखित पहलहरू मार्फत कम्पनीले नेपालका विभिन्न क्षेत्रहरुको डिजिटल रूपान्तरणमा महत्वपूर्ण भूमिका खेलिरहेको छ।

## १७. आगामी योजनाहरु

### १७.१ दूरसञ्चार सेवाको विस्तारको लागि आधुनिक प्रविधि सहितको पूर्वाधार विकास:

- दूरसञ्चार सेवा विस्तारको लागि Optical Backbone Network विस्तार तथा पुनर्स्थापना गर्ने। अप्टिकल लिङ्क विस्तार को लागि ६३ वटा रुटहरुको करिब २१०० कि.मि. सर्वे सम्पन्न गर्ने। ६०० कि.मि. अप्टिकल लिङ्क बिस्तार गर्ने।
- हुम्ला जिल्लामा अप्टिकल फाईबर ट्रान्समिसन नेटवर्क विस्तार गर्ने । हुलाकी राजमार्ग अन्तर्गतका रुटहरुमा थप ३०० कि.मि. अप्टिकल फाईबर विस्तार गर्ने।
- दूरसञ्चार सेवा विस्तार तथा क्षमता अभिवृद्धिका लागि माइक्रोवेभ रेडियो लिङ्क तथा अप्टिकल फाइबर लिङ्क को विस्तार तथा स्तरोन्नति गरिनेछ।
- कम क्षमता (१ Gbps भन्दा कम) को माइक्रोवेभ रेडियो लिङ्कलाई उच्च क्षमताको लिङ्कमा स्तरोन्नति गर्नको लागि १०३ Hop माईक्रोवेभ रेडियो उपकरण आपूर्ति गरी २५ Hop जडान प्रक्रिया प्रारम्भ गर्ने।
- दूरसञ्चार सेवालाई अविच्छिन्न रुपमा सञ्चालन गर्न Redundant लिङ्कको स्थापना तथा थप विस्तार गर्ने।
- अन्तरदेशीय सूचना महामार्गलाई भरपर्दो बनाउन Multiple Cross Border Optical Fiber Network विस्तार तथा जडित उपकरणको क्षमता अभिवृद्धि गर्ने।
- एकीकृत पूर्वाधार तयार गर्न नीति निर्माणको लागि समन्वय गर्ने।
- सेवाको विस्तार तथा गुणस्तर सुधारका लागि ट्रान्समिसन लिङ्कहरुको क्षमता अभिवृद्धि गर्ने।
- मध्यपहाडी लोकमार्ग लगायत अन्य राजमार्गमा Optical Fiber Network मार्फत सूचना महामार्ग निर्माण आयोजनालाई समय मै सम्पन्न गर्ने।
- सेवाको पहुँच नपुगेका स्थानहरुमा Tower, Power तथा BTS जडान तथा प्रणालीको स्तरोन्नति गर्ने।

### १७.२ देशव्यापी रुपमा वायरलेस तथा वायरलाइन सेवा विस्तार:

- सेवाको पहुँच नपुगेका ८ स्थानीय तहका वडा स्तरमा कम्पनीको वायरलेस सेवाको पहुँच पुऱ्याइनेछ।
- देशका प्रमुख शहरहरुमा 5G सेवाको सुरुवात गरिनेछ।
- वायरलेस सेवाको ग्राहक विस्तार कार्यलाई निरन्तरता दिइनेछ।
- 800 MHz मा सञ्चालित 4G सेवाको Bandwidth Upgrade गरिनेछ।
- NBIoT सेवाको सुरुवात गरिने छ।
- 3G Sunset का लागि अध्ययन गरिने छ।
- FTTH सेवा वितरणलाई थप प्रभावकारी बनाइने छ।
- मर्मत सम्भार र ग्राहक सेवालाई थप प्रभावकारी बनाइने छ।
- सेवा विस्तार हुन नसकेका क्षेत्रमा समेत अन्य प्रविधिमार्फत ब्रोडव्याण्ड इन्टरनेट सेवाको पहुँच विस्तार गरिनेछ।
- IPTV Broadcasting सेवा विस्तार गरिनेछ।
- Aerial केबुल व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- GIS System लाई थप प्रभावकारी बनाइने छ।

### १७.३ सेवाको गुणस्तर अभिवृद्धि:

- कम्पनीले उपलब्ध गराउने सेवामा नियामक निकाय तथा कम्पनीले तोकेको मापदण्ड अनुसारको KPI (Key Performance Indicators) कायम गर्ने।
- कम्पनीको मर्मत सम्भार तथा सञ्चालनलाई थप प्रभावकारी बनाउन आवश्यक मापदण्ड निर्धारण/परिमार्जन गर्ने।
- समय सापेक्ष प्रविधि, स्रोत, साधन तथा जनशक्तिको उच्चतम प्रयोग गरी मर्मत सम्भार तथा सञ्चालन कार्यलाई प्रभावकारी बनाउने।
- Integrated Network Operation Center सञ्चालनलाई थप प्रभावकारी बनाउने।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अन्तरआवद्धताको गुणस्तर अभिवृद्धि गर्ने।
- Aerial केबुल व्यवस्थित गर्ने कार्यलाई निरन्तरता दिइने।
- Power System को आधुनिकीकरण गर्ने।
- Service Level Agreement (SLA) गरी संस्थागत ग्राहकलाई आकर्षित गर्ने।
- कम्पनीमा सञ्चालनमा रहेका प्रणालीको सुरक्षाको लागि System तथा Cyber Security लाई थप प्रभावकारी बनाउने।
- अनधिकृत Call तथा SMS को नियन्त्रण गर्ने।
- प्रतिस्पर्धात्मक दूरसञ्चार बजारको अध्ययन तथा अनुसन्धान गरी नवीनतम सेवाहरू विस्तार गर्ने।
- अन्य दूरसञ्चार सेवा प्रदायकहरूसँग सहुलियत दरमा अन्तर आवद्धता सेवा प्रदान गर्नको लागि द्विपक्षीय सम्झौता गर्ने।

**१७.४ ग्राहक आधार वृद्धि तथा राजश्वको सुनिश्चितता:**

- ग्राहक आधार वृद्धि गर्ने प्रर्वद्धनात्मक कार्यक्रम सञ्चालन गर्ने ।
- संस्थागत ग्राहक आधार वृद्धि गर्ने ।
- कम्पनीले प्रदान गर्ने Value Added Service को दायरालाई फराकिलो बनाइ सेवामा विविधीकरण गर्ने ।

**१७.५ सांगठनिक, व्यवस्थापकीय एवं प्रतिस्पर्धी क्षमता अभिवृद्धि तथा प्रणालीगत सुधार:**

- कर्मचारीलाई कार्यसम्पादनमा आधारित टेलिकम भत्ता उपलब्ध गराउने ।
- संस्थागत सुधार तथा विकास गर्ने ।
- विभिन्न कर्मचारी अवकास योजना लागू गर्ने ।
- कर्मचारीहरुलाई आवश्यक तालिम प्रदान गरी कार्यक्षमता वृद्धि गर्दै उचित व्यवस्थापन तथा विकास गर्ने ।
- कर्मचारी सुविधा, वृत्ति विकास तथा उत्प्रेरणा अभिवृद्धि गर्ने ।
- ट्रेड युनियन र व्यवस्थापन बीचको सम्बन्ध सुमधुर बनाउने ।

**१७.६ संस्थागत सुशासन तथा आन्तरिक नियन्त्रण प्रणालीको विकास:**

- Standard Operating Procedure मा आवश्यकता अनुसार सुदृढीकरण गर्ने ।
- व्यवस्थापन, प्राविधिक  तथा कार्यमूलक लेखापरीक्षण गर्ने ।
- अनुगमन तथा सुपरिवेक्षण गर्ने ।
- आन्तरिक लेखापरीक्षण कार्यविधि, कम्पनीको आर्थिक विनियमावली, कर्मचारी विनियमावली, कम्पनी ऐन, आयकर ऐन, अन्य प्रचलित ऐन तथा परिपत्रहरुको आधारमा कम्पनीमा आर्थिक अनुशासन तथा सुशासन कायम राख्न लेखापरीक्षण कार्यलाई प्रभावकारी बनाउने ।
- कम्पनीको विभिन्न सेवाहरुको आय सुनिश्चितता, प्राविधिक तथा कार्यसम्पादन परीक्षण गर्ने ।

**१७.७ राजस्व तथा मुनाफा वृद्धि:**

- Internet of Things (IoT) सेवा सञ्चालन गर्ने ।
- उच्चतम प्रतिफल प्राप्त हुने गरी लगानी विविधिकरण गर्ने ।
- लिलामी कार्यलाई थप प्रभावकारी बनाउने ।
- अनुत्पादक खर्चमा कटौति गरी आर्थिक अनुशासन तथा मितव्ययिता नीति लागू गर्ने ।

## १८. सम्मान तथा पुरस्कार

चौधौँ राष्ट्रिय कर दिवस, २०८२ को अवसरमा आन्तरिक राजश्व विभागबाट आर्थिक वर्ष २०७६/७७ (२०७६ श्रावण) देखि आर्थिक वर्ष २०८१/८२ (२०८२ आषाढ) सम्मको कर अवधिमा मू.अ.कर विवरण र सो बमोजिमको कर समयमै दाखिला गरी नियमित कर सहभागिता जनाएका करदातामध्ये सबैभन्दा बढी मू. अ. कर दाखिला गर्ने संस्थाको रुपमा कम्पनी सम्मानित भएको व्यहोरा यस सभालाई जानकारी गराउन पाउँदा गौरवान्वित महसुस भएको छ ।

## १९. चालू आर्थिक वर्षको उपलब्धि

मुलुकभर तीव्र गतिको वायरलेस प्रविधिको 4G/LTE सेवा उपलब्ध गराउने योजना अन्तर्गत चालू आ.व. को असोजसम्ममा 2G BTS ४ हजार ५ सय ६६ र 4G/LTE eNodeB चार हजार ४ सय ८७ सञ्चालनमा रहेका छन् । यसरी थप सञ्चालनमा आएका eNodeB हरुले 4G/LTE सेवा विस्तार भई असोजसम्ममा सातै प्रदेशका ७७ वटा जिल्लाका कुल ७४९ स्थानीय तहमा 4G/LTE सेवा उपलब्ध रहेको छ ।

समीक्षा अवधिसम्ममा FTTH सेवातर्फ कुल क्षमताको FDC Port मार्फत २१ लाख ९५ हजार २८४ लाइन क्षमताको नेटवर्क विस्तार भएकोमा ३,५५,९४७ Data, ३,९३,६५३ Voice र ६८,६०१ IPTV गरी कुल ८,१८,२०१ (FTTH Subscription) वितरण भएको छ ।

नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी निर्माण सम्पन्न गरेको मध्यपहाडी लोकमार्गको दूरसञ्चार पूर्वाधार अप्टिकल फाइबर नेटवर्कको सञ्चालन आएको छ ।

ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजनाको कोशी, मधेश र बागमती प्रदेश अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने विभिन्न मार्गमा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने कार्यक्रम अन्तर्गत आ. व. २०८१/८२ को अन्त्यसम्ममा कुल १,४५० कि.मी. विस्तार भएको छ । त्यसैगरी मध्य पहाडी लोकमार्गका जिल्ला सदरमुकाम जोड्न कर्णाली र सूदूरपश्चिम प्रदेश अन्तर्गतका बिभिन्न मार्गमा अप्टिकल फाईबर नेटवर्क (UG/ADSS) विस्तार गर्ने कार्यक्रम अन्तर्गत कम्पनीको Existing OFC Network समेत प्रयो ग गर्ने व्यवस्था अनुसार थप भएको ६७२ कि.मी. अप्टिकल फाईबर नेटवर्क समेत गरी कुल १,१८४ कि.मी. अप्टिकल फाईवर नेटवर्कमार्फत कर्णाली र सुदूरपश्चिम प्रदेशमा सेवा सञ्चालन गरिएको छ ।

कम्पनीमा सञ्चालनमा रहेका योजनाहरू निर्धारित समयमा सम्पन्न गर्न, सोको अनुगमन गर्न र कम्पनीका काम कारवाहीलाई प्रभावकारी बनाउन कम्पनी व्यवस्थापन र विभागीय प्रमुखहरूसँग कार्यसम्पादन सम्झौता गरी आवधिक रूपमा प्रगतिको समीक्षा गर्ने गरिएको छ । यसले योजनाहरू निर्धारित समयमा कार्यान्वयन हुने, पूर्वाधार तथा नेटवर्क विस्तार हुने र कम्पनीको समग्र राजस्व तथा ग्राहक आधार वृद्धि हुने अपेक्षा गरिएको छ ।

**१९.१ कम्पनीले चालू आर्थिक वर्षमा गरेको वित्तीय उपलब्धिः**

| विवरण | आ.व. २०८२/८३ को लक्ष्य | २०८२ असोजसम्म | |
|---|---|---|---|
| | | प्रगति | प्रगति (प्रतिशत) |
| आय (रु. अर्बमा) | ४१.३८ | ९.४७ | २२.८८ |
| नाफा (रु. अर्बमा) | ४.४३ | १.३२ | २९.८७ |

**१९.२ कम्पनीले चालू आर्थिक वर्षमा गरेको व्यावसायिक उपलब्धिः**

| विवरण | आ.व. २०८२/८३ को लक्ष्य | २०८२ असोजसम्म | |
|---|---|---|---|
| | | प्रगति | प्रगति (प्रतिशत) |
| जि.एस.एम | २,३९४,१९३ | ५९०,५९५ | २४.६७ |
| एफ.टि.टि.एच | ६४,५६५ | ९,४२२ | १४.५९ |

## २०. सहायक कम्पनीको सञ्चालन तथा वित्तीय उपलब्धिका मुख्य झलक

**नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड** (NDPC)

सर्वसाधारणलाई मोबाइल वित्तीय सेवा उपलब्ध गराउन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडसँगको सहकार्यमा कम्पनी ऐन, २०६३ बमोजिम पब्लिक लिमिटेड कम्पनीको रूपमा २०७७ श्रावण १३ गते नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड (NDPC) स्थापना गरिएको हो। नेपाल टेलिकमको सहायक कम्पनीको रूपमा स्थापना गरिएको NDPC लाई नेपाल राष्ट्र बैंकबाट २०७७ चैत ३ गते भुक्तानी तथा फछ्र्यौट ऐन, २०७५ अन्तर्गत इजाजतपत्र प्राप्त भएको छ।

देशभरि नै सजिलो, किफायती, भरपर्दो र सुविधाजनक डिजिटल भुक्तानी सेवा प्रदान गर्ने उद्देश्यका साथ स्थापना गरिएको सो कम्पनीले मिति २०७८ भाद्र २९ गते देखि 'नमस्ते पे' ब्राण्ड सहित सेवा प्रदान गरिरहेको छ। बैंकिङ तथा डिजिटल रूपमा बैंकिङ पहुँच नभएका सेवाग्राहीलाई नगद रहित वित्तीय प्रणालीमा समावेश गरी डिजिटल समाज निर्माण गर्ने लक्ष्य कम्पनीले राखेको छ।

(**रकम रु. मा**)

| विवरण | आर्थिक वर्ष २०८१/८२ | आर्थिक वर्ष २०८०/८१ |
|---|---|---|
| सञ्चालन आय | १२७९९०६१ | ४१९९२१४ |
| वित्तीय आम्दानी | ६,४९७,५५५ | १९,४७१,१३१ |
| अन्य आम्दानी | १८,७०० | ८७,०७३ |
| कुल आम्दानी | १९,३१५,३१६ | २३,७५७,४१८ |
| कर्मचारी खर्च | २९,२९५,६६९ | २६,६९१,००४ |
| मर्मत तथा सञ्चालन खर्च | ३०४,३९९ | २१३,६३१ |
| बजारीकरण तथा प्रवर्द्धन खर्च | १,६७१,०१० | ८,९४५,६५४ |
| कार्यालय सञ्चालन खर्च | १४,१४०,५२२ | १३,२५२,६४३ |
| कुल खर्च | ८१,७२१,२६१ | ८६,०८०,२६३ |
| नाफा/(नोक्सान) | (४१,१८६,०१५) | (४७,४४९,८४८) |
| प्रति सेयर आम्दानी | (१०.३०) | (११.८६) |
| नेटवर्थ प्रति सेयर | ५६.८३ | ६७.१९ |

## २१. कम्पनी ऐन, २०६३ को दफा १०९ अनुसार खुलाइएका थप विवरणहरू

**विगत वर्षको कारोबारको सिंहावलोकनः**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोबार लाई कुनै असर परेको भए सो असरः**

विभिन्न कारणले सिर्जना भएको विश्वब्यापी आर्थिक मन्दीका कारण उपकरण तथा अन्य आवश्यक सामग्री आपूर्तिमा भएको समस्याले गर्दा सेवाको विस्तार, वितरण, मर्मत सम्भार तथा सञ्चालनमा चुनौती रहेको।

**प्रतिवेदन तयार भएको मितिसम्म चालू वर्षको उपलब्धि र भविष्यमा गर्नुपर्ने कार्यको सम्बन्धमा सञ्चालक समितिको धारणाः**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**कम्पनीको औद्योगिक वा व्यावसायिक सम्बन्धः**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**सञ्चालक समितिमा भएको हेरफेर र सोको कारणः**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ।

**कारोबारलाई असर पार्ने मुख्य तत्वहरूः**

कम्पनीको समग्र कारोबार निम्न कारणहरूबाट प्रभावित भएको छः

- ❖ तीव्र प्रतिस्पर्धा तथा प्रविधिमा आएको विकास (जस्तै OTT को प्रयोग) को कारणले कम्पनीको राजस्व वृद्धिमा असर परेको।
- ❖ भौगोलिक विविधताको कारण दूरसञ्चार उपकरणहरू जडान तथा सञ्चालन गर्न समस्या भएको।
- ❖ तिव्ररुपमा हुने प्रविधिको परिवर्तनको कारणले नवीन प्रविधिमा आधारित सेवा उपलब्ध गराउन चुनौती रहेको ।
- ❖ उच्च प्रतिस्पर्धाको कारण नयाँ ग्राहकहरू आकर्षित गर्न चुनौती रहेको।

**लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख गरिएको भए त्यसबारे सञ्चालक समितिको प्रतिक्रियाः**

लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोबारमा देखिएका सामान्य कैफियत, प्रतिक्रिया र सुझावहरूमा सञ्चालक समितिको ध्यानाकर्षण भएको छ र सुधारका लागि आवश्यक कदम चालि सकिएको छ ।

**लाभांश बाँडफाँट गर्न सिफारिस गरिएको रकमः**

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकारको स्वीकृति लिई सञ्चालक समितिले आ.व. २०८१/८२ को मुनाफा रकम मध्येबाट चुक्ता पुँजीको ३० प्रतिशतका दरले जम्मा नगद (कर सहित) लाभांश रु. ५ अर्ब ४० करोड वितरण गर्न सिफारिस गरेको छ।

**सेयर जफत भएको भए जफत भएको सेयर संख्या, त्यस्तो सेयरको अंकित मूल्य, त्यस्तो सेयर जफत हुनुभन्दा अगावै सोबापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो सेयर जफत भएपछि सो सेयर विक्री गरी कम्पनीले प्राप्त गरेको र कम तथा जफत भएको सेयरबापत रकम फिर्ता गरेको भए सोको विवरणः**

समीक्षा अवधिमा कुनै पनि सेयर जफत गरिएको छैन।

**विगत आर्थिक वर्षमा कम्पनी र त्यसको सहायक कम्पनीको कारोबार प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकनः**

कम्पनी तथा सहायक कम्पनीको कारोबार तथा यससँग सम्बन्धित अन्य परिवर्तन/प्रगति विवरण सम्बन्धमा सञ्चालक समितिको प्रतिवेदनमा विस्तृत विवरण उल्लेख गरिएको छ।

**कम्पनी तथा यसका सहायक कम्पनीले आर्थिक वर्षभरिमा गरे को प्रमुख कारोबार र त्यस अवधिमा कम्पनीको कारोबारमा आएको महत्वपूर्ण परिवर्तनः**

कम्पनी तथा सहायक कम्पनीले आर्थिक वर्षभरिमा गरेको प्रमुख कारोबारको विवरण सञ्चालक समितिको प्रतिवेदन तथा वित्तीय विवरणमा उल्लेख गरिएको छ।

**विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत सेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारीः**

कुनै जानकारी प्राप्त हुन नआएको।

**विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीले लिएको सेयर स्वामित्वको विवरण र कम्पनीको सेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारीः**

विगत आर्थिक वर्षमा सञ्चालकहरूबाट कुनै सेयर खरिद नगरेको र कम्पनीको सेयर कारोबारमा संलग्न रहेको सम्बन्धमा निजहरूबाट कुनै जानकारी प्राप्त नभएको ।

**विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोराः**

कुनै जानकारी प्राप्त नभएको ।

**कम्पनीले आफ्नो सेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो सेयर खरिद गर्नुको कारण, त्यस्तो सेयरको संख्या र अंकित मूल्य तथा त्यसरी खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकमः**

कम्पनीले हालसम्म आफ्नो सेयर आफैँले खरिद गरेको छैन ।

**आन्तरिक नियन्त्रण प्रणाली भए वा नभएको र भएको भए त्यसको विस्तृत विवरणः**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरणः**

यस सम्बन्धी विस्तृत विवरण कम्पनीको वित्तीय विवरणमा समावेश गरिएको छ ।

**लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको एकमुष्ट पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरणः**

यस सम्बन्धी विस्तृत विवरण सञ्चालक समितिको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

**सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत सेयरधनी वा निजको नजिकको नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुराः**

कुनै रकम बुझाउन बाँकी नभएको ।

**प्रबन्ध सञ्चालक तथा पदाधिकारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक तथा सुविधा रकमको विवरणः**

आर्थिक वर्ष २०८१/८२ मा तह १० र सोभन्दा माथिका पदाधिकारिहरूलाई पारिश्रमिक तथा अन्य सुविधाबापत रु.१२,६०,०८,७११ (अक्षेरेपी बाह्र करोड साठ्ठी लाख आठ हजार सात सय एघार रुपैयाँ मात्र) भुक्तानी गरिएको छ ।

**सेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकमः**

आर्थिक वर्ष २०८१/८२ को अन्त्यसम्म सेयरधनीहरूले रु. ३१,७९,५५,४८१ (अक्षेरेपी एकतीस करोड उनासी लाख पचपन्न हजार चार सय एकासी रुपैयाँ मात्र) लाभांश रकम बुझिलिन बाँकी रहेको छ ।

**दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्री गरेको कुराको विवरणः**

आर्थिक वर्ष २०८०/८१ मा कम्पनी ऐन, २०६३ को दफा १४१ बमोजिमको सम्पत्ति खरिद वा बिक्री गरेको छैन ।

**दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोबारको विवरणः**

यस प्रतिवेदन तथा वित्तीय विवरणमा खुलाइएको छ ।

**कम्पनी ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुराहरुः**

यसै प्रतिवेदन अन्तर्गत यथास्थानमा खुलाइएको छ ।

## धन्यवाद ज्ञापन

कम्पनीको उन्नति तथा प्रगतिका लागि कम्पनीका सेयरधनी र शुभचिन्तकहरूको तर्फबाट प्राप्त अटुट समर्थन, सहयोग र हौसलाको लागि सञ्चालक समितिको तर्फबाट म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। कम्पनीको विकास तथा सेवा विस्तारका लागि निरन्तर सहयोग र निर्देशनको लागि नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय लगायतका सम्बद्ध मन्त्रालयहरू, नेपाल दूरसञ्चार प्राधिकरण लगायतका अन्य नियामक निकायहरू, सेवा प्रदायकहरू, आपूर्तिकर्ताहरू र सञ्चार कर्मीहरूलाई समेत धन्यवाद ज्ञापन गर्न चाहन्छु। कम्पनीलाई यहाँ सम्म ल्याइ पुर्याउन लगनशील भई साथ दिने कम्पनी व्यवस्थापन तथा कर्मचारीहरूलाई समेत धन्यवाद दिन चाहन्छु।

कम्पनीको प्रगतिका लागि कर्मचारीहरूको कामप्रतिको प्रतिवद्धता, लगनशीलता र इमानदारीताको उच्च प्रशंसा गर्दै सञ्चालक समिति आउँदा वर्षहरूमा समेत सबैबाट सहयोगको अपेक्षा गर्दछ। आगामी दिनमा समेत ग्राहकको चाहना अनुसार नवीनतम प्रविधिमा आधारित गुणस्तरीय सेवा दिने, ग्राहकका हरेक गुनासाको सम्वोधन गर्ने र ग्राहकको अभिन्न साथीको रुपमा कम्पनीलाई नागरिकसम्म पुर्याउने गरी जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

अन्त्यमा, कम्पनीका सेवाहरु प्रयोग गर्ने सम्पूर्ण आदरणीय ग्राहक महानुभावहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै आगामी दिनमा समेत यहाँहरूको सहयोग तथा सद्भावको निरन्तरताको अपेक्षा गर्दछु।
धन्यवाद।

सञ्चालक समितिको तर्फबाट

**राधिका अर्याल,**
अध्यक्ष
२०८२।०९।३०

# धितोपत्र दर्ता तथा निष्कासन नियमावली अनुसारको वार्षिक प्रतिवेदन

**१. सञ्चालक समितिको प्रतिवेदन:**
वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

**२. लेखापरीक्षकको प्रतिवेदन:**
वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

**३. लेखापरीक्षण भएको प्रतिवेदन:**
वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको ।

**४. कानूनी कारवाही सम्बन्धी विवरण:**

क) कम्पनीले वा कम्पनी विरुद्ध कुनै मुद्दा दायर भएको भए: आ.व. २०८१/८२ मा यस कम्पनी विरुद्ध १७ (सत्र) वटा मुद्दा दायर भएको र यसरी कम्पनीको तर्फबाट २ (दुई) वटा मुद्दा दायर भएको ।

ख) कम्पनीको संस्थापक वा सञ्चालकले वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा मुद्दा दायर गरेको वा भएको भए: संस्थाका तत्कालिन सञ्चालक तथा प्रबन्ध निर्देशक विरुद्ध मुद्दा भएको ।

ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए: संस्थाका तत्कालिन सञ्चालक तथा प्रबन्ध निर्देशक विरुद्ध मुद्दा भएको ।

**५. कम्पनीको सेयर कारोवार तथा प्रगति विवरण:**

**क) धितोपत्र बजारमा कम्पनीको सेयर को कारोवार सम्बन्धमा व्यवस्थापनको धारणा:**
कम्पनीको सेयर कारोबार लगानीकर्ताको कम्पनी प्रतिको विश्वास तथा प्रतिफलको विश्लेषणको आधारमा भैरहेको तथा सेयर कारोबारमा अनपेक्षित उतारचढाब समेत नदेखिएकोले सेयरको कारोबार सन्तोषजनक रहेको ।

**ख) आ.व.२०८१/८२ को कम्पनीको सेयर को अधिकतम, न्यूनतम र अन्तिम मूल्यका साथै कूल कारोबार सेयर संख्या तथा कारोबार भएको दिन:**

| विवरण | पहिलो त्रैमास | दोश्रो त्रैमास | तेश्रो त्रैमास | चौथो त्रैमास |
|---|---|---|---|---|
| अधिकतम मुल्य रु | १२१४ | ११०७ | ९९६.३ | ९१५ |
| न्युनतम मुल्य रु | ८४६.२० | ८८७.३ | ८७४ | ८३५ |
| अन्तिम मुल्य रु | ९९८.५ | ८८८ | ८९९.८४ | ८७७.२ |
| सेयर कारोबार संख्या | ४,७२५,६११ | १,४९९,२३७ | १,२२६,८४२ | १,८३५,५०१ |
| कारोबार दिन | ५७ | ५५ | ५६ | ६३ |

**६. समस्या चुनौती तथा रणनीति:**

**क) बाह्य समस्या तथा चुनौती:**
- ❖ तीव्र प्रतिस्पर्धा
- ❖ प्रविधिमा आएको तीव्र परिवर्तन
- ❖ देशको समग्र भौगोलिक अवस्था
- ❖ OTT सेवाहरुको बढ्दो प्रयोग

**ख) आन्तरिक समस्या तथा चुनौती:**
- ❖ संस्थाको संरचना र दरबन्दी अनुसार खासगरी दूरदराजका कार्यालयहरुमा पर्याप्त संख्यामा कर्मचारी व्यवस्थापनमा समस्या
- ❖ बढ्दो सञ्चालनसंचालन लागत
- ❖ निर्णय प्रक्रियामा बढी समय लाग्नु

**ग) समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति:**
- ❖ विश्व बजारमा उपलब्ध नवीनतम प्रविधिलाई समयानुकुल अवलम्बन गर्ने गरेको ।
- ❖ समसामयिक रुपमा सेवा विस्तार तथा गुणस्तरिय सेवा प्रवाहकालागि वाह्य सेवा प्रदायकबाट समेत सेवा लिने गरेको ।
- ❖ आवश्यक पूर्वाधार विकास गरी सेवाको गुणस्तर वृद्धि गरेको।
- ❖ प्रविधिमा भएको परिवर्तनका बारेका समय समयमा कर्मचारीहरुलाई तालिम दिने गरेको।

**७. संस्थागत सुशासन:**
सञ्चालक समितिको प्रतिवेदनमा समावेश गरिएको ।


FIBER

# व्यावसायिक उपलब्धिहरु



# व्यावसायिक परिदृश्य

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै डिजिटल रूपान्तरणले विश्वव्यापी रूपमा अर्थतन्त्र, शासन प्रणाली र नागरिक जीवनशैलीलाई नयाँ आयाम प्रदान गरिरहेको वर्तमान सन्दर्भमा एक अग्रणी सार्वजनिक सेवा प्रदायकका रूपमा नेपाल टेलिकमले सुलभ दरमा गुणस्तरीय दूरसञ्चार सेवा उपलब्ध गराइरहेको छ। दूरसञ्चार क्षेत्रमा देशकै अग्रणी सेवाप्रदायकको रूपमा स्थापित रहँदै डिजिटल नेपाल निर्माणमा सार्थक योगदान पुर्याउने लक्ष्यसहित कम्पनीले सेवाग्राहीहरूको विश्वासलाई केन्द्रविन्दुमा राखेर व्यावसायिक साझेदारहरूसँगको सहकार्य, सेयरधनी महानुभावहरूको अटुट आस्था तथा कर्मचारीवर्गको पेशागत दक्षता, समर्पण र अथक मेहनतलाई व्यावसायिक सफलताको आधारस्तम्भको रूपमा लिएको छ। प्रतिस्पर्धात्मक विश्वबजार परिवेश, प्रविधिमा भैरहेको द्रुततर परिवर्तन, साइबर सुरक्षाजस्ता चुनौती र अवसरबिच कम्पनीले नवप्रवर्तन, डिजिटल सेवा विस्तार तथा सेवा गुणस्तर अभिवृद्धिमार्फत कम्पनीले देशव्यापी रूपमा भरपर्दो र सुरक्षित दूरसञ्चार पूर्वाधार निर्माण तथा सञ्चालनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट नेपाललाई सूचना तथा ज्ञानमा आधारित समाजमा रुपान्तरण गर्ने भावी सोचका साथै देशभर सुशासन, दिगो विकास एवम् गरिबी न्यूनीकरणका लक्ष्यहरु हासिल गर्ने नेपाल सरकारको सूचना तथा सञ्चार प्रविधि नीतिको परिदृश्यलाई सार्थक तुल्याउन नेपाल टेलिकमले ग्राहककेन्द्रित सेवा र भौगोलिक रुपले अत्यन्त विकट एवम् दुर्गम स्थानमा समेत समन्यायको आधारमा सर्वसुलभ सेवा प्रदान गर्ने र सञ्चारमा सबैको पहुँच स्थापित गर्ने प्रयास गर्दै आएको छ। देशको आर्थिक तथा सामाजिक रूपान्तरणमा निरन्तर उल्लेखनीय योगदान पुर्याउँदै कम्पनीले राष्ट्रिय दूरसञ्चार पूर्वाधारको मेरुदण्डका रूपमा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ।

देशको कुनाकाप्चासम्म व्यापक नेटवर्क विस्तार, भरपर्दो सेवा प्रवाह र सार्वजनिक उत्तरदायित्वको भावना सहित कम्पनीले डिजिटल न्यूनीकरण घटाउँदै ग्रामीण तथा दुर्गम क्षेत्रसम्म सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तारमा उल्लेखनीय योगदान पुर्याएको छ। Digital Nepal Framework लगायत राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू कार्यान्वयनमा सहयोग पुग्ने गरी नेपाल टेलिकमले दूरसञ्चार सेवाको आधुनिकीकरण, डाटा क्षमताको विस्तार तथा डिजिटल सेवाहरूको विधीकरणमा निरन्तर लगानी गर्दै आएको छ।

आगामी दिनहरूमा तीव्र प्रविधिगत परिवर्तन, बढ्दो डाटा माग, डिजिटल अर्थतन्त्रको विस्तार र साइबर सुरक्षाजस्ता चुनौतीलाई अवसरका रूपमा उपयोग गर्दै नेपाल टेलिकमले 4G/5G नेटवर्क विस्तार, फाइबर पूर्वाधार सुदृढीकरण, क्लाउड तथा डाटा केन्द्र सेवा, डिजिटल भुक्तानी र ई-गभर्नेन्स जस्ता सेवाहरूको विकासमा रणनीतिक ध्यान केन्द्रित गर्ने लक्ष्य लिएको छ। साथै Smart City, Smart Society तथा Digital Economy का अवधारणालाई व्यवहारमा उतार्न आवश्यक दूरसञ्चार आधार तयार गर्न कम्पनी प्रतिबद्ध रहेको छ।

कम्पनीले २०८२ असोज महिनासम्ममा देशभरीका २ करोड १५ लाख २८ हजार ४ सय ४७ ग्राहकलाई दूरसञ्चार सेवा प्रदान गरेको छ। सो अनुसार कम्पनीले उपलव्ध गराएका सेवाहरूको टेलिघनत्व ७३.८२ प्रतिशत पुगेको छ। कम्पनीका कुल ग्राहकहरु मध्ये २ करोड १० लाख ४९ हजार १ सय ५८ जिएसएम मोबाइल सेवामा, ८१ हजार ७ सय ८४ स्थानीय टेलिफोन PSTN सेवामा, ३ लाख ९७ हजार ५ सय ५ FTTH Voice सेवामा तथा ३ लाख ६४ हजार ९ सय १४ FTTH Data सेवामा रहेका छन्। त्यसै गरी सोही अवधिमा एडिएसएल, एफटिटिएच, मोबाइल डाटा र लिज्ड लाइन गरी कम्पनीको इन्टरनेट सेवा प्रयोगकर्ताहरूको संख्या २ करोड १४ लाख १४ हजार ४ सय ३२ पुगेको छ। नेपाल दूरसञ्चार प्राधिकरणले प्रकाशित गरेको २०८२ असोजसम्मको MIS Report अनुसार कुल दूरसञ्चार बजारको भ्वाइस र डाटा सेवा (ब्रोडब्याण्ड) मा नेपाल टेलिकमको हिस्सा क्रमशः ५३.२१ प्रतिशत र ५६.०१ प्रतिशत रहेको छ। बदलिँदो परिवेश, प्रविधिको तिव्र विकास र समाजमा देखिएको बहुआयामिक परिवर्तनहरुलाई मध्यनजर गर्दै कम्पनीले सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन पर्ने देखिन्छ। ग्राहकहरूको बढ्दो आकांक्षा, प्रविधिको विकास, बढ्दो प्रतिस्पर्धा तथा निरन्तर घटिरहेको सेवाहरूको मूल्य जस्ता व्यावहारिक चुनौतिहरुका बाबजुद ग्राहक तथा लगानीकर्ताहरुको विश्वास कायम राखि आफ्नो अग्रणी र सम्मानित स्थान कायम गर्न कम्पनी सफल रहेको छ।

# कम्पनीका प्राथमिकता

## राष्ट्र निर्माण हाम्रो लक्ष्य

सूचना तथा सञ्चार प्रविधिको प्रयोग अपरिहार्य बन्दै गएको वर्तमान परिप्रेक्ष्यमा नेपाल टेलिकमले "राष्ट्र निर्माण हाम्रो लक्ष्य" भन्ने मूल मन्त्रलाई आत्मसात् गर्दै देशभर डिजिटल पहुँच विस्तार गर्ने काम निरन्तर गर्दै आएको छ। सहरी तथा सहरोन्मुख क्षेत्रहरूमा मात्र नभई ग्रामीण, दुर्गम र विकट भौगोलिक क्षेत्रमा समेत सेवाको समान पहुँच सुनिश्चित गर्दै कम्पनीले डिजिटल समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी र नागरिक सेवामा सुधार ल्याउन महत्वपूर्ण योगदान पुर्याइरहेको छ।

नेपाल टेलिकमले प्रतिस्पर्धात्मक बजारमा निश्चित आम्दानी र नाफा सुनिश्चित गर्नुपर्ने दबाबको बाबजुद सेवा विस्तारलाई नाफामूलक क्षेत्रहरूमा मात्र सीमित नराखी विभिन्न प्रविधिहरू अवलम्बन गरी दुर्गम तथा गैर-नाफामूलक क्षेत्रहरूमा पनि निरन्तर सेवा पुर्याउँदै आएको छ। यसले डिजिटल डिभाइड घटाउने मात्र नभई डिजिटल इन्क्लुजनको र ाष्ट्रिय परिकल्पनालाई व्यवहारमा उतार्न मद्दत गरेको छ। 4G मोबाइल सेवा र FTTH (Fiber to the Home) जस्ता अत्याधुनिक प्रविधिको प्रयोगमार्फत उच्च गतिको इन्टरनेट र डाटा सेवा उपलब्ध गराई डिजिटल नेपाल अभियानको कार्यान्वयनमा नेपाल टेलिकमले अद्वितीय भूमिका निर्वाह गरेको छ।

प्राकृतिक प्रकोप तथा अन्य आपतकालिन अवस्थाहरूमा अनवरत रुपमा सञ्चार सेवा स्थापित गर्दै विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउने काम कम्पनीले निरन्तर गर्दै आएको छ। साथै, देशकै प्रमुख करदातामध्ये एकका रूपमा राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याउँदै नेपाल टेलिकमले राष्ट्र निर्माणमा पनि सक्रिय भूमिका निर्वाह गरेको छ। यसरी, नाफा र सार्वजनिक उत्तरदायित्वबीच सन्तुलन कायम गर्दै सेवा विस्तार, डिजिटल समावेशीकरण र दिगो विकासमा केन्द्रित कम्पनीको यात्रा "राष्ट्र निर्माण हाम्रो लक्ष्य" भन्ने प्रतिबद्धताको स्पष्ट स्वरूप हो।

## ग्राहक सेवामा समर्पित

मुलुकको कुनाकाप्चासम्म सर्वसुलभरुपमा गुणस्तरीय दूरसञ्चार सेवा प्रदान गरी कम्पनीलाई राष्ट्रको स्तरीय सेवा दिने व्यावसायिक संस्थाको रुपमा कायम राख्न "ग्राहक सेवामा समर्पित" भन्ने मूल्य मान्यतालाई आत्मसाथ गर्दै ग्राहकहरुको बदलिँदो आकांक्षालाई पूरा गर्नको लागि कम्पनी सदैव कटिबद्द छ। उपभोक्ताहरुको सञ्चार सम्बन्धी सम्पूर्ण आवश्यकताहरुलाई पूर्ति गर्दै आइरहेको परिप्रेक्षमा "उच्चस्तरीय ग्राहक सेवा" नै कम्पनीको व्यावसायिक सफलताको मुख्य आधारशिला हो भन्ने विश्वास कम्पनीले लिएको छ।

## पारदर्शिता

ग्राहक केन्द्रित सोच, गुणस्तरीय सेवालाई प्राथमिकतामा राखेर ग्राहक नै संस्थाको केन्द्रबिन्दु हो भन्ने मान्यतालाई आत्मसात् गर्दै कम्पनीले देशभर भरपर्दो, पहुँचयोग्य र गुणस्तरीय दूरसञ्चार सेवा विस्तार गर्दै आएको छ। बदलिँदो समय, प्रविधि र ग्राहक व्यवहारलाई नजिकबाट बुझ्दै कम्पनीले आफ्ना सेवा, प्रणाली र कार्यशैलीलाई निरन्तर परिमार्जन गर्दै आएको छ। सञ्चार तथा सूचना प्रविधि आजको आवश्यकता मात्र नभई विकासको आधार समेत बनेको वर्तमान सन्दर्भमा, उपभोक्ताको विश्वास जित्ने उच्चस्तरीय ग्राहक सेवा नै दीगो व्यावसायिक सफलताको मुख्य आधार हो भन्ने विश्वास कम्पनीको मार्गदर्शक सिद्धान्त बनेको छ। "ग्राहक सेवामा समर्पित" भन्ने नाराका साथ ग्राहकको सन्तुष्टि, भरोसा र दीर्घकालीन सम्बन्धलाई प्राथमिकतामा राख्दै भविष्यतर्फ थप जनकल्याणकारी सेवामुखी संस्थाको रूपमा परिणत हुनेगरी कम्पनी अगाडि बढिरहेको छ।

## नवप्रवर्तनमार्फत सेवा रूपान्तरण

समय, प्रविधि र ग्राहक व्यवहारमा आइरहेका तीव्र परिवर्तनसँगै सेवाग्राहीहरूको बढ्दो अपेक्षालाई सम्बोधन गर्न कम्पनीले विश्वस्तर मा प्रचलित नविनतम प्रविधिको अवलम्बन गर्दै आफ्ना सेवाहरूलाई निरन्तर आधुनिकीकरण गर्दै आएको छ। साधारण टेलिफोनदेखि मोबाइल सेवा, ब्रोडब्यान्ड इन्टरनेट तथा विविध value added सेवासम्मलाई आधुनिक, भरपर्दो र ग्राहक-मैत्री बनाउने कार्यमा कम्पनी सक्रिय रूपमा संलग्न छ।

यसै क्रममा कम्पनीले फोरजी एलटिई (4G/LTE) सेवा देशका सातै प्रदेश अन्तर्गतका ७७ वटै जिल्लाका ७४६ स्थानीय तहमा विस्तार गरिसकेको छ भने बाँकी क्षेत्रमा समेत सेवा विस्तारको कार्य तीव्र गतिमा अगाडि बढिरहेको छ। त्यसैगरी एउटै फाइबरमार्फत भ्वाइस, डाटा र टेलिभिजन सेवा उपलब्ध गराउने एफटिटिएच (FTTH) सेवा हाल सबै ७७ जिल्लामा सफलतापूर्वक विस्तार भइसकेको छ।

डिजिटल भुक्तानी प्रणालीलाई प्रवर्द्धन गर्ने उद्देश्यले कम्पनीले राष्ट्रिय वाणिज्य बैंकसँगको सहकार्यमा "नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड" स्थापना गरी "नमस्ते पे" सेवा सञ्चालनमा ल्याएको छ। साथै कम्पनीका ग्राहक सेवा केन्द्रहरूमा क्यूआर (QR) कोडमार्फत भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ।

सेवाग्राही-केन्द्रित सोचलाई थप सशक्त बनाउँदै उच्च गुणस्तरीय सेवा प्रदान गर्ने र व्यावसायिक रूपमा थप प्रतिस्पर्धी बन्ने लक्ष्यसहित कम्पनीले नवीन प्रविधिको प्रयोगलाई निरन्तर प्राथमिकतामा राख्दै आएको छ।



# ग्राहक सेवा र सम्बन्ध

"ग्राहक सेवामा समर्पित" भन्ने मूल्य मान्यतालाई आत्मसात गर्दै ग्राहकहरूको बदलिँदो आकांक्षा तथा कम्पनीबाट ग्राहकहरूले गर्ने अपेक्षाहरूलाई पूरा गर्नको लागि उत्कृष्ट ग्राहक सेवा प्रदान गर्न कम्पनी सदैव कटिबद्ध रहेको छ । २ करोड १५ लाख भन्दा बढी ग्राहकहरुको साथमा नेपाल टेलिकम मुलुककै सबैभन्दा ठूलो दूरसञ्चार सेवाप्रदायक हुन सफल भएको छ। कम्पनीको नारा "राष्ट्र निर्माण हाम्रो लक्ष्य" प्राप्तिको लागि ग्राहकवर्गहरुबाट कम्पनीलाई पर्याप्त सहयोग र सद्भाव प्राप्त भईरहेको र ग्राहकहरुको साथ साथमा कम्पनी आफ्नो लक्ष्य प्राप्तिको लागि निरन्तर रुपमा अघि बढिरहेको छ। यसै सन्दर्भमा ग्राहकवर्गबाट प्राप्त मार्ग दर्शन, प्रतिक्रिया तथा सुझावहरू कम्पनीको प्रगतिका लागि महत्त्वपूर्ण सावित भएका छन् ।

ग्राहकवर्गको हित तथा सेवामा समर्पित रही देशभरि भरपर्दो दूरसञ्चार सेवाहरु उपलब्ध गराउने एउटा प्रगतिशिल संस्थाको रुपमा आफना ग्राहकवर्गहरुसँग सुमधुर सम्बन्ध स्थापना तथा विस्तार गर्न कम्पनी कटिबद्द छ । ग्राहकहरुले कम्पनीको बिक्री कक्ष तथा ग्राहक सेवा केन्द्रहरुसम्म नपुगी सेवा खरिद गर्न तथा प्याकेजहरु छनौट गर्न, रिचार्ज गर्न, गुनासाहरु दर्ता गर्न सक्ने गरी एस.एम.एस तथा वेबमा आधारित Self Care Portal, Mobile APP सञ्चालनमा ल्याइएको छ । साथै सामाजिक सञ्जाल मार्फत समेत ग्राहकहरूबाट प्राप्त गुनासा तथा सुझावहरूलाई कम्पनीले समयमै सम्बोधन गर्दै आईरहेको छ । ग्राहक महानुभावहरुसँग स्थापित सम्बन्धले उच्च गुणस्तरीय ग्राहक अनुभूति प्रदान गर्ने कम्पनीको संकल्पमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्ने विश्वास कम्पनीले लिएको छ।

## सूचना प्रवाह

आम उपभोक्ताहरुसँग नजिकको सम्बन्ध स्थापित गर्न, ग्राहक सन्तुष्टिमा बृद्धि गर्न, कम्पनीको सेवाप्रति ग्राहकहरुको विश्वास कायम गर्न, कम्पनीको व्यावसायिक पारदर्शिता र सफलता सुनिश्चित गर्न नियमित सूचना प्रवाहले अहम् भूमिका निर्वाह गर्दछ । कम्पनीले आफ्नो सेवा सुबिधाहरु उपभोग सम्बन्धी सचेतना जगाउन, सेवाहरुको बारेमा सु-सुचित गर्न तथा अन्य आवश्यक जानकारीहरु समयसापेक्ष उपलब्ध गराउन विभिन्न माध्यमहरु जस्तै - एफ.एम रेडियो, पत्र-पत्रिका, टेलिभिजन तथा सामाजिक सञ्जालहरुको ब्यापक प्रयोग गर्दै आएको छ।

❖ **दूरसञ्चार कार्यालय तथा ग्राहक सेवा केन्द्रहरु**

आम उपभोक्ताहरुलाई कम्पनीको सेवाहरुको बारेमा सु-सूचित गर्ने र सेवा खरिद तथा खरिद पश्चात आवश्यक सहयोग उपलब्ध गराउने उद्देश्यले मुलुकका बिभिन्न स्थानहरुमा रहेको दूरसञ्चार कार्यालय तथा ग्राहक सेवा केन्द्रहरु सञ्चालनमा रहेको छ।



❖ **रेडियो, टेलिभिजन तथा पत्रपत्रिकाहरु**

कम्पनीका सेवा सुविधाहरू उपयोग गर्ने सम्बन्धी सचेतना जगाउन, सेवाहरूको बारेमा सुसूचित गर्न तथा अन्य आवश्यक जानकारीहरू समय सापेक्ष रूपमा उपलब्ध गराउन एफ.एम.रेडियो, पत्रपत्रिका, टेलिभिजनजस्ता माध्यमहरू कम्पनीले व्यापकरूपमा प्रयोग गर्दै आएको छ। आम उपभोक्ताहरूसँग नजिक रहन यस्ता माध्यमहरूको भूमिका उल्लेख्य रहने देखिन्छ र यसलाई अझ प्रभावकारी बनाउने तर्फ कम्पनी क्रियाशील रहँदै आएको छ ।

❖ **कम्पनीको वेबसाइट तथा सामाजिक सञ्जालहरु**

सञ्चार तथा सूचना प्रविधिमा भएको नविनतम बिकासकासाथै यस्को बढ्दो पहुँच र प्रयोगको कारण आम नागरिकहरुको सूचना ग्रहण गर्ने ब्यवहारमा आमुल परिवर्तन आएको छ। परिवर्तित सन्दर्भमा नेपाल टेलिकमले सूचना प्रवाहका लागि आफ्नो वेबसाइट र सामाजिक सञ्जालहरूलाई प्रभावकारी माध्यमको रूपमा प्रयोग गर्दै आएको छ। स्मार्टफोन, कम्प्युटर, ल्यापटप तथा ट्याब्लेटजस्ता उपकरणहरूको प्रयोग निकै बढिरहेको परिप्रेक्ष्यमा वेबसाईट तथा सामाजिक संजाल मार्फत सूचना प्रवाह गर्नु व्यावसायिक रूपमा निकै प्रभावकारी हुँदै आइरहेको छ। यसै कुरालाई मनन गर्दै आफ्नो वेवसाइट तथा आधिकारिक सामाजिक सञ्जालहरू (फेसबुक, ट्विटर, इन्स्टाग्राम, लिंक्डईन, युट्युब, भाइबरकम्युनिटी, टिकटक आदि) मार्फत ग्राहकवर्गलाई सूचना प्रदान गर्ने र गुनासो सुन्ने तथा सेवा प्रवाह गर्ने तर्फ कम्पनी क्रियाशील रहँदै आएको छ । कम्पनीको वेबसाईट मार्फत प्रदान गरिने सेवालाई अझ प्रभावकारी बनाउन वेबसाईटलाई व्यापक परिमार्जन गरी संचालन गरिएको छ। कम्पनीको वेबसाईट तथा आधिकारिक सामाजिक संजालहरूको लिंक निम्न अनुसार रहेका छन्।

Website: www.ntc.net.np
Facebook:Nepaltelecom.NT
Twitter: ndcl_nt
Instagram: nepaltelecomofficial
YouTube: NepalTelecom
LinkedIn: Nepal Telecom
Viber: NepalTelecom
TikTok: nepal_telecom

❖ **एसएमएस**

कम्पनी सम्बन्धी विविध जानकारी तथा सूचनाहरुका साथै सार्वजनिक महत्वका सन्देशहरु ग्राहकहरूसम्म छिटो, प्रभावकारी, र प्रत्यक्ष रूपमा पुर्याउनका लागि कम्पनीले एसएमएस सेवाको प्रयोग गर्दै आएको छ। कुनै प्राविधिक समस्या वा मर्मतको कारण सेवा प्रभावित हुनसक्ने र मर्मत संभार पश्चात सेवा सुचारु भएको जानकारीका साथै कम्पनीले सार्वजनिक गर्ने बिभिन्न आकर्षक अफरहरुको जानकारि प्रदान गर्न यो सेवा प्रभावकारी देखिएको छ।

❖ **मोबाइल एप**

कम्पनीले नेपाल टेलिकम एप (NT APP) मार्फत विभिन्न सेवा सुविधाहरूको बारेमा ग्राहकवर्गलाई जानकारी गराउँदै आइरहेको छ। ग्राहकवर्गलाई सहज रूपमा सेवा तथा सेवाको जानकारी उपलब्ध गराउन मोबाइल एपमा नियमित रुपमा विभिन्न नयाँ सुविधाहरू थप गर्दै यस्लाई थप परिस्कृत बनाउँदै लगिएको छ। मोबाइल एप मार्फत नेपाल टेलिकमका जीएसएम, पीएसटीएन, एडीएसएल, एफटिटिएच लगायत अन्य सेवाहरूको वारेमा जानकारी प्राप्त गर्न, प्याकेजहरू खरिद गर्न, सेवा खपत सम्बन्धी जानकारी लिन, बिल तिर्न लगायत अन्य धेरै सेवा सुविधाहरू उपयोग गर्न सकिन्छ। यो एप Google Play Store



र iOS APP Store मा उपलव्ध रहेको छ। ग्राहक वर्गको सहजताको लागि नेपाल टेलिकमको मोबाइल, वेबसाईट तथा नेपाल सरकारका वेबसाइट (.gov.np) प्रयोग गर्दा खपत हुने डाटामा कुनै शुल्क नलाग्ने व्यवस्था गरिएको छ।

❖ **प्रवक्ता र सूचना अधिकारी**

कम्पनीले आफ्नो सेवा सुविधाहरु, योजनाहरु र नयाँ परियोजनाहरु लगायत कम्पनीसँग सम्बन्धित सार्वजनिक महत्वका अन्य जानकारीहरु नियमित रुपमा प्रवक्ता मार्फत सार्वजनिक गर्ने गरेको छ। पत्रकार र सञ्चारकर्मीहरुसँग समन्वय गरी कम्पनी र जनताबीचको सम्पर्क स्थापना गर्न तथा कम्पनी सम्बन्धी भ्रमपूर्ण समचारहरुको खण्डन गरी कम्पनीको सकारात्मक छवि निर्माण गर्न प्रवक्तको भूमिका अहम् हुने विश्वास कम्पनीले लिएको छ। यसका साथै सूचानाको हक सम्बन्धी ऐन, २०६४ ले निर्दिष्ट गरे बमोजिम कम्पनीले आफ्नो कार्यालयमा रहेको सूचना प्रवाह गर्ने प्रयोजनको लागि सूचना अधिकारीको व्यवस्था गरेको छ। नागरिकको सूचानाको हकको सम्मान र संरक्षण गर्न, नागरिकलाई सही सूचना प्रवाह गर्न, कम्पनीको काम कारबाही पारदर्शी बनाउनुकासाथै कम्पनीप्रति ग्राहकवर्ग तथा नागरिकको भरोसा र सहभागिता बढाउन सूचना अधिकारीको भूमिका महत्वपूर्ण हुने विश्वास कम्पनीले लिएको छ।

## ग्राहक सेवा केन्द्र

नेपाल टेलिकमले आफ्ना सेवा र सुविधा सम्बन्धी जानकारी ग्राहक सेवा केन्द्रहरु मार्फत उपलब्ध गराउदै आएको छ। कम्पनीले आफ्नो सफलताको रुपमा ग्राहक आधार वृद्धि एवं प्रभावकारी ग्राहक सेवालाई मानकको रुपमा लिँदै आएको छ। सोही अनुरुप विश्व बजारमा स्थापित भएका नविनतम् प्रविधिको अबलम्बन गरी ग्राहक वर्गको रुचि एवं चाहना बमोजिमका दूरसञ्चार सेवा प्रदान गर्दै आएको छ। ग्राहकवर्गको गुनासो तथा जिज्ञासालाई प्रभावकारी रुपमा सम्बोधन गर्न च्याटवोट, आइभिआर, युएसएसडि, सामाजिक सञ्जाल, वेवसाइट आदिको उच्चतम प्रयोग गर्दै आएको छ। यसका अतिरिक्त ७७ जिल्ला स्थित कम्पनीका कार्यालयहरुबाट ग्राहक सेवा प्रदान गरिनुका साथै गुनासो व्यवस्थापन समेत गर्ने गरिएको छ।

## आयका नयाँ स्रोतहरु पहिचान

कम्पनीले उपलव्ध गराउँदै आएका विभिन्न सेवाहरू जस्तै वायरलाइन सेवा, वायरलेस सेवा, एसएमएस सेवा, ब्रोडब्याण्ड इन्टरनेट सेवा, लिज्डलाइन सेवा, अन्तरआवद्धता सेवा, अन्तर्राष्ट्रिय कल सेवा, भ्यालु एडेड सेवा आदि कम्पनीका आयका मुख्य स्रोतहरू हुन् । जस अन्तर्गत साधारण तथा मोवाइल टेलिफोनबाट हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्वाइस कलहरु, विदेशी पर्यटकले नेपाल भ्रमण गर्दा वा नेपाली नागरिकले विदेश भ्रमण गर्दा प्रयोग गर्ने रोमिङ सेवा, मोवाइल तथा एफटिटिएच डाटा सेवा, एसएमएस सेवा, एनटिटिभि सेवा लगायत भ्यालु एडेड सेवाहरु आयका प्रमुख स्रोतहरु हुन्। बिभिन्न संघ-संस्थाहरुले आफ्नो उपकरणहरुबीच सम्पर्क स्थापित गर्न प्रयोग गर्दै आएको एम-टु-एम सेवा कम्पनीको आयको नयाँ स्रोतको रुपमा स्थापित हुँदै गएको छ। पूर्वाधार सहप्रयोगको नीति अनुरुप अन्य दूरसञ्चार सेवाप्रदायकहरूलाई टावर, अप्टिकल फाइबर लगायत भाडामा उपलबध गराई कम्पनीले आयका थप स्रोतहरु सृजना गरेको छ।

कम्पनीको कुल आम्दानी मध्ये सेवा बिक्रीबाट प्राप्त हुने आय ८८.७६ प्रतिशत र अन्य आम्दानी ११.२४ प्रतिशत रहेको छ। प्रायः सबै सेवाहरू अग्रिम भुक्तानी वा क्रेडिट लिमिटको रूपमा प्रदान गरि आसामी बाँकीको जोखिमलाई न्यूनिकरण गरिएको छ जसले गर्दा नगद प्रवाहमा समेत सकारात्मक प्रभाव परिरहेको छ। यस कम्पनीले जल विद्युत विकास क्षेत्रमा माथिल्लो तामाकोशी, त्रिशूली ३ बी, जल विद्युत लगानी तथा विकास कम्पनीमा लगानी गरी आयका श्रोतहरूलाई विविधिकरण गरेको छ भने अन्य विधा तर्फ नागरिक स्टक डिलर कम्पनी लि. र नेपाल डिजिटल पेमेन्टस् कम्पनी लि. मा लगानी गरेको छ। यसै गरी कम्पनीले बाणिज्य बैक तथा राष्ट्रिय स्तरका विकास बैकहरूमा मुद्दति निक्षेप तथा डिवेञ्चरमा समेत लगानी गरी थप आय आर्जन गरिरहेको छ।

दूरसञ्चार सेवा प्रवाहलाई थप प्रभावकारी बनाउँदै लक्षित वर्गसम्म शिक्षा, स्वास्थ्य लगायतका सेवाहरू पुर्याउन सहयोगी भुमिका निर्वाह गरिरहेको छ। यसै सन्दर्भमा कम्पनीले आगामी दिनमा पनि अग्रणी स्थानमा रहिरहन ग्राहकको मागलाई सम्बोधन गर्न सक्ने आधुनिक सेवाहरू जस्तैः IoT (Internet of Things) अन्तर्गतका विभिन्न व्यावसायिक क्षेत्रहरू पहिचान गरी आवश्यक कार्य योजना तय गर्ने कार्य प्राथमिकतामा राखेको छ।

# कम्पनीको सफलताको आधार

## कम्पनीका सेवा तथा ग्राहकहरु

नेपाल टेलिकमले आफ्नो स्थापनाकालदेखिनै सदैव नविनतम प्रविधिहरुको अवलम्बन गर्दै आफ्ना ग्राहकवर्गहरुको सञ्चार सम्बन्धी सम्पूर्ण आवश्यकताहरु पुरा गर्न सुलभदरमा गुणस्तरीयर तथा भरपर्दो दूरसञ्चार सेवा देशव्यापी रुपमा उपलब्ध गराउँदै आएको छ । यस कार्यको लागि विभिन्न प्रविधिमा आधारित विविध सेवाहरु उपलब्ध गराउनुको साथै विश्व बजारमा उपलब्ध नविनतम प्रविधिमार्फत सेवाहरुलाई आधुनिकीकरण गर्ने कार्यमा कम्पनी सक्रिय रहँदै आएको छ।

विगत सय वर्षदेखि देशको दूरसञ्चार क्षेत्रको विकास र विस्तारमा कटिबद्ध यस संस्थाप्रति स्थापनाकालदेखिनै ग्राहकवर्ग तथा शुभेच्छुकहरुको अपार सहयोग र सद्भाव प्राप्त भइरहेको छ। २ करोड १५ लाखभन्दा बढी ग्राहकहरूको साथले नेपाल टेलिकम मुलुककै अग्रणी दूरसञ्चार सेवा प्रदायक हुन सफल भएको छ र कम्पनी आफ्नो लक्ष्य प्राप्तिको लागि अटुटरुपमा अधि बढिरहेको छ। यस अवधिमा कम्पनीले अवलम्बन गरेका प्रविधिहरु, उपलब्ध गराउँदै आएका विविध सेवाहरु तथा उपभोक्ताहरुले देखाउनुभएको भरोसा नै कम्पनीको सफलताको मुख्य आधार हो।

## आधारभूत टेलिफोन तथा एफटिटिएच भ्वाइस सेवा

❖ सन् १९१३ मा काठमाण्डौमा पहिले टेलिफोन लाइनको स्थापना गरी आधारभूत टेलिफोन सेवाको सुरुवात गरेको कम्पनीले सेवा विस्तारको क्रमलाई निरन्तरादिँदै इ.सं.१९८३ मा दक्षिण एसियामै पहिलो पटक पूर्ण स्वचालित डिजिटल प्रणालीमा आधारित दूरसञ्चार सेवा प्रदान गरेको हो। कम्पनीले हाल देशभरि विभिन्न एक्सचेन्जहरू मार्फत सेवा प्रदान गर्दै आइरहेको छ। तत्कालीन TDM based प्रणालीबाट IP Based प्रणालीमा रूपान्तरण भई हाल IP based Soft-switch, IP Multimedia Sub-System, Media Gateway हरू संचालनमा रहेका छन् । IP प्रविधिमा आधारित Next Generation Network (NGN), IP Multimedia Sub-system तथा Access Gateway मार्फत Voice, Data, Television -Triple Play सेवा प्रदान गर्न सक्ने गरी प्रविधि रूपान्तरण भइसकेको छ । हाल TDM Migration परियोजना अन्तर्गत पुराना एक्स्चेन्जहरूलाइ Access Gateway ले प्रतिस्थापन गर्ने क्रम जारी रहेको छ । उक्त प्रविधिबाट हाल Copper-based PSTN तथा Optical Fiber-based FTTH सेवा संचालनमा आएका छन् । २०८२ साल आश्विन मसान्तसम्म आधारभूत स्थानीय टेलिफोनतर्फ कम्पनीका ८१ हजार उपभोक्ता रहेका छन् भने FTTH सेवा तर्फ २१,९५,२८४ लाईन क्षमताको FTTH नेटवर्क विस्तार भई ३,१५,८०२ डाटा, ३,५५,९४७ भ्वाइस र ६८,६०१ IPTV गरि कुल ८,१८,२०१ (FTTH Subscription) वितरण भएको छ।

आधारभूत स्थानीय टेलिफोन सेवामा उपलव्ध सुविधाहरू

- ❖ स्थानीय, राष्ट्रिय, अन्तर्राष्ट्रिय कल (Access code: ००,१४२४,१४२५,१४४५ आदि) सेवा
- ❖ कलर आई.डी.(CLIP)
- ❖ लकिङ्ग कोड (Locking Code)
- ❖ कल हण्टिङ्ग (Call Hunting)
- ❖ ३ पार्टी कन्फरेन्स (Three Party Conference)
- ❖ कल ट्रान्सफर (Call Transfer)
- ❖ कल वेटिङ्ग (Call Waiting)
- ❖ एब्रिभिएटेड डायलिङ्ग (Abbreviated Dialing)
- ❖ वेकअप कल (Wake-up Call)

## ग्रामीण क्षेत्रमा स्याटलाइट प्रविधि मार्फत दूरसञ्चार सेवा (VSAT Services)

दूरसञ्चार सेवा प्रदान गर्न कठिनाइ हुने अति दुर्गम र विकट भौगोलिक स्थानहरूका सेवाग्राहीहरूलाई पनि दूरसञ्चार सेवाको पहुँचमा ल्याउनको लागि कम्पनीले Satellite Backhaul मार्फत VSAT Service प्रदान गर्दै आइरहेको छ। लगानीको तुलनामा न्यून प्रतिफल हुने स्थानहरुमा समेत दूरसञ्चार सेवा उपलब्ध गराएर जनताको मन जित्न कम्पनी सफल भएको छ। वि.सं. २०३९ साल कार्तिक २ गते तदअनुसार १९अक्टोबर १९८२ मा सगरमाथा भू-उपग्रह केन्द्रको स्थापना भएसँगै लगातार रूपमा कम्पनीले यस किसिमको सेवा प्रदान गर्दै आईरहेको छ। यसका अतिरिक्त भूकम्प, बाढी, पहिरो लगायत अन्य प्राकृतिक प्रकोपको अवस्थामा समेत तत्काल संचार सेवा पुर्याई उद्वार कार्यमा सहयोग पुर्याउन Satellite प्रविधिको महत्वपूर्ण भुमिका रहँदै आएको छ।

## वायरलेस भ्वाइस सेवा

### जिएसएम प्रविधिको मोवाइल सेवा

नेपालमै पहिलो पटक जिएसएम मोबाइल सेवा नेपाल टेलिकमले मिति २०५६ साल बैशाख ३० गते काठमाडौंबाट विधिवत रूपमा सुरु गरेको हो । समय सापेक्षरूपमा GSM प्रविधिमा आएको विकासको कारण तेस्रो पुस्ता (3G) हुदैं हाल चौथो पुस्ताको नवीनतम प्रविधि 4G/LTE सेवा विस्तार गरिएको छ । 4G/LTE सेवा मिति २०७३ पुष १७ (२०१७/०१/०१) गते काठमाडौं र पोखराबाट सुरुवात गरिएको थियो। हाल देशका ७७ वटै जिल्लामा ४,४८० eNodeB टावर जडान गरी ७४९ स्थानिय निकायमा यो सेवा विस्तार भएको छ। २०८२ आश्विन मसान्तसम्म नेपाल टेलिकमका २ करोड १८ लाख जिएसएम मोबाइलका

ग्राहक रहेका छन् । वायरलेस मोबाइल प्रविधि अन्तर्गत निम्न सेवाहरू उपलब्ध छन्ः

- ❖ प्रिपेड तथा पोष्टपेड सेवा
- ❖ एसएमएस सेवा
- ❖ विभिन्न प्रकारका भ्यालु एडेड सेवा
- ❖ इन्टरनेसनल रोमिंग सेवा
- ❖ फ्रेन्ड्स एंड फेमिली सेवा
- ❖ सिआरबिटि (CRBT)सेवा
- ❖ कल फरवार्ड, कल वेटिंग र कल होल्ड सेवा
- ❖ क्लोज युजर ग्रुप (CUG) सेवा
- ❖ भ्वाइस तथा डाटा प्याकेजहरू
- ❖ VoLTE सेवा
- ❖ अन्य सेवाहरू

साथै पाचौं पुस्ता 5G प्रविधि सेवाको जनवरी १, २०२२ देखि सुरु गरिएको परक्षिण सम्पन्न गरिएको छ।

### ईन्टरनेट सेवा

सन् २००० को मे महिनाबाट नेपाल टेलिकमले स्थानीय टेलिफोनबाट चल्ने तत्कालीन समयको नवीनतम डायलअप प्रविधिमा आधारित इन्टरनेट सेवाको सुरुवात गरेको थियो। प्रविधिमा भएको विकाससँगै कम्पनीले हाल विश्वब्यापी रूपमा प्रचलित नवीनतम तार सहित प्रविधि अन्तर्गत FTTH, ADSL, Leased line सेवा प्रदान गरिरहेको छ ।हाल कम्पनीले विभिन्न प्रविधि मार्फत प्रदान गरेका इन्टरनेट सेवाहरू निम्नानुसार रहेका छन्ः

## वायरलाइन ईन्टरनेट सेवा

### लिज्ड लाइन सेवा

ठुलो व्यापारिक संस्थाहरूलाई लक्षित गर्दै कम्पनीले अप्टिकल फाइबर र कपर लिज्ड सर्किट प्रयोग गरी Dedicated Data Lease प्रविधिको लिज्ड लाइन सेवाको सुरुवात गरेको हो। बढी ब्याण्डविथ आवश्यक पर्ने ग्राहकहरूलाई अप्टिकल फाइबर प्रयोग गरी लिज्ड सेवा प्रदान गर्ने क्रम पनि बढ्दो रूपमा रहेको छ।

कपर लिज्ड सर्किट मार्फत न्यूनतम ५१२ केबीपीएस क्षमताको सेवा उपलब्ध गराइरहेकोमा हाल अप्टिकल फाइबर मार्फत न्यूनतम २ एमबीपीएस क्षमता उपलब्ध गराउँदै आइरहेको छ । २०८२ आश्विन महिनासम्म Internet Leased line तथा Intranet Leased Line का कुल ग्राहक संख्या २,१५८ रहेका छन् । कम्पनीले ISP (Internet Service Provider) हरूलाई E1 लिज्ड सर्किट र अन्तर्राष्ट्रिय व्यापारिक र कुटनितिक निकायहरुलाई IPLC (International Private Leased Circuit) पनि प्रदान गरिरहेको छ।

### ADSL इन्टरनेट सेवा

कपर केबुल मार्फत सञ्चालित आधारभुत टेलिफोन सेवा अन्तर्गत भ्वाइस सेवाको अलावा ADSL प्रविधिमा आधारित ब्रोडब्याण्ड इन्टरनेट सेवा सञ्चालन गर्दै आएकोमा प्रविधिको विकास र ग्राहकहरुको आवश्यकतालाई सम्बोधन गर्न ADSL प्रविधि पर्याप्त नभएकोले यस प्रविधिबाट सेवा उपभोग गरिरहेका सबै ग्राहकहरुलाई अप्टिकल फाइवर मार्फत प्रवाह हुने उच्चगतिको इन्टरनेट सेवामा रुपान्तरण गर्ने उद्देश्य कम्पनीले लिएको छ। ADSL प्रविधिमा आधारित ब्रोडब्याण्ड इन्टरनेट सेवा उपभोग गरिरहेकोमा ग्राहकहरुलाई अप्टिकल फाइवर मार्फत उच्चगतिको इन्टरनेट सेवाको FTTH प्रविधिमा रुपान्तरण गर्ने कार्य अन्तिम चरणमा रहेको छ।

### FTTH इन्टरनेट सेवा

ब्रोडब्यान्ड इन्टरनेट सेवाको बढ्दो मागलाई सम्बोधन गर्न कम्पनीले कपर केबुलमा आधारित पुरानो नेटवर्कलाई अप्टिकल फाइवर मार्फत प्रतिस्थापन गरी उच्च गतिको FTTH सेवा संचालनमा ल्याएको छ । २०८२ साल आश्विन मसान्तसम्म आधारभूत स्थानीय टेलिफोनतर्फ कम्पनीका ८१ हजार उपभोक्ता रहेका छन् भने FTTH सेवा तर्फ २१,९५,२८४ लाईन क्षमताको FTTH नेटवर्क विस्तार भई ३,१५,८०२ डाटा, ३,५५,९४७ भ्वाइस र ६८,६०१ IPTV गरि कुल ८,१८,२०१ (FTTH Subscription) वितरण भएको छ।

### SIP-PBX सेवा

व्यावसायिक संघ-संस्था तथा कार्यालय प्रयोजनको लागि लक्षित गरिएको यो सेवा कम्पनीले २०७५ बैशाख देखि संचालनमा ल्याएको हो। यस सेवामा हालसम्म १२ हजार भन्दा बढी संस्थागत ग्राहकहरू छन् । कपर नेटवर्कमा आधारित पुरानो प्रविधिमा चल्ने PABX तथा PRI Line लाई प्रतिस्थापन गर्ने उद्देश्यले ल्याईएको यस सेवाबाट Broadband Intranet/Internet Leased line सेवा उपलब्ध हुनुका अतिरिक्त एकभन्दा बढी टेलिफोन लाइन एउटै फाइवरको माध्यमबाट संचालन गर्न सकिन्छ।

### वायरलेस इन्टरनेट सेवा

कम्पनीले वायरलेस सेवातर्फ GSM र 4G/LTE प्रविधि मार्फत वायरलेस इन्टरनेट सेवा उपलब्ध गराउँदै आएको छ। २०८२ आश्विन मसान्तसम्म GSM 2G/3G/4G प्रविधि मार्फत वायरलेस इन्टरनेट सेवा उपयोग गर्ने ग्राहकहरुको संख्या २ करोड १० लाख रहेको छ। Fixed Broadband को पहुँच नपुगेका तर 4G/LTE को Coverage भएका स्थानहरूका लागि Namaste Wifi सेवा समेत उपलब्ध गरइएको छ।

**भ्यालु एडेड सर्भिस (VAS)ः**

आधारभूत दूरसञ्चार सुविधा (जस्तैः भ्वाइस, डाटा तथा एसएमएस) को अलावा ग्राहकवर्गलाई कम्पनीले अतिरिक्त सेवाको रुपमा वायर लाइन तथा वायरलेस प्रविधि तर्फ निम्न बमोजिमका भ्यालु एडेड सेवाहरू उपलब्ध गराउँदै आइरहेको छ।

### वायरलाइनतर्फ

**❖ टोल फ्री नम्बर सेवा** (**Toll Free Number Service**)

यो सेवा प्रयोग गेरर संघ संस्थाहरूले देशभरिका आफ्ना कार्यालय तथा शाखाहरूमा एउटै टोलफ्री नम्बर मार्फत कल प्राप्त गर्न सक्दछन्। रिभर्स चार्जिङ्ग अर्थात कल उठाउने पक्षले कल वापतको शुल्क तिर्ने भएको हुँदा ठुलो कार्यालयहरूलाई बढीभन्दा बढी ग्राहकहरू समक्ष आफ्नो पहुँच पुर्याउन र एकीकृत सेवा प्रदान गर्न यो सेवा निकै लाभदायक हुन्छ। २०८२ आश्विन मसान्तसम्म यस सेवाका ग्राहक १,५९६ रहेका छन्। साथै ग्राहकवर्गको सुविधाको लागि नेपाल टेलिकम बाहेक अन्य सेवा प्रदायकको नेटवर्कबाट समेत कल गर्न सकिने ब्यवस्था मिलाइएको छ।

**❖ नोटिस बोर्ड सेवा** (**Notice Board Service**)

व्यावसायिक संघ-संस्था, स्कुल, कलेज आदिलाई आफ्नो ल्याण्डलाइन नम्बरमा कल गर्ने व्यक्तिहरूलाई एउटै सन्देश पटक-पटक दिनुपर्ने अवस्थामा यो सेवा प्रभावकारी देखिएको छ। यो सेवाका ग्राहकले आफ्नो नोटिस बोर्डमा राख्ने सूचना र सन्देशहरू आफैंले फोन मार्फत रेकर्ड गर्न सक्ने र सो नम्बरमा कल गर्ने व्यक्तिले उक्त सूचना सुन्न सक्छन्। सेवा प्रयोग गर्न थप उपकरण जडान गर्नु पर्दैन। यो सेवा व्यापारिक संघ-संस्थाहरूको उत्पादनहरूको जानकारी प्रदान गर्न, मौसम सम्बन्धी जानकारी दिन, स्कुल- क्याम्पसहरूले सूचना उपलब्ध गर्न, वायुसेवा कम्पनीहरूको उडान तालिका सम्बन्धी जानकारी दिन, विनिमयदर, राशिफल तथा breaking news आदि उपलब्ध गर्न उपयोगी रहेको छ।

**❖ Interactive Voice Response (IVR) सेवा**

यो सेवाबाट कुनै पनि व्यक्तिले आफ्नो परिचय (जस्तै परीक्षाको symbol number) डायल गरी कम्प्युटरकै माध्यमबाट स्वचालित रूपमा सो सम्बन्धी जानकारी लिन सक्दछ। हाल परीक्षाको नतिजा प्रकाशनमा यो सेवा आकर्षक देखिएको छ। हाल यो सेवा निम्न कोडहरूबाट उपलव्ध गराइएको छ :

- १६०० (SLC Result Enquiry)
- १६०१ (१०+२ Result Enquiry)
- १६०२ (TU Result Enquiry)
- NTTV सेवा

कम्पनीले FTTH प्रविधि मार्फत भ्वाइस तथा इन्टरनेट सेवा उपलव्ध गराईरहेकोमा १ जनवरी २०२१ देखि IPTV प्रविधिमा आधारित NTTV टेलिभिजन सेवा प्रदान गर्दै आएको छ। NTTV टेलिभिजन सेवालाई थप आकर्षक बनाउन मिति २० चैत्र २०८० देखि आ-ला-कार्ते प्रणालिमा आधारित महशुल दर लागु गरिएको छ। २०८२ आश्विन मसान्तसम्म यस सेवाका ग्राहक ७२,६११ रहेका छन्।

### वायरलेस तर्फ

वायरलेस तर्फ मुख्य रूपमा निम्न VAS सेवाहरू संचालनमा रहेका छन् :-

**मिस्ड कल एलर्ट** (**Missed Call Alert – MCA**)

सेवाग्राहीको नम्बर व्यस्त भएको अवस्थामा, मोबाइल स्वीच अफ भएको अवस्थामा र नेटवर्क उपलब्ध नभएको अवस्थामा कसैले कल गरेमा यो सेवा मार्फत ग्राहकले एसएमएस नोटिफिकेसन प्राप्त गर्न सक्ने व्यवस्था गरिएको छ। कम्पनीले हाल आफ्ना सबै मोबाइल प्रयोगकर्ताहरूलाई यो सेवा निःशुल्क उपलब्ध गराइरहेको छ। ग्राहकले उक्त सेवा हटाउन चाहेमा UNSUB MCA लेखेर १४०० मा एसएमएस गरी वा *१४००# डायल गरी यो सेवा हटाउन सक्दछन् भने पुनःसुचारु गर्न चाहेमा SUB MCA लेखेर १४०० मा एसएमएस गरी वा *१४००# डायल गरी यो सेवा सुचारु गर्न सक्दछन्।

### कलर रिंगब्याक टोन

(**Caller Ring Back Tone –CRBT**)

मोवाइल सेवा प्रयोगकर्ताहरु माभm कलर रिङ्ग ब्याक टोन (Caller Ring Back Tone, CRBT) अत्याधिक रुचाइएको भ्यास सेवा हो। जसमा कुनै व्यक्तिले अर्को व्यक्तिलाई फोन गर्दा उक्त व्यक्तिले फोन नउठाउनजेल सम्म बजिरहने धुन, गीत, जानकारीमुलक सन्देश वा Jingle नै CRBT सेवा हो। यस सेवा अन्तर्गत मोबाइल फोन प्रयोगकर्ताहरूले आफ्नो फोनको रिंग टोनलाई व्यक्तिगत बनाउन सक्छन्। यो सेवा प्रयोग गर्ने ग्राहकहरुले आफुलाई कल गर्ने व्यक्तिहरुलाई साधारण रिङ्ग टोनको सट्टा लोकप्रिय धुनहरू वा आफ्नो संस्थासँग सम्बन्धित धुन/सन्देशहरु सुनाउन सक्दछन्। यसले गर्दा कल गर्ने व्यक्तिले साधारण रिंग टोनको सट्टा कुनै विशेष गीत, संगीत, वा सन्देश सुन्न सक्छन्। यो सेवा विश्वका धैरै मोबाइल सेवा प्रदायकहरूले उपलब्ध गराउँछन्। प्रयोगकर्ताले CRBT सेवा मार्फत आफ्ना मनपर्ने गीतहरू, धुनहरू, वा ध्वनीहरू सेट गर्न सक्छन्, जसले गर्दा कल गर्ने व्यक्तिहरूलाई रमाइलो अनुभवका साथै जानकारीमुलक सन्देशहरु प्रदान गर्दछ। यो सेवा प्रायः मासिक शुल्कमा उपलब्ध हुन्छ र यसले प्रयोगकर्ताहरूलाई आफ्नो व्यक्तिगत रुचि अनुसार फोन अनुभवलाई अनुकूलित गर्न मद्दत गर्छ। नेपाल टेलिकमले VAS सेवा अन्तर्गत CRBT (Caller Ring Back Tone) सेवा २०७३ फाल्गुण देखि सञ्चालन गरिरहेको छ।

### शैक्षिक सेवा सामाग्री

मोबाइलको ब्यालेन्सबाट सेवा शुल्क काटिने गरी उपलब्ध गराईएका शिक्षा सेवामा ग्राहकहरूको निकै रुचि देखिदै आएको छ। भविष्यमा ग्राहकहरूको चाहनालाई मध्यनजर गर्दै विभिन्न किसिमका सेवाहरू थप गर्दै लैजाने उद्देश्य लिइएको छ।

### M2M सेवा

प्रबिधिको बिकाससँगै बजारमा नयाँ-नयाँ प्रकारका उपकरणहरु समेत उपलब्ध हुन गएको बर्तमान परिप्रेक्षमा मोवाइल सेवाको प्रयोग ब्यक्ति-ब्यक्ति बिच हुने सम्पर्कमा मात्र सिमित नभई उपकरण र ब्यक्ति तथा उपकरण-उपकरणहरु (Machine to Machine, M2M) बिच समेत हुन गएको पाईन्छ। यसै सन्दर्भमा कम्पनीले M2M Communication लक्षित गरी आफ्नो सेवाहरु बिस्तार गर्दै आएको छ। नेपाल विद्युत प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग लगायतका GPS/POS मेसिन प्रयोग गर्ने विभिन्न कम्पनीहरुलाई M2M सिम मार्फत सेवा प्रदान गर्दै आएको छ। कम्पनीले उपलब्ध गराउने M2M Communication लक्षित प्याकेजहरु लोकप्रिय रहेको र बिभिन्न संघ-संस्थाहरु यो सेवा प्रयोग गर्ने तर्फ आकर्षित भएको पाइएको छ।

### NT सूचनाको संसार सेवा

कम्पनीले निजी कम्पनीसँग साझेदारी गरी सुरु गरिएको "NT सूचनाको संसार" सेवालाई निरन्तरता दिएको छ। यो एक प्रकारको आईभीआर प्रणाली हो, जसमा नेपाल टेलिकमको मोबाइल मार्फत कल गरेर कृषि, स्वास्थ्य, समाचार, मौसम, प्राकृतिक प्रकोप सम्बन्धी विभिन्न जानकारी प्राप्त गर्न सकिन्छ। हाललाई यो सेवा निःशुल्क रूपमा उपलब्ध गराइएको छ। नेपाल टेलिकमको मोबाइल मार्फत ३२१०० मा कल गरेर निर्देशन पालना गरी नेपाली भाषामै यो सेवा उपयोग गर्न सकिन्छ।

### सोधपुछ तथा गुनासो दर्ता सेवा

कम्पनीले आफुले प्रदान गरेका विभिन्न सेवा सुविधाहरूको बारेमा ग्राहकसँग प्रत्यक्ष सम्बन्ध बनाई राख्न र सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउन सोधपुछ तथा गुनासो दर्ता सेवा उपलव्ध गराईरहेको छ।

क) फोन कल मार्फत उपलव्ध हुने

१४९८: मोबाइल सम्बन्धी सोधपुछ तथा गुनासो व्यवस्थापन

१९७: स्थानीय टेलिफोन (PSTN) नम्बर सोधपुछ

१९८: साधारण टेलिफोन तथा FTTH सेवा सम्बन्धी सोधपुछ तथा गुनासो व्यवस्थापन

ख) आइभीआर मार्फत उपलव्ध हुने

- ❖ १६०६ (PSTN Bill query)
- ❖ १६०७ (GSM and CDMA PUK query)
- ❖ १९८ (PSTN Phone, ADSL, Leased Line, FTTH Complain)
- ❖ १८८ (VOIP Call Complain)

ग) एक्सेस कोड १४२४ मार्फत सस्तो दरमा अन्तर्राष्ट्रिय कल सेवा

- ❖ एक्सेस कोड १४२४ मार्फत कम्पनीका विभिन्न सेवाहरू (PSTN, GSM, VSAT) बाट सस्तो दरमा अन्तर्राष्ट्रिय कल गर्न सकिने।
- ❖ यो सेवा प्रयोग गर्नका लागि १४२४ (०० को सट्टामा) पछि Country code र एरिया कोड सहितको फोन वा मोबाइल नम्बर राखेर कल गर्नु पर्दछ।

### अन्तरआवद्धता तथा अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा

#### अन्तर्राष्ट्रिय सेवा प्रदायकहरुसंगको अन्तरआवद्धता

नेपाल टेलिकमले विदेशमा जाने वा बस्ने नेपालीहरुलाई लक्षित गरी उपलब्ध गराएका विभिन्न सुविधाहरु मध्ये रोमिङ्ग सेवा निकै उपयोगी देखिएको छ।

#### अन्तर्राष्ट्रिय रोमिङ्ग सेवा तर्फ आ. ब. ०८१/८२ मा भएको प्रगति

- ❖ कम्पनीको २१ औं बार्षिकोत्सव (२०८१ साल माघ २२ गते) को दिन देखि लागु हुने गरी भारत बाहेक ४८ वटा मुलुकलाई चारवटा समूहमा बिभाजन गरी International Roaming Data Package उपलब्ध गराइएको। भारतको हकमा पहिले देखि नै International Roaming Data Package उपलब्ध रहेको।

- ❖ उपलब्ध International Roaming Data Package हरु मध्ये मिति २०८२/०३/१३ गते देखि लागू हुने गरी UAE को Data Package परिमार्जन तथा ज्यलन प्यलन र Malaysia मा समेत Data Package उपलब्ध गराइएको।

- ❖ समिक्षा अवधिमा कुल ५७ वटा Commercial Launch (CLL) सम्पन्न गरी रोमिङ्ग सेवा थप बिस्तार गरिएको।जस मध्ये १६ देशका १९ सेवा प्रदायकहरूसँग Outbound Prepaid Roaming सेवा बिस्तार समेत रहेको। आ. ब. ०८१/८२ को अन्त्य सम्म कुल ५५ देशका ७७ सेवा प्रदायकहरूसँग Prepaid Roaming सेवा उपलब्ध गराइएको। हाल सम्म कुल ५८ देशका ८५ सेवा प्रदायकहरूसँग Prepaid Roaming सेवा उपलब्ध गराइएको।

यस अनुसार हाल प्रिपेड ग्राहकहरुले अन्तर्राष्ट्रिय रोमिङ सेवा सक्रिय (Activate) गराउनु पर्ने अवस्था रहेकोमा अब भने सबै प्रपेड ग्राहकहरुको मोबाइल नम्बरमा अन्तर्राष्ट्रिय रोमिङ सेवा स्वतः उपलब्ध हुनेछ।

प्रि-पेड तथा पोष्ट-पेड मोवाइल सेवाका सेवाग्राहीले *१४१५# डायल गरे पश्चात उपलब्ध हुने मेनुबाट उपयुक्त बिकल्प छनौट गरी आफ्नो मोबाइलमा रोमिङ सेवा उपलब्ध भए र नभएको यकिन गर्न सकिन्छ । अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु भएका ग्राहकहरुले नेपाल टेलिकमकै सिम प्रयोग गरी विदेशमा पनि भ्वाइस, डाटा र एसएमएस सेवा प्रयोग गर्न सकिन्छ।

नेपाल टेलिकमले रोमिङ सेवा उपलब्ध गराएका भारत वाहेकका अन्य देशहरुमा यो सुविधा उपलब्ध हुनेछ। भारतमा भने यो सेवा उपयोग गर्नका लागि कम्पनीका ग्राहकहरुले नेपालमै रहदा आफ्नो मोबाइलबाट युएसएसडी कोड *१४१५# डायल गरी वा नेपाल टेलिकम एपमार्फत अन्तर्राष्ट्रिय रोमिङ सेवा सुचारु गर्न सकिन्छ। नेपालमा भएको समयमा रोमिङ सेवा एक्टिभ नगरी विदेश गएमा त्यहीबाट पनि यो सेवा सुचारू गर्नको लागि roaming.support@ntc.net.np मा इमेल मार्फत अनुरोध गर्न सकिन्छ।

## कल वाइपास नियन्त्रण

अन्तर्राष्ट्रिय आगमन कल तथा SMS बाइपास नियन्त्रण गर्नका लागि कम्पनीको राजस्व निगरानी तथा अनुगमन समितिको समन्वयमा नियमक निकाय नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो तथा अन्य दूरसञ्चार सेवा प्रदायकहरुसँग सहकार्य गर्ने गरिएको छ ।अनाधिकृत अन्तर्राष्ट्रिय आगमन कल तथा SMS बाइपास लगायतका अवैध क्रियाकलापहरु निरन्तर निगरानी गर्न कम्पनीले आन्तरिक monitoring tool र अन्तर्राष्ट्रिय बजारमा उपलब्ध Fraud Management System प्रयोग गर्ने गरेको छ । प्रविधिमा आधारित निगरानीका अतिरिक्त आवश्यक थप विश्लेषण गरी त्यस्ता अवैध क्रियाकलापहरु नियन्त्रण गर्ने प्रयासलाई निरन्तरता दिइएको छ। यी प्रयासहरुबाट कम्पनीको अन्तर्राष्ट्रिय सेवाको गुणस्तर वृद्धि हुनुका अलावा राजश्व वृद्धिमा समेत सकारात्मक प्रभाव परेको छ।

## विदेशवाट नेपालमा कल गर्न महशुल दर परिमार्जन

कम्पनीले अन्तर्राष्ट्रिय बजारको अवस्था तथा आफ्नो व्यापार प्रवर्द्धनको कार्ययोजना अनुसार समय-समयमा महसुल दर परिमार्जन गर्ने गरेको छ। यसै क्रममा नेपालीहरू वैदेशिक रोजगारीको लागि जाने मुलुकहरु लगायत अन्य मुलुकका सेवा प्रदायकहरूसँग सहकार्य गरी कम्पनीले ती मुलुकहरूबाट सहुलियत दरमा नेपालमा कल गर्न सक्ने व्यवस्था मिलाएको छ। यसबाट नेपालमा कल गर्दा ती मुलुकमा रहेका नेपालीहरुलाई प्रत्यक्ष रुपमा फाइदा पुग्ने गरेको छ।

## अर्थतन्त्रमा योगदान

रुपैयाँमा

| विवरण | ३१ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| अग्रिम आयकर | ६५०,०००,००० | १,७००,०००,००० |
| मूल्य अभिवृद्धि कर | ३,७६४,२९७,३२० | ३५४,६७४,५२६ |
| दूरसञ्चार सेवा शुल्क | ३,२३०,७३७,२१६ | ३,१४४,७९४,७३७ |
| स्वामित्व शुल्क | ६१४,८२३,२०७ | ६८४,१९३,३५३ |
| भन्सार शुल्क | १४२,९८१,६७६ | १७५,१२७,३०० |
| रोयल्टी र ग्रामिण दूरसञ्चार विकाश कोष | २,०५१,२५२,९८६ | २,१५८,०६०,१०९ |
| फ्रिक्वेन्सी दस्तुर | २,४२३,६४७,९५५ | २,०४६,५९५,००६ |
| लाभांश | ४,९४०,७९४,८०० | ६,५८७,७२६,४०० |
| सम्पत्ति कर | ५३,३७७,१३३ | ५८,२७३,७६६ |
| लाइसेन्स दस्तुर | ३००,००० | २०,२१०,०००,००० |
| स्रोतमा कर कट्टी (TDS) | ५८८,५०२,८९४ | १,४१८,७७२,५७५ |
| **जम्मा** | **१८,४६०,७१५,१८७** | **२८,४५५,६९७,३८५** |

कम्पनीले देशको अग्रणी व्यावसायिक संस्थाको रूपमा आफ्नो चीरकालदेखिको भूमिकालाई निरन्तरता दिँदै समीक्षा अवधिमा पनि १८ अर्व ४६ करोड रुपैयाँ राष्ट्रिय अर्थतन्त्रमा योगदानमा गरेको छ। उक्त योगदान देशको आर्थिक वर्ष २०८१।८२ को वार्षिक पुँजीगत बजेटको ५.२४ प्रतिशत हुन आँउछ। कम्पनीले फ्रिक्वेन्सी दस्तुर वापत रु २ अर्ब ४२ करोड, स्रोतमा कर कट्टी वापत रु ५८ करोड, दूरसञ्चार सेवा शुल्क वापत रु ३ अर्ब २३ करोड, अग्रिम आयकर वापत रु ६५ करोड, रोयल्टी र ग्रामीण दूरसञ्चार विकास कोषमा योगदान वापत रु २ अर्ब ५ करोड, मू. अ. कर वापत रु ३ अर्व ७६ करोडभन्दा बढी रकम सरकारी कोषमा योगदान गरेको छ। यसरी सरकारी कोषमा गरिएको नगद भुक्तानी बाहेक कम्पनीले प्रत्यक्ष एवं परोक्ष रूपमा रोजगारी सिर्जना गर्ने, देशभर आफ्नो सेवाहरूको सुचारु सञ्चालन मार्फत अर्थतन्त्रलाई गतिशील राख्नका लागि अत्यावश्यक मानिएको दूरसञ्चार पूर्वाधार प्रदान गर्ने लगायतका भूमिकामार्फत देशको अर्थतन्त्रलाई गतिशील र प्रगतिमुखी बनाउन योगदान गरेको छ।

## विगत एक दशकको योगदान

कम्पनीले विगतको दशकमा राष्ट्रिय ढुकुटीमा जम्मा रु २८८ अर्व ७२ करोडको योगदान गरेको छ। यो देशको आर्थिक वर्ष २०८१।८२ को कुल ग्राहस्थ उत्पादन (GDP) को ४.७३ प्रतिशत हुन आउँछ। कम्पनीले उक्त अवधिमा अनुमतिपत्र वापत ४२ अर्व ८३ करोड, फ्रिक्वेन्सी दस्तुर वापत रु १३ अर्व ५२ करोड, रोयल्टी तथा ग्रामीण विकास कोष योगदान वापत रु २२ अर्व ४४ करोड, अग्रीम कर वापत रु ४६ अर्व ५९ करोड,

मु. अ. कर वापत रु ४० अर्व ४८ करोड, दूरसञ्चार सेवा शुल्क वापत रु ३५ अर्व ३३ करोड, स्वामित्व दस्तुर वापत रु ६ अर्व १५ करोड, भन्सार वापत रु ४ अर्व ४० करोड, सम्पत्ति कर रु ५१ करोड भुक्तानी गरिएको छ। साथै कम्पनीले गरेको मुनाफाबाट ६२ अर्व ६ करोड लाभांश नेपाल सरकारलाई भुक्तानी गरेको छ।

विगत एक दशकको योगदान (रु. अर्ब)




| Particulars | Total |
|---|---|
| Advance Tax including withholding tax | 46,596,425,050 |
| Value Added Tax-Collection Deposited | 40,480,621,270 |
| Telecom Service Charge- Collection Deposited | 35,339,158,428 |
| Ownership Fee- Collection Deposited | 6,157,433,291 |
| Custom duty -Paid on import | 4,400,181,500 |
| Royalty and RTDF -Liability Paid | 22,442,926,833 |
| Frequency Fee | 13,522,877,410 |
| Dividend | 62,066,213,679 |
| Property Tax | 518,503,360 |
| Licence Fee | 42,835,784,500 |
| Tax Deducted at Source (TDS) | 14,365,224,722 |

## प्राविधिक रुपान्तरणमा योगदान

नेपाल टेलिकमले विश्व बजारमा भएको प्रविधिको विकासलाई ग्रहण गर्दै नवीनतम प्रविधिहरुको प्रयोगको व्यावसायिकरण मार्फत देशको प्रविधिको रुपान्तरणमा महत्वपूर्ण योगदान पुर्‍याउँदै आएको छ। आधुनिक सञ्चार तथा सूचना प्रविधिको प्रयोग मार्फत नेपाली समाजमा डिजिटल रूपान्तरणको आधार तयार गर्न नेपाल टेलिकमले अग्रणी भूमिका निर्वाह गरेको छ। फलस्वरुप देशले आर्थिक, सामाजिक र प्राविधिक क्षेत्रमा ठूलो फड्को मारेको छ।

सन् १९९९ मा GSM प्रविधि भित्र्याएर देशको दूरसञ्चार सेवामा क्रान्तिको थालनी गरेको कम्पनीले 3G सेवाको प्रवाह मार्फत डाटा सेवाको गुणस्तरमा सुधार गर्दै देशभर इन्टरनेटको पहुँच विस्तार गर्न सफल भयो । 4G/LTE सेवाको सुरुवातसँगै उच्च गतिको मोबाइल इन्टरनेट सेवाले स्मार्टफोन प्रयोगकर्ताको आवश्यकता पूरा गर्न सहयोग गरेको छ। कम्पनीले 5G सेवाको परीक्षण सम्पन्न गरी नेपालमा प्रविधिको भविष्यको आधारशिला तयार गरेको छ। ADSL जस्तो पुरानो प्रविधिबाट हुने डाटा सेवाको प्रयोगलाई एउटै लाइनबाट एकै पटक गुणस्तरीय टेलिफोन, उच्च गतिको ईन्टरनेट र टेलिभिजन (NTTV) समेत चलाउन सकिने FTTH मा रुपान्तरण गरी प्रविधिको रुपान्तरण यात्रालाई कम्पनीले निरन्तरता दिँदै आएको छ। देशभर अप्टिकल फाइबर सञ्जाल तयार गरी राष्ट्रिय सूचना महामार्ग (National Information Highway) को निर्माणले उच्च गतिको डाटा सेवा प्रयोगलाई सम्भव तुल्याएको छ। नेपाल सरकारको डिजिटल नेपाल अभियानलाई साकार पार्न कम्पनीले प्राविधिक आधार तयार गरेको छ भने निजी क्षेत्रसँग सहकार्य गरी डिजिटल सेवाहरूको विस्तारलाई निरन्तरता दिएको छ। फलस्वरुप ई-गभर्नेन्स, ई-कमर्स र डिजिटल भुक्तानी सेवाहरूको विकासका साथै सूचना प्रविधिमा आधारित नयाँ उद्यमहरूको स्थापना सहज भएको छ। समीक्षा अवधिमा प्रविधिको रुपान्तरण तर्फ कम्पनीले हासिल गरेको प्रगति निम्नानुसार रहेको छः

२०८२ आषाढ मसान्त सम्ममा कुल २१,९५,२८४ FTTH लाइन वितरण गर्न सकिने पूर्वाधार नेटवर्क विस्तार गरी ७७ जिल्लाका विभिन्न स्थानीय तहमा कुल ४,८१,८५५ लाइन Unique CPE मार्फत FTTH सेवा वितरण गरिएको छ। सो मध्ये FTTH Voice प्रयोगकर्ता ३,९९,६५३ FTTH Data प्रयोगकर्ता ३,५५,९४७ र NTTV प्रयोगकर्ता ६८,६०१ रहेका छन्। FTTH सेवा देशका सबै जिल्लाहरुमा गत आर्थिक वर्षमानै पुगिसकेको छ। ७५३ मध्ये ३६१ वटा स्थानिय निकायहरुमा FTTH सेवा पुगिसकेको छ भने थप निकायहरुमा पुर्याउने कार्य भइरहेको छ।

त्यसैगरी आ. व. २०८१/८२ मा जडान गरिएको ४३ eNodeB हरु मार्फत कुल ७४९ स्थानीय निकायमा 4G-LTE सेवाको पहुँच पुगेको छ। त्यसै गरी सुगम स्थान देखि दुर्गम एवं विकट स्थानहरुमा Voice सेवालाई अझ प्रभावकारी बनाउन आ. व. २०८०/८१ मा ९१ वटा 2G BTS जडान गरिएको छ।

साथै कम्पनीको 2G सेवाको पहुँच देशका सबै स्थानिय निकायहरुमा पुगिसकेको छ। आ. व. २०८१/८२ मा मा Highway Coverage विस्तारको सिलसिलामा २६ थान High Gain Antenna जडान भईसकेको छ।

नेपाल दूरसञ्चार प्राधिकरणको ग्रामीण दूरसञ्चार विकास कोष प्रयोग गरी निर्माण सम्पन्न गरेको मध्यपहाडी लोकमार्गको दूरसञ्चार पूर्वाधार अप्टिकल फाइबर नेटवर्कको सञ्चालनमा आइसकेको छ । ग्रामीण दूरसञ्चार विकास कोष परिचालन आयोजनाको कोशी, मधेश र बागमती प्रदेश अन्तर्गतका मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने विभिन्न मार्गमा अप्टिकल फाइबर नेटवर्क विस्तार गर्ने कार्यक्रम अन्तर्गत आ. व. २०८०/८१ को अन्त्यसम्ममा कुल १,४५० कि.मी. विस्तार भएको छ। त्यसैगरी कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गत मध्य पहाडी लोकमार्ग, जिल्ला सदरमुकाम जोड्ने विभिन्न मार्गमा अप्टिकल फाइबर नेटवर्क (UG/ADSS) विस्तार गर्ने कार्यक्रम अन्तर्गत कम्पनीको विद्यमान अप्टिकल फाइबर नेटवर्क समेत प्रयोग गर्ने व्यवस्था अनुसार थप ६७२ कि.मी. नेटवर्क गरी कर्णाली र सुदूरपश्चिम प्रदेशमा कुल १,१८४ कि.मी. फाइबर नेटवर्क पूर्णरुपमा तयार भएको छ।

यसैगरी तत्काल अप्टिकल फाइबर विस्तार गर्न नसकिने कर्णाली र सुदूरपश्चिम प्रदेश अन्तर्गतका अति विकट एवं दुर्गम जिल्ला सदरमुकामहरुमा समेत भरपर्दो सञ्चार संरचना स्थापना गर्ने उद्देश्यले २१ हप (Hop) माइक्रोवेभ रेडियो सञ्चालन गर्नका लागि आपूर्तिकर्तासँग सम्झौता भएकोमा २० हप (Hop) माइक्रोवेभ रेडियो जडान सम्पन्न भई सञ्चालनमा आएको छ।

नेपाल टेलिकमले प्रविधि रूपान्तरणका माध्यमबाट नेपालको दूरसञ्चार र डिजिटल क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएको छ। आधुनिक प्रविधि, उच्च गतिको इन्टरनेट र डिजिटल सेवाहरूको विस्तारले केवल दूरसञ्चार सेवामा मात्र नभई देशको समग्र आर्थिक र सामाजिक विकासमा सकारात्मक प्रभाव पारेको छ । प्रविधिमा लगानी र नवीनता जारी राख्दै भविष्यमा अझ प्रभावकारी सेवा उपलब्ध गराउन कम्पनी कटिवद्ध रहेको छ।






माध्यमिक विद्याल
Sound mind in
शिक्षा नै सभ्यताको जननी हो।
नेपाल टेलिकम


ICT Lab
श्री सिद्धिमङ्गल माध्यमिक विद्यालय
Shree Siddhimangal Secondary School

# संस्थागत सामाजिक उत्तरदायित्व

नेपाल टेलिकमले आफ्ना ग्राहकलाई दूरसञ्चार सेवाका विभिन्न पक्षमा उत्कृष्ट सेवा प्रदान गर्नुका साथै वृहत् आर्थिक सामाजिक लक्ष्य प्राप्तिको लागि एक जिम्मेवार राष्ट्रिय निकायको रूपमा सामाजिक उत्तरदायित्वका कार्यहरू समेत प्राथमिकताकासाथ गर्दै आएको छ । यस सम्बन्धमा कम्पनीले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वका लागि स्पष्ट नीति तयार गरेको छ। यस नीतिले दीगो विकास लक्ष्य (SDG) सँग तादम्यता राख्दै सामाजिक, आर्थिक र पर्यावरणीय क्षेत्रमा योगदान पुर्याउने लक्ष्य राखेको छ । गत आ.व. मा सुरु गरिएका कार्यक्रमको निरन्तरतासँगै कम्पनीले यस आ.व. मा नयाँ कार्यक्रमहरुको थालनी समेत गरेको छ। कम्पनीको सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू मुख्यतया शिक्षा, स्वास्थ्य, खेलकुद, वातावरण, प्राकृतिक प्रकोप व्यवस्थापन आदि क्षेत्रसँग सम्बन्धित रहेको छ । समीक्षा अवधिमा कम्पनीले सञ्चालन गरेका संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु निम्नानुसारले रहेको छ।

**आ.व.०८१/८२ मा CSR मार्फत सम्पन्न भएका कार्यहरुः**

| सि.नं. | कार्यक्रम |
|---|---|
| १. | विभिन्न ४० वटा सरकारी र सामुदायिक विद्यालयहरुमा ICT Lab स्थापना । |
| २. | २०८१ सालको SEE परीक्षाको तयारी गरी रहेका सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत करिव ३४ हजार विद्यार्थीहरुलाई बिभिन्न संघसंस्थाहरुको सहकार्यमा अनलाइन मार्फत निःशुल्क E-Learning Class संचालन गरी SEE Result सुधार गर्नको लागि डाटा Package तथा ३ वटा SIP PBX Lines जडान गरी टेलिफोन कल निःशुल्क उपलव्ध गराइएको । |
| ३. | देशभरका विभिन्न ३ वटा अन्तराष्ट्रिय विमानस्थल तथा ३१ वटा आन्तरिक विमानस्थलमा सर्वसाधारण यात्रु लक्षित निःशुल्क Wi-Fi इन्टरनेट सेवा उपलव्ध गराउने कार्यक्रम अनुरुप Tribhuwan International Airport (TIA) मा सेवा सूचारु भईसकेको र अन्य प्रकृयमा रहेको । |
| ४. | सात वटै प्रदेशका ग्रामिण तथा दूर्गम क्षेत्रका सरकारी तथा सामुदायिक बिद्यालयहरुमा अध्ययनरत ६,००० बिद्यार्थीहरुलाई (हरेक प्रदेशिक निर्देशनालय अन्तर्गत ६०० तथा उपप्रादेशिक निर्देशनालय अन्तर्गतका ३०० बिद्यार्थीहरु समेटिने गरी कम्पनीको लोगो अंकित स्कूल ब्याग/युनिफर्म उपलब्ध गराइएको। |
| ५. | प्रत्येक प्रदेशबाट कम्तिमा २/२ वटा सहित देशभरबाट २० वटा वृद्धाश्रम/अनाथाश्रम/बालआश्रम/परोपकारी सामाजिक संघसंस्थाहरुलाई आवश्यक सहयोग सामाग्री उपलव्ध गराइएको । |
| ६. | देशभरका १०० वटा सरकारी तथा सामुदायिक बिद्यालय/सामाजिक संघसंस्था/मठमन्दिर/क्रियापुत्रि घरमा (हरेक प्रदेशबाट कम्तिमा १० वटा) को NT Fiber with Telephone Package (Basic Package) १ वर्षसम्म निःशुल्क उपलब्ध गराइएको । |
| ७. | देशका विभिन्न भागमा रहेका सामुदायिक पुस्तकालयमा E-Library स्थापना गर्न सहयोग उपलव्ध गराइएको। |
| ८. | दृष्टिविहिनहरुलाई अध्ययनको लागि सोसंग सम्वन्धित संस्थालाई कम्प्युटर तथा उनीहरुको दैनिक जीवनको लागि उपयोगि हुने सेतो छडी, ज्येष्ठ नागरिकको लागि सहयोग पुग्ने लठ्ठि/थर्मस लगायत उनीहरुको दैनिक जीवनमा उपयोगी हुने सामाग्रिहरु वितरण गरिएको। |
| ९. | विभिन्न स्थानका विशेष महत्त्वका पार्कहरु सौन्दर्यकरण तथा हरियाली प्रवर्द्धन कार्यका लागि सहयोग उपलव्ध गरिएको । |

## निशुल्क कलको व्यवस्था

नेपाल टेलिकमले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत केही सार्वजनिक सरोकारका तपसिल बमोजिमका टेलिफोन नम्बरहरुमा सेवाग्राहीले निःशुल्क कल गर्ने सक्ने व्यवस्था समेत मिलाएको छ।

- १००: प्रहरी सेवा
- १०१: दमकल सेवा
- १०२: एम्बुलेन्स सेवा
- १०३: ट्राफिक प्रहरी सेवा
- १०४: बालबालिका खोजतलास समन्वय केन्द्र
- १०५: नेपाली सेना
- १०६: केन्द्रीय सैनिक प्रहरी
- १०९८: CWIN हेल्पलाइन
- ११११: हेलो सरकार
- १११४: सशस्त्र प्रहरी बल
- ११४४: पर्यटक प्रहरी एकाई

## निशुल्क एसएमएस सेवा

कम्पनीले गणतन्त्र दिवस, संविधान दिवस लगायतका पर्व, अभियान, सम्मेलन र प्राकृतिक विपदका समयमा सूचना तथा अन्य जानकारी मूलक सन्देशहरू निःशुल्क Bulk SMS मार्फत प्रवाह गर्दै आएको छ। निःशुल्क एसएमएस प्रवाह गरिएका केही सन्दर्भहरू यस प्रकार रहेका छन्ः-

- विभिन्न सूचना तथा जानकारीमुलक सन्देशहरू, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा स्वास्थ्य सम्बद्ध अन्य निकायहरूबाट प्राप्त सन्देशहरू।
- संविधान दिवस।
- नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको लैङ्गिक हिंसा विरुद्धको अभियान।
- राष्ट्रिय बाल दिवस ।
- राष्ट्रिय क्षय रोग नियन्त्रण केन्द्रको क्षयरोग सम्बन्धी सन्देश।
- भ्रष्टाचार विरुद्दका सन्देशहरु।
- सुशासान सम्बन्धी सन्देशहरु।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सन्देशहरु।
- सामाजिक सुरक्षा कोषका सन्देशहरु।
- अन्य।

## व्यापार प्रवर्धन सम्बन्धी कार्यहरु

विगतमा जस्तै कम्पनीले विभिन्न कार्यक्रम, मेला महोत्सव, खेलकुद, सेमिनार, कन्फरेन्स आदिमा सहभागिता जनाई आफ्नो सेवाहरुको व्यापार प्रवर्द्धनको कार्य गर्दै आएको छ। समसामयिक चासो तथा सर्वसाधारणको उच्च सहभागिता रहने विविध किसिमका कार्यक्रमहरुमा आफ्नो सशक्त उपस्थिति सहित कम्पनीको ब्राण्ड एवं व्यापार प्रवर्द्धनको सिलसिलालाई समीक्षा अवधिमा पनि जारी राखिएको छ।



# Value Added Statement

**आषाढ ३२, २०८२ मा समाप्त भएको**

| विवरण | आ व २०८१।८२ | आ व २०८०।८१ |
|---|---|---|
| Value Addition का श्रोत | | |
| कार्य सञ्चालन आय | ३३,८९४,५२२,६८८.२९ | ३४,५६०,२६५,९८२.९८ |
| कार्य सञ्चालन खर्च | ७,५०४,२१७,९३१.४२ | ७,८९८,४७३,८१८.२४ |
| कार्य सञ्चालन मार्फत Vaule Addition | २६,३९०,३०४,७५६.८७ | २६,६६१,७९२,१६४.७४ |
| अन्य आम्दानी | ४,२९३,५८३,४९३.९१ | ७,५७९,१५७,१७४.६३ |
| कुल Value Addition | ३०,६८३,८८८,२५०.७८ | ३४,२४०,९४९,३३९.३७ |
| ह्रास खर्च, अपलेखन तथा इम्पेयरमेन्ट | ८,४६०,७६५,१८०.८२ | ६,६१३,२९०,४९६.५५ |
| खुद Vaule Addition | २२,२२३,१२३,०६९.९६ | २७,६२७,६५८,८४२.८१ |
| कर्मचारी संख्या | ३,६३२.०० | ३,६७२.०० |
| प्रति कर्मचारी Value Addition | ६,११८,७०१.२९ | ७,५२३,८७२.२३ |

| Value Addition को उपयोग | आ व २०८१।८२ | प्रतिशत | आ व २०८०।८१ | प्रतिशत |
|---|---|---|---|---|
| कर्मचारी | ७,९६६,८६१,८१०.०० | ३६% | ८,६८६,६८२,९६६.०० | ३१% |
| सरकार | ८,९४४,३७१,७८१.३८ | ४०% | ७,४०४,९४६,४३१.६१ | २७% |
| लगानीकर्ता | ५,४००,०००,०००.०० | २४% | ५,४००,०००,०००.०० | २०% |
| सञ्चित कोष | (८८,११०,५२१.४२) | ०% | ६,१३६,०२९,४४५.२१ | २२% |
| कुल Value Addition | २२,२२३,१२३,०६९.९६ | १००% | २७,६२७,६५८,८४२.८१ | १००% |

## Market Value Added Statement

| विवरण | आ व २०८१।८२ | आ व २०८०।८१ |
|---|---|---|
| कुल सेयर संख्या (क) | १८०,०००,००० | १८०,०००,००० |
| प्रति सेयर मुल्य (ख) | ८७७.२७ | ८४५.०० |
| कुल बजार मुल्य (ग)= क*ख रु | १५७,९०८,६००,००० | १५२,१००,०००,००० |
| कुल किताबी मुल्य (घ) रु | ९८,३४७,३५६,७९९ | ९७,४५९,७०६,६९७ |
| Market Value Addition | ५९,५६१,२४३,२०१ | ५४,६४०,२९३,३०३ |

## Economic Value Added Statement

| विवरण | आ व २०८१।८२ | आ व २०८०।८१ |
|---|---|---|
| खुद मुनाफा (क) | ६,००६,७२२,२१७ | ७,९४८,४७०,२७३ |
| कुल सेयरधनी कोष (ख) | ९८,३४७,३५६,७९९ | ९७,४५९,७०६,६९७ |
| इक्विटिको लागत (ग) | ७.००% | ७.००% |
| पूंजिको लागत (घ=ख*ग) | ६,८८४,३१४,९७६ | ६,८२२,१७९,४६९ |
| Economic Value Addition | ९१,४६३,०४१,८२३ | ९०,६३७,५२७,२२९ |

**आ.व. २०८१/८२**





# व्यवस्थापकीय समीक्षा तथा विश्लेषण

# व्यवस्थापनको समीक्षा

**विगत पाँच वर्षको संक्षिप्त विवरण**

| विवरण | | २०७७/७८ | २०७८/७९ | २०७९।८० | २०८०/८१ | २०८१/८२ | वार्षिक वृद्धि (आ व २०८१।८२ र २०८०।८१) | CAGR (Five Years) |
|---|---|---|---|---|---|---|---|---|
| खुद नाफा | रु अर्वमा | ७.१३ | ८.४७ | ७.९२ | ६.२३ | ६.०१ | -३.५८% | -४.२०% |
| सञ्चालन नाफा | रु अर्वमा | ४.६७ | ६.७९ | ४.०३ | ४.१७ | ५.८६ | ४०.५६% | ५.८४% |
| सञ्चालन आय | रु अर्वमा | ३५.९४ | ३७.९२ | ३६.२७ | ३४.५६ | ३३.८९ | -१.९३% | -१.४५% |
| कुल राजश्व | रु अर्वमा | ४२.२१ | ४४.३७ | ४४.४२ | ४२.१७ | ३८.१९ | -९.४४% | -२.४७% |
| प्रति सेयर आम्दानी | रु मा | ४७.५३ | ४७.०६ | ४४.०० | ३४.६१ | ३३.३७ | -३.५८% | -८.४६% |
| प्रति सेयर बजार मूल्य | रु मा | १,३१४.०० | ८७८.९० | ९०६.९० | ८४५.०० | ८७७.२७ | ३.८२% | -९.६१% |
| प्रति सेयर किताबी मूल्य | रु मा | ५९७.८८ | ५२९.२७ | ५२१.९२ | ५२१.७१ | ५४६.३७ | ४.७३% | -२.२३% |
| मूल्य आम्दानी अनुपात | अनुपात | २७.६५ | १८.६८ | २०.६१ | २४.४१ | २६.२९ | ७.७०% | -१.२५% |
| सेयर पुँजीमा लाभांश | प्रतिशत | ४०.०० | ४०.०० | ४०.०० | ३०.०० | ३०.०० | ०.००% | -६.९४% |
| कर्मचारी खर्च | रु अर्वमा | ६.९५ | ७.३७ | ७.९५ | ८.६८ | ७.९७ | -८.२२% | ३.४७% |
| मर्मत संभार तथा सब्चालन खर्च | रु अर्वमा | ७.८४ | ७.०६ | ७.६३ | ६.३६ | ५.८८ | -७.५३% | -६.९३% |
| प्रशासनिक खर्च | रु अर्वमा | ०.९७ | १.१२ | १.३१ | १.२९ | १.२८ | -०.७२% | ७.१९% |
| कुल खर्च | रु अर्वमा | ३१.२६ | ३१.३१ | ३२.५८ | ३०.८६ | २८.०३ | -९.१६% | -२.६९% |
| कर्मचारी खर्च र कुल खर्चको अनुपात | प्रतिशत | २२.२३ | २३.५४ | २४.४० | २८.१३ | २८.४२ | १.०३% | ६.३३% |
| प्रशासनिक खर्च र कुल खर्चको अनुपात | प्रतिशत | ३.१० | ३.५८ | ४.०२ | ४.१८ | ४.५७ | ९.३०% | १०.१८% |
| नेटवर्थ | रु अर्वमा | ८९.६८ | ९५.२७ | ९३.९५ | ९३.६५ | ९८.३५ | ५.०२% | २.३३% |
| Capital Employed | रु अर्वमा | ११२.९२ | ११८.२९ | ११९.८५ | ११५.६३ | १११.९७ | -३.१७% | -०.२१% |
| सेयर संख्या | करोडमा | १५.०० | १८.०० | १८.०० | १८.०० | १८.०० | ०.००% | ४.६६% |
| कर्मचारी संख्या | संख्या | ३,९५७.०० | ३,८१७.०० | ३,८७२.०० | ३,७३१.०० | ३,६३२ | -२.६५% | -२.१२% |
| Return on Shareholder's Fund | प्रतिशत | ७.९५ | ८.८९ | ८.४३ | ६.६५ | ६.११ | -८.१६% | -६.३८% |
| Return on Capital Employed | प्रतिशत | ६.३१ | ७.१६ | ६.६१ | ५.३९ | ५.३६ | -०.४७% | -३.९८% |
| Return on Total Assets | प्रतिशत | ४.८२ | ५.३४ | ४.९६ | ४.६४ | ४.५७ | -१.५९% | -१.३४% |
| प्रति कर्मचारी औसत आम्दानी | हजारमा | १०,६६७.१७ | ११,६२४.३१ | ११,४७२.११ | ११,३०२.६० | १०,५१४.३५ | -६.९७% | -०.३६% |
| EBITDA Margin | प्रतिशत | ४३.७४ | ४६.९३ | ४३.५८ | ४२.७२ | ४८.४३ | १३.३८% | २.५८% |
| सञ्चालन नाफा अनुपात | प्रतिशत | १२.९९ | १७.९१ | ११.११ | १२.०७ | १७.२९ | ४३.२७% | ७.४१% |
| खुद नाफा अनुपात | प्रतिशत | १६.८९ | १९.०९ | १७.८३ | १४.७७ | १५.७३ | ६.४९% | -१.७६% |
| चालु सम्पत्ति अनुपात | Times | १.६६ | १.६० | १.६५ | २.६८ | २.३८ | -११.२९% | ९.४०% |
| सरकारी कोषमा योगदान | रु अर्वमा | २७.७३ | २६.४१ | २८.४६ | ४१.७० | १८.४६ | -५५.७३% | -९.६७% |
| प्रति कर्मचारी औसत ग्राहक | संख्या | ५,३३२.०० | ५,८११.०० | ५,४८७.०० | ६,०९४.०० | ६,३३८.२५ | ४.०१% | ४.४२% |

### प्रति सेयर आम्दानी

प्रति सेयर आम्दानीले कम्पनीले एक आर्थिक वर्षको अवधिमा आर्जन गरेको नाफामा प्रत्येक साधारण सेयरको अनुपातलाई जनाउँछ। समीक्षा अवधिमा कम्पनीको प्रति सेयर आम्दानी अघिल्लो अवधिको तुलनामा रु.१.२४ ले घटेर रु. ३३.३७ पुगेको छ। राजस्वमा कमी साथै खुद नाफा घटेको कारण प्रति सेयर आम्दानीमा नकारात्मक असर परेको छ। विगत पाँच वर्षको तुलनामा प्रति सेयर आम्दानी ३.५८% घटेको छ।

### नेटवर्थ

नेटवर्थले कुल सम्पत्ति र कुल दायित्वको फरकलाई देखाउँछ। अघिल्लो अवधिको तुलनामा समीक्षा अवधिमा कम्पनीको नेटवर्थ ५.०२% प्रतिशतले बढेर ९३ अर्ब ६५ करोड पुगेको छ। विगत पाँच वर्षको तुलनामा समीक्षा अवधिको नेटवर्थ ०.४९ प्रतिशतले बढेको छ।

### सेयरको बजार मूल्य

कम्पनीप्रति लगानीकर्ताको विश्वास र त्यसको प्रतिफलको विश्लेषणका आधारमा कम्पनीको सेयर कारोबार हुने भएकाले समीक्षा अवधिमा कम्पनीको सेयर मूल्यमा उतारचढाव देखिएको छ। समीक्षा अवधिमा कम्पनीको सेयर प्रति कित्ता अधिकतम रु. १२१४ र न्युनतम रु. ८३५ मा कारोबार भएको छ। समीक्षा अवधिको अन्तिममा कम्पनीको सेयर बजार मूल्य रु. ८७७.२७ पुगेको छ जुन गत आ.व. को अन्तिम मूल्यको तुलनामा ३.८२ प्रतिशतले बृद्धि भएको र विगत पाँच वर्षको तुलनामा ९.६१ प्रतिशतले कम भएको छ।

### सेयरधनी कोष

सेयरधनी कोषले कुल इक्विटी अर्थात सेयर पुँजी र जगेडा देखाउँछ। समीक्षा अवधिमा सेयरधनी कोष ९८ अर्ब ३५ करोड रहेको छ जुन गत आ.व. को तुलनामा ५.०२ प्रतिशतले बृद्धि भएको छ। विगत पाँच वर्षको तुलनामा समीक्षा अवधिमा सेयरधनी कोषमा २.३३ प्रतिशतको वृद्धि भएको छ।

### सेयरधनी कोषमा प्रतिफल

सेयरधनी कोषमा प्रतिफल कम्पनीको वार्षिक प्रतिफलको प्रतिशत मापन हो। खुद नाफालाई कुल सेयरधनीको कोषको मूल्यले भाग गरी यसको गणना गरिन्छ। समीक्षा अवधिमा सेयरधनी कोषको प्रतिफल गत आ.व. को तुलनमा ८.१६ प्रतिशतले कम भई ६.११ प्रतिशत रहेको छ। विगत पाँच वर्षको अवधिमा ७.९५ प्रतिशतबाट घटेर ६.११ प्रतिशतमा झरेको छ।

### कुल राजस्व

कुल राजस्वले दूरसञ्चार सेवाबाट प्राप्त आम्दानी, लगानीबाट प्राप्त ब्याज आम्दानी र अन्य आम्दानीलाई जनाउँदछ। समीक्षा अवधिमा कम्पनीले ३८ अर्ब १९ करोड कुल राजश्व आर्जन गरेको छ जुन अघिल्लो अवधिको तुलनामा ९.४४ प्रतिशतले कम हो। कुल राजस्वमा कार्यसञ्चालन मार्फत रु. ३३ अर्ब ८९ करोड र वित्तीय आम्दानी तथा अन्य आम्दानीबाट रु. ४ अर्ब ३० करोड प्राप्त भएको छ। विगत पाँच वर्षको अवधिमा कम्पनीको कुल राजस्वमा २.४७ प्रतिशतले कमी आएको छ।

### कार्यसञ्चालन राजश्व

कार्यसञ्चालन राजस्वले दूरसञ्चार सेवाहरूबाट प्राप्त हुने आम्दानीलाई जनाउँदछ जसमा PSTN, ADSL, FTTH, Leased Line, GSM र Interconnection जस्ता सेवाहरुबाट प्राप्त आय समावेश छन्। समीक्षा अवधिमा कम्पनीको कुल कार्यसञ्चालन आम्दानी रु.३३ अर्ब ८९ करोड रहेको छ जुन अघिल्लो आ.व. को तुलनामा १.९३ प्रतिशतले कम हो। बढ्दो प्रतिस्पर्धाका कारण नियमित रुपमा महशुल दरमा कटौती गरी सहुलियत दररेटमा Offer Package उपलब्ध गराइएकोले Normal Tariff मा सेवा प्रयोग गर्नेभन्दा सहुलियत दररेटका Offer Package प्रयोग गर्ने ग्राहकहरूको संख्यामा वृद्धि भएका कारण लगातार ग्राहक संख्या बढेता पनि सेवाको राजस्वमा वृद्धि नहुनु, दूरसञ्चार प्रविधिमा भएको तिब्र विकासले इन्टरनेट सेवा र Smart Phone मा ग्राहकको पहुँच बढेकोले OTT (जस्तैः Viber, Whatsapp, Messenger, imo आदि) सेवाहरुको व्यापक प्रयोगका कारण विदेशबाट हुने आगमनकल र मुलुकभित्र हुने कलको परिमाणमा असर पर्न गई कुल कार्य सञ्चालन राजस्व विगत पाँच वर्षको अवधिमा १.४५ प्रतिशतले कम भएको छ।

### सञ्चालन नाफा

कुल सञ्चालन नाफाले कम्पनीको मुख्य व्यवसायबाट कमाएको नाफालाई देखाउँछ। समीक्षा अवधिमा कम्पनीको आयमा नकारात्मक प्रभाव परेतापनि खर्च सोही अनुपातमा घटेको कारण सञ्चालन नाफा गत आ.व. को तुलनामा ४०.५६ प्रतिशतले वृद्धि भई रु. ५ अर्ब ८६ करोड पुगेको छ। विगत पाँच वर्षको अवधिमा कुल सञ्चालन नाफा ५.८४ प्रतिशतले बृद्धि भएको छ।

### सञ्चालन नाफा अनुपात

कम्पनीको सञ्चालन नाफालाई सञ्चालन आम्दानीले भाग गरी आउने प्रतिशत सञ्चालन नाफा अनुपात हो। समीक्षा अवधिमा सञ्चालन नाफा अनुपात १७.२९ प्रतिशत रहेको छ जुन गत आ.व.को तुलनामा ४३.२७ प्रतिशतले बढी हो। विगत पाँच वर्षको अवधिमा सञ्चालन नाफा अनुपात ७.४१ प्रतिशतले बृद्धि भएको छ।

### खुद नाफा

कर पछिको नाफाले कम्पनीको खुद आम्दानी देखाउँदछ। समीक्षा अवधिमा कम्पनीले करपश्चात रु. ६ अर्ब १ करोड नाफा आर्जन गरेको

छ जुन गत आ.व. को तुलनामा ३.५८ प्रतिशतले कम हो। कम्पनीको राजश्वमा भएको कमिका कारण विगत वर्षको तुलनामा ४.२० प्रतिशतले नाफा घटेको छ।

## खुद नाफा अनुपात

कम्पनीको कर पछिको नाफालाई कुल राजश्वले भाग गरी आउने प्रतिशत खुद नाफा अनुपात हो। समीक्षा अवधिमा खुद नाफा अनुपात १५.७३ प्रतिशत रहेको छ जुन गत आ.व. को तुलनामा ६.४९ प्रतिशतले बृद्धि भएको हो। विगत पाँच वर्षको अवधिमा खुद नाफा अनुपात १.७६ प्रतिशतले घटेको छ।

## मूल्य आम्दानी अनुपात

कम्पनीको प्रति सेयर आम्दानी र प्रति सेयर बजार मूल्यको अनुपात मापन मूल्य आम्दानी अनुपात हो। समीक्षा अवधिमा मूल्य आम्दानी अनुपात २६.२९ गुणा रहेको छ जुन गत आ.व. मा २४.४१ रहेको थियो। कम्पनीको सेयर बजार मूल्यमा भएको वृद्धिका कारण मूल्य आम्दानी अनुपात बढेको हो।

## Return on Capital Employed

खुद मुनाफा र Capital Employed को प्रतिशत अनुपात मापन Return on Capital Employed हो। समीक्षा अवधिमा Return on Capital Employed ५.३६ प्रतिशत रहेको छ जुन अघिल्लो अवधिको तुलनामा ०.४७ प्रतिशतले कम हो। विगत पाँच वर्षको अवधिमा ६.३१ प्रतिशतबाट घटेर ५.३६ प्रतिशत भएको छ।

## प्रति कर्मचारी औसत आम्दानी

समीक्षा अवधिमा प्रति कर्मचारी औसत आम्दानी गत आ.व. को तुलनामा ६.९७ प्रतिशतले कम भई रु १ करोड ५ लाख १४ हजार पुगेको छ। विगत पाँच वर्षको अवधिमा प्रति कर्मचारी औसत आम्दानी ०.३६ प्रतिशतले कम भएको छ।



# HORIZONTAL AND VERTICAL ANALYSIS
## वित्तीय स्थितीको विवरण (वासलात)

**आषाढ ३२, २०८२**

| विवरण | चालू वर्ष | गत वर्ष | Horizontal Analysis Variance | Vertical Analysis | |
|---|---|---|---|---|---|
| | २०८१/८२ | २०८०/८१ | | २०८१/८२ | २०८०/८१ |
| सम्पत्ति | | | | | |
| गैर चालू सम्पत्ति | | | | | |
| अदृष्य सम्पत्ति | १,११४,७१८,८६३ | १,५१२,४०३,४७२ | -२६.२९% | ०.८५% | १.०९% |
| जायजेथा, प्लान्ट र उपकरण | ४६,५०४,२२१,२२१ | ४८,३५९,९३०,८९३ | -३.८४% | ३५.३५% | ३५.०१% |
| Right of Use (ROU) Assets | १,९१७,८६९,८९४ | | २,१४४,७८१,९७३ | -१०.५८% | १.४६% |
| पूँजिगत कार्यप्रगति | ३,२३०,३६४,१९६ | ३,७९०,०३६,६०३ | -१४.७७% | २.४६% | २.७४% |
| दिर्घकालिन ऋण तथा पेश्कि | ९७८,७४५,६९५ | ८५२,७५८,९६२ | १४.७७% | ०.७४% | ०.६२% |
| एसोसियट्समा लगानी | १,६१२,४३५,५८० | | १,७२८,७३२,५६३ | -६.७३% | १.२३% |
| सहायक कम्पनीमा लगानी | २४८,८८८,९०० | २४८,८८८,९०० | ०.००% | ०.१९% | ०.१८% |
| वित्तीय सम्पत्ति | | | | | |
| इक्विटिमा लगानी | ४६३,२९६,६६४ | ४४१,१०४,७४९ | ५.०३% | ०.३५% | ०.३२% |
| मुद्दती निक्षेप तथा ऋणपत्रमा लगानी | ३,१९६,५५०,००० | ३,५७६,५५०,००० | -१०.६२% | २.४३% | २.५९% |
| ऋण लगानी | १२,९०४,९८३,३६१ | १३,८९१,४७४,७८६ | -७.१०% | ९.८१% | १०.०६% |
| कर्मचारी ऋण | ३,४३९,४९१,३३८ | ३,५२४,९३५,५७० | -२.४२% | २.६१% | २.५५% |
| स्थगन कर सम्पत्ति | ८,९७२,४६३,७४४ | | ८,१४७,५४५,१०४ | १०.१२% | ६.८२% |
| सम्झौता लागत सम्पत्ति | ४१७,३५३,६३९ | ३६५,१५१,७०२ | १४.३०% | ०.३२% | ०.२६% |
| जम्मा गैर चालू सम्पत्ति | ८५,००१,३८३,०९५ | ८८,५८४,२९५,२७७ | -४.०४% | ६४.६२% | ६४.१२% |
| चालू सम्पत्ति | | | | | |
| जिन्सी मौज्दात | २८२,३३४,४५० | ५२१,०७२,१८१ | -४५.८२% | ०.२१% | ०.३८% |
| अग्रिम भुक्तानी तथा अन्य गैर वित्तीय सम्पत्ति | २,७६०,७७३,४३७ | २,३८५,३९८,१७६ | १५.७४% | २.१०% | १.७३% |
| चालू कर सम्पत्ति (खुद) | ४७१,२८७,३९४ | ३,८१५,७७२,७३० | -८७.६५% | ०.३६% | २.७६% |
| वित्तीय सम्पत्ति | | | | | |
| कर्मचारी ऋण | ३६९,२४६,१९२ | ३१५,१३७,८०८ | १७.१७% | ०.२८% | ०.२३% |
| प्रोदभावी रकम, पेश्की र अन्य भुक्तानी | १,८१७,५३४,१४३ | ९८३,९५०,२२७ | ८४.७२% | १.३८% | ०.७१% |
| आसामी बाँकी तथा अन्य | | | | | |
| पाउनु पर्ने रकम | १,०९७,७८८,७७१ | | १,५१६,०४७,४२८ | -२७.५९% | ०.८३% |
| मुद्दती निक्षेप तथा ऋण लगानी | २९,७५७,०००,००० | ३५,५५५,३८०,००० | -१६.३१% | २२.६२% | २५.७४% |
| ऋण लगानी | ४४१,८१०,३६३ | २९४,५४०,२४२ | | | |
| नगद र नगद सरह | ९,५५०,२३१,५७१ | ४,१७५,२७२,७९५ | १२८.७३% | ७.२६% | ३.०२% |
| जम्मा चालू सम्पत्ति | ४६,५४८,००६,३२१ | ४९,५६२,५७१,५८७ | -६.०८% | ३५.३८% | ३५.८८% |
| जम्मा सम्पत्ति | १३१,५४९,३८९,४१६ | १३८,१४६,८६६,८६४ | -४.७८% | १००.००% | १००.००% |
| पुँजी तथा दायित्वहरु | | | | | |
| पुँजी | | | | | |
| सेयर पुँजी | १८,०००,०००,००० | १८,०००,०००,००० | ०.००% | १३.६८% | १३.०३% |
| सञ्चित मुनाफा | ८०,३४७,३५६,७९९ | ७९,४५९,७०६,६९७ | १.१२% | ६१.०८% | ५७.५२% |
| जम्मा पुँजी | ९८,३४७,३५६,७९९ | ९७,४५९,७०६,६९७ | ०.९१% | ७४.७६% | ७०.५५% |
| गैर चालू दायित्व | | | | | |
| अवकाशपछिको सुविधा | ९,७३०,०४८,१०८ | १८,२४९,२१६,९३९ | -४६.६८% | ७.४०% | १३.२१% |
| स्थगन सरकारी अनुदान | १,८२४,०६१,२३६ | १,६६१,१९८,८७१ | ९.८०% | १.३९% | १.२०% |
| वित्तीय दायित्व | | | | | |
| ग्राहक धरौटी | ५६,२२४,१३६ | ५९,९८७,०७० | -६.२७% | ०.०४% | ०.०४% |
| लीज दायित्व | २,०१२,४५४,६५३ | २,१६४,४२१,०७३ | -७.०२% | १.५३% | १.५७% |
| जि.एस.एम लाइसेन्स नवीकरण शूल्क | - | - | | | |
| जम्मा गैर चालू दायित्व | १३,६२२,७८८,१३३ | २२,१३४,८२३,९५३ | -३८.४६% | १०.३६% | १६.०२% |
| चालू दायित्व तथा व्यवस्थाहरु | | | | | |
| चालु कर दायित्व (खुद) | | - | - | | |
| वित्तीय दायित्व | | | | | |
| लीज दायित्व | ३०८,०१३,८५० | ३१९,३२४,०४० | -३.५४% | ०.२३% | ०.२३% |
| चालू दायित्वहरु | १०,०७७,६९८,९८२ | १०,४८२,८३५,६५५ | -३.८६% | ७.६६% | ७.५९% |
| व्यापारिक भुक्तानीयोग्य | | ८४९,९२९,६०० | ६२७,४८६,२९७ | ३५.४५% | ०.६५% |
| व्यवस्थाहरु | ३०८,३४२,३७१ | २५२,९१०,३०७ | २१.९२% | ०.२३% | ०.१८% |
| अन्य गैर वित्तीय दायित्वहरु | ८,०३५,२५९,६८१ | ६,८६९,७७९,९१५ | १६.९७% | ६.११% | ४.९७% |
| **जम्मा चालू दायित्व/व्यवस्थाहरु** | **१९,५७९,२४४,४८४** | **१८,५५२,३३६,२१४** | **५.५४%** | **१४.८८%** | **१३.४३%** |
| **जम्मा पुँजी तथा दायित्व** | **१३१,५४९,३८९,४१६** | **१३८,१४६,८६६,८६५** | **-४.७८%** | **१००.००%** | **१००.००%** |

## Horizontal Analysis

समीक्षा अवधिमा अदृश्य सम्पत्ति २६.२९ प्रतिशतले कम भई रु. १ अर्ब ११ करोड पुगेको छ। कम्पनीको आ.व २०८१/८२ मा जम्मा रु. १४ करोड ४५ लाख बराबरको सफ्टवेयरहरु थप भएतापनि प्रयोग अवधिका आधारमा सम्पत्तिको ह्रासकट्टी गरिएका कारण अदृश्य सम्पत्ति घट्न गएको हो। विगत केहि वर्षमा कम्पनीले जायजेथा, प्लान्ट र उपकरण सम्पत्तीमा लगातार रुपमा थप गरिरहेको छ साथै वार्षिक रुपमा ह्रासकट्टी गर्ने गरेको छ। समीक्षा अवधिमा जायजेथा, प्लान्ट र उपकरणमा ३.८४ प्रतिशतले कमी आएको छ। कम्पनीबाट लिजमा लिई प्रयोग भइरहेका सम्पत्तिलाई कम्पनीको लेखा नीति तथा IFRS/NFRS वमोजिम अपलेखन (Amortization) गरिएका कारण प्रयोग अधिकार सम्पत्ति समीक्षा अवधिमा १०.५८ प्रतिशतले कम भएको छ। आयोजनाहरुको कार्य सम्पन्न गरी पुँजीकरण गरिएका कारण पुँजीगत कार्यप्रगति गत आ.व. को तुलनामा १४.७७ प्रतिशतले कम भएको छ। आयोजनाहरुको कार्य सम्पन्न गर्नका लागि पेश्की रकम प्रदान गरिएका कारण दीर्घकालीन ऋण तथा पेस्की रकम समीक्षा अवधिमा १४.७७ प्रतिशतले बृद्धि भएको छ। कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम कर्मचारीहरुको निवृत्तिभरणको व्यवस्थाको लागि रु.१३ अर्ब १५ करोड भुक्तानी गर्नुपरेकोले मुद्दती निक्षेपमा कमी भएको छ। कम्पनीको मुख्य आयोजनाहरु क्लोजरको क्रममा रहेको कारण समीक्षा अवधिमा जिन्सी मौज्दात ४५.८२ प्रतिशतले कम भएको छ। लगानीमा प्राप्त गर्नुपर्ने ब्याज रकमहरु प्राप्त गर्न बाँकी रहेको तथा सरकारी अनुदानको रकम प्राप्त हुन बाँकी रहेको कारण समीक्षा अवधिमा प्रोदभावी रकम, पेश्की र अन्य भुक्तानी ८४.८२ प्रतिशतले बृद्धि भएको छ।

मुद्रा बजारमा कायम रहेको अधिक तरलताका कारण अल्पकालीन लगानीका क्षेत्रहरुमा लगानीका अवसरहरु प्राप्त नभएको हुँदा नगद तथा नगद सरह रकम समीक्षा अवधिमा १२८.७३ प्रतिशतले बृद्धि भएको छ। कम्पनीको सञ्चालक समितिको निर्णय बमोजिम कर्मचारीहरुको निवृत्तिभरणको व्यवस्थाको लागि रु.१३ अर्ब १५ करोड भुक्तानी गरेकाले समीक्षा अवधिमा अवकाश पछिको सुविधा ४६.६८ प्रतिशतले कम भएको छ। सेवा विस्तार तथा गुणस्तर सुधारका लागि खरिद गरिएको व्याण्डविथ सेवा वापतको भुक्तानी बाँकी भएका कारण समीक्षा अवधिमा व्यावसायिक दायित्व ३५.४५ प्रतिशतले बृद्धि भएको छ। कर्मचारी बोनस वापत विगत आ. व. मा व्यवस्था गरिएको रकम समीक्षा अवधिमा भुक्तानी नभएका कारण गैर वित्तीय दायित्व १६.९७ प्रतिशतले बृद्धि भएको छ।

समीक्षा अवधिमा कुल सम्पत्ति र कुल पुँजी तथा दायित्व गत आ.व. को तुलनामा ४.७८ प्रतिशतले कम भएको छ।

## Vertical Analysis

कुल सम्पत्तिमा जायजेथा, प्लान्ट र उपकरणको हिस्सा ३५.३५ प्रतिशत रहेको छ र मुद्दती निक्षेप तथा ऋणपत्रमा लगानीको हिस्सा २५.०५ प्रतिशत रहेको छ जुन गत आ.व. मा क्रमशः ३५.०१ प्रतिशत र २८.३३ प्रतिशत रहेको थियो। पुँजी तथा दायित्वतर्फ सेयर पुँजी तथा सञ्चित मुनाफाको हिस्सा ७४.७६ प्रतिशत रहेको छ। कुल पुँजी तथा दायित्वमा अवकाश पछिको सुविधा ७.४० प्रतिशत रहेको छ जसमा गत आ.व.को तुलनामा ५.८१ प्रतिशतको कमी भएको छ। त्यसैगरी चालु दायित्वको हिस्सा १४.८८ प्रतिशत रहेको छ जुन गत आ.व. मा १३.४३ प्रतिशत रहेको थियो।



# नाफा नोक्सानको विवरण

**आषाढ ३२, २०८२ मा समाप्त भएको** **रुपैयामा**

| **विवरण** | **चालू वर्ष** | **गत वर्ष** | **Horizontal Analysis Variance** | **Vertical Analysis Composition** | |
|---|---|---|---|---|---|
| | २०८१।८२ | २०८०।८१ | | २०८१।८२ | २०८०।८१ |
| ग्राहकसँगको सम्झौताबाट प्राप्त आय | ३३,८९४,५२२,६८८ | ३४,५६०,२६५,९८३ | -१.९३% | ८८.७६% | ८२.०१% |
| वित्तीय आय | ३,७६६,७२०,६३८ | ६,८१६,४५०,६३३ | -४४.७४% | ९.८६% | १६.१८% |
| अन्य आम्दानी | ५२६,८६२,८५६ | ७६२,७०६,५४२ | -३०.९२% | १.३८% | १.८१% |
| जम्मा आम्दानी | ३८,१८८,१०६,१८२ | ४२,१३९,४२३,१५८ | -९.३८% | १००.००% | १००.००% |
| कर्मचारी सुविधा खर्च | -७,९६६,८६१,८१०.०० | -८,६८६,६८२,९६६.०० | -८.२९% | -२०.८६% | -२०.६१% |
| सञ्चालन तथा मर्मत खर्च | -५,८८१,२९२,३२६.९२ | -६,३८३,६४३,६६४.९३ | -७.८७% | -१५.४०% | -१५.१५% |
| बिक्री सञ्जाल बजारीकरण तथा प्रवर्द्धन खर्च | - ३४२,१८५,१११.०० | -२८१,२५२,८२३.०० | २१.६६% | -०.९०% | -०.६७% |
| कार्यालय सञ्चालन खर्च | -१,२८०,७४०,४९३.५० | -१,२३३,५७७,३३०.३१ | ३.८२% | -३.३५% | -२.९३% |
| नियामक दस्तुर शुल्कहरु तथा नवीकरण दस्तुर | -४,३१२,११६,६३०.०० | -७,२९०,५२७,५३७.०० | -४०.८५% | -११.२९% | -१७.३०% |
| विदेशी मुद्रा सटहीबाट नोक्सान/(नाफा) | २१०,७३१,२३७.०० | ९८,००७,२१२.७० | ११५.०२% | ०.५५% | ०.२३% |
| एसोसियट्समा भएको इक्विटी नोक्सानी | -११९,५८४,९०४.३४ | -१२३,०७६,४६४.३६ | -२.८४% | -०.३१% | -०.२९% |
| | १८,४९६,०५६,१४३ | १८,२३८,६६९,५८५ | १.४१% | ४८.४३% | ४३.२८% |
| वित्तीय खर्च | -१८५,०८२,०६६ | (१९०,६७२,९७१) | -२.९३% | -०.४८% | -०.४५% |
| ह्रास खर्च | -६,०३१,१६२,८४७ | (५,९८७,२६४,५५५) | ०.७३% | -१५.७९% | -१४.२१% |
| अपलेखन (Amortisation) | -१,१०८,१८६,२२५ | (१,०९८,३७५,५७५) | ०.८९% | -२.९०% | -२.६१% |
| इम्पेयरमेन्ट (Net of Reversals) | -१,३२१,४१६,१०९ | ४७२,३४९,६३४ | -३७९.७५% | -३.४६% | १.१२% |
| **आयकर अघिको नाफा** | **९,८५०,२०८,८९७** | **११,४३४,७०६,११७** | **-१३.८६%** | **२५.७९%** | **२७.१४%** |
| आयकर व्यवस्था | | | | | |
| चालू आयकर | -४,६३२,२५५,१५१ | (११४,४१८,८९५) | ३९४८.५१% | -१२.१३% | -०.२७% |
| स्थगन कर | ७८८,७६८,४७२ | (३,३७१,८१६,९५०) | -१२३.३९% | २.०७% | -८.००% |
| यस वर्षको खुद नाफा | ६,००६,७२२,२१७ | ७,९४८,४७०,२७३ | -२४.४३% | १५.७३% | १८.८६% |
| प्रति सेयर आय (बेसिक) | ३३.३७ | ४४.१६ | (०.२४) | ०.०० | ०.०० |
| प्रति सेयर आय (डाइल्युटेड) | ३३.३७ | ४४.१६ | (०.२४) | ०.०० | ०.०० |

### Horizontal Analysis

ग्राहकसँगको सम्झौताबाट प्राप्त आयले दूरसञ्चार सेवाहरूबाट हुने आम्दानीलाई जनाउँछ जसमा FTTH, Lease, GSM, Interconnection र अन्य सेवाबाट प्राप्त आय समावेश छन् । समीक्षा अवधिमा ग्राहकसँगको सम्झौताबाट प्राप्त आय १.९३ प्रतिशतले कमी भएको छ । त्यसैगरी बैंक तथा वित्तीय संस्थामा भएको लगानीमा गत आ.व. को तुलनामा समीक्षा अवधिमा प्रतिफलमा कमी तथा बैंक मौज्दातमा भएका कमीको कारण ब्याज आम्दानीमा ४४.७४ प्रतिशतले कमी भएको छ ।

समीक्षा अवधिमा कर्मचारी सुविधा खर्च र सञ्चालन तथा मर्मत खर्च क्रमश ८.२९ प्रतिशत र ७.८७ प्रतिशतले कमी भएको छ भने बिक्री सञ्जाल, बजारीकरण तथा प्रवर्द्धन खर्च र कार्यालय सञ्चालन खर्च क्रमशः २१.६६ प्रतिशत र ३.८२ प्रतिशतले बृद्धि भएको छ । विगत आ.व. मा अनुमतिपत्र नविकरण वापत वार्षिक ४ अर्ब भुक्तानी गर्दै आएकोमा कम्पनीले आ.व २०८०।८१ मा ५ वर्ष अवधिको जि.एस.एम सेवाको दोस्रो लाइसेन्स प्राप्त गरी उक्त रकम भुक्तानी गर्नु नपरेको हुँदा नियामक दस्तुर शुल्कहरु तथा नवीकरण दस्तुर समीक्षा अवधिमा ४०.८५ प्रतिशतले कम भएको छ । नेपाली मुद्राको तुलनामा अमेरिकी डलरको भाउमा भएको परिवर्तनका कारण विदेशी विनिमय सटहीबाट भएको नाफा गत आ.व.को तुलनामा करीब ११५.०२ प्रतिशतले बढेको छ ।नेपाल वित्तीय प्रतिवेदनमान अनुसार आसामी बाँकि तथा ऋण लगानीमा आवश्यक व्यवस्था गरिएका कारण समीक्षा अवधिमा इम्पेयरमेन्ट ३७९.७५ प्रतिशतले बृद्धि भएको छ । यसैगरी समीक्षा अवधिमा कम्पनीको खुद नाफा गत आ.व. को तुलनामा २४.४३ प्रतिशतले घटेको छ ।

### Vertical Analysis

कुल आयमा सञ्चालन आयको हिस्सा ८८.७६ प्रतिशत रहेको छ जुन गत आ.व. मा ८२.०१ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा ५.१५ प्रतिशतले बृद्धि भई EBITDA ४८.४३ प्रतिशत रहेको छ र नाफा गत आ.व. को तुलनामा ३.१३ प्रतिशतले कमी भई १५.७३ प्रतिशत रहेको छ ।



# त्रैमासिक प्रतिवेदनको पुनरावलोकन

## पहिलो त्रैमासिक

**व्यावसायिक प्रगति**

देशका विभिन्न स्थानहरूमा १३ वटा थप eNodeB जडान भई जम्मा ४,१९२ वटा eNodeB सञ्चालनमा आएका छन् । यस आ.व. को पहिलो त्रैमासिक मा कुल ६५,०२४ लाईन क्षमताको FTTH Network विस्तार तथा थप २९,९३७ FTTH (Voice+Data+IPTV) लाईन जडान भएका छन् ।

**वित्तीय प्रगति**

कम्पनीले प्रथम त्रैमासिक अवधिमा रू. १०.०६ अर्ब राजस्व आर्जन गरेको छ, जुन गत वर्षको सोही अवधिको राजस्वको तुलनामा रू ५.८५ करोडले कम रहेको छ। यस अवधिमा कम्पनीको EBITDA रू. ५.४१ अर्ब रहेको छ, जुन गत वर्षको सोही अवधीको तुलनामा १०.०१ प्रतिशतले बढि छ। कम्पनीले पहिलो त्रैमासिक अवधिमा रू. १.७३अर्ब नाफा गरेको छ, जुन गत वर्षको सोही अवधीको तुलनामा १४.२० प्रतिशतले कम छ।

4G सेवाको देशव्यापि पहुँच बिस्तार तथा FTTH मार्फत इन्टरनेट सेवा, टेलिफोन सेवा तथा IPTV सेवाको विस्तार भएतापनि सेवा वितरणमा उच्च प्रतिस्पर्धाको फलस्वरुप सेवाको महशुल दरमा कमि आएको कारण सेवाको प्रयोग वृद्धि भएतापनि कार्य सञ्चालन राजश्व कम भएको छ। साथै OTT सेवाको बढ्दो प्रयोगका कारण अन्तरआवद्धता आयमा कमि भएको छ। बैंक ब्याजदरमा भएको परिवर्तनका कारण वित्तीय आम्दानी कम भएको छ।

## दोस्रो त्रैमासिक

**व्यावसायिक प्रगति**

यस अवधिमा देशका विभिन्न स्थानहरूमा ३ वटा थप eNodeB जडान भई जम्मा ४,१९५ वटा eNodeB सञ्चालनमा आएका छन् । कुल ३९,८०८ लाईन क्षमताको FTTH Network विस्तार तथा थप २६,९०२ FTTH Subscriber (Voice+Data+IPTV) लाईन जडान भएका छन् ।

**वित्तीय प्रगति**

कम्पनीले दोस्रो त्रैमासिक अवधिमा रू. ९.४५ अर्ब राजश्व आर्जन गरेको छ, जुन गत वर्षको सोही अवधिको राजश्वको तुलनामा रू १।२० अर्बले कम रहेको छ । यस अवधिमा कम्पनीको EBITDA रू. ४.६२ अर्ब रहेको छ, जुन गत वर्षको सोही अवधीको तुलनामा ७.५९ प्रतिशतले कम छ। कम्पनीले दोस्रो त्रैमासिक अवधिमा रू. ८९.५५ करोड नाफा गरेको छ, जुन गत वर्षको सोही अवधीको तुलनामा ६७.८७ प्रतिशतले कम छ।

4G सेवाको देशव्यापि पहुँच बिस्तार तथा FTTH मार्फत इन्टरनेट सेवा, टेलिफोन सेवा तथा IPTV सेवाको विस्तार भएतापनि सेवा वितरणमा उच्च प्रतिस्पर्धाको फलस्वरुप सेवाको महशुल दरमा कमि आएको कारण सेवाको प्रयोग वृद्धि भएतापनि कार्यसञ्चालन राजश्व कम भएको छ। साथै OTT सेवाको बढ्दो प्रयोगका कारण अन्तरआवद्धता आयमा कमि भएको छ। बैंक ब्याजदरमा भएको परिवर्तनका कारण वित्तीय आम्दानी कम भएको छ।

## तेस्रो त्रैमासिक

**व्यावसायिक प्रगति**

यस अवधिमा देशका विभिन्न स्थानहरूमा ११२ वटा थप eNodeB जडान भई जम्मा ४,३०७ वटा eNodeB सञ्चालनमा आएका छन्। कुल २३,८०८ लाईन क्षमताको FTTH Network विस्तार तथा थप १९,६९५ FTTH Subscriber (Voice+Data+IPTV) लाईन जडान भएका छन्।

**वित्तीय प्रगति**

कम्पनीले तेस्रो त्रैमासिक अवधिमा रू. ८.९१ अर्ब राजश्व आर्जन गरेको छ, जुन गत वर्षको सोही अवधीको राजश्वको तुलनामा रू ९८.३१ करोडले कम रहेको छ। यस अवधिमा कम्पनीको EBITDA रू. ४.१५ अर्ब रहेको छ, जुन गत वर्षको सोही अवधीको तुलनामा १९.४३ प्रतिशतले बढि छ । कम्पनीले तेस्रो त्रैमासिक अवधिमा रू. २०.७१ करोड नाफा गरेको छ, जुन गत वर्षको सोही अवधीको तुलनामा ३०.३९ प्रतिशतले बढी छ।

4G सेवाको देशव्यापि पहुँच बिस्तार तथा FTTH मार्फत इन्टरनेट सेवा, टेलिफोन सेवा तथा IPTV सेवाको विस्तार भएतापनि सेवा वितरणमा उच्च प्रतिस्पर्धाको फलस्वरुप सेवाको महशुल दरमा कमि आएको कारण सेवाको प्रयोग वृद्धि भएतापनि कार्य सञ्चालन राजश्व कम भएको छ। साथै OTT सेवाको बढ्दो प्रयोगका कारण अन्तरआवद्धता आयमा कमि भएको छ। बैंक ब्याजदरमा भएको परिवर्तनका कारण वित्तीय आम्दानी कम भएको छ।

## चौथो त्रैमासिक

**व्यावसायिक प्रगति**

यस अवधिमा देशका विभिन्न स्थानहरूमा ११३ वटा थप eNodeB जडान भई जम्मा ४,४३७ वटा eNodeB सञ्चालनमा आएका छन्। कुल ६३,९०८ लाईन क्षमताको FTTH Network विस्तार तथा थप १८,६८१ FTTH Subscriber (Voice+Data+IPTV) लाईन जडान भएका छन्।

वार्षिक रुपमा आ.व. भरमा जिएसएम सेवातर्फ देशका विभिन्न स्थानहरूमा ६६ वटा थप eNodeB जडान भई हालसम्म जम्मा ६,७३७ वटा eNodeB सञ्चालनमा आउनुका साथै ७७ जिल्लाका ७४२ स्थानीय तहमा 4G/LTE सेवा विस्तार गरिएको छ । त्यसैगरी रुकुम पूर्व, डोल्पा र मुगु थप ३ जिल्लामा FTTH सेवा विस्तार गरी जम्मा ७७ जिल्लामा बजार मागअनुसार सेवा विस्तार तथा सञ्चालन भएको छ। त्यस्तै FTTH Network को विस्तारको क्रमलाई जारी राख्दै जम्मा २१,९५,२८४ लाइन क्षमताको नेटवर्क तयार गरी वर्षको अन्त्यसम्ममा कुल ८,१८,२०१ FTTH Subscriber (Voice+Data+IPTV) लाईन जडान भएको छ।

**वित्तीय प्रगति**

कम्पनीले दोस्रो त्रैमासिक अवधिमा रू. १०.३० अर्ब राजस्व आर्जन गरेको छ, जुन गत वर्षको सोही अवधिको राजस्वको तुलनामा रू ६१.०२ करोड कम रहेको छ । यस अवधिमा कम्पनीको EBITDA रू. ५.०५ अर्ब रहेको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा ९.५३ प्रतिशतले बढि छ।

4G सेवाको देशव्यापि पहुँच विस्तार तथा FTTH मार्फत इन्टरनेट सेवा, टेलिफोन सेवा तथा IPTV सेवाको विस्तार भएतापनि सेवा वितरणमा उच्च प्रतिस्पर्धाका कारण सेवाको महशुल दरमा कमि आएकोले सेवाको प्रयोग वृद्धि भएको तर कार्य सञ्चालन राजश्व कम भएको छ।



# व्यवस्थापनको समीक्षा

## व्यावसायिक वातावरण विश्लेषण

दूरसञ्चार सेवा प्रदायकहरुको सफलताको मुख्य आधार पूर्वाधार, ग्राहकको विश्वास र यसबाट सृजना हुने ब्राण्ड मूल्य (Brand Value) नै हुन्। यसले सेवा प्रदायकको प्रतिस्पर्धात्मक क्षमताको आधार तय गर्दछ। नेपाल टेलिकम देशको अग्रणी दूरसञ्चार सेवा प्रदायकका रूपमा उत्कृष्ट ब्राण्ड, ग्राहकहरूको उच्च विश्वास, देशव्यापी पूर्वाधार, दूरसञ्चार सेवामा विविधता र दक्ष जनशक्ति जस्ता महत्वपूर्ण आयामहरु भएको संस्था हो। देशका शहरी क्षेत्रदेखि अति विकट, ग्रामीण भू-भागसम्म सेवा विस्तारमा कटिबद्ध रहेको कारण राष्ट्रिय दायित्व पूरा गर्ने संस्थाको पहिचान बनाउन कम्पनी सफल भएको छ। यद्यपि, ग्रामीण क्षेत्रमा आधुनिक पूर्वाधारको अभाव, नयाँ प्रविधि अवलम्बन तथा निर्णय प्रक्रियामा ढिलाइ, परियोजना कार्यान्वयनमा सुस्तता, उच्च लागतमा नियमित रुपमा प्रविधि स्तरोन्नती गर्नुपर्ने बाध्यता र कतिपय अवस्थामा विद्यमान नीति-नियमहरू कम्पनीका लागि चुनौतीको रुपमा खडा भएका छन्। विशेषतः नाफा नहुने अवस्थामा पनि देशका दुर्गम क्षेत्रहरूमा सस्तो दरमा गुणस्तरीय सेवा दिनुपर्ने सामाजिक दायित्व, बढ्दो मूल्य प्रतिस्पर्धाको कारण ग्राहकबाट प्राप्त हुने राजस्वमा भइरहेको निरन्तरको गिरावट र कम्पनीले तिर्नु पर्ने दस्तुरहरुमा भएका क्रमिक बृद्धिका कारण वित्तीय दबाब बढाएको छ। यसका बाबजुद पनि विस्तारित दूरसञ्चार बजार, डाटा सेवाको बढ्दो माग, M-commerce, M-Wallet, M२M/IoT, VAS तथा content-based व्यावसायजस्ता नवीनतम सेवाहरुको विकास, पूर्वाधार सहप्रयोग र लगानी विविधीकरणका अवसरहरूले निकट भविष्यमा समेत कम्पनीलाई सबल बनाउने सम्भावना बोकेका छन्। तथापी, तीव्र प्रविधिगत परिवर्तन, बढ्दो बजार प्रतिस्पर्धा, सेवाको मूल्य निर्धारणमा आउने दबाब, ग्राहकको सेवा प्रयोग गर्ने शैलीमा आएको परिवर्तनहरु कम्पनीका लागि दीर्घकालीन जोखिमका रूपमा रहेका छन्।

उपरोक्त विश्लेषणको आधारमा नेपाल टेलिकमका सामु विभिन्न रणनीतिक मार्गहरु देखिन्छन्। कम्पनीको सबल पक्षहरुलाई बजारमा देखिएका नयाँ अवसरहरुलाई रुपान्तरण गर्ने रणनीति अन्तर्गत, ग्राहकको विश्वास र देशव्यापी पूर्वाधारलाई आधार बनाएर डाटा सेवाको बढ्दो माग र नवीनतम डिजिटल सेवाहरू (IoT, M-Wallet, VAS, content-based business) विस्तार गर्दै आम्दानीका नयाँ स्रोत सिर्जना गर्न सकिन्छ। नयाँ प्रविधि अवलम्बन र परियोजना कार्यान्वयनमा देखिएको ढिलाइलाई पूर्वाधार सहप्रयोग, निजी क्षेत्रसँग सहकार्य र लगानी विविधीकरणमार्फत अवसरमा रूपान्तरण गर्न सकिन्छ, जसले लागत नियन्त्रण गर्न समेत मद्दत गर्दछ। कम्पनीको देशव्यापी सेवाको पहुँच र विश्वसनीयतालाई प्रयोग गरी बढ्दो प्रतिस्पर्धा, मूल्य दवाब र ग्राहक व्यवहारमा आएको परिवर्तनलाई सेवाको गुणस्तर, नेटवर्कको स्थायित्व र ग्राहक सन्तुष्टिमा सुधारमार्फत न्यूनीकरण गर्न सकिन्छ। अन्ततः, नाफा नहुने क्षेत्रमा समेत सेवा दिनुपर्ने बाध्यता, घट्दो राजस्व, उच्च फ्रिक्वेन्सी शुल्क र प्रविधि परिवर्तनको उच्च लागतजस्ता पक्षहरुलाई ध्यानमा राख्दै प्राथमिकतामा आधारित लगानी, चरणबद्ध प्रविधिको परिवर्तन र संगठनात्मक सुधारमार्फत जोखिम न्यूनिकरण गर्ने रणनीति नेपाल टेलिकमका लागि व्यावहारिक देखिन्छ।

### S STRENGTHS

- कम्पनीको ब्राण्ड
- ग्राहकहरुको विश्वास
- देशव्यापी रुपमा रहेको दूरसञ्चार पूर्वाधार
- सेवामा विविधता
- देशव्यापी रुपमा सेवाको उपलब्धता
- दक्ष जनशक्ति

### C CHALLENGES

- ग्रामिण क्षेत्रमा दूरसञ्चार पूर्वाधारको उपलब्धतामा कमी
- नयाँ प्रविधिको अवलम्बनमा ढिलाई
- निर्णय प्रक्रियामा ढिलाई
- परियोजना सम्पन्न गर्नमा ढिलाई
- सेवाको गुणस्तर तथा विश्वसनियता कायम गर्नुपर्ने
- सरकारी नीति तथा नियम
- नियमितरुपमा प्रविधि अपग्रेड कार्यमा उच्च लागत

### O OPPORTUNITIES

- विस्तारित दूरसञ्चार बजार
- नवीनतम सेवाहरुको विकास जस्तैः E-commerce, M Wallet, VAS, M2M, IoT (Internet of Things), content based business
- डाटा सेवाको बढ्दो माग
- लगानी विविधिकरण
- पूर्वाधार सहप्रयोग

### T THREATS

- प्रविधिमा आउने परिवर्तन
- बढ्दो बजार प्रतिस्पर्धा
- सेवाहरुको मूल्य निर्धारणमा उच्च प्रतिस्पर्धा
- सेवाको लाइसेन्स नवीकरण शुल्क र फ्रिक्वेन्सीको महँगो शुल्क
- ग्राहकहरुको सेवा प्रयोग गर्ने शैलीमा परिवर्तन
- नयाँ सेवा प्रदायक आउने सम्भावना

## मुख्य सरोकारवाला

कम्पनीको सफलतामा प्रत्यक्ष र महत्वपूर्ण प्रभाव पार्ने व्यक्तिहरु भनेका सरोकारवालाहरु हुन् । कम्पनीले अधिकतम साख र विश्वसनीयता सिर्जना गर्ने उद्देश्य सहित सबै सरोकारवालाहरुसँगको सम्बन्धलाई विशेष महत्वका साथ अगाडि बढाउने गर्दछ । नेपाल टेलिकमका प्रमुख सरोकारवालाहरुमा कम्पनीका सेयरधनीहरु, सञ्चालक समिति, ग्राहकहरु, कर्मचारीहरु, आपूर्तिकर्ताहरु, नियामक निकायहरु र सर्वसाधारणहरु समावेश छन् । सरोकारवालाहरुको विश्लेषणले समस्या समाधान गर्न सकिने रणनीति योजनाहरु तय गर्न मद्दत गर्दछ ।

### सेयरधनी

सेयरधनीहरू कम्पनीका मालिक हुन् । सेयरधनीहरूले कम्पनीको लागि आवश्यक वित्तीय पुँजी उपलब्ध गराउँदछन् । नेपाल टेलिकमका सेयरधनी नेपाल सरकार, नागरिक लगानी कोष र सर्वसाधारण रहेका छन् । छोटो र लामो अवधिमा प्रतिफल प्राप्त गर्ने आशामा उनीहरुले कम्पनीमा आफ्नो पुँजी लगानी गर्दछन् । त्यसैले उनीहरु प्रतिफल प्राप्त गर्न कम्पनीको वित्तीय स्वास्थ्यप्रति निरन्तर उत्सुक रहेका हुन्छन् । कम्पनीले समीक्षा अवधिमा सेयरधनीहरुलाई ३० प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ ।

### सञ्चालक समिति

सञ्चालक समितिमा नेपाल सरकारका प्रतिनिधि, नेपाल सरकारबाट नियुक्त हुनुभएका प्रबन्ध निर्देशक, सर्वसाधारण सेयरधनी प्रतिनिधि र कर्मचारी प्रतिनिधि गरी सात सदस्य रहेका छन् । समितिले आन्तरिक नियन्त्रण, संस्थागत सुशासन र पारदर्शिताको उचित कार्यान्वयनको लागि मार्गनिर्देशन दिने गर्दछ । यसले सेयरधनीहरूको हित र कम्पनीको वित्तीय स्थितिलाई पनि सुरक्षित गर्दछ ।

### ग्राहक

ग्राहकहरु कम्पनीले प्रदान गर्ने विभिन्न सेवाका उपभोक्ता हुन् । उनीहरु कम्पनीको सेवाका अन्तिम प्रयोगकर्ता हुन् । ग्राहकहरुले आफ्नो अपेक्षा पूरा हुँदा कम्पनीको प्रतिष्ठामा बढोत्तरी गराउन योगदान पुर्याउँदछन् । कम्पनीले देशभर अत्याधुनिक प्रविधिमा आधारित दूरसञ्चार सेवाहरु उपलब्ध गराउन निरन्तर प्रयास गरिरहेको छ ।

### कर्मचारीहरू

कम्पनीमा कार्यरत कर्मचारीहरूको उत्प्रेरणापूर्ण कार्यसम्पादनले कम्पनीको उद्देश्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । कर्मचारीहरूले कम्पनीको सफलताको लागि आफ्नो अनुभव, दक्षता, लगनशीलताको बदलामा उचित पारिश्रमिक तथा पारितोषिकको अपेक्षा गर्छन् ।

### आपूर्तिकर्ताहरू

कम्पनीको लागि आवश्यक पर्ने बस्तु तथा सेवाको आपुर्तिकर्ताहरु विभिन्न कम्पनी तथा व्यक्तिहरु हुन्छन् । आपूर्तिकर्ताहरुबाट कम्पनीले आफ्ना सेवाहरुको लागि प्रयोग गर्ने स्रोतहरु प्राप्त गर्ने गर्छन् । सेवाहरुको समयमै निर्वाधरुपमा वितरण गर्ने कार्यलाई सुनिश्चित गर्न आपूर्तिकर्ताहरुसँग बलियो र स्वस्थ सम्बन्ध आवश्यक हुन्छ । कम्पनी आफ्ना आपूर्तिकर्तासँग स्वस्थ सम्बन्ध कायम गर्न प्रतिबद्ध छ ।

### नियामक निकाय

नियामक निकायहरू कम्पनीको व्यावसायिक क्षेत्रमा नियमनकारी भूमिका निर्वाह गर्ने सरकारी निकायहरू हुन् । कम्पनीले ऐन, नियम, निर्देशन तथा प्रचलित कानून अनुसार पालना गर्नु पर्ने कुराहरुको पालना भए/नभएको, आन्तरिक नियन्त्रण संयन्त्रको प्रभावकारिता, पारदर्शिता, ग्राहक र अन्य सरोकारवालाहरूको हितको संरक्षण पनि सुनिश्चित गर्नुका साथै कम्पनीको व्यापार गतिविधिहरूको विषयलाई नियामक निकायहरुले नियमन गर्ने गर्दछन् । सम्बन्धित सबै नियामक निकायहरुसँग कम्पनीको सुमधुर र स्वस्थ सम्बन्ध रहेको र सोलाई कायम राख्न कम्पनी प्रतिबद्ध छ ।



# मानव पुँजी

इमानदार, प्रतिबद्ध र उत्प्रेरित मानव संशाधनविना कुनै पनि संस्थाले लक्ष्य हासिल गर्न सक्दैन। कम्पनीले आफ्ना कर्मचारीहरूलाई सदैव महत्वपूर्ण सम्पत्तिको रुपमा लिएको छ। दक्ष र प्रतिभाशाली कर्मचारी नभएसम्म कम्पनीको प्रगति हुन नसक्ने वास्तविकतालाई पूर्णरुपले अङ्गिकार गरी कर्मचारीको व्यवस्थित परिचालनमा विशेष ध्यान दिइएको छ। कम्पनीका कर्मचारीहरूले सम्पादन गर्नुपर्ने कार्यविवरण, लक्ष्य र प्रगति मूल्याङ्कनका परिसूचकहरू विकास गरी सो बमोजिम निजहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्यको सुरुवात गरिएको छ।

**कार्यरत कर्मचारीः**






## कर्मचारी भर्ना

कम्पनीमा दक्ष तथा सक्षम कर्मचारी भर्ना गर्नको लागि पारदर्शी नीति नियम तथा मापदण्ड लागू गरिएको छ। कम्पनीले कर्मचारी भर्ना निश्चित मापदण्डको आधारमा प्रतिस्पर्धाको माध्यमबाट गर्ने गरेको छ । साथै लोकसेवा आयोगको संलग्नता र परीक्षा कार्यक्रम तालिका अनुसार समावेशिताको सिद्धान्तको आधारमा कर्मचारी भर्ना गर्ने गरिएको छ।

## सेवा तथा सुविधा

कार्यरत कर्मचारीहरुलाई कम्पनीले आकर्षक सेवासुविधाहरू उपलब्ध गराउँदै आएको छ । कर्मचारीहरूको सेवासुविधामा तलब, भत्ता, बोनस, टेलिकम भत्ता, आदि रहेको छ । तह ११ र तह १० का कर्मचारीहरूलाई कम्पनीले सवारी साधनको सुविधा पनि उपलब्ध गराएको छ। देशको आर्थिक अवस्थालाई मध्यनजर गरी कर्मचारीहरूको सेवा सुविधा समयानुकुल पुनरावलोकन गर्ने गरिएको छ। त्यस्तै कर्मचारीहरूलाई पोशाक भत्ता, औषधी उपचार खर्च, दुर्घटना बीमा, सापटी, बिभिन्न प्रकारका बिदा, टेलिफोन, मोवाईल, इन्टरनेट र सीयुजी सुबिधा उपलब्ध गराइएको छ।

नियुक्ती तथा वढुवा पदस्थापन र सरुवा कार्यविधि, २०७८ अनुरुप सरुवाका लागि Online Transfer Request भर्न सक्ने व्यवस्थालाई समीक्षा अवधिमा निरन्तरता दिइएको छ । कर्मचारीहरूको से वासुविधामा गरिएको खर्चको विवरण लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

## कर्मचारीमा विविधता

कम्पनीको कार्यस्थल तथा कर्मचारीको कार्यशैलीमा लैंगिक समावेशिता तथा विविधता सहितको कार्यवातावरण तयार गरिएको छ। कम्पनीमा कायम गरिएको लैङ्गिक समावेशिता तथा विविधताले सम्पूर्ण कर्मचारीहरूमा समान तथा निष्पक्षरुपमा अवसर सिर्जना गर्ने वातावरण सुनिश्चित भएको विश्वास लिइएको छ।

**लैङ्गिक विविधता** (**२०८२ असार सम्मको**)

| विवरण | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|
| उच्च व्यवस्थापन (तह १०-१२) | ५५ | ५ | ११ : १ |
| मध्य व्यवस्थापन (तह ८-९) | ४२७ | ६४ | ६.६१ : १ |
| अधिकृत स्तर (तह ६-७) | ११९७ | १६० | ७.४८ : १ |
| सहायक स्तर (तह ५ सम्म) | १४६० | २६४ | ५.५३ : १ |
| **जम्मा** (१-१२) | ३१३९ | ४९३ | ६.३७ : १ |

**उमेरको विविधता** (**२०८२ असोज मसान्तको**)

| उमेर समूह | पुरुष | महिला | लैङ्गिक अनुपात |
|---|---|---|---|
| ३० वर्षसम्म | १७८ | ५२ | ३.४२ : १ |
| ३१ देखि ५० वर्ष | १४४८ | २७१ | ५.३४ : १ |
| ५० वर्षभन्दा माथि | १४४५ | १६६ | ८.७० : १ |
| जम्मा | ३०७१ | ४८९ | ६.२८ : १ |

## कार्यसम्पादन सम्झौता

कम्पनीका निर्धारित लक्ष्य, योजना, नियमित कार्यहरु समयमै सम्पन्न गर्ने प्रतिबद्धताकासाथ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव/कम्पनी सञ्चालक समितिका अध्यक्ष र कम्पनीका प्रबन्ध निर्देशकबीच, कम्पनीका प्रबन्ध निर्देशक र कम्पनीका प्रमुख प्राविधिक अधिकृत, प्रमुख व्यावसायिक अधिकृत, प्रमुख सञ्चालन अधिकृत, प्रमुख मानव संशाधन अधिकृत, प्रमुख वित्तीय अधिकृत, कम्पनी सचिव, अन्तरिक लेखा परीक्षण तथा निरिक्षण विभागका नायव प्रबन्ध निर्देशक, वायरलाइन तथा ग्राहक सेवा निर्देशनालयका निर्देशक, वायरलेस सेवा निर्देशनालयका निर्देशक र ब्याकबोन ट्रान्समिसन निर्देशनालयका निर्देशकहरुबीच कार्यसम्पादन सम्झौता भएको छ । साथै प्रादेशिक निर्देशनालयका निर्देशकहरुसहितका निर्देशक तथा विभागीय प्रमुख र प्रबन्धकहरुबीच समेत कार्यसम्पादन सम्झौता भएको छ। त्यस्तै समीक्षा अवधिमा तह ११ देखि तह ८ सम्मका कर्मचारीहरुसँग कार्यसम्पादन सम्झौता हुनुका साथै कम्पनीका सबै कर्मचारीहरुलाई कार्यविवरण उपलब्ध गराइएको छ।

## कम्पनी पुर्नसंरचना

कम्पनीले बदलिँदो परिस्थिति अनुरुप कम्पनीले पुनर्संरचनाको कार्यलाई अगाडि बढाउँदै आएको छ। २०७२ सालमा कायम गरिएको ४१५९ जनाको दरबन्दीलाई पुनरावलोकन पश्चात् ३००९ कायम भएको छ।

## कर्मचारी विनियमावलीमा परिमार्जन

कम्पनीले समयसापेक्ष आर्थिक तथा कर्मचारी विनियमावलीमा परिमार्जन गर्दै आएको छ। सोही सिलसिलामा संशोधन प्रकृयामा रहेको कर्मचारी विनियमावली, २०७८ सञ्चालक समितिबावाट स्वीकृत भई २०७८ साउन १ गते देखि लागू भएको छ भने कर्मचारी सरुवा सम्बन्धी नीति तयार गरी सोही अनुसार कार्यान्वयन हुँदै आएको छ।

## तालिम तथा वृत्ति विकास

मानव संशाधनलाई सिर्जनशील, सकारात्मक, अध्यावधिक र उत्प्रेरित बनाई राख्न तालिमको व्यवस्था गरिएको छ। मानव संसाधनको विकासले दैनिक कार्यमा सहयोग गर्ने मात्र नभई कम्पनीमा नयाँ सोच, नयाँ प्रविधिहरू

**कम्पनीमा कार्यरत अधिकृतस्तर तथा सहायकस्तरका कर्मचारीको विवरण:**

| | २०८१/८२ (२०८२ असोज मसान्तसम्म) | | | २०८०/८१ | | | २०७९/८० | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| अधिकृतस्तर | २२९ | १६३५ | १८६४ | २३३ | १७११ | १९४४ | २४७ | १७९५ | २०४२ |
| सहायकस्तर | २६० | १४३६ | १६९६ | २६० | १४६८ | १७२८ | २७१ | १५६२ | १८३३ |
| जम्मा | ४८९ | ३०७१ | ३५६० | ४९३ | ३१७९ | ३६७२ | ५१८ | ३३५७ | ३८७५ |
| बढी (घटी) | (४) | (१०८) | (११२) | (२५) | (१७८) | (२०२) | २५ | ३२ | ५७ |

**राष्ट्रिय / अन्तर्राष्ट्रिय तालिम/गोष्ठी/कार्यशाला**

| तालिम विवरण | आ.व. २०८१/८२ | | आ.व. २०८०/८१ | |
|---|---|---|---|---|
| | राष्ट्रिय तालिम गोष्ठी/कार्यशाला | अन्तर्राष्ट्रिय तालिम गोष्ठी/कार्यशाला | राष्ट्रिय तालिम गोष्ठी/कार्यशाला | अन्तर्राष्ट्रिय तालिम गोष्ठी/कार्यशाला |
| जम्मा तालिम/गोष्ठी/कार्यशालाको संख्या | ९३ | ५० | १५३ | |
| जम्मा सहभागी कर्मचारी | १९४६ | ४८७ | २७७४ | ५७९ |

भित्र्याउन मद्दत पुग्ने कुरामा सञ्चालक समिति विश्वस्त छ। तालिम खर्च नभई लगानी हो भन्ने अवधारणालाई कम्पनीले आत्मसात गरेको छ। त्यसैले सक्षम तथा व्यावसायिक जनशक्ति तयार गर्न कम्पनीले निरन्तर लगानी गरेको छ। बदलिँदो परिवेश, गतिशील प्राविधिक वातावरणमा आफ्ना कर्मचारीहरूलाई समयसापेक्ष, दक्ष र सिपयुक्त बनाउन तथा कर्मचारीहरूको क्षमता अभिवृद्धिका साथसाथै प्रोत्साहन गर्नका लागि कम्पनीले समय समयमा विभिन्न आन्तरिक तथा बाह्य तालिम एवं सेमिनारमा कर्मचारीलाई सहभागी गराउँदै आएको छ। समीक्षा वर्षमा दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रवाट कुल १९४६ जना कर्मचारी विभिन्न ७९ वटा तालिम तथा १४ वटा गोष्ठी/कार्यशालामा सहभागी भएका छन् भने ४८६ कर्मचारीलाई समीक्षा अवधिमा वैदेशिक तालिम, गोष्ठी तथा सेमिनारमा सहभागी गराइएको छ। पारदर्शी ढंगले वृत्तिविकास प्रयोजनार्थ वार्षिकरुपमा निश्चित मापदण्डको आधारमा कर्मचारीहरूको कार्यसम्पादन मूल्याङ्कन गर्ने गरिएको छ।

## कर्मचारी स्वास्थ्य तथा सुरक्षा

कम्पनीले कर्मचारीको स्वास्थ्य तथा सुरक्षालाई उच्च प्राथमिकतामा राखी कार्य गर्ने प्रबन्ध मिलाएको छ। कर्मचारीले अवकाशपश्चात् भुक्तानी पाउने गरी कम्पनीको ९० प्रतिशत र कर्मचारीको १० प्रतिशत योगदान सहितको जीवन बीमा गर्ने व्यवस्था गरिएको छ। जीवन बीमा रकमको तहगत अनुपात कर्मचारी विनियमावली, २०७८ मा तोकिए अनुसार रहेको छ।

कर्मचारीहरूको उपचारको लागि कम्पनी तथा कर्मचारी दुवैको योगदान हुनेगरी स्वास्थ्य बीमा तथा सामूहिक दुर्घटना बीमाको समेत व्यवस्था गरिएको छ। कर्मचारीहरूले भौतिक जोखिम हुने कार्य गर्दा अपनाउनु पर्ने सावधानीका उपायहरू लागू गरिएको छ। कर्मचारीहरूलाई कार्यस्थलमा हुने जोखिम, स्वास्थ्य तथा सुरक्षा सम्बन्धी आवश्यक कार्यविधि बनाउने तथा कार्यान्वयन गर्ने र कर्मचारीहरुलाई कार्यस्थलमा हुने जोखिम, स्वास्थ्य तथा सुरक्षा सम्बन्धमा जानकारी दिनको लागि दूरसञ्चार तालिम तथा अनुसन्धान केन्द्रमा पेशागत स्वास्थ्य र सुरक्षा (OHS) विषयक तालिम प्रदान गर्ने गरिएको छ।

कर्मचारीहरूलाई कार्यक्षेत्रमा हुन सक्ने लैङ्गिक हिंसाहरू सम्बन्धी जनचेतना बढाउन तथा त्यस्ता गतिविधि नियन्त्रण गर्न सम्बन्धित निकायहरूसँगको सहकार्यमा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने गरिएको छ। साथै कम्पनीले लैंगिक हिंसाविरूद्ध शुन्य सहनशीलताको नीति लिएको छ। लैङ्गिक हिंसा सम्बन्धी उजुरीको सुनुवाई तथा व्यवस्थापनको लागि कम्पनीले केन्द्रीयस्तरमा नायव प्रबन्ध निर्देशकको संयोजकत्वमा एक स्थायी कमिटि (Committee Against Sexual Harassment - CASH) गठन गरेको छ।

कर्मचारीलाई कडा रोग लागेको खण्डमा उपचारमा सहयोगको लागि कर्मचारी तथा कम्पनीको सहयोगदानमा कडा रोग कोष निर्माण गरी सोको व्यवस्थापन गर्ने गरेको छ। कडा रोग अन्तर्गत क्यान्सर, मिर्गौला सम्बन्धी, मुटु सम्बन्धी (एन्जियोप्लाष्ट र बाइपास), नसा सम्बन्धी (पार्किन्सन्स, वेहोशी), प्यारालाइसिस, ब्रेन ह्यामरेज, कलेजो सम्बन्धी रोग (हेपाटाइटिस बि, सि), मेनेञ्जाइटिस, एक्युट पेङ्क्रियाटाइटिस समावेश रहेका छन्। समीक्षा अवधिमा कडा रोग उपचार खर्चस्वरुप कुल १५ जना कर्मचारीलाई रु. ३४,०८,६४०।०० उपलब्ध गराइएको छ।



# सुशासन तथा जोखिम व्यवस्थापन

# संस्थागत सुशासन



## सञ्चालक समितिको भूमिका

कम्पनी ऐन, २०६३ तथा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कार्य गरी कम्पनीको दीर्घकालीन नीति निर्माण, योजना तर्जुमा, वार्षिक बजेट निर्माण गरी पारित गर्ने, कर्मचारी सेवा सुविधाका सम्बन्धमा कर्मचारी विनियमावली तथा आर्थिक विनियमावली समय सापेक्षिक रुपमा परिमार्जन तथा संशोधन गर्ने तथा अन्य आवश्यक निर्देशिका तयार गरी कार्यान्वयन गराउने । कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनको जिम्मेवारी सञ्चालक समितिमा निहित रहेको हुन्छ । यसका साथै कम्पनीको व्यवस्थापनको कार्यसम्पादन मूल्याङ्कन तथा कम्पनीमा सञ्चालित परियोजनाहरुको अनुगमन एवम् आवश्यक निर्देशन दिने कार्यसमेत सञ्चालक समितिबाट भइरहेको छ।

## सञ्चालक समितिको संरचना

कम्पनीको ७ सदस्यीय सञ्चालक समिति रहेको छ। सात जनामध्ये नेपाल सरकार, मन्त्रीपरिषद्बाट नियुक्त कम्पनीको प्रबन्ध निर्देशक सहित पाँच जना सञ्चालकहरू संस्थापक समूह तर्फबाट, सञ्चालक समितिबाट स्वीकृत कार्यविधी अनुरूप कम्पनीमा कार्यरत कर्मचारीहरूबाट छनौट भएका कर्मचारी सञ्चालक एक जना तथा सर्वसाधारण सेयरधनी समूह तर्फबाट निर्वाचित एक जना सञ्चालक रहने प्रावधान रहेको छ।

संस्थापक समूह तर्फबाट सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव, अर्थ मन्त्रालयको प्रतिनिधि, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रतिनिधि, नेपाल सरकार मन्त्रीपरिषद्बाट नियुक्त कम्पनीको प्रबन्ध निर्देशकसमेत गरी पाँच जना

## सञ्चालक समितिमा लैंगिक विविधता




हुने व्यवस्था रहेको छ। जसमध्ये सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका सचिव सञ्चालक समितिको अध्यक्षको रूपमा रहने व्यवस्था रहेको छ। कर्मचारी तर्फबाट छनौट भएका सञ्चालकको कार्यकाल दुई वर्षको हुने व्यवस्था रहेको तथा सर्वसाधारण समूह तर्फबाट निर्वाचित भएको सञ्चालकको कार्यकाल तीन वर्ष वा नियुक्त भएको मितिदेखि तीन वटा साधारण सभा वस्ने मिति मध्ये जुन पहिले हुन्छ सो मितिसम्म हुने व्यवस्था रहेको छ। हाल कम्पनीको निमित्त प्रबन्ध निर्देशकमा नेपाल सरकारबाट श्री सविना मास्के प्रधान नियुक्त हुनुभएको छ।

कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार देहाय बमोजिमको सञ्चालक समिति सदस्यहरू छन्।

| क्र.सं. | सञ्चालक | सञ्चालक संख्या | नियुक्ति मिति | पदावधी |
|---|---|---|---|---|
| १ | गैर कार्यकारी सञ्चालक (संस्थापक सेयरधनी समूह) | ४ | | नेपाल सरकारले नियुक्त गरे अनुसार |
| २ | कार्यकारी सञ्चालक (निमित्त प्रबन्ध निर्देशक) | १ | २०८२।०२।२८ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको माननीय मन्त्रिस्तरको निर्णय अनुसार |
| ३ | गैर कार्यकारी सञ्चालक (सर्वसाधारण सेयरधनी समूह) | १ | २०८०।०९।२९ | ३ वर्ष वा नियुक्त भएको मितिदेखि ३ वटा साधारण सभा बस्ने मिति मध्ये जुन पहिले हुन्छ सो मितिसम्म |
| ४ | कर्मचारी प्रतिनिधि सञ्चालक | १ | २०८१।०८।२८ | २ वर्ष |

### सञ्चालक समितिमा हेरफेर

नेपाल सरकारको निर्णय अनुसार सञ्चालक समितिको सदस्य पदमा श्री सविना मास्के प्रधान, श्री टंक प्रसाद पाण्डेय, श्री अरुणा जोशी र श्री सुवास चन्द्र शिवाकोटीको नियुक्ति भएको छ। नेपाल सरकारको निर्णय अनुसार मिति २०८२।०२।२८ मा कम्पनीको निमित्त प्रबन्ध निर्देशकको रुपमा श्री सविना मास्के प्रधानको नियुक्ति भएको छ।

### सञ्चालक समितिको सिप, विज्ञता तथा दक्षता

कम्पनीको सञ्चालक समितिमा विविध क्षेत्रको सिप, विज्ञता तथा दक्षता भएका सञ्चालकहरूले प्रतिनिधित्व गरेका छन्। सञ्चालक समितिमा रहेका सञ्चालकहरूको सिप, विज्ञता तथा दक्षता भएको क्षेत्रहरू विशेषत इन्जिनियरिङ्ग, वित्त, अर्थशास्त्र, दूरसञ्चार, व्यापार, जनप्रशासन, कानून, रणनीति निर्माण, सुशासन, व्यवस्थापन रहेका छन्। सञ्चालक समितिका सदस्यहरू नेपाल सरकारको उच्च व्यवस्थापकीय पद धारण गरेका पदाधिकारीहरू, निजी क्षेत्रका संस्था प्रमुख तथा कम्पनी व्यवस्थापनमा विशेष पद धारण गरेका पदाधिकारीहरू रहेका छन्।

### सञ्चालक समिति अन्तर्गतका समिति/उपसमितिहरु

सञ्चालक समितिले प्रभावकारी कार्यसम्पादन वा विशेष प्रकृतिको समस्याहरूको समाधान तथा सञ्चालकको समयको उच्च प्रयोगको लागि आफ्ना केही जिम्मेवारीहरु सञ्चालक समितिको उपसमितिमा प्रत्यायोजन गर्ने गरेको छ। उपसमितिहरूले तोकिएको कार्य क्षेत्रमा तोकिएका कार्यहरू सम्पन्न गरी सञ्चालक समितिमा आवश्यक कारवाहीको लागि छलफल तथा सिफारिस गर्ने गरेका छन्।

### लेखापरीक्षण समिति

सञ्चालक समितिको प्रतिवेदनको लेखापरीक्षण समितिमा विस्तृत रुपमा खुलाइएको छ।

### आर्थिक तथा लगानी उपसमिति

सञ्चालक समिति अन्तर्गत गठित आर्थिक तथा लगानी उपसमिति ३ सदस्य रहने गरी मिति २०७९/०२/०३ गते गठन गरिएको छ। मिति २०७९।१२।०९ गतेको सञ्चालक समितिको निर्णय अनुसार उपसमिति पुनर्गठन भई कर्मचारी प्रतिनिधि सञ्चालक समेत सदस्यको रुपमा थप गरिएको छ। सोहि निर्णय अनुसार उपसमितिको सदस्य सचिवको रुपमा कम्पनी सचिवलाई जिम्मेवारी दिइएको छ। उक्त उपसमितिको आ.व. २०८१/८२ मा कुल ८ वटा बैठक वसेको छ।

उपसमितिको संरचना देहाय बमोजिम रहेको छः

| | | |
|---|---|---|
| १. | श्री टंक प्रसाद पाण्डेय | संयोजक |
| २. | श्री सविना मास्के प्रधान | सदस्य |
| ३. | श्री मनिष जङ्ग जोशी | सदस्य |
| ४. | श्री लोक बहादुर कटुवाल | सदस्य |

### आर्थिक तथा लगानी उपसमितिका कार्यक्षेत्र

१. राजस्व व्यवस्थापनः ग्राहकहरुबाट आसामी असुली, सेवा विक्री, नगद संकलन, राजस्व वृद्धि, अल्पकालीन तथा दीर्घकालीन कार्ययोजना, Revenue Trend Analysis, राजस्व वृद्धिका अवसरहरुको पहिचान सम्बन्धी विषय।
२. लगानी व्यवस्थापनः कम्पनीको लगानी नीति, कोषको व्यवस्थापन, लगानीका क्षेत्रहरुको पहिचान, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन लगानीको कार्ययोजना तथा आयोजनाको पहिचान गरी आयोजनाको लागत लाभ विश्लेषण सम्बन्धी विषय।
३. खर्च तथा लेखाङ्कन व्यवस्थापनः कर्मचारीको सुविधा, लेखा नीति, आर्थिक विनियमावली, लेखाङ्कन प्रणाली तथा मौज्दात व्यवस्थापन।
४. बजेट व्यवस्थापनः कम्पनीको वार्षिक नीति तथा कार्यक्रम, सेवाहरूको लक्ष्य निर्धारण तथा अनुमानित आय व्यय सम्बन्धी विषय।

### प्रशासनिक उपसमिति

सञ्चालक समिति अन्तर्गत गठित प्रशासनिक उपसमितिमा ३ सदस्य रहने गरी मिति २०७९/०२/०३ गते गठन गरिएको छ। उपसमितिको सदस्य सचिवको रुपमा कम्पनी सचिवलाई जिम्मेवारी दिइएको छ। उक्त उपसमितिको आ.व.२०८१/८२ मा कुल १३ वटा बैठक बसेको छ।

उपसमितिको संरचना देहाय बमोजिम रहेको छः

| | |
|---|---|
| १. श्री सुवास चन्द्र शिवाकोटी | संयोजक |
| २. श्री अरुणा जोशी | सदस्य |
| ३. श्री सविना मास्के प्रधान | सदस्य |

### प्रशासनिक उपसमितिका कार्यक्षेत्र

१. ऐन, कानून, विनियमः कम्पनीको प्रबन्ध पत्र, नियमावली, कर्मचारी विनियमावली सम्बन्धी विषय।
२. जनशक्ति व्यवस्थापनः जनशक्ति सम्बन्धी नीति, योजना, कर्मचारी प्रशासन, सजाय/पुरस्कार सम्बन्धी विषय।
३. व्यापार व्यवस्थापनः कम्पनीको व्यावसायिक योजना, नीति, कार्यक्रम तथा व्यापार प्रबर्धन सम्बन्धी विषय।
४. सम्पत्ति व्यवस्थापनः कम्पनीको घरजग्गा तथा भौतिक सम्पत्तिको संरक्षण, उपयोग, परिचालन सम्बन्धी विषय।
५. श्रम व्यवस्थापन तथा अन्यः ट्रेड युनियन तथा CBA निर्वाचन,

श्रम व्यवस्थापन, श्रम अडिट, कम्पनीको वार्षिक साधारण सभा, कम्पनीको पक्ष र विपक्षमा दायर भएका मुद्दाहरूको प्रतिरक्षा तथा कानूनी उपचार सम्बन्धी विषय।

## उपसमितिबाट भएका कार्यहरु

### कम्पनी व्यवस्थापन

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा व्यवस्थापन सम्वन्धी कार्य गर्न प्रबन्ध निर्देशकको रूपमा नेपाल सरकार, मन्त्रीपरिषद्बाट नियुक्त भएको १ जना, तह ११ मा ८ जना नायव प्रबन्ध निर्देशक तथा तह १० मा ४६ जना प्रवन्धक गरी जम्मा ५५ जना व्यवस्थापकीय तहका कर्मचारीहरु कार्यरत रहेका छन् । कम्पनीको सेवा विस्तार तथा बजार माग अनुसार सेवा वितरणको व्यवस्थापन गर्ने तथा सेवाको गुणस्तर कायम राख्ने कार्यमा कम्पनीको व्यवस्थापन सधै क्रियाशिल रहेको छ। कम्पनी सञ्चालनको लागि आवश्यक दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन रणनीति तयार गरी सो अनुसार कम्पनीको सेवा सञ्चालन गर्ने तथा कम्पनीको लागि आवश्यक नीति तथा नियम तयार गरी सञ्चालक समितिको स्वीकृतिपश्चात् कार्यान्वयन गर्ने गरिएको छ । साथै सञ्चालक समितिबाट हुने नीतिगत निर्णयहरु कार्यान्वयन गर्ने तथा ऐन, नियम, विनियम तथा कर्मचारी विनियमावली, आर्थिक विनियमावली लगायतका नियम/कानूनको परिधिभित्र रही कम्पनीको व्यवस्थापकीय कार्य सम्पादन गर्ने गरिएको छ। कम्पनीको व्यवस्थापनको कार्य सम्पादन मूल्याङ्कन कम्पनीका अध्यक्ष तथा प्रबन्ध निर्देशकबिच भएको कार्य सम्पादन सम्झौताको आधारमा त्रैमासिक रुपमा गर्ने गरिएको छ।

### कम्पनी सचिवालय

कम्पनी ऐनको प्रावधान अनुसार नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको कम्पनी सचिवालय गठन भएको छ।  कम्पनी ऐनमा तोकिए बमोजिको काम, कर्तव्य निर्वाह गर्न कम्पनी सचिवको नियुक्ति भएको छ। कम्पनीको सञ्चालक समितिको बैठकमा सदस्य सचिवको रुपमा रही कार्य गर्नु कम्पनी सचिवको प्रमुख दायित्व रहेको छ । साथै कम्पनी सचिवलाई कम्पनीको परिपालन अधिकृतको जिम्मेवारी समेत तोकिएको छ।

कम्पनीको सेयरधनीहरुको लगत विवरण अद्यावधिक राख्ने लगायत सेयर रजिष्ट्रार सम्बन्धी सम्पूर्ण कार्य  कम्पनी सचिवालय अन्तर्गत हुने गरेको छ । कम्पनी सचिवालयले प्रत्येक आर्थिक वर्ष समाप्त भएपछि वार्षिक साधारण सभा बोलाउन कम्पनी ऐन अनुसार तोकिएका कार्य तथा जिम्मेवारीहरु पूरा गर्ने गरेको छ।

## सेयरधनीसँगको सम्बन्ध

### सेयरधनीहरूलाई जानकारी प्रवाह

कम्पनीका सेयरधनी तथा सरोकारवालाहरुको जानकारीको लागि त्रैमासिक रुपमा आर्थिक लगायत अन्य तोकिएको विवरण राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्ने गरिएको छ। त्यस्तैगरी कम्पनीले प्रवाह गर्ने सेवा सुविधा सम्बन्धमा सूचनापाटी, बुलेटिन, कम्पनीको वेबसाइट, सामाजिक सञ्जाल तथा विभिन्न मिडियामा प्रकाशन एवम् प्रसारण गर्ने गरिएको छ।

### सेयरधनीहरूलाई प्रदान गरिएको थप जानकारी

कम्पनीको प्रबन्धपत्र, नियमावली, सांगठनिक संरचना, वार्षिक प्रतिवेदन, धितोपत्र दर्ता तथा निष्काशन नियमावली अनुसारको त्रैमासिक प्रतिवेदन, नेपाल वित्तीय प्रतिवेदनमान अनुसारको त्रैमासिक वित्तीय प्रतिवेदन तथा अन्य आवश्यक जानकारी कम्पनीको वेबसाइटमा राख्ने व्यवस्था गरिएको छ।

### वार्षिक साधारण सभा

कम्पनीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र वार्षिक साधारण सभा सम्पन्न गर्न कम्पनी ऐन, २०६३  को दफा ६७ को उपदफा (२) बमोजिम राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गर्ने गरेको र साधारण सभाबाट पारित भएको नगद लाभांश रकम सेयरधनीहरुको हितग्राही खाता (BOID) मा उल्लेख भएको बैंक खातामा जम्मा गरिदिने व्यवस्था गरेको छ।

### वेबसाइट

कम्पनीको सेयर संरचना तथा सञ्चालक समितिको अद्यावधिक विवरण नेपाल स्टक एक्सचेञ्जको वेबसाइटमा राख्ने व्यवस्था गरिएको छ।

### सेयरधनीहरूको गुनासो तथा सुझावहरू

सेयरधनी महानुभावहरुको गुनासो व्यवस्थापनको लागि कम्पनी सचिवालयमा जनसम्पर्क गरी गुनासो व्यक्त गर्न सक्ने व्यवस्था गरिएको छ भने सुझाव पेटिकाको समेत व्यवस्था गरिएको छ। कम्पनीका सम्बन्धमा अन्य आवश्यक जानकारी सूचना अधिकारीमार्फत उपलव्ध गराउने व्यवस्था मिलाइएको छ। कम्पनीका सेयरधनीहरुको समस्या समाधान र गुनासो तथा जिज्ञासाहरुको यथाशिघ्र संवोधन भइरहेको छ।

समीक्षा अवधिमा कम्पनीले मुख्यतया सेयर स्थानान्तरण तथा लाभांश प्राप्त नभएको लगायतका विभिन्न सञ्चार माध्यामबाट करिव ५ सय गुनासोहरू प्राप्त गरेको थियो। २०८२ मंसिर मसान्तरसम्म प्राप्त भएका सबै गुनासोहरु संवोधन तथा समाधान भइसकेको छ।

Kuber N. Bhattarai & Co.
Chartered Accountants

+977 1 4516547, 4546395
info@kuber.com.np

P. J. P. N. & Co.
Chartered Accountants

+977 1 4528887
admin@pjpnca.com

# CERTIFICATION
## of
# Annual Compliance Report Relating to Good Governance as per Directives on Good Governance of a Body Corporate, 2074

## Of

**Nepal Doorsanchar Company Limited (Nepal Telecom)**
**FOR THE FINANCIAL YEAR ENDED 32 ASHADH 2082**

We have performed the procedures in respect to the requirement of Directives on Good Governance of a Body Corporate, 2074 issued by Securities Board of Nepal (SEBON) in accordance with the power conferred by section 118 of Securities Act, 2063. Our procedures included verification of the information prescribed as per the Directives on Good Governance of a Body Corporate, 2074 for the financial year 2081-82.

As per our judgement and to the best of our information and explanation provided to us, we certify that the **Nepal Doorsanchar Company Limited (Nepal Telecom)** has complied with the required provisions of Directives on Good Governance of a Body Corporate, 2074 with regard to disclosure and confirmations.

The attached "Annual Compliance Report Relating to Good Governance" report has been prepared by the Compliance Officer/ Management of the company and Board of Directors of the company are responsible for overseeing the company's annual Compliance reporting process. This report has been approved by the Board of Directors on Poush 08, 2082.

Our report is solely for the purpose of submission to Securities Board of Nepal (SEBON) and for company's record.

Kathmandu, Nepal
Date: Poush 8, 2082

Prakash Jung Thapa, FCA
Partner
P.J. P.N. & Co.
Chartered Accountants
UDIN No. 251223CA00052Ga2Nk

Narendra Bhattarai, FCA
Principal Partner
Kuber N. Bhattarai & Co.
Chartered Accountants
UDIN No. 251223CA00037z2qQq

# संस्थागत सुशासन सम्बन्धी वार्षिक अनुपालना प्रतिवेदन

**(सूचीकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ बमोजिम)**

| | |
|---|---|
| **सूचीकृत सङ्गठित संस्थाको नाम** | **नेपाल दूरसञ्चार कम्पनी लिमिटेड** |
| **ठेगाना इमेल र वेबसाइट सहित** | **www.ntc.net.np** |
| **फोन नं.** | ०१४२४३४४४ |
| **प्रतिवेदन पेस गरिएको आ.व.** | २०८१/८२ |

## १. सञ्चालक समिति सम्बन्धी विवरण

**(क) सञ्चालक समितिको अध्यक्षको नाम तथा नियुक्ति मितिः**

अध्यक्षः श्री राधिका अर्याल

नियुक्ति मितिः २०८१/०४/१४

**(ख) संस्थाको सेयर संरचना सम्बन्धी विवरण (संस्थापक, सर्वसाधारण तथा अन्य)**

१८ करोड कित्ता (मिति २०८२।०३।३२)

**सेयर संरचना सम्बन्धी विवरण**

| क्र.सं. | सेयरधनीको नाम | सेयर कित्ता | कैफियत |
|---|---|---|---|
| १ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ७,४७,५३,१६० | संस्थापक |
| २ | नेपाल सरकार, अर्थ मन्त्रालय | ८,९९,३५,२०० | संस्थापक |
| ३ | नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १,२०० | संस्थापक |
| ४ | नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | १,२०० | संस्थापक |
| ५ | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | १,२०० | संस्थापक |
| ६ | नेपाल सरकार, सूचना तथा प्रसारण विभाग | १,२०० | संस्थापक |
| ७ | नागरिक लगानी कोष | ६०,००० | संस्थापक |
| ८ | सर्वसाधारण सेयरधनीहरु | १,५२,४६,८४० | सर्वसाधारण |
| | **जम्मा सेयर कित्ता** | **१८,००,००,०००** | |

नोटः नेपाल सरकारको नाममा सि.नं. १ देखि सि.नं. ६ सम्म कायम रहेको जम्मा १६,४६,९३,१६० कित्ता सेयर नेपाल सरकार, अर्थ मन्त्रालय, सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको नाममा रहेको हितग्राही खाता नं. १३०१६५०००११७४४५२ मा अभौतिकीकरण गरिएको छ।

**(ग) सञ्चालक समितिमा भएको परिवर्तन सम्बन्धी विवरणः**

| क्र. सं. | सञ्चालकको नाम | प्रतिनिधित्व भएको समूह | सेयर सङ्ख्या | नियुक्ति भएको मिति | पद तथा गोपनीयताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री राधिका अर्याल | संस्थापक | | २०८१।०४।१४ देखि हालसम्म | २०८१।०४।२१ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| २ | श्री रामकृष्ण सुवेदी | संस्थापक | | २०८०।०९।२४ देखि २०८१।०४।१३ सम्म | २०८०।०९।२६ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ३ | श्री सविना मास्के प्रधान | निमित्त प्रबन्ध निर्देशक | १९४४ कित्ता (व्यक्तिगत) | २०८२।०२।२८ देखि हालसम्म | २०८२।०२।२९ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ४ | श्री संगिता पहाडी अर्याल | प्रबन्ध निर्देशक | २३०४ कित्ता (व्यक्तिगत) | २०८१।०५।२० देखि २०८२।०२।२४ सम्म | २०८१।०६।०४ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ५ | श्री संगिता पहाडी अर्याल | नि. प्रबन्ध निर्देशक | २३०४ कित्ता (व्यक्तिगत) | २०८०।०६।१७ देखि २०८१।०५।१९ सम्म | २०८०।०६।२२ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ६ | श्री सुवास चन्द्र शिवाकोटी | संस्थापक | | २०८२।०८।११ देखि हालसम्म | २०८२।०९।०२ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ७ | श्री कोशहरि निरौला | संस्थापक | | २०८१।०७।२३ देखि २०८२।०८।११ सम्म | २०८१।०८।०४ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ८ | श्री बावुराम भण्डारी | संस्थापक | | २०७९।१०।२७ देखि | २०७९।११।०५ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ९ | श्री टंक प्रसाद पाण्डेय | संस्थापक | | २०८१।०७।२२ देखि हालसम्म | २०८२।०६।२९ | नेपाल सरकार, अर्थ मन्त्रालयबाट नियुक्त |
| १० | श्री यज्ञ प्रसाद भट्टराई | संस्थापक | | २०८१।१२।०५ देखि २०८२।०६।२० सम्म | २०८१।१२।१४ | नेपाल सरकार, अर्थ मन्त्रालयबाट नियुक्त |
| ११ | श्री धनिराम शर्मा | संस्थापक | | २०८१।०५।२० देखि २०८१।१२।०४ सम्म | २०८१।०६।२२ | नेपाल सरकार, अर्थ मन्त्रालयबाट नियुक्त |
| १२ | डा. श्री टोकराज पाण्डे | संस्थापक | | २०८०।०४।१० देखि २०८१।०५।१९ सम्म | २०८०।०४।२२ | नेपाल सरकार, अर्थ मन्त्रालयबाट नियुक्त |
| १३ | श्री अरुणा जोशी | संस्थापक | | २०८२।०७।१२ देखि हालसम्म | २०८२।०७।२५ | नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट नियुक्त |
| १४ | श्री कोमल बहादुर खत्री | संस्थापक | | २०८१।०७।०५ देखि २०८२।०७।११ सम्म | २०८१।०७।०६ | नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट नियुक्त |

| क्र. सं. | सञ्चालकको नाम | प्रतिनिधित्व भएको समूह | सेयर सङ्ख्या | नियुक्ति भएको मिति | पद तथा गोपनीयताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १५ | श्री निर्मला अधिकारी भट्टराई | संस्थापक | | २०८१।०१।२१ देखि २०८१।०७।०४ सम्म | २०८१।०१।२४ | नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट नियुक्त |
| १६ | श्री लोक बहादुर कटुवाल | कर्मचारी प्रतिनिधि | १०० कित्ता (व्यक्तिगत) | २०८१।०८।२८ देखि हालसम्म | २०८१।०९।०६ | कर्मचारीहरुबाट निर्वाचित |
| १७ | श्री मनिष जङ्ग जोशी | सेयरधनी प्रतिनिधि | ५०० कित्ता (व्यक्तिगत) | २०८०।०९।२९ देखि हालसम्म | २०८०।१०।०५ | सर्वसाधारण सेयरधनीबाट निर्वाचित |

(ग.१) **सञ्चालक समिति सम्बन्धी विवरण:** (**२०८२ आषाढ मसान्त**)

| क्र. सं. | सञ्चालकको नाम | प्रतिनिधित्व भएको समूह | सेयर सङ्ख्या | नियुक्ति भएको मिति | पद तथा गोपनीयताको शपथ लिएको मिति | सञ्चालक नियुक्तिको तरिका (विधि) |
|---|---|---|---|---|---|---|
| १ | श्री राधिका अर्याल | संस्थापक | | २०८१।०४।१४ देखि हालसम्म | २०८१।०४।२१ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| २ | श्री सविना मास्के प्रधान | निमित्त प्रबन्ध निर्देशक | १९४४ कित्ता (व्यक्तिगत) | २०८२।०२।२८ देखि हालसम्म | २०८२।०२।२९ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ३ | श्री कोशहरि निरौला | संस्थापक | | २०८१।०७।२३ देखि २०८२।०८।११ सम्म | २०८१।०८।०४ | नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयबाट नियुक्त |
| ४ | श्री यज्ञ प्रसाद भट्टराई | संस्थापक | | २०८१।१२।०५ देखि २०८२।०६।२० सम्म | २०८१।१२।१४ | नेपाल सरकार, अर्थ मन्त्रालयबाट नियुक्त |
| ५ | श्री कोमल बहादुर खत्री | संस्थापक | | २०८१।०७।०५ देखि २०८२।०७।११ सम्म | २०८१।०७।०६ | नेपाल सरकार, कानून न्याय तथा संसदीय मामिला मन्त्रालयबाट नियुक्त |
| ६ | श्री लोक बहादुर कटुवाल | कर्मचारी प्रतिनिधि | १०० कित्ता (व्यक्तिगत) | २०८१।०८।२८ देखि हालसम्म | २०८१।०९।०६ | कर्मचारीहरुबाट निर्वाचित |
| ७ | श्री मनिष जङ्ग जोशी | सेयरधनी प्रतिनिधि | ५०० कित्ता (व्यक्तिगत) | २०८०।०९।२९ देखि हालसम्म | २०८०।१०।०५ | सर्वसाधारण सेयरधनीबाट निर्वाचित |

(**नोटः व्यक्तिगत सेयर बाहेक सबै संस्थागत सेयर रहेको**)

**(घ) पछिल्लो साधारण सभा पछि नियुक्त हुनु भएका सञ्चालकहरुको विवरणः**

१. नेपाल सरकार, अर्थ मन्त्रालय, माननीय उपप्रधान तथा अर्थ मन्त्रीस्तर को मिति २०८१।१२।०५ को निर्णयानुसार (च.नं. ६४३ तथा मिति २०८१।१२।०६ गतेको पत्रानुसार) सञ्चालक समितिको सदस्य पदमा श्री यज्ञ प्रसाद भट्टराई नियुक्त हुनुभएको ।

२. नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, माननीय मन्त्रीस्तरको मिति २०८२।०२।२८ को निर्णय (च.नं. संस्थान/३१७८ तथा मिति २०८२।०२।२८ गतेको पत्रानुसार) निमित्त प्रबन्ध निर्देशक पदमा श्री सविना मास्के प्रधान नियुक्त हुनुभएको ।

३. नेपाल सरकार, अर्थ मन्त्रालय, माननीय अर्थमन्त्रीस्तरको मिति २०८२।०६।२१ को निर्णयानुसार (च.नं. ५०५ तथा मिति २०८२।०६।२३ गतेको पत्रानुसार) सञ्चालक समितिको सदस्य पदमा श्री टंक प्रसाद पाण्डेय नियुक्त हुनुभएको ।

४. नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सचिवस्तरको मिति २०८२।०७।१२ को निर्णयानुसार (च.नं. २५१ तथा मिति २०८२।०७।१३ गतेको पत्रानुसार) सञ्चालक समितिको सदस्य पदमा श्री अरुणा जोशी नियुक्त हुनुभएको ।

५. नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, माननीय मन्त्रीस्तरको मिति २०८२।०८।१२ को निर्णय (च.नं. प्रशासन/११२८ तथा मिति २०८२।०८।१४ गतेको पत्रानुसार) सञ्चालक समितिको सदस्य पदमा श्री सुवास चन्द्र शिवाकोटी नियुक्त हुनुभएको ।

**नोटः**

१. कम्पनी ऐन, २०६३ को दफा ८६ को उपदफा (३) मा उपदफा २ बमोजिम सञ्चालक समिति गठन हुँदा कम्पनीको नियमावलीमा तोकिएको योग्यता भएको र सम्बन्धित कम्पनीको व्यवसायसँग सम्बन्धित विषयमा ज्ञान तथा अनुभव हासिल गरेको व्यक्तिहरुमध्ये सात जनासम्म सञ्चालक भए कम्तिमा एकजना र सात जनाभन्दा बढी सञ्चालक भएमा दुईजना व्यक्तिलाई स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको, तर कम्पनीको नियमावलीमा सोसम्बन्धी व्यवस्था नरहेको ।

**(ङ) सञ्चालक समितिको बैठक**

**❖ सञ्चालक समितिको बैठक सञ्चालन सम्बन्धी विवरणः**

| क्र. सं. | आ.व. २०८१।८२ बैठक नं. | आ.व. २०८१।८२ मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व. २०८०।८१ मा बसेको बैठक नं. | गत आ.व. २०८०।८१ मा बसेको बैठकको मिति |
|---|---|---|---|---|---|---|
| १. | १०३२ | २०८१।०४।०१ | ५ | नभएको | ९९० | २०८०।०४।०८ |
| २. | १०३३ | २०८१।०४।०४ | ५ | नभएको | ९९१ | २०८०।०४।२२ |
| ३. | १०३४ | २०८१।०४।२१ | ५ | नभएको | ९९२ | २०८०।०४।२९ |
| ४. | १०३५ | २०८१।०४।३१ | ६ | नभएको | ९९३ | २०८०।०५।०४ |
| ५. | १०३६ | २०८१।०५।१२ | ५ | नभएको | ९९४ | २०८०।०५।११ |
| ६. | १०३७ | २०८१।०५।१९ | ४ | नभएको | ९९५ | २०८०।०५।१८ |
| ७. | १०३८ | २०८१।०६।०४ | ५ | नभएको | ९९६ | २०८०।०५।२६ |
| ८. | १०३९ | २०८१।०६।०६ | ५ | नभएको | ९९७ | २०८०।०६।०४ |
| ९. | १०४० | २०८१।०६।२२ | ५ | नभएको | ९९८ | २०८०।०६।०८ |
| १०. | १०४१ | २०८१।०७।०६ | ५ | नभएको | ९९९ | २०८०।०६।२२ |
| ११. | १०४२ | २०८१।०८।०४ | ६ | नभएको | १००० | २०८०।०६।२३ |
| १२. | १०४३ | २०८१।०८।१३ | ६ | नभएको | १००१ | २०८०।०६।२९ |
| १३. | १०४४ | २०८१।०८।१७ | ६ | नभएको | १००२ | २०८०।०७।०१ |
| १४. | १०४५ | २०८१।०८।२५ | ६ | नभएको | १००३ | २०८०।०७।१७ |
| १५. | १०४६ | २०८१।०८।३० | ६ | नभएको | १००४ | खाली |
| १६. | १०४७ | २०८१।०९।०६ | ७ | नभएको | १००५ | २०८०।०८।०१ |
| १७. | १०४८ | २०८१।०९।२२ | ७ | नभएको | १००६ | २०८०।०८।१८ |
| १८. | १०४९ | २०८१।०९।२३ | ७ | नभएको | १००७ | २०८०।०८।२८ |

| क्र. सं. | आ.व. २०८१।८२ बैठक नं. | आ.व. २०८१।८२ मा बसेको सञ्चालक समितिको बैठकको मिति | उपस्थित सञ्चालकको संख्या | बैठकको निर्णयमा भिन्न मत राखी हस्ताक्षर गर्ने सञ्चालकको संख्या | गत आ.व. २०८०।८१ मा बसेको बैठक नं. | गत आ.व. २०८०।८१ मा बसेको बैठकको मिति |
|---|---|---|---|---|---|---|
| १९. | १०५० | २०८१।१०।०२ | ७ | नभएको | १००८ | २०८०।०९।०३ |
| २०. | १०५१ | २०८१।१०।२० | ७ | नभएको | १००९ | २०८०।०९।०५ |
| २१. | १०५२ | २०८१।१०।२३ | ७ | नभएको | १०१० | २०८०।०९।२२ |
| २२. | १०५३ | २०८१।११।११ | ७ | नभएको | १०११ | २०८०।०९।२६ |
| २३. | १०५४ | २०८१।११।१७ | ६ | नभएको | १०१२ | २०८०।१०।०५ |
| २४. | १०५५ | २०८१।११।२७ | ६ | नभएको | १०१३ | २०८०।१०।१२ |
| २५. | १०५६ | २०८१।१२।०३ | ६ | नभएको | १०१४ | २०८०।१०।२६ |
| २६. | १०५७ | २०८१।१२।०४ | ६ | नभएको | १०१५ | २०८०।११।०६ |
| २७. | १०५८ | २०८१।१२।१४ | ७ | नभएको | १०१६ | २०८०।११।२१ |
| २८. | १०५९ | २०८१।१२।२१ | ७ | भएको | १०१७ | २०८०।१२।०२ |
| २९. | १०६० | २०८२।०१।०३ | ७ | नभएको | १०१८ | २०८०।१२।१५ |
| ३०. | १०६१ | २०८२।०१।०८ | ६ | नभएको | १०१९ | २०८०।१२।२१ |
| ३१. | १०६२ | २०८२।०२।०१ | ७ | नभएको | १०२० | २०८१।०१।०३ |
| ३२. | १०६३ | २०८२।०२।११ | ६ | नभएको | १०२१ | २०८१।०१।१३ |
| ३३. | १०६४ | २०८२।०२।२९ | ६ | नभएको | १०२२ | २०८१।०१।२४ |
| ३४. | १०६५ | २०८२।०३।११ | ७ | नभएको | १०२३ | २०८१।०१।२६ |
| ३५. | १०६६ | २०८२।०३।१२ | ७ | नभएको | १०२४ | २०८१।०२।०२ |
| ३६. | १०६७ | २०८२।०३।१५ | ७ | नभएको | १०२५ | २०८१।०२।०३ |
| ३७. | १०६८ | २०८२।०३।१६ | ७ | नभएको | १०२६ | २०८१।०२।११ |
| ३८. | १०६९ | २०८२।०३।२२ | ६ | नभएको | १०२७ | २०८१।०२।१७ |
| ३९. | १०७० | २०८२।०३।२५ | ६ | नभएको | १०२८ | २०८१।०२।१८ |
| ४०. | १०७१ | २०८२।०३।२६ | ६ | नभएको | १०२९ | २०८१।०३।१३ |
| ४१. | १०७२ | २०८२।०३।२९ | ६ | नभएको | १०३० | २०८१।०३।१८ |
| ४२. | १०७३ | २०८२।०३।३० | ६ | नभएको | १०३१ | २०८१।०३।२६ |

**नोटः मिति २०८०।०७।१७ को बैठक नं १००३ पछि मिति २०८०।०८।०१ मा बसेको बैठक नं १००५ बाट सुरु भएको हुँदा बैठक नं.१००४ खालि रहन गएको।**

- ❖ **कुनै सञ्चालक समितिको बैठक आवश्यक गणपुरक संख्या नपुगी स्थगित भएको भए सोको विवरणः सबै बैठकहरुमा गणपुरक संख्या पुगेको।**
- ❖ **सञ्चालक समितिको बैठक सम्बन्धी अन्य विवरणः**

| | |
|---|---|
| सञ्चालक समितिको बैठकमा सञ्चालक वा वैकल्पिक सञ्चालक उपस्थित भए-नभएको (नभएको अवस्थामा बैठकको मितिसहित कारण खुलाउने) | कार्यव्यस्तताका कारण २७ वटा बैठकमा सञ्चालकहरुमध्ये अनुपस्थित भएको। |
| सञ्चालक समितिको बैठकमा उपस्थित सञ्चालकहरू, छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माईन्यूट) को छुट्टै अभिलेख राखे, नराखेकोः | छुट्टै अभिलेख राख्ने गरेको। |
| सञ्चालक समितिको दुई लगातार बसेको वैठकको अधिकतम अन्तर (दिनमा) | २४ दिन (२०८२।०१।०८ देखि २०८२।०२।०१ सम्म) |
| सञ्चालक समितिको बैठक भत्ता निर्धारण सम्बन्धमा बसेको वार्षिक साधारण सभाको मिति | २०७८।१२।२४ |
| सञ्चालक समितिको प्रति बैठक भत्ता | रु.७,५००।०० (लागू मितिः २०७८।१२।२४) |
| आ.व. को सञ्चालक समितिको कुल बैठक खर्च रु. (कम्पनी सचिवको बैठक भत्ता बाहेक) | १९,२७,५००।०० |

## २. सञ्चालकको आचरण सम्बन्धी तथा अन्य विवरणः

| | |
|---|---|
| सञ्चालकको आचरण सम्बन्धमा सम्बन्धित संस्थाको आचार संहिता भए/नभएको | कम्पनी ऐन, २०६३ अनुसार हुने गरेको, छुट्टै आचार संहिता नरहेको। |
| एकाघर परिवारको एकभन्दा बढी सञ्चालक भए सोसम्बन्धी विवरण | नभएको |
| सञ्चालकहरुको वार्षिक रुपमा सिकाई तथा पूर्नताजगी कार्यक्रम सम्बन्धी विवरण | नभएको |

| क्र.स. | विषय | मिति | सहभागी सञ्चालकको संख्या | तालिम संचालन भएको स्थान |
|---|---|---|---|---|
| - | - | - | - | - |

| | |
|---|---|
| प्रत्येक सञ्चालकले आफू सञ्चालकको पदमा नियुक्त वा मनोनयन भएको पन्ध्र दिनभित्र देहायका कुराको लिखित जानकारी गराएको/नगराएको र नगराएको भए सोको विवरणः<br>❖ संस्थासँग निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले कुनै किसिमको करार गरेको वा गर्न लागेको भए सोको विवरण,<br>❖ निज वा निजको एकाघरको परिवारको कुनै सदस्यले संस्था वा सो संस्थाको मुख्य वा सहायक कम्पनीमा लिएको सेयर वा डिबेन्चरको विवरण,<br>❖ निज अन्य कुनै सङ्गठित संस्थाको आधारभूत सेयरधनी वा सञ्चालक रहेको भए त्यसको विवरण,<br>❖ निजको एकाघरको परिवारको कुनै सदस्य संस्थामा पदाधिकारी वा कर्मचारीको हैसियतमा काम गरिरहको भए सोको विवरण | लिखित जानकारी गराएको |
| सञ्चालकले उस्तै प्रकृतिको उद्देश्य भएको सूचिकृत संस्थाको सञ्चालक, तलबी पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी भई कार्य गरेको भए सोको विवरण | नभएको |
| सञ्चालकहरुलाई नियमन निकाय तथा अन्य निकायहरुबाट कुनै कारवाही गरिएको भए सोको विवरण | तत्कालिन सञ्चालक तथा प्रबन्ध निर्देशक विरुद्व विशेष अदालतमा मुद्वा दर्ता भएकोले निलम्वित हुनुभएको। |

## ३. संस्थाको जोखिम व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी विवरण :

(क) जोखिम व्यवस्थापनको लागि कुनै समिति गठन भए/नभएको गठन नभएको भए सोको कारणः

कम्पनीमा जोखिम ब्यवस्थापन सम्बन्धी समिति गठन नभएको।

(ख) जोखिम व्यवस्थापन समिति सम्बन्धी जानकारीः नभएको।

(अ) समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)- नभएको।

(आ) समितिको बैठक संख्याः नभएको।

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरणः नभएको।

(ग) आन्तरिक नियन्त्रण कार्यविधि भए/नभएकोः

आन्तरिक लेखा परीक्षण तथा नियन्त्रण सम्बन्धी कार्यविधी कार्यान्वयनमा रहेको।

(घ) आन्तरिक नियन्त्रण प्रणालीको लागि कुनै समिति गठन भए/नभएको, गठन नभएको भए सोको कारणः

कम्पनीमा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी कार्य लेखापरिक्षण समितिले गर्ने गरेको।

(ङ) आन्तरिक नियन्त्रण प्रणाली समिति सम्बन्धी विवरणः

कम्पनीको आन्तरीक नियन्त्रण प्रणाली, लेखा तथा अन्य विषय सम्बन्धी।

(अ समितिको संरचना (संयोजक तथा सदस्यहरुको नाम तथा पद)- नभएको।

(आ) समितिको बैठक संख्याः नभएको।

(इ) समितिको कार्य सम्बन्धी छोटो विवरणः कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली तथा अन्य विषय सम्बन्धी कार्य।

(च) आर्थिक प्रशासन विनियमावली भए/नभएकोः

भएको (नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको आर्थिक विनियमावली, २०७१ कार्यान्वयमा रहेको)।

## ४. सूचना तथा जानकारी प्रवाह सम्बन्धी विवरणः

(क) संस्थाले सार्वजनिक गरेको सूचना तथा जानकारी प्रवाहको विवरणः

| विषय | माध्यम | सार्वजनिक गरेको मिति |
|---|---|---|
| वार्षिक साधारण सभाको सूचना | गोरखापत्र दैनिक | १८ औं वार्षिक साधारणसभा सम्बन्धी निर्णय भै नसकेको |
| विशेष साधारण सभाको सूचना | नभएको | नभएको |
| वार्षिक प्रतिवेदन | नेपाली र अग्रेजीमा भाषमा प्रिन्ट गर्ने क्रममा रहेको तथा कम्पनीको website: www.ntc.net.np मा राखिनेछ। | सार्वजनिक हुने क्रममा रहेको |
| त्रैमासिक प्रतिवेदन | गोरखापत्र दैनिक तथा कम्पनीको website: www.ntc.net.np मा राखिएको। | प्रत्येक त्रैमासिक अवधि समाप्त भएको ३० दिनभित्र |
| धितोपत्रको मूल्यमा प्रभाव पार्ने मूल्य संवेदनशील सूचना | नभएको | नभएको |
| अन्य | नभएको | नभएको |

(ख) सूचना सार्वजनिक नगरेको वा अन्य कारणले धितोपत्र बोर्ड तथा अन्य निकायबाट कारवाहिमा परेको भए सो सम्बन्धी जानकारीः नपरेको।

(ग) पछिल्लो वार्षिक साधारणसभा सम्पन्न भएको मितिः २०८१ पौष २८

## ५. संस्थागत संरचना र कर्मचारी सम्बन्धी विवरण

(क) कर्मचारीहरुको संरचना, पदपूर्ति, वृत्ति विकास, तालिम, तलब, भत्ता तथा अन्य सुविधा, हाजिर र बिदा, आचारसंहिता लगायतका विषयहरु समेटिएको कर्मचारी सेवा शर्त विनियमावली/व्यवस्था भए नभएकोः नेपाल दूरसञ्चार कम्पनी लिमिटेड कर्मचारी विनियमावली, २०७८ मा व्यवस्था गरेको।

(ख) सांगठनिक संरचना संलग्न गर्नेः अनुसूची-१ मा संलग्न गरिएको छ।

(ग) उच्च व्यवस्थापन तहका कर्मचारीहरुको नाम, शैक्षिक योग्यता तथा अनुभव सम्बन्धी विवरणः अनुसूची-२ मा संलग्न गरिएको छ।

(घ) कर्मचारी सम्बन्धी अन्य विवरणः (२०८२ आषाढ मसान्त अनुसार)

| | |
|---|---|
| संरचना अनुसार कर्मचारी पदपूर्ति गर्ने गरे/नगरेकोः | गरेको |
| नयाँ कर्मचारीहरुको पदपूर्ति गर्दा अपनाएको प्रक्रियाः | लोक सेवा आयोगको सामान्य सिद्धान्तको अधिनमा रही कम्पनीको कर्मचारी विनियमावली अनुसार हुने गरेको। |
| व्यवस्थापन स्तरका कर्मचारीको संख्याः | तह १२ : १ जना व्यवस्थापक (प्रवन्ध निर्देशक)<br>तह ११ : १० जना व्यवस्थापक (अनुसूची-२)<br>तह १० : ४९ जना व्यवस्थापक (अनुसूची-२) |
| कुल कर्मचारीको संख्याः | ३,६३२ जना |
| कर्मचारीहरुको सक्सेसन प्लान भए/नभएकोः | न्यून मात्रामा भएको। |
| आ.व. मा कर्मचारीहरुलाई दिइएको तालिम संख्या तथा सम्मलित कर्मचारीको संख्याः | विदेश तालिमः<br>तालिमः ४१४ जना सहभागी<br>Factory Inspection: ३१ जना सहभागी<br>Conference: २५ जना सहभागी<br>Visit: १७ जना सहभागी<br>स्वदेश तालिमः अनुसूची-३ |

| | |
|---|---|
| आ.व. को कर्मचारीको कुल खर्च रु. हजारमा | ७९,६६,८६२ |
| आ.व. को कर्मचारी तालिम खर्च रु. हजारमा | २,९१,७५७ |
| कुल खर्चमा कर्मचारी खर्चको प्रतिशतः | २८.११ प्रतिशत |
| कुल कर्मचारी खर्चमा कर्मचारी तालिम खर्चको प्रतिशतः | ३.६६ प्रतिशत |

## ६. संस्थाको लेखा तथा लेखापरीक्षण सम्बन्धी विवरण

### (क) लेखासम्बन्धी विवरण

| | |
|---|---|
| संस्थाको पछिल्लो आ.व. को वित्तीय विवरण NFRS अनुसार तयार गरे/नगरेको, नगरेको भए सोको कारण | गरेको |
| सञ्चालक समितिबाट पछिल्लो वित्तीय विवरण स्वीकृत भएको मिति | २०८१।०८।३० |
| त्रैमासिक वित्तीय विवरण प्रकाशन गरेको मिति | प्रत्येक त्रैमासिक समाप्त भएको महिनाको ३० दिनभित्र |
| अन्तिम लेखापरीक्षण सम्पन्न भएको मिति | २०८१।०९।०५ |
| साधारण सभाबाट वित्तीय विवरण स्वीकृत भएको मिति | २०८१।०९।२८ |
| संस्थाको आन्तरिक लेखा परीक्षण सम्बन्धी विवरणः | |
| (अ) आन्तरिक रुपमा लेखापरीक्षण गर्ने गरिएको वा वाह्य विज्ञ नियुक्त गर्ने गरिएको | आन्तरिक रुपमा लेखापरीक्षण गर्ने गरिएको । |
| (आ) वाह्य विज्ञ नियुक्त गरिएको भए सोको विवरण | नगरिएको । |
| (इ) आन्तरिक लेखापरीक्षण कति अवधिको गर्ने गरिएको (त्रैमासिक, चौमासिक वा अर्धवार्षिक) | त्रैमासिक अवधिको |

### (ख) लेखापरीक्षण समिति सम्बन्धी विवरणः

❖ संयोजक तथा सदस्यहरुको नाम, पद तथा योग्यता : २०८२ आषाढ मसान्त

| क्र.सं. | पद | नाम | योग्यता |
|---|---|---|---|
| १. | संयोजक | श्री यज्ञ प्रसाद भट्टराई, सहसचिव, अर्थ मन्त्रालय | एल.एल.एम./एम.ए |
| २. | सदस्य | श्री कोशहरि निरौला, सहसचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | एम.पि.ए. |
| ३. | सदस्य | श्री कोमल बहादुर खत्री, सहसचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | एम.पि.ए./बि.एल. |
| ४. | सदस्य | श्री मनिष जङ्ग जोशी, सर्वसाधारण सेयरधनी प्रतिनिधि | बि.ई.(एरोनोटिक्स)/ एम.बि.ए. |
| ५. | सदस्य सचिव | श्री द्वारिका प्रसाद पौडेल, ना.प्र.नि., आ.ले.प. तथा निरीक्षण विभाग | एम.बि.ए. |

❖ बैठक बसेको मिति तथा उपस्थित सदस्य संख्याः

| क्र.सं. | मिति | बैठक नं. | उपस्थित सदस्य संख्या |
|---|---|---|---|
| १. | २०८१।०५।१७ | ३८७ | ५ |
| २. | २०८१।०८।१६ | ३८८ | ५ |
| ३. | २०८१।०८।२८ | ३८९ | ४ |
| ४. | २०८१।०९।२८ | ३९० | ५ |
| ५. | २०८१।१२।१७ | ३९१ | ५ |
| ६. | २०८२।०२।०७ | ३९२ | ५ |
| ७. | २०८२।०३।१३ | ३९३ | ५ |
| प्रति बैठक भत्ता रु. | | | ७,५००।०० |
| लेखापरीक्षण समितिले आफ्नो काम कारवाहीको प्रतिवेदन सञ्चालक समितिमा पेस गरेको मितिः | | | २०८२।०९।०४ |

## ७. अन्य विवरण

| | |
|---|---|
| संस्थाले सञ्चालक तथा निजको एकाघरका परिवारको वित्तीय स्वार्थ भएको व्यक्ति, बैङ्क तथा बित्तीय संस्थाबाट ऋण वा सापटी वा अन्य कुनै रूपमा रकम लिए/नलिएको | नलिएको। |
| प्रचलित कानून बमोजिम कम्पनीको सञ्चालक, सेयरधनी, कर्मचारी, सल्लाहकार, परामर्शदाताको हैसियतमा पाउने सुविधा वा लाभ बाहेक सूचिकृत सङ्गठित संस्थाको वित्तीय स्वार्थ भएको कुनै व्यक्ति, फर्म, कम्पनी, कर्मचारी, सल्लाहकार वा परामर्शदाताले संस्थाको कुनै सम्पत्ति कुनै किसिमले भोगचलन गरे/नगरेकोः | नगरेको। |
| नियमनकारी निकायले इजाजतपत्र जारी गर्दा तोकेको शर्तहरुको पालना भए/नभएकोः | भएको। |
| नियमनकारी निकायले संस्थाको नियमन निरीक्षण वा सुपरिवेक्षण गर्दा संस्थालाई दिइएको निर्देशन पालना भए/नभएकोः | भएको। |
| संस्था वा सञ्चालक विरुद्ध अदालतमा कुनै मुद्दा चलिरहेको भए सोको विवरणः | संस्था तथा तत्कालिन सञ्चालक तथा प्रबन्ध निर्देशक विरुद्ध मुद्दा भएको। |

परिपालना अधिकृतको नामः श्री द्वारिका प्रसाद पौडेल

पदः ना.प्र.नि., (कम्पनी सचिव), कम्पनी सचिवालय

मितिः २०८२।०९।०८

संस्थाको छापः

प्रतिवेदन सञ्चालक समितिबाट स्वीकृत मितिः २०८२।०९।०८

नोटः यो प्रतिवेदन सूचीकृत सङ्गठित सस्थाहरूको परिपालना अधिकृतले तयार तथा सञ्चालक समितिबाट स्वीकृत गरी लेखा परीक्षकबाट प्रमाणित गराई नेपाल धितोपत्र बोर्डमा लेखापरीक्षण प्रतिवेदनसँग पेस गनुपर्नेछ।

# संस्थागत जोखिम व्यवस्थापन



कम्पनीले सञ्चालन गरेका सेवाहरुसँग सम्बन्धित सञ्चालन जोखिम, संभावित आर्थिक जोखिम, रणनीतिक जोखिम, कानूनी तथा अनुपालना सम्बन्धी जोखिमहरू न्यूनीकरणका लागि कार्य गरिरहेको छ। जोखिम व्यवस्थापनका सम्बन्धमा विभिन्न तहबाट भइरहेका कार्यहरुः

## सञ्चालक समितिको तहमा

कम्पनीको जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको समग्र जिम्मेवारी सञ्चालक समितिसँग रहेको छ । सञ्चालक समितिले आन्तरिक नियन्त्रण र जोखिम व्यवस्थापनको निरीक्षण लेखापरीक्षण समिति मार्फत सुनिश्चित गर्दछ । लेखापरीक्षण समितिले कम्पनीका जोखिमहरूको प्रकृति तथा जोखिम नियन्त्रण र व्यवस्थापनका लागि कम्पनीबाट भएका कार्यहरुको अनुगमन गर्दछ।

समितिले जोखिम पहिचान, जोखिम मूल्याङ्कन, जोखिम न्यूनीकरण र नियन्त्रण/अनुगमनका लागि नीति तथा कार्यविधि बनाएको छ र त्यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गरेको छ । कम्पनीको आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता सम्बन्धमा सञ्चालक समिति, लेखापरीक्षण समिति, व्यवस्थापन र आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागद्वारा नियमित रूपमा समीक्षा गर्ने गरिएको छ।

## व्यवस्थापनको तहमा

प्रबन्ध निर्देशक र उच्च व्यवस्थापनका पदाधिकारीहरु जोखिम व्यवस्थापन गर्न र प्रभावकारी जोखिम व्यवस्थापन प्रक्रियाहरू लागू गर्न जिम्मेवार हुन्छन् । सबै सम्भावित जोखिमहरूको पहिचानको लागि व्यवस्थापनद्वारा आन्तरिक र बाह्य दुवै वातावरणहरुको अध्ययन गर्ने गरिएको छ । साथै आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएका विषयहरुलाई आवश्यकता अनुसार थप विश्लेषण गरी व्यवस्थापन गर्ने गरिएको छ।

आन्तरिक लेखापरीक्षण तथा निरीक्षण विभागले नियमित लेखापरीक्षण, प्राविधिक लेखापरीक्षण र आवश्यकता अनुसार विशेष लेखापरीक्षण तथा निरीक्षण गर्ने गरेको छ। साथै जोखिममा आधारित आन्तरिक लेखापरीक्षण (Risk Based Internal Audit) मार्फत नीति/नियमहरुको अनुपालन र कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापनको प्रभावकारिताको अनुगमन गर्ने गरिएको छ।



## जोखिम पहिचान तथा व्यवस्थापन प्रकृया




लेखापरीक्षकले औंल्याएका विषयहरुमा तत्काल सुधारात्मक उपायहरू प्रारम्भ गर्न प्रबन्ध निर्देशक, उच्च व्यवस्थापन, सम्बद्ध निर्देशनालय/विभाग/कार्यालयलाई जानकारी गराउने गरिएको छ। लेखापरीक्षण प्रतिवेदनहरू आवधिक रूपमा लेखापरीक्षण समितिमा छलफलका लागि पठाइन्छ र समितिले उपयुक्त सुधारात्मक कार बाहीका लागि आवश्यक निर्देशन दिने गर्दछ। समितिबाट प्राप्त निर्देशन बमोजिम कम्पनीको आन्तरिक नियन्त्रण प्रणाली तथा जोखिम व्यवस्थापन प्रणालीमा आवश्यक परिमार्जन तथा सुधार गर्ने गरिएको छ।

### सञ्चालन तहमा

कम्पनीका निर्देशकहरू र अन्य कर्मचारीहरु कम्पनीको दैनिक कार्यमा आउने जोखिम पहिचान गरी व्यवस्थापन गर्नका लागि आवश्यक निर्णय लिन तथा निर्णयहरुको पालना गर्न जिम्मेवार हुन्छन्।



**जोखिमका मुख्य क्षेत्रहरु**

| क्र. सं. | जोखिम | जोखिमका प्रकार | न्यूनीकरणका उपायहरु |
|---|---|---|---|
| १ | नयाँ प्रविधि तथा OTT सेवाहरुबाट प्रतिस्पर्धा | रणनीतिक जोखिम | कम्पनीले निरन्तर सेवा विस्तार, सेवाको गुणस्तर सुधार गरी नयाँ नयाँ आकर्षक Offer Package हरुको विकास गर्ने गरेको छ। |
| २ | ग्राहकहरुको चाहनामा परिवर्तन | रणनीतिक जोखिम | कम्पनीले भरपर्दो अप्टिकल फाइबर नेटवर्क र माइक्रोवेभ रेडियो पूर्वाधार विकास गर्न ठूलो लगानी गरी देशभर आफ्नो नेटवर्क र सेवाहरुको उपलब्धता विस्तार गरेको छ। कम्पनीले ग्राहकहरुको चाहना तथा मागलाई उच्च प्राथमिकतामा राखी नयाँ नयाँ आकर्षक Offer Package हरुको विकास गर्ने गरेकोछ। |
| ३ | जनशक्तिको क्षमता विकास तथा जनशक्ति व्यवस्थापनमा चुनौती | रणनीतिक जोखिम | कर्मचारीहरुको क्षमता विकास र विस्तार गर्न आफ्नै तालिम केन्द्र मार्फत आन्तरिक तालिम प्रदान गर्ने गरेको। साथै प्रविधिमा भएको परिवर्तनसँगै कर्मचारीहरुको ज्ञान र सिपमा विकास गर्न वैदेशिक तालिमहरु समेत प्रदान गर्ने गरेको छ। |
| ४ | साइबर सुरक्षा र सूचना सुरक्षा | सञ्चालन जोखिम | कम्पनीले संदिग्ध गतिविधिहरुको सक्रिय रुपमा निगरानी गरी साइबर तथा मालवेयर आक्रमणहरुबाट हुने जोखिम व्यवस्थापन गर्ने गरेको छ । सूचनाहरुको सुरक्षाका लागि आन्तरिक नियन्त्रण प्रणाली लागू गरेको छ साथै, नियमित रुपमा डाटा ब्याकअप, System Audit समेत गर्ने गरेको छ। |
| ५ | अन्तर्राष्ट्रिय कल बाइपास सञ्चालन जोखिम | सञ्चालन जोखिम | कम्पनीले कल बाइपास जस्ता गैरकानूनी गतिविधिहरुलाई नियन्त्रण गर्न अत्याधुनिक प्रविधिहरु प्रयोग गर्दै आइरहेको छ। साथै कम्पनीले सरकार, नियामक निकायहरु र सुरक्षा निकायहरुसँगको सहकार्यमा काम गरिरहेको छ। |
| ६ | ग्राहकहरुको डाटाको दुरुपयोग वा चुहावट | सञ्चालन जोखिम | कम्पनीले आफ्ना ग्राहकहरुको डाटा गोपनियतालाई उच्च प्राथमिकतामा राखी डाटा दुरुपयोग र चुहावट रोकथाम सुनिश्चित गर्दछ। |
| ७ | नेटवर्क / आइटी प्रणाली र पूर्वाधारहरु | सञ्चालन जोखिम | नेटवर्क तथा आइटि प्रणाली फेलियर भएर हुन सक्ने जोखिम न्यूनीकरण गर्न डाटाहरूको नियमित रुपमा ब्याक अप लिने गरिएको छा कुनै पनि प्रणाली विफलताको समयमा साइटहरु सहज रुपमा सञ्चालन गर्न डिजास्टर रिकभरी साइट (Disaster Recovery Site) को प्रयोग गर्ने गरिएकोछ। |





107
0,91
1,08
1,04
0,81
0,84
0,80
0,87
0,67
0,57
1,03
36
-29%
49
15%
373
-23%
225
-25%
(70)
68
-50%
(45)
80
-3%
(23)
749
-6%
(2)
402
-7%
GT
÷
X
%
9
8
(17)

# वित्तीय प्रतिवेदन

# एकल
# वित्तीय विवरण

Kuber N. Bhattarai & Co.
Chartered Accountants
+977 1 4516547, 4546395
info@kuber.com.np

P. J. P. N. & Co.
Chartered Accountants
+977 1 4528887
admin@pjpnca.com

## INDEPENDENT AUDITORS' REPORT

## TO THE SHAREHOLDERS OF

## NEPAL DOORSANCHAR COMPANY LIMITED (NEPAL TELECOM)

### REPORT ON THE AUDIT OF THE STANDALONE FINANCIAL STATEMENTS

### QUALIFIED OPINION

We have audited the Standalone Financial Statements of Nepal Doorsanchar Company Limited ("Nepal Telecom"/"the Company") which comprise the Statement of Financial Position (SOFP) as at Ashadh 32, 2082 (July 16, 2025), and Statement of Profit or Loss (SOPL), Statement of Other Comprehensive Income (OCI), Statement of Changes in Equity and Statement of Cash Flows for the year then ended, and Notes to the Standalone Financial Statements, including a Summary of Significant Accounting Policies.

In our opinion, except for the effects of the matter described in the Basis for Qualified Opinion section of our report, the accompanying Financial Statements read with the Notes to the Financial Statements present fairly, in all material respects, the financial position of the Company as at 32 Ashadh, 2082 (July 16, 2025), and of its financial performance and its cash flows for the year then ended in accordance with Nepal Financial Reporting Standards.

### BASIS FOR QUALIFIED OPINION

a. **4G/LTE Project – Contract Expiry, Liquidated Damages, and Irregular Payments**

| **जम्मा गैर चालू दायित्व** | | **१३,६२२,७८८,१३३** | **२२,१३४,८२३,९५३** |
| **चालू दायित्व तथा व्यवस्थाहरु** | | | |
| चालू कर दायित्व (खुद्द) | | | |
| वित्तिय दायित्व | | | |
| पट्टा लिज दायित्व | ८ | ३०८,०१३,८५० | ३१९,३२४,०४० |
| चालू दायित्वहरू | १०.२.३ | १०,०७७,६९८,९८२ | १०,४८२,८३५,६५५ |
| ब्यापारिक भुक्तानी योग्य | १०.२.२ | ८४९,९२९,६०० | ६२७,४८६,२९७ |
| व्यवस्थाहरू | ११ | ३०८,३४२,३७१ | २५२,९१०,३०७ |
| अन्य गैर वित्तिय दायित्व | ९.३ | ८,०३५,२५९,६८१ | ६,८६९,७७९,९१५ |
| **जम्मा चालू दायित्व र व्यवस्थाहरू** | | **१९,५७९,२४४,४८४** | **१८,५५२,३३६,२१४** |
| **जम्मा पुँजी तथा दायित्व** | | **१३१,५४९,३८९,४१६** | **१३८,१४६,८६६,८६४** |

महत्वपूर्ण लेखांकन नीति र व्याख्यात्मक टिप्पणीहरु यो वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

श्री राधिका अर्याल
अध्यक्ष

श्री सबिना मास्के (प्रधान)
प्रवन्ध निर्देशक

श्री टंक प्रसाद पाण्डे
सदस्य

श्री मनिष जङ्ग जोशी
सदस्य

नरेन्द्र भट्टराई, एफ.सी.ए.
कुवेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

प्रकाश जंङ्ग थापा, एफ.सी.ए.
पी.जे.पी.न एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री अरुणा जोशी
सदस्य

श्री सुवास चन्द्र सिवाकोटी
सदस्य

श्री लोक बहादुर कटुवाल
सदस्य

श्री राजेन्द्र अर्याल
प्रमुख वित्तीय अधिकृत

श्री कर्ण बहादुर श्रेष्ठ
नि. प्रवन्धक

मितिः ०७ पौष, २०८२
स्थानः काठमाडौं

# नाफा वा नोक्सानको एकल विवरण

आषाढ ३२, २०८२ (१६ जुलाइ, २०२५)

रकम रु.

| विवरण | टिप्पणीहरु | चालू वर्ष २०८१/८२ | गत वष २०८०/८१ (परिमार्जित) |
|---|---|---|---|
| ग्राहकसँगको सम्झौताबाट प्राप्त आय | १६ | ३३,८९४,५२२,६८८ | ३४,५६०,२६५,९८३ |
| वित्तीय आम्दानी | १७ | ३,७६६,७२०,६३८ | ६,८१६,४५०,६३३ |
| अन्य आम्दानी | १८ | ५२६,८६२,८५६ | ७६२,७०६,५४२ |
| **जम्मा आम्दानी** | | **३८,१८८,१०६,१८२** | **४२,१३९,४२३,१५८** |
| कर्मचारी सुविधा खर्च | १३.१ | (७,९६६,८६१,८१०) | (८,६८६,६८२,९६६) |
| सञ्चालन तथा मर्मत खर्च | १९ | (५,८८१,२९२,३२७) | (६,३८३,६४३,६६५) |
| बिक्री सञ्जाल, बजारीकरण तथा प्रवर्द्धन खर्च | २० | (३४२,१८५,१११) | (२८१,२५२,८२३) |
| कार्यालय सञ्चालन खर्च | २१ | (१,२८०,७४०,४९४) | (१,२३३,५७७,३३०) |
| नियामक दस्तुर, शुल्कहरू तथा नवीकरण दस्तुर | २२ | (४,३१२,११६,६३०) | (७,२९०,५२७,५३७) |
| सटही दरबाट नोक्सान/(नाफा) | २५ | २१०,७३१,२३७ | ९८,००७,२१३ |
| एसोसियट्समा भएको इक्विटी नोक्सानी | ५ | (११९,५८४,९०४) | (१२३,०७६,४६४) |
| **Earning Before Interest, Taxes, Depreciation and Amortization (EBITDA)** | | **१८,४९६,०५६,१४३** | **१८,२३८,६६९,५८५** |
| वित्तीय खर्च | २३ | (१८५,०८२,०६६) | (१९०,६७२,९७१) |
| ह्रास कट्टी | ३ | (६,०३१,१६२,८४७) | (५,९८७,२६४,५५५) |
| अपलेखन (Amortisation) | १,२,८ | (१,१०८,१८६,२२५) | (१,०९८,३७५,५७५) |
| इम्पेयरमेन्ट Net of Reversals | २४ | (१,३२१,४१६,१०९) | ४७२,३४९,६३४ |
| **आयकर अघिको नाफा** | | **९,८५०,२०८,८९७** | **११,४३४,७०६,११७** |
| आयकर व्यवस्था | | | |
| चालू आयकर | २६.२ | (४,६३२,२५५,१५१) | (११४,४१८,८९५) |
| स्थगन कर | २६.३ | ७८८,७६८,४७२ | (३,३७१,८१६,९५०) |
| **यस वर्षको खुद नाफा** | | **६,००६,७२२,२१७** | **७,९४८,४७०,२७३** |
| प्रति सेयर आय (बेसिक) | | ३३.३७ | ४४.१६ |
| प्रति सेयर आय (डाइल्युटेड) | | ३३.३७ | ४४.१६ |
| जम्मा नाफा हिस्सा | | | |
| कम्पनीको सेयरधनीहरुको | | ६,००६,७२२,२१७ | ७,९४८,४७०,२७३ |
| नियण्त्रण नहुने स्वार्थ (Non-Controlling Interest) | | | |
| **यस वर्षको खुद नाफा** | | **६,००६,७२२,२१७** | **७,९४८,४७०,२३** |

महत्वपूर्ण लेखांकन नीति र व्याख्यात्मक टिप्पणीहरु यो वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

श्री राधिका अर्याल
अध्यक्ष

श्री सबिना मास्के (प्रधान)
प्रवन्ध निर्देशक

श्री सुवास चन्द्र सिवाकोटी
सदस्य

नरेन्द्र भट्टराई, एफ.सी.ए.
कुवेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री अरुणा जोशी
सदस्य

श्री टंक प्रसाद पाण्डे
सदस्य

श्री मनिष जङ्ग जोशी
सदस्य

प्रकाश जंङ्ग थापा, एफ.सी.ए.
पी.जे.पी.न एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री लोक बहादुर कटुवाल
सदस्य

श्री राजेन्द्र अर्याल
प्रमुख वित्तीय अधिकृत

श्री कर्ण बहादुर श्रेष्ठ
नि. प्रवन्धक

मिती: ०७ पौष, २०८२
स्थानः काठमाडौं

# अन्य विस्तृत आम्दानीको एकल विवरण

आषाढ ३२, २०८२ (१६ जुलाइ, २०२५)

रकम रु.

| विवरण | टिप्पणीहरु | चालू वर्ष २०८१/८२ | गत वष २०८०/८१ (परिमार्जित) |
|---|---|---|---|
| यस वर्षको खुद नाफा | | ६,००६,७२२,२१७ | ७,९४८,४७०,२७३ |
| अन्य विस्तृत आम्दानी/(खर्च) | | | |
| नाफा वा नोक्सानमा पुनःवर्गीकरण गर्न सकिने क्तभm हरू | | | |
| वैदेशिक कारोबारमा सटही दरमा भएको फरक | | | |
| नगद प्रवाह ज्भमनभक | | | |
| पुनःवर्गीकरण गर्न सकिने Item हरूसँग सम्बन्धित आयकर | | | |
| नाफा वा नोक्सानमा पुनःवर्गीकरण गर्न नसकिने Item हरू | | | |
| सम्पत्ति पुनर्मूल्याय्नबाट लाभ | ३ | १,८८८,८७९,४५७ | |
| इक्विटी उपकरणमा लगानी (FV मा परिवर्तन) | | | |
| कर्मचारीको अवकाश योजना पुनःनिर्धारण | १३.२ | (२,०१२,६६७,९४०) | १,७५१,३६९,६२० |
| एशोसियट्ससँगको अन्य विस्तृत सेयर आम्दानी | | ३,२८७,९२१ | (२१२,९९९) |
| पुनःवर्गीकरण गर्न नसकिने Item हरूसँग सम्बन्धित आयकर | २६.३ | ३६,१५०,१६८ | (५२५,३४६,९८६) |
| **यस आ.व.को जम्मा विस्तृत आम्दानी** | | **५,९२२,३७१,८२४** | **९,१७४,२७९,९०८** |
| जम्मा विस्तृत आम्दानी हिस्सा | | | |
| कम्पनिका सेयरधनीहरुको | | ५,९२२,३७१,८२४ | ९,१७४,२७९,९०८ |
| नियन्त्रण नहुने स्वार्थ | | | |
| **यस आ.व.को जम्मा विस्तृत आम्दानी** | | **५,९२२,३७१,८२४** | **९,१७४,२७९,९०८** |

महत्वपूर्ण लेखांकन नीति र व्याख्यात्मक टिप्पणीहरु यो वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

श्री राधिका अर्याल
अध्यक्ष

श्री सबिना मास्के (प्रधान)
प्रवन्ध निर्देशक

श्री सुवास चन्द्र सिवाकोटी
सदस्य

नरेन्द्र भट्टराई, एफ.सी.ए.
कुवेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री अरुणा जोशी
सदस्य

श्री टंक प्रसाद पाण्डे
सदस्य

श्री मनिष जङ्ग जोशी
सदस्य

प्रकाश जंङ्ग थापा, एफ.सी.ए.
पी.जे.पी.न एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री लोक बहादुर कटुवाल
सदस्य

श्री राजेन्द्र अर्याल
प्रमुख वित्तीय अधिकृत

श्री कर्ण बहादुर श्रेष्ठ
नि. प्रवन्धक

मितीः ०७ पौष, २०८२
स्थानः काठमाडौं

# एकल इक्विटीमा परिवर्तनको विवरण

आषाढ ३२,२०८२ (१६ जुलाइ,२०२५)

रकम रु.

| विवरणहरु (आ.व.२०८०/८१ | सेयर पुँजी | सञ्चित मुनाफा | स्थगन कर जगेडा | FVtOCI जगेडा | पुनर्मूल्यांकन जगेडा | जम्मा |
|---|---|---|---|---|---|---|
| **२०८० श्रावण १ सुरुको मौज्दात** | १८,०००,०००,००० | ४२,२२८,०७५,६४६ | ९,९१३,५१६,५५१ | - | २३,५०९,६६०,७०६ | ९३,६५१,२५२,९०३ |
| विगत वर्षको समायोजन | | (२९६,८७१,४९४) | | | | (२९६,८७१,४९४) |
| विगत वर्षको आय | | ५६,८६५ | | | | ५६,८६५ |
| विगत वर्षको खर्च | | (२०३,९७४) | | | | (२०३,९७४) |
| विगत वर्षको लेखा समायोजन | | २,१३१,१९२,४८९ | | | | २,१३१,१९२,४८९ |
| विगत वर्षका समायोजन | | (२,१३१,१९२,४८९) | २,१३१,१९२,४८९ | | | - |
| मौज्दातको समायोजन | | | | | | |
| **परिमार्जित सुरु मौज्दात** | १८,०००,०००,००० | ४१,९३१,०५७,०४४ | १२,०४४,७०९,०४० | - | २३,५०९,६६०,७०६ | ९५,४८५,४२६,७८९ |
| चालू वर्षको नाफा | | ९,१७४,२७९,९०८ | | | | ९,१७४,२७९,९०८ |
| नगद लाभांस | | (७,२००,०००,०००) | | | | (७,२००,०००,०००) |
| पुनमुल्यांकन जगेडावाट रकमान्तर | | ४८,०११,४३७ | | | (४८,०११,४३७) | - |
| पुनमुल्यांकन जगेडमा रकमान्तर | | | | | - | - |
| स्थगन कर जगेडामा रकमान्तर | | ३,८९७,१६३,९३६ | (३,८९७,१६३,९३६) | | | |
| | | | | - | | |
| **२०८१ आषाढ ३१ सम्मको मौज्दात** | १८,०००,०००,००० | ४७,८५०,५१२,३२४ | ८,१४७,५४५,१०४ | - | २३,४६१,६४९,२६९ | ९७,४५९,७०६,६९७ |
| **२०८१ श्रावण १ सुरुको मौज्दात** | १८,०००,०००,००० | ४७,८५०,५१२,३२४ | ८,१४७,५४५,१०४ | - | २३,४६१,६४९,२६९ | ९७,४५९,७०६,६९७ |
| विगत वर्षको समायोजन | | ३६६,२७३,१५८ | | | | ३६६,२७३,१५८ |
| विगत वर्षको आय | | - | | | | - |
| विगत वर्षको खर्च | | (१,०२०,१५७) | | | | (१,०२०,१५७) |
| विगत वर्षको लेखा समायोजन | | २५,२७६ | | | | २५,२७६ |
| मौज्दातको समायोजन | | - | | | | |
| **परिमार्जित सुरु मौज्दात** | १८,०००,०००,००० | ४८,२१५,७९०,६०१ | ८,१४७,५४५,१०४ | | २३,४६१,६४९,२६९ | ९७,८२४,९८४,९७५ |
| चालू वर्षको नाफा | | ५,९२२,३७१,८२४ | | | | ५,९२२,३७१,८२४ |
| नगद लाभांस | | (५,४००,०००,०००) | | | | (५,४००,०००,०००) |
| पुनमुल्यांकन जगेडावाट रकमान्तर | | ४७,०४८,७६६ | | | (४७,०४८,७६६) | |
| पुनमुल्यांकन जगेडमा रकमान्तर | | (१,८८८,८७९,४५७) | | | १,८८८,८७९,४५७ | |
| स्थगन कर जगेडामा रकमान्तर | | (८२४,९१८,६४०) | ८२४,९१८,६४० | | | |
| **२०८२ आषाढ ३२ सम्मको मौज्दात** | १८,०००,०००,००० | ४६,०७१,४१३,०९३ | ८,९७२,४६३,७४४ | - | २५,३०३,४७९,९६१ | ९८,३४७,३५६,७९९ |

महत्वपूर्ण लेखांकन नीति र व्याख्यात्मक टिप्पणीहरु यो वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन् ।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

श्री राधिका अर्याल
अध्यक्ष

श्री सबिना मास्के (प्रधान)
प्रवन्ध निर्देशक

श्री सुवास चन्द्र सिवाकोटी
सदस्य

नरेन्द्र भट्टराई, एफ.सी.ए.
कुवेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री अरुणा जोशी
सदस्य

श्री टंक प्रसाद पाण्डे
सदस्य

श्री मनिष जङ्ग जोशी
सदस्य

प्रकाश जंङ्ग थापा,
एफ.सी.ए.
पी.जे.पी.न एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री लोक बहादुर कटुवाल
सदस्य

श्री राजेन्द्र अर्याल
प्रमुख वित्तीय अधिकृत

श्री कर्ण बहादुर श्रेष्ठ
नि. प्रवन्धक

मितीः ०७ पौष, २०८२
स्थानः काठमाडौं

# एकल नगद प्रवाह विवरण

रकम रु.

आषाढ ३२, २०८२ (१६ जुलाइ, २०२५)

| विवरण | टिप्पणीहरु | चालू वर्ष २०८१/८२ | गत वर्ष २०८०/८१ (परिमार्जित) |
|---|---|---|---|
| सञ्चालन गतिविधिको नगद प्रवाह | | | |
| **चालू वर्षको खुद नाफा** | | **६,००६,७२२,२१७** | **७,९४८,४७०,२७३** |
| समायोजन | | | |
| आयकर खर्च | | ४,६३२,२५५,१५१ | ११४,४१८,८९५ |
| स्थगन कर | | (७८८,७६८,४७२) | ३,३७१,८१६,९५० |
| ह्रास कट्टी | | ६,०३१,१६२,८४७ | ५,९८७,२६४,५५५ |
| वित्तीय आम्दानी | | (३,४९७,७०९,२९८) | (६,६४९,९१९,१४२) |
| इम्पेयरमेन्ट (रिभर्स पछिको) | | १,३२१,४१६,१०९ | (४७२,३४९,६३४) |
| वित्तीय खर्च | | १८५,०८२,०६६ | १९०,६७२,९७१ |
| Actuarial नाफा/नोक्सान | | (२,०१२,६६७,९४०) | १,७५१,३६९,६२० |
| अपलेखन | | १,१०८,१८६,२२५ | १,०९८,३७५,५७५ |
| एसोसिएटमा ईक्वीटी नोक्सानी | | ११९,५८४,९०४ | १२३,०७६,६४६ |
| नगद तथा नगद मौज्दातमा अवास्तविक (नाफा)रनोक्सान | | (४१,२६७,२३५) | (२९,९५०,४२३) |
| चालू पुँजीमा परिवर्तन | | | |
| घटी/(बढी) मौज्दात | | २३७,६२१,५६३ | १८१,२६०,८३५ |
| (बढी)/घटी अग्रिम भुक्तानी तथा अन्य गैर वित्तिय सम्पत्ति | | (३६५,८६९,७३१) | (२७३,५४३,९१५) |
| (बढी)/घटी कर्मचारी ऋण | | ३१,३३५,८४८ | (२१८,३४७,६३५) |
| (बढी)/घटी प्रोदभावी रकम, पेश्की र अन्य भुक्तानी | | (८२४,४९५,३८७) | (२०२,९५२,६५९) |
| (बढी)/घटी आसामी बाँकी | | (९७,८८०,३३२) | ६५९,४१३,१४२ |
| (बढी)/घटी स्थगन कर | | - | - |
| बढी)/घटी सम्झौता लागत सम्पत्ति | | (२५६,९०८,८५०) | (१६७,७९२,३१२) |
| बढी/(घटी) गैर चालू दायित्व | | (८,३६०,०६९,४००) | (४,४९०,५४५,६८८) |
| बढी/(घटी) व्यवस्था | | ५५,४३२,०६४ | (१६,५११,५०६,८८३) |
| बढी/(घटी) चालू दायित्व | | (६१८,९५४,०३९) | (२,७७३,३६९,४६९) |
| बढी/(घटी) ब्यापारिक भुक्तानी दायित्व | | २२२,४४३,३०३ | (२,०३८,०१४,५६७) |
| बढी/(घटी) पट्टा दायित्व | | (१६३,२७६,६०९) | (१८४,१३१,२१२) |
| बढी/(घटी) अन्य गैर वित्तिय दायित्व | | १,१६५,४७९,७६६ | (२०६,१६८,६११) |
| नेपाल वित्तीय प्रतिवेदन मानहरूको समायोजन | | ३,२८७,९२१ | (२१२,९९९) |
| विगत वर्ष समायोजन | | ३६५,२७८,२७७ | (६९,३१७) |
| आयकर भुक्तानी | | (१,२८७,७६९,८१५) | (२,१६७,५८२,४००) |
| **जम्मा समायोजन** | | **(२,८३७,०७१,०६५)** | **(२२,९०८,७८७,८६०)** |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | | **(३,१६९,६५१,१५२)** | **(१४,९६०,३१७,५८७)** |
| लगानी गतिविधको नगद प्रवाह | | | |
| Acquisition of Intangible Assets (अमूर्त सम्पतिको प्राप्ति | | (१४४,४११,२७४) | (३३१,३८५,३६१) |
| जायजेथा, प्लान्ट र उपकरण प्राप्ती | | (२,४९९,९२९,०३८) | (३,५३०,३८३,२१०) |
| बढी/(घटी) सम्पतिको प्रयोगको अधिकार | | (१४१,०१५,९७१) | (९६,८८०,९९२) |
| घटी/(बढी) पुँजीगत निर्माणाधिन कार्यप्रगती | | ५८८,३२४,४६८ | १,५१४,४३४,४१५ |
| घटी/(बढी) दीर्घकालिन ऋण लगानी तथा पेश्की | | (२१२,८१२,८०२) | १३२,५५०,३४९ |
| घटी/(बढी) लगानी | | ६,४४७,४४०,४०६ | १६,५६४,८९७,५४० |
| लगानी र बैंक निक्षेपबाट प्राप्त आय | | ३,४९७,७०९,२९८ | ६,६१४,३४७,६९३ |
| सहायक कम्पनीमा लगानी | | - | - |
| **लगानी गतिविधबाट खुद नगद प्रवाह (ख)** | | **७,५३५,३०५,०८८** | **२०,८६७,५८०,४३३** |
| वित्तीय गतिविधिको नगद प्रवाह | | | |
| गैर-नियन्त्रण स्वार्थ बाट सेयर जारी गर्दाको आय | | | |
| लाभांश भुक्तानी | | (५,३७१,२६४,७००) | (७,१७२,०६७,८०४) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | | **(५,३७१,२६४,७००)** | **(७,१७२,०६७,८०४)** |
| नगदमा भएको कुल वृद्धि (क+ख+ग) | | ५,३३३,६९१,५४१ | (१,२६४,८०४,९५८) |
| सटही दरमा भएको परिवर्तनले नगद तथा नगद मौज्दातमा अवास्तविक (नाफा)रनोक्सान | | ४१,२६७,२३५ | २९,९५०,४२३ |
| वर्षारम्भमा नगद र नगद सरह मौज्दात | | ४,१७५,२७२,७९५ | ५,४१०,१२७,३३० |
| **वर्षान्तमा नगद र नगद सरह मौज्दात** | | **९,५५०,२३१,५७१** | **४,१७५,२७२,७९५** |

महत्वपूर्ण लेखांकन नीति र व्याख्यात्मक टिप्पणीहरु यो वित्तीय विवरणहरूको अभिन्न हिस्सा हुन्।

आजको मितिको संलग्न प्रतिवेदन अनुसार

श्री राधिका अर्याल
अध्यक्ष

श्री सबिना मास्के (प्रधान)
प्रवन्ध निर्देशक

श्री टंक प्रसाद पाण्डे
सदस्य

श्री मनिष जङ्ग जोशी
सदस्य

नरेन्द्र भट्टराई, एफ.सी.ए.
कुवेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

प्रकाश जंङ्ग थापा, एफ.सी.ए.
पी.जे.पी.न एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री अरुणा जोशी
सदस्य

श्री सुवास चन्द्र सिवाकोटी
सदस्य

श्री लोक बहादुर कटुवाल
सदस्य

श्री राजेन्द्र अर्याल
प्रमुख वित्तीय अधिकृत

श्री कर्ण बहादुर श्रेष्ठ
नि. प्रवन्धक

मितीः ०७ पौष, २०८२
स्थानः काठमाडौं

# २०८२ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्षको एकल वित्तीय विवरणहरूसँग सम्बन्धित टिप्पणीहरू:

### क) कम्पनी परिचयः

नेपाल दूरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम), तत्कालीन कम्पनी ऐन, २०५३ को अधिनमा रही वि.सं २०६० साल माघ (सन् २००४ फेब्रुअरी) मा स्थापना भई नेपालका दूरसञ्चार सेवाप्रदायक कम्पनीहरूमा अग्रणी स्थानमा रहेको छ। कम्पनीले आफ्ना सेवाहरू (भ्वाइस, डाटा तथा भ्यालु एडेड सेवाहरू) मा अत्याधुनिक प्रविधिहरूको प्रयोग गरी सेवा प्रदान गर्दै आएको छ।

नेपाल टेलिकम (यसपछि "कम्पनी" भनिने) सरकारको शतप्रतिशत स्वामित्व भएको "नेपाल दूरसञ्चार संस्थान" बाट कम्पनीमा परिणत भएको संस्था हो। यसमा तत्कालीन संस्थानमा रहेको सम्पत्ति तथा दायित्व कम्पनीमा र कम्पनीको इक्विटी सरकारको स्वामित्वमा रहने गरी हस्तान्तरण भई आएको छ।

कम्पनीका प्रमुख संस्थापकहरू नेपाल सरकार तथा नागरिक लगानी कोष हुन्। नेपाल सरकारले आफ्नो स्वामित्वमा रहेको हिस्साबाट केही हिस्सा कम्पनीका कर्मचारीहरू तथा सर्वसाधारणमा सेयरको रुपमा वितरण गरेको छ। सेयरधनीहरूको विवरण टिप्पणी १४ मा उल्लेख गरिएको छ।

कम्पनीको सेयर व्यावसायिक कारोवारको प्रयोजनार्थ नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकृत गरिएको र स्टक संकेत "NTC" रहेको छ।

कम्पनीको केन्द्रीय कार्यालय भद्रकाली प्लाजा, काठमाण्डौमा रहेको र कम्पनीले देशैभरि आफ्ना शाखाहरू विस्तार गरेको छ। कम्पनी आफ्नो पहुँच देशभर पुऱ्याउन भरमग्दुर प्रयासरत छ। देशका शहरी तथा विकट क्षेत्रमा रहेका आफ्ना अमूल्य ग्राहकहरूमा गुणस्तरीय सेवा प्रदान गरी सामाजिक र आर्थिक विकास तथा सेवाको डिजिटल रुपान्तरणमा कम्पनीले उल्लेख्य टेवा पुऱ्याएको छ।

कम्पनीले विश्वको बदलिंदो परिस्थिति अनुरुप आधुनिक प्रविधिमा आधारित विभिन्न प्रकारका दूरसञ्चार सेवाहरू ग्राहक समक्ष पुऱ्याई रहेको छ।

कम्पनीको वार्षिक वित्तीय विवरणहरू सर्वसाधारणको लागि प्रकाशित गरिनुको साथै कम्पनीको वेवसाइट www.ntc.net.np मा पनि राखिएको छ।

### ख) लेखा विवरणहरू तयारीका आधारहरूः

जग्गा, भवन तथा भौतिक संरचनाको पुनर्मूल्याङ्कन र केही वित्तीय उपकरणहरुको मापन वास्तविक मूल्य (Fair Value) मा गणना गरी कम्पनीको वित्तीय विवरणहरू ऐतिहासिक लागत अवधारणा तथा प्रोदभावी (Accrual Basis) आधारमा तयार गरिएको छ।

### ग) नेपाल वित्तीय प्रतिवेदनमानहरूको अनुपालनाः

नेपाल लेखामान बोर्ड तथा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले जारी गरेको नेपाल वित्तीय प्रतिवेदनमानहरूको आधारमा वित्तीय विवरणहरू तयार गरिएका छन्।

### घ) वित्तीय विवरणहरूको स्वीकृतिः

कम्पनी सञ्चालक समितिको पौष ७, २०८२ (22 December 2025) मा बसेको बैठकले वित्तीय विवरण पारित गरी जारी हुन स्वीकृति प्रदान गरेको छ।

### ङ) वित्तीय विवरणहरूका प्रस्तुति

१. नाफा वा नोक्सान विवरणलाई खर्चको "प्रकृतिको आधार" मा वर्गीकरण गर्ने सिद्धान्त अनुरुप तयार गरिएको छ।
२. नगद प्रवाह विवरणमा संलग्न सञ्चालन गतिविधिबाट हुने नगद प्रवाह अप्रत्यक्ष विधिअनुसार तयार गरिएको छ ।
३. सम्पत्ति र दायित्वहरुलाई परिपक्व अवधिका साथै कम्पनीको सामान्य सञ्चालन गतिविधिको आधारमा आवश्यकता अनुसार चालु तथा गैर चालु सम्पत्ति र दायित्व गरी वित्तीय स्थितिको विवरणहरुमा देखाई सम्बन्धित टिप्पणीहरुमा प्रस्तुत गरिएको छ।

### च) प्रस्तुतिकरण मुद्रा :

वित्तीय विवरण चलनचल्तिको नेपाली मुद्रा र निकटतम रुपैयाँमा तयार गरी प्रस्तुत गरिएको छ।

### छ) डिस्काउन्टिङः

एक वर्षभन्दा बढी अवधिसम्म उल्लेख्य प्रभाव रहने सम्पत्तिको प्राप्ति वा दायित्व निसर्ग गर्दा कम्पनीले डिस्काउन्टिङको आधारमा गणना गर्ने गरेको छ। कम्पनीले विभिन्न आन्तरिक तथा बाह्य पक्षहरूमाथि विचार गरी नगद प्रवाहमा प्रयोग हुने उपयुक्त डिस्काउन्टिङ दर निर्धारण गरेको छ। सम्पत्तिको इम्पेयरमेन्ट मूल्याङ्कनको लागि सम्पत्ति प्रयोगको रकम गणनाको लागि उपयुक्त डिस्काउन्टिङ दरको समेत प्रयोग गरिन्छ।

सामान्यतया यस्तो डिस्काउन्टिङ दर निकाल्नको लागि Capital Assets Pricing Model - CAPM प्रयोग गरिन्छ। सम्पत्तिमा इम्पेयरमेन्ट (Impairment) निर्धारण गर्दा समेत डिस्काउन्टिङ दर नै प्रयोग गरिएको छ। कम्पनीको कुनैपनि दीर्घकालीन ऋण नभएकोले पुँजीको लागत नै पुँजीको भारित औसत लागत (WACC) हुन आउँछ। अनुमानित प्रतिफल दर निर्धारणमा CAPM को प्रयोगका लागि द्यभतब को आवश्यकता हुन्छ। देशको दूरसञ्चार उद्योगमा यो कम्पनी एकमात्र सूचिकृत कम्पनी भएको कारण बजार गति र प्रतिफल दरको वास्तविक रुप देखाउनको लागि Beta को प्रयोगबाट आएको नतिजाले कम्पनीको आर्जन दरको उपयुक्त चित्रण गर्ने देखिदैन।

वित्तीय विवरणहरूमा डिस्काउन्ट दर निर्धारण गर्दा Risk Adjusted Dividend Growth Model को प्रयोग गरिएको छ। यसरी निर्धारण हुन आएको ७ प्रतिशत डिस्काउन्ट दर नै कम्पनीको सम्पत्ति र दायित्वको डिस्काउन्ट दरको रुपमा निर्धारण गरिएको छ।

### ज) लेखा नीति, महत्वपूर्ण लेखा अनुमान तथा निर्णयः

**लेखा नीतिः**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार कम्पनीको व्यवसायसँग मेल खाने गरी लेखा नीतिहरू निर्धारण र लागू गर्नु पर्दछ। कम्पनीको वित्तीय अवस्था नतिजा तथा नगद प्रवाहमा सारभूत रुपमा असर पार्न सक्ने लेखा नीति तथा लेखा अनुमानहरू प्रयोग गर्दा सञ्चालक समिति र व्यवस्थापनको तहबाट उपयुक्त निर्णय लिने गरिएको छ।

कम्पनीले यी लेखा नीतिहरू निरन्तर रुपमा लागू गर्दै आईरहेको छ। लेखा नीति र सोमा भएका परिवर्तनहरूलाई वित्तीय विवरणहरुका सम्बन्धित खण्डहरूमा आवश्यक टिप्पणी सहित समावेश गरिएको छ। परिवर्तन र त्यसको असरलाई आवश्यकताअनुसार खुलाईएको छ।

**लेखा अनुमान तथा निर्णय**

नेपाल वित्तीय प्रतिवेदनमान अनुसार कम्पनीले वित्तीय विवरणहरू तयार गर्दा तयार गरिएको मितिसम्म कायम सम्पत्ति र दायित्व, सोही मितिसम्म उल्लेख गरिएका सम्भावित दायित्व र प्रतिबद्धता तथा सोही अवधिसम्मको मात्र आम्दानी तथा खर्चहरूसँग सम्बन्धित रकमलाई आधार मानी लेखा अनुमानहरू तयार गर्नुपर्ने हुन्छ। अनुमानको क्रममा हुने अन्तरनिहित अनिश्चितताको कारण भावी अवधिको लागि अनुमान गरी प्रस्तुत गरिएका नतिजाहरूमा केही फरक पर्न सक्ने हुन्छ। लेखा सम्बन्धी अनुमान तथा त्यसमा आधारित मान्यताहरुलाई विगतका अनुभव, प्रभाव पार्न सक्ने तत्वहरू तथा भविष्यको घटनाबाट हुने अपेक्षालाई प्रभाव पार्न सक्ने भनि विश्वास गरिएका घट्नाहरू समेतलाई विचार गरी Ongoing Basis को आधारमा समीक्षा गर्ने गरिएको छ। लेखा अनुमानहरूको पुनर्विचार गर्दा सोही अवधिको लागि मात्र प्रभाव पर्ने भए सोही अवधिको लागि र भविष्यमा पनि प्रभाव पर्ने भएमा हाल तथा भविष्यको लागि पनि स्वीकार्य हुने गरी उल्लेख गरिएको छ।

वित्तीय विवरणमा कम्पनीको लेखा नीति तथा अनुमानको मुख्य श्रोत लागू गर्ने सन्दर्भमा व्यवस्थापनले वित्तीय अवस्था तथा नतिजा प्रस्तुतिकरणको लागि महत्वपूर्ण हुने निर्णयहरु आवश्यक टिप्पणीसाथ यथास्थानमा प्रस्तुत गरेको छ।

### झ) निरन्तर अवधारणाः

कम्पनीको व्यापार भविष्यमा पनि निरन्तर रुपमा सञ्चालनमा रहन्छ भन्ने मान्यतामा सञ्चालक समिति विश्वस्त भएकोले वित्तीय प्रतिवेदनहरु निरन्तर अवधारणाको आधारमा तयार गरिएका छन् । निरन्तर अवधारणाको सहि मूल्याङ्कनको लागि कम्पनीको सञ्चालक समितिले नाफाको वर्तमान र भावि अवस्था तथा अनुमानहरु, नगद प्रवाह र पूँजीगत स्रोतहरुको सूचनाहरुको बारेमा व्यापक रुपमा विचार गरेको छ।

व्यवसायमा सारभूत रुपमा प्रभाव पार्ने अनिश्चितताहरु नदेखिएको र निरन्तर अवधारणाको निरन्तरताको निश्चितता माथि कुनै शंका नरहेका कारण व्यवसायको विघटन वा सेवा बन्दको बारेमा सञ्चालक समितिको कुनै योजना रहेको छैन।

### ञ) सहायक कम्पनी, एशोसियट्स तथा संयुक्त उपक्रममा लगानी

कम्पनीको सहायक कम्पनीको रुपमा नेपाल डिजिटल पेमेन्ट्स कम्पनी रहेको छ। सहायक कम्पनीको सञ्चालक समितिमा बहुमत सदस्यहरुको प्रतिनिधित्वको आधारमा हाल कम्पनीको सेयर अंश ६२.२२ प्रतिशत रहेको छ। कम्पनी र सहायक कम्पनीको एकीकृत वित्तीय विवरणको रुपमा छुट्टै प्रस्तुत गरिएको छ। सो वित्तीय विवरणमा कम्पनी र सहायक कम्पनीको संयुक्त रुपलाई “समुह” ले जनाएको छ। कम्पनीले गरेको सेयर लगानीलाई वित्तीय लगानी शिर्षकमा लेखाङ्कन गरिएको छ, जसलाई टिप्पणी १०.१.१ मा गैर व्यापारिक वित्तीय लगानीमा उल्लेख गरिएको छ भने एशोसियट्स लगानीलाई टिप्पणी ५ मा देखाइएको छ।

### ट) पट्टा (Lease)

नेपाल लेखामान १७ (पट्टाहरू) लाई प्रतिस्थापन गरेको नेपाल वित्तीय प्रतिवेदनमान १६ ‘सम्पत्तिहरू’ वमोजिम पट्टाको पहिचान, मापन, प्रस्तुतीकरण र खुलासा (Disclosure) को स्थापित सिद्धान्त अनुसार पट्टा लिने व्यक्तिले अधिकांश पट्टाहरू वित्तीय स्थितिको विवरणमा लेखाङ्कन गर्नुपर्ने हुन्छ।

नेपाल वित्तीय प्रतिवेदनमान १६ अनुसारको पट्टादाताको लेखाङ्कन नेपाल लेखामान १७ भन्दा फरक छैन। पट्टादाताले पट्टाहरुलाई नेपाल लेखामान १७ को जस्तै गरी पट्टाहरूलाई सञ्चालन पट्टा वा वित्तीय पट्टाको रूपमा वर्गीकरण गर्न सक्दछ। कम्पनी पट्टादाता भएको खण्डमा नेपाल वित्तीय प्रतिवेदनमान १६ ले पट्टाको लेखाङ्कनमा कुनै फरक पार्दैन। नेपाल वित्तीय प्रतिवेदनमान १६ अनुसार कम्पनीले सम्पत्ति पट्टामा लिंदा पट्टा सम्झौताबाट उत्पन्न हुने भविष्यको भुक्तानीहरूको लागि पट्टा दायित्व तथा पट्टा सम्पत्तिको प्रयोगको अधिकार राख्दछ।

### ठ) प्रस्तुतीकरण मिति

| विवरण | नेपाली पात्रो अनुसारको मिति/अवधि | अंग्रेजी पात्रो अनुसारको मिति/अवधि |
|---|---|---|
| वित्तीय स्थितिको विवरणको तुलनात्मक मिति | ३१ आषाढ २०८१ | १५ जुलाई २०२४ |
| तुलनात्मक प्रस्तुतीकरण अवधि | १ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्म | १७ जुलाई २०२३ देखि १५ जुलाई २०२४ सम्म |
| नेपाल वित्तीय प्रतिवेदनमान वित्तीय स्थिति विवरणको मिति | ३२ आषाढ २०८२ | १६ जुलाई २०२५ |
| नेपाल वित्तीय प्रतिवेदनमान वित्तीय प्रतिवेदन प्रस्तुतीकरण अवधि | १ श्रावण २०८१ देखि ३२ आषाढ २०८२ सम्म | १६ जुलाई २०२४ देखि १६ जुलाई २०२५ सम्म |

### ड) Materiality (प्रभावको भार)

कम्पनीले आफ्नो वित्तीय विवरणहरू तयार गर्दा प्रकृति वा मात्रा वा दुवैको आधारमा Materiality को निर्धारण गर्ने गर्दछ। वित्तीय विवरणहरुको प्रस्तुतिमा Materiality एउटा सर्वव्यापी अबरोधक (Pervasive Constraint) हो, जुन गुणात्मक चरित्रको प्रस्तुतीकरणको लागि सान्दर्भिक हुन्छ।

### १ अमूर्त सम्पत्तिः

**लेखा नीति**

कम्पनीको अमूर्त सम्पत्ति भन्नाले पहिचान गर्न सकिने तर अभौतिक रुपमा रहने गैर मौद्रिक सम्पत्तिलाई बुझाउँदछ। यस प्रकारको सम्पत्तिलाई कम्पनीले खरिद वा सिर्जना जस्ता विगतका घटनाहरुको परिणाम स्वरुप नियन्त्रण गर्दछ र यसबाट भविष्यमा आर्थिक लाभ प्राप्त हुने अपेक्षा गर्दछ। कम्पनीले आफ्नो नियन्त्रणमा रहेका र भविष्यमा कम्पनीलाई आर्थिक लाभ प्रदान गर्ने प्रवल सम्भावना भएका तथा लागत मूल्य विश्वसनीय ढंगले मापन गर्न सकिने यस्ता सम्पत्तिहरूको पहिचान गरी लेखाङ्कन गर्दछ। निश्चित प्रयोगयोग्य अवधि भएका यस्ता अमूर्त सम्पत्तिलाई लागत मूल्यबाट सञ्चित अपलेखन तथा सञ्चित इम्पेयरमेन्ट नोक्सानी घटाएर गणना गरिएको छ।

कम्पनीले हरेक वर्ष सम्पत्तिको प्रयोगयोग्य अवधि र अपलेखन विधि पुनरावलोकन गर्ने गरेको छ। सम्पत्तिको अनुमानित प्रयोगयोग्य अवधि तथा सम्पत्तिबाट भविष्यको अपेक्षित आर्थिक लाभको उपभोगमा हुने परिवर्तनलाई नेपाल लेखामान ८ ले औंल्याएको विधि अनुरुप लेखा अनुमानहरूमा भएको परिवर्तन सरह लेखाङ्कन गरिएको छ।

असीमित प्रयोगयोग्य अवधि भएका अमूर्त सम्पत्तिहरूको इम्पेयरमेन्ट मूल्याङ्कन हरेक प्रस्तुतीकरण मितिमा गरिन्छ।

**सफ्टवेयर**

सफ्टवेयरमा तेस्रो पक्षहरूबाट खरिद गरिएको र आन्तरिक रूपमा विकसित सफ्टवेयरको लागत समावेश हुन्छ। तेस्रो पक्षहरूबाट खरिद गरिएका सफ्टवेयरहरूको सुरुको लेखाङ्कन लागत मूल्यमा गरिन्छ।

आन्तरिक रुपमा विकास गरिएका सफ्टवेयर जसले भविष्यमा आर्थिक लाभ उत्पन्न गर्ने सम्भावना रहेको हुन्छ, त्यस्ता सफ्टवेयरमा लागेको प्रत्यक्ष र अप्रत्यक्ष श्रमको लागत समेत समावेस भएको उत्पादन लागतलाई विश्वसनीय ढंगबाट मापन गर्न सकिने तथा सञ्चालनको लागि प्राविधिक रुपमा सम्भाव्य रहेको अवस्थामा अमूर्त सम्पत्तिको रुपमा पुँजीकरण गरिन्छ। उक्त प्रक्रियाहरु नपुगेका खर्चहरु तथा अनुसन्धान खर्चहरुलाई सो अवधिमा नै खर्च लेखिन्छ।

कुनै उपकरण/प्रणालीको अभिन्न अंगको रुपमा रहेको सफ्टवेयरको लागतलाई जायजेथा, प्लाण्ट तथा उपकरणमा समावेश गरी सम्बन्धित उपकरण/प्रणालीको प्रयोगयोग्य अवधिको आधारमा ह्रासकट्टी गरिन्छ।

सफ्टवेयरलाई प्रयोगयोग्य अवधिको आधारमा अपलेखन गरिएको छ। जसलाई निम्नानुसार वर्गीकृत गरिएको छः

| विवरण | प्रयोगयोग्य वर्ष |
|---|---|
| कार्यालय स्वचालनसँग सम्बन्धित सफ्टवेयर | ५ |
| प्रणालीसँग सम्बन्धित सफ्टवेयर | ७ |

समीक्षा अवधिमा कम्पनीले NFRS अनुसार अमूर्त सम्पत्तिहरूको ह्रास (Impairment) परीक्षण गरेको छ। यस परीक्षणको क्रममा रु. ६,५४४,६२१ बराबरको मूल्य भएका केही अमूर्त सम्पत्तिहरूमा ह्रास भएको पहिचान गरिएको छ। आपूर्तिकर्तासँग सम्बन्धित प्राविधिक समस्याका कारण ती सम्पत्तिहरू सञ्चालनयोग्य नरही भविष्यमा आर्थिक लाभ प्राप्त नहुने देखिएको छ।

त्यसअनुसार समीक्षा अवधिको नाफा नोक्सान विवरणमा रु. ६,५४४,६२१ बराबरको इम्पेयरमेन्ट नोक्सानी पहिचान गरिएको छ, र प्रभावित अमूर्त सम्पत्तिहरूको मूल्यलाई तिनको पुनः प्राप्तयोग्य मूल्य (Recoverable Amount) सम्म घटाइएको छ।

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| सुरुको मौज्दात | ४,७६३,३८९,९९५ | ४,७६३,८६४,९६३ |
| चालु बर्षमा थप भएको | १४४,४६८,४७२ | १२१,३८५,३६१ |
| चालु बर्षमा हटाइएको | (४५७,३४४) | (१२१,८६०,३२९) |
| **जम्मा लागत** | **४,९०७,४०१,१२३** | **४,७६३,३८९,९९५** |
| गत वर्ष सम्मको अपलेखन | (३,४९४,७५२,९७०) | (३,१५०,०३०,५७१) |
| चालु वर्षको अपलेखन | (४६६,६१२,९४७) | (४६६,५८२,७२८) |
| हटाइएको सम्पत्तिको अपलेखन | १००,१४७ | १२१,८६०,३२९ |
| **जम्मा अपलेखन** | **(३,९६१,२६५,७७१)** | **(३,४९४,७५२,९७०)** |
| **खुद लागत** | **९४६,१३५,२५२** | **१,२६८,६३७,०२५** |
| गत वर्ष सम्मको Impairment | | - |
| चालु वर्षको Impairment | (६५४४,६२१) | - |
| जम्मा Impairment | (६५४४,६२१) | - |
| **जम्मा** | **९३९,५९०,७३१** | **१,२६८,६३७,०२५** |

**अनुमतिपत्र दस्तुर**

खुद अमूर्त सम्पत्तिहरूमा नेपाल दूरसञ्चार प्राधिकरणलाई भुक्तानी गरी अपलेखन हुन बाँकी रहेको अनुमतिपत्र दस्तुर रकम पर्दछ। नियमानुसार अनुमतिपत्र दस्तुर अग्रिमरुपमा भुक्तानी गरिएको छ भने आर्थिक वर्षसँग सम्बन्धित रकमलाई खर्चको रुपमा लेखाङ्कन गरिएको छ।

दूरसञ्चार ऐन, २०५३ तथा सम्वन्धित नियमावली अनुसार जिएसएम अनुमतिपत्रको अवधि २५ वर्षको हुने र अनुमतिपत्र जारी गर्दा १० वर्षमा नबढ्ने गरी प्रदान गर्ने प्रावधान रहे अनुरुप कम्पनीले पहिलो जिएसएम अनुमतिपत्र मिति २०५६ बैशाख २९ मा १० वर्षको लागि प्राप्त गरेको र सो अनुमतिपत्र ५/५ वर्षको अवधि सहित तिन पटक नविकरण गरी मिति २०८१ बैशाख २८ मा अनुमतिपत्रको अवधि समाप्त भएकोमा मिति २०८१ बैशाख २९ देखि ५ वर्षको अवधिको लागि आ.व. २०८०/८१मा कम्पनीले जिएसएम अनुमतिपत्र दस्तुर बापत रु.२१ करोड भुक्तानी गरेको छ। समिक्षा अवधिमा कम्पनीले इन्टरनेट सेवाको ५ वर्षे अवधिका लागि अनुमतिपत्र दस्तुर बापत रु ३००,००० भुक्तानी गरेको छ। अदृष्य सम्पत्तिको अपलेखन हुन बाँकी रकम वित्तीय विवरणहरुमा अमूर्त सम्पत्तिको रुपमा प्रस्तुत गरिएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले निर्दिष्ट गरेको अवधिलाई आधार मानी अनुमति पत्रको अपलेखन समानुपातिक रुपमा गरिएको छ ।

रकम रु.

| विवरण | पि.एस.टी.एन. | इन्टरनेट | जि.एस.एम. | जम्मा |
|---|---|---|---|---|
| अवधि (देखि) | २०७७.१०.१३ | २०८२.०१.१६ | २०८१.०१.२९ | |
| अवधि (सम्म) | २०८२.१०.१२ | २०८७.०१.१५ | २०८६.०१.२८ | |
| आयु (वर्षमा) | ५ | ५ | ५ | |
| **जम्मा** | **१३४,४१५,०००** | **२७०,०००** | **२१०,०००,०००** | |
| ३१ आषाढ २०८१ को मौज्दात | ४१,३१८,८०३ | ४२,१६४ | २०२,४०५४७९ | २४३,७६६,४४७ |
| आ.व. २०८१।८२ मा भुक्तानी | | ३००,००० | | ३००,००० |
| आ.व. २०८१।८२ को कट्टी | (२६,८८३,०००) | (५५,३१५) | (४२,०००,०००) | (६८,३९८,३१५) |
| **३२ आषाढ २०८२ को मौज्दात** | **१४,४३५,८०३** | **२८६,८४९** | **१६०,४०५,४७९** | **१७५,१२८,१३२** |

### २. सम्झौता लागत सम्पत्तिः

सम्झौता लागत सम्पत्तिमा सम्झौता प्राप्तिको लागि लागेको थप खर्चहरू (जस्तैः सिम/रिचार्ज कार्डहरूको बिक्रीको लागि डिलर हरूलाई भुक्तानी गरिने बिक्री कमिशन) समावेश हुन्छ। यी खर्चहरू भविष्यमा प्राप्त हुने आम्दानीबाट परिपूर्ति हुने अनुमान गर्न सकिने भएमा त्यस्ता खर्चहरूलाई पूँजीकरण गरिन्छ। सम्झौता प्राप्तिको लागि हुने यस्ता अतिरिक्त खर्च सम्झौता नभएको अवस्थामा हुँदैन।

पुँजीकृत सम्झौता लागत सम्पत्तिसँग सम्बन्धित विक्री गरिएको वस्तु तथा सेवाहरुको ग्राहकहरुसँगको सम्झौता अवधिको आधारमा सो सम्पत्तिलाई अपलेखन गरिएको छ।

**व्याख्यात्मक टिप्पणी**

कम्पनीको ग्राहकहरुको ऐतिहासिक औसत अवधि १२ महिना भन्दा बढी रहेको अनुमान छ र औसत ग्राहक अवधि अनुमानको लागि ग्राहक churn rate उत्कृष्ट सूचक रहेको कम्पनीको विश्वास भएकोले सम्झौता प्राप्तिको लागि गरिएको थप खर्चलाई स्थगन गरिएको छ। तसर्थ, कम्पनीले ५ वर्षको अवधिलाई औसत ग्राहक अवधि अनुमान गरेको छ।

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| सुरु मौज्दात | ३६५,१५१,७०१ | ३९०,५५८,२३२ |
| यस आ.व.को थप | २५६,९०८,८५० | १६७,७९२,३१२ |
| यस आ.व.को अपलेखन | (२०४,७०६,९१३) | (१९३,१९८,८४२) |
| **आषाढ ३२, २०८२ को जम्मा** | **४१७,३५३,६३९** | **३६५,१५१,७०२** |

### ३. जायजेथा, प्लाण्ट र उपकरणः

**लेखा नीतिहरू**

भविष्यमा आर्थिक लाभ प्राप्त हुने सम्भावना प्रवल रहेको तथा सोको लागत विश्वसनीय ढंगबाट यकिन गर्न सकिने अवस्थामा मात्र जायजेथा, प्लाण्ट र उपकरणलाई सम्पत्तिको रुपमा पुँजीकरण गरिएको छ। जायजेथा, प्लाण्ट र उपकरणको लक्षित उपयोगका लागि प्रयोगयोग्य अवस्थामा ल्याउन गरिएका सम्पूर्ण आवश्यक खर्चबाट सञ्चित ह्रास तथा सञ्चित इम्पेयरमेन्ट नोक्सानी घटाई आएको रकम कम्पनीको वित्तीय स्थितिको विवरणमा देखाइएको छ । पछिल्ला वर्षहरुमा जमिन तथा भवन बर्गमा रहेका सम्पत्तिलाई पुनर्मूल्याङ्कन विधि मार्फत लेखाङ्कन गरिएको छ । पुनर्मूल्याङ्कन विधि अन्तर्गत वास्तविक मूल्य विश्वसनीय ढंगले गणना गर्न सकिने अवस्थामा सम्पत्तिलाई प्रथम लेखाङ्कन पश्चात पुनर्मूल्यांकित रकममा प्रस्तुत गरिन्छ । उक्त रकमले पुनर्मूल्याङ्कन मितिको वास्तविक रकमबाट पछिल्लो सञ्चित ह्रास तथा सञ्चित इम्पेयरमेन्ट नोक्सानी घटाई आएको रकमलाई दर्शाउछ। यद्यपि अन्य बर्गमा रहेका सम्पत्तिलाई ऐतिहासिक लागत विधिमा लेखाङ्कन गरिन्छ। जस अन्तर्गत प्रथम लेखाङ्कनको लागि खरिद वा निर्माण लागतलाई अपेक्षित प्रयोगयोग्य अवधिमा ह्रास कट्टा गरी सम्भावित इम्पेयरमेन्ट नोक्सान भएको अवस्थामा उक्त नोक्सानी घटाई प्रस्तुत गरिन्छ।

जायजेथा, प्लाण्ट र उपकरणहरूको ह्रास कट्टी सम्पत्तिको प्रयोगयोग्य अवधिको आधारमा गरिन्छ । ह्रास कट्टी गर्दा सम्पत्ति प्राप्त गरिएको वर्षदेखि समदरमा गर्ने गरिन्छ । प्रत्येक वर्षान्तमा सम्पत्तिको अवशेष मूल्य, प्रयोगयोग्य अवधि र ह्रास कट्टी दर पुनरावलोकन गर्ने गरिएको छ । पुनरावलोकन गर्दा व्यवस्थापनले लिएका लेखा अनुमानहरू फरक पर्न गएको अवस्थामा त्यस्ता फरकहरूलाई नेपाल लेखामान ८ अनुसार लेखाङ्कन गर्ने गरिएको छ । यस अवधिमा उल्लिखित अनुमानहरुमा फरक नरहेको व्यवस्थापनको ठहर रहेको छ।

खरिद मूल्यको अलावा सम्पत्तिलाई लक्षित स्थान र उपयोगको लागि सञ्चालनयोग्य बनाउन लागेका प्रत्यक्ष खर्चहरूलाई सम्पत्तिको मूल्यमा समावेश गरिएको छ । फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जा जडित प्लाण्ट र उपकरणहरूको हकमा त्यस्ता पार्टपुर्जाहरूको आ-आफ्नो प्रयोगयोग्य अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ। नेपाल लेखामान १६ ले सम्बोधन नगर्ने खर्चहरूलाई सम्बन्धित अवधिमै खर्च लेखिएको छ ।

प्लाण्ट र उपकरणलाई प्रयोगयोग्य भएपछि वा ग्राहकहरुलाई सेवा उपलब्ध गराउन सक्षम भएपछि पुँजीकरण गर्ने गरिएको छ । नेपाल लेखामान १६ र अन्तर्राष्ट्रिय वित्तीय प्रतिवेदन विश्लेषण समिति (IFRIC) -१ ले जायजेथा, प्लाण्ट र उपकरणको लागतमा उक्त जायजेथा, प्लाण्ट र उपकरणलाई विस्थापन गर्न वा सो स्थानलाई पूर्ववत अवस्थामा ल्याउन लाग्ने खर्चहरू समेत समावेश गनुपर्ने व्यवस्था गरेको भएतापनि यसरी विस्थापन र पूर्ववत अवस्थामा ल्याउन लाग्ने खर्चको अनुमान गरी लेखाङ्कन गर्न कठिन हुने र यस्ता खर्चको अनुमानलाई वित्तीय विवरणमा समावेश नगर्दा पनि सोको आधारमा प्रयोगकर्ताले लिने आर्थिक निर्णयहरूमा सारभूत असर नपर्ने बुझाइ विगतको अनुभवका आधारमा व्यवस्थापनको रहेको छ । तसर्थ Assets Retirement Obligation (ARO) को लेखाङ्कन गरिएको छैन ।

विस्थापित भएका, मर्मत गरी सञ्चालन गर्न नसकिने गरी बिग्रिएका तथा मूल्य नगण्य भई प्रयोगविहिन अवस्थाका सम्पत्तिहरूलाई पहिचान भएको अवधिबाटै कम्पनीको सम्पत्तिबाट हटाइएको छ । जायजेथा, प्लाण्ट र उपकरणहरुको कुनै एकाइ विस्थापन गर्दा प्राप्त निसर्ग मूल्य र तिनीहरूको बाँकी रकम बीचको फरक मूल्यलाई सो कारोबारबाट भएको वास्तविक नाफा नोक्सान मानी कम्पनीको नाफा-नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ ।

सेवा विस्तार, उपकरण तथा पूर्वाधार निर्माणमा कम्पनीको उल्लेख्य लगानी रहेको छ। भौतिक सम्पत्तिभित्र मुख्यतया कम्पनीको नेटवर्क सञ्चालन गर्ने आधार केन्द्रहरू (Base Station) तथा प्रविधिहरू पर्दछन्।

प्रति एकाइ रु. ५,०००।०० मूल्य सम्मका सम्पत्तिलाई खरिद गरिएको आर्थिक वर्षमा नै नाफारनोक्सान हिसाबमा भार पारी लेखाङ्कन गरिन्छ।

**ह्रास कट्टी**

जग्गा जमिन बाहेक अन्य सम्पत्तिहरूलाई तिनीहरूको प्रयोगयोग्य अवधि अनुसार समदर विधिको आधारमा ह्रास कट्टी गरिएको छ । भवन र भौतिक संरचनाहरुको बाँकी प्रयोगयोग्य बाँकी अवधिको लागि पुनर्मूल्याङ्कित मूल्यमा ह्रास कट्टी गरिएको छ । भवन तथा भौतिक संरचनाहरुको पुनर्मूल्याङ्कन गर्दा बढी हुन आएको ह्रास कट्टीलाई पुनर्मूल्याङ्कन संचितिबाट इक्विटीमा सारिएको छ। अवशेष मूल्य, सम्पत्तिको प्रयोगयोग्य अवधि र ह्रास कट्टी विधिहरूलाई हरेक आर्थिक वर्षको अन्त्यमा पुनरावलोकन गर्ने गरिएको छ। पूर्वानुमानमा कुनै परिवर्तन भएको पाइएमा परिवर्तित अनुमानहरूलाई नेपाल लेखामान ८ अनुसार परिमार्जन गरी लेखाङ्कन गरिएको छ।

**प्रयोगयोग्य अवधि**

भौतिक सम्पत्तिको प्रयोगयोग्य अवधि निम्नानुसार छ ः

| वर्गीकरण | सह-वर्गीकरण | प्रयोगयोग्य अवधि |
|---|---|---|
| भवन | आर.सी.सी. फ्रेम संरचना | ५० |
| | भार वहन संरचना (इँटा/ढुङ्गा)-कार्यालय प्रयोजन | २५ |
| | भार वहन संरचना (इँटा/ढुङ्गा)-उपकरण प्रयोजन | १५ |
| | धातुको संरचना | १५ |
| | सेल्टर | १५ |
| | कम्पाउण्ड पर्खाल | १५ |
| प्लान्ट तथा मेशिनरी | जमिन मुनिको नेटवर्क | १५ |
| | जमिन माथिको नेटवर्क | १० |
| | अर्थ स्टेशन | ७ |
| | ए.डि.एस.एल. र इन्टरनेट प्रणाली | ५ |
| | अप्टिकल फाईवर तथा नेटवर्कहरु | १० |
| | बिलिङ्ग प्रणालीसँग सम्बन्धित | ७ |
| | RAN उपकरणसँग सम्बन्धित | ७ |
| | Core उपकरणसँग सम्बन्धित | ७ |
| | प्रसारण उपकरण सम्वन्धित | ७ |
| | पावर-व्याट्री | ४ |
| | पावर-अन्य | ६ |
| | टुल्स (subscribers' equipment, Planning Testing/Loose tools etc.) | ५ |
| | अन्य | ५ |
| अन्य | ताप, प्रकाश, ए.सी. | ५ |
| | फर्निचर र फिक्स्चर | ५ |
| | कार्यालय उपकरण | ५ |
| | सवारी साधन (मोटरसाइकल/कार/जिप/ट्रक) | १० |
| | सवारी साधन (ट्राइसाइकल, साइकल र अन्य) | ५ |

फरक फरक प्रयोगयोग्य अवधि भएका पार्टपुर्जा जडित प्लाण्ट र उपकरणको हकमा त्यस्ता पार्टपुर्जाको प्रयोगयोग्य अवधिको आधारमा छुट्टाछुट्टै ह्रास कट्टी गरिएको छ । कुनैपनि पार्टपुर्जाको प्रयोगयोग्य अवधि मुख्य उपकरणको भन्दा बढी हुने गरी देखाइएको छैन ।

**अपलेखन :**

जायजेथा, प्लाण्ट र उपकरणको कुनै एकाइको खुद निसर्ग मूल्य र सोको बाँकी रकम बिचको फरक मूल्यलाई त्यस्ता सम्पत्ति विस्थापन गर्दा प्राप्त वास्तविक नाफा नोक्सान मानिएको छ ।

**इम्पेयरमेन्ट :**

जायजेथा, प्लाण्ट र उपकरणको बाँकी रकम सोको असुलीयोग्य रकम भन्दा बढी हुन आएमा सम्भव भएमा नगद आर्जन गर्ने एकाइको आधार मा र सो नभएमा सम्पत्तिको एकाइको आधारमा इम्पेयरमेन्ट गरिएको छ ।

**पुनर्मूल्याङ्कनः**

कम्पनीको नाममा रहेको जग्गालाई आवधिक पुनर्मूल्याङ्कन गरी वास्तविक मूल्य कायम गरिएको छ । पुनर्मूल्याङ्कनबाट सम्पत्तिको मूल्यमा वृद्धि भएको रकमलाई विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरी सञ्चित इक्विटीमा पुनर्मूल्याङ्कन सञ्चिति शिर्षकमा देखाइएको छ । तर कुनै सम्पत्तिको यस अघि पुनर्मूल्याङ्कन गर्दा पुनर्मूल्यांङ्कित रकममा कमी भई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिएको भए सो रकमसम्म समायोजन हुने गरी हालको पुनर्मूल्याङ्कनबाट वृद्धि भएको रकमलाई नाफा नोक्सान हिसाबमा लेखाङ्कन गरिएको छ।

पुनर्मूल्याङ्कनबाट कमी भएको सम्पत्तिको मूल्यलाई नाफा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ । तर कुनै सम्पत्तिको यस अघि पुनर्मूल्याङ्कन गर्दा पुनर्मूल्यांङ्कित रकममा वृद्धि भई पुनर्मूल्याङ्कन सञ्चिति शिर्षकमा लेखाङ्कन गरिएको भए पुनर्मूल्याङ्कन सञ्चितिमा भएको रकमसम्म समायोजन हुने गरी हालको पुनर्मूल्याङ्कनबाट कमी भएको रकमलाई विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरिएको छ । विस्तृत आम्दानी विवरण मार्फत लेखाङ्कन गरिएको कमीले पुनर्मूल्याङ्कन सञ्चिति रकमलाई घटाउँछ।

पुनर्मूल्याङ्कन गरिएका भवन तथा भौतिक संरचनाहरुको कूल मूल्यमा सञ्चित ह्रासको हिसाब घटाई आउने खुद रकममा पुनर्मूल्यांङ्कित मूल्यसम्मको फरक रकमलाई समायोजन गरिएको छ।

समीक्षा अवधिमा कम्पनीले NFRS अनुसार Cash-Generating Unit (CGU) स्तरमा Impairment का सूचकहरूको मूल्याङ्कन गरेको छ। यस मूल्याङ्कनमा सम्पत्तिको उपयोग अवस्था, प्रविधिगत अप्रचलन (Technological Obsolescence) तथा अपेक्षित भविष्यका नगद प्रवाहहरू जस्ता पक्षहरूको विचार गरी गरिएको छ।
यस मूल्याङ्कनबाट PSTN सेवासँग सम्बन्धित सम्पत्तिहरू बाहेक अन्य सम्पत्तिहरुमा Impairment गर्नुपर्ने सूचकहरू पहिचान गरेको छैन।

PSTN सेवासँग सम्बन्धित सम्पत्तिहरूमा रु. १५२,९०५,७५५ बराबरको इम्पेयरमेन्ट नोक्सानी पहिचान गरिएको छ, साथै निर्सग गरिएका सम्पत्तिहरूमा विगतमा इम्पेयरमेन्ट नोक्सानी पहिचान गरिएको रकम रु.२८४,७६१ लाई समीक्षा अवधिमा इम्पेयरमेन्ट नोक्सानी बाट हटाइएको छ।

## व्याख्यात्मक टिप्पणी

**जग्गा**

स्वामित्वको प्रमाणपत्रहरू भएका जग्गाजमिनको लेखाङ्कन सम्पत्ति पहिचान मापदण्ड लगायत Principle of Substance Over Form समेतको आधारमा गरिएको छ। यस्ता सम्पत्तिहरूको वास्तविक मूल्य प्रचलित बजार मूल्य र सरकारी दरलाई आधार मानी निर्धारण गरिएको छ । स्वतन्त्र मूल्याङ्कनकर्ताबाट कम्पनीको सबै जग्गा जमिन ३२ आषाढ २०८२ को वास्तविक मूल्य कायम हुनेगरी पुनर्मूल्याङ्कन गरिएको छ । जग्गाजमिनको सक्रिय बजार उपलब्ध नभएको तर सोही प्रकृति तथा स्थानको जग्गाजमिनको कारोबार मूल्यको आधार मानी नेपाल वित्तीय प्रतिवेदनमान १३ ले औंल्याएको स्तर २ को जानकारीलाई प्रयोग गरी जग्गाजमिनहरूको वास्तविक मूल्य निर्धारण गरिएको छ।

कम्पनीले यस्ता जग्गाजमिनहरूलाई लामो अवधिसम्म आफ्नो स्वामित्वमा राखी व्यावसायिक प्रयोजनको लागि उपयोग गर्ने योजना रहेको आधारलाई विचार गरी प्रचलित बजारमूल्यको ६० प्रतिशत तथा राजश्वको लागि सरकारले निर्धारण गरेको मूल्यको ४० प्रतिशतको भारित रकमलाई आधार लिई वास्तविक मूल्य निर्धारण गरेको छ।

### Substance Over Form:

स्वामित्वको प्रमाण नभएका केही जग्गाजमिनहरू पनि कम्पनीले भोगचलन गरिरहेको छ। भोगचलनको निरन्तरता र आर्थिक लाभमा स्पष्ट अवरोध नहुने उक्त जग्गाहरूलाई कम्पनीको सम्पत्तिमा लेखाङ्कन गरिएको छ। त्यस्ता जग्गाहरूको विवरण निम्नानुसार रहेको छन् :

**स्वमित्वमा नरहेको तर कम्पनीले प्रयोग गरिरहेको जमिनको विवरण :**

| क्र.सं. | जमिन तथा भवन | संख्या | क्षेत्रफल (वर्ग मि.) | रकम (रु.) |
|---|---|---|---|---|
| १ | जमिन | २२३ | ४,४९,८५४ | |
| | क) टावर संरचना रहेको जंगलभित्र अबस्थित जमिन | ९७ | १,३२,२९५ | |
| | ख) नेपाल सरकारको स्वामित्वमा रहेको जमिन | ९५ | २,१५,७५६ | |
| | ग) नेपाल सरकारको अन्य कार्यालयको नाममा दर्ता भएको जमिन | १९ | ६५,२४१ | |
| | घ) नेपाल टेलिकमको स्वामित्वमा आउने क्रममा रहेको जमिन | | | |
| | (नेपाल सरकारबाट स्वामित्व हस्तान्तरण गर्ने निर्णय भैसकेको) | १२ | ३६,५६२ | |
| २ | भवन | | | १४१,७९०,९६५ |

**भवन तथा भौतिक संरचनाः**

भौतिक पूर्वाधार तथा संरचनाहरूलाई आर.सी.सी., भारवहन क्षमता, ढुङ्गाको गाह्रो, टहरा तथा अन्य निर्माण बनोटको आधारमा वर्गीकरण गरिएको छ । त्यस्ता भौतिक पूर्वाधारहरूलाई सोको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट सञ्चित ह्रास कट्टी गरी नेपाल वित्तीय प्रतिवेदनमान अनुसार वित्तीय स्थितिको विवरणको प्रारम्भ मितिमा सम्पत्तिमा लेखाङ्कन गरिएको छ।

कम्पनीले भवन तथा अन्य भौतिक संरचनाहरुको पुनर्मूल्याङ्कन विधि अपनाई वर्तमान मूल्य कायम गरेको छ । पुनर्मूल्याङ्कन गरिएका भवन तथा भौतिक संरचनाहरुको कूल मूल्यमा सञ्चित ह्रासको हिसाब घटाई आउने खुद रकममा पुनर्मूल्यांङ्कित मूल्यसम्मको फरक रकमलाई समायोजन गरिएको छ।

वित्तीय विवरणमा समायोजन गरिएको रकम वा कूल मूल्यमा भएको घटी बढीको कारण हटाइएको सञ्चित ह्रास रकमलाई कम्पनीको लेखा नीति अनुसार लेखाङ्कन गरिएको छ। कम्पनीको स्वामित्व नभएका जग्गाजमिनमा निर्माण गरिएका भवन तथा भौतिक संरचनाहरूलाई Substance Over Form को आधारमा लेखाङ्कन गरिएको छ।

भौतिक रुपमा निर्माण सम्पन्न भएका केही संरचनाहरूको नियमानुसार स्वीकृत नक्शा तथा निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त हुन बाँकी रहेको छ। सम्बन्धित निकायबाट त्यस्ता संरचना उपर जरिवाना लगाउने वा भत्काउन/हटाउन सक्ने जोखिम रहेको छ।

**पुनर्मूल्याङ्कन सञ्चिति :**

भवन लगायतका भौतिक संरचनाहरुको पुनर्मूल्याङ्कन मूल्यलाई तिनको बाँकी प्रयोग अवधिको हिसाबले ह्रास कट्टी गरी लेखाङ्कन गरिएको छ। पूनर्मूल्यांङ्कित ह्रासकट्टी रकम रु.४७,०४८,७६५ पुनर्मूल्याङ्कन सञ्चितीबाट इक्विटीमा सारिएको छ।

जग्गा, भवन र भौतिक संरचनाहरुको ३२ आषाढ २०८२ मा गरिएको पुनर्मूल्याङ्कन प्रभाव निम्नानुसार रहेको छ।

| विवरण | जग्गा | भवन | जम्मा |
|---|---|---|---|
| **३१ आषाढ २०८१ को जम्मा** | २२,४३३,६४६,०५५ | १,०२८,००३,२१४ | २३,४६१,६४९,२६९ |
| यस अवधिको बढी पुनः मूल्याङ्कन | १,६८१,३४३,००७ | ४३०,४६७,२१५ | २,१११,८१०,२२२ |
| यस अवधिको घटी पुनः मूल्याङ्कन | | (२२२,९३०,७६५) | (२२२,९३०,७६५) |
| पुनर्मूल्याङ्कन सञ्चितिबाट सञ्चित मुनाफामा स्थानान्तरण | | (४७,०४८,७६५) | (४७,०४८,७६५) |
| **३२ आषाढ २०८२ को जम्मा** | २४,११४,९८९,०६२ | १,१८८,४९०,८९९ | २५,३०३,४७९,९६१ |

**प्लाण्ट र उपकरणः**

प्लाण्ट र उपकरणलाई व्यवस्थापनको अनुमानको आधारमा निर्धारण गरिएको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट सञ्चित ह्रास कट्टी गरी मूल्य निर्धारण गरिएको छ। भौतिकरुपमा नभएका वा प्रयोगविहिन अवस्थामा रहेका प्लाण्ट र उपकरण यकिन गरी नेपाल वित्तीय प्रतिवेदनमानको अवधारणा अनुसार लेखाङ्कनबाट हटाइएको छ।

**फर्निचर, फिक्स्चर र अन्य अफिस सामग्रीः**

फर्निचर, फिक्स्चर र अन्य अफिस सामग्रीहरूलाई व्यवस्थापनको अनुमानको आधारमा निर्धारण गरिएको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट सञ्चित ह्रास कट्टी गरी मूल्य निर्धारण गरिएको छ।

**सवारी साधनः**

सवारी साधनहरूलाई व्यवस्थापनको अनुमानको आधारमा निर्धारण गरिएको प्रयोगयोग्य अवधिको आधारमा ऐतिहासिक लागतबाट सञ्चित ह्रास कट्टी गरी मूल्य निर्धारण गरिएको छ।



## जायजेथा, प्लाण्ट र उपकरण

रकम रु.

| विवरण | जमिन | भवन | प्लान्ट र मेसिनरी | ताप प्रकाश र ए.सि. | फर्निचर र फिक्स्चर | कार्यालय उपकरण | सवारी साधन | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **वास्तविक लागत** | | | | | | | | |
| **आषाढ ३१, २०८१ मा** | २३,०८५,०५२,०६६ | ३,७०२,५८५,१३३ | ७७,०९४,०१७,५२३ | ६२३,२१०,५९९ | ४७४,१७७,१०५ | १,६५८,००४,६२४ | १,२९७,५०४,६३७ | १०७,९३४,५५१,६८७ |
| विगत वर्ष समायोजन पुँजीकरण | - | | १२१,८६०,३२९ | - | - | - | - | १२१,८६०,३२९ |
| परिमार्जित समायोजन | | | | | | | | - |
| **आषाढ ३१, २०८१ परिमार्जित जम्मा** | २३,०८५,०५२,०६६ | ३,७०२,५८५,१३३ | ७७,२१५,८७७,८५२ | ६२३,२१०,५९९ | ४७४,१७७,१०५ | १,६५८,००४,६२४ | १,२९७,५०४,६३७ | १०८,०५६,४१२,०१६ |
| वर्ष भरिमा थप | ७,०२६,९२७ | ११७,६४३,१७२ | २,१९०,५१३,६६० | ११८,२०२,०६५ | २२,७१३,९९३ | ४३,१३०,९१२ | २,२५४,९५० | २,५०१,४८५,६७९ |
| चालु वर्षको निसर्ग | | | (३४,५२८,८९३) | (५३,८६७) | | (४३,८०४,६५८) | (५८,३२१,२२५) | (१३६,७०८,६४३) |
| स्थानान्तरण समायोजन | | | | | | | | - |
| पुर्नमूल्याङ्कन समायोजन | १,६८१,३४३,००७ | १४७,०८६,८८६ | | - | - | - | | १,८२८,४२९,८९२ |
| **आषाढ ३२, २०८२ मा** | २४,७७३,४२२,००० | ३,९६७,३१५,१९१ | ७९,३७१,८६२,६१९ | ७४१,३५८,७९७ | ४९६,८९१,०९८ | १,६५७,३३०,८७७ | १,२४१,४३८,३६२ | ११२,२४९,६१८,९४४ |
| **ह्रास कट्टी तथा इम्पेयरमेन्ट** (रु) | | | | | | | | |
| **आषाढ ३१, २०८१ मा** | - | २७०,१०३,७४४ | ५५,३४७,६८६,५२८ | ४८४,४४५,४७० | ४१४,७९३,३३४ | १,३९६,८९४,८७३ | ९१६,१५९,१४७ | ५८,८३०,०८३,०९७ |
| विगत वर्ष ह्रास कट्टी समायोजन | | | ८२,९५९,०६४ | २२६,८०८ | | | | ८३,१८५,८७२ |
| सञ्चित इम्पेयरमेन्ट नोक्सान समायोजन आषाढ ३१, २०८१ मा | | | ७८३,२१२,१५४ | | | | | ७८३,२१२,१५४ |
| चालु वर्षको ह्रासकट्टि | - | १३३,५१५,६३३ | ५,६८६,५०४,८९४ | ५६,५६८,५६५ | २०,२१९,८८४ | ८७,१९८,७९६ | ४७,१५५,०७५ | ६,०३१,१६२,८४७ |
| चालु वर्षको इम्पेयरमेन्ट ीयकक | | | १५२,६२०,९९४ | | | | | १५२,६२०,९९४ |
| निसर्गमा ह्रास कट्टी फिर्ता | | | (३४,४७४,१८९) | (११,३६६) | | (४२,४६२,८०९) | (५८,२०३,६३९) | (१३५,१५२,००३) |
| स्थानान्तरण समायोजन | | | (२७५,२८५) | ५५९,३३२ | | ७१५ | | २८४,७६१ |
| **आषाढ ३२, २०८२ मा** | - | ४०३,६१९,३७७ | ६२,०१८,२३४,१६१ | ५४१,७८८,८०८ | ४३५,०१३,२१८ | १,४४१,६३१,५७५ | ९०५,११०,५८३ | ६५,७४५,३९७,७२२ |
| खुद लागत | | | | | | | | |
| **आषाढ ३२, २०८२ मा** | २४,७७३,४२२,००० | ३,५६३,६९५,८१४ | १७,३५३,६२८,४५८ | १९९,५६९,९८९ | ६१,८७७,८८० | २१५,६९९,३०२ | ३३६,३२७,७७९ | ४६,५०४,२२१,२२१ |
| **आषाढ ३१, २०८१ मा** | २३,०८५,०५२,०६६ | ३,४३२,४८१,३८९ | २१,००२,०२०,१०५ | १३८,५३८,३२१ | ५९,३८३,७७१ | २६१,१०९,७५१ | ३८१,३४५,४९० | ४८,३५९,९३०,८९३ |

## ४. पुँजीगत कार्य प्रगतिः

**लेखा नीतिहरूः**

निर्माणाधीन सम्पत्तिलाई तिनको लागत मूल्यबाट सञ्चित इम्पेयरमेन्ट नोक्सानी रकम घटाई प्रस्तुत गरिएको छ । यस्ता सम्पत्ति उद्देश्यअनुसार प्रयोगयोग्य भएपछि मात्र ह्रास कट्टी गर्न सुरु गरिएको छ।

नयाँ प्रणाली तथा उपकरणको प्राप्ति लागत र जडान खर्चलाई सञ्चालनमा आउनु अघिसम्म वा सिभिल सम्बन्धी कार्य समाप्त नभएको मितिसम्म पुँजीगत कार्य प्रगतिमा लेखाङ्कन गरिएको छ। पुँजीगत कार्य प्रगति मूल्यभित्र निर्माणसँग सम्बन्धित स्टोरमा रहेका जिन्सी मौज्दात, ओसारपसारमा रहेका जिन्सी सामग्री, कम्पनीको नाममा आयात गरी बिक्रेताको जिम्मामा वा गोदाममा रहेका उपकरणहरु वा ठेकेदार र आपूर्तिकर्तासँगको बाँकी मूल्य तथा प्राप्त गर्न बाँकी उपकरणका मूल्यहरू संलग्न छन्। उपकरणहरू कार्य सञ्चालनमा आएपछि तथा सिभिल सम्बन्धी कार्यको लागि सञ्चालनयोग्य भई हस्तान्तरण भएपछि पुँजीकरण गरिन्छ।

निर्माणाधीन सम्पत्तिको रकमबाट सम्भावित नोक्सानीको रकम घटाई प्रस्तुत गरिएको छ। अप्रचलित सामग्रीहरुको सम्भावित नोक्सानीको रकम त्यस्ता सामग्रीबाट खुद प्राप्त हुने मूल्यको आधारमा अनुमान गरिएको छ। जिन्सी मौज्दातहरूको मूल्यबाट सम्भावित नोक्सानीको रकम समायोजन गर्दा व्यवस्थापनबाट निर्धारित अन्तिम प्रयोग भएको अवधिको आधारमा अप्रचलित (५ वर्षभन्दा बढी), गैर-चल्ती (२-५ वर्ष), कम चल्ती (१-२ वर्ष) गरी वर्गीकरण गरेको आधारलाई लिइएको छ।

| जिन्सी मौज्दात | प्रयोग अवधि | सम्भावित नोक्सानी दर (प्रतिशत) |
|---|---:|---:|
| नियमित | १ वर्ष अवधिभित्र | - |
| कम चल्ती | १-२ वर्ष | २५ |
| गैर-चल्ती | २-५ वर्ष | ५० |
| अप्रचलित | ५ वर्षभन्दा बढी | १०० |

समीक्षा अवधिमा कम्पनीले पूँजीगत कार्य प्रगतिमा रहेका सम्पत्तिहरू (Capital Work in Progress – CWIP) मा क्षति (इम्पेयरमेन्ट) को कुनै संकेत छ कि छैन भन्ने कुरा पहिचान गर्न परियोजना अनुसार विस्तृत समीक्षा गरेको थियो। यस मूल्याङ्कनमा परियोजनाको प्रगति अवस्था, प्राविधिक सम्भाव्यता तथा व्यवस्थापनको अभिप्रायजस्ता कारकहरूलाई विचार गरिएको थियो। लामो समयदेखि विकास कार्य अवरुद्ध भई भविष्यमा सम्पन्न हुने वा आर्थिक लाभ प्राप्त हुने कुनै यथार्थपरक सम्भावना नदेखिएका परियोजनाहरूलाई क्षतिको संकेत भएको मानिएको छ।

यस मूल्याङ्कनको आधारमा तीन वटा परियोजनाहरू गैर-प्रगतिशील (non-progressive) रूपमा पहिचान गरिएका छन् । त्यसैले ति परियोजनाको मूल्यमा शतप्रतिशत इम्पेयरमेन्ट गरिएको छ । यस अवधिमा पूँजीगत कार्य प्रगतिमा रु. १,६६१,१७१ इम्पेयरमेन्ट नोक्सानी कायम गरिएको छ भने जडान गरिएका पूंजिगत मौज्दात सामाग्रीहरुमा गत आ.व. मा कायम गरिएको रु. ३०,३१३,२३२ बाराबरको इम्पेयरमेन्ट नोक्सानी लाई Reversal गरी नाफा वा नोक्सान विवरणमा आय तथा खर्च लेखाङ्कन गरिएको छ।

**व्याख्यात्मक टिप्पणी** रकम रु.

| पुँजीगत कार्य प्रगति | पुँजीगत कार्य | जडान गरिएका पुँजीगत मौज्दात सामग्री | जम्मा |
|---|---|---|---|
| **आषाढ मसान्त २०८१ को जम्मा मौज्दात** | **२७९,४७९,८९५** | **४,८८७,३८५,४७१** | **५,१६६,८६५,३६६** |
| विगत वर्ष समायोजन | - | - | - |
| खुद थपर (स्थानान्तरण) २०८१।८२ | २४२,३८५,२७९ | (८३०,७०९,७४७) | (५८८,३२४,४६८) |
| **पुँजीगत कार्य प्रगति आषाढ मसान्त २०८२ को जम्मा मौज्दात** | **५२१,८६५,१७४** | **४,०५६,६७५,७२४** | **४,५७८,५४०,८९८** |
| आषाढ मसान्त २०८१ को सञ्चित इम्पेयरमेन्ट | २४,६९८,२०२ | १,३५२,१३०,५६१ | १,३७६,८२८,७६३ |
| आ.व. २०८१।८२ को इम्पेयरमेन्ट | १,६६१,१७१ | (३०,३१३,२३२) | (२८,६५२,०६१) |
| **आषाढ मसान्त २०८२ को सञ्चित इम्पेयरमेन्ट** | **२६,३५९,३७३** | **१,३२१,८१७,३२९** | **१,३४८,१७६,७०२** |
| **३२ आषाढ २०८२ को खुद मौज्दात** | **४९५,५०५,८०१** | **२,७३४,८५८,३९५** | **३,२३०,३६४,१९६** |
| **३१ आषाढ २०८१ को खुद मौज्दात** | **२५४,७८१,६९३** | **३,५३५,२५४,९१०** | **३,७९०,०३६,६०३** |

## ५) एसोसियट्समा लगानी:

**लेखा नीतिहरू**

“एसोसियट्स” भन्नाले कम्पनीको सहायक कम्पनी वा संयुक्त लगानी नभएको तर उल्लेख्य प्रभाव रहने संस्था हो। उल्लेख्य प्रभाव भन्नाले वित्तीय र सञ्चालन नीतिसम्बन्धी निर्णय प्रक्रियामा भाग लिन सक्ने भएतापनि नीतिहरूमाथि नियन्त्रण वा संयुक्त नियन्त्रण नरहने अवस्थालाई बुझाउँदछ।

एसोसियट्स प्राप्ति गर्दा कम्पनीको अंशमा पर्ने एसोसियट्सको स्पष्ट पहिचान भएको सम्पत्ति, दायित्व वा सम्भावित दायित्वको खुद वास्तविक रकम भन्दा एसोसियट्स प्राप्ति लागत बढी भएको अवस्थामा बढी रकमलाई ख्यातिका रुपमा लेखाङ्कन गरिएको छ।

कुनै कम्पनीको खुद वास्तविक रकममा, सेयर तथा एसोसियट्सका स्पष्ट पहिचान भएका सम्पत्ति, दायित्व वा आकस्मिक दायित्व प्राप्त गर्दा हुने थप लागतलाई प्राप्त मितिमा ख्यातिको रुपमा लेखाङ्कन गरी लगानीको सुरु रकममा जोडिएको छ।

एसोसियट्ससँग सम्बन्धित त्यस्ता सम्पत्ति र दायित्वलाई इक्विटी बिधिबाट लेखाङ्कन गरी वित्तीय विवरणहरूमा समावेश गरिएको छ। इक्विटी बिधिमा कुनैपनि एसोसियट्समा भएको लगानीलाई वित्तीय स्थितिको विवरणमा प्राप्तिपछि एसोसियट्ससँगको खुद सम्पत्ति हिस्सामा भएको परिवर्तनहरूको समायोजन तथा कुनै इम्पेयरमेन्ट भए सो घटाई लागत मूल्यमा देखाइएको छ। भने करपछिको नाफा वा नोक्सानमा भएको कम्पनीको अंशलाई नाफा वा नोक्सान विवरणमा र अन्य विस्तृत आम्दानीमा भएको कम्पनीको अंश परिवर्तनलाई विस्तृत आम्दानी विवरणमा देखाइएको छ।

एसोसियट्सको नोक्सान कम्पनीले एसोसियट्सबाट प्राप्त गर्ने लाभ भन्दा बढी छ भने कम्पनीको एसोसियट्ससँगका कानूनी तथा अन्य सिर्जित दायित्वसम्मको रकम वा एसोसियट्सको तर्फबाट भुक्तानी गरेसम्मको रकमलाई लेखाङ्कन गरिएको छ।

व्याख्यात्मक टिप्पणी

रकम रु.

| एसोसियट्समा लगानी | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| **त्रिशुली ३ बी मा लगानी** | | |
| लागत | ७४१,०००,००० | ७४१,०००,००० |
| इक्विटीमा समायोजन | (१२२,४४२,०१०) | (११०,३७१,४४६) |
| **माथिल्लो तामाकोशी जलविद्युत** | | |
| लागत | १,२७०,८००,००० | १,२७०,८००,००० |
| इक्विटीमा समायोजन | (७४७,२२२,१८५) | (५९२,८६९,८६८) |
| **नागरिक स्टक डिलर कम्पनी लिमिटेड** | | |
| लागत | ४५१,५४१,२५० | ४५१,५४१,२५० |
| इक्विटीमा समायोजन | १८,७५८,५२५ | (३१,३६७,३७३) |
| **जम्मा** | **१,६१२,४३५,५८०** | **१,७२८,७३२,५६३** |
| **एसोसियट्सको सेयरबाट आम्दानी/(खर्च)** | (११६,२९६,९८३) | (१२३,२८९,४६३) |
| एसोसियट्सबाट आम्दानी/(खर्च) PL मा सारिएको | (११९,५८४,९०४) | (१२३,०७६,४६४) |
| एसोसियट्सबाट आम्दानी/(खर्च) OCI मा सारिएको | ३,२८७,९२१ | (२१२,९९९) |

कम्पनीले त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको सेयर लगानीलाई मिति २०७६ श्रावण ७ गते त्रिशुली ३ बी जलविद्युत आयोजनाको मुख्य ऋणदाता रहेको नबिल बैंक लिमिटेडसँग संयुक्त (Consortium) परियोजना ऋण लगानीको लागि धितो (Pledge) राखेको छ।

**त्रिशूली ३ बी जलविद्युत आयोजनाको पृष्ठभूमि**

माथिल्लो त्रिशूली ३ बी जलविद्युत आयोजना रसुवा र नुवाकोट जिल्लामा अबस्थित रन-अफ-रिभर जलविद्युत परियोजना हो । माथिल्लो त्रिशूली ३ ए जलविद्युत आयोजना (६० मेगावाट) को Cascade आयोजनाको रुपमा रहेको यस आयोजना (३७ मेगावाट) को प्रमुख सकल परियोजना ९० मेगावाट, सूरुङ्ग मार्ग ३८८३ मि. र सरदर अनुमानित वार्षिक उत्पादन क्षमता २९२.५९ GWh रहेको छ।

यस आयोजनाबाट उत्पादित जलविद्युतलाई ३ कि.मि. लामो १३२ के.भि. प्रशारण लाइन मार्फत निर्माणाधीन त्रिशूली ३ बी हबको सब स्टेशनमा लगिएको छ।

आयोजनाको वित्तीय संरचना ३० प्रतिशत इक्विटी र ७० प्रतिशत ऋण लगानी रहेको छ।

**माथिल्लो तामाकोशी जलविद्युत आयोजना:**

माथिल्लो तामाकोशी जलविद्युत कम्पनी लिमिटेडले ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भई सञ्चालनमा रहेको छ।

माथिल्लो तामाकोशी जलविद्युत आयोजना नेपालमा सञ्चालनमा रहेका आयोजनाहरु मध्ये सबैभन्दा ठूलो आयोजना हो। आयोजनाको मुख्य पावर प्लाण्ट तिब्बतको सिमाना देखि ६ कि.मि. दक्षिण तथा दोलखा जिल्ला सदरमुकाम चरिकोट देखि ३२ कि.मि. उत्तरपूर्वमा अबस्थित लामाबगरमा रहेको छ।

४५६ मेगावाट क्षमताको यो आयोजना रन-अफ-रिभर जलविद्युत परियोजना हो जसको Gross head of Project, ८२२ मि., वहाव ६६ क्युविक मिटर प्रति सेकेण्ड तथा वार्षिक औषत शक्ति उत्पादन २२८१ GWh रहेको छ।

**नागरिक स्टक डिलर कम्पनी लिमिटेड:**

कम्पनीले नेपाल धितोपत्र बोर्डबाट निर्धारित नियम तथा निर्देशिका अनुसार पुँजीबजारमा धितोपत्र कारोवार गर्ने उद्देश्यले स्थापना गरिएको नागरिक स्टक डिलर कम्पनी लिमिटेडको १२.८५ प्रतिशत संस्थापक सेयरमा लगानी गरेको छ। उक्त लगानी हाल १२.८५ प्रतिशत रहेतापनि पछि ९ प्रतिशत हुन जानेछ।

## ६) सहायक कम्पनीमा लगानी:

**लेखा नीति:**

**एकीकरणको आधार:**

एकीकृत वित्तीय विवरणहरूमा मुख्य कम्पनी र यसका सहायक कम्पनीको आषाढ ३१, २०८१ सम्मको वित्तीय विवरणहरू समावेश छन् । सहायक कम्पनी भन्नाले कम्पनीको नियन्त्रणमा रहेका सबै संस्थाहरू हुन् । नियन्त्रण तब प्राप्त हुन्छ, जब कम्पनीको त्यस्ता कम्पनीहरूमाथि प्रभुत्व रहन्छ वा लगानीकर्तासँगको संलग्नताबाट प्राप्त बहुप्रतिफलहरूमा अधिकार हुन्छ र लगानीकर्तामाथि आफ्नो शक्ति मार्फत प्रतिफलहरूमा प्रभाव पार्ने क्षमता राख्दछ। विशेष रूपमा, समूहले लगानीकर्तालाई निम्न अवस्थाहरुमा नियन्त्रण गर्दछ

यदि समूहसँग:

- लगानीकर्तामाथिको प्रभुत्व रहन्छ (अर्थात् विद्यमान अधिकार जसले वर्तमान कम्पनीले लगानीकर्तासँग सम्बन्धित गतिविधिहरू निर्देशित गर्ने क्षमता राख्दछ )
- लगानीकर्तासँगको संलग्नताबाट प्रतिफलहरूमा अधिकार रहन्छ, र
- आफ्नो प्रतिफललाई प्रभाव पार्न लगानीकर्तामाथि आफ्नो शक्ति प्रयोग गर्ने क्षमता राख्दछ । यदि तथ्य र परिस्थितिहरूले माथि सूचीबद्ध नियन्त्रणहरू मध्ये एक वा एक भन्दा बढी परिवर्तनहरू छन् भनी संकेत गरेमा समूहले लगानीकर्तालाई नियन्त्रण गर्छ वा गर्दैन भनेर पुनर्मूल्याङ्कन गर्छ । समूहले सबै सान्दर्भिक तथ्यहरू र परिस्थितिहरूलाई मूल्याङ्कन गर्न यसको लगानीकर्तामाथि प्रभुत्व छ कि छैन भनि निम्न तथ्यहरुमाथि विचार गर्दछः
  - समूहको मतदान अधिकारको आकार;
  - समूहको सम्भावित मतदान अधिकार;
  - अन्य सम्झौताको व्यवस्थाबाट उत्पन्न हुने अधिकारहरू

समूहको सहायक कम्पनी माथि नियन्त्रण रहँदासम्म मात्र एकीकृत वित्तीय विवरण तयार गरिन्छ।

एकीकृत वित्तीय विवरणहरू समान परिस्थितिहरूमा भएका कारोवार र अन्य घटनाहरूको लागि एकै प्रकारको लेखा नीतिहरू प्रयोग गरी तयार गरिन्छ । यदि समूहको सदस्यले समान परिस्थितिमा भएका कारोवार र अन्य घटनाहरूको लागि एकीकृत वित्तीय विवरणहरूमा अपनाइएका लेखा नीति भन्दा फरक अन्य लेखा नीतिहरू प्रयोग गर्दछ भने समूहको लेखा नीति अनुरूप भएको सुनिश्चित गर्न एकीकृत वित्तीय विवरणहरू तयार गर्दा समूह सदस्यको वित्तीय विवरणहरूमा उपयुक्त समायोजन गरिन्छ। एकीकरणको लागि प्रयोग गरिएका सबै सहायक कम्पनीको वित्तीय विवरणहरू मुख्य कम्पनीको प्रतिवेदन मिति (आषाढ ३२) अनुरुप तयार गरिएको छ । मुख्य कम्पनीको प्रतिवेदन तयार गरिएको मिति सहायक कम्पनीको भन्दा फरक भएमा सहायक कम्पनीले सम्भव भएसम्म एकीकरण प्रयोजनको लागि मुख्य कम्पनीको वित्तीय विवरणहरूको मिति अनुसार समायोजनका लागि थप वित्तीय जानकारी तयार गर्दछ।

**एकीकरण प्रक्रिया:**

(क) मुख्य कम्पनीको सम्पत्ति, दायित्व, पुँजी, आम्दानी, खर्च र नगद प्रवाहको विवरणहरु सहायक कम्पनीका सम्बन्धित विवरणहरूसँग मिलाइएको छ। यसका लागि सहायक कम्पनीको आय र व्ययहरू प्राप्ति मितिमा एकीकृत वित्तीय विवरणहरूमा पहिचान गरिएका सम्पत्ति र दायित्वमा आधारित हुन्छन्।

(ख) मुख्य कम्पनीको सहायक कम्पनीमा भएको लगानीको अंश रकम र पुँजीको अंशलाई समायोजन गरिएको।

(ग) समूहका निकायहरू बीचको लेनदेन सम्बन्धी सम्पूर्ण अन्तर-समूह सम्पत्ति र दायित्व, पुँजी, आम्दानी, खर्च र नगद प्रवाहहरू हटाइएको छ।

(घ) गैर-नियन्त्रण स्वार्थ (Non-Controlling Interest):

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, मुख्य कम्पनीको स्वामित्वमा नहुने गैर-नियन्त्रण स्वार्थले कूल बिस्तृत आम्दानी (Total Comprehensive Income) र सहायक कम्पनीहरूको खुद सम्पत्तिको अंशलाई प्रतिनिधित्व गर्दछ।

समूहको नाफा वा घाटा र अन्य बिस्तृत आय (OCI) लाई मुख्य कम्पनीका सेयरधनी र गैर-नियन्त्रण गर्ने सेयरधनीमा विभाजन गर्दा गैर-नियन्त्रण गर्ने सेयरधनीको शेष रकम ऋणात्मक भएको अवस्थामा पनि विभाजन गरी प्रस्तुतिकरण गरिन्छ। मुख्य कम्पनीको लेखा नीतिसँग मेल खाने गरी सहायक कम्पनीको वित्तीय विवरणमा आवश्यक समायोजन गरिन्छ । एकीकृत विवरण तयार गर्दा सबै अन्तर समूह (Intra-Group) सँग सम्बन्धित सम्पत्ति, दायित्व, स्वामित्व, आय, खर्च र नगद प्रवाह सम्बन्धी कारोवारलाई पूर्ण रूपमा हटाइन्छ।

**गैर-नियन्त्रण स्वार्थ (Non-Controlling Interest):**

प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा, मुख्य कम्पनीको स्वामित्वमा नहुने गैर-नियन्त्रण स्वार्थले कूल विस्तृत आम्दानी (Total Comprehensive Income) र सहायक कम्पनीहरूको खुद सम्पत्तिको अंशलाई प्रतिनिधित्व गर्दछ।

**व्याख्यात्मक टिप्पणी**

**सहायक कम्पनीहरु:**

कम्पनीले "नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड" (NDPC) नामक सहायक कम्पनी सञ्चालनमा ल्याएको छ। राष्ट्रिय बाणिज्य बैंक

लिमिटेडसँगको सहकार्यमा सर्वसाधारणको लागि मोबाइल फाइनान्स सेवा उपलब्ध गराउनको लागि यो सहायक कम्पनी सञ्चालनमा ल्याएको हो । नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेडको जारी र चुक्ता पुँजी ४० करोड रहेको छ। सहायक कम्पनीको सेयर संरचनालाई संस्थापक समूहको लागि ९० प्रतिशत र सर्वसाधारणको लागि १० प्रतिशत हुने गरी निर्धारण गरिएको छ। सहायक कम्पनीको सञ्चालक समितिमा बहुमत सदस्यहरुको प्रतिनिधित्व सहित हाल कम्पनीको सेयर अंश ६२.२२ प्रतिशत रहेको छ।

समुहको वित्तीय विवरणलाई एकीकृत वित्तीय विवरणको रुपमा छुट्टै प्रस्तुत गरिएको छ।

**सहायक कम्पनीमा लगानी**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| नेपाल डिजिटल पेमेन्टस् कम्पनीमा लगानी | २४८,८८८,९०० | २४८,८८८,९०० |
| **जम्मा** | **२४८,८८८,९००** | **२४८,८८८,९००** |

## ७. जिन्सी मौज्दातः

**लेखा नीतिहरू**

जिन्सी मौज्दातलाई खुद असुलयोग्य रकम वा लागत मध्ये जुन कम हुन आउँछ सोही मूल्यमा लेखाङ्कन गर्ने गरिएको छ। जिन्सी मौज्दातको मूल्यमा खरिद लागत, परिवर्तन गर्दा लाग्ने लागत र सामग्रीलाई वर्तमान स्थान र अवस्थामा ल्याउँदा लाग्ने लागत समावेश गरिएको छ । लागतलाई पहिलो प्राप्ति पहिलो निष्काशन (FIFO) को आधारमा लेखाङ्कन गरिएको छ। सामान्य व्यापारिक हिसाबले अनुमानित बिक्रि मूल्यबाट अनुमानित कार्य सम्पन्न लागत र अनुमानित आवश्यक खर्च घटाई खुद असुलयोग्य रकम गणना गरिएको छ।

जिन्सी मौज्दातहरूलाई अप्रचलित सामग्रीको मूल्यबाट सम्भाबित नोक्सानी घटाई लेखाङ्कन गरिएको छ। बिक्रीयोग्य सामग्रीको मूल्याङ्कन लागत मूल्य वा प्राप्तियोग्य मूल्य मध्ये जुन मूल्य न्यून हुन्छ सोको आधारमा गरिएको छ । अन्य वस्तुहरूको लागत सेवा प्रदान गर्दा असुली हुनेछ भन्ने व्यवस्थापनको अनुमान छ। जिन्सी मौज्दातको मूल्य समायोजन गर्दा अन्तिम प्रयोग भएको अवधिको आधारमा अप्रचलित (५ वर्षभन्दा बढी), गैर-चल्ती (२-५ वर्ष), कम चल्ती (१-२ वर्ष) गरी वर्गीकरण गरिएको छ।

| जिन्सी मौज्दात | प्रयोग अवधि | सम्भावित नोक्सानी दर (प्रतिशत) |
|---|---|---|
| नियमित | १ वर्ष भित्र | - |
| कम चल्ती | १-२ वर्ष | २५ |
| गैर-चल्ती | २-५ वर्ष | ५० |
| अप्रचलित | ५ वर्षभन्दा बढी | १०० |

**व्याख्यात्मक टिप्पणी**

जिन्सी मौज्दातमा मुख्य रुपमा क्यास कार्ड, टेलिफोन सेट (मोबाइल र अन्य), ग्राहकको परिसरमा जडित उपकरण जस्तै सी.पीं.ई., फाइवर केबुल, ड्रप वायर, अन्य सहायक सामग्री र पुँजीकरण गर्न नमिल्ने पाटपूर्जा समावेश गरिएका छन् ।

**जिन्सी मौज्दात**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| कूल मौज्दात | | |
| टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा | १५९,४१६,७५५ | १९४,५२२,२९७ |
| क्यास कार्ड | १०९,५०५,३०० | २५१,८७४,४९३ |
| स्पेयर्स् र अन्य | २६३,३१३,७७० | ३२३,४६०,५९९ |
| | **५३२,२३५,८२५** | **७६९,८५७,३८९** |
| सम्भावित नोक्सानी | | |
| टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा | ६४,६३०,२०२ | ५६,८३३,४१६ |
| क्यास कार्ड | २,५२५,५६८ | २,५६७,३७१ |
| स्पेयर्स् र अन्य | १८२,७४५,६०५ | १८९,३८४,४२० |
| | **२४९,९०१,३७५** | **२४८,७८५,२०७** |
| खुद जिन्सी मौज्दात | | |
| टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा | ९४,७८६,५५३ | १३७,६८८,८८१ |
| क्यास कार्ड | १०६,९७९,७३२ | २४९,३०७,१२२ |
| स्पेयर्स् र अन्य | ८०,५६८,१६५ | १३४,०७६,१७९ |
| **जम्मा** | **२८२,३३४,४५०** | **५२१,०७२,१८१** |

## ८. पट्टा – (Lease)

**लेखा नीतिहरू**

**पट्टाको पहिचान**

कम्पनीले सम्झौताको सुरुवातमा सम्झौता वा पट्टा, हो वा होइन भनेर निर्धारण गर्दछ । यदि कम्पनीले सम्झौताबाट पहिचान गरिएको सम्पत्तिको सो अवधिको प्रयोगलाई नियन्त्रण गर्ने अधिकार प्रदान गर्दछ भने त्यो पट्टा हुन्छ। सोको मूल्याङ्कन गर्दा कम्पनीले निम्न कुरामा विचार गर्दछ।

क) सम्झौताले स्पष्ट वा निहित रूपमा पहिचान गरिएको सम्पत्तिको प्रयोग समावेश गर्दछ । सम्पत्ति भौतिक रूपमा फरक हुनुपर्दछ वा भौतिक रूपमा फरक सम्पत्तिको सबै क्षमताहरू प्रतिनिधित्व भएको हुनुपर्दछ । आपूर्तीकर्तासँग प्रतिस्थापन गर्ने वास्तविक अधिकार भएका सम्पत्तिहरूलाई फरक मानिने छैन ।

ख) पट्टा लिनेलाई प्रयोगको अवधिभर सम्पत्तिको प्रयोगबाट पर्याप्त रूपमा सबै आर्थिक लाभहरू प्राप्त गर्ने अधिकार छ ।

ग) पट्टादारसँग सम्पत्तिको प्रयोग निर्देशित/निर्णय गर्ने र सम्पत्ति कसरी र कुन उद्देश्यका लागि प्रयोग गर्ने वा परिवर्तन सम्बन्धमा निर्णय गर्ने अधिकार रहन्छ ।

कम्पनीले पट्टाको सुरुवातमा नै पट्टाको दायित्व र सम्पत्ति प्रयोगको अधिकारलाई पहिचान गर्दछ । पट्टा दायित्व प्रारम्भिक रूपमा पट्टा अवधिमा बाँकी रहेको पट्टा भुक्तानीको वर्तमान मूल्यमा मापन गरिन्छ, जसमा वृद्धिशील उधारो दर प्रयोग गरेर डिस्काउन्टिङ्ग गरिन्छ ।

**पट्टा अवधि**

पट्टा अवधि भनेको अवधि थप गर्न मिल्ने विकल्पको प्रभावको लागि समायोजन गरिएको पट्टाको रद्द गर्न नमिल्ने अवधि हो जुन यथोचित रूपमा प्रयोग गर्ने निश्चित छ वा पट्टाको समाप्ति गर्ने विकल्प प्रयोग हुदैन भन्ने विषयमा कम्पनी विश्वस्त छ ।

**वृद्धिशील उधारो दर**

कम्पनीले समान मूल्य र समान सुरक्षाको साथै सम्पत्ति प्राप्त गर्न उस्तै अवधिको ऋणको लागि तिर्नुपर्ने दर वृद्धिशील उधारो दर हो ।

**पट्टा भुक्तानी**

पट्टा भुक्तानीमा मासिक भुक्तानी वा ६ महिनाको अवधिको लागि अग्रिम रूपमा वा सोही अवधिको लागि पछि भुक्तानी गरिने रकम समावेश गरेको छ ।

प्रभावकारी ब्याज विधिको प्रयोग गरेर परिशोधित लागतमा पट्टा दायित्व मापन गरिन्छ । भविष्यमा पट्टा भुक्तानीमा परिवर्तन हुने भएमा वा कम्पनीले कुनै अवशेष मूल्य जमानत अन्तर्गत भुक्तान हुने अपेक्षा गरेको रकम छ भने तिनीहरूलाई पुनः मापन गरिन्छ ।

कम्पनीले पट्टा अवधि परिवर्तन भएको ठाउँमा पट्टा दायित्व पुनः मापन गर्दछ। पट्टा रद्द गर्न नसकिने अवधि परिवर्तन हुँदा वा कुनै घटनाको कारण पट्टादारको नियन्त्रण परिस्थितिमा परिवर्तन भएमा र व्यवस्थापनबाट भएको प्रारम्भिक विश्लेषणमा पट्टा अवधि थपका विकल्प प्रयोग हुने निश्चित वा समाप्तिका विकल्पहरू प्रयोग नहुने विषयमा विश्लेषण परिवर्तन भएमा यस्तो अवस्था सृजना हुन आउँछ। पट्टा अवधि परिवर्तन भएको अवस्थामा कम्पनीले पुनर्मूल्याङ्कनको मितिमा वृद्धिशील उधारो दर प्रयोग गरेर पट्टा दायित्व पुनः मापन गर्दछ। कुनै घटना वा परिस्थिति र पट्टा अवधि अपरिवर्तित भएको अवस्थामा पट्टा दायित्व र सम्बन्धित सम्पत्ति प्रयोगको अधिकार रकम समयसँगै घट्दै जानेछ।

सम्पत्ति प्रयोगको अधिकारको सुरुको रकमबाट कुनै पनि अग्रीम पट्टा भुक्तानी, प्रारम्भिक प्रत्यक्ष लागत र विघटन लागतको अनुमानित व्यवस्था  गरिएको रकम समायोजन गरी कुनै पट्टा प्रोत्साहन रकम प्राप्त भएमा सो घटाई प्रारम्भिक मापन गरिन्छ र सो रकम पट्टा दायित्वको र कम बराबर हुन्छ। सीधा-रेखा विधि प्रयोग गरी सम्पत्तिको प्रयोगयोग्य अवधि वा पट्टा अवधि मध्ये पहिले अन्त्य हुने मितिसम्म तिनीहरूको ह्रासकट्टी गरिन्छ्।

कम्पनीले १२ महिना वा सो भन्दा कमको पट्टा अवधि भएको छोटो अवधिको पट्टा, कम मूल्यका अन्तर्निहित सम्पत्तिको पट्टा दायित्व र सम्पत्ति प्रयोगको अधिकारको लेखाङ्कन गर्ने गरेको छैन । रु.६ लाख भन्दा कम मूल्य भएको पट्टा सम्पत्तिलाई कम मूल्यको पट्टा मानिएको छ। कम्पनीले यस्ता पट्टाहरूको भुक्तानीलाई पट्टा अवधिमा सीधा रेखा विधिको आधारमा वा व्यवस्थापनद्वारा उपयुक्त ठानेको अनुमानहरूको आधारमा खर्च लेखाङ्कन गर्दछ।

**व्याख्यात्मक टिप्पणीहरु**

**वृद्धिशील उधारो दर**

कम्पनीले पट्टाका सन्दर्भमा देश तथा कम्पनीको विशिष्ट जोखिम प्रिमियमको समायोजन समेतलाई विचार गरी ८ प्रतिशतको वृद्धिशील उधारो दर निर्धारण गरेको छ।

लीज दायित्वको परिपक्वता म्याट्रिक्स नोट १०.५ मा खुलासा गरिएको छ।

रकम रु.

| सम्पतिको प्रयोगको अधिकार | जग्गा तथा भवन | दूरसञ्चार पूर्वाधार | अन्य | जम्मा |
|---|---|---|---|---|
| **३१ आषाढ, २०८१ को जम्मा मौज्दात (परिमार्जित)** | **३,२५१,५४१,२२७** | **-** | **-** | **३,२५१,५४१,२२७** |
| यस वर्षको थप | १५९,०६४,७६७ | - | - | १५९,०६४,७६७ |
| आ.व. २०८१/८२ को समायोजन | (२३,९१५,६६९) | - | - | (२३,९१५,६६९) |
| सम्पत्तिको प्रयोगको अधिकारको निर्सग | (८२,२९५,८१४) | - | - | (८२,२९५,८१४) |
| **३२ आषाढ, २०८२ को जम्मा मौज्दात** | **३,३०४,३९४,५११** | **-** | **-** | **३,३०४,३९४,५११** |
| **सञ्चित परिशोधन** | **१,१०६,७५९,२५३** | **-** | **-** | **१,१०६,७५९,२५३** |
| यस वर्षको परिशोधन | ३६७,९२८,०५० | - | - | ३६७,९२८,०५० |
| परिशोधनको समायोजन(सिस्टमबाट) | (५,८६६,८७२) | - | - | (५,८६६,८७२) |
| विगत वर्ष समायोजन | (८२,२९५,८१४) | - | - | (८२,२९५,८१४) |
| **३२ आषाढ, २०८२ को परिशोधन, जम्मा मौज्दात** | **१,३८६,५२४,६१७** | | | **१,३८६,५२४,६१७** |
| **३२ आषाढ, २०८२ को जम्मा मौज्दात** | **१,९१७,८६९,८९४** | **-** | **-** | **१,९१७,८६९,८९४** |

## ९. अग्रिम भुक्तानी र अन्य गैरवित्तीय सम्पत्ति तथा दायित्व

### ९.१ अग्रिम भुक्तानी र अन्य गैरवित्तीय सम्पत्ति

**लेखा नीतिहरू**

भुक्तानी गरिएका र भविष्यसँग सम्बन्धित भुक्तानीलाई अग्रिम भुक्तानी शिर्षकमा देखाइएको छ, जसलाई वित्तीय विवरणहरूमा सम्बन्धित अवधिको नाफा वा नोक्सानको विवरणमा आर्थिक भार पारिएको छ। अन्य गैर वित्तीय सम्पत्तिहरुमा स्पेयर पार्ट्स र आपूर्तिकर्ता, कर्मचारी तथा अन्य कार्यको लागि गरिएका अग्रिम भुक्तानीहरु पर्दछन् । जुन कम्पनीले आफ्नो व्यवसाय सञ्चालनार्थ भविष्यमा प्राप्त गर्ने बस्तु तथा सेवाहरुको लागि भुक्तानी गर्दछ। अग्रिम खर्च र अन्य गैर-वित्तीय सम्पत्तिहरूलाई कम्पनीले ऋण लिने क्षमताको मूल्याङ्कन र १२ महिना भन्दा बढी अवधिको हिसाबको आधारमा खराब र शंकास्पद रकम घटाई लेखाङ्कन गरेको छ।

समीक्षा अवधिमा कम्पनीले अग्रिम खर्च अन्तर्गत सम्भाव्य नोक्सानी वापत थप रु. ३,७३९,९४३ व्यवस्था गरेको छ भने अन्य गैर वित्तीय सम्पत्तिहरु अन्तर्गत गत आ.व.मा सम्भाव्य नोक्सानी वापत व्यवस्था गरिएको रकम रु. २७,१३२,२५५ लाई च्भखखभचकर्बा गरेको छ।

**व्याख्यात्मक टिप्पणी**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| अग्रिम खर्च | ३६८,०६७,६६४ | १३२,१४०,३७१ |
| घटाउनेः सम्भाब्य नोक्सानीको व्यवस्था | (५,०९५,९३७) | (१,३५५,९९४) |
| अन्य गैरवित्तीय सम्पत्तिहरू | ६३९,०७२,८९८ | ७२८,७३३,८४७ |
| घटाउनेःसम्भाब्य नोक्सानीको व्यवस्था | (११,७०५,६२१) | (३८,८३७,८७६) |
| स्थगन कर्मचारी खर्च | १,७७०,४३४,४३३ | १,५६४,७१७,८२८ |
| **जम्मा** | **२,७६०,७७३,४३७** | **२,३८५,३९८,१७६** |

### ९.२ दीर्घकालीन ऋण र अग्रिम भुक्तानीहरु

**लेखा नीति**

यस अन्तर्गत उपकरण/प्रणाली वा अन्य कार्यका लागि आपूर्तिकर्तालाई प्रदान गरिएको दीर्घकालीन अग्रिम भुक्तानी समावेश गरिएको हुन्छ, जसलाई कार्य सञ्चालनको सामान्य प्रक्रिया अन्तर्गत १ वर्षभन्दा बढी अवधिमा फरफारक हुने अपेक्षा गरिएको छ। यस्ता भुक्तानीलाई सुरुमा लागतमा र पछि नाफा वा नोक्सान मार्फत उचित मूल्यमा पहिचान गरिएको छ।

समीक्षा अवधिमा कम्पनीले दिर्घकालिन ऋण र अग्रिम भुक्तानीहरु अन्तर्गत सम्भाव्य नोक्सानी वापत थप रु. ८६,८२६,०६९ व्यवस्था गरेको छ।

**व्याख्यात्मक टिप्पणी**

**दीर्घकालीन ऋण र अग्रिम भुक्तानीहरु** रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
|---|---|---|
| **सुरु मौज्दात** | ९४६,१४३,६४६ | १,०७८,६९३,९९५ |
| २०८१।८२ मा खुद थप तथा स्थानान्तरण | २१२,८१२,८०२ | (१३२,५५०,३४९) |
| अन्तिम मौज्दात | १,१५८,९५६,४४८ | ९४६,१४३,६४६ |
| सुरु सञ्चित इम्पेयरमेन्ट | ९३,३८४,६८४ | ९३,३८४,६८४ |
| आ.व. २०८१।८२ को इम्पेयरमेन्ट | ८६,८२६,०६९ | - |
| **अन्तिम इम्पेयरमेन्ट जम्मा** | **१८०,२१०,७५३** | **९३,३८४,६८४** |
| **जम्मा मौज्दात ३२, अषाढ २०८२** | **९७८,७४५,६९५** | **८५२,७५८,९६२** |

## ९.३ गैरवित्तीय दायित्व

**लेखा नीतिहरू**

गैरवित्तीय दायित्वमा कम्पनीले आफ्नो व्यवसाय सञ्चालनको लागि वैधानिक शर्त बमोजिम भुक्तानी गर्नुपर्ने वैधानिक दायित्व पर्दछन्, जस अन्तर्गत कम्पनीले आफ्ना ग्राहकहरुलाई प्रदान गर्न प्रतिज्ञा गरेका सेवाहरु बापत अग्रिम प्राप्त रकम वा दायित्व, कानूनी प्रावधान तथा कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धित विनियमावली अनुसार कर्मचारीहरुलाई भुक्तानी दिनुपर्ने बोनस तथा टेलिकम भत्ताका प्रावधानहरु समावेश हुन्छन् ।

**व्याख्यात्मक टिप्पणी**

**अन्य गैरवित्तीय दायित्व** रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| भुक्तानी बाँकी मू.अ.कर | १८५,३७९,२०५ | २२६,३६६,१९३ |
| भुक्तानी बाँकी आय.कर | १५,५८५,७६४ | २४,३७४,४६२ |
| तिर्न बाँकी अन्य शुल्क | ३५३,७३६,३५८ | २७७,८५५,३४६ |
| रोयल्टी तथा ग्रामिण दूरसञ्चार विकास कोषमा योगदान | २,०१२,७८२,००० | १,९०५,७८९,१५० |
| ग्राहकबाट अग्रिम प्राप्त रकम | १,६९३,७६९,४६४ | १,१८४,७७६,०४९ |
| सिम सक्रियता स्थगन गरे वापतको आम्दानी | १५१,२९८,७३३ | १४५,४६३,८३६ |
| अनार्जित नगद कार्ड बिक्रि | १,०२०,२९०,५०४ | ९७४,७४२,१७७ |
| भुक्तानी बाँकी टेलिकम भत्ता | ८६८,५७८,६६४ | ९१५,००५,७६० |
| भुक्तानी बाँकी कर्मचारी बोनस | १,७३३,८३८,९८९ | १,२१५,४०६,९४२ |
| **जम्मा** | **८,०३५,२५९,६८१** | **६,८६९,७७९,९१५** |

## १०. वित्तीय उपकरणहरू

**लेखा नीतिहरू**

कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान ९ “वित्तीय उपकरणहरू” लागू गरेको छ। यसबाट वित्तीय विवरणहरुको प्रयोगकर्तालाई भविष्यमा हुने नगद प्रवाहको रकम, समय तथा अनिश्चितता सम्बन्धमा थप भरपर्दो तथा सान्दर्भिक जानकारीमा पहुँच उपलब्ध हुन्छ।

### १०.१ वित्तीय सम्पत्ति

**क. वर्गीकरण**

कम्पनीले आफ्नो वित्तीय सम्पत्तिहरूलाई निम्नानुसार वर्गीकरण गरेको छ।

- पछि वास्तविक मूल्यमा (Fair Value) मापन गरिने ।
  १. अन्य विस्तृत आम्दानी विवरण मार्फत, वा
  २. नाफा वा नोक्सान विवरण मार्फत
- परिशोधित लागतमा मापन गरिने ।

उपरोक्त वर्गीकरणहरु वित्तीय सम्पत्ति र सोको सम्झौता अनुसार नगद प्रवाह व्यवस्थापनको लागि कम्पनीको व्यावसायिक योजनामा निर्भर रहन्छ।

वास्तविक मूल्यमा मापन गरिएको सम्पत्तिको लाभ तथा हानीलाई नाफा वा नोक्सान विवरण वा अन्य विस्तृत आम्दानी मार्फत लेखाङ्कन गरिएको छ। ऋण उपकरणहरूमा गरिएको लगानी, संस्थाले लगानी सम्बन्धी अवलम्बन गरेको व्यावसायिक योजनामा निर्भर हुन्छ। सेयर उपकरणमा गरिएको लगानीको वास्तविक मूल्यलाई सुरू लेखाङ्कन गर्ने समयमा अपरिवर्तनीय विकल्प छनोट गरेको अवस्थामा अन्य विस्तृत आम्दानी विवरण मार्फत लेखाङ्कन गरिएको छ। कम्पनीले आफ्नो सम्पत्ति व्यवस्थापनको व्यावसायिक योजना परिवर्तन भएको खण्डमा ऋण उपकरणहरूको पुन:वर्गीकरण गर्ने गरेको छ ।

**ख. मापन**

कम्पनीले सुरूमा वित्तीय सम्पत्तिको वास्तविक मूल्य मापन गर्दा नाफा वा नोक्सान विवरणमार्फत वास्तविक मूल्यमा मापन नहुने वित्तीय सम्पत्तिहरूलाई वास्तविक मूल्यमा सम्पत्ति ग्रहण गर्दाको प्रत्यक्ष कारोबार लागत समावेश गरेको छ। नाफा वा नोक्सानको विवरण मार्फत मापन गर्न सकिने वित्तीय सम्पत्तिको कारोबारको लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ।

**लगानी तथा अन्य वित्तीय सम्पत्ति :**

**ऋण उपकरणः**

ऋण उपकरणको पछिल्लो मापन, कम्पनीको सम्पत्ति तथा सम्पत्तिको नगद प्रवाहलाई व्यवस्थापन गर्ने व्यावसायिक योजनामा निर्भर गर्दछ। कम्पनीले मुख्यतयाः तीन मापन वर्गमा आफ्नो ऋण उपकरणलाई वर्गीकरण गर्दछ।

अ) **परिशोधित लागतः**

सम्झौता बमोजिमको नगद प्रवाह संकलनको लागि राखिएको सम्पत्तिहरुबाट केवल सावाँ तथा ब्याजको मात्र भुक्तानी हुने नगद प्रवाहलाई परिशोधित लागतमा मापन गरिएको छ। पछि परिशोधित लागतमा मापन गरिएको र Hedging सम्बन्धको हिस्सा नभएका ऋण उपकरण सम्पत्तिहरु अपलेखन गर्दा वा हानी भएको अवस्थामा हुन जाने लाभ तथा नोक्सानलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावी ब्याज दर विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिएको छ।

आ) **अन्य विस्तृत आम्दानी विवरण मार्फत बजार मूल्य (FVtOCI):**

सम्झौता बमोजिमको नगद प्रवाह संकलन तथा वित्तीय सम्पत्ति बिक्रीको लागि राखिएको सम्पत्तिहरुबाट केवल सावाँ तथा ब्याजको मात्र भुक्तानी हुने नगद प्रवाहलाई अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यमा मापन गरिएको छ। नाफा वा नोक्सानी विवरणमा लेखाङ्कन गरिएको इम्पेयरमेन्टको लाभ वा हानी, ब्याज आम्दानी र विदेशी मुद्राको दर परिवर्तनको कारण भएको नाफा नोक्सान बाहेकको कारणले बाँकी सम्पत्तिको मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानी विवरणमा देखाइएको छ। कुनै वित्तीय सम्पत्ति अपलेखन गर्दा उक्त सम्पत्तिको अघिल्लो अन्य विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरिएको सञ्चित नाफा वा नोक्सानलाई पुँजीबाट नाफा वा नोक्सानमा पुनः वर्गीकरण गरी अन्य नाफा वा नोक्सानको रूपमा लेखाङ्कन गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावी ब्याज दर विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिएको छ।

इ) **नाफा वा नोक्सानको विवरण मार्फत बजार मूल्य (FVtPL):**

परिशोधित लागत वा अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यको मापदण्ड पूरा नगरेका सम्पत्तिको वास्तविक मूल्यलाई नाफा वा नोक्सानको विवरणमा मापन गरिनेछ। नाफा वा नोक्सानको विवरण मार्फत वास्तविक मूल्यमा पछि मापन गरिएको र Hedging संग सम्वन्धित नभएका ऋण लगानीमा भएको लाभ वा हानीलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरी खुद रकमलाई सम्बन्धित अवधिको नाफा वा नोक्सान विवरणमा अन्य लाभ वा हानीको रुपमा प्रस्तुत गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई भने वित्तीय आम्दानीको रुपमा राखिएको छ।

**इक्विटी उपकरण**

कम्पनीले सबै इक्विटी उपकरणलाई वास्तविक मूल्यमा मापन गर्ने गरेको छ। कम्पनी व्यवस्थापनले पुँजीगत लगानीको वास्तविक बजार मूल्यमा भएको लाभ वा हानीलाई अन्य विस्तृत आम्दानी विवरणमा प्रस्तुत गर्ने निर्णय गरेको अवस्थामा त्यसरी वर्गीकरण गरेको नाफा वा नोक्सानको विवरणलाई पुनः वर्गीकरण गरिने छैन। कम्पनीले उक्त लगानीबाट आर्जन हुने लाभांशलाई सो रकम प्राप्त गर्ने अधिकार श्रृजना हुनासाथ निरन्तर रुपमा नाफा वा नोक्सान विवरणमा अन्य आम्दानीको रूपमा लेखाङ्कन गर्दछ।

नाफा वा नोक्सानको विवरणमार्फत वास्तविक मूल्य मापन गर्ने वित्तीय सम्पत्तिको बजार मूल्यमा भएको परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा अन्य लाभ तथा हानीको रूपमा लेखाङ्कन गरिएको छ। अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यमा मापन हुने पुँजीगत लगानीहरूमा इम्पेयरमेन्ट हानी (वा इम्पेयरमेन्ट हानी फिर्ता) लाई अन्य वास्तविक मूल्यको परिवर्तन भन्दा छुट्टै प्रस्तुत गरिएको छैन।

**वित्तीय सम्पत्तिको अपलेखनः**

वित्तीय सम्पत्तिबाट नगद प्रवाहको लागि अनुबंधित अधिकार समाप्त हुँदा वा वित्तीय सम्पत्तिको स्थानान्तरण गर्दा र स्थानान्तरण अपलेखनको लागि योग्य हुँदा वित्तीय सम्पत्ति अपलेखन गर्ने गरिन्छ। वित्तीय सम्पत्तिको पूर्ण रूपमा अपलेखन गर्दा अपलेखन भएको मितिमा मापन गरिएको रकम र प्राप्त रकमको भिन्नतालाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ।

**ग. वित्तीय सम्पत्तिहरूको इम्पेयरमेन्ट**

कम्पनीले परिशोधित लागत तथा अन्य विस्तृत आम्दानी विवरणमार्फत वास्तविक मूल्यमा मापन हुने सम्पत्तिको अनुमानित ऋण जोखिमलाई अगाडि बढ्ने आधार (Forward Looking Basis) मा मूल्याङ्कन गरेको छ। सम्पत्तिको इम्पेयरमेन्ट कार्यान्वयन विधि सोमा भएको ऋण जोखिमको उल्लेखनीय वृद्धिमा निर्भर रहन्छ।

आसामी बाँकी तथा अन्य पाउनुपर्ने रकम र अनुबन्धित सम्पत्तिको लागि मात्र कम्पनीले नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार सहज विधि (Simplified Approach) को आधारमा उक्त सम्पत्तिको अवधिभरको अनुमानित नोक्सानी व्यवस्था लाई मापन गरी पहिचान गरिएको छ।

कम्पनीसँग नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसारको अनुमानित Credit Loss Model लागू हुने तीन प्रकारका वित्तीय सम्पत्तिहरू रहेका छन् । कम्पनीले प्रत्येक वर्गको सम्पत्तिको लागि नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार आफ्नो इम्पेयरमेन्ट विधि संशोधन गर्न आवश्यक रहेको छ ।

**(अ) आसामी बाँकी तथा अन्य पाउनुपर्ने रकम**

नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार सहज विधिको आधारमा अनुमानित Credit Loss अनुसार उक्त सम्पत्तिको अवधिभरको अनुमानित नोक्सानी व्यवस्था लाई मापन गरी लेखाङ्कन गरिएको छ ।

अपेक्षित ऋण हानि (ECL) मुख्यतः प्राप्य रकमहरुको उमेर विश्लेषण (Ageing) तथा ऐतिहासिक अनुभवको आधारमा निर्धारण गरिएको छ । प्राप्य रकमहरूलाई तिनको महत्व अनुसार व्यक्तिगत रूपमा वा समान प्रकृतिका समूहहरूमा वर्गीकरण गरी सामूहिक रूपमा इम्पेयरमेन्ट परीक्षण गरिन्छ । साथै, आधारभूत तथ्य र परिस्थितिको मूल्याङ्कनका आधारमा असुल नहुने ठहरिएका व्यापारिक प्राप्यहरूलाई लेखाबाट हटाइन्छ ।

**(आ) मुद्दती निक्षेप र ऋणपत्रमा लगानी**

परिशोधित लागतमा रहेका ऋण लगानीलाई न्यून जोखिमयुक्त मानिएकाले यसको इम्पेयरमेन्ट व्यवस्था १२ महिनाको अनुमानित ऋण जोखिमको आधारमा गरिएको छ ।

**(इ) ऋण लगानी**

परिशोधित लागतमा रहेका ऋण लगानी न्यून जोखिमयुक्त मानिएकाले यसको इम्पेयरमेन्ट व्यवस्था १२ महिनाको अनुमानित ऋण जोखिमको आधारमा गरिएको छ ।

**व्याख्यात्मक टिप्पणी**

**वित्तीय सम्पत्ति आ.ब.२०८१।८२** रकम रु.

| विवरण | FVtPL | FVtOCI | | परिशोधित लागत | जम्मा |
|---|---|---|---|---|---|
| | | ऋण | इक्विटी | | |
| इक्विटीमा लगानी | २५३,८६६,९६४ | | | | २५३,८६६,९६४ |
| सामुहिक लगानी कोषमा लगानी | २०९,४२९,७०० | | | | २०९,४२९,७०० |
| कर्मचारी ऋण | ३,८०८,७३७,५३० | | | | ३,८०८,७३७,५३० |
| प्रोदभावी रकम, पेस्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम | १,८१७,५३४,१४३ | | | | १,८१७,५३४,१४३ |
| आसामी बाँकी तथा अन्य पाउनु पर्ने रकम | | | | १,०९७,७८८,७७१ | १,०९७,७८८,७७१ |
| मुद्दती निक्षेप तथा ऋणपत्रमा लगानी | | | | ३२,९५३,५५०,००० | ३२,९५३,५५०,००० |
| ऋण लगानी | | | | १३,३४६,७९३,७२३ | १३,३४६,७९३,७२३ |
| नगद वा नगद सरह | ९,५५०,२३१,५७१ | | | | ९,५५०,२३१,५७१ |
| **जम्मा** | **१५,६३९,७९९,९०८** | | | **४७,३९८,१३२,४९४** | **६३,०३७,९३२,४०२** |

**वित्तीय सम्पत्ति आ.ब.२०८०।८१**

| विवरण | FVtPL | FVtOCI | | परिशोधित लागत | जम्मा |
|---|---|---|---|---|---|
| | | ऋण | इक्विटी | | |
| इक्विटीमा लगानी | २५४,६०५,४४९ | | | | २५४,६०५,४४९ |
| सामुहिक लगानी कोषमा लगानी | १८६,४९९,३०० | | | | १८६,४९९,३०० |
| कर्मचारी ऋण | ३,८४०,०७३,३७८ | | | | ३,८४०,०७३,३७८ |
| प्रोदभावी रकम, पेस्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम | ९८३,९५०,२२७ | | | | ९८३,९५०,२२७ |
| आसामी बाँकी तथा अन्य पाउनु पर्ने रकम | | | | १,५१६,०४७,४२८ | १,५१६,०४७,४२८ |
| मुद्दती निक्षेप तथा ऋणपत्रमा लगानी | | | | ३९,१३१,९३०,००० | ३९,१३१,९३०,००० |
| ऋण लगानी | | | | १४,१८६,०१५,०२८ | १४,१८६,०१५,०२८ |
| नगद वा नगद सरह | ४,१७५,२७२,७९५ | | | | ४,१७५,२७२,७९५ |
| **जम्मा** | **९,४०४,८२९,७००** | | | **५४,८३३,९९२,४५६** | **६४,२३८,८२२,१५६** |

१०.१.१ **इक्विटीमा लगानी**:

**लेखा नीति**

कम्पनीले सेयरमा गरेको लगानीलाई नेपाल वित्तीय प्रतिवेदनमान ९ "वित्तीय उपकरण" अनुसार वास्तविक मूल्यमा लेखाङ्कन गरिएको छ। यस्ता लगानीलाई सम्बन्धित लगानीको सुचीकरणको स्थिति (Listing Status) अनुसार वर्गिकरण गरिएको छ।

**व्याख्यात्मक टिप्पणी**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| सूचीकृत इक्विटि लगानी | ३३,१२७,२०० | २९,०३४,००० |
| सर्वोत्तम सिमेन्ट लिमिटेड | १४,४३६,००० | १४,४३६,००० |
| वास्तविक मूल्यमा भएको परिवर्तन | १८,६९१,२०० | १४,५९८,००० |
| असुचीकृत इक्विटि लगानी | २२०,७३९,७६४ | २२५,५७१,४४९ |
| विद्युत उत्पादन कम्पनी लिमिटेड | १३०,०००,००० | १३०,०००,००० |
| नेशनल फण्ड मेनेजमेण्ट लिमिटेड | ६०,०००,००० | ६०,०००,००० |
| लगानीको वास्तविक मूल्यमा परिवर्तन | ३०,७३९,७६४ | ३५,५७१,४४९ |
| **जम्मा** | **२५३,८६६,९६४** | **२५४,६०५,४४९** |
| सामुहिक लगानी कोषमा लगानी | १८०,०००,००० | १८०,०००,००० |
| नेशनल इक्विटि फण्ड १ मा लगानी | १०,०००,००० | १०,०००,००० |
| लगानीको वास्तविक मूल्यमा परिवर्तन | १९,४२९,७०० | (३,५००,७००) |
| **सामुहिक लगानी कोषमा खुद लगानी** | **२०९,४२९,७००** | **१८६,४९९,३००** |
| **जम्मा** | **४६३,२९६,६६४** | **४४१,१०४,७४९** |

कम्पनीले विद्युत उत्पादन कम्पनी लिमिटेड तथा नेशनल फण्ड मेनेजमेण्ट लिमिटेडमा दीर्घकालीन लगानी रणनीति अनुरूप संस्थापक सेयरमा लगानी गरेको छ।

समीक्षा अवधिमा सूचीकरण नभएका इक्विटी लगानीहरूको उचित मूल्य (Fair Value) नेट एसेट भ्यालु (NAV) विधि प्रयोग गरी अनुमान गरिएको छ, जसअन्तर्गत लगानी गरिएका कम्पनीको पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरणअनुसारका सम्पत्तिहरूलाई आधार मानिएको छ।

कम्पनीले प्रत्येक समीक्षा अवधिमा सूचीकरण नभएका इक्विटी लगानीहरूको वहन (Carrying) मूल्यको समीक्षा गर्दछ र नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार वास्तविक मूल्यमा भएको परिवर्तनलाई मान्यता दिन्छ। वास्तविक मूल्य निर्धारण गर्दा लगानी गरिएका कम्पनीको सम्पत्ति, पुँजी संरचना तथा सेयर हस्तान्तरणमा हुन सक्ने सम्भावित प्रतिबन्धहरूको मूल्याङ्कन लगायतका विषयमा महत्वपूर्ण निर्णय (Significant Judgements) आवश्यक पर्दछ।

कम्पनीले सर्वोत्तम सिमेन्ट लिमिटेडमा प्रति कित्ता रु ४०१ मा ३६,००० कित्ता सेयरमा बुक विल्डिङ्ग (Book Building) मार्फत लगानी गरेको छ। लगानीलाई वास्तविक मूल्यमा मापन गरिनुका साथै पुनर्मुल्यांकित मूल्य र वास्तविक मूल्य बीचको फरक रकमलाई नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ। साथै समिक्षा अवधिमा सर्वोत्तम सिमेन्ट लिमिटेडबाट २५२० कित्ता बोनस सेयर प्राप्त भएको छ। लगानीलाई वास्तविक मूल्यमा मापन गरिनुका साथै पुनर्मुल्यांकित मूल्य र वास्तविक मूल्य बीचको फरक रकमलाई नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ।

१०.१.२ **कर्मचारी ऋण:**

**लेखा नीति**

कर्मचारीलाई प्रदान गरिएको ऋणलाई नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा लेखाङ्कन गरिएको छ। प्रभावी ब्याजदरको आधार मा लेखाङ्कन गर्दा ऋणको Fair Value मा भएको परिवर्तनलाई नाफा वा नोक्सानमा देखाइने छ।

**व्याख्यात्मक टिप्पणी :**

कम्पनीले कर्मचारीहरुलाई सुविधाको रुपमा ऋण उपलब्ध गराएको छ। यसरी उपलब्ध गराइएको ऋण रकम परिपक्व अवधिसम्म कायम गरी उक्त अवधिमा साँवा, ब्याज र बीमाबाट प्राप्त हुने बोनस रकम समेतबाट असुल गरीने छ। कम्पनीले ३ प्रतिशतले हुने ब्याज रकम ऋण रकम उपलब्ध गराउँदाका बखत र सावाँ रकम भुक्तानी तालिका अनुसार नियमित रुपमा असुल उपर गर्दछ। बीमा सहितको ऋणको हकमा कर्मचारीहरुले बार्षिक रुपमा बीमाशुल्क भुक्तानी गर्ने र बीमा अवधिको समाप्ति पछि बीमा कम्पनीबाट प्राप्त रकमबाट सावाँ रकम र बोनस रकमको पूर्वसहमती वमोजिमको अनुपातिक रुपमा कट्टा गरी अन्तिम हिसाब राफसाफ गर्ने गरिएको छ।

ब्याजदरमा भएको परिवर्तन र वास्तविक मूल्यमा भएको परिवर्तनलाई नाफा नोक्सान विवरणमा र बाँकी सावाँ रकमलाई वास्तविक मूल्यमा प्रस्तुत गरिएको छ। यस्ता ऋणहरुको भुक्तानी अवधि १ वर्षदेखि २० वर्षसम्म रहेको छ। वास्तविक मूल्य गणना प्रयोजनको लागि प्रयोग गरिएको औषत व्याज दर (७ प्रतिशत) लाई आधार मानी कर्मचारीको करयोग्य आय गणना गरिएको छ। कर्मचारीलाई दिईएको ऋण रकम निजले पाउने सेवाकालीन सुविधा, अवकाश सुविधा र बीमा योजना बापत प्राप्त हुने रकमबाट सहजै असुल उपर गर्न सकिने हुँदा सुरक्षित रहेको छ।

**कर्मचारी ऋण**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| कर्मचारी ऋणको सुरु मौज्दात | ५,३५२,३९३,३९० | ५,५७६,४६८,०९७ |
| वास्तविक मूल्य समायोवन | (१,५४३,६५५,८६०) | (१,७३६,३९४,७१९) |
| वास्तविक मूल्यमा जम्मा कर्मचारी ऋण | ३,८०८,७३७,५३० | ३,८४०,०७३,३७८ |
| कर्मचारी ऋण - चालु | ३६९,२४६,१९२ | ३१५,१३७,८०८ |
| कर्मचारी ऋण - गैर चालु | ३,४३९,४९१,३३८ | ३,५२४,९३५,५७० |
| **वास्तविक मूल्यमा जम्मा कर्मचारी ऋण** | **३,८०८,७३७,५३०** | **३,८४०,०७३,३७८** |

१०.१.३ **प्रोदभावी रकम, पेस्की र अन्य भुक्तानी**

**लेखा नीति**

यसमा आर्जित ब्याज, कर्मचारी पेस्की, आपूर्तिकर्तालाई गरिएको अग्रिम भुक्तानी लगायत समावेश छन्। यी दाबीहरु एक वर्षको अवधिभित्र सामान्य सञ्चालनको क्रममा फछ्यौट हुने अपेक्षा गरिएको छ। यस्ता दाबीहरुलाई सुरुमा लागत मूल्यमा र पछि नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा पहिचान गरिन्छ।

**व्याख्यात्मक टिप्पणी :**

**आर्जित ब्याज**

आर्जित ब्याजले ऋणपत्रको चालु आ.व.सँग सम्बन्धित तथा प्रतिवेदन मितिभन्दा पछि हुने भुक्तानीलाई प्रतिनिधित्व गर्दछ। यस्ता ब्याज प्राप्त नहुने जोखिम न्यून रहेको छ।

माथिल्लो तामाकोशीमा भएको ऋण लगानीको सम्बन्धमा प्रतिवेदन अवधिमा ऋण भुक्तानी प्राप्त भएकोले अघिल्लो वर्षमा भएको आर्जित ब्याजको व्यवस्था लाई अपलेखन गरिएको छ।

**आपूर्तिकर्ता र अन्यसँगको दाबी :**

यसमा ठेकेदार, आपूर्तिकर्ता र अन्य पक्षबाट कुनै निहित वित्त शुल्क बिना प्राप्त हुने दाबीहरू समावेश रहेका छन्। यस्ता दाबीहरु एक वर्षको सामान्य सञ्चालन अवधिमा फछ्र्यौट हुने अपेक्षा गरिएको छ। साथै, यस्ता दाबीहरुको लागतले वास्तविक मूल्यको प्रतिनिधित्व गर्ने विश्वास गरिएको छ।

**कर्मचारीसँगको दाबी:**

यसमा कुनै निहित वित्त शुल्क बिना कर्मचारीहरूबाट प्राप्त हुने दाबीहरू समावेश गरिएको छ। यस्ता दाबीहरु एक वर्षको सामान्य सञ्चालन अवधिमा फछ्र्यौट हुने अपेक्षा गरिएको छ। साथै, यस्ता दाबीहरुको लागतले वास्तविक मूल्यको प्रतिनिधित्व गर्ने विश्वास गरिएको छ।

समीक्षा अवधिमा कम्पनीले कर्मचारीसँगको दावि अन्तर्गत गत आ.व.मा सम्भाव्य नोक्सानी वापत व्यवस्था गरेको रकम रु. ९,०८८,५२९ लाई Reversal गरेको छ।

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| आर्जित ब्याज | ५८९,८८५,७४१ | ५५९,९५२,५६५ |
| घटाउनेः सम्भावित नोक्सानीको व्यवस्था | | - |
| अन्यसँग पेस्की तथा दाबी | १,२७४,७४०,३२४ | ४७१,३८९,४३५ |
| घटाउनेः सम्भाब्य नोक्सानीको व्यवस्था | (४८,३०१,३२४) | (५९,१८३,१०४) |
| कर्मचारीसँग पेस्की तथा अन्य दाबी | ३,१०१,३६९ | ११,८९०,०४८ |
| घटाउनेः सम्भाब्य नोक्सानीको व्यवस्था | (१,८९१,९६७) | (९८,७१६) |
| **जम्मा** | **१,८१७,५३४,१४३** | **९८३,९५०,२२७** |

१०.१.४ **व्यावसायिक र अन्य प्राप्यहरू**

**लेखा नीति**

**व्यावसायिक प्राप्य:**

व्यावसायिक प्राप्यहरूमा नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार ग्राहकले कम्पनीलाई तिरेको रकम समावेश गरिन्छ। ग्राहकसँगको सम्झौता अनुसार कम्पनीले उपलब्ध गराएको PSTN / VSAT सेवाबाट प्राप्त हुने राजस्वमा पन्ध्र दिनको क्रेडिट अवधिमा हुने सबै रकम पर्दछन्। व्यावसायिक प्राप्यहरूमा कुनै ब्याज लगाइदैन। यस्ता रकमहरु सुरु मूल्यमा लेखाङ्कन गरिन्छ र पछि बाँकी रकममा हानी नोक्सानी घटाई मापन गरिन्छ। कम्पनीले यी उपकरणमा हानीको रूपमा Expected Credit Loss (ECL) अनुमान गर्दछ।

व्यवस्थापनले असुल हुन नसक्ने ठहर गरेका व्यक्तिगत तथा व्यावसायिक प्राप्यहरूलाई अपलेखन गर्दछ। कतिपय अवस्थामा व्यावसायिक प्राप्यहरूको अपलेखन कम्पनीले यस अघि गरेका Allowances हरुको रकमबाट गर्दछ।

**अनुबन्ध सम्पत्ति (Contract Asset):**

नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार अनुबन्ध सम्पत्तिमा संस्थाले ग्राहकहरूसँगको सम्झौताबाट पहिले नै प्रदान गरिसकेका सामान वा सेवाको बदलामा राजस्व प्राप्त गर्ने अधिकार स्थापित हुने तर कम्पनीको व्यावसायिक नीति अनुसार भुक्तानीका सर्तहरु कायमै रहने सम्पत्ति पर्दछन्।

**इम्पेयरमेन्ट**

व्यावसायिक प्राप्य र अनुबन्ध सम्पत्तिमा क्रेडिट जोखिम रहने हुनाले इम्पेयरमेन्ट निर्धारण आवश्यक पर्दछ। Simplified approach को आधारमा अनुमानित Credit Loss अनुसार उक्त सम्पत्तिको अवधिभरको अनुमानित हानीलाई मापन गरी पहिचान गरिएको छ।

Simplified approach को आधारमा Provision Matrix को प्रयोग गरी अनुमानित Credit Loss को गणना गरिन्छ। Provision Matrix ले व्यावसायिक प्राप्यहरुमा हुन सक्ने अनुमानित नोक्सान दरलाई आधार मान्दछ।

**व्याख्यात्मक टिप्पणी :**

वायरलेस, फिक्स्ड लाइन, इन्टरकनेक्सन (अन्तर्राष्ट्रिय र राष्ट्रिय) सेवाहरूलाई ग्राहकहरूको आधारमा समूह बनाई Provision Matrix लागू गरिएको छ। यसरी Provision Matrix लागू गर्दा समान क्रेडिट जोखिम विशेषताहरूमा आधारित उपयुक्त उप समूहहरू समावेश गरिएको छ। कम्पनीले व्यावसायिक प्राप्यको अवधिभर Expected Credit Loss अनुमान गर्न विगतको अनुभवको आधारमा Portfolio Approach प्रयोग गर्दछ।

कम्पनीको व्यावसायिक प्राप्यहरु पुरा अवधिभरको Expected Credit Loss घटाई लेखाङ्कन गरिन्छ। व्यावसायिक प्राप्यहरुको गैर-पुनः प्राप्ति जोखिमको अतिरिक्त, जुन कम्पनीले प्रदान गरेको व्यवस्थाद्वारा पर्याप्त रूपमा समेटेको विश्वास गर्दछ, यी खाताहरूमा कुनै ब्याज नलाग्ने भएकाले मुद्राको समय मूल्य र मुद्रास्फीतिको अबमूल्यन नै यी सम्पत्तिको मूल्य घट्ने विषय रहेका छन्।

**इम्पेयरमेन्ट**

विश्वभर परेका आर्थिक मन्दीको प्रभावका कारण बेरोजगारी दरमा वृद्धि र कूल गार्हस्थ उत्पादनमा आएको गिरावटले सान्दर्भिक थ्रेसहोल्डहरू नाघ्ने अपेक्षा गरिएको छ। तसर्थ, अपेक्षित कर्जा नोक्सान अनुमान गर्दा हामीले ग्राहकहरुबाट पूर्वनिर्धारित ऐतिहासिक घाटा दरको अतिरिक्त आर्थिक सूचकहरुको समेत समायोजन समावेश गरिएको छ। फलस्वरूप, विश्व आर्थिक मन्दीले ल्याएका जोखिम र अनिश्चितताहरू प्रतिबिम्बित गर्न Expected Credit Loss को लागि व्यवस्था बढाइएको छ। भविष्यमा बृहत् आर्थिक अनुमानहरू परिवर्तन भएमा कम्पनीले आगामी वर्षको लागि गरेको Expected Credit Loss को व्यवस्था मा प्रभाव पर्न सक्छ।

**व्यावसायिक प्राप्यहरु** रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
|---|---|---|
| **कूल व्यावसायिक प्राप्य बाँकी तथा अन्य प्राप्ति योग्य** | | |
| वायरलेस | ५९०,८१२,०८९ | ५५६,६६४,५३७ |
| आधारभूत टेलिफोन | १,१६३,७१०,५४० | १,१८२,६८४,०२४ |
| अन्तर्राष्ट्रिय अन्तरआबद्धता | ९११,९६२,०८० | ८७८,७७५,१८९ |
| राष्ट्रिय अन्तरआबद्धता | ४१५,१८८,२८९ | ३९५,३५४,४२८ |
| अनुबन्ध सम्पत्ति | ११७,६८३,१९७ | ८७,९९७,६८५ |
| **जम्मा** | **३,१९९,३५६,१९६** | **३,१०१,४७५,८६४** |
| **अपेक्षित उधारो नोक्सानी** | | |
| वायरलेस | ४७६,९२९,२६४ | ३४६,२०७,७९४ |
| आधारभूत टेलिफोन | १,०९३,३७८,१०२ | ७९२,८९७,७४५ |
| अन्तर्राष्ट्रिय अन्तरआबद्धता | १४५,९१३,९३३ | १२४,४३८,०३५ |
| राष्ट्रिय अन्तरआबद्धता | ३५०,०४१,१६७ | २७३,४८६,१३४ |
| अनुबन्ध सम्पत्ति | ३५,३०४,९५९ | ४८,३९८,७२८ |
| **जम्मा** | **२,१०१,५६७,४२५** | **१,५८५,४२८,४३६** |
| व्यावसायिक प्राप्य बाँकी Net of Impairment | | |
| वायरलेस | ११३,८८२,८२६ | २१०,४५६,७४३ |
| आधारभूत टेलिफोन | ७०,३३२,४३८ | ३८९,७८६,२८० |
| अन्तर्राष्ट्रिय अन्तरआबद्धता | ७६६,०४८,१४७ | ७५४,३३७,१५४ |
| राष्ट्रिय अन्तरआबद्धता | ६५,१४७,१२२ | १२१,८६८,२९४ |
| अनुबन्ध सम्पत्ति | ८२,३७८,२३८ | ३९,५९८,९५७ |
| **जम्मा** | **१,०९७,७८८,७७१** | **१,५१६,०४७,४२८** |

**१०.१.५ मुद्दती निक्षेप र अन्य लगानी:**

**लेखा नीति**

कम्पनीले ऋणपत्र, मुद्दती निक्षेप र लगानीलाई सुरुमा Fair Value मा लेखाङ्कन गर्दछ भने पछि Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गर्दछ। कम्पनीले यी लगानीहरू परिपक्व अवधिसम्म राख्ने गरेको छ। कम्पनीको व्यावसायिक स्वरुप हेर्दा यस्ता लगानीहरूमा साँवा र ब्याज प्राप्त गर्ने उद्देश्य मात्र देखिन्छ।

**मुद्दती निक्षेप तथा ऋणपत्रः**

बैंकहरूमा राखिएको मुद्दती निक्षेप र ऋणपत्रमा गरिएको लगानीहरू निश्चित कुपन ब्याज दरमा गरिएको हुन्छ र Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गरिन्छ। कम्पनीको व्यावसायिक स्वरुप हेर्दा यी वित्तीय सम्पत्तिबाट कम्पनीले अन्य कुनै लागत वा प्रिमियम/छुटहरू बाहेक केवल अनुबंधात्मक नगद प्रवाहहरू मात्र प्राप्त गर्दछ। तसर्थ, Intrinsic कुपन दरलाई नै सबै मुद्दती निक्षेप र ऋणपत्रमा लगानीका लागि Effective Interest को रूपमा लिइन्छ। निक्षेपको परिपक्व अवधिको आधारमा यी वित्तीय सम्पत्तिलाई चालु सम्पत्तिको रूपमा वर्गीकृत गरिएको छ।

**व्याख्यात्मक टिप्पणी :**

कम्पनीले नेपालका सरकारी तथा 'क' वर्गका वाणिज्य बैंकहरुको ऋणपत्रमा मात्र लगानी गर्दछ भने 'क' वर्गका वाणिज्य बैंकहरु तथा 'ख' वर्गका राष्ट्रिय विकास बैंकहरुको मुद्दती निक्षेपमा लगानी गर्दछ। यी बैंकहरू नेपालको केन्द्रीय बैंकको नियमन तथा कडा निगरानीमा रहेका छन्। त्यसकारण यी उपकरणमा गरिएको लगानी पुनः प्राप्ति नहुने जोखिम न्युन रहेको छ। यसको अतिरिक्त कुनै अन्य वृद्धिशील लागत नभएको अवस्थामा यी उपकरणमा निहित ब्याज दर, ऋण जोखिम र पैसाको समय मूल्य समायोजित Effective Interest Rate हो।

मुद्दती निक्षेपको रकममा रु १,७८०,४५५,५८८ प्रतितपत्र खोल्नका लागि धितोमा राखिएको रकम समावेश गरिएको छ।

**मुद्दती निक्षेप र अन्य लगानी** रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
|---|---|---|
| सरकारी तथा संस्थागत ऋणपत्र | | |
| ऋणपत्रमा लगानी | ३,५७६,५५०,००० | ३,५७६,५५०,००० |
| बैकहरुमा रहेको आवधिक निक्षेप | | |
| बैदेशिक मुद्रा (US$) | ६,१००,००० | ५,९००,००० |
| बैदेशिक मुद्रा (रु मा) | ८,३५७,०००,००० | ७,९३४,९२०,००० |
| नेपाली मुद्रा | २१,०२०,०००,००० | २७,६२०,४६०,००० |
| | **३२,९५३,५५०,०००** | **३९,१३१,९३०,०००** |
| चालु | २९,७५७,०००,००० | ३५,५५५,३८०,००० |
| गैर चालु | ३,१९६,५५०,००० | ३,५७६,५५०,००० |
| **जम्मा** | **३२,९५३,५५०,०००** | **३९,१३१,९३०,०००** |

### १०.१.६ ऋण लगानी

कम्पनीले ऋण लगानीलाई सुरुमा वास्तविक मूल्यमा लेखाङ्कन गर्दछ भने पछि परिशोधित लागतमा Effective Interest Rate को प्रयोग गरी लेखाङ्कन गर्दछ । कम्पनीले यी लगानीहरू परिपक्व अवधिसम्म कायम राख्दछ। साँवा र ब्याज प्राप्त गर्ने उद्देश्यले मात्र यी लगानीहरू राख्नु कम्पनीको व्यावसायिक उदेश्य हो।

**अपर तामाकोशी हाइड्रोपावरको ऋण लगानीमा Expected Credit Loss (ECL):**

**इम्पेयरमेन्ट:**

यी परिशोधित लागतमा भएका ऋणहरु न्यून जोखिमका लगानी हुन्। यसमा नेपाल वित्तिय प्रतिवेदनमान ९ अनुसार Expected Credit Loss लाई आधार मानी इम्पेयरमेन्ट निर्धरण गरिएको छ।

**व्याख्यात्मक टिप्पणी** :

४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना (UTKHEP) लाई नेपाल विद्युत प्राधिकरणको कर्पोरेट ग्यारेन्टी सहितको ऋणको रुपमा विकास गर्न माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडमा ऋण लगानी गरिएको हो। माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडको हाल र भविष्यमा स्वामित्वमा रहेको जग्गा, सम्पत्ति, प्लान्ट र उपकरण नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको नाममा धितो राखेर ऋण लिइएको छ। यी संस्थाहरूको ऋण लगानीको पुनःप्राप्ति परियोजनाको सुरुवातमा सम्पन्न भएको विद्युत खरिद सम्झौता (पीपीए) अन्तर्गत नेपाल विद्युत प्राधिकरणलाई ऊर्जा बिक्रीबाट प्राप्त हुने नगद प्रवाहबाट सुरक्षित हुन्छ । आयोजनाले २०७८ भाद्र २५ गतेबाट पूर्णरूपमा व्यावसायिक सञ्चालन सुरु गरेको।

**ऋण लगानी** रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
|---|---|---|
| माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडमा ऋण लगानी | १४,०४९,२५६,५५१ | १४,३४३,७९६,७९३ |
| अपेक्षित क्रेडिट नोक्सानी | (७०२,४६२,८२८) | (१५७,७८१,७६५) |
| **खुद लगानी** | **१३,३४६,७९३,७२३** | **१४,१८६,०१५,०२८** |
| चालु | ४४१,८१०,३६३ | २९४,५४०,२४२ |
| गैर चालु | १२,९०४,९८३,३६१ | १३,८९१,४७४,७८६ |
| **जम्मा** | **१३,३४६,७९३,७२३** | **१४,१८६,०१५,०२८** |

### १०.१.७ नगद र नगद सरहका सम्पत्ति

**लेखा नीति**

नगद र नगद सरहका सम्पत्ति सुरुमा वास्तविक मूल्यमा र पछि नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा लेखाङ्कन गरी मौज्दात मूल्यमा प्रस्तुत गरिएका छ । नगद र नगद सरहको मौज्दात रकम र सोको वास्तविक मूल्य समान रहेको छ।

नगद र नगद सरहको परिपक्व अवधि तीन महिना भन्दा कम छ भने कम्पनीलाई अल्पकालीन तरलता आवश्यकताहरू पूरा गर्न सक्षम बनाउँछ । कम्पनीको अधिकांश नगद र नगद सरहका सम्पत्तिहरुमा वाणिज्य बैंकहरुबाट ब्याज प्राप्त हुने गरी गरिएका कल निक्षेपहरू समावेश छन् जसमा मूल्य परिवर्तनको जोखिम नगण्य रहेको छ। यसमा नगद मौज्दात र चेकहरू समेत समावेश गरिएका छन्।

नगद र नगद सरहको रुपमा बैंकहरूमा रहेको विदेशी मुद्राको मौज्दातलाई विवरण प्रस्तुत गरिएको वर्षको अन्तिम दिनको विनिमय दरहरूको आधारमा कम्पनीको कारोवार मुद्रामा रूपान्तरण गरी हुन आउने विदेशी विनिमयबाट हुने लाभरहानीलाई नाफा वा नोक्सान खातामा मा लेखाङ्कन गरिएको छ।

नगद र बैंक ब्यालेन्समा पैसाको समय मूल्य र मुद्रास्फीति अबमूल्यनको जोखिम रहन्छ जुन जोखिम बैंक निक्षेपहरूबाट प्राप्त ब्याजबाट मात्र पूर्ण रूपमा पूर्ति गर्न सकिदैन।

**विस्तृत टिप्पणी** :

**नगद र नगद सरहका सम्पत्ति** रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| बैंक मौज्दात | | |
| ब्याज आर्जन हुने | ९,५२२,८३१,८३६ | ४,१४५,२४७,८७३ |
| ब्याज आर्जन नहुने | | |
| नगद मौज्दात | १९,२८२ | ७४,४९९ |
| | ९,५२२,८५१,११८ | ४,१४५,३२२,३७२ |
| नगद वा नगद सरहमा सटही दर परिवर्तनको प्रभाव | ४१,२६७,२३५ | २९,९५०,४२३ |
| **जम्मा** | **९,५६४,११८,३५३** | **४,१७५,२७२,७९५** |
| चालु आ. व. को नोक्सानी व्यवस्था(१३,८८६,७८२) | | |
| **जम्मा नोक्सानी व्यवस्था** | (१३,८८६,७८२) | |
| **खुद रकम** | **९,५५०,२३१,५७१** | **४,१७५,२७२,७९५** |

नगद तथा नगद सरह रकममा लाभांश भुक्तानीका लागि छुट्याइएका बैंक मौज्दात रु. ४२६,५४४,८८२ र प्रतितपत्र खोल्नका लागि मार्जिनका रूपमा धितो राखिएको रकम रु. १८९,६१७,७३० समावेश छ। साथै समीक्षा अवधिमा कम्पनीले बैंक मौज्दातका लागि रु १३,८८६,७८२ नोक्सानीको व्यवस्था गरेको छ।

## १०.२ वित्तीय दायित्व

### (i) वर्गीकरण

कम्पनीले निम्नानुसार बाहेकका सबै वित्तीय दायित्वलाई पछि परिशोधित लागतमा मापन गर्ने गरी वर्गीकरण गरेको छ :

- वास्तविक मूल्यमा नाफा वा नोक्सानमा भार पारिएका वित्तीय दायित्व। त्यस्ता दायित्व तथा दायित्वका डेरिभेटिभ समेत पछि वास्तविक मूल्यमा मापन गरिनेछ।
- वित्तीय ग्यारेन्टी सम्झौता (Contracts)

वित्तीय दायित्व Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गरिएको छ। कम्पनीले भविष्यको भुक्तानी र परिशोधित लागतको गणनाको लागि छुट दरको आधार लिएको छ। Effective Interest को रकमलाई नाफा वा नोक्सानमा देखाइएको छ।

### (ii) मापन

सबै वित्तीय दायित्व सोको सुरुवाती लेखाङ्कन वास्तविक मूल्यमा गरिएको छ भने पछिको मापन वित्तीय दायित्वको वर्गीकरणमा निर्भर गर्दछ।

### (iii) वित्तीय दायित्वको अमान्यता

वित्तीय दायित्व समाप्त गर्दा वा रद्द वा म्याद सकिएको अवस्थामा अमान्य गरिन्छ। विद्यमान वित्तीय दायित्वलाई एउटै ऋणदाताबाट फरक सर्तहरूमा प्रतिस्थापन गरिन्छ, वा सर्तहरू प्रयाप्त रूपमा परिमार्जन गरिन्छ भने यस्तो सट्टपट्टा वा परिमार्जनलाई दायित्व मानी विद्यमान वित्तीय दायित्वलाई अमान्य गरिन्छ। नयाँ दायित्व र सम्बन्धित शीर्षकको फरक रकमलाई नाफा वा नोक्सानको विवरणमा उल्लेख गरिन्छ।

**व्याख्यात्मक टिप्पणी :**

कम्पनीको वित्तीय दायित्व Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा प्रस्तुत गरिएको छ।

**वित्तीय दायित्व (आ.व.२०८१।८२)** रकम रु.

| विवरण | FVtPL | परिशोधित लागत | जम्मा |
|---|---|---|---|
| ग्राहक धरौटी | | ५६,२२४,१३६ | ५६,२२४,१३६ |
| चालु दायित्व | | १०,०७७,६९८,९८२ | १०,०७७,६९८,९८२ |
| ब्यावसायीक भुक्तानी बाँकी | | ८४९,९२९,६०० | ८४९,९२९,६०० |
| **जम्मा** | | **१०,९८३,८५२,७१८** | **१०,९८३,८५२,७१८** |

**वित्तीय दायित्व (आ.व.२०८०।८१)** रकम रु.

| विवरण | FVtPL | परिशोधित लागत | जम्मा |
|---|---|---|---|
| ग्राहक धरौटी | | ५९,९८७,०७० | ५९,९८७,०७० |
| चालु दायित्व | | १०,४८२,८३५,६५५ | १०,४८२,८३५,६५५ |
| ब्यावसायिक भुक्तानी बाँकी | | ६२७,४८६,२९७ | ६२७,४८६,२९७ |
| **जम्मा** | | **११,१७०,३०९,०२२** | **११,१७०,३०९,०२२** |

### १०.२.१ ग्राहक धरौटी

**व्याख्यात्मक टिप्पणी:**

ग्राहक धरौटी भन्नाले कम्पनीको सेवा नीति बमोजिम ग्राहकहरुलाई प्रदान गरिने सेवाको लागि लिइने धरौटी हुन् जसमा ग्राहकहरूलाई उपलब्ध गराइएका सेवाहरूको लागि प्रदान गरिने क्रेडिट सीमा र सेवाको लागि लिइएका ग्राहक धरौटीहरु समावेश हुन्छन्।

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| ग्राहक धरौटी र उधारो सिमा | ५६,२२४,१३६ | ५९,९८७,०७० |
| **जम्मा** | **५६,२२४,१३६** | **५९,९८७,०७०** |

सामान्यतया ग्राहकहरुद्वारा सेवा बन्द गरे पश्चात केवल नगन्य धरौटी रकम मात्रको ग्राहको धरौटी रकमबाट घटाइएको छ। धरौटीको सम्भावित भविष्यको भुक्तानी अनुमान गर्न नसकिने हुँदा सम्पूर्ण ग्राहक धरौटी गैर-चालु धरौटीमा वर्गीकृत गरी लेखाङ्कन गरिएको छ।

### १०.२.२ व्यावसायिक भुक्तानी बाँकी

व्यावसायिक भुक्तानीले आर्थिक वर्षको अन्त्य हुनु अघि अन्तरआवद्धता भएका टेलिकम अपरेटरबाट प्राप्त सेवाहरू बापतको भुक्तानी बाँकी दायित्वको प्रतिनिधित्व गर्दछ। प्रतिवेदन अवधि पछि १२ महिना भित्र भुक्तानी बाँकी नभएसम्म व्यापार भुक्तानी योग्यलाई हालको दायित्वको रूपमा वर्गीकृत गरिन्छ। अन्यथा, तिनीहरू गैर-वर्तमान दायित्वको रूपमा प्रस्तुत हुन्छन्। व्यापारिक भुक्तानयोग्यलाई सुरुमा वास्तविक मूल्य मा पहिचान गरिन्छ र पछि Effective Interest Rate प्रयोग गरेर परिशोधित लागतमा मापन गरिन्छ।

**व्याख्यात्मक टिप्पणी**

**व्यावसायिक भुक्तानी बाँकी** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| ब्यान्डविथ सेवाको लागि भुक्तान योग्य | ५४४,९८३,८८१ | ४२७,७६२,२१७ |
| अन्तरआवद्धता सेवाको लागि भुक्तान योग्य | ३०४,९४५,७१९ | १९९,७२४,०८० |
| **जम्मा** | **८४९,९२९,६००** | **६२७,४८६,२९७** |

### १०.२.३ चालु दायित्व

चालु दायित्व र अन्य भुक्तानी लागतमा लेखाङ्कन गरिएका छन् । सोलाई व्यवसायको सामान्य अवधि १२ महिना भित्रमा राफसाफ गर्ने अपेक्षा गरिएको छ। यसमा बाँकी रकमले परिशोधित लागत (Carrying Amount) लाई प्रतिनिधित्व गर्दछ।

**व्याख्यात्मक टिप्पणी :**

**चालु दायित्व** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| आपूर्तिकर्ता | ७,९८४,३४९,२०७ | ८,९२२,४४७,१६१ |
| आयसँग सम्बन्धित अग्रिम कार्य | १,८७७,१०४,९५० | १,१५४,६०६,९१२ |
| अन्य दायित्व | २१६,२४४,८२५ | ४०५,७८१,५८२ |
| **जम्मा** | **१०,०७७,६९८,९८२** | **१०,४८२,८३५,६५५** |

चालु दायित्व अन्तर्गत आपूर्तिकर्ताको दायित्व रकममा Convergent Real Time Billing System को AMC वापतको रकम रु. १२ करोड ६७ लाख रकम कानुनी मुद्दासँग सम्बन्धीत रहेकाले कम्पनीले भुक्तानी रोक्का गरेको छ।

### १०.३ वित्तीय उपकरणको समायोजन:

वित्तीय सम्पत्ति र वित्तीय दायित्व समायोजन गरी खुद रकम वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । यदि रकम समायोजन गर्न मान्यता प्राप्त अधिकार छ भने क्रमश सम्पत्ति तथा दायित्व एकै साथ खुदको आधारमा समायोजन गरिन्छ।

### १०.४ वित्तीय ग्यारेन्टी सम्झौता:

वित्तीय ग्यारेन्टी सम्झौताहरु ग्यारेन्टी जारी भएको समयमा वित्तीय दायित्वको रूपमा मान्यता प्राप्त गर्दछन्। दायित्वलाई सुरुमा वास्तविक मूल्य मापन गरिन्छ। वित्तीय ग्यारेन्टी सम्झौताको वास्तविक मूल्य, ऋण उपकरण अन्तर्गत आवश्यक खुद अनुबंधीय नगद प्रवाह (contractual cash flows) र ग्यारेन्टी बिना आवश्यक हुने खुद अनुबंधात्मक नगद प्रवाह बीचको भिन्नताको वर्तमान मूल्य हो। वर्तमान मूल्य जोखिम मुक्त ब्याज दर प्रयोग गरेर गणना गरिन्छ।

प्रत्येक पछिल्ला रिपोर्टिङ अवधिको अन्त्यमा वित्तीय ग्यारेन्टीहरू निम्न अवस्था मध्येको उच्च रकममा मापन गरिन्छः

- हानी बापतको व्यवस्थाको रकम र
- उपयुक्त भएसम्म सुरुमा पहिचान गरिएको रकममा संचयी परिशोधन घटाई

प्रत्येक पछिल्ला रिपोर्टिङ अवधिमा नोक्सान बापत व्यवस्था रकम प्रारम्भमा १२ महिनाको Expected Credit Loss बराबर हुन्छ । यद्यपि, ऋणीले सम्झौतामा पूर्वनिर्धारित सर्तहरुको पालना गर्न नसक्ने जोखिममा उल्लेख्य वृद्धि भएको छ भने यस्तो गणना आजीवन Expected Credit Loss बराबर हुन्छ।

वित्तीय ग्यारेन्टी सम्झौताको लागि Expected Credit Loss भनेको नगद प्रवाहको लागि विशिष्ट जोखिमबाट समायोजित नगद कमी हो। नगद अभावहरू निम्न बीचको भिन्नता हो-

- क्रेडिट हानीका धारकलाई क्षतिपूर्ति गर्न अपेक्षित भुक्तानहरू र
- कुनै पनि रकम जुन एक संस्थाले धारक, ऋणी वा अन्य कुनै पक्षबाट प्राप्त गर्ने अपेक्षा गर्दछ

**व्याख्यात्मक टिप्पणी:**

कम्पनीले त्रिशूली ३ बी जलविद्युत परियोजनाको वित्तपोषणका लागि आफ्नो सहायक कम्पनी त्रिशूली जलविद्युत कम्पनी लिमिटेडको इक्विटी सेयर लगानी नबिल बैंक लिमिटेडलाई वित्तीय ग्यारेन्टी दिएको प्रतिज्ञा गरेको छ।

### १०.५ वित्तीय जोखिम व्यवस्थापन

कम्पनीको व्यापार गतिविधिहरूले विभिन्न वित्तीय जोखिम निम्त्याउछ : क्रेडिट जोखिम, तरलता जोखिम, बजार जोखिम (विदेशी मुद्रा जोखिम, ब्याज जोखिम) जसको कारणले कम्पनीको वित्तीय उपकरणको वास्तविक मूल्य लाई प्रतिकूल असर पार्न सक्छ । जोखिम व्यवस्थापन अप्रत्याशित वित्तीय हानीमा केन्द्रित हुन्छ र कम्पनीको कार्यसम्पादनमा पर्न सक्ने सम्भावित प्रतिकूल प्रभावलाई कम गर्न खोज्दछ।

कम्पनीको जोखिम व्यवस्थापनको स्थापना र निरीक्षण गर्न कम्पनीको सञ्चालक समिति र उच्च व्यवस्थापनको मुख्य जिम्मेवारी रहन्छ। कम्पनीको जोखिम व्यवस्थापन नीतिहरू कम्पनीले सामना गर्ने जोखिमहरू पहिचान गर्न, विश्लेषण गर्न, उपयुक्त जोखिम सीमा र नियन्त्रणहरू निर्धारण गर्न, जोखिमहरू र सीमाहरूको पालनाको अनुगमन गर्न स्थापना गरिन्छ।

जोखिम व्यवस्थापन नीति, अभ्यास र प्रणालीहरू, बजार अवस्था र कम्पनीका गतिविधिहरूमा हुने परिवर्तनहरू प्रतिबिम्बित गर्न नियमित रूपमा समीक्षा गरिन्छ। कम्पनीको व्यवस्थापनद्वारा कम्पनीको वित्तीय जोखिमयुक्त गतिविधिहरूलाई उपयुक्त अभ्यास र प्रक्रिया अवलम्वन गरी कम्पनीको उद्देश्य अनुसार पहिचान, मापन र व्यवस्थापन हुन्छ भन्ने प्रत्याभूती दिन जोखिमहरुको व्यवस्थापन गरिन्छ।

**ऋण जोखिम (Credit Risk):**

ऋण जोखिम भनेको काउन्टरपार्टीबाट वित्तीय उपकरणमा उत्पन्न हुने वित्तीय नोक्सानको जोखिम हो। यदि पार्टीले सम्झौताका सर्तहरू वा दायित्व अनुसार ऋण चुक्ता गर्न वा सेवा दिन असफल भयो भने ऋण जोखिम उत्पन्न हुन्छ। क्रेडिट जोखिमले पूर्वनिर्धारितको प्रत्यक्ष जोखिम र ऋणको योग्यतामा ह्रासको जोखिम साथै Concentration जोखिम दुवैलाई जनाउँछ।

मुख्यतया क्रेडिट जोखिमको केन्द्रीकृतताको अधीनमा रहने वित्तीय उपकरणमा ऋण उपकरणमा लगानी, ब्यापारिक प्राप्य, आवधिक निक्षेप, अग्रिम भुक्तानी, अन्य प्राप्य र कर्मचारीहरूलाई दिइएको ऋण समावेश हुन्छन्। बैंकहरूमा रहेको मुद्दती निक्षेपहरूले क्रेडिट जोखिमहरू प्रति बिशेष ध्यानाकर्षण गराउँदछ।

कम्पनीको ऋण जोखिम मुख्यतया वित्तीय साधनमा संलग्न प्रत्येक प्रतिपक्षको व्यक्तिगत विशेषताद्वारा प्रभावित हुन्छ। ब्यावसायिक प्राप्यहरूको जोखिम नियन्त्रणको उद्देश्यका लागि, प्रत्येक ग्राहकको क्रेडिट सीमा र निक्षेपहरू स्थापना गरिन्छ, जसमा क्रेडिट सीमाले एक बिल चक्रको लागि अधिकतम रकमको प्रतिनिधित्व गर्दछ। कर्जा लगानीका लागि हाल र भविष्यमा स्वामित्व हुने प्लान्ट तथा उपकरण धितो राखी संस्थागत ग्यारेन्टी लिइएको छ।

**ऋण जोखिमको प्रभाव**

वित्तीय सम्पत्तिहरूको वहन मूल्य (Carrying Amount) ले अधिकतम ऋण जोखिम (Maximum Credit Exposure) प्रतिनिधित्व गर्दछ। ३२ आषाढ २०८२ मा अधिकतम ऋण जोखिम रु. ६३ अर्ब ४ करोड रहेको छ भने ३१ आषाढ २०८१ मा रु.६४ अर्ब २७ करोड रहेको थियो। वित्तीय सम्पत्तिहरूको वहन मूल्य अन्तर्गत बैंकमा रहेको छोटो अवधिका निक्षेप, व्यापारिक प्राप्य, संचित रकम, अग्रिम भुक्तानी, अन्य प्राप्य तथा कर्मचारीलाई दिइएको ऋणको वहन मूल्य पर्दछन्।

**तरलता जोखिम (Liquidity Risk):**

तरलता जोखिम भनेको अस्वीकार्य नोक्सान नगरीकन कम्पनीले आफ्नो वित्तीय दायित्व पूरा गर्न सक्षम नहुने अवस्था हो। तरलता जोखिम व्यवस्थापनको उद्देश्य पर्याप्त तरलता कायम राख्नु र आवश्यकता अनुसार प्रयोगको लागि कोष उपलब्ध छ भनी सुनिश्चित गर्नु हो। कम्पनीले अस्वीकार्य हानीको सामना नगरी सबै दायित्व पूरा गर्न पर्याप्त तरलता सुनिश्चित गर्न तरलता व्यवस्थापन गर्दछ। कार्यशील पुँजी र ऋण प्रतिबद्धता सहितका अन्य परिचालन आवश्यकता पुरा गर्न छुट्याइएको रकम बाहेक लगानीमा प्रतिफल अधिकतम वनाउन कुनै पनि छोटो अवधिको बचतलाई नगद र नगद समतुल्य (आवश्यक हदसम्म) को रूपमा राखिन्छ र कुनै पनि अतिरिक्त ब्याज वहन गर्ने आवधिक निक्षेपहरूमा लगानी गरिन्छ।

| वित्तीय दायित्व (आ.व. २०८१।८२) | कुल | चालु दायित्व | १-२ वर्ष | २-५ वर्ष | ५ वर्ष माथि |
|---|---|---|---|---|---|
| ग्राहक धरौटी | ५६,२२४,१३६ | | | ५६,२२४,१३६ | |
| पट्टा दायित्व | २,३२०,४६८,५०३ | ३०८,०१३,८४९ | २९१,४३०,२४० | ६७७,२५५,५२७ | १,०४३,७६८,८८७ |
| **जम्मा** | **२,३७६,६९२,६३९** | **३०८,०१३,८४९** | **२९१,४३०,२४०** | **७३३,४७९,६६३** | **१,०४३,७६८,८८७** |

| वित्तीय दायित्व (आ.व. २०८०।८१) (परिमार्जित) | कुल | चालु दायित्व | १-२ वर्ष | २-५ वर्ष | ५ वर्ष माथि |
|---|---|---|---|---|---|
| ग्राहक धरौटी | ५९,९८७,०७० | | | ५९,९८७,०७० | |
| पट्टा दायित्व | २,४८३,७४५,११२ | ३१९,३२४,०३९ | २९८,५५६,७२३ | ७३४,५७२,३१८ | १,१३१,२९२,०३२ |
| **जम्मा** | **२,५४३,७३२,१८२** | **३१९,३२४,०३९** | **२९८,५५६,७२३** | **७९४,५५९,३८८** | **१,१३१,२९२,०३२** |

**बजार जोखिम (Market Risk)**

बजार जोखिम भनेको बजार मूल्यमा हुने परिवर्तनसँग सम्बन्धित जोखिम हो, जस्तै ब्याजदर, विदेशी विनिमय दर र अन्य आर्थिक परिदृश्यहरु हुन्। बजार जोखिम व्यवस्थापनको उद्देश्य स्वीकार्य मापदण्डहरू भित्र रही बजार जोखिम व्यवस्थापन र नियन्त्रण गर्नु हो।

**(i) ब्याज दर जोखिम**

ब्याजदर जोखिम भनेको बजार ब्याज दरमा भएको परिवर्तनको कारणले वित्तीय उपकरणको वास्तविक मूल्य वा भविष्यको नगद प्रवाहमा उतार चढाव हुने जोखिम हो। बजार दरहरूमा कुनै पनि गतिविधिले कम्पनीको नगद प्रवाह र लागतमा प्रभाव पार्न सक्छ।

कम्पनीको राजस्व विभागले ब्याजदरको उतारचढावको परिणामस्वरूप वित्तीय प्रभाव कम गर्न ब्याजदर जोखिम व्यवस्थापन गर्दछ। कम्पनीले लगानीको अनुगमन गर्न र लगानी विविधिकरण प्रयासलाई सहजीकरण गर्न नीति तथा कार्यविधि बनाएको छ।

कम्पनीसँग नगद र नगद बराबर, आवधिक निक्षेप, ऋण लगानी र ऋणपत्रमा लगानी जस्ता परिवर्तनशील ब्याज दर वहन गर्ने सम्पत्ति छन्। कम्पनीको ब्याजदर जोखिम मुख्यतया वित्तीय सम्पत्तिसँग सम्बन्धित छ।

आषाढ मसान्त २०८२ मा रु. ३८ अर्ब ७१ करोड र आषाढ मसान्त २०८१ मा रु. ३२ अर्ब ४५ करोड बाराबरका वित्तीय सम्पत्तिहरू चलायमान ब्याजदर (Variable Interest Rates) अन्तर्गत छन। यदी बजार ब्याजदरमा १ प्रतिशतको उतार-चढाव हुँदा कर अगाडीको चालु आ.व.को नाफा रु. ३८ करोड ७१ लाखले घट्ने वा बढ्ने सम्भावना रहेको छ।

**(ii) विदेशी मुद्रा जोखिमः**

कम्पनीले आफ्नो सञ्चालन मुद्रा NPR बाहेक अन्य मुद्रामा कारोवारहरु गर्दा विदेशी मुद्रा जोखिम रहन्छ। मुद्रा जोखिमहरू बढाउने दुई प्रमुख मुद्राहरू यूएस डलर (USD) र यूरो (EURO) हुन्। यद्यपि, कम्पनीले त्यस्ता जोखिमलाई कम गर्न कुनै पनि Forward Contracts गरेको छैन तसर्थ कम्पनी जोखिमको अधीनमा छ। विदेशी मुद्रा मूल्यमा हुने परिवर्तनहरूले कम्पनीको अन्तरआवद्धता लेनदेनहरू, USD Term deposit, वस्तुहरूको आयात, प्लान्ट तथा उपकरण र सेवाहरू सम्बन्धी कारोवारलाई प्रभाव पार्दछ। कम्पनीले विनिमय दरमा भएका परिवर्तनलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न बजारको आर्थिक गतिविधि र बजारमा मुद्राको उतार-चढावलाई नजिकबाट निगरानी गर्दछ।

तलको तालिकामा आषाढ मसान्त २०८२ सम्मको विदेशी मुद्रा (भारतीय मुद्रा बाहेक) को जोखिम सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ।

रकम रु.

| | USD exposure | Euro exposure | जम्मा |
|---|---|---|---|
| वित्तीय सम्पत्ति | १०,७१९,७७८,०२७ | १९,६२०,६३२ | १०,७३९,३९८,६५९ |
| वित्तीय दायित्व | ५,३८०,३२१,२५६ | २८,३४१,६३० | ५,४०८,६६२,८८६ |

समीक्षा अवधिको अन्त्यमा कायम रहेको विदेशी मुद्राको सटहि दरमा ५% को मूल्य वृद्धि/ह्रास भएमा, वित्तीय सम्पत्ति र वित्तीय दायित्वमा विदेशी मुद्राको सटहि नाफा/(नोक्सानी) क्रमशः करिब रु. ५३ करोड ६९ लाख र रु. २७ करोड ४ लाख ले घट्ने/बढ्ने सम्भावना रहेको देखिन्छ।

तलको तालिकामा आषाढ मसान्त २०८१ सम्मको विदेशी मुद्रा (भारतीय मुद्रा बाहेक) को जोखिम सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ

रकम रु.

| | USD exposure | Euro exposure | जम्मा |
|---|---|---|---|
| वित्तीय सम्पत्ति | १०,२११,४८२,१९३ | ३,६२६,८२५ | १०,२१५,१०९,०१९ |
| वित्तीय दायित्व | ५,८३४,६३५,५९४ | ७०,३७९,२०८ | ५,९०५,०१४,८०२ |

## ११. व्यवस्था

**लेखा नीति**

विगतका घटनाहरुको परिणामस्वरुप सिर्जना भएका कम्पनीका वर्तमान कानूनी वा श्रृजित दायित्वलाई व्यवस्थाको रुपमा लेखाङ्कन गरिन्छ। यस्ता दायित्वलाई बहिर्गमित स्रोतबाट प्राप्त आर्थिक लाभबाट फरफारक गर्न सम्भव हुनुको साथै विश्वसनीय रुपमा दायित्वको रकम अनुमान गर्न सकिन्छ।

**व्याख्यात्मक टिप्पणी:**

व्यवस्था भनेको भुक्तानी समय तथा रकमको अनिश्चितता भएको दायित्वको रकम हो। यसको भुक्तानीमा कम्पनीको कानूनी तथा श्रृजित दायित्व (Constructive Obligation) हुने गर्दछ। व्यवस्थाको गणना कानूनी व्यवस्था तथा कम्पनीको विनियमावली अनुसार गरिन्छ। यसको भुक्तानी समय तथा रकमको लागि थप स्वीकृती आवश्यक पर्ने हुन सक्छ। कम्पनीले यी दायित्व १२ महिनाको अवधिमा राफसाफ हुने अनुमान गरेको छ, तसर्थ यसमा कुनै डिस्काउन्टिङ गरिएको छैन। यसको बाँकी मूल्यले यसको परिशोधित लागतको प्रतिनिधित्व गर्दछ।

व्यवस्था को रकम लेखाङ्कन यी दायित्व राफसाफ गर्न प्रतिवेदन मितिमा आवश्यक पर्ने व्यय रकम व्यवस्थापनको उत्तम अनुमानमा आधारित छ। व्यवस्थापनले व्यवस्था रकमलाई प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गर्ने गर्दछ र उत्तम अनुमान प्रस्तुत गर्न समायोजन समेत गर्ने गर्दछ। यदि दायित्व राफसाफ गर्न कुनै वित्तीय श्रोतहरुको हस्तान्तरण आवश्यक नपर्ने अवस्था आएमा व्यवस्थालाई उल्ट्याउने गरिन्छ।

**व्यवस्था** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| खर्चको व्यवस्था | ३०८,३४२,३७१ | २५२,९१०,३०७ |
| **जम्मा** | **३०८,३४२,३७१** | **२५२,९१०,३०७** |

## १२. सम्पत्ति र दायित्वको वास्तविक मूल्य मापन

नेपाल वित्तीय प्रतिवेदनमान १३ अनुसार कम्पनीले आफ्नो सम्पत्ति तथा दायित्वलाई वास्तविक मूल्य प्रयोग गरी तीन तहहरूमा विभाजन गरेको छ। तह १ मा सम्पत्ति तथा दायित्वलाई वर्गीकरण गरिएको छ, त्यसलाई Quoted Market Price को आधारमा मूल्याङ्कन गरिएको छ र त्यसकारण वास्तविक मूल्य निर्धारणमा न्यून अनुमानको प्रयोग गरिएको छ। तर सम्पत्ति तथा दायित्वको वास्तविक मूल्य तह २ तथा तह ३ मा निर्धारण गरिएको खण्डमा नगद प्रवाहलाई डिस्काउन्टिङ गरी विश्लेषण वा अन्य मोडेलबाट मूल्याङ्कन गरिएको छ। यस लगायत सुरक्षण नभएको सम्पत्तिमा बजार अभ्यास अनुसार कम्पनीले क्रेडिट, डेबिट तथा कोष मूल्याङ्कन समायोजन गरी सही मूल्य निर्धारण गर्ने गरेको छ। यी समायोजनको विवरण तल प्रस्तुत गरिएको छ।

यी मूल्याङ्कन विधिमा सम्पत्ति वा दायित्व निर्धारणको जटिलता तथा बजार निरीक्षण सूचनाको उपलब्धताको समेत विचार गरी व्यवस्थापनको निर्णय तथा अनुमानहरु समावेश गरिन्छ। तह २ को सम्पत्ति तथा दायित्वको मूल्याङ्कन विधिमा बजार निरीक्षण सूचनालाई Input को रूपमा प्रयोग गरिन्छ। तह ३ को सम्पत्ति तथा दायित्वमा सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तर अबलोकन योग्य बजार सूचनाको आधार नभएको कम्तीमा एउटा Input रहन्छ। तह ३ को सम्पत्ति तथा दायित्वमा प्रयोग गर्ने उपयुक्त पूर्वधारणा निर्धारणको लागि व्यवस्थापनको महत्वपूर्ण निर्णय आवश्यकता पर्दछ। कम्पनीको तह ३ को सम्पत्ति तथा दायित्वको विवरण तथा सो को मूल्याङ्कनको संवेदनशिलता लगायत सम्भावित विकल्प पूर्वधारणा प्रयोग गरी वास्तविक मूल्य निर्धारण गर्दाको प्रभाव लागू भएको ठाँउमा खुलाइएको छ।

### १२.१ वित्तीय सम्पत्ति र दायित्वको वास्तविक मूल्य मापन

सम्पत्ति तथा दायित्वलाई वास्तविक मूल्य वा जसको लागि वास्तविक मूल्य खुलाइएको छ, त्यसलाई संख्या तथा प्रयोग गरिएको सूचनाको विश्वसनीयताको आधारमा वास्तविक मूल्य निर्धारणको लागि ३ तहहरूमा वर्गीकरण गरिएको छ।

**तह १**

तह १ वास्तविक मूल्य मापनहरू सक्रिय बजारबाट समान सम्पत्ति वा दायित्वको प्राप्त असमायोजित Quoted Price को आधारमा निकालिएको छ। तह १ मा वर्गीकरण गरिएको कुराहरू विशेष गरी साधारण सेयर, ट्रेजरी विलहरू तथा नेपाल सरकारबाट जारी गरिएको धितोपत्रहरू छन्।

**तह २**

तह २ मूल्याङ्कनका लागि आवश्यक बजार मूल्यहरू (Quoted Price) उपलब्ध छैन। उदाहरणको लागि कुनै उपकरणको विनिमय हुने बजारलाई सक्रिय मानिएको छैन वा वास्तविक मूल्य निर्धारण गर्ने मूल्याङ्कन विधिलाई मानिएको छैन र यी विधिहरूले प्रयोग गर्ने Input प्रमुख गरी निरीक्षण बजार सूचनामा आधारित र हने गर्दछ। यी उपकरणहरूको उदाहरणमा Over the Counter Derivative, वित्तीय संस्थाले जारी गरेको धितोपत्र, निक्षेपको प्रमाणपत्र तथा सम्पत्तिको सुरक्षणमा रहेको धितोपत्रलाई जनाउँदछ।

**तह ३**

तह ३ को सम्पत्ति तथा दायित्व जसमा कम्तीमा एक Input बजार निरीक्षण सूचनाको आधारमा हुदैन तर सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तह ३ को सम्पत्ति तथा दायित्व मूल्याङ्कनमा प्रयोग गर्ने उपयुक्त पूर्वधारणा निर्धारणको लागि आर्जन तथा अनुमानित भविष्यको नगद प्रवाहको सम्बन्धमा व्यवस्थापनको महत्वपूर्ण निर्णय आवश्यकता पर्दछ।

१२.१ **वास्तविक मूल्यमा सम्पत्ति तथा दायित्वः**

रकम रु.

| **सम्पति तथा दायित्व आ.व.२०८१।८२** | **वहन मूल्य** | **बजार मूल्य** | **अबलोकनयोग्य थप** | **अबलोकन नहुने थप** |
|---|---|---|---|---|
| | (वास्तविक मूल्य) | (लेभल १) | (लेभल २) | (लेभल ३) |
| जमिन | २४,७७३,४२२,००० | | २४,७७३,४२२,००० | |
| भवन | ३,५६३,६९५,८१४ | | ३,५६३,६९५,८१४ | |
| सर्वोत्तम सिमेन्टमा इक्विटि लगानी | ३३,१२७,२०० | ३३,१२७,२०० | | |
| असुचीकृत इक्विटि लगानी | २२०,७३९,७६४ | | २२०,७३९,७६४ | |
| सामुहिक लगानी कोषमा लगानी | २०९,४२९,७०० | २०९,४२९,७०० | | |
| नगद वा नगद सरह | ९,५५०,२३१,५७१ | ८,९३४,०६८,९५९ | ६१६,१६२,६१२ | |
| **जम्मा** | **३८,३५०,६४६,०४९** | **९,१७६,६२५,८५९** | **२९,१७४,०२०,१९०** | **-** |

रकम रु.

| **सम्पति तथा दायित्व आ.व.२०८०।८१ (परिमार्जित)** | **वहन मूल्य** | **बजार मूल्य** | **अबलोकनयोग्य थप** | **अबलोकन नहुने थप** |
|---|---|---|---|---|
| | (वास्तविक मूल्य) | (लेभल १) | (लेभल २) | (लेभल ३) |
| जमिन | २३,०८५,०५२,०६६ | | २३,०८५,०५२,०६६ | |
| भवन | ३,४३२,४८१,३८९ | | ३,४३२,४८१,३८९ | |
| सर्वोत्तम सिमेन्टमा इक्विटि लगानी | २९,०३४,००० | २९,०३४,००० | | |
| असुचीकृत इक्विटि लगानी | २२५,५७१,४४९ | | २२५,५७१,४४९ | |
| सामुहिक लगानी कोषमा लगानी | १८६,४९९,३०० | १८६,४९९,३०० | १८६,४९९,३०० | |
| नगद वा नगद सरह | ४,१७५,२७२,७९५ | ४,१७५,२७२,७९५ | | |
| **जम्मा** | **३१,१३३,९१०,९९९** | **४,३९०,८०६,०९५** | **२६,९२९,६०४,२०४** | **-** |

जग्गालाई वास्तविक मूल्यमा प्रस्तुत गर्नको लागि जग्गाको पूनर्मूल्याङ्कन आवधिक रूपमा गरिएको छ। जग्गाको वास्तविक मूल्य निर्धारणमा समान प्रकारको नजिकको स्थानमा अवस्थित जग्गाको मूल्यलाई आधार लिइएको छ। (नोट ३ )

भवन तथा भौतिक संरचनाहरुको वास्तविक मूल्यमा विवरण प्रस्तुत गर्न कम्पनीले आवधिक रुपमा पुनर्मूल्याङ्कन गर्ने गरेको छ। भवन तथा भौतिक संरचनाको वास्तविक मूल्य निर्धारण गर्नको लागि Depreciated Replacement Cost (DRC) को प्रयोग गरिएको छ।

नगद तथा नगद सरहलाई वास्तविक मूल्यमा प्रस्तुत गरिएको छ। नगद मौज्दात उल्लिखित मुद्राको Quoted Price हो। कम्पनीले वाणिज्य बैंकहरूमा लगानी गरेको अल्पकालीन निक्षेपमा वास्तविक मूल्य प्रस्तुत गरेको मानेको छ।

**१२.२ परिशोधित लागतमा लिइएको वित्तीय सम्पत्ति र दायित्वको वास्तविक मूल्य**

परिशोधित लागत (Amortised Cost) मा लेखाङ्कन गरिएका वित्तीय सम्पत्ति तथा दायित्वले सोको वास्तविक मूल्यलाई जनाउँदछ। क्रियाशिल बजार मा उपलब्ध नभएका र स्पष्ट रुपले देखिने गरी छुट्याउन नसकिने वित्तीय सम्पत्ति तथा दायित्वलाई नेपाल वित्तीय प्रतिवेदनमान १३, तह ३ को अवधारणा अनुसार व्यवस्थापनले छुट नगद प्रवाहको आधारमा वास्तविक मूल्य अनुमान गर्दछ।

**सम्पत्ति तथा दायित्व** (आ.व.२०८१।८२)

रकम रु.

| विवरण | वहन मूल्य (Carrying Amount) | वास्तविक मूल्य | बजार मूल्य (तह १) | अबलोकन योग्य थपहरु (तह २) | अबलोकन नहुने थपहरु (तह ३) |
|---|---|---|---|---|---|
| सम्पत्ति | | | | | |
| व्यावसायिक तथा अन्य प्राप्य | १,०९७,७८८,७७१ | १,०९७,७८८,७७१ | | | १,०९७,७८८,७७१ |
| मुद्दती निक्षेप | ३२,९५३,५५०,००० | ३२,९५३,५५०,००० | | | ३२,९५३,५५०,००० |
| ऋण लगानी | १३,३४६,७९३,७२३ | १३,३४६,७९३,७२३ | | | १३,३४६,७९३,७२३ |
| दायित्व | | | | | |
| ग्राहक धरौटी र उधारो सीमा | ५६,२२४,१३६ | ५६,२२४,१३६ | | | ५६,२२४,१३६ |
| चालु दायित्व | १०,०७७,६९८,९८२ | १०,०७७,६९८,९८२ | | | १०,०७७,६९८,९८२ |
| व्यापारिक भुक्तानी योग्य | ८४९,९२९,६०० | ८४९,९२९,६०० | | | ८४९,९२९,६०० |

**सम्पत्ति तथा दायित्व** (आ.व.२०८०।८१)

रकम रु.

| विवरण | वहन मूल्य (Carrying Amount) | वास्तविक मूल्य | बजार मूल्य (तह १) | अबलोकन योग्य थपहरु (तह २) | अबलोकन नहुने थपहरु (तह ३) |
|---|---|---|---|---|---|
| सम्पत्ति | | | | | |
| व्यावसायिक तथा अन्य प्राप्य | १,५१६,०४७,४२८ | १,५१६,०४७,४२८ | - | - | १,५१६,०४७,४२८ |
| मुद्दती निक्षेप | ३९,१३१,९३०,००० | ३९,१३१,९३०,००० | - | - | ३९,१३१,९३०,००० |
| ऋण लगानी | १४,१८६,०१५,०२८ | १४,१८६,०१५,०२८ | | | १४,१८६,०१५,०२८ |
| दायित्व | | | | | |
| ग्राहक धरौटी र उधारो सीमा | ५९,९८७,०७० | ५९,९८७,०७० | - | - | ५९,९८७,०७० |
| चालु दायित्व | १०,४८२,८३५,६५५ | १०,४८२,८३५,६५५ | - | - | १०,४८२,८३५,६५५ |
| व्यापारिक भुक्तानीयोग्य | ६२७,४८६,२९७ | ६२७,४८६,२९७ | | | ६२७,४८६,२९७ |

## १३. कर्मचारी सुविधा

**लेखा नीति**

कर्मचारीहरूले सेवा प्रदान गरेको वर्षमा नै प्रदान गरिने अल्पकालीन सेवा सुविधाहरू जस्तैः तलव भत्ता, बिदा सुविधा, अन्य भत्ता कर्मचारीहरूबाट सेवा प्रदान गरेको वर्षमा प्रदान गरिने व्यवस्था रहेको छ। साथै कम्पनीले सेवानिवृत्त कर्मचारीहरूको लागि निर्धारित सुविधाहरू र निर्धारित योगदानमा आधारित सेवा सुविधाहरू उपलव्ध गराउने व्यवस्था  गरेको छ।

१. निर्धारित सुविधा योजना अन्तर्गत कम्पनीको सेवाबाट सेवानिवृत्त कर्मचारीहरूको लगि निवृत्तिभरण, उपदान, सञ्चित बिदाको भुक्तानी लगायतका भुक्तानी समावेश हुन्छन् । उल्लिखित सुविधा कर्मचारीको सेवा अवधि, उमेर र तलब सुविधाको आधारमा निर्धारण हुन्छ।
२. निर्धारित योगदानमा आधारित निवृत्तिभरण यस्तो योजना हो जसमा कम्पनीले निश्चित रकम योगदान गरेको हुन्छ, सो बाहेक अतिरिक्त कानूनी तथा सिर्जित दायित्वको अन्य भार बहन गर्नु पर्दैन।

कम्पनीले कर्मचारीको अवकाश पछिको भुक्तानी गर्नु पर्ने रकम निर्धारण गर्न निश्चित समयमा स्वतन्त्र र विज्ञ मूल्याङ्कनकर्ताबाट Actuarial मूल्याङ्कन गरी सोको आवधिक पुनरावलोकन गराइ अध्यावधिक समेत गरेको छ । यसरी अध्यावधिक गर्ने प्रयोजनको लागि सम्पत्तिलाई वास्तविक मूल्यमा मूल्याङ्कन गरिएको छ भने दायित्वको हकमा Actuarial मान्यताको आधारमा मूल्याङ्कन गरिएको छ। निर्धारित योगदान अवधारणा अर्न्तगतका दायित्वलाई वित्तीय स्थितिको विवरण मितिको बजारदरको आधारमा कट्टा गरी समायोजन गरिएको छ । कम्पनीको आय विवरणमा उल्लिखित नाफा नोक्सानमा चालु सेवा, बिगत अवधिको सेवा र खुद ब्याज बापतको खर्च समावेश गरिएको छ। पुनर्मापन अन्तर्गत Actuarial नाफा तथा नोक्सानी र योजनाको सम्पत्तिको नाफा तथा नोक्सानी र सम्पत्ति आधारमा भएको परिवर्तनको पनि आवश्यकता अनुसार समायोजन गरी वित्तीय विवरणहरुमा समावेश गर्ने गरिएको छ। अन्य विस्तृत आयमा समावेश भएको पुनर्मूल्याङ्कनको प्रभावलाई चालु वर्षको नाफा वा नोक्सान विवरणमा समावेश नगरी विगतको सञ्चित नाफामा भार पर्ने गरी समायोजन गरिएको छ।

योजनाको सम्पत्ति योजना बापतको वास्तविक सम्पत्ति तथा दायित्वको चालु मूल्यमा आउने खुद बचत तथा घाटा रकमलाई प्रतिवेदन तयार गर्ने समयमा वित्तीय विवरणमा समायोजन गरिएको छ । योजनाबाट भविष्यमा घटाइएको योगदानबाट वा योगदान फिर्ताको रकमबाट दायित्व पुरा हुने अवस्थामा मात्र बचतलाई मान्यता दिई समायोजन गरिन्छ। योजनाबाट प्राप्त हुने बचत योगदानमा हुने कमी र भविष्यमा अन्ततः प्राप्त हुन सक्ने बचतमा समायोजन गरिन्छ।

कम्पनीले कर्मचारी विनियमावली अनुसार कर्मचारीहरुलाई बिभिन्न प्रकारका ऋण तथा पेस्कीहरु दिने गरेको छ। त्यस्ता ऋण तथा पेस्कीहरु बीमा गरिएका वा नगरिएका तथा भिन्न भिन्न परिपक्व अवधिका हुने गर्छन्। कर्मचारीहरुलाई दिईएका ऋणलाई वास्तविक मूल्यमा मूल्याङ्कन गरिएको छ । परिशोधन नगरिएका कर्मचारी लागत भनेको कर्मचारी ऋण रकमको किताबी मूल्य र बजार मूल्यमा डिस्काउन्ट गरिएको कर्मचारी ऋणको वर्तमान मूल्य बीचको भिन्नता हो । ऋणको पूर्व-भुक्तानी र सेवानिवृत्त/राजीनामा दिएका कर्मचारीहरूको ऋण राफसाफ समावेश हुनेगरी स्थगित लाभहरू प्रत्येक वर्ष ऋण रकमको अन्तिम मौज्दात गणना गरिन्छ । ऋणहरुलाई वास्तविक मूल्यमा मूल्याङ्कन गर्नको लागि प्रयोग गरिएको डिस्काउन्ट दर भनेको त्यो वर्षमा कर्मचारीहरूको करयोग्य लाभ निर्धारण गर्न प्रयोग हुने ब्याज दर हो।

**व्याख्यात्मक टिप्पणी**

### १३.१ कर्मचारी सुविधा

**कर्मचारी सुविधा** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| अल्पकालीन कर्मचारी सुविधा | २,०८१,२३९,१०३ | २,१४८,९१५,३८० |
| तलव र ज्याला | १,२५१,११०,८३९ | १,३००,५६३,७६९ |
| भत्ता | ३८,१७७,००० | ३९,७७९,००० |
| पोशाक भत्ता | ३८,२१७,९०१ | ३८,४३३,७२१ |
| अतिरिक्त समय भत्ता | ५०९,६००,९६७ | ५२५,२८३,८३९ |
| स्वास्थोपचार खर्च | २८९,०४८,८१३ | २८९,५५०,७९७ |
| टेलिकम भत्ता | ५१८,४३२,०४७ | ५९२,१३९,५४५ |
| कर्मचारी बोनस (Statutory) | १२,६३४,४८८ | १४,९३७,६८९ |
| अन्य मौद्रिक सुविधा | ११४,६२८,५३६ | १२२,१११,३९६ |
| विदाको भुक्तानी | २३२,०४३,९६८ | १६६,८८०,१८१ |
| NFRS अन्तर्गत वित्तीय लागत | | |
| **निर्धारित योगदान योजना** | | |
| सञ्चय कोषमा योगदान | २०४,१५३,९५१ | २११,०२५,५२३ |
| जीवन विमा | ३८१,७८०,७११ | ३३,४७०,६२४ |
| **निर्धारित सुविधा योजना** | | |
| विदाको भुक्तानी | १७४,७९३,३७४ | १४७,३८७,४२७ |
| निवृत्तिभरण र उपदान-गैर योगदानमा आधारित | १,८८१,७६५,५०० | २,३६२,२३९,३१६ |
| निवृत्तिभरण र उपदान-योगदानमा आधारित | २१०,९३६,०७० | ६८०,८९०,४३० |
| योगदानमा आधारित निवृत्तिभरण | | १,९२२,१२३ |
| अन्य दीर्घकालीन कर्मचारी सुविधा | २८,२९८,५४२ | ११,१५२,२०४ |
| **जम्मा** | **७,९६६,८६१,८१०** | **८,६८६,६८२,९६६** |

**१३.२ अवकाश सुविधा**

कम्पनीको अवकाश सुविधा अन्तर्गत निर्धारित सुविधा योजना र निर्धारित योगदानमा आधारित सुविधाहरू रहेका छन्।

**i. निर्धारित योगदानमा आधारित योजना**

कम्पनीले अवकाश सुविधा अन्तर्गत दुईवटा निर्धारित योगदानमा आधारित योजना सञ्चालन गरेको छ।

१. कर्मचारी संचयकोषमा योगदान अन्तर्गत निश्चित तलबको १० प्रतिशतले हुन आउने रकम तलव भुक्तानीकै समयमा उक्त कोषमा पठाइन्छ।

२. कर्मचारीहरुको जीवन बीमा अन्तर्गत भुक्तानी गर्नुपर्ने बीमा शुल्कको ९० प्रतिशत रकम कम्पनीद्वारा योगदान गरिन्छ। बीमा गरिएको रकम र त्यसमा प्राप्त हुने बोनसको रकम कर्मचारीको अवकाशको समयमा भुक्तानी गरिन्छ।

**ii. निर्धारित सुविधा योजना**

कम्पनीले २०६६ कात्तिक १ सम्म सेवा प्रवेश गरी २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई निवृत्तिभरण र २० वर्ष भन्दा कम सेवा अवधि पूरा गरी अवकाश लिने कर्मचारीलाई उपदान सुविधा उपलब्ध गराउँदछ। साथै सञ्चित बिदा बापतको रकम भुक्तानी गर्दछ।

कम्पनीले २०६६ कार्तिक १ पछाडि सेवा प्रवेश गर्ने कर्मचारीहरुको हकमा योगदानमा आधारित निवृत्तिभरण उपलब्ध गराउने व्यवस्थाका लागि सञ्चालक समितिबाट मिति १८ श्रावण, २०७९ मा भएको निर्णय अनुसार कार्यान्वयन गरिएको छ ।

२०६६ कार्तिक १ गते पछि कम्पनीमा सेवा प्रवेश भएका कर्मचारीहरूको लागि योगदानमा आधारित निवृत्तिभरण कोषका व्यवस्था गरिएको थियो र यस अनुसार कम्पनीले प्रत्येक कर्मचारीको निवृत्तिभरण कोष खातामा निश्चित रकम जम्मा गर्दछ, जुन कर्मचारीहरूलाई सेवानिवृत्तिपछि उपलब्ध हुन्छ। यो व्यवस्था २०७९ श्रावण १८ गतेको सञ्चालक समितिको निर्णय अनुसार कार्यान्वयन गरिएको छ। निर्णय अनुसार, यस समूहका कर्मचारीलाई २० वर्षको सेवा अवधि पुरा गरेपछि निवृत्तिभरण प्राप्त गर्ने अधिकार हुनेछ, जसका लागि कर्मचारीहरूले १० प्रतिशत योगदान गर्नेछन् भने कम्पनीले समान १० प्रतिशत योगदान गरेकोछ। त्यस्तो निवृत्तिभरणको भुक्तानी गर्दा कोषमा कम हुने भएमा कम्पनीले सो कम भएको रकम व्यहोर्ने छ। २० वर्षको सेवा अवधि पुरा नगर्ने कर्मचारीहरूलाई भने कोषमा जम्मा गरिएको रकम कर्मचारीको व्यक्तिगत खातामा जम्मा गरेर भुक्तानी दिइनेछ।

कम्पनीले निर्धारित अवकाश भुक्तानीको मूल्याङ्कन गरी दायित्व यकिन गर्न आवधिक रुपमा Actuary मार्फत दायित्व निर्धारण गदै आएको छ। अवकाश भुक्तानी बापत आउने दायित्वको वर्तमान मूल्यलाई गैर चालु दायित्वमा राखिएको छ। विगत एवं वर्तमानको सेवा बापत लागत तथा खुद ब्याजलाई (Net of Unwinding Interest and Return on Plan Assets) नाफा वा नोक्सानमा राखिएको छ। Actuarial पुनर्मूल्याङ्कित रकमलाई विस्तृत आय विवरणमा समावेश गरिन्छ। अवकाशको समयमा केही रकम कोषबाट र केही रकम समुह बाट भुक्तानी गर्ने गरिएको छ। कम्पनीले अधिकतम ७ वर्षको निवृत्तिभरण वरावरको रकम पेस्कीको रुपमा  प्रदान गर्दै आएको छ र उक्त अग्रिम भुक्तानी रकम अन्तिम Actuarial दायित्वमा समायोजन गरिन्छ।

कर्मचारीको पूर्वानुमानित सरदर आयुमा भएको वृद्धि, सम्पत्तिको वृद्धि दरमा गरिएको पूर्वानुमानमा गिरावट तथा अनुमानभन्दा बढी मुद्रास्फीतिले सम्पत्तिको मूल्यमा कमी भइ दायित्वमा वृद्धि हुन सक्ने जोखिम विद्यमान रहेको छ।

**निर्धारित सुविधा योजना दायित्व** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| अ. ल्या निर्धारित सुविधा योजना दायित्व | ३३,७७७,३४४,८२७ | ३१,८६०,७७४,३३२ |
| Transition अवधिमा दायित्वमा थप | | ५४३,२९८,८९७ |
| चालु सेवा लागत | १,१०५,२४२,४४० | १,६२९,९१४,७३३ |
| वित्तीय लागत | २,४९१,४६९,६२० | २,३९९,७७४,६३० |
| सुविधा भुक्तानी | (१,०९२,४३०,५३३) | (१,०५३,२३६,२४४) |
| Actuarial मापन | २,००५,७९१,०९० | (१,६०३,१८१,५२०) |
| **अन्तिम निर्धारित सुविधा योजना दायित्व** | **३८,२८७,४१७,४४४** | **३३,७७७,३४४,८२७** |

**निर्धारित सुविधा योजना सम्पत्ति** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| अ.ल्या निर्धारित सुविधा योजना सम्पत्ति | १५,५२८,१२७,८८८ | ८,९११,२३४,९०३ |
| लगानीकर्ताको योगदान | ८८,२०५,९०९ | ९७५,१३७,४५१ |
| Employers Contribution-Non-Contributory | १२,९२३,९२६,६६४ | ५,०४७,४५२,५४६ |
| गत वर्ष लगानीको लाभ | १,२१४,५८८,५८० | ७१७,०६०,७९४ |
| Advance Tax on return on plan assets | (५५,९००,३३६) | (४४,६८३,०६२) |
| सुविधा भुक्तानी Contributory | (७,२५७,३१५) | (२२६,२६२,८४३) |
| सुविधा भुक्तानी - Non- Contributory | (१,१२७,४४५,२०४) | |
| Actuarial Remeasurements | (६,८७६,८५०) | १४८,१८८,१०० |
| **अन्तिम निर्धारित सुविधा योजना सम्पत्ति** | **२८,५५७,३६९,३३६** | **१५,५२८,१२७,८८८** |

| | | |
|---|---|---|
| खुद निर्धारित सुविधा योजना दायित्व | ९,७३०,०४८,१०८ | १८,२४९,२१६,९३९ |
| Charged र (credited) तय P&L | २,३८२,१२३,४८० | ३,३१२,६२८,५६९ |
| Charged र (credited) तय OCI | २,०१२,६६७,९४० | (१,७५१,३६९,६२०) |

**निर्धारित सुविधा योजना दायित्व – निवृत्तिभरण तथा उपदान (योगदानमा आधारित नभएको)**

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| सुरुको निर्धारित सुविधा योजना दायित्व | ३०,५८९,८४८,९९० | २९,८७३,०५४,९३४ |
| चालु सेवा शुल्क | ८३९,५९१,१६० | ८७२,४१३,५४० |
| वित्तीय लागत | २,२५६,७६२,९२० | २,२०६,८८६,५७० |
| योजनाको सम्पत्तिवाट गरिएको भुक्तानी | (८६५,२५४,८२१) | (२२६,२६२,८४३) |
| रोजगादाताले सोभै भुक्तानी गरेको रकम | - | (५७७,७५९,२११) |
| Actuarial Remeasurements | १,७२४,२२६,३२० | (१,५५८,४८४,०००) |
| **अन्तिम निर्धारित सुविधा योजना दायित्व** | **३४,५४५,१७४,५६९** | **३०,५८९,८४८,९९०** |

**निर्धारित सुविधा योजना दायित्व – (योगदानमा आधारित)**

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| सुरुको निर्धारित सुविधा योजना दायित्व | १,२२४,१८९,३२७ | - |
| थप सुविधा योजना दायित्व (पहिचान भएको मितिमा - Transition Date) | - | ५४३,२९८,८९७ |
| चालु सेवा शुल्क | ११९,४५९,०८० | ६४३,२६२,७८० |
| वित्तीय लागत | ९१,४७६,९९० | ३७,६२७,६५० |
| योजनाको सम्पत्तिवाट गरिएको भुक्तानी | (८,९९२,३३४) | - |
| रोजगादाताले सोभै भुक्तानी गरेको रकम | ४४,१०२,९५५ | - |
| Actuarial Remeasurements | २८२,७८३,३५० | - |
| **अन्तिम निर्धारित सुविधा योजना दायित्व** | **१,७५३,०१९,३६७** | **१,२२४,१८९,३२७** |

**निर्धारित सुविधा योजना दायित्व - बिदा**

रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| **सुरुको निर्धारित सुविधा योजना दायित्व** | **१,९६३,३०६,५१०** | **१,९८७,७१९,३९७** |
| चालु सेवा शुल्क | १४६,१९२,२०० | ११४,२३८,४१३ |
| वित्तीय लागत | १४३,२२९,७१० | १५५,२६०,४१० |
| कम्पनीद्धारा भुक्तानी गरेको सुविधा | (२६२,२८६,३३२) | (२४९,२१४,१९०) |
| Actuarial Remeasurements | (१,२१८,५८०) | (४४,६९७,५२०) |
| **अन्तिम निर्धारित सुविधा योजना दायित्व** | **१,९८९,२२३,५०८** | **१,९६३,३०६,५१०** |

**निर्धारित सुविधा योजना सम्पत्ति – (योगदानमा आधारित नभएको)**

रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| अ.ल्या निर्धारित सुविधा योजना सम्पत्ति | १४,५४२,५९८,०१७ | ८,९११,२३४,९०३ |
| रोजगारदाताको योगदान - योगदानमा आधारित नभएको | १२,९२३,९२६,६६४ | ५,०४७,४५२,५४६ |
| योजना सम्पत्तिमा प्रतिफल | १,१३७,६३८,२७९ | ६३४,७५०,०८१ |
| योजना सम्पत्ति प्रतिफलमा अग्रिमकर | (५५,९००,३३६) | - |
| (-) सुविधा भुक्तानी - योगदानमा आधारित | - | (२२६,२६२,८४३) |
| (-) सुविधा भुक्तानी - योगदानमा आधारित नभएको | (१,१२७,४४५,२०४) | - |
| (-) Actuarial Remeasurements | १३,८६५,६१० | १७५,४२३,३३० |
| **अन्तिम निर्धारित सुविधा योजना सम्पत्ति** | **२७,४३४,६८३,०३०** | **१४,५४२,५९८,०१७** |

**निर्धारित सुविधा योजना सम्पत्ति – (योगदानमा आधारित)**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| योजना सम्पत्तिको सुरुको वास्तविक मूल्य | ९८५,५२९,८७१ | - |
| रोजगारदाताको योगदान - योगदानमा आधारित | ४४,१०२,९५५ | ९७५,१३७,४५१ |
| कर्मचारीको योगदान | ४४,१०२,९५५ | |
| योजना सम्पत्तिमा प्रतिफल | ७६,९५०,३०१ | ३७,६२७,६५० |
| योजना सम्पत्ति प्रतिफलमा अग्रिमकर | | |
| (-)सुविधा भुक्तानी - योगदानमा आधारित | (७,२५७,३१५) | |
| (-)सुविधा भुक्तानी - योगदानमा आधारित नभएको | - | |
| (-) Actuarial Remeasurements | (२०,७४२,४६०) | (२७,२३५,२३०) |
| **अन्तिम निर्धारित सुविधा योजना सम्पत्ति** | **१,१२२,६८६,३०६** | **९८५,५२९,८७१** |

### Actuarial assumptions

निर्धारित सुविधा योजना बापतको दायित्वको Actuarial Valuation मा निम्न आधारहरूलाई लिएर गरिएको छ।

**निर्धारित सुविधा योजना (गैरयोगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| डिस्काउन्ट दर | ७% | ७.५% |
| तलब बृद्धिदर | ७ % | ७% |
| निवृत्तिभरणमा हुने वृद्धिदर | ४% | ४% |
| सम्पत्तिमा अनुमानित प्रतिफल दर | ७% | ७.५% |
| बैवाहिक स्थीती | १००% बैवाहित | १००% बैवाहित |
| मृत्युदर (अवकास अघि) | Nepal Assured Mortality 2009 | Nepal Assured Mortality 2009 |
| मृत्युदर (अवकास पश्चात) | Indian Individual Annuitant's Mortality Table (2012-15) | Indian Individual Annuitant's Mortality Table (2012-15) |
| जीवनसाथीको आयुमा फरक | ५ वर्ष | ५ वर्ष |
| फिर्ता दर | Age<45 -2% | Age<45 -> 5% |
| | Age>=45 -0.5% | Age>=45 -> 0% |

**निर्धारित सुविधा योजना (योगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| डिस्काउन्ट दर | ७% | ७.५% |
| तलब बृद्धिदर | ७ % | ७ % |
| निवृत्तिभरणमा हुने वृद्धिदर | ४% | ४% |
| सम्पत्तिमा अनुमानित प्रतिफल दर | ७% | ७.५% |
| सञ्चीत योगदानमा व्याज | ४% | ४% |
| बैवाहिक स्थीती | १००% बैवाहित | १००% बैवाहित |
| मृत्युदर (अवकास अघि) | Nepal Assured Mortality 2009 | Nepal Assured Mortality 2009 |
| मृत्युदर दर(अवकास पश्चात) | Indian Individual Annuitant's Mortality Table (2012-15) | Indian Individual Annuitant's Mortality Table (2012-15) |
| जीवनसाथीको आयुमा फरक | ५ वर्ष | ५ वर्ष |
| फिर्ता दर | Age<45 -2% | Age<45 -2% |
| | Age>=45 -0.5% | Age>=45 -0.5% |

### Sensitivity Analysis (Pension & Gratuity)

**निर्धारित सुविधा योजना ( गैर योगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| Discount Rate | | |
| Effect on DBO – increase of discount rate by 1% | (१३.४)% | (१३.०)% |
| Effect on DBO – decrease of discount rate by 1% | १६.८% | १६.३% |
| Salary Escalation Rate | | |
| Effect on DBO – increase of salary rate by 1% | ३.५% | ३.९% |
| Effect on DBO – decrease of salary rate by 1% | (३.२)% | (३.६)% |
| Pension Inflation Rate | | |
| Effect on DBO – increase of pension inflation rate by 5% | १२.८% | ११.९% |
| Effect on DBO – decrease of pension inflation rate by 3% | (१०.६)% | (१०.०)% |

निर्धारित सुविधा योजना (योगदानमा आधारित)

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| Discount Rate | | |
| Effect on DBO - increase of discount rate by 1% | (२४.२)% | (२३.८)% |
| Effect on DBO - decrease of discount rate by 1% | ३४.१% | ३३.३% |
| Salary Escalation Rate | | |
| Effect on DBO - increase of salary rate by 1% | १८.६% | १८.७% |
| Effect on DBO - decrease of salary rate by 1% | (१५.६)% | (१५.७)% |
| Pension Inflation Rate | | |
| Effect on DBO - increase of pension inflation rate by 1% | १२.८% | १२.३% |
| Effect on DBO - decrease of pension inflation rate by 1% | (१०.५)% | (१०)% |

**Sensitivity Analysis (Leave Obligation)**

| विवरण | आ.व. २०८१.८२ | आ.व. २०८०.८१ | आ.व. २०८१.८२ | आ.व. २०८०.८१ |
|---|---|---|---|---|
| | वार्षिक विदा | | बिरामी विदा | |
| Discount Rate | | | | |
| Effect on DBO - increase of discount rate by 1% | (७.६)% | (७.३)% | (६.३)% | (६.२)% |
| Effect on DBO - decrease of discount rate by 1% | ८.७% | ८.३% | ७.१% | ६.९% |
| Salary Escalation Rate | | | | |
| Effect on DBO - increase of salary rate by 1% | ८.६% | ८.३% | ७.०% | ६.९% |
| Effect on DBO - decrease of salary rate by 1% | (७.७)% | (७.४)% | (६.३)% | (६.३)% |

१३.३ **योजना सम्पत्तिः**

**क) कम्पनीको एकल योगदानमा आधारित :**

कम्पनीले नागरिक लगानी कोष र Earmark गरिएको मुद्दती निक्षेपको उपदान कोष योजना (निक्षेप योजना) मा योजना सम्पत्तिको रूपमा लगानी गरेको छ। कम्पनीले प्रतिवेदन अवधिमा उक्त योजना सम्पत्तिमा नागरिक लगानी कोषमा रु.२२.०६ अर्बको स्वेच्छिक योगदान गरेको र रु.५.३६ अर्ब रकम Earmark मुद्दती निक्षेपमा लगानी गरेको छ । योजना सम्पत्तिको मुख्य लगानी उद्देश्यहरू भनेको उपदान र एकमुष्ट निवृत्तिभरण भुक्तानी गर्न कोषको उपलब्धता सुनिश्चित गर्नु हो र निवृत्तिभरणको भुक्तानी यसै कोषवाट गरिन्छ।

**ख) कम्पनी र कर्मचारीको संयुक्त योगदानमा आधारित**

निर्णय हुनु अघि निवृत्तिभरण प्रदान गर्नको लागि राखिएको योगदानमा आधारित कोषमा कम्पनीले कर्मचारीको व्यक्तिगत निवृत्तिभरण कोष खातामा निश्चित रकम जम्मा गर्ने गरेको थियो, जुन कर्मचारीहरूलाई सेवा निवृत्तिपछि उपलब्ध हुनेछ। यसलाई २०७९ श्रावण १८ गतेको सञ्चालक समितिको निर्णयद्वारा संशोधन गरिएको छ । कर्मचारी र कम्पनीबाट कोषमा योगदान गरिएको रकमलाई निवृत्तिभरण दायित्वको भुक्तानीको लागि निर्धारित योजनाको सम्पत्ति (Defined Benefit Assets) को रूपमा लेखाङ्कन गरिएको छ।

१३.४ **अनुमानित भावी लाभहरुको भुक्तानीः**

अपेक्षित भविष्य लाभ भुक्तानीहरू आषाढ ३२, २०८२ मा लाभ दायित्व निर्धारण गर्न प्रयोग गरिएको समान Actuarial अनुमानहरू प्रयोग गरी अनुमान गरिएको छ, किनभने लाभ भुक्तानी भविष्यको रोजगारी र क्षतिपूर्ति स्तरहरू, औसत सेवा अवधि, भुक्तानी प्रक्रियामा निर्भर हुने गर्दछ। उपयुक्त अनुमानको आधारमा अवकाश सुविधाका दायित्व अन्तर्गत अपेक्षित लाभ भुक्तानीहरू निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ।

रकम रु. हजारमा

| वर्ष | निवृत्तिभरण तथा उपदान ( गैर योगदानमा आधारित) | निवृत्तिभरण तथा उपदान (योगदानमा आधारित) | सञ्चित विदा |
|---|---|---|---|
| जुलाई १५, २०२६ | १,०३५,७१८ | ७२३ | १०५,००५ |
| जुलाई १५, २०२७ | १,४०६,१५३ | १,०२६ | १८९,८३१ |
| जुलाई १५, २०२८ | १,४९५,४३८ | १,७४४ | २०३,७२१ |
| जुलाई १५, २०२९ | १,४९३,६७० | १,९१४ | १८३,४४५ |
| जुलाई १६, २०३० | १,५९६,०७१ | २,६९३ | १९५,२८३ |
| वर्ष २०३० देखि २०३४ | १०,०६८,२६१ | ५६,२०६ | ९६०,२६६ |

## १४. सेयर पुँजी

**लेखा नीति**

कम्पनीले पुँजीकोष वित्तीय दायित्व हो अथवा इक्विटी हो भन्ने विषय निर्धारण गर्नको लागि नेपाल लेखामान ३२ (वित्तीय उपकरणः प्रस्तुति) लागू गरेको छ । करार सम्झौताको परिणाम, कम्पनीको हालको उत्तरदायित्व, नगद वितरण गर्ने वा अन्य वित्तीय सम्पत्ति अथवा विभिन्न संख्यामा लगानीकर्ताको लागि इक्विटी सेयर जारी गर्ने भन्ने विषय अन्तर्गत जारी गरिएको वित्तीय उपकरण वा सोका तत्वहरू दायित्वको रुपमा वर्गीकृत गरिएको छ । यसबाहेक सो उपकरणलाई इक्विटी उपकरण नै मानिन्छ ।

नयाँ सेयर जारी गर्दाको प्रत्यक्ष थप लागतलाई इक्विटीमा प्राप्त र कमबाट घटाई देखाइएको छ ।

लगानीकर्ताको लाभांश र अन्य प्रतिफलको पहिचान भुक्तानीको समयमा गरिन्छ अथवा त्यसबेला गन्छि, जब वार्षिक साधारणसभाबाट घोषणा गरिन्छ र सोही आय वर्षको इक्विटीमा भार पर्ने गरी लेखाङ्कन गरिएको छ ।

**व्याख्यात्मक टिप्पणी**

कम्पनीको सूचीकृत पुँजीको बनोट यसप्रकार रहेको छ ।

**सेयर पुँजी**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| सेयर संख्या | | |
| अधिकृत सेयर संख्या | २५०,०००,००० | २५०,०००,००० |
| जारी सेयर संख्या | १८०,०००,००० | १८०,०००,००० |
| चुक्ता सेयर संख्या | १८०,०००,००० | १८०,०००,००० |
| परल मूल्य | १०० | १०० |
| सेयर पुँजी | | |
| अधिकृत पुँजी (रू.) | २५,०००,०००,००० | २५,०००,०००,००० |
| जारी पुँजी (रू.) | १८,०००,०००,००० | १८,०००,०००,००० |
| चुक्ता पुँजी (रू.) | १८,०००,०००,००० | १८,०००,०००,००० |

**कम्पनीको सेयर लगानी संरचनाः**

**सेयर अंश संरचना**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| नेपाल सरकार | ९१.५०% | ९१.५०% |
| नागरिक लगानी कोष | ०.०३% | ०.०३% |
| सर्वसाधारण | ८.४७% | ८.४७% |
| | १००% | १००% |

## १५ जगेडा तथा सञ्चित मुनाफा

**लेखा नीति**

**स्थगन कर जगेडा**

कम्पनीको स्थगन गरिएको खुद सञ्चित कर सम्पत्ति उत्पन्न भएमा कम्पनीले आफनो नीति अनुसार सो वरावरको सञ्चित कर सम्पत्तिको भाग विनियोजन गर्दछ। जब सञ्चित कर दायित्व उत्पन्न हुन्छ, तब ती रकमलाई इक्विटीमा पुनर्वर्गीकरण गरी सञ्चित मुनाफामा लगिन्छ।

**पुनर्मूल्यात्तन जगेडा**

**जग्गा**

कम्पनीले Freehold Land Properties को मूल्यलाई प्रस्तुत गर्न पुनर्मूल्याङ्कन विधिलाई आत्मसात गरेको छ। जग्गाको मूल्यमा वृद्धि भएको रकमलाई पुनर्मूल्याङ्कन जगेडामा बाँडफाँट गरिएको छ। त्यस्तै गरी जग्गाको मूल्य घट्न गएमा, पुनर्मूल्याङ्कन जगेडाको रकमले खाम्ने रकमसम्म सञ्चित पुनर्मूल्याङ्कनको रकममा भार पारिन्छ भने बाँकी रकम नाफा वा नोक्सानमा इम्पेयरमेन्टको रुपमा भार पारिएको छ।

**भवन र भौतिक संरचना**

भवन र भौतिक संरचनाको मूल्यमा वृद्धि भएको रकमलाई बढेको र कम बराबर नै पुनर्मूल्याङ्कन जगेडामा थप गरिएको छ। चालु आर्थिक वर्षमा यस्तो पुनर्मूल्याङ्कन गर्दा भएको थप ह्रास रकमलाई इक्विटीमा भार पारिएको छ।

**व्याख्यात्मक टिप्पणी**

**जगेडा तथा सञ्चित मुनाफा**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| सञ्चित मुनाफा | ४६,०७१,४१३,०९३ | ४७,८५०,५१२,३२४ |
| पुनर्मूल्याङ्कन जगेडा | २५,३०३,४७९,९६१ | २३,४६१,६४९,२६९ |
| स्थगन कर जगेडा | ८,९७२,४६३,७४४ | ८,१४७,५४५,१०४ |
| | ८०,३४७,३५६,७९९ | ७९,४५९,७०६,६९७ |

जगेडा तथा सञ्चित मुनाफामा भएको परिवर्तनलाई विस्तृतरुपमा इक्विटीमा परिवर्तनको विवरणमा देखाइएको छ।

## १६. ग्राहकसँगको सम्झौताबाट प्राप्त आय

**लेखा नीति**

प्रतिज्ञा गरिएका उत्पादन वा सेवाको नियन्त्रण ग्राहकलाई हस्तान्तरण गरेपछि कम्पनीले ती उत्पादन वा सेवाबाट प्राप्त गरेको वा प्राप्त गर्ने अपेक्षा गरेको कुनै पनि कर र छुट बाहेकको रकमलाई राजस्वको मान्यता दिइन्छ।

मध्यस्थकर्ता मार्फत प्रतिज्ञा गरिएका उत्पादन वा सेवा प्रदान गर्दा, कम्पनीले आफु मुख्य रूपमा कार्यसम्पादन दायित्व (Performance Obligation) पूरा गर्न जिम्मेवार छ कि छैन र यसले ग्राहकलाई हस्तान्तरण गर्नु अघि प्रतिज्ञा गरिएको सेवा नियन्त्रण गर्छ कि गर्दैन भनेर मूल्याङ्कन गर्दछ। प्रत्येक कार्यसम्पादन दायित्व पूरा गरेपश्चात मात्र राजस्वको पहिचान गरिन्छ।

कम्पनी मुख्य सेवाप्रदायकको रूपमा कार्य गर्दा, ग्राहकलाई प्रदान गरिएको सामग्री सेवाबाट ग्राहकलाई बिल गरिएको कूल रकमको आधारमा राजस्वको लेखाङ्कन गरिन्छ। कम्पनीले एजेन्टको रूपमा कारोबार गर्दा प्राप्त गर्ने सेवा शुल्कमा मुख्य सेवाप्रदायकबाट प्राप्त सेवा र सोसँग सम्बन्धित सामग्री बापतको लागत कट्टा गरी बाँकी रकम राजस्वको रुपमा लेखाङ्कन गरिन्छ।

कम्पनीले निम्न ५ चरणको प्रक्रिया पूरा गरी ग्राहकसँगको सम्झौताबाट प्राप्त आय मापन गर्दछ।

१. ग्राहकसँगको करार पहिचान

२. करार अनुसारको कार्यसम्पादन दायित्व पहिचान

३. कारोवार मूल्यको निर्क्योल

४ प्रत्येक कार्यसम्पादन दायित्वको कारोवार मूल्य कायम

५ करारको दायित्व पूरा भएपछि आय लेखाङ्कन

**पोर्टफोलियो दृष्टिकोण (Portfolio Approach):**

ग्राहकसँगको प्रत्येक सम्झौताको लेखाङ्कनको लागि माथिका ५ चरणको प्रक्रिया लागू हुन्छन्। यद्यपि, व्यावहारिक कठिनाईका कारण कम्पनीले यसलाई समान विशेषता भएका सम्झौता (वा कार्यसम्पादन दायित्व) को आधारमा लेखाङ्कन गर्ने गर्दछ। कम्पनीले पोर्टफोलियोमा यो प्रक्रिया लागू गर्दा वित्तीय विवरणमा पर्ने प्रभावहरू प्रत्येक सम्झौताको लेखाङ्कनको भन्दा सारभूत रूपमा फरक हुने छैन भन्ने अपेक्षा गर्दछ।

पोर्टफोलियोको आधारमा लेखाङ्कन गर्दा कम्पनीले पोर्टफोलियोको आकार र संरचनालाई प्रतिबिम्बित गर्ने अनुमान र मान्यताहरू प्रयोग गर्ने गर्दछ।

**सम्झौता परिमार्जन (Contract Modification):**

सम्झौता परिमार्जन भनेको सम्झौताका पक्षहरुद्वारा अनुमोदित दायरा वा मूल्य वा दुवैमा परिवर्तन हो।

निम्न अवस्थामा सम्झौता परिमार्जनलाई छुट्टै सम्झौताको रूपमा लिइन्छ :

- प्रतिज्ञा गरिएका वस्तु वा सेवा फरक भई सम्झौताको दायरा बढेमा।
- प्रतिज्ञा गरिएको वस्तु र सेवाको एकल बिक्री मूल्यलाई प्रतिबिम्बित गर्ने प्रतिफलले सम्झौताको मूल्य बढेमा।

**फिर्ता नहुने अग्रिम शुल्क (Non-Refundable Upfront Fees):**

- सेवा बिक्रीसँग सम्बन्धित फिर्ता नहुने गरी लिइने दर्ता, अग्रिम सेवा सुचारु (Activation) लगायत अन्य शुल्कहरु सम्बन्धित सेवा अनुबन्ध अवधि वा ग्राहकले सो सेवा प्रयोग गर्ने अवधिको आधारमा सो अवधिभर स्थगित गरी लेखाङ्कन गरिन्छ। उल्लिखित शुल्कको प्राप्तिले फरक कार्यसम्पादन दायित्वको परिणाम दिँदैन तथापि अग्रिम शुल्क भविष्यका सेवाको लागि अग्रिम भुक्तानी हो। तसर्थ सम्झौता दायित्वको रूपमा मान्यता प्राप्त हुन्छ र ग्राहकले सो सेवा प्रयोग गर्ने अवधिको आधारमा सो अवधिभर स्थगित गरी ले खाङ्कन गरिन्छ।
- प्रत्येक फरक कार्यसम्पादन दायित्व पुरा भएपश्चात राजस्व पहिचान गरिन्छ। राजस्वको मुख्य वर्ग र मान्यताको आधार निम्नानुसार छन् :

- सेवा राजस्व
- Multiple Deliverables
- उपकरण बिक्री

**सेवा राजस्व**

सेवा राजस्वमा मुख्यतया भ्वाइस, डाटा, एसएमएस र VAS जस्ता सेवा उपयोगको शुल्क पर्दछ। सबै दूरसञ्चार सेवा (भ्वाइस, डाटा र एसएमएस) कम्पनीको नेटवर्कमा डिजिटल सिग्नल प्रतिनिधित्व गर्ने डाटाको रूपमा प्रसारण गरिनुका साथै उपलब्ध गराइने भएकोले एउटै कार्यसम्पादन दायित्वलाई प्रतिनिधित्व गर्ने मानिन्छ।

सेवा प्रसारणले नेटवर्क ब्यान्डविथ खपत गर्ने हुँदा ग्राहकले सञ्चार को प्रकृतिमा केन्द्रित नभई नेटवर्कमा पहुँच र ब्यान्डविथ उपभोग गर्ने अधिकार प्राप्त गर्दछ।

कम्पनीले यी सेवा प्रदान गरेपश्चात राजस्व पहिचान गर्दछ। ग्राहकबाट प्राप्त हुनुपर्ने राजस्वभन्दा बढी सङ्कलन भएको रकमलाई स्थगित राजस्व (deferred revenue), ग्राहक/सदस्यबाट प्राप्त अग्रिम शुल्कको रूपमा वर्गीकृत गरिन्छ।

अन्तर्राष्ट्रिय सेवा आयमा अन्तरआवद्धता र अन्य अपरेटरद्वारा कम्पनीको नेटवर्क प्रयोगबापत प्राप्त हुने भ्वाइस, डाटा, एसएमएस तथा रोमिङ्ग शुल्क आदि पर्दछन्। यसमा इन्टरप्राइज लिज (Enterprise Lease) सेवा पनि समावेश छ। साथै, सेवा नियन्त्रणको स्थानान्तरण पश्चात उक्त आयको पहिचान गरिन्छ।

कम्पनीले सरकारको तर्फबाट सङ्कलन गर्ने स्वामित्व शुल्क, दूरसञ्चार सेवा शुल्क र मूल्य अभिवृद्धि करले कम्पनीलाई आर्थिक लाभ नदिने भएकाले कम्पनीको आयमा समावेश गरिएको छैन।

**Multiple Deliverables**

कम्पनीले बिभिन्न सामान, सेवा वा सम्पत्ति प्रयोग गर्ने गरी विभिन्न राजस्व व्यवस्थापन गरेको छ। प्रारम्भमा यसमा भएका सबै Deliverable हरूले फरक कार्यसम्पादन दायित्वको प्रतिनिधित्व गर्छन् कि गर्दैनन् भनेर निर्धारण गर्न मूल्याङ्कन गरिन्छ र यसरी मूल्याङ्कन गर्दा फरक कार्यसम्पादन दायित्वको प्रतिनिधित्व गरेमा छुट्टै हिसाब गरिन्छ।

Multiple Deliverables सँग सम्बन्धित कूल Consideration लाई प्रत्येक कार्यसम्पादन दायित्वको एकल बिक्री मूल्यको आधारमा बाँडफाँट गरिएको छ। कम्पनीले उपकरण र नेटवर्क सेवाहरू अलग-अलग बिक्री गर्दा लिने सूचीकृत मूल्यको आधारमा एकल बिक्री मूल्य निर्धारण गर्दछ।

**उपकरण बिक्री**

उपकरण बिक्री मुख्यतया दूरसञ्चार उपकरण र सम्बन्धित सामानहरूको बिक्रीसँग सम्बन्धित छ, जसको लागि उपकरणको नियन्त्रण ग्राहकलाई हस्तान्तरण गर्दा राजस्व पहिचान गरिन्छ।

**व्याख्यात्मक टिप्पणी**

**ग्राहकसँगको सम्झौताबाट प्राप्त आय** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| **सेवा विक्रिबाट प्राप्त आय** | | |
| भ्वाइस | १८,०३३,३२६,९९५ | २०,२८८,९३७,६१४ |
| डाटा | १३,९२७,२४०,७१७ | १२,५२५,२२७,५८३ |
| एसएमएस | १,४०६,३७८,१५५ | १,३४३,६१४,७५५ |

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| अन्य | २३८,३३८,६७२ | १४९,८५३,५०० |
| जम्मा | ३३,६०५,२८४,५३९ | ३४,३०७,६३३,४५२ |
| उपकरण बिक्रीबाट प्राप्त आय | २८९,२३८,१४९ | २५२,६३२,५३१ |
| **जम्मा** | **३३,८९४,५२२,६८८** | **३४,५६०,२६५,९८३** |

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| **आधारभुत टेलिफोन सेवा** | | |
| स्थानीय/अन्तर्देशीय | १५२,८४७,५२१ | २४९,६४९,७०७ |
| अन्तराष्टिय | ८७०,४५४ | १,३१९,७२२ |
| लिज सर्किट | २७८,९६३,८७६ | २८३,९६५,३९५ |
| ए.डि.एस.एल. | १४,४४५,५१३ | ५४,२८७,५१५ |
| सीप (SIP) फोन | १,०९२,७७६ | १,१६५,१५९ |
| एफटीटीएच - भ्वाइस | ५१८,७०६,७५५ | १,२६१,३४१,८२७ |
| एफटीटीएच - डाटा | १,१५०,८११,२३० | ९१३,४४२,२३३ |
| अन्य | १९,५१९,०६३ | २१,५३२,५३१ |
| **आधारभूत टेलिफोन सेवाको जम्मा आय** | **२,१३७,२५७,१८८** | **२,७८६,७०४,०८८** |
| **GSM** | | |
| भ्वाइस | १५,२५९,३९९,८९७ | १६,१७३,१४८,८४९ |
| डाटा | १२,४१७,२८५,५१४ | ११,१४७,३१०,३१७ |
| एसएमएस | ४५१,०२४,५२५ | ३९०,९१९,१११ |
| रोमिङ्ग | ४७,७४६,०२५ | २६,१०७,२३८ |
| अन्य | २०७,०४७,०१० | ११७,१४०,५७३ |
| GSM मोवाईल सेवाको जम्मा आय | २८,३८२,५०२,९७२ | २७,८५४,६२६,०८७ |
| अन्तरआवद्धता सेवा | | |
| अन्तरआवद्धता आय - अन्तर्राष्ट्रिय | १,५०५,३३५,४६५ | १,९४८,५६१,५६७ |
| अन्तरआवद्धता आय - अन्तर्देशीय | २६३,७९६,०२० | २१५,३१९,३०७ |
| अन्तर्राष्ट्रिय रोमिङ्ग (Sharing) | २८३,५३१,१५४ | २४९,८१५,२१७ |
| एसएमएस | ५१३,५९५,७१७ | ५६८,५१८,७४८ |
| अन्य | ७,७७४,०३३ | ११,१८०,३९५ |
| अन्तरआवद्धता सेवाको जम्मा आय | २,५७४,०३२,३८९ | २,९९३,३९५,२३३ |
| भ्यालु एडेड सेवा (VAS) | ४५२,५७४,१२६ | ५५२,८२४,३६२ |
| आई.पी.टि.भी.(IPTV) | ५८,९१७,८६५ | १२०,०८३,६८२ |
| **जम्मा सेवा बिक्रि बापतको आय** | **३३,६०५,२८४,५३९** | **३४,३०७,६३३,४५२** |

**बहु वितरण (Multiple Deliverables):**

Multiple Deliverables (ह्यान्डसेट, ग्राहक परिसर उपकरण, फाइबर केबल, नेटवर्क सेवा आदि) सहितको वस्तुलाई एकल Deliverables मा बाँडफाँट गरिएको र व्यक्तिगत Deliverable को समान मापदण्डको आधारमा पहिचान गरिएको छ। एक वर्षभन्दा वढी समय अवधिको प्याकेजसँग सम्बन्धित राजश्वलाई प्रोदभावी आधारमा राजश्व लेखाङ्कन गरी बाँकी राजश्वलाई Deferred गरिएको छ।

**फिर्ता नहुने अग्रिम शुल्क (Non-Refundable Upfront Fees)**

ग्राहकले कम्पनीको सेवा प्रयोग गर्ने सरदर अवधि १२ महिना भन्दा बढी हुने अनुमान गरिएको छ र यसको Churn Rate अनुमानित सरदर सेवा प्रयोग अवधिको उत्कृष्ट सूचक हो । कम्पनीले यसरी सेवाप्रबन्धसँग सम्बन्धी अग्रिम सेवा सुचारु शुल्कबापत प्राप्त हुने राजस्व सेवा सुचारु भएको मितिदेखि सम्बन्धित सेवा सम्झौता अवधि वा ग्राहक सेवा प्रयोग अवधिको आधारमा स्थगित गरी लेखाङ्कन गर्दछ।

## १७. वित्तीय आय

**लेखा नीति**

विभिन्न स्रोतबाट प्राप्त वित्तीय आयलाई नेपाल वित्तीय प्रतिवेदनमान ९ को आधारमा लेखाङ्कन गरिएको छ।

**व्याख्यात्मक टिप्पणी**

**वित्तीय आय** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| ऋण लगानीमा ब्याज आम्दानी | १,३१६,५४७,११९ | १,४१२,६८९,०५६ |
| ऋणपत्रमा प्राप्त ब्याज | ३५८,४४७,११२ | ३६०,४८०,६४१ |
| निक्षेपमा ब्याज | १,८००,५२३,१५२ | ४,८२८,०७०,६९६ |
| कर्मचारी ऋणमा ब्याज | २६९,०११,३४० | १६६,५३१,४९० |
| लगानीको वास्तविक मूल्यमा परिवर्तन | २२,१९१,९१५ | ४८,६७८,७४९ |
| **जम्मा** | **३,७६६,७२०,६३८** | **६,८१६,४५०,६३३** |

## १८. अन्य आय

**लेखा नीति**

लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने हक सिर्जना भएपछि तथा अन्य आम्दानीलाई विश्वसनीय रुपमा मापन भएका वा प्राप्ति सम्भव देखिएको अवस्थामा अन्य आम्दानी शिर्षकमा जनाइएको छ । सरकारी अनुदानसँग संलग्न सर्त पालना गर्ने र अनुदान प्राप्त हुने उचित आश्वासन पश्चात मात्र कम्पनीले सरकारी अनुदानलाई आम्दानीको मान्यता दिएको छ। (नोट २७)

**व्याख्यात्मक टिप्पणी**

**अन्य आय** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१(परिमार्जित) |
|---|---|---|
| कार्यसम्पादन जमानत जफत र अन्य आय | २९६,५७३,९७५ | ५६८,२३४,६४२ |
| सरकारी अनुदान आम्दानी | २३०,२८८,८८१ | १९४,४७१,९०० |
| **जम्मा** | **५२६,८६२,८५६** | **७६२,७०६,५४२** |

## १९. सेवा सञ्चालन तथा मर्मत खर्च

कार्य सञ्चालन खर्चमा स्थिर नेटवर्क र मोवाइल सञ्चार सम्बद्ध नेटवर्कको सञ्चालन तथा मर्मतमा लागेका खर्च सम्लग्न गरिएको छ।

**व्याख्यात्मक टिप्पणी**

**सञ्चालन तथा मर्मत खर्च** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| कार्यालय उपकरण मर्मत खर्च | ४७,८५६,१४६ | ४६,७९५,६६४ |
| भवन मर्मत खर्च | १३०,३५८,७२१ | १४०,००३,३४३ |
| प्लान्ट तथा मेसिन मर्मत खर्च | १,८२९,५१४,८४० | २,००७,५०७,९८० |
| सफ्टवयर मर्मत खर्च | २१८,७५० | |
| शक्ति, ताप तथा प्रकाश खर्च | १,४१८,१२३,३०२ | १,४२२,७५२,३६३ |
| सवारी इन्धन खर्च | ९६,३९९,७४४ | १०७,३०८,८५६ |
| सवारी मर्मत खर्च | ७०,७२९,९६२ | ७३,५०२,३३६ |
| ढुवानी खर्च | १४,२३१,९०५ | १३,८२१,२२७ |
| अन्तर्राष्ट्रिय आई.पि. लिज र ट्रान्जिट खर्च | १,०१२,७२५,६४८ | ९११,८७१,७७५ |
| टेलिफोन सेट तथा अन्य सामग्री खर्च | ३०७,८९४,४९५ | ४२५,२२९,६९२ |
| क्यासकार्ड खर्च | २४९,८६९,३६२ | २३६,३६५,१८६ |
| सोधपुछ सेवा खर्च | ३९,५८३,२४० | ४२,९६८,२८९ |
| भ्यालु एडेड सेवा खर्च | ४,४४२,३६९ | ७९,७६५,२१७ |
| अन्तरआबद्धता खर्च (राष्ट्रिय) | २७८,५३५,६५३ | २७८,६१७,७०७ |
| अन्तरआबद्धता खर्च (अन्तर्राष्ट्रिय) | १५३,१९५,७४७ | २५९,६०५,६५७ |
| तालिम खर्च (करार) | १०५,३००,७२३ | १७७,३४२,९५८ |
| भाडा खर्च (कार्यसञ्चालन सेवाको लागि) | २३,१९०,६५९ | ४८,४२३,५३७ |
| पि.टु.पि. एसमएस खर्च | ३०,०२३,४४९ | २८,२६२,७६७ |
| रोमिङ्ग खर्च | २४,९९७,३५८ | ११,२४८,८८६ |
| प्राविधिक सेवा खर्च | ४१,३२६,९९७ | ६९,६१०,५८१ |
| अनुसन्धान खर्च | ४१०,४९५ | ६९१,२०७ |
| डाटा इन्ट्रि खर्च | २,३६२,७६३ | १,९४८,४३७ |
| **जम्मा** | **५,८८१,२९२,३२७** | **६,३८३,६४३,६६५** |

## २०. विक्रि सञ्जाल, बजारीकरण र प्रवर्द्धन खर्च

### व्याख्यात्मक टिप्पणी

**विक्रि सञ्जाल, बजारीकरण र प्रवर्द्धन खर्च**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| बिक्रीबापतको कमिसन | १०९,५४४,९५४ | ९३,४३४,४६७ |
| विज्ञापन तथा बिक्री प्रवर्द्धन | २३२,६४०,१५७ | १८७,८१८,३५६ |
| **जम्मा** | **३४२,१८५,१११** | **२८१,२५२,८२३** |

## २१. कार्यालय सञ्चालन खर्च

### व्याख्यात्मक टिप्पणी

**प्रशासनिक खर्च**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| भ्रमण खर्च | १५०,००३,१७७ | १३७,८११,३१९ |
| कर तथा शुल्क | ९८,७४५,७८१ | ९५,२६१,८९४ |
| भाडा खर्च (कार्यालय सञ्चालन) | १३२,०७७,००९ | ९६,१६४,४७५ |
| सञ्चालक समिति बैठक भत्ता | २,३४६,४०० | २,३२८,५०० |
| अन्य बैठक भत्ता तथा खर्च | ४७,३३४,७६८ | ४९,५७७,४१७ |
| मसलन्द तथा छपाइ खर्च | ३१,५०५,२५० | ३२,४४१,२९२ |
| बैंक चार्ज | २०,५६५,९७६ | १६,८९३,४०८ |
| तालिम खर्च | १८६,४५६,६२७ | २३१,०९१,०८९ |
| अतिथि सत्कार खर्च | २६,९२०,२३१ | २४,९०६,०१५ |
| कार्यालय सजावट | ११,२८१,६६२ | ११,३९९,९११ |
| बीमा खर्च | ४०,७३८,३१२ | ३०,१२५,४०८ |
| लेखापरीक्षण शुल्क | २,४००,००० | २,४००,००० |
| कर लेखापरीक्षण शुल्क | ८००,००० | ८००,००० |
| लेखापरीक्षण खर्च | ४,७५६,२५५ | ५,२८२,३७२ |
| हुलाक खर्च | ९८०,५१० | १,२२६,५६८ |
| पुस्तक तथा पत्रपत्रिका | २,१११,१९९ | २,३३६,७२५ |
| व्यावसायिक सेवा शुल्क खर्च | ४,७२३,८२० | ५,६५८,४३३ |
| सुरक्षा खर्च | २८६,५२७,०२२ | २६०,३८०,४०६ |
| बाह्यस्रोत सेवा खर्च | ४,७५०,०६८ | ९,६५८,८२१ |
| सदस्यता शुल्क | १५,१४६,८७८ | १२,६५२,४०७ |
| व्यावसायिक सपोर्ट खर्च | ४३,११६,७४७ | ५८,५१३,३६० |
| सञ्चार खर्च | १४,९९२,८७१ | १८,७३७,७६४ |
| वार्षिकोत्सव खर्च | ५,५२३,२०९ | ५,५६५,२६२ |
| साधारणसभा खर्च | १,६८३,०५६ | १,८८१,९४३ |
| अन्य खर्च | १२४,९५२,३४४ | १०२,७८२,३१७ |
| विविध खर्च | २०,३०१,३२२ | १७,७००,२२४ |
| **जम्मा** | **१,२८०,७४०,४९४** | **१,२३३,५७७,३३०** |

## २२. नियामक दस्तुर, शुल्क तथा नवीकरण दस्तुर

**व्याख्यात्मक टिप्पणी**

**नियामक दस्तुर, शुल्क तथा नवीकरण दस्तुर** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| रोयल्टी | १,३४१,८५४,६६७ | १,३६७,५०१,९९१ |
| ग्रामीण दूरसञ्चार विकास कोष योगदान | ६७०,९२७,३३३ | ६८३,७५०,९९५ |
| फ्रिक्वेन्सी दस्तुर | २,२९९,३३४,६३० | १,९८९,४९९,२२२ |
| अनुमति पत्र दस्तुर | - | ३,२४९,७७५,३२९ |
| **जम्मा** | **४,३१२,११६,६३०** | **७,२९०,५२७,५३७** |

दूरसञ्चार नियमावली, २०५४ बमोजिम सेवा राजस्वको ४ प्रतिशतको दरले रोयल्टी र नेपाल दूरसञ्चार प्राधिकरणको इजाजत पत्रको सर्त अनुसार सेवा राजस्वको २ प्रतिशतको दरले ग्रामीण दूरसञ्चार विकास कोष (RTDF) बापतको दायित्व लेखाङ्कन गरिएको छ। (नोट १६ः ग्राहक सम्झौताबाट प्राप्त राजस्व)।

आर्थिक वर्ष २०६३/६४ मा २१०० MHz ब्यान्डको फ्रिक्वेन्सी शुल्क सम्बन्धी नेपाल दूरसञ्चार प्राधिकरण (NTA) सँगको विवादित विषयमा कम्पनीले दायर गरेको पुनरावेदनमा समीक्षा अवधिमा सर्वोच्च अदालतले निर्णय जारी गरेको छ। यसको सम्भावित दायित्वका लागि विगतका वर्षहरुमा सम्भावित दायित्व (Contingent Liability) शिर्षकमा रु. १ अर्ब ६६ करोड देखाइएको थियो। सर्वोच्च अदालतले निर्णय अनुसार, कम्पनीले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई जम्मा रु. ३५०,०२६,२३० (आर्थिक वर्ष २०८१/८२ का लागि रु.६,०००,००० सहित) भुक्तानी गरेको छ। उक्त रकमलाई समीक्षा अवधिमा नाफा वा नोक्सानी विवरणमा खर्चको रूपमा लेखाङ्कन गरिएको छ।

## २३. वित्तीय खर्च

**व्याख्यात्मक टिप्पणी प्रभावकारी**

भुक्तानी गर्नुपर्ने GSM अनुमतिपत्र दस्तुर र पट्टा बापतको दायित्वमा प्रभावकारी ब्याज विधिको प्रयोग गरी गणना गरिएको खर्चलाई वित्तीय खर्चमा राखिएको छ।

**वित्तीय खर्च** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| वित्तीय खर्च तथा पट्टा दायित्व | १८५,०८२,०६६ | १९०,६७२,९७१ |
| **जम्मा** | **१८५,०८२,०६६** | **१९०,६७२,९७१** |

## २४.इम्पेयरमेन्ट लागत र पुनरावृत्ति (Impairment Cost and Reversal):

**लेखा नीति**

**गैर वित्तीय सम्पत्तिमा इम्पेयरमेन्ट**

जायजेथा, प्लाण्ट र उपकरणको कुनै एकाइमा भएको हानी, त्यसको बाँकी रकम र असुलयोग्य रकम बीचको फरकलाई इम्पेयरमेन्ट को रुपमा पहिचान गरिएको छ। कुनै सम्पत्तिको खास एकाइले स्वतन्त्र रुपमा नगद प्रवाह गर्दैन भने असुलयोग्य रकमलाई त्यस्तै समूहमा रहेका नगद आर्जन गर्ने एकाइ (Cash Generating Units, CUG) को आधारमा निर्धारण गरिएको छ।

कम्पनीको प्रत्येक प्रतिवेदन मितिमा कुनै सम्पत्तिमा इम्पेयरमेन्ट गर्नुपर्ने देखिएको अवस्थामा सोको निर्धारण गरी असुलयोग्य रकम समेत निश्चित गरिएको छ।

इम्पेयरमेन्ट  समीक्षामा प्रभाव पार्न सक्ने महत्वपूर्ण कारण निम्न छन् :
क) अप्रचलित वा भौतिक क्षति;
ख) प्रविधि र नियामक वातावरणमा भएको महत्वपूर्ण परिवर्तन;
ग) कार्यसम्पादन अन्तर्गत अपेक्षित ऐतिहासिक वा अनुमानित भविष्यमा सञ्चालन उपलब्धिमा महत्वपूर्ण परिवर्तन;
घ) सम्पत्ति प्रयोगमा वा यसको समग्र व्यवसायको लागि रणनीतिमा महत्वपूर्ण परिवर्तन।

इम्पेयरमेन्टका सूचकहरूको पहिचान, भविष्यको नगद प्रवाहको अनुमान र Cash Generating Unit (CGU) हरूको असुलयोग्य रकमको निर्धारणलाई महत्वपूर्ण निर्णय चाहिन्छ। CGU हरूको असुलयोग्य रकम, वास्तविक मूल्यमा निसर्ग गर्न लाग्ने लागत घटाइ आउने मूल्य र Value In Use मध्ये जुन बढी हुन्छ सोहीलाई कायम गरिएको छ। बजारमूल्यको आधारमा निर्धारण गर्न नसकिने अवस्थामा यस्तो मूल्य Discounted Cash Flow को आधार मा गरिन्छ। नगद प्रवाहको गणना असुलयोग्य रकम, वास्तविक मूल्य, Past Trend तथा बाह्य सूचनाको आधारमा गरिएको छ। सम्पत्ति वा CGU मा हुने विशेष जोखिम देखाउनको लागि उपयुक्त Discount Rate को प्रयोग गरिएको छ।

वित्तीय सम्पत्तिमा इम्पेयरमेन्ट
नेपाल वित्तीय प्रतिवेदनमान ९ ले कुनै पनि वित्तीय सम्पत्तिको सुरु मापनदेखि ऋण जोखिममा उल्लेख्य वृद्धि भएको छ छैन भन्ने आधारमा ३ चरणमा इम्पेयरमेन्ट मोडलको सुरुवात गरेको छ। यी इम्पेयरमेन्टका चरणले लेखाङ्कन अवधिमा अनुमानित ऋण नोक्सानी (Expected Credit Loss-ECL) को रुपमा वा ब्याज आम्दानी मध्ये कुन लेखाङ्कन गर्ने भनि इम्पेयरमेन्ट रकमको निर्धारण गर्दछ।

चरण १: सुरु प्राप्तिदेखि ऋण जोखिममा कुनै प्रभावकारी वृद्धि छैन भने १२ महिनाको अनुमानित ऋण नोक्सानीको लेखाङ्कन गर्ने र कूल जम्मामा ब्याज लेखाङ्कन गर्ने।
चरण २: सुरु प्राप्तिदेखि ऋण जोखिममा ठूलो वृद्धि देखिएमा अवधिभरको लागि अनुमानित ऋण नोक्सानीको लेखाङ्कन गर्ने र कूल जम्मामा ब्याज लेखाङ्कन गर्ने।
चरण ३: वित्तीय सम्पत्ति क्रेडिट इम्पेयर्ड भएमा (हालसालै नेपाल लेखामान ३९-वित्तीय उपकरणहरू: मापन तथा लेखाङ्कन मा समावेश मापदण्ड अनुसार) अवधिभरको लागि अनुमानित ऋण नोक्सानीको लेखाङ्कन गर्ने र खुद जम्मामा (कूल जम्मामा क्रेडिट छुट घटाएर) ब्याज लेखाङ्कन गर्ने ।

**व्याख्यात्मक टिप्पणी**

**इम्पेयरमेन्ट/(इम्पेयरमेन्ट फिर्ता)**

रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
|---|---|---|
| सम्पत्ति प्लान्ट र उपकरण | २१३,३५५,३२० | ५७,२६५,६६३ |
| अमूर्त सम्पत्तिहरू | ६,५४४,६२१ | - |
| पुँजीगत कार्य प्रगतिमा | (२८,६५२,०६१) | १२८,९७०,६०३ |
| दीर्घकालीन अग्रिमहरू | ८६,८२६,०६९ | - |
| पूर्वभुक्त खर्चहरू | ३,७३९,९४३ | - |
| गैर-वित्तीय सम्पत्तिहरू | (२७,१३२,२५५) | - |
| वित्तीय उपकरणहरू | | |
| व्यापार प्राप्तिहरू | ५१६,१३८,९८९ | (८८,२१३,३८१) |
| सूची | १,११६,१६८ | ५,२३५,२७० |
| संचय, अग्रिमहरू र अन्य प्राप्तिहरू | (९,०८८,५२९) | - |
| ऋण लगानी | ५४४,६८१,०६३ | (५७५,६०७,७८८) |
| ब्याङ्क | १३,८८६,७८२ | |
| **जम्मा** | **१,३२१,४१६,१०९** | **(४७२,३४९,६३४)** |

## २५. वैदेशिक मुद्रा सटही दरमा भएको परिवर्तनको असर

**लेखा नीति**

वैदेशिक मुद्रामा हुने कारोवार रकमलाई कारोवार मितिमा कायम सटही दर प्रयोग गरी प्रचलित सञ्चालन मुद्रामा (नेपाली रुपैंया) रुपान्तरण गरिएको छ। विदेशी मुद्रामा देखाइएका मौद्रिक सम्पत्ति तथा दायित्व प्रतिवेदन तयार गर्दाको मितिमा कायम रहेको दरको आधारमा कम्पनीको चलनचल्तिको कारोवार मुद्रामा रुपान्तरण गरिन्छ। मुद्रा रुपान्तरणको कारण सृजित लाभ वा हानीलाई नाफा वा नोक्सान विवरणमा देखाइन्छ। गैर मौद्रिक सम्पत्तिलाई सुरु प्राप्त गर्दाको मितिमा कायम रहेको सटही दरको आधारमा नै लेखाङ्कन गरिन्छ जसलाई पछि पुनर्लेखन गरिदैन।

**व्याख्यात्मक टिप्पणी**

**सटही दरमा भएको परिवर्तनको असर**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| लेनदेनबाट नाफा/(नोक्सान) | १९७,६९६,५९४ | ३०,४८८,६६४ |
| मूल्याङ्कनबाट नाफा/(नोक्सान) | १३,०३४,६४३ | ६७,५१८,५४९ |
| **जम्मा** | **२१०,७३१,२३७** | **९८,००७,२१३** |

## २६. आयकर

**लेखा नीति**

कम्पनीले करको लेखाङ्कन तथा प्रतिवेदन तयार गर्ने प्रयोजनको लागि नेपाल लेखामान १२ अनुसरण गरको छ। आर्थिक वर्षको नाफामा आयकर गणना गर्दा चालु र स्थगन कर समावेश गरी प्रत्यक्ष रुपमा इक्विटी वा अन्य विस्तृत आम्दानी विवरणसँग सम्बन्धित वस्तुहरुको हदसम्म बाहेकको करलाई सिधा नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिन्छ।

**चालु कर**

चालु आयकरमा चालु वर्षको नाफामा विवरण तयार गर्दाको मितिमा कायम करको आधारमा तिर्नुपर्ने अपेक्षित कर तथा विगत वर्षको तिर्न बाँकी कर समायोजन सहितको कर पर्दछ। चालु करको रकम तिनुपर्ने वा प्राप्त गनुपर्ने भनि अपेक्षा गरिएको करको उचित अनुमान हो जसले आयकरसँग सम्बन्धित अनिश्चितता समेत प्रतिबिम्बित गर्दछ।

**स्थगन कर**

स्थगन करले कम्पनीको भविष्यमा लिनु वा दिनु पर्ने करको दायित्वलाई जनाउँछ। जुन कम्पनीको सम्पत्ति तथा दायित्वको वित्तीय विवरण अनुसारको बाँकी रकम र करयोग्य नाफा गणना गर्दा हुने कर आधारमा भएको अस्थायी भिन्नताबाट सिर्जित हुन्छ।

**स्थायी भिन्नताहरू (Temporary differences)** निम्न विषयमा हुन सक्छन्:

- करयोग्य अस्थायी भिन्नता (Taxable temporary Differences)
- कटौतीयोग्य अस्थायी भिन्नता (Deductible Temporary Differences)

स्थगन कर वित्तीय स्थितिको विवरणमा दायित्व गणना विधिबाट गणना गरिन्छ। उक्त गणनामा करयोग्य दायित्व र सम्पत्तिको अस्थायी फरक गणना गरी नाफामा समायोजन गरिन्छ।

स्थगन कर दायित्व सामान्यतया सबै करयोग्य अस्थायी भिन्नता र अस्थायी भिन्नता वा करयोग्य लाभ उपलब्ध हुन सक्ने सम्मका तथा त्यस्ता अस्थायी भिन्नताको प्रयोग गर्न सकिने स्थगन कर सम्पत्तिका लागि गणना गरिन्छ।

स्थगन करलाई विवरण तयार गर्दाको मितिमा कायम करका दरहरुको प्रयोग गरी रिभर्स गर्दा अस्थायी भिन्नतामा लागू हुने अपेक्षा गरिएका करका दरमा मापन गरिन्छ। स्थगन कर सम्पत्ति प्रत्येक रिपोर्टिङ्ग मितिमा पुनः समीक्षा गरी भावी पूर्वानुमान कर योग्य लाभ र कर योजना रणनीतिको स्तरको आधारमा सम्भावित कर लाभ प्राप्त हुने सम्भावना नभएको हदसम्म घटाइन्छ।

यदि चालु कर दायित्वलाई चालु कर सम्पत्तिबाट फरफारक गर्न सक्ने कानूनी अधिकार छ, त्यसता कर निर्धारण गर्ने कर निकाय एउटै छ र कम्पनीले चालु कर सम्पत्ति र दायित्वको खुद हिसाब गरी वा सम्पत्ति प्राप्त गर्ने र दायित्व एकै साथ फरफारक गर्ने सोच राख्दछ भने चालु कर सम्पत्ति र दायित्वलाई राफसाफ गरिन्छ।

### २६.१ खुद कर सम्पत्ति र कर दायित्व

कम्पनीको आ.व. २०७५-७६ (२०१८/१९) को अन्तिम कर परीक्षण पुरा भइसकेको छ । बाँकी आ.व.हरूको सम्पत्ति र दायित्वको विवरण निम्नानुसार रहेको छ :

रकम रु.

| आय वर्ष | आयकर बापत व्यवस्था | अग्रिम आयकर भुक्तानी | खुद कर सम्पत्ति / (दायित्व) | सञ्चित कर सम्पत्ति/ (दायित्व) |
|---|---|---|---|---|
| २०७६/७७ | ६,२७१,१४८,६६४ | ६,९६२,१०४,६७८ | ६९०,९५६,०१४ | १,३९७,४५३,२९० |
| २०७७/७८ | ४,२९५,७५३,३६० | ५,१७५,२२५,४०३ | ८७९,४७२,०४३ | २,२७६,९२५,३३३ |
| २०७८/७९ | ५,३८०,१४२,७२२ | ४,७६२,६६१,६७७ | (६१७,४८१,०४५) | १,६५९,४४४,२८८ |
| २०७९/८० | ४,५५५,४६१,४६९ | ४,६३८,७९५,५५४ | ८३,३३४,०८५ | १,७४२,७७८,३७३ |
| २०८०/८१ | २४७,४५०,४९७ | २,३२०,४४४,८५४ | २,०७२,९९४,३५७ | ३,८१५,७७२,७३० |
| २०८१/८२ | ४,७२७,२४१,११३ | १,३८२,७५५,७७७ | (३,३४४,४८५,३३६) | ४७१,२८७,३९४ |

### २६.२ चालु कर

चालु कर दायित्व (वा फिर्ता प्राप्ति) चालु वर्षको करयोग्य आय तथा विगत वर्षको कर भुक्तानी बाँकी समायोजनमा निर्भर गर्दछ। करयोग्य आय नाफा वा नोक्सानको विवरणमा देखाइएको नाफा भन्दा फरक पर्न सक्छ किनकि केही आम्दानी वा खर्चहरू विभिन्न वर्षहरूमा कर भार पार्नुपर्ने वा घटाउनु पर्ने हुन सक्छन् भने कतिपय त्यस्ता आम्दानी वा खर्चहरू कर नलाग्ने वा घटाउनु नपर्ने हुन सक्दछन्। कम्पनीको चालु कर दायित्व प्रचलित आयकर ऐन २०५८ (2002 AD), आयकर नियमावली, सोसँग सम्बन्धित निर्देशिका तथा परिपत्र अनुसार गणना गरिएको छ।

**आयकर खर्च**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| करको व्यवस्था | | |
| चालु वर्षको लागि | ३,८८०,५२५,०१० | ६९,४९७,७५९ |
| विगत वर्षको लागि | ७५१,७३०,१४१ | ४४,९२१,१३६ |
| स्थगन कर | (७८८,७६८,४७२) | ३,३७१,८१६,९५० |
| **जम्मा** | **३,८४३,४८६,६७९** | **३,४८६,२३५,८४४** |

**व्याख्यात्मक टिप्पणी**

समीक्षा अवधिमा कम्पनीले आर्थिक वर्ष २०७१/७२ को आयकर निर्धारण सम्बन्धी विषयमा सर्वोच्च अदालतबाट अन्तिम निर्णय प्राप्त गरेको छ, जसले राजस्व न्यायाधिकरणको अघिल्लो निर्णयलाई सदर गरेको छ। विवादमा रहेका चारवटा आयकरसम्बन्धी मुद्दाहरुमध्ये एउटा कम्पनीको पक्षमा निर्णय भएको छ। यसैगरी, स्रोतमा कर कट्टी (TDS) सम्बन्धी दुईवटा मुद्दामध्ये एउटा मुद्दा कम्पनीको पक्षमा निर्णय भएको छ।

सर्वोच्च अदालतको निर्णय अनुसार कम्पनीले रु. ७५०,५२५,४३४ बराबरको आर्थिक स्रोतको बहिर्गमन हुने सम्भावना रहेको छ, जसको विवरण निम्नानुसार रहेको छ। यी रकमहरूलाई विगतका आ.व.मा सम्भावित दायित्व (Contingent Liabilities) अन्तर्गत देखाइएको थियो। सर्वोच्च अदालतको निर्णय अनुसार समीक्षा अवधिमा नाफा वा नोक्सानी विवरणमा रु. ७५०,५२५,४३४ को व्यवस्था गरिएको छ।

| वर्षहरू | आयकर | स्रोतमा कर कट्टि |
|---|---|---|
| २०७१/७२ | १३१,५६६,३०० | २०,३९२,१०८ |
| २०७२/७३ | २०३,३१०,०१२ | - |
| २०७३/७४ | १४२,४४३,४७८ | - |
| २०७४/७५ | ६१,८५०,३३५ | - |
| २०७५/७६ | ७४,०१९,४५७ | १८,२३९,१०८ |
| २०७६/७७ | ५२,९२२,८६० | ८,४८५,१५५ |
| २०७७/७८ | ३७,२९६,६१६ | - |
| **जम्मा** | **७०३,४०९,०६२** | **४७,११६,३७२** |

### २६.३ स्थगन कर

**व्याख्यात्मक टिप्पणीहरू:**

कम्पनीले विगतका आ.व. मा Employee Benefit Obligation सम्बन्धी स्थगन कर गणना गर्दा Defined Benefit Assets लाई Defined Benefit Obligation मा Netting गरी गर्ने गरेकोमा समीक्षा अवधिमा यस सम्बन्धमा व्यवस्थापनले पुनरावलोकन गरी Defined Benefit Obligation को कुल रकममा कर्मचारीलाई वास्तविक भुक्तानी भएको रकम घटाई नेपाल वित्तिय प्रतिवेदन मान १२ अनुसार गणना गरेको छ। साथै Defined Benefit Assets मा स्थगन कर गणना गरिएको छैन।

माथि उल्लेखित परिर्वतनको आर्थिक वर्ष २०७९/८० सम्मको प्रभावका लागि थप स्थगित कर सम्पत्ति रु. २,६७३,३७०,४७१ बराबर आर्थिक वर्ष २०८०/८१ को सुरु रकमलाई परिमार्जिन गरिएको छ। साथै आ.व. २०८०।८१ को नाफा वा नोक्सानी विवरणमा रु. १,७०७,८४१,३९३ परिमार्जिन गरिएको छ।

रकम रु.

| विवरण -आ.व.२०८१।८२ | आर्थिक विवरण अनुसारको रकम | कर आधार | अस्थायी फरक रकम (रु.) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| जायजेथा, प्लाण्ट र उपकरण | २१,७३०,७९९,२२१ | ३०,५८३,५९९,२५९ | (८,८५२,८००,०३८) |
| जमिन | २४,७७३,४२२,००० | ५९३,९२७,२२८ | २४,१७९,४९४,७७२ |
| अदृष्य सम्पत्ति | १,११४,७१८,८६३ | १,००५,२१०,९९७ | १०९,५०७,८६५ |
| ऋण लगानी | १३,३४६,७९३,७२३ | १४,०४९,२५६,५५१ | (७०२,४६२,८२८) |
| व्यापारिक प्राप्तियोग्य | १,०९७,७८८,७७१ | २,९१३,४१२,११८ | (१,८१५,६२३,३४८) |
| प्रोदभावी रकम, पेस्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम | १,८१७,५३४,१४३ | १,८६७,७२७,४३४ | (५०,१९३,२९१) |
| जिन्सि मौज्दात | २८२,३३४,४५० | ५३२,२३५,८२५ | (२४९,९०१,३७५) |
| पुँजीगत कार्य प्रगति | ३,२३०,३६४,१९६ | ४,५७८,५४०,८९८ | (१,३४८,१७६,७०२) |
| अग्रीम भुक्तानी तथा अन्य गैर वित्तीय सम्पत्ति | ९९०,३३९,००४ | १,००७,१४०,५६२ | (१६,८०१,५५८) |
| सामुहिक लगानी कोषमा लगानी | २०९,४२९,७०० | १९०,०००,००० | १९,४२९,७०० |
| इक्विटी लगानी | २५३,८६६,९६४ | २०४,४३६,००० | ४९,४३०,९६४ |
| एसोसिएट्समा लगानी | १,६१२,४३५,५८० | २,४६३,३४१,२५० | (८५०,९०५,६७०) |
| दीर्घकालीन लगानी तथा पेस्की | ९७८,७४५,६९५ | १,१५८,९५६,४४८ | (१८०,२१०,७५३) |
| सम्झौता लागत सम्पत्ति | ४१७,३५३,६३९ | | ४१७,३५३,६३९ |

रकम रु.

| विवरण -आ.व.२०८१/८२ | आर्थिक विवरण अनुसारको रकम | कर आधार | अस्थायी फरक रकम (रु.) |
|---|---|---|---|
| कारोबार नाफा (नोक्सान) | १३,०३४,६४३ | | १३,०३४,६४३ |
| **दायित्व र व्यवस्था** | | | |
| **दायित्व र प्रावधानहरू** | | | |
| परिभाषित लाभ योजना प्रावधान- गैर-योगदानकर्ता | ९,०९९,७१५,०४६ | (२७,४३४,६८३,०३०) | (३६,५३४,३९८,०७७) |
| परिभाषित लाभ योजना प्रावधान-योगदानकर्ता | ६३०,३३३,०६१ | - | (६३०,३३३,०६१) |
| टेलिकम भत्ता व्यवस्था | ८६८,५७८,६६४ | - | (८६८,५७८,६६४) |
| कर्मचारी बोनसको व्यवस्था | १,७३३,८३८,९८९ | - | (१,७३३,८३८,९८९) |
| खर्चको लागि व्यवस्था | ३०८,३४२,३७१ | | (३०८,३४२,३७१) |
| लिज दायित्व - नेट) | ४०२,५९८,६०८ | | (४०२,५९८,६०८) |
| स्थगित सिम एक्टिभेसन राजस्व | १५१,२९८,७३३ | | (१५१,२९८,७३३) |
| **जम्मा** | | | (२९,९०८,२१२,४८१) |
| करको दर @ | ३०% | | (८,९७२,४६३,७४४) |
| **स्थगन कर दायित्व/सम्पत्ति** (आ.व. २०८०/८१) | | | (८,१४७,५४५,१०४) |
| आ.व. २०८१-८२ **स्थगन कर खर्च/** (आय) | | | (८२४,९१८,६४०) |
| **स्थगन कर दायित्व/(सम्पत्ति) आषाढ ३२, २०८२** | | | (८,९७२,४६३,७४४) |
| **स्थगन कर खर्च/(आय) – आ.व. २०८१-८२ नाफा नोक्सान** | | | (७८८,७६८,४७२) |
| **स्थगन कर खर्च /(आय) – आ.व. २०८१-८२ ओसीआई** | | | (३६,१५०,१६८) |

| विवरण -आ.व.२०८०/८१ | आर्थिक विवरण अनुसारको रकम | कर आधार | अस्थायी फरक रकम (रु.) |
|---|---|---|---|
| **सम्पत्ति** | | | |
| जायजेथा, प्लाण्ट र उपकरण | २५,२७४,८७८,८२८ | ३३,११७,०२२,६९५ | (७,८४२,१४३,८६७) |
| जग्गा | २३,०८५,०५२,०६६ | ५८६,९००,३०१ | २२,४९८,१५१,७६५ |
| अदृष्य सम्पत्ति | १,५१२,४०३,४७२ | १,५९१,०९१,३८३ | (७८,६८७,९११) |
| ऋण लगानी | १४,१८६,०१५,०२८ | १४,३४३,७९६,७९३ | (१५७,७८१,७६५) |
| व्यापारिक प्राप्तियोग्य | १,५१६,०४७,४२८ | २,८१५,५३१,७८७ | (१,२९९,४८४,३५९) |
| प्रोदभावी रकम, पेस्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम | ९८३,९५०,२२७ | १,०४३,२३२,०४७ | (५९,२८१,८२०) |
| जिन्सि मौज्दात | ५२१,०७२,१८२ | ७६९,८५७,३८९ | (२४८,७८५,२०७) |
| पुँजीगत कार्य प्रगति | ३,७९०,०३६,६०३ | ५,१६९,१९५,३६६ | (१,३७९,१५८,७६३) |
| अग्रीम भुक्तानी तथा अन्य गैर वित्तीय सम्पत्ति | ८२०,६८०,३४८ | ८६०,८७४,२१८ | (४०,१९३,८७०) |
| म्युचुअल फण्डमा लगानी | १८६,४९९,३०० | १९०,०००,००० | (३,५००,७००) |
| इक्विटीमा लगानी | २२५,५७१,४४९ | २०४,४३६,००० | २१,१३५,४४९ |
| एसोसिएट्समा लगानी | १,७२८,७३२,५६३ | २,४६३,३४१,२५० | (७३४,६०८,६८७) |
| दीर्घकालीन लगानी तथा पेस्की | ८५२,७५८,९६२ | ९४६,१४३,६४६ | (९३,३८४,६८४) |
| | ३६५,१५१,७०२ | - | ३६५,१५१,७०२ |
| **दायित्व र व्यवस्था** | | | |
| नवीकरण दस्तुरको व्यवस्था | | | |
| निर्धारित सुविधा योजना व्यवस्था | १८,०१०,५५७,४८३ | (१४,५४२,५९८,०१७) | (३२,५५३,१५५,५००) |

| विवरण -आ.व.२०८० ।८१ | आर्थिक विवरण अनुसारको रकम | कर आधार | अस्थायी फरक रकम (रु.) |
|---|---|---|---|
| | २३८,६५९,४५६ | | (२३८,६५९,४५६) |
| टेलिकम भत्ता व्यवस्था | ९१५,००५,७६० | - | (९१५,००५,७६०) |
| कर्मचारी बोनस बापत व्यवस्था | १,२१५,४०६,९४२ | - | (१,२१५,४०६,९४२) |
| खर्चको व्यवस्था | २५२,९१०,३०७ | - | (२५२,९१०,३०७) |
| अनुवाद लाभ/-हानि) | | | ६७,५१८,५४९ |
| करयोग्य नोक्सानी अघि बढ्यो | | | (२,५१३,८६४,५७४) |
| लिज दायित्व -नेट) | ३३८,९६३,१४० | | (३३८,९६३,१४०) |
| स्थगित सिम एक्टिभेसन राजस्व | १४५,४६३,८३६ | | (१४५,४६३,८३६) |
| **जम्मा** | | | २७,१५८,४८३,६८१) |
| **कर दर** | @ ३०% | | (८,१४७,५४५,१०४) |
| **स्थगन कर दायित्व / -सम्पत्ति)** आ.व. २०७९-८० (**पुनर्निर्दिष्ट**) | | | (१२,०४४,७०९,०४०) |
| **स्थगित कर खर्च** / (आय) आ.व. २०८०।८१ | | | ३,८९७,१६३,९३६ |
| **स्थगन कर दायित्व** / **(सम्पत्ति) असार** ३१,२०८० | | | (८,१४७,५४५,१०४) |
| **स्थगन कर खर्च** / **(आय) - आ.व.** २०८०-८१ **नाफा नोक्सान** | | | ३,३७१,८१६,९५० |
| **स्थगन कर खर्च** / **(आय) - आ.व.** २०८०-८१ **ओसीआई** | | | ५२५,३४६,९८६ |

२६.४ **वित्तीय विवरण र कर विवरणमा पेश गरिएको आय विवरण बीचको कर हिसाब मिलान विवरण:**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| वित्तीय विवरण अनुसार कर अघिको नाफा | ९,८५०,२९५,८६७ | ११,२५०,६५१,३६१ |
| आयकर ऐन अन्तर्गत खुद समायोजन | ३,०८४,७८७,४९६ | (११,२५०,६५१,३६१) |
| नाफाको लागि कर प्रस्ताव | १२,९३५,०८३,३६३ | - |
| आयकर दर | ३०% | ३०% |
| **जम्मा** | ३,८८०,५२५,००९ | - |

## २७. सरकारी अनुदान:

**लेखा नीति**

सरकारी अनुदान भनेको एउटा संस्थाको सञ्चालन गतिविधिसँग सम्बन्धित विगत वा भविष्यको निश्चित सर्तको अनुपालनको बदलामा संस्थालाई स्रोत हस्तान्तरणको रूपमा सरकारले प्रदान गर्ने सहयोग हो। वास्तविक मूल्यका गैर-मौद्रिक अनुदान सहितका सरकारी अनुदानको निम्नानुसारका उचित आश्वासन प्राप्त भएपश्चात मात्र लेखाङ्कन गरिन्छ।

(क) संस्थाले सरकारी अनुदानसँग सम्बन्धित सर्तको पालना गर्नेछ; र

(ख) अनुदान प्राप्त हुनेछ।

सम्पत्तिसँग सम्बन्धित वास्तविक मूल्य गैर-मौद्रिक अनुदान सहितका सरकारी अनुदानको प्रयोगयोग्य अवधिको आधारमा स्थगन आयको रूपमा नाफा वा नोक्सान हिसाबमा लेखाङ्कन गरिन्छ। ह्रासयोग्य सम्पत्तिसँग सम्बन्धित अनुदान ती सम्पत्तिको प्रयोगयोग्य अवधिका आधारमा जुन अनुपातमा ह्रास खर्चलाई लेखाङ्कन गर्नु पर्ने हो सोही अनुपातमा नाफा वा नोक्सानमा भार पारिन्छ।

पहिले नै भइसकेको खर्च वा नोक्सानको क्षतिपूर्तिको रूपमा वा भविष्यसँग सम्बन्धित कुनै लागत बिना संस्थालाई तत्काल आर्थिक सहयोग गर्ने उद्देश्यले प्राप्त हुने सरकारी अनुदानलाई प्राप्त हुने अवधिको नाफा वा नोक्सानमा लेखाङ्कन गरिन्छ।

**व्याख्यात्मक टिप्पणी**

**स्थगन सरकारी अनुदान**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| सुरुको मौज्दात | १,६६१,१९८,८७१ | १,५१७,०७५,७२८ |
| चालु वर्षमा थप | ३९३,१५१,२४६ | ३३८,५९५,०४२ |
| चालु वर्षमा इक्विटीमा हस्तान्तरण | (२३०,२८८,८८१) | (१९४,४७१,९००) |
| **अन्तिम मौज्दात** | **१,८२४,०६१,२३६** | **१,६६१,१९८,८७१** |

## २८. विक्रीयोग्य सम्पत्ति

**व्याख्यात्मक टिप्पणी**

मुख्यरुपमा मर्मतपश्चात फिर्ता भएका, विक्रीको प्रक्रियामा रहेका Scrap सम्पत्ति तथा कम्पनीका विस्थापित उपकरणलाई विक्रीयोग्य सम्पत्तिको रुपमा राखिएको छ । Scrap तथा विस्थापित सम्पत्तिको अलावा कम्पनीसँग लिलामीका लागि छुट्याइएका सम्पत्ति पनि रहेका छन् । यी सम्पत्तिलाई श्रेस्ताबाट हटाई शुन्य मूल्य वा रु.१। बाँकी रकम कायम गरी लेखाङ्कन गरिएको छ। नेपाल वित्तीय प्रतिवेदनमान ५ अनुसार यस्ता गैर चालु र कार्य सञ्चालनमा नरहेका सम्पत्ति वास्तविक मूल्यबाट बिक्री लागत घटाई निर्धारण गरिनु पर्छ।

व्यवस्थापनबाट कम महत्वका भनि औंल्याइएका तथा व्यावहारिक कठिनाइका कारण मूल्य निर्धारण गर्न नसकिने सम्पत्तिलाई वित्तीय विवरणमा समावेश गरिएको छैन। यसले कम्पनीको वित्तीय अवस्था तथा कार्यसम्पादनमा नगन्य प्रभाव हुने व्यवस्थापनको अनुमान रहेको छ। कम्पनीमा सञ्चालनमा नरहेका कुनै पनि कारोवार छैनन्।

## २९. अन्य संस्थाहरूमा रहेको वित्तीय स्वार्थ

**लेखा नीति**

कम्पनीले अन्य संस्थाहरूसँगको लगानी, नियन्त्रण र प्रभावको प्रस्तुति गर्ने प्रयोजनको लागि नेपाल वित्तीय प्रतिवेदनमान १२ अनुसरण गरेको छ।

**व्याख्यात्मक टिप्पणी**

**अन्य संस्थाहरुको सेयरधारण प्रतिशत**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| नेपाल डिजिटल पेमेन्टस् कम्पनी लिमिटेड | ६२.२२% | ६२.२२% |
| त्रिशूली जलविद्युत कम्पनी लिमिटेड | ४१.४२% | ४१.४२% |
| माथिल्लो तामाकोशी जलविद्युत लिमिटेड | ६.००% | ६.००% |
| विद्युत उत्पादन कम्पनी लिमिटेड | ३.२१% | ३.२१% |
| नागरिक स्टक डिलर कम्पनी | १२.८६% | १२.८६% |
| | Treatment | Treatment |
| नेपाल डिजिटल पेमेन्टस् कम्पनी लिमिटेड | सहायक कम्पनी | सहायक कम्पनी |
| त्रिशूली जलविद्युत कम्पनी लिमिटेड | वित्तीय लगानी | वित्तीय लगानी |
| माथिल्लो तामाकोशी जलविद्युत लिमिटेड | वित्तीय लगानी | वित्तीय लगानी |

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| नागरिक स्टक डिलर कम्पनी | वित्तीय लगानी | वित्तीय लगानी |
| विद्युत उत्पादन कम्पनी लिमिटेड | इक्विटी लगानी | इक्विटी लगानी |
| नेशनल फण्ड मेनेजमेण्ट लिमिटेड | इक्विटी लगानी | इक्विटी लगानी |
| सर्वोत्तम सिमेन्ट लिमिटेड | इक्विटी लगानी | इक्विटी लगानी |

वित्तीय विवरण प्रस्तुति मितिमा त्रिशूली जलविद्युत कम्पनी लिमिटेडमा ४१.४२ प्रतिशत इक्विटी लगानी रहेको छ। तथापि त्रिशूली जलविद्युत कम्पनी लिमिटेडमाथि कम्पनीको नियन्त्रण नरहने भएको कारण त्रिशूली जलविद्युत कम्पनी यस कम्पनीको एशोसियट्स कम्पनी नै रहेको छ।

त्रिशूली जलविद्युत कम्पनी लिमिटेडको पुँजीगत संरचनामा कम्पनीको लगानी हिस्सा ३० प्रतिशत कायम रहने पूर्व व्यवस्था भएकोले हालको हिस्सा अस्थायी मात्र हो।

## ३०. प्रति सेयर आम्दानी

**लेखा नीति**

साधारण सेयरधनीको हिस्सामा पर्ने खुद नाफालाई साधारण सेयरको भारित औसत संख्याले भाग गरेर आधारभूत प्रति सेयर आम्दानी गणना गरिएको छ।

**व्याख्यात्मक टिप्पणी**

नेपाल लेखामान ३३ "प्रति सेयर आम्दानी" ले वित्तीय विवरणमा प्रति सेयर आम्दानी सूचित गर्नुपर्ने आवश्यकतालाई औँल्याएको छ। कम्पनीका साधारण सेयर वा सम्भावित साधारण सेयर सूचिकृत सेयर बजारमा कारोवार भइरहेको छ। कम्पनीले आफ्नो वित्तीय विवरण सम्बन्धित नियामक निकायमा पेश गर्दछ।

**प्रति सेयर आम्दानी**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| सेयरधनीको लागि छुट्याइएको नाफा | ६,००६,७२२,२१७ | ७,९४८,४७०,२७३ |
| जम्मा सेयर संख्या (भारित औसत) | १८०,०००,००० | १८०,०००,००० |
| प्रति सेयर आम्दानी (वेसिक) | ३३.३७ | ४४.१६ |
| प्रति सेयर आम्दानी (Diluted) | ३३.३७ | ४४.१६ |

प्रति सेयर आम्दानीमा ह्रास ल्याउन सक्ने चालु वा सम्भावित कुनै उपकरण विद्यमान नभएको कारण कम्पनीको Basic र Diluted प्रति सेयर आम्दानी समान रहेको छ।

## ३१. सम्भावित दायित्व र पुँजीगत प्रतिबद्धता

### ३१.१ सम्भावित दायित्व

सम्भावित दायित्वले सम्भावित नगदको बाह्य प्रवाहलाई जनाउँछ जसको भुक्तानीको सम्भावना कम हुनुको साथै विश्वसनीय कारण सहित मापन गर्न सकिदैन।

३१.१.१ **कर सम्बन्धी मुद्दाहरु**

३१.१.१.१ **प्रशासनिक पुनरावलोकन अपिलः**

कम्पनीको आय वर्ष २०७१/७२ देखि २०७७/७८ सम्मका पूर्ण कर परिक्षण सम्पन्न भइसकेका छन, र कम्पनीले स्रोतमा कर कट्टी (TDS) तथा आयकरसम्बन्धी संसोधित कर निर्धारण आदेशहरू प्राप्त गरेको छ । यस सम्बन्धमा कम्पनीले आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकीय पुनरावलोकन ( Administrative Review ) का लागि निवेदन दायर गरेको छ र आवश्यक रकम जम्मा गरिसकेको छ। साथै, आय वर्ष २०७१/७२ र २०७२/७३ का अन्तिम संसोधित कर निर्धारण आदेशविरुद्ध कम्पनीले राजस्व न्यायाधिकरणमा अपील दायर गरेको छ।

रकम रु.

| वर्ष | प्रशासकीय पुनरावलोकनका लागि जम्मा गरिएको धरौटी रकम | राजस्व न्यायाधिकरणँमा जम्मा गरिएको धरौटी रकम |
|---|---|---|
| २०७१/७२ | ८३,६६२,८८१ | १४३,०९७,८६३ |
| २०७२/७३ | १५५,६१३,१२३ | |
| २०७३/७४ | ३५,६१०,८७० | |
| २०७४/७५ | १५,४६२,५८४ | |
| २०७५/७६ | २३,०६४,६४१ | |
| २०७६/७७ | ४,९३५,३७५ | |
| **जम्मा** | **३१८,३४९,४७४** | **१४३,०९७,८६३** |

आय वर्ष २०७१/७२ बाहेक बाँकी वर्षहरूको सम्बन्धित संसोधित कर निर्धारण आदेशहरू विषयहरू हाल पुनरावलोकनको क्रममा रहेका छन् र ती सम्बन्धमा निर्णय हुन बाँकी छ। आय वर्ष २०७१/७२ का लागि आयकर निर्धारणसम्बन्धी विषयमा सर्वोच्च अदालतबाट अन्तिम फैसला प्राप्त भइसकेको छ, जसले राजस्व न्यायाधिकरणको पूर्व निर्णयलाई कायम राखेको छ । सर्वोच्च अदालतको उक्त फैसलापछि कम्पनीले आय वर्ष २०७१/७२ को पुनः कर निर्धारणको लागि कर कार्यालयसमक्ष अनुरोध पेश गरेको छ, जसको जवाफ हालसम्म प्राप्त भएको छैन।

प्रशासनिक पुनरावलोकन कम्पनीको पक्षमा नभएमा आय वर्ष २०७३/७४, २०७४/७५, २०७५/७६, २०७६/७७ तथा २०७७/७८ का लागि श्रोतमा कर कट्टी, मूल्य अभिवृद्धि कर तथा आयकर, साथै जरिवाना रकमसम्बन्धी सम्भावित दायित्व कम्पनीमाथि रहनेछ।

रकम रु.

| वर्ष | आयकर | भ्याट | श्रोतमा कर कट्टी |
|---|---|---|---|
| २०७१/७२ | २१२,८८९,५१६ | | ४,७९३,९०० |
| २०७२/७३ | ४१२,८८९,०६७ | | ६,२५३,४१३ |
| २०७६/७७ | | ११,२५६,३४४ | |
| **जम्मा** | **६२५,७७८,५८३** | **११,२५६,३४४** | **११,०४७,३१३** |

३१.१.२ **कानूनी मुद्दाहरू**

कम्पनीविरुद्ध २१ जना करार श्रमिकहरूले ज्याला दाबीसम्बन्धी दायर गरेको विवादका सन्दर्भमा श्रम अदालतबाट भएको निर्णय प्राप्त भएको छ। उक्त निर्णयविरुद्ध कम्पनीले सर्वोच्च अदालतमा पुनरावेदन दायर गरेको छ। सर्वोच्च अदालतले श्रम अदालतको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश (Stay Order) जारी गरेको छ। यो मुद्दा हाल सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको छ। व्यवस्थापनको मूल्याङ्कन अनुसार, यदि अन्तिम निर्णय कम्पनीको विपक्षमा भएमा करिब रु. ९,६०८,०५६ बराबरको अनुमानित दायित्व भुक्तानी गर्नुपर्ने देखिन्छ।

चालु आर्थिक वर्षमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (CIAA) ले कम्पनीका १४ जना कर्मचारी बिरुद्ध खरिदसम्बन्धी विषयमा विशेष अदालतमा मुद्दा दायर गरेको छ। विशेष अदालतको अन्तिम निर्णय नआएसम्म सम्बन्धित पदाधिकारीहरूलाई दिइनुपर्ने आर्थिक क्षतिपूर्ति भुक्तानी रोक्का

गरिएको छ। यदि निर्णय कर्मचारीहरूको पक्षमा भएमा, कम्पनीले रोक्का गरिएको रु.७२०,५११ बराबरको क्षतिपूर्ति रकम भुक्तानी गर्नुपर्ने दायित्व देखिन्छ।

चालु आर्थिक वर्षमा कम्पनीले २६ जना कर्मचारीहरूविरुद्ध अनुशासनात्मक कारबाही गरेको छ।

यस वर्ष कम्पनीविरुद्ध अदालतमा विचाराधीन अवस्थामा रहेका ४२ वटा प्रमुख कानुनी मुद्दाहरू रहेका छन्। ती मुद्दाहरू कम्पनीको विपक्षमा फैसला भएमा उत्पन्न हुने दायित्वको रकम विश्वसनीय रूपमा मूल्याङ्कन गर्न सकिने अवस्था छैन। व्यवस्थापनको धारणा अनुसार, करसम्बन्धी विवादबारे माथि नोट ३१.१.१ मा उल्लेख गरिएको विषयबाहेक अन्य कुनै पनि मुद्दाबाट उत्पन्न हुने दायित्व महत्वपूर्ण नहुने भएकाले परिमाणात्मक (quantified) खुलासा आवश्यक नरहेको देखिन्छ।

३१.१.३ **नेपाल दूरसञ्चार प्राधिकरणसँगको विवाद:**

आर्थिक वर्ष २०६३/६४ देखि २१०० मेगाहर्ज फ्रिक्वेन्सी ब्यान्डको फ्रिक्वेन्सी शुल्क भुक्तानी सम्बन्धी विषयमा नेपाल दूरसञ्चार प्राधिकरण (NTA) सँग कम्पनीको विवाद रहेको छ। यस सम्बन्धमा सर्वोच्च अदालतबाट निर्णय भइसकेको छ र सो निर्णयअनुसार कम्पनीले जरिवाना तथा दण्डसमेत समावेश गरी (आ.व. २०८१/८२ का लागि रु. ६,०००,००० सहित) कुल रु. ३५०,०२६,२३० सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा भुक्तानी गरेको छ। तथापि, यस विषयमा (NTA) ले पुनरावलोकनका लागि निवेदन दायर गरेकाले उक्त मुद्दा हालसम्म पनि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा छलफलको क्रममा रहेको छ।

यदि उक्त पुनरावलोकन निवेदन समूहको विपक्षमा फैसला भएमा, त्यस मितिसम्मको फ्रिक्वेन्सी शुल्क तथा सम्भावित जरिवाना रकमसहित करिब रु. १.३१ अर्ब बराबरको आकस्मिक दायित्व (Contingent Liability) कम्पनीमा रहनेछ।

३१.२ **प्रतिबद्धता**

प्रतिबद्धता भनेको कम्पनीले सम्पत्ति खरिद, पट्टा, पूर्वाधार एवं नेटवर्क विकास र विस्तारको लागि आपूर्तिकर्तासँग गरिएको सम्झौता बापत भविष्यमा तिनुपर्ने करारको दायित्व हो तर वस्तु तथा सामग्री आपूर्तिकर्ताबाट प्राप्त भई नसकेको कारणले त्यस्ता रकम वित्तीय विवरणमा समावेश गरिएका छैनन्। कार्य सम्पन्न भएपश्चात् भुक्तानी गर्ने गरी न्यूनतम प्रतिबद्धता जनाइएका रकम निम्नानुसार प्रस्तुत गरिएको छ।

**पुँजीगत प्रतिबद्धता**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| सिभिल कार्यको पुँजीगत प्रतिबद्धता | १६१,८९५,०९८ | ८८,८१७,२३२ |
| प्लाण्ट तथा उपकरण खरिद कार्यको पुँजीगत प्रतिबद्धता | ६,५४८,३३२,४१४ | ६,२००,६७४,७४२ |
| **जम्मा** | **६,७१०,२२७,५१२** | **६,२८९,४९१,९७४** |

## ३२. सम्बद्ध पक्षको विवरण

**लेखा नीति**

नेपाल लेखामान २४ “सम्बद्ध पक्षसँगको कारोवार” बमोजिम कारोबार रकम र अन्य कानूनी आवश्यकतालाई खुलासा गर्नुपर्ने व्यवस्था रहेको हुँदा कम्पनीले सम्बद्ध पक्षसँगको कारोवार र सोको बाँकी रकमलाई उल्लेख गरेको छ।

**व्याख्यात्मक टिप्पणी**

३२.१ **सम्बद्ध पक्षको पहिचान**

कम्पनीले निम्न पक्षहरूलाई सम्बद्ध पक्षको रुपमा पहिचान गरेको छ।

१. नेपाल सरकार : नेपाल सरकार कम्पनीको मुख्य लगानीकर्ता रहेको छ। (सेयर पुँजी सम्बन्धी नोट १४)
२. कम्पनीका सञ्चालकहरू
३. कम्पनीका मुख्य व्यवस्थापकहरू, कम्पनीमा सेवारत तह ११ र सोभन्दा माथिका पदासिन व्यक्तिहरूलाई व्यवस्थापकीय निर्णयमा प्रभाव पार्न सक्ने पदाधिकारीको रुपमा लिइएको छ।
४. सञ्चालक तथा व्यवस्थापकीय पदमा कार्यरत पदाधिकारीका नातेदारहरू।
५. नागरिक लगानी कोष तथा कर्मचारी सञ्चय कोषमा रहेको नेपाल टेलिकम कर्मचारी अवकास कोष।
६. नेपाल दूरसञ्चार कम्पनीको कर्मचारीको निवृत्तिभरण कोषको लागि नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक र कृषि विकास बैंक तथा अन्य वाणिज्य बैंकहरुसँग Earmark गरिएको रकम
७. त्रिशूली जलविद्युत कम्पनी लिमिटेड
८. माथिल्लो तामाकोशी जलविद्युत लिमिटेड
९. नागरिक स्टक डिलर कम्पनी लिमिटेड
१०. नेपाल डिजिटल पेमेन्टस् कम्पनी लिमिटेड

### ३२.२ सम्बद्ध पक्षसँगको कारोबार

#### ३२.२.१ नेपाल सरकारसँगको कारोबार

कम्पनीले कर तथा गैर कर राजस्व सहित कूल जम्मा रु. १८,४६०,७१५,१८७ सरकारी कोषमा योगदान गरेको छ जसमा सेयर लगानीको आधारमा रु. ४,९४०,७९४,८०० लाभांश भुक्तानी समेत समावेश भएको छ।

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---:|---:|
| अग्रिम आयकर | ६५०,०००,००० | १,७००,०००,००० |
| मूल्य अभिवृद्धि कर | ३,७६४,२९७,३२० | ३,४६१,०८७,२०८ |
| दूरसञ्चार सेवा शुल्क | ३,२३०,७३७,२१६ | ३,१४४,७९४,७३७ |
| स्वामित्व शुल्क | ६१४,८२३,२०७ | ६८४,१९३,३५३ |
| भन्सार शुल्क | १४२,९८१,६७६ | १७५,१२७,३०० |
| रोयल्टी र ग्रामिण दूरसञ्चार विकाश कोष | २,०५१,२५२,९८६ | २,१५८,०६०,१०९ |
| फ्रिक्वेन्सी दस्तुर | २,४२३,६४७,९५५ | २,०४६,५९५,००६ |
| लाभांश | ४,९४०,७९४,८०० | ६,५८७,७२६,४०० |
| सम्पत्ति कर | ५३,३७७,१३३ | ५८,२७३,७६६ |
| लाइसेन्स दस्तुर | ३,००,००० | १६,९८९,५००,००० |
| स्रोतमा कर कट्टी (TDS) | ५८८,५०२,८९४ | ४,५८७,९४९,८३२ |
| **जम्मा** | **१८,४६०,७१५,१८७** | **४१,५९३,३०७,७११** |

नेपाल सरकारलाई दूरसञ्चार सेवा उपलब्ध गराएबापत असुल गरिने सेवा शुल्कहरू व्यावसायिक सर्तहरू अनुसार लगाइएको छ। चालु आर्थिक वर्षमा नेपाल सरकारका विभिन्न कार्यालयहरूलाई विभिन्न दूरसञ्चार सेवाहरू उपलब्ध गराए बापत कम्पनीले रु. १९५,७३३,५२८ बराबरको आम्दानी आर्जन गरेको छ।

नेपाल दूरसञ्चार प्राधिकरण (नेपाल सरकारद्वारा स्थापित स्वायत्त नियामक निकाय) लाई तिर्नुपर्ने नियामक शुल्कहरू प्रचलित कानुनी तथा नियामक व्यवस्थाअनुसार भुक्तानी गरिएको छ।

#### ३२.२.२ सञ्चालक तथा मुख्य व्यवस्थापकीय व्यक्तित्व

यस आर्थिक वर्षमा (असार ३२, २०८२) कुनै पनि सञ्चालक तथा व्यवस्थापक एवं निजका नातेदारहरूले कम्पनीबाट कुनै प्रकारको ऋण सुविधा लिएका छैनन्।

कम्पनीले नियमावली/विनियमावली अनुसारका सेवा सुविधा बाहेक कुनै पनि सञ्चालक तथा व्यवस्थापकीय व्यक्तित्व एवं निजका नातेदारहरूसँग कुनै पनि कारोबार अथवा कारोबार प्रस्ताव समेत गरेको छैन।

**पारिश्रमिक भुक्तानी**

**क) सञ्चालक समिति:**

यस आ.व.मा जम्मा ४२ वटा सञ्चालक समितिको बैठक बसेको र बैठक भत्ता बापत कम्पनीका सञ्चालक समितिका सदस्यहरुलाई रु. २,२४२,५०० भुक्तानी गरिएको छ।

यस आ.व. को सञ्चालक समितिको स्वरुप :

| क्र.सं. | नाम | आ.व. २०८१-८२ सञ्चालक समितिको बैठक | |
|---|---|---|---|
| | | पदनाम | उपस्थित बैठकहरुको सङ्ख्या |
| १ | श्री राधिका अर्याल | अध्यक्ष | ४० |
| २ | श्री रामकृष्ण सुवेदी | अध्यक्ष | २ |
| ३ | श्री कोमल बहादुर खत्री | सदस्य | २३ |
| ४ | श्री निर्मला अधिकारी भट्टराई | सदस्य | ७ |
| ५ | श्री यज्ञप्रसाद भट्टराई | सदस्य | १६ |
| ६ | श्री धनिराम शर्मा | सदस्य | १७ |
| ७ | डा. टोकराज पाण्डे | सदस्य | ४ |
| ८ | श्री कोशहरि निरौला | सदस्य | ३० |
| ९ | श्री बाबुराम भण्डारी | सदस्य | ८ |
| १० | श्री सविना मास्के प्रधान | सदस्य | १० |
| ११ | श्री संगीता पहाडी अर्याल | सदस्य | ३२ |
| १२ | श्री मनिष जंग जोशी | सदस्य | ४१ |
| १३ | श्री लोकबहादुर कटुवाल | सदस्य | २७ |
| १४ | श्री द्वारिका प्रसाद पौडेल | सदस्य सचिव | ३४ |
| १५ | श्री राजेन्द्र अर्याल | सदस्य सचिव | ८ |

सञ्चालक समितिका सदस्यहरुलाई भुक्तानी गरिएको भ्रमण खर्च

| क्र.स. | नाम | रुपैयाँमा |
|---|---|---|
| १ | श्री राधिका अर्याल | ६३१,२५७ |
| २ | श्री कोशहरि निरौला | २६१,५१४ |
| ३ | श्री धनिराम शर्मा | ४४३,९७८ |
| ४ | श्री कोमल बहादुर खत्री | ३४६,१२१ |
| ५ | श्री मनिष जंग जोशी | ४०६,६३४ |
| ६ | श्री संगीता पहाडी (अर्याल) | ४०५,७६५ |
| | **जम्मा** | **२,४९५,२६९** |

**ख) लेखापरीक्षण समिति:**

यस आ.व. लेखापरीक्षण समितिको ७ वटा बैठक बसेको र समितिका सदस्यहरुलाई बैठक भत्ता बापत रु.२५५,०००।०० भुक्तानी गरिएको छ।

यस आ.व. को लेखापरीक्षण समितिको स्वरुप:

| क्र.स. | नाम | पद | लेखापरीक्षण समितिको बैठक आ.व. २०८१।८२<br>बैठकमा उपस्थित दिन |
|---|---|---|---|
| १ | श्री निर्मला अधिकारी भट्टराई | अध्यक्ष | १ |
| २ | श्री धनिराम शर्मा | अध्यक्ष/सदस्य | ३ |
| ३ | श्री यज्ञप्रसाद भट्टराई | अध्यक्ष | ३ |
| ४ | डा. टोकराज पाण्डे | सदस्य | १ |
| ५ | श्री बाबुराम भण्डारी | सदस्य | १ |
| ६ | श्री कोमल बहादुर खत्री | सदस्य | ५ |
| ७ | श्री कोशहरि निरौला | सदस्य | ६ |
| ८ | श्री मनिष जङ्ग जोशी | सदस्य | ७ |
| ९ | श्री द्वारिका प्रसाद पौडेल | सदस्य सचिव | २ |
| १० | श्री राजेन्द्र श्रेष्ठ | सदस्य सचिव | ५ |

सञ्चालक समितिका अध्यक्ष तथा सदस्यहरुलाई अधिकतम अन्तर्देशीय १२०० मिनेट र अन्तर्राष्ट्रिय ७०० मिनेट बरावरको टेलिफोन (ल्याण्डलाइनर मोवाइल) तथा ५० एम.बी.पी.एस. बराबरको इन्टरनेट (एडिएसएल/एफटिटिएच) सुविधा उपलब्ध गराइएको छ।

**ग) प्रमुख व्यवस्थापकीय कर्मचारीहरु**

कम्पनीको तह ११ वा सो भन्दा माथिल्लो पदमा सेवारत प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई कम्पनीको विनियमावलीको अधिनमा रही तलब, तथा अन्य पारिश्रमिक भुक्तानी गरिएको छ। प्रबन्ध निर्देशक सहित प्रमुख व्यवस्थापकीय कर्मचारीहरूलाई भुक्तानी गरिएको पारिश्रमिक विवरण निम्नानुसार छ।

**प्रमुख व्यवस्थापकीय कर्मचारीहरुको सुविधा**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| अल्पकालीन कर्मचारी सुविधा | २४,०६९,५९५ | १९,१६५,६१५ |
| अवकास पछिको कर्मचारी सुविधा | | |
| योगदानको योजना | ८६८,३१४ | ७८१,६२४ |
| दीर्घकालीन कर्मचारी सुविधा | | |
| अवकास सुविधा | | |
| **जम्मा** | **२४,९३७,९०९** | **१९,९४७,२३९** |

जम्मा अवकासपछिको सुविधा विवरण (कर्मचारी सुविधा टिप्पणी १३) मा प्रमुख व्यवस्थापकीय अधिकारीहरुको निश्चित सुविधा योजना समेत सम्लग्न रहेको छ।

प्रमुख व्यवस्थापकीय अधिकारीलाई अल्पकालीन कर्मचारी सुविधा अन्तर्गत निम्नानुसारको सुविधा पनि उपलब्ध गराइएको छ।

- कर्मचारी विनियमावली अनुसारको सुविधा
- बोनस ऐन तथा नियमावली अनुसारको बोनस सुविधा

**३२.३ नेपाल डिजिटल पेमेन्टस् कम्पनी लिमिटेडसँगको कारोबार:**

कम्पनी र सहायक कम्पनी नेपाल डिजिटल पेमेन्टस् कम्पनी लिमिटेड बीच Arm's Length सिद्धान्तको आधारमा निम्नानुसारको कारोवार भएको छ।

**कारोबारका प्रकृति** रकम रु.

| विवरण | कारोबार रकम | | उठ्न बाँकी रकम र (भुक्तानी बाँकी रकम) |
|---|---|---|---|
| | डेबिट | क्रेडिट | |
| घरभाडा खर्च | | ३६,००,००० | |
| टेलिफोन र ईन्टरनेट खर्च | | २२०,२१९ | ८,११४ |
| तलबको सोधभर्ना | | २९८,५३१ | ७,५९४,४६२ |
| विद्युत महशुल भुक्तानीका लागि कमिशन | ५,३६७,५०० | | २२,३५२,००० |
| MPOS खरिद | | २९,५६२,६६० | |
| जम्मा | ५,३६७,५०० | ३३,६८१,४१० | २९,९५४,५७६ |

**३२.४ सम्बद्ध पक्षहरूसँग/को बाँकी रकम**

- नागरिक लगानी कोष र कर्मचारी संचयकोषमा रहेका रहेको कम्पनीका कर्मचारीहरुको अवकास कोषको रकम निश्चित सुविधा योजना (टिप्पणी १३.२) मा देखाइएको छ।
- त्रिशुली जलबिद्युत कम्पनी लिमिटेड, माथिल्लो तामाकोशी जलबिद्युत लिमिटेड र नागरिक स्टक डिलर कम्पनी लिमिटेडमा गरिएको लगानी तथा सेयरमा लाभरहानी लाई एशोसियट्समा लगानी (टिप्पणी ५) मा देखाइएको छ।
- त्रिशुली जलबिद्युत कम्पनी लिमिटेडको सेयर सह(वित्तीयकरण परियोजना सम्झौता अन्तर्गत नबिल बैंक लिमिटेडसँग प्रतिज्ञा (Pledge) गरिएको छ। सो बापत कम्पनीले रु.२ अर्ब ३० करोडको कर्पोरेट ग्यारेन्टी समेत दिएको छ।
- माथिल्लो तामाकोशी जलबिद्युत लिमिटेडको लगानीलाई ऋण लगानी टिप्पणी १०.१.६ मा देखाइएको छ।

## ३३. खण्डगत विश्लेषण (Segmental Analysis)

**लेखा नीति**

कम्पनीले प्रदान गर्ने सेवाको प्रकृति अनुसार खण्डगत विश्लेषण गरेको छ। साथै सांगठनिक संरचना पनि कम्पनीको व्यावसायिक क्रियाकलाप र प्रदान गरिने सेवाको प्रकृति अनुरुप रहेको छ।

कम्पनीका खण्डगत विवरणहरु यस प्रकार रहेका छन् :

**ताररहित सेवा**

ताररहित सेवा खण्डमा जिएसएम सेवासँग सम्बन्धित खण्ड समावेश छ। सो खण्डमा वायरलेस प्रविधि मार्फत उपलब्ध गराइने भ्वाइस तथा डाटा सम्बन्धी दूरसञ्चार सेवाहरू र मध्यस्थकर्ता मार्फत राजस्व बाँडफाँटको आधारमा उपलब्ध गराइने VAS सेवाहरु समावेश हुन्छन्।

**फिक्स्ड लाइन सेवा**

फिक्स्ड लाइन सेवा अन्तर्गत व्यक्ति तथा संस्थागत ग्राहकहरूका लागि फिक्स्ड-लाइन नेटवर्क र ब्रोडब्याण्ड प्रविधि मार्फत उपलब्ध गराइने ल्याण्ड लाइन (PSTN), एडिएसएल, एफटिटिएच र लिज लाइन जस्ता भ्वाइस र डाटा सेवा पर्दछन्।

**ट्रेजरी (Treasury)**

यस खण्डमा ताररहित र फिक्स्ड लाइन सेवामा प्रत्यक्ष रूपमा प्रस्तुत गरिएका बाहेकका लगानी तथा नगद र नगद समानका उपकरण ( विदेशी मुद्रामा मूल्याङ्कित लगानी समेत) समावेश छन्। अधिकतम प्रतिफल प्राप्त हुनेगरी कम्पनीमा रहेको अतिरिक्त कोषलाई व्यवस्थापन गरिएको छ।

**नछुट्याइएको (Unallocated)**

यसमा माथि उल्लिखित सञ्चालन खण्डमा नछुट्याइएका कम्पनीको कर्पोरेट कार्यालयको खर्च/नतिजा, सम्पत्ति र दायित्व, चालु कर, स्थगन कर, र केही वित्तीय सम्पत्ति तथा दायित्व समावेश छन्।

**व्याख्यात्मक टिप्पणी**

## Segmental Analysis खण्डगत ब्याख्या (नोट ३३)

रकम रु.

| विवरण | फिक्स्ड लाइन सेवा | | तारहित सेवा (GSM) | | ट्रेजरी (Treasury) | | नछुट्याइएका (Unallocated) | | जम्मा (Total) | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ | आ.व. २०८०/८१ |
| **आय** | | | | | | | | | | |
| बाह्य आम्दानी | २,६९१,४५६,८६९ | ३,४०१,९०७,९५० | ३१,२०३,०६५,८१९ | ३१,१५८,३५८,०३३ | ३,४९७,७०९,२९८ | ६,६०१,२४०,३९३ | ७९५,८७४,१९६ | ९५५,४०४,१६८ | ३८,१८८,१०६,१८३ | ४२,११६,९१०,५४४ |
| अन्त/ एकाइ आम्दानी | | | | | | | | | - | - |
| **जम्मा आय** | २,६९१,४५६,८६९ | ३,४०१,९०७,९५० | ३१,२०३,०६५,८१९ | ३१,१५८,३५८,०३३ | ३,४९७,७०९,२९८ | ६,६०१,२४०,३९३ | ७९५,८७४,१९६ | ९५५,४०४,१६८ | ३८,१८८,१०६,१८३ | ४२,११६,९१०,५४४ |
| सञ्चालन खर्च | १,४६९,०१०,७३४ | १,७९८,१४७,४४१ | १८,६८२,९२३,४१८ | २१,६८४,५७४,५५३ | ६४४,९६४,७५८ | २५९,८५०,५०१ | ४०१,६४९,३०३ | ७५,९०५,९३४ | २१,१९८,५४८,२१४ | २३,८१८,४७८,४२८ |
| ह्रास खर्च तथा अपलेखन | १,४६५,०३२,८८२ | २,१३७,५३७,८४५ | ५,२५६,१३०,७६२ | ३,५२३,७२२,२४९ | | | ४१८,१८५,४२९ | १,३८६,५२०,६६२ | ७,१३९,३४९,०७२ | ७,०४७,७८०,७५६ |
| खण्डगत नतीजा | (२४२,५७९,९९९) | (५३३,७७७,३३६) | ७,२६४,०८९,८६७ | ५,९५०,०६१,२३१ | २,८५२,७४४,५४० | ६,३४१,३८९,८९२ | (१६७,७०६,४८४) | १,२४४,१३४,१९४ | ९,७०६,५४७,९२३ | १३,००१,८०७,९८२ |
| **सञ्चालन नाफा** | (२४२,५७९,९९९) | (५३३,७७७,३३६) | ७,२६४,०८९,८६७ | ५,९५०,०६१,२३१ | २,८५२,७४४,५४० | ६,३४१,३८९,८९२ | (१६७,७०६,४८४) | १,२४४,१३४,१९४ | ९,७०६,५४७,९२३ | १३,००१,८०७,९८२ |
| कर (चालु + स्थगन) | | | | | | | | | (३,८०९,३२५,९८७) | (५,५४५,९३९,३३५) |
| **खुद नाफा** | | | | | | | | | ५,८९७,२२१,९३६ | ७,४५५,८६८,६४७ |
| **अन्य जानकारी** | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ | आ.व.२०८१/८२ | आ.व.२०८०/८१ |
| **खण्डगत सम्पति** | ११,१२५,१११,१९९ | १३,७४६,८६९,५९७ | १५,०९९,०९१,३८६ | १९,५०२,९४८,५२५ | ५८,७६५,०८२,१८० | ६०,३६१,६४२,३९१ | | | ८४,९८९,२८४,७६५ | ९३,६११,४६०,५१३ |
| स्थगन कर सम्पति -लभत) | | | | | | | | | ८,९७०,४७४,२६७ | ४,४१२,४९८,३५२ |
| नछुट्याइएका संस्थागत सम्पत्ति | | | | | | | ३६,७६१,६१६,११४ | ३६,१०५,८६८,०९१ | ३६,७६१,६१६,११४ | ३६,१०५,८६८,०९१ |
| **जम्मा सम्पत्ति** | ११,१२५,१११,१९९ | १३,७४६,८६९,५९७ | १५,०९९,०९१,३८६ | १९,५०२,९४८,५२५ | ५८,७६५,०८२,१८० | ६०,३६१,६४२,३९१ | ३६,७६१,६१६,११४ | ३६,१०५,८६८,०९१ | १३०,७२१,३७५,१४६ | १३४,१२९,८२६,९५६ |
| खण्डगत दायित्व | १,५९४,९९७,७४६ | २,५४७,२७१,६०१ | १७,११६,९२२,६४४ | १८,६२२,४६१,३६५ | - | - | | | १८,७११,९२०,३९० | २१,१६९,७३२,९६६ |
| बाँडफाँट नभएको दायित्व | | | | | | | १४,४९०,०२५,२५५ | १९,०५३,०४१,७५६ | १४,४९०,०२५,२५५ | १९,०५३,०४१,७५६ |
| **जम्मा दायित्व** | १,५९४,९९७,७४६ | २,५४७,२७१,६०१ | १७,११६,९२२,६४४ | १८,६२२,४६१,३६५ | - | - | १४,४९०,०२५,२५५ | १९,०५३,०४१,७५६ | ३३,२०१,९४५,६४५ | ४०,२२२,७७४,७२२ |

**३३.१ खण्डगत प्रस्तुतीकरणका मान्यताहरु**

- प्रत्यक्ष वा उचित आधारमा खण्डिकरण गर्न नसकिने कम्पनीका आम्दानी, खर्च, सम्पत्ति तथा दायित्वलाई बाँडफाँट नभएको राजस्व/खर्च/सम्पत्ति/दायित्व अन्तर्गत राखिएको छ।
- राजस्वलाई प्रत्येक सेवा समूहको आधारमा लिइएको छ।
- अन्तर्राष्ट्रिय सेवा फिक्स्ड लाइन र ताररहित (मोबाइल) सेवाका नेटवर्क/पूर्वाधार मार्फत प्रदान गरिएको छ। यस सेवा अन्तर्गत प्राप्त भएको अन्तरआवद्धता राजस्वलाई अनुमानित आधारमा फिक्स्ड लाइन र ताररहित सेवाका खण्डहरूको राजस्वमा बाँडफाँट गरिएको छ।
- ह्रास खर्च वास्तविक आधारमा र सञ्चालन तथा मर्मत खर्चलाई प्रत्येक सेवासँग सम्बन्धित जायजेथा, प्लाण्ट र उपकरणको आधार मा छुट्टा छुट्टै देखाइएको छ।

**३३.२ भौगोलिक विभाजन**

कम्पनीले देशका सात वटै प्रदेशमा प्रादेशिक निर्देशनालयहरु स्थापना गरी सेवा सञ्चालन गरेको छ। तथापि प्रादेशिक निर्देशनालयहरुबाट प्रदान गरिने सेवाहरु केन्द्रस्थित विभिन्न निर्देशनालयहरुबाट समेत व्यवस्थापन गरिएको छ। त्यसकारण नेपाल वित्तीय प्रतिवेदनमान ८ (NFRS 8-Operating Segments) को उद्देश्य पूरा हुने किसिमले छुट्टाछुट्टै प्रादेशिक निर्देशनालय अनुरुप सूचनाहरु उपलब्ध हुन सक्ने अवस्था देखिदैन। भौगोलिक विभाजनको आधारमा सूचनाहरु विभाजन गर्नु त्यति व्यवहारिक नभएको तथा त्यसरी विभाजन गर्दा लाग्ने लाभ भन्दा खर्च बढी हुने व्यवस्थापनको बुझाई रहेको छ।

एकल कानूनी अधिकार तथा सञ्चालनको वातावरण रहेकोले कम्पनी एकमात्र भौगोलिक खण्डमा सञ्चालन भएको मानिएको छ।

## ३४. परिमार्जित र पुनवर्गीकृत खुलासा :

आर्थिक विवरणहरू त्रुटि रहित प्रस्तुत गर्नका लागि प्रतिवेदन अवधि भन्दा अघिल्लो आ.व.का महत्वपूर्ण त्रुटिलाई पाश्चदर्शी (Retrospective) रुपमा सच्याउन सोही अवधिको तुलनात्मक रकमलाई पुनः प्रस्तुत गरेर वा प्रतिवेदनमा तुलना गरिएको अवधि भन्दा अघिल्ला आ.व.मा भएका त्रुटिहरुलाई सो अवधिको सम्पत्ति, दायित्व र इक्विटीका ब्यालेन्सलाई परिमार्जन गरेर सुधार गरिन्छ।

यस सन्दर्भमा, अघिल्लो अवधिका त्रुटिहरूलाई निम्नलिखित प्रभावका साथमा कम्पनीको सम्पत्ति, दायित्व र इक्विटीको सुरु मौज्दात परिमार्जन गरेर सुधार गरिएको छः

क) आ.व. २०८०/८१ मा प्लान्ट तथा मेसिनरी (Plant & Machinery) रु. १२१,८६०,३२९ ले कम देखाइएको थियो भने प्लान्ट तथा मेसिनरी र हीटिङ तथा लाइटिङ (Heating & Lighting) सँग सम्बन्धित जम्मा ह्रासकट्टी (Accumulated depreciation) क्रमशः रु.११६,८३७,२६० र रु.२२६,८०८ ले कम देखाइएको थियो। सोही अनुसार अघिल्लो वर्षका तुलनात्मक तथ्याङ्कहरू परिमार्जित गरिएको छ र समग्र प्रभाव चालु आर्थिक वर्षको सुरु सञ्चित नाफा (Retained earnings) मा समायोजन गरिएको छ।

ख) आ.व. २०८०/८१ को PPE को प्रारम्भिक वहन मूल्य (Opening carrying amount) अघिल्लो अवधिमा पुँजीकृत सम्पत्तिको अवमूल्यनका कारण रु. १७,३३६,९७५ ले परिमार्जित गरिएको छ र अन्त्यको वहन मूल्य (Closing carrying amount) रु. ५,९१०,४०७ ले परिमार्जित गरिएको छ, जसको समायोजन सञ्चित नाफा तथा अघिल्लो वर्षको नाफा-नोक्सानमा गरिएको छ।

ग) चालु आर्थिक वर्षमा, अघिल्लो वर्षहरूमा PSTN category अन्तर्गत गलत रूपमा वर्गीकृत गरिएका FTTH category सम्बन्धी केही प्लान्ट तथा मेसिनरीका वस्तुहरू FTTH category मा पुनर्वर्गीकरण गरिएको छ। यस पुनर्वर्गीकरणका कारण ह्रासकट्टी खर्चमा परिवर्तन भएको छ। सोही अनुसार प्लान्ट तथा मेसिनरीको वहन मूल्य रु. ५७,१२५,५७७ ले परिमार्जित गरिएको छ र अघिल्लो वर्षको नाफा वा नोक्सान रु. २९,८६७,८६४ ले परिमार्जित गरिएको छ।

घ) चालु आर्थिक वर्षमा स्थगन सरकारी अनुदान (Deferred government grants) को सुरु मौज्दात रु. ३,२४९,७३० ले पुनः प्रस्तुतीकरण गरी सुरु सञ्चित नाफामा समायोजन गरिएको छ। यो समायोजन PSTN category बाट FTTH category मा केही प्लान्ट तथा मेसिनरी पुनर्वर्गीकरण गरिएको कारणले उत्पन्न भएको देखिन्छ।

ङ) प्रयोग-अधिकार सम्पत्ति (Right-of-Use Assets) र लिज दायित्व (lease liabilities) सम्बन्धी समायोजनका कारण सुरु सञ्चित नाफा रु. ११,१२८,०३८ ले समायोजन गरिएको छ। साथै, अघिल्लो वर्षका तुलनात्मक तथ्याङ्कहरूमा लिज दायित्वसम्बन्धी वित्तीय लागत रु. २२,७४८,१९९ र प्रयोग-अधिकार सम्पत्तिको परिशोधन (Amortisation) रु. २५,६७५,८५९ ले वृद्धि हुने गरी परिमार्जित गरिएको छ।

च) अघिल्लो वर्षमा प्लान्ट तथा मेसिनरीको कर आधार (Tax base) रु. २,१३७,५७०,४३० ले बढी देखाइएको थियो, जसका कारण सम्बन्धित वर्षहरूको चालु कर खर्चमा त्रुटि भएको देखिन्छ। यो

त्रुटि सच्याउन सुरु सञ्चित नाफा रु. १७७,९५२,७३८ ले समायोजन गरिएको छ र अघिल्लो वर्षका तुलनात्मक तथ्याङ्कहरू रु. ६९,४९७,७५८ ले परिमार्जित गरिएको छ।

छ) सहायक कम्पनीहरूमा गरिएको लगानी (Investment in Associates) रु. १५२,०२६,५७० ले परिमार्जित गरिएको छ । सोही रकम बराबर अघिल्लो वर्षको नाफा-नोक्सान खातामा सहायक कम्पनीको नतिजामा हिस्सा (Share of results of Associates) पनि परिमार्जित गरिएको छ।

ज) कर्मचारी सम्बन्धी स्थगन खर्च (Deferred employee expenses) रु.३६३,७४७,६८८ ले परिमार्जित गरिएको छ र सोहीअनुसार सञ्चिति (Reserves) मा समायोजन गरिएको छ। यो समायोजन कर्मचारी ऋणको मापन पद्धतिमा परिवर्तन पोर्टफोलियो आधारित विधिबाट व्यक्तिगत कर्मचारी-स्तरको मूल्याङ्कनमा–गरिएको कारणले उत्पन्न भएको देखिन्छ।

झ) २०६६ अघि सामेल भएका कर्मचारीहरूको निर्धारित सुविधा दायित्व रु. १३८,८९४,०७५ ले परिमार्जित गरिएको छ र सोही रकमले योजना सम्पत्तिमा समेत प्रभाव परेको छ। त्यस्तै, २०६६ पछि सामेल भएका कर्मचारीहरूको निर्धारित सुविधा दायित्व र योजना सम्पत्ति रु. ३०७,५८७ ले परिमार्जित गरिएको छ।

ञ) कर घाटा वित्तीय विवरणमा भन्दा स्वयं कर निर्धारणमा फरक रहेकोले स्थगन कर सम्पत्ति लाई रु ५४,१३६,७३० ले परिमार्जित गरिएको छ।

ट)२०६६ अघि सामेल भएका कर्मचारीहरूका निर्धारित सुविधा दायित्वमा आधारित स्थगन कर गणनासँग सम्बन्धित अघिल्लो वर्षको स्थगन कर सम्पत्ति र सोसँग सम्बन्धित स्थगन कर संचिति रु २,६७३,३७०,४७१ ले परिमार्जित गरिएको छ, जसमा अघिल्ला वर्षको तुलनात्मक समायोजन रु १,७०७,८४१,३९३ रहेको छ।

ठ) अनुबन्ध लागत सम्पत्तिको सम्बन्धमा, अघिल्लो वर्षको स्थगन कर र सोसँग सम्बन्धित स्थगन कर संचिति रु. ११७,१६७,४७० ले परिमार्जित गरिएको छ, जसमा अघिल्लो वर्षको तुलनात्मक समायोजन रु. ७,६२१,९५९ रहेको छ।

ढ) सिम सक्रियता स्थगन आयको सम्बन्धमा, अघिल्लो वर्षको स्थगन कर र सोसँग सम्बन्धित स्थगन कर संचिति रु. ४६,७२७,२६६ ले परिमार्जित गरिएको छ, जसमा अघिल्लो वर्षको तुलनात्मक समायोजन रु. ३,०८८,११५ रहेको छ।

ड) असूचिकृत सेयरमा भएको लगानीको सुरु मौज्दात रकम रु. ३५,५७१,४४९ ले परिमार्जित गरिएको कारण अघिल्लो अवधिको आय र नोक्सानीमा समायोजन गरेको छ।

ञ) माथि उल्लेखित रकमहरूको परिमार्जित र पुनः वर्गीकरणको परिणामस्वरूप स्थगन कर संचिति रु.३,७३५,०४६,७५३ ले समायोजित गरिएको छ।

## ३५. अन्तरिम वित्तीय प्रस्तुती

नेपाल लेखामान ३४ "अन्तरिम वित्तीय रिपोर्टिङ्ग" को अनुसरण गरी कम्पनीले आफ्नो अन्तरिम वित्तीय विवरणहरू प्रकाशित गर्ने गरेको छ। कम्पनीले आफ्ना सूचना तथा अन्तरिम वित्तीय विवरण प्रकाशन गरी नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेञ्ज र कम्पनी ऐन, २०६३ मा भएको व्यवस्थाको अनुपालना गर्नुका साथै उक्त विवरण कम्पनीको आफ्नो वेबसाइट http://www.ntc.net.np मा समेत प्रकाशन गरी नेपाल लेखामान ३४ को प्रावधानहरुको पूर्ण पालना गरेको छ।

## ३६. प्रतिवेदन मिति भन्दा पछाडि भएका कारोबार

२०८२ भाद्र २३ र २४ मा Gen-Z आन्दोलन/प्रदर्शनका घटनाका कारण कम्पनीका विभिन्न स्थानहरू (बिर्तामोड, विराटनगर, वीरगञ्ज, पोखरा, सिंहदरबार, कपन, सुन्धारा, कीर्तिपुर, त्रिपुरेश्वर र गोंगबु) मा रहेका सम्पत्तिहरू भवन, मोबाइल टावर, सवारीसाधन तथा दूरसञ्चार उपकरणहरू केही आंशिक रुपमा र केही पूर्ण रुपमा क्षतिग्रस्त भएका छन्। व्यवस्थापनको मूल्याङ्कन अनुसार यस घटनाबाट उत्पन्न कुल अनुमानित क्षति रकम रु. ७३,३९०,७२८ रहेको छ।

यस घटनाको समयमा क्षतिग्रस्त भएका सम्पत्तिहरूको बीमा गरिएको छ। कम्पनीले क्षतिपूर्ति प्राप्त गर्न सम्बन्धित बीमा कम्पनीहरू समक्ष बीमा दाबी पेश गरिसकेको छ। बीमा दाबीको पुष्टि तथा स्वीकृति बीमा कम्पनीबाट प्राप्त भएपछि मात्र बीमाबाट प्राप्त हुने रकम पहिचान गरिने छ। बीमाबाट असुल नहुने (Unrecoverable) क्षतिको र कम प्रचलित लेखा मान अनुसार नाफा वा नोक्सान खातामा लेखाङ्कन गरिने छ। उपरोक्त उल्लेखित समिक्षा अवधिपछि देखाइएका घटना बाहेक वित्तीय विवरण पारित गर्ने मितिसम्म कुनै पनि अन्य महत्वपूर्ण घटना घटेका छैनन्।

### ३६.१ सञ्चालक समितिमा भएको हेरफेर

आ.व. २०८१।८२ को प्रतिवेदन हस्ताक्षर भएको मितिसम्म सञ्चालक समितिका सदस्यको प्रतिनिधित्वमा भएको फेरबदल निम्नानुसार रहेको छ।

| क्र.सं. | नाम | पद | प्रतिनिधि कार्यालय | नियुक्ति मिति | प्रतिस्थापित व्यक्ति | कारण |
|---|---|---|---|---|---|---|
| १ | श्री राधिका अर्याल | अध्यक्ष | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०८१/०४/१४ | श्री राम कृष्ण सुवेदी | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| २ | श्री सुवास चन्द्र शिवाकोटी | सदस्य | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०८२/०८/१२ | श्री कोश हरि निरौला | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| ३ | श्री कोशहरि निरौला | सदस्य | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | २०८१/०७/२३ | श्री बाबुराम भण्डारी | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| ४ | श्री अरुणा जोशी | सदस्य | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८२/०७/१२ | श्री कोमल बहादुर खत्री | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| ५ | श्री कोमल बहादुर खत्री | सदस्य | कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०८१/०७/०५ | श्री निर्मला अधिकारी भट्टराई | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| ६ | श्री टङ्क प्रसाद पाण्डे | सदस्य | अर्थ मन्त्रालय | २०८२/०६/२१ | श्री यज्ञ प्रसाद भट्टराई | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| ७ | श्री यज्ञ प्रसाद भट्टराई | सदस्य | अर्थ मन्त्रालय | २०८१/१२/०५ | श्री धनीराम शर्मा | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| ८ | श्री धनीराम शर्मा | सदस्य | अर्थ मन्त्रालय | २०८१/०५/२० | डा. टोकराज पाण्डे | नेपाल सरकारको निर्णय अनुसार सरुवा भएको, |
| ९ | श्री सबिना मास्के प्रधान | नि.प्रबन्ध निर्देशक | नेपाल टेलिकम | २०८२/०२/२८ | श्री सँगीता पहाडी (अर्याल) | नेपाल सरकारबाट निमित्त प्रवन्ध निर्देशक पदमा नियुक्त भएको |
| १० | श्री लोक बहादुर कटुवाल | सदस्य | नेपाल टेलिकम (कर्मचारी प्रतिनिधि) | २०८१/०८/२८ | श्री शंकर लामिछाने | पदावधि समाप्त भएकोले |

## ३७. विगत वर्ष समायोजन

विगत तथा चालु वर्षका वित्तीय विवरणहरूलाई नेपाल वित्तीय प्रतिवेदनमानले औंल्याए अनुसार परिमार्जन गरी प्रस्तुतीकरण गरिएको छ ।

विगत वर्षसँग सम्बन्धित निम्नानुसारका आम्दानी र खर्चलाई नेपाल लेखामान ८ का प्रावधान अनुसार आ.व.२०८०।८१ मा समायोजन गरिएको छ। खुद विगत वर्ष समायोजन रु. ९९४,८८१ सम्बन्धित आ.व.मा र वर्ष खुलाउन नसकिएका रकमलाई चालु आ.व.को सञ्चालन इक्विटीमा भार पारिएको छ।

रकम रु.

| सि.नं | विवरण | खर्च | आम्दानी |
|---|---|---|---|
| १ | कार्य सञ्चालन आय | | २५,२७६ |
| २ | कार्य सञ्चालन खर्च | १,०२०,१५७ | |
| | **जम्मा** | **१,०२०,१५७** | **२५,२७६** |
| | **खुद असर** | | **९९४,८८१** |

भेटिएका अन्य फरक विवरणलाई सोही स्थानमा छुट्टै देखाइएको छ।

## ३८. अन्य खुलासा

**३८.१ नाफा वा नोक्सान विवरणको वैकल्पिक प्रस्तुतिकरण यस प्रकार रहेको छ :** रकम रु.

| विवरण | २०८१/८२ | २०८०/८१ (परिमार्जित) |
|---|---|---|
| **सञ्चालन आय** | **३३,८९४,५२२,६८८** | **३४,५६०,२६५,९८३** |
| सञ्चालन खर्च | | |
| ह्रास कट्टी | (६,०३१,१६२,८४७) | (५,९८७,२६४,५५५) |
| अपलेखन (Amortisation) | (१,१०८,१८६,२२५) | (१,०९८,३७५,५७५) |
| कर्मचारी सुविधा खर्च | (७,९६६,८६१,८१०) | (८,६८६,६८२,९६६) |
| सञ्चालन तथा मर्मत खर्च | (५,८८१,२९२,३२७) | (६,३८३,६४३,६६५) |
| बिक्री सञ्जाल, बजारीकरण तथा प्रवर्द्धन खर्च | (३४२,१८५,१११) | (२८१,२५२,८२३) |
| कार्यालय सञ्चालन खर्च | (१,२८०,७४०,४९४) | (१,२३३,५७७,३३०) |
| नियामक दस्तुर, शुल्क तथा नवीकरण दस्तुर | (४,३१२,११६,६३०) | (७,२९०,५२७,५३७) |
| सटही दरबाट नोक्सान/(नाफा) | २१०,७३१,२३७ | ९८,००७,२१३ |
| इम्पेयरमेन्ट Net या Reversals | (१,३२१,४१६,१०९) | ४७२,३४९,६३४ |
| जम्मा कार्य सञ्चालन खर्च | (२८,०३३,२३०,३१६) | (३०,३९०,९६७,६०४) |
| सञ्चालन नाफा | ५,८६१,२९२,३७२ | ४,१६९,२९८,३७९ |
| वित्तीय आम्दानी | ३,७६६,७२०,६३८ | ६,८१६,४५०,६३३ |
| अन्य आम्दानी | ५२६,८६२,८५६ | ७६२,७०६,५४२ |
| एसोसियट्समा भएको इक्विटी नोक्सानी | (११९,५८४,९०४) | (१२३,०७६,४६४) |
| वित्तीय खर्च | (१८५,०८२,०६६) | (१९०,६७२,९७१) |
| आयकर अघिको नाफा | ९,८५०,२०८,८९७ | ११,४३४,७०६,११७ |
| आयकर व्यवस्था | | |
| चालु आयकर | (४,६३२,२५५,१५१) | (११४,४१८,८९५) |
| स्थगन कर | ७८८,७६८,४७२ | (३,३७१,८१६,९५०) |
| **यस वर्षको खुद नाफा** | **६,००६,७२२,२१७** | **७,९४८,४७०,२७३** |

**३८.२ सटही दरको प्रयोग**

| सटही दर | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| अमेरिकी डलरः रुपैयाँ | १३७.०० | १३३.३६ |
| यूरोः रुपैयाँ | १५९.९१ | १४५.४६ |
| ग्रेटब्रिटेन पाउण्डः रुपैयाँ | १८४.१९ | १७३.२९ |

**३८.३ विगत वर्षका रकमलाई चालु वर्षसँग तुलना गर्न सजिलो हुने गरी आवश्यकता अनुसार पुनः विभाजन तथा वर्गीकरण गरिएको छ।**

श्री राधिका अर्याल
अध्यक्ष

श्री सबिना मास्के (प्रधान)
प्रवन्ध निर्देशक

श्री सुवास चन्द्र सिवाकोटी
सदस्य

नरेन्द्र भट्टराई, एफ.सी.ए.
कुवेर एन. भट्टराई एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री अरुणा जोशी
सदस्य

श्री टंक प्रसाद पाण्डे
सदस्य

श्री मनिष जङ्ग जोशी
सदस्य

प्रकाश जंङ्ग थापा, एफ.सी.ए.
पी.जे.पी.न एण्ड कं.
चार्टर्ड एकाउन्टेन्ट्स

श्री लोक बहादुर कटुवाल
सदस्य

श्री राजेन्द्र अर्याल
प्रमुख वित्तीय अधिकृत

श्री कर्ण बहादुर श्रेष्ठ
नि. प्रवन्धक

# एकीकृत
# वित्तीय विवरण

Kuber N. Bhattarai & Co.
Chartered Accountants
+977 1 4516547, 4546395
info@kuber.com.np

P. J. P. N. & Co.
Chartered Accountants
+977 1 4528887
admin@pjpnca.com

# INDEPENDENT AUDITORS' REPORT

## TO THE SHAREHOLDERS OF

## NEPAL DOORSANCHAR COMPANY LIMITED (NEPAL TELECOM)

## REPORT ON THE AUDIT OF THE CONSOLIDATED FINANCIAL STATEMENTS

### QUALIFIED OPINION

| स्थानान्तरण समायोजन | | (१,३१०) | (२७६,०२५) | ५५४,३५३ | (१८,६२६) | (९,१३०) | | २४९,२६२ |
| **आषाढ ३२, २०८२ मा** | | ४०४,६२१,१८२ | ६२,०६६,४९९,९१८ | ५४२,८३९,८९२ | ४३८,८८०,१३३ | १,४४५,९१९,२३८ | ९०५,११०,५८३ | ६५,८०३,८७०,९४६ |
| खुद लागत | | | | | | | | |
| **आषाढ ३२, २०८२ मा** | २४,७७३,४२२,००० | ३,५६४,४९७,५७३ | १७,३८८,०६७,०६६ | १९९,९८५,४९९ | ६६,७११,९५० | २१८,२६८,५२८ | ३३६,३२७,७७९ | ४६,५४७,२८०,३९४ |
| **आषाढ ३१, २०८१ मा** (**परिमार्जित**) | २३,०८५,०५२,०६६ | ३,४३३,६४३,५३९ | २१,०४७,९०३,३१९ | १३९,२४२,९७६ | ६५,३७६,१८६ | २६४,६५४,३३२ | ३८१,३४५,४९० | ४८,४१७,२१७,९०७ |

## ४. पूँजीगत कार्य प्रगतिः

**लेखा नीतिहरूः**

निर्माणाधीन सम्पत्तिलाई तिनको लागत मूल्यबाट सञ्चित इम्पेयरमेन्ट नोक्सानी रकम घटाई प्रस्तुत गरिएको छ। यस्ताहरुमा सम्पत्ति उद्देश्यअनुसार प्रयोगयोग्य भएपछि मात्र ह्रासकट्टी गर्न सुरु गरिएको छ।

नयाँ प्रणाली तथा उपकरणको प्राप्ति लागत र जडान खर्चलाई सञ्चालनमा आउनु अघिसम्म वा सिभिल सम्बन्धी कार्य समाप्त नभएको मितिसम्म पूँजीगत कार्य प्रगतिमा लेखाङ्कन गरिएको छ। उपकरणहरू कार्य सञ्चालनमा आएपछि तथा सिभिल सम्बन्धी कार्यको लागि सञ्चालनयोग्य भई हस्तान्तरण भएपछि पूँजीकरण गरिन्छ।

निर्माणाधिन सम्पत्तिको रकमबाट सम्भावित नोक्सानीको रकम घटाई प्रस्तुत गरिएको छ। अप्रचलित सामग्रीहरुको सम्भावित नोक्सानीको रकम त्यस्ता सामग्रीबाट खुद प्राप्त हुने मूल्यको आधारमा अनुमान गरिएको छ। जिन्सी मौज्दातहरूको मूल्यबाट सम्भावित नोक्सानीको रकम समायोजन गर्दा व्यवस्थापनबाट निर्धारित अन्तिम प्रयोग भएको अवधिको आधारमा अप्रचलित (५ वर्षभन्दा बढी), गैर-चल्ती (२-५ वर्ष), कम चल्ती (१-२ वर्ष) गरी वर्गीकरण गरेको आधारलाई लिइएको छ।

| मौज्दात (Inventory) | प्रयोगको अवधि (Usage) | सम्भावित नोक्सानी दर (प्रतिशत) |
|---|---|---|
| नियमित (Regular) | १ वर्ष भित्र | - |
| कम चल्ने (Slow Moving) | १ देखि २ वर्ष | २५% |
| नचल्ने (Non-Moving) | २ देखि ५ वर्ष | ५०% |
| अप्रचलित/काम नलाग्ने (Obsolete) | ५ वर्ष भन्दा बढी | १००% |

**व्याख्यात्मक टिप्पणीहरू**

रकम रु.

| पूँजीगत कार्य प्रगति | पूँजीगत कार्य | जडान गरिएका पूँजीगत मौज्दात सामग्री | जम्मा |
|---|---|---|---|
| २०८१ आषाढ मसान्त को जम्मा मौज्दात | २८१,८०९,८९५ | ४,८८७,३८५,४७१ | ५,१६९,१९५,३६६ |
| विगत वर्ष समायोजन | | | |
| खुद थप/(स्थानान्तरण) २०८१।८२ | २४२,५२७,७७९ | (८३०,७०९,७४७) | (५८८,१८१,९६८) |
| **पूँजीगत कार्य प्रगति आषाढ ३२, २०८२ को जम्मा मौज्दात** | **५२४,३३७,६७४** | **४,०५६,६७५,७२४** | **४,५८१,०१३,३९८** |
| आषाढ ३१, २०८१ को सञ्चित इम्पेयरमेन्ट | २४,६९८,२०२ | १,३५२,१३०,५६१ | १,३७६,८२८,७६३ |
| आ.व.२०८१।८२ को इम्पेयरमेन्ट | १,६६१,१७१ | (३०,३१३,२३२) | (२८,६५२,०६१) |
| **आषाढ ३२, २०८२ को सञ्चित इम्पेयरमेन्ट** | **२६,३५९,३७३** | **१,३२१,८१७,३२९** | **१,३४८,१७६,७०२** |
| **३२ आषाढ २०८२ को खुद मौज्दात** | **४९७,९७८,३०१** | **२,७३४,८५८,३९५** | **३,२३२,८३६,६९६** |
| **३१ आषाढ २०८१ को खुद मौज्दात** | **२५७,१११,६९३** | **३,५३५,२५४,९१०** | **३,७९२,३६६,६०३** |

समीक्षा अवधिमा कम्पनीले पुँजीगत कार्य प्रगतिमा रहेका सम्पत्तिहरूमा इम्पेयरमेन्टको कुनै संकेत छ कि छैन भन्ने कुरा पहिचान गर्न परियोजना अनुसार विस्तृत समीक्षा गरेको थियो। यस मूल्याङ्कनमा परियोजनाको प्रगति अवस्था, प्राविधिक सम्भाव्यता तथा व्यवस्थापनको अभिप्रायजस्ता कारकहरूलाई विचार गरिएको थिया। लामो समयदेखि विकास कार्य अवरुद्ध भई भविष्यमा सम्पन्न हुने वा आर्थिक लाभ प्राप्त हुने कुनै यथार्थपरक सम्भावना नदेखिएका परियोजनाहरूलाई इम्पेयरमेन्टको संकेत भएको मानिएको छ।

यस मूल्याङ्कनको आधारमा तीन वटा परियोजनाहरू गैर-प्रगतिशील रूपमा पहिचान गरिएका छन्। त्यसैले ति परियोजनाको मूल्यमा शतप्रतिशत इम्पेयरमेन्ट नोक्सानीको व्यवस्था गरिएको छ। यस अवधिमा पुँजीगत कार्य प्रगतिमा रु. १,६६१,१७१ इम्पेयरमेन्ट नोक्सानी कायम गरिएको छ भने

जडान गरिएका पूंजिगत मौज्दात सामाग्रीहरुमा गत आ.व. मा कायम गरिएको रु. ३०,३१३,२३२ बाराबरको इम्पेयरमेन्ट नोक्सानी लाई Reversal गरी नाफा वा नोक्सान विवरणमा आय तथा खर्च लेखाङ्कन गरिएको छ।

## ५) एसोसियट्समा लगानी

**लेखा नीतिहरू**

"एसोसियट्स" भन्नाले कम्पनीको सहायक कम्पनी वा संयुक्त लगानी नभएको तर उल्लेख्य प्रभाव रहने संस्था हो। उल्लेख्य प्रभाव भन्नाले वित्तीय र सञ्चालन नीतिसम्बन्धी निर्णय प्रक्रियामा भाग लिन सक्ने भएतापनि नीतिहरूमाथि नियन्त्रण वा संयुक्त नियन्त्रण नरहने अवस्थालाई बुझाउँदछ।

एसोसियट्स प्राप्ति गर्दा कम्पनीको अंशमा पर्ने एसोसियट्सको स्पष्ट पहिचान भएको सम्पत्ति, दायित्व वा सम्भावित दायित्वको खुद वास्तविक रकम भन्दा एसोसियट्स प्राप्ति लागत बढी भएको अवस्थामा बढी रकमलाई ख्यातिका रुपमा लेखाङ्कन गरिएको छ।

कुनै कम्पनीको खुद वास्तविक रकममा, सेयर तथा एसोसियट्सका स्पष्ट पहिचान भएका सम्पत्ति, दायित्व वा आकस्मिक दायित्व प्राप्त गर्दा हुने थप लागतलाई प्राप्त मितिमा ख्यातिको रुपमा लेखाङ्कन गरी लगानीको सुरु रकममा जोडिएको छ।

एसोसियट्ससँग सम्बन्धित त्यस्ता सम्पत्ति र दायित्वलाई इक्विटी बिधिबाट लेखाङ्कन गरी वित्तीय विवरणहरूमा समावेश गरिएको छ। इक्विटी बिधिमा कुनैपनि एसोसियट्समा भएको लगानीलाई वित्तीय स्थितिको विवरणमा प्राप्तिपछि एसोसियट्ससँगको खुद सम्पत्ति हिस्सामा भएको परिवर्तनहरूको समायोजन तथा कुनै इम्पेयरमेन्ट भए सो घटाई लागत मूल्यमा देखाइएको छ। भने करपछिको नाफा वा नोक्सानमा भएको कम्पनीको अंशलाई नाफा वा नोक्सान विवरणमा र अन्य विस्तृत आम्दानीमा भएको कम्पनीको अंश परिवर्तनलाई विस्तृत आम्दानी विवरणमा देखाइएको छ।

एसोसियट्सको नोक्सान कम्पनीले एसोसियट्सबाट प्राप्त गर्ने लाभ भन्दा बढी छ भने कम्पनीको एसोसियट्ससँगका कानूनी तथा अन्य सिर्जित दायित्वसम्मको रकम वा एसोसियट्सको तर्फबाट भुक्तानी गरेसम्मको रकमलाई लेखाङ्कन गरिएको छ।

**व्याख्यात्मक टिप्पणीहरू**

रकम रु.

| एसोसियट्समा लगानी | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| **त्रिशुली ३ जलविद्युत कम्पनी लिमिटेडमा लगानी** | | |
| लागत | ७४१,०००,००० | ७४१,०००,००० |
| इक्विटीमा समायोजन | (१२२,४४२,०१०) | (११०,३७१,४४६) |
| **माथिल्लो तामाकोशी जलविद्युत लिमिटेडमा लगानी** | | |
| लागत | १,२७०,८००,००० | १,२७०,८००,००० |
| इक्विटीमा समायोजन | (७४७,२२२,१८५) | (५९२,८६९,८६८) |
| **नागरिक स्टक डिलर कम्पनी लिमिटेडमा लगानी** | | |
| लागत | ४५१,५४१,२५० | ४५१,५४१,२५० |
| इक्विटीमा समायोजन | १८,७५८,५२५ | (३१,३६७,३७३) |
| **जम्मा** | **१,६१२,४३५,५८०** | **१,७२८,७३२,५६३** |
| **एसोसियट्सको सेयरबाट आम्दानी/(खर्च)** | (११६,२९६,९८३) | (१२३,२८९,४६३) |
| एसोसियट्सको बाट आम्दानी/(खर्च) PL मा | (११९,५८४,९०४) | (१२३,०७६,४६४) |
| एसोसियट्सको आम्दानी/(खर्च) OCI मा | ३,२८७,९२१ | (२१२,९९९) |

समूहले त्रिशुली जलविद्युत कम्पनी लिमिटेडको सेयर लगानीलाई मिति २०७६ श्रावण ७ गते त्रिशुली ३ बी जलविद्युत आयोजनाको मुख्य ऋणदाता रहेको नबिल बैंक लिमिटेडसँग संयुक्त (Consortium) परियोजना ऋण लगानीको लागि धितो (Pledge) राखेको छ।

**त्रिशूली ३बी जलविद्युत आयोजनाको पृष्ठभूमिः**

माथिल्लो त्रिशूली ३ बी जलविद्युत आयोजना रसुवा र नुवाकोट जिल्लामा अबस्थित रन-अफ-रिभर जलविद्युत परियोजना हो । माथिल्लो त्रिशूली ३ ए जलविद्युत आयोजना (६० मेगावाट) को Cascade आयोजनाको रुपमा रहेको यस आयोजना (३७ मेगावाट) को प्रमुख सकल परियोजना ९० मेगावाट, सुरुङ्ग मार्ग ३८८३ मि. र सरदर अनुमानित वार्षिक उत्पादन क्षमता २९२.५८ GWh रहेको छ।

यस आयोजनाबाट उत्पादित जलविद्युतलाई ३ कि.मि. लामो १३२ के.भि. प्रशारण लाइन मार्फत निर्माणाधीन त्रिशूली ३ बी हबको सब स्टेशनमा लगिएको छ।

आयोजनाको वित्तीय संरचना ३० प्रतिशत इक्विटी र ७० प्रतिशत ऋण लगानी रहेको छ।

**माथिल्लो तामाकोशी जलविद्युत आयोजनाः**

माथिल्लो तामाकोशी जलविद्युत कम्पनी लिमिटेडले ४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना सम्पन्न भई सञ्चालनमा रहेको छ।

माथिल्लो तामाकोशी जलविद्युत आयोजना नेपालमा सञ्चालनमा रहेका आयोजनाहरु मध्ये सबैभन्दा ठूलो आयोजना हो। आयोजनाको मुख्य पावर प्लाण्ट तिब्बतको सिमाना देखि ६ कि.मि. दक्षिण तथा दोलखा जिल्ला सदरमुकाम चरिकोट देखि ३२ कि.मि. उत्तरपूर्वमा अबस्थित लामाबगरमा रहेको छ।

४५६ मेगावाट क्षमताको यो आयोजना रन-अफ-रिभर जलविद्युत परियोजना हो जसको Gross head या Project, ८२२ मि., वहाव ६६ क्युविक मिटर प्रति सेकेण्ड तथा वार्षिक औषत शक्ति उत्पादन २२८१ GWh रहेको छ।

**नागरिक स्टक डिलर कम्पनी लिमिटेडः**

कम्पनीले नेपाल धितोपत्र बोर्डबाट निर्धारित नियम तथा निर्देशिका अनुसार पुँजीबजारमा धितोपत्र कारोवार गर्ने उद्देश्यले स्थापना गरिएको नागरिक स्टक डिलर कम्पनी लिमिटेडको १२.८५ प्रतिशत संस्थापक सेयरमा लगानी गरेको छ। उक्त लगानी हाल १२.८५ प्रतिशत रहेतापनि पछि ९ प्रतिशत हुन जानेछ।

## ६. जिन्सी मौज्दात

**लेखा नीति**

जिन्सी मौज्दातलाई खुद असुलयोग्य रकम वा लागत मध्ये जुन कम हुन आउँछ सोही मूल्यमा लेखाङ्कन गर्ने गरिएको छ।

जिन्सी मौज्दातको मूल्यमा खरिद लागत, परिवर्तन गर्दा लाग्ने लागत र सामग्रीलाई वर्तमान स्थान र अवस्थामा ल्याउँदा लाग्ने लागत समावेश गरिएको छ। लागतलाई पहिलो प्राप्ति पहिलो निष्काशन (FIFO) को आधारमा लेखाङ्कन गरिएको छ। सामान्य व्यापारिक हिसाबले अनुमानित बिक्रि मूल्यबाट अनुमानित कार्य सम्पन्न लागत र अनुमानित आवश्यक खर्च घटाई खुद असुलयोग्य रकम गणना गरिएको छ।

जिन्सी मौज्दातहरूलाई अप्रचलित सामग्रीको मूल्यबाट सम्भाबित नोक्सानी घटाई लेखाङ्कन गरिएको छ। बिक्रीयोग्य सामग्रीको मूल्याङ्कन लागत मूल्य वा प्राप्तियोग्य मूल्य मध्ये जुन मूल्य न्यून हुन्छ सोको आधारमा गरिएको छ। अन्य वस्तुहरूको लागत सेवा प्रदान गर्दा असुली हुनेछ भन्ने व्यवस्थापनको अनुमान छ। जिन्सी मौज्दातको मूल्य समायोजन गर्दा अन्तिम प्रयोग भएको अवधिको आधारमा अप्रचलित (५ वर्षभन्दा बढी), गैर-चल्ती (२-५ वर्ष), कम चल्ती (१-२ वर्ष) गरी वर्गीकरण गरिएको छ।

यसका अतिरिक्त, समूहले वाइम्याक्स (WiMAX), सीडीएमए (CDMA) र पीएसटीएन (PSTN) सेवा सँग सम्बन्धीत सामग्रीहरू प्रविधिमा भएको परिवर्तनले गर्दा हाल काम नलाग्ने भएको हुँदा त्यस्ता मौज्दातहरूमा १००% नोक्सानीको व्यवस्था गरेको छ।

| जिन्सी मौज्दात | प्रयोग अवधि | सम्भावित नोक्सानी दर (प्रतिशत) |
|---|---|---|
| नियमित | १ वर्ष भित्र | - |
| कम चल्ती | १-२ वर्ष | २५ |
| गैर-चल्ती | २-५ वर्ष | ५० |
| अप्रचलित | ५ वर्षभन्दा बढी | १०० |

**व्याख्यात्मक टिप्पणीहरू**

जिन्सी मौज्दातहरूमा मुख्य रुपमा नगद कार्डहरू, टेलिफोन सेटहरू (मोबाइल र अन्य), ग्राहकहरुको परिसरमा जडित उपकरणहरु जस्तै सी.पीं.ई., फाइवर केबुल, ड्रप वायर, अन्य सहायक सामग्रीहरू र पूँजीकरण गर्न नमिल्ने जगेडा सामग्रीहरू समावेश गरिएका छन्।

**जिन्सी मौज्दात**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| **कुल मौज्दात** | | |
| टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा | ११५९,४१६,७५५ | १९४,५२२,२९७ |
| क्यास कार्ड | ११०,०७७,०३० | २५३,१८५,९७२ |
| स्पेयर्स् र अन्य | २६३,३१३,७७० | ३२३,४६०,५९९ |
| | **५३२,८०७,५५४** | **७७१,१६८,८६७** |
| **सम्भावित नोक्सानी** | | |
| टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा | ६४,६३०,२०२ | ५६,८३३,४१६ |
| क्यास कार्ड | २,५२५,५६८ | २,५६७,३७१ |
| स्पेयर्स् र अन्य | १८२,७४५,६०५ | १८९,३८४,४२० |
| | **२४९,९०१,३७५** | **२४८,७८५,२०७** |
| **कुल खुद जिन्सी मौज्दात** | | |
| टेलिफोन सेट, ड्रपवायर र पाटपुर्जा | ९४,७८६,५५३ | १३७,६८८,८८१ |
| क्यास कार्ड | १०७,५५१,४६२ | २५०,६१८,६०१ |
| स्पेयर्स् र अन्य | ८०,५६८,१६५ | १३४,०७६,१७९ |
| **जम्मा** | **२८२,९०६,१७९** | **५२२,३८३,६६०** |

## ७. पट्टा – (Lease)

**लेखा नीतिहरू**

**पट्टाको पहिचान**

समूहले सम्झौताको सुरुवातमा सम्झौता वा पट्टा, हो वा होइन भनेर निर्धारण गर्दछ। यदि समूहले सम्झौताबाट पहिचान गरिएको सम्पत्तिको सो अवधिको प्रयोगलाई नियन्त्रण गर्ने अधिकार प्रदान गर्दछ भने त्यो पट्टा हुन्छ। सोको मूल्याङ्कन गर्दा समूहले निम्न कुरामा विचार गर्दछ।

क) सम्झौताले स्पष्ट वा निहित रूपमा पहिचान गरिएको सम्पत्तिको प्रयोग समावेश गर्दछ। सम्पत्ति भौतिक रूपमा फरक हुनुपर्दछ वा भौतिक रूपमा फरक सम्पत्तिको सबै क्षमताहरू प्रतिनिधित्व भएको हुनुपर्दछ । आपूर्तीकर्तासँग प्रतिस्थापन गर्ने वास्तविक अधिकार भएका सम्पत्तिहरूलाई फरक मानिने छैन।

ख) पट्टा लिनेलाई प्रयोगको अवधिभर सम्पत्तिको प्रयोगबाट पर्याप्त रूपमा सबै आर्थिक लाभहरू प्राप्त गर्ने अधिकार छ।

ग) पट्टादारसँग सम्पत्तिको प्रयोग निर्देशित/निर्णय गर्ने र सम्पत्ति कसरी र कुन उद्देश्यका लागि प्रयोग गर्ने वा परिवर्तन सम्बन्धमा निर्णय गर्ने अधिकार रहन्छ।

समूहले पट्टाको सुरुवातमा नै पट्टाको दायित्व र सम्पत्ति प्रयोगको अधिकारलाई पहिचान गर्दछ । पट्टा दायित्व प्रारम्भिक रूपमा पट्टा अवधिमा बाँकी रहेको पट्टा भुक्तानीको वर्तमान मूल्यमा मापन गरिन्छ, जसमा वृद्धिशील उधारो दरप्रयोग गरेर डिस्काउन्टिङ्ग गरिन्छ।

**पट्टा अवधि**

पट्टा अवधि भनेको अवधि थप गर्न मिल्ने विकल्पको प्रभावको लागि समायोजन गरिएको पट्टाको रद्द गर्न नमिल्ने अवधि हो जुन यथोचित रूपमा प्रयोग गर्ने निश्चित छ वा पट्टाको समाप्ति गर्ने विकल्प प्रयोग हुदैन भन्ने विषयमा समूह विश्वस्त छ।

**वृद्धिशील उधारो दर (Incremental Borrowing Rate)**

समूहले समान मूल्य र समान सुरक्षाको साथै सम्पत्ति प्राप्त गर्न उस्तै अवधिको ऋणको लागि तिर्नुपर्ने दर वृद्धिशील उधारो दर हो।

**पट्टा भुक्तानी**

पट्टा भुक्तानीमा मासिक भुक्तानी वा ६ महिनाको अवधिको लागि अग्रिम रूपमा वा सोही अवधिको लागि पछि भुक्तानी गरिने रकम समावेश गरेको छ।

प्रभावकारी ब्याज विधिको प्रयोग गरेर परिशोधित लागतमा पट्टा दायित्व मापन गरिन्छ। भविष्यमा पट्टा भुक्तानीमा परिवर्तन हुने भएमा वा समूहले कुनै अवशेष मूल्य जमानत अन्तर्गत भुक्तान हुने अपेक्षा गरेको रकम छ भने तिनीहरूलाई पुनः मापन गरिन्छ।

समूहले पट्टा अवधि परिवर्तन भएको ठाउँमा पट्टा दायित्व पुनः मापन गर्दछ। पट्टा रद्द गर्न नसकिने अवधि परिवर्तन हुँदा वा कुनै घटनाको कारण पट्टादारको नियन्त्रण परिस्थितिमा परिवर्तन भएमा र व्यवस्थापनबाट भएको प्रारम्भिक विश्लेषणमा पट्टा अवधि थपका विकल्प प्रयोग हुने

निश्चित वा समाप्तिका विकल्पहरू प्रयोग नहुने विषयमा विश्लेषण परिवर्तन भएमा यस्तो अवस्था सृजना हुन आउँछ। पट्टा अवधि परिवर्तन भएको अवस्थामा समूहले पुनर्मूल्याङ्कनको मितिमा वृद्धिशील उधारो दर प्रयोग गरेर पट्टा दायित्व पुनः मापन गर्दछ। कुनै घटना वा परिस्थिति र पट्टा अवधि अपरिवर्तित भएको अवस्थामा पट्टा दायित्व र सम्बन्धित सम्पत्ति प्रयोगको अधिकार रकम समयसँगै घट्दै जानेछ।

सम्पत्ति प्रयोगको अधिकारको सुरुको रकमबाट कुनै पनि अग्रीम पट्टा भुक्तानी, प्रारम्भिक प्रत्यक्ष लागत र विघटन लागतको अनुमानित व्यवस्था गरिएको रकम समायोजन गरी कुनै पट्टा प्रोत्साहन रकम प्राप्त भएमा सो घटाई प्रारम्भिक मापन गरिन्छ र सो रकम पट्टा दायित्वको रकम बराबर हुन्छ। सीधा-रेखा विधि प्रयोग गरी सम्पत्तिको प्रयोगयोग्य अवधि वा पट्टा अवधि मध्ये पहिले अन्त्य हुने मितिसम्म तिनीहरूको ह्रासकट्टी गरिन्छ।

समूहले १२ महिना वा सो भन्दा कमको पट्टा अवधि भएको छोटो अवधिको पट्टा, कम मूल्यका अन्तर्निहित सम्पत्तिको पट्टा दायित्व र सम्पत्ति प्रयोगको अधिकारको लेखाङ्कन गर्ने गरेको छैन। रु.६ लाख भन्दा कम मूल्य भएको पट्टा सम्पत्तिलाई कम मूल्यको पट्टा मानिएको छ। समूहले यस्ता पट्टाहरूको भुक्तानीलाई पट्टा अवधिमा सीधा रेखा विधिको आधारमा वा व्यवस्थापनद्वारा उपयुक्त ठानेको अनुमानहरूको आधारमा खर्च लेखाङ्कन गर्दछ।

**व्याख्यात्मक टिप्पणीहरु**

**वृद्धिशील उधारो दर**

समूहले पट्टाका सन्दर्भमा देश तथा कम्पनीको विशिष्ट जोखिम प्रिमियमको समायोजन समेतलाई विचार गरी ८ प्रतिशतको वृद्धिशील उधारो दर निर्धारण गरेको छ।

लीज दायित्वको परिपक्वता म्याट्रिक्स नोट ९.५ मा खुलासा गरिएको छ।

रकम रु.

| सम्पतिहरुको प्रयोगको अधिकार | जग्गा तथा भवन (परिमार्जित) |
|---|---:|
| **३१ आषाढ, २०८१ को जम्मा मौज्दात (परिमार्जित)** | **३,२५१,५४१,२२७** |
| यस वर्षको थप | १५९,०६४,७६७ |
| आ.व. २०८१।८२ को समायोजन | (२३,९१५,६६९) |
| सम्पतिको प्रयोग योग्य अधिकारको निसर्ग | (८२,२९५,८१४) |
| **३२ आषाढ, २०८२ को जम्मा मौज्दात** | **३,३०४,३९४,५११** |
| सञ्चित परिशोधन | १,१०६,७५९,२५३ |
| यस वर्षको परिशोधन | ३६७,९२८,०५० |
| परिशोधन समायोजन | (५,८६६,८७२) |
| सम्पतिको प्रयोग योग्य अधिकारको निसर्ग | (८२,२९५,८१४) |
| **३२ आषाढ, २०८२ को परिशोधन, जम्मा मौज्दात** | **१,३८६,५२४,६१७** |
| **३२ आषाढ, २०८२ को खुद मौज्दात** | **१,९१७,८६९,८९४** |

**पट्टा दायित्व**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---:|---:|
| चालु | ३०८,०१३,८५० | ३१९,३२४,०४० |
| गैर चालु | २,०१२,४५४,६५३ | २,१७५,७६१,३१८ |
| **अन्तिम मौज्दात** | **२,३२०,४६८,५०३** | **२,४९५,०८५,३५८** |

## ८. अग्रिम भुक्तानी, अन्य गैर वित्तीय सम्पत्ति तथा दायित्व

### ८.१ अग्रिम भुक्तानी, अन्य गैर वित्तीय सम्पत्ति

**लेखा नीतिहरू**

भुक्तानी गरिएका र भविष्यसँग सम्बन्धित भुक्तानीलाई अग्रिम भुक्तानी शिर्षकमा देखाइएको छ, जसलाई वित्तीय विवरणहरूमा सम्बन्धित अवधिको नाफा वा नोक्सानको विवरणमा आर्थिक भार पारिएको छ। अन्य गैर वित्तीय सम्पत्तिहरुमा स्पेयर पार्ट्स र आपूर्तिकर्ता, कर्मचारी तथा अन्य कार्यको लागि गरिएका अग्रिम भुक्तानीहरु पर्दछन् । जुन समूहले आफ्नो व्यवसाय सञ्चालनार्थ भविष्यमा प्राप्त गर्ने वस्तु तथा सेवाहरुको लागि भुक्तानी गर्दछ । अग्रिम खर्च र अन्य गैर-वित्तीय सम्पत्तिहरूलाई समूहले ऋण लिने क्षमताको मूल्याङ्कन र १२ महिना भन्दा बढी अवधिको हिसाबको आधारमा खराब र शंकास्पद रकम घटाई लेखाङ्कन गरेको छ।

समीक्षा अवधिमा समूहले अग्रिम खर्च अन्तर्गत सम्भाव्य नोक्सानी वापत थप रु. ३,७३९,९४३ व्यवस्था गरेको छ भने अन्य गैर वित्तीय सम्पत्तिहरु अन्तर्गत गत आ.व.मा सम्भाव्य नोक्सानी वापत व्यवस्था गरिएको रकम रु. २७,१३२,२५५ लाई Reversal गरेको छ।

**व्याख्यात्मक टिप्पणी** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| अग्रीम खर्च | ३४६,५१३,४६० | १३३,४९०,४१५ |
| घटाउनेः सम्भाब्य नोक्सानीको व्यवस्था | (५,०९५,९३७) | (१,३५५,९९४) |
| अन्य गैरवित्तीय सम्पत्तिहरू | ६४९,७००,३५८ | ७३८,८४८,९०० |
| घटाउनेः सम्भाब्य नोक्सानीको व्यवस्था | (११,७०५,६२१) | (३८,८३७,८७६) |
| स्थगन कर्मचारी खर्च | १,७७०,४३४,४३३ | १,५६४,७१७,८२८ |
| **जम्मा** | **२,७४९,८४६,६९३** | **२,३९६,८६३,२७४** |

### ८.२ दीर्घकालीन ऋण र अग्रिम भुक्तानीहरू

**लेखा नीति**

यस अन्तर्गत उपकरण/प्रणाली वा अन्य कार्यका लागि आपूर्तिकर्तालाई प्रदान गरिएको दीर्घकालीन अग्रिम भुक्तानी समावेश गरिएको हुन्छ, जसलाई कार्य सञ्चालनको सामान्य प्रक्रिया अन्तर्गत १ वर्षभन्दा बढी अवधिमा फरफारक हुने अपेक्षा गरिएको छ। यस्ता भुक्तानीलाई सुरुमा लागतमा र पछि नाफा वा नोक्सान मार्फत उचित मूल्यमा पहिचान गरिएको छ।

समीक्षा अवधिमा कम्पनीले दिर्घकालिन ऋण र अग्रिम भुक्तानीहरु अन्तर्गत सम्भाव्य नोक्सानी वापत थप रु. ८६,८२६,०६९ व्यवस्था गरेको छ।

**व्याख्यात्मक टिप्पणीहरु :** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| सुरु मौज्दात | ९४६,१४३,६४६ | १,०७८,६९३,९९५ |
| २०८१।८२ मा खुद थप तथा स्थानान्तरण | २१२,८१२,८०२ | (१३२,५५०,३४९) |
| **अन्तिम मौज्दात** | **१,१५८,९५६,४४८** | **९४६,१४३,६४६** |
| सुरु सञ्चित इम्पेयरमेन्ट | ९३,३८४,६८४ | ९३,३८४,६८४ |
| आ.व. २०८१।८२ को इम्पेयरमेन्ट | ८६,८२६,०६९ | - |
| **अन्तिम इम्पेयरमेन्ट जम्मा** | **१८०,२१०,७५३** | **९३,३८४,६८४** |
| जम्मा मौज्दात ३२, अषाढ २०८२ | ९७८,७४५,६९५ | ८५२,७५८,९६२ |

### ८.३ गैरवित्तीय दायित्व

**लेखा नीति**

गैरवित्तीय दायित्वमा समूहले आफ्नो व्यवसाय सञ्चालनको लागि वैधानिक शर्त बमोजिम भुक्तानी गर्नुपर्ने वैधानिक दायित्व पर्दछन्, जस अन्तर्गत समूहले आफ्ना ग्राहकहरुलाई प्रदान गर्न प्रतिज्ञा गरेका सेवाहरु बापत अग्रिम प्राप्त रकम वा दायित्व, कानूनी प्रावधान तथा मुख्य कम्पनीको कर्मचारी सेवा शर्त सम्बन्धित विनियमावली अनुसार कर्मचारीहरुलाई भुक्तानी दिनुपर्ने बोनस तथा टेलिकम भत्ताका प्रावधानहरु समावेश भएका छन् ।

**व्याख्यात्मक टिप्पणीहरू**

**अन्य गैरवित्तीय दायित्वहरू** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| भुक्तानी बाँकी मू.अ.कर | १८५,३७९,२०५ | २२६,३६६,१९३ |
| भुक्तानी बाँकी आय.कर | १५,५८५,७६४ | २४,३७४,४६२ |
| तिर्न बाँकी अन्य शुल्क | ३५३,७३६,३५८ | २७७,८५५,३४६ |
| रोयल्टी तथा ग्रामिण दूरसञ्चार विकास कोषमा योगदान | २,०१२,७८२,००० | १,९०५,७८९,१५० |
| ग्राहकबाट अग्रिम प्राप्त रकम | १,६९७,८९७,१०५ | १,१८९,१८१,९९३ |
| सिम सक्रियता स्थगन गरे वापतको आम्दानी | १५१,२९८,७३३ | १४५,४६३,८३६ |
| अनार्जित नगद कार्ड विक्री | १,०२०,२९०,५०४ | ९७४,७४२,१७७ |
| भुक्तानी बाँकी टेलिकम भत्ता | ८६८,५७८,६६४ | ९१५,००५,७६० |
| भुक्तानी बाँकी कर्मचारी बोनश | १,७३३,८३८,९८९ | १,२१५,४०६,९४२ |
| **जम्मा** | **८,०३९,३८७,३२२** | **६,८७४,१८५,८५९** |

## ९. वित्तीय उपकरणहरू

**लेखा नीतिहरू**

समूहले नेपाल वित्तीय प्रतिवेदनमान ९ "वित्तीय उपकरणहरू" लागू गरेको छ। यसबाट वित्तीय विवरणहरुको प्रयोगकर्तालाई भविष्यमा हुने नगद प्रवाहको रकम, समय तथा अनिश्चितता सम्बन्धमा थप भरपर्दो तथा सान्दर्भिक जानकारीमा पहुँच उपलब्ध हुन्छ।

**९.१ वित्तीय सम्पत्तिहरू**

**क. वर्गीकरण**

समूहले आफ्नो वित्तीय सम्पत्तिहरूलाई निम्नानुसार वर्गीकरण गरेको छ।

- पछि वास्तविक मूल्यमा (fair value) मापन गरिने।
  १. अन्य विस्तृत आम्दानी विवरण मार्फत, वा
  २. नाफा वा नोक्सान विवरण मार्फत
- परिशोधित लागतमा मापन गरिने।

उपरोक्त वर्गीकरणहरु वित्तीय सम्पत्ति र सोको सम्झौता अनुसार नगद प्रवाह व्यवस्थापनको लागि कम्पनीको व्यावसायिक योजनामा निर्भर रहन्छ।

वास्तविक मूल्यमा मापन गरिएको सम्पत्तिको लाभ तथा हानीलाई नाफा वा नोक्सान विवरण वा अन्य विस्तृत आम्दानी मार्फत लेखाङ्कन गरिएको छ। ऋण उपकरणहरूमा गरिएको लगानी, संस्थाले लगानी सम्बन्धी अवलम्बन गरेको व्यावसायिक योजनामा निर्भर हुन्छ। सेयर उपकरणमा गरिएको लगानीको वास्तविक मूल्यलाई सुरू लेखाङ्कन गर्ने समयमा अपरिवर्तनीय विकल्प छनोट गरेको अवस्थामा अन्य विस्तृत आम्दानी विवरण मार्फत लेखाङ्कन गरिएको छ। समूहले आफ्नो सम्पत्ति व्यवस्थापनको व्यावसायिक योजना परिवर्तन भएको खण्डमा ऋण उपकरणहरूको पुनःवर्गीकरण गर्ने गरेको छ ।

**ख. मापन**

समूहले सुरूमा वित्तीय सम्पत्तिको वास्तविक मूल्य मापन गर्दा नाफा वा नोक्सान विवरणमार्फत वास्तविक मूल्यमा मापन नहुने वित्तीय सम्पत्तिहरूलाई वास्तविक मूल्यमा सम्पत्ति ग्रहण गर्दाको प्रत्यक्ष कारोबार लागत समावेश गरेको छ। नाफा वा नोक्सानको विवरण मार्फत मापन गर्न सकिने वित्तीय सम्पत्तिको कारोबारको लागतलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ।

**लगानी तथा अन्य वित्तीय सम्पत्ति :**

**ऋण उपकरणः**

ऋण उपकरणको पछिल्लो मापन, समूहको सम्पत्ति तथा सम्पत्तिको नगद प्रवाहलाई व्यवस्थापन गर्ने व्यावसायिक योजनामा निर्भर गर्दछ। समूहले मुख्यतयाः तीन मापन वर्गमा आफ्नो ऋण उपकरणलाई वर्गीकरण गर्दछ।

**अ) परिशोधित लागतः**

सम्झौता बमोजिमको नगद प्रवाह संकलनको लागि राखिएको सम्पत्तिहरुबाट केवल सावाँ तथा ब्याजको मात्र भुक्तानी हुने नगद प्रवाहलाई परिशोधित लागतमा मापन गरिएको छ। पछि परिशोधित लागतमा मापन गरिएको र Hedging सम्बन्धको हिस्सा नभएका ऋण उपकरण सम्पत्तिहरु अपलेखन गर्दा वा हानी भएको अवस्थामा हुन जाने लाभ तथा नोक्सानलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावी ब्याज दर विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिएको छ।

**आ) अन्य विस्तृत आम्दानी विवरण मार्फत बजार मूल्य (FVtOCI)**

सम्झौता बमोजिमको नगद प्रवाह संकलन तथा वित्तीय सम्पत्ति बिक्रीको लागि राखिएको सम्पत्तिहरुबाट केवल सावाँ तथा ब्याजको मात्र भुक्तानी हुने नगद प्रवाहलाई अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यमा मापन गरिएको छ। नाफा वा नोक्सानी विवरणमा लेखाङ्कन गरिएको इम्पेयरमेन्टको लाभ वा हानी, ब्याज आम्दानी र विदेशी मुद्राको दर परिवर्तनको कारण भएको नाफा नोक्सान बाहेकको कारणले बाँकी सम्पत्तिको मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानी विवरणमा देखाइएको छ। कुनै वित्तीय सम्पत्ति अपलेखन गर्दा उक्त सम्पत्तिको अघिल्लो अन्य विस्तृत आम्दानी विवरणमा लेखाङ्कन गरिएको सञ्चित नाफा वा नोक्सानलाई पूँजीबाट नाफा वा नोक्सानमा पुनः वर्गीकरण गरी अन्य नाफा वा नोक्सानको रूपमा लेखाङ्कन गरिएको छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावी ब्याज दर विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिएको छ।

**इ) नाफा वा नोक्सानको विवरण मार्फत बजार मूल्य (FVtPL):**

परिशोधित लागत वा अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यको मापदण्ड पूरा नगरेका सम्पत्तिको वास्तविक मूल्यलाई नाफा वा नोक्सानको विवरणमा मापन गरिनेछ। नाफा वा नोक्सानको विवरण मार्फत वास्तविक मूल्यमा पछि मापन गरिएको र Hedging संग सम्वन्धित नभएका ऋण लगानीमा भएको लाभ वा हानीलाई नाफा वा नोक्सानमा लेखाङ्कन गरी खुद रकमलाई सम्बन्धित अवधिको नाफा वा नोक्सान विवरणमा अन्य लाभ वा हानीको रुपमा प्रस्तुत गरिएको

छ। सो सम्पत्तिको ब्याज आम्दानीलाई भने वित्तीय आम्दानीको रुपमा राखिएको छ।

**इक्विटी उपकरणः**

समूहले सबै इक्विटी उपकरणलाई वास्तविक मूल्यमा मापन गर्ने गरेको छ। समूहको व्यवस्थापनले पूँजीगत लगानीको वास्तविक बजार मूल्यमा भएको लाभ वा हानीलाई अन्य विस्तृत आम्दानी विवरणमा प्रस्तुत गर्ने निर्णय गरेको अवस्थामा त्यसरी वर्गीकरण गरेको नाफा वा नोक्सानको विवरणलाई पुनः वर्गीकरण गरिने छैन। समूहले उक्त लगानीबाट आर्जन हुने लाभांशलाई सो रकम प्राप्त गर्ने अधिकार श्रृजना हुनासाथ निरन्तर रुपमा नाफा वा नोक्सान विवरणमा अन्य आम्दानीको रूपमा लेखाङ्कन गर्दछ।

नाफा वा नोक्सानको विवरणमार्फत वास्तविक मूल्य मापन गर्ने वित्तीय सम्पत्तिको बजार मूल्यमा भएको परिवर्तनलाई नाफा वा नोक्सानको विवरणमा अन्य लाभ तथा हानीको रूपमा लेखाङ्कन गरिएको छ। अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यमा मापन हुने पूँजीगत लगानीहरूमा इम्पेयरमेन्ट हानी (वा इम्पेयरमेन्ट हानी फिर्ता) लाई अन्य वास्तविक मूल्यको परिवर्तन भन्दा छुट्टै प्रस्तुत गरिएको छैन।

**वित्तीय सम्पत्तिको अपलेखनः**

वित्तीय सम्पत्तिबाट नगद प्रवाहको लागि अनुबंधित अधिकार समाप्त हुँदा वा वित्तीय सम्पत्तिको स्थानान्तरण गर्दा र स्थानान्तरण अपलेखनको लागि योग्य हुँदा वित्तीय सम्पत्ति अपलेखन गर्ने गरिन्छ। वित्तीय सम्पत्तिको पूर्ण रूपमा अपलेखन गर्दा अपलेखन भएको मितिमा मापन गरिएको रकम र प्राप्त रकमको भिन्नतालाई नाफा वा नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ।

**ग. वित्तीय सम्पत्तिको इम्पेयरमेन्टः**

समूहले परिशोधित लागत तथा अन्य विस्तृत आम्दानी विवरणमार्फत(OCI) वास्तविक मूल्यमा मापन हुने सम्पत्तिको अनुमानित ऋण जोखिमलाई अगाडि बढ्ने आधार (Forward Looking Basis) मा मूल्याङ्कन गरेको छ। सम्पत्तिको इम्पेयरमेन्ट कार्यान्वयन विधि सोमा भएको ऋण जोखिमको उल्लेखनीय वृद्धिमा निर्भर रहन्छ।

आसामी बाँकी तथा अन्य पाउनुपर्ने रकम र अनुबन्धित सम्पत्तिको लागि मात्र समूहले नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार सहज विधि (Simplified Approach) को आधारमा उक्त सम्पत्तिको अवधिभर को अनुमानित नोक्सानी व्यवस्था लाई मापन गरी पहिचान गरिएको छ। समूहसँग नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसारको अनुमानित Credit Loss Model लागू हुने तीन प्रकारका वित्तीय सम्पत्तिहरू रहेका छन्। समूहले प्रत्येक वर्गको सम्पत्तिको लागि नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार आफ्नो इम्पेयरमेन्ट विधि संशोधन गर्न वाध्य रहेको।

**(अ) आसामी बाँकी तथा अन्य पाउनुपर्ने रकम**

नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार सहज विधिको आधार मा अनुमानित Credit Loss अनुसार उक्त सम्पत्तिको अवधिभरको अनुमानित नोक्सानी व्यवस्थालाई मापन गरी लेखाङ्कन गरिएको छ।

अपेक्षित ऋण हानि (ECL) मुख्यतः प्राप्य रकमहरुको उमेर विश्लेषण (Ageing) तथा ऐतिहासिक अनुभवको आधारमा निर्धारण गरिएको छ। प्राप्य रकमहरूलाई तिनको महत्व अनुसार व्यक्तिगत रूपमा वा समान प्रकृतिका समूहहरूमा वर्गीकरण गरी सामूहिक रूपमा इम्पेयरमेन्ट परीक्षण गरिन्छ। साथै, आधारभूत तथ्य र परिस्थितिको मूल्याङ्कनका आधारमा असुल नहुने ठहरिएका व्यापारिक प्राप्यहरूलाई लेखाबाट हटाइन्छ।

**(आ) मुद्दती निक्षेप र ऋणपत्रमा लगानी**

परिशोधित लागतमा रहेका ऋण लगानीलाई न्यून जोखिमयुक्त मानिएकाले यसको इम्पेयरमेन्ट व्यवस्था १२ महिनाको अनुमानित ऋण जोखिमको आधारमा गरिएको छ।

**(इ) ऋण लगानी**

परिशोधित लागतमा रहेका ऋण लगानी न्यून जोखिमयुक्त मानिएकाले यसको इम्पेयरमेन्ट व्यवस्था १२ महिनाको अनुमानित ऋण जोखिमको आधारमा गरिएको छ।

**वित्तीय सम्पत्ति आ.ब.२०८१/८२**

रकम रु.

| **विवरण** | **FVtPL** | **FVtOCI** | | **परिशोधित लागत** | **जम्मा** |
|---|---|---|---|---|---|
| | | **ऋण** | **इक्विटी** | | |
| इक्विटीमा लगानी | २५३,८६६,९६४ | | | | २५३,८६६,९६४ |
| सामुहिक लगानी कोषमा लगानी | २०९,४२९,७०० | | | | २०९,४२९,७०० |
| कर्मचारी ऋण | ३,८०८,७३७,५३० | | | | ३,८०८,७३७,५३० |
| प्रोदभावी रकम, पेश्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम | १,८५०,८१३,५५८ | | | | १,८५०,८१३,५५८ |
| आसामी बाँकी तथा अन्य पाउनु पर्ने रकम | | | | १,०९८,६९४,४१० | १,०९८,६९४,४१० |
| मुद्दती निक्षेप तथा ऋणपत्रहरुमा लगानी | | | | ३३,०४८,५५०,००० | ३३,०४८,५५०,००० |
| ऋण लगानी | | | | १३,३४६,७९३,७२४ | १३,३४६,७९३,७२४ |
| नगद वा नगद सरह | ९,६४९,४७७,६६७ | | | | ९,६४९,४७७,६६७ |
| **जम्मा** | **१५,७७२,३२५,४१९** | | | **४७,४९४,०३८,१३४** | **६३,२६६,३६३,५५३** |

**वित्तीय सम्पत्ति आ.ब.२०८०/८१**

रकम रु.

| **विवरण** | **FVtPL** | **FVtOCI** | | **परिशोधित लागत** | **जम्मा** |
|---|---|---|---|---|---|
| | | **ऋण** | **इक्विटी** | | |
| इक्विटीमा लगानी | २५४,६०५,४४९ | | | | २५४,६०५,४४९ |
| सामुहिक लगानी कोषमा लगानी | १८६,४९९,३०० | | | | १८६,४९९,३०० |
| कर्मचारी ऋण | ३,८४०,०७३,३७८ | | | | ३,८४०,०७३,३७८ |
| प्रोदभावी रकम, पेश्की तथा अन्य भुक्तानी पाउनु पर्ने रकम | १,०२१,५००,५७२ | | | | १,०२१,५००,५७२ |
| आसामी बाँकी तथा अन्य पाउनु पर्ने रकम | | | | १,५१७,७१०,६१७ | १,५१७,७१०,६१७ |
| मुद्दती निक्षेप तथा ऋणपत्रहरुमा लगानी | | | | ३९,३३४,४३०,००० | ३९,३३४,४३०,००० |
| ऋण लगानी | | | | १४,१८६,०१५,०२८ | १४,१८६,०१५,०२८ |
| नगद वा नगद सरह | ४,१९१,५००,६७६ | | | | ४,१९१,५००,६७६ |
| **जम्मा** | **९,४९४,१७९,३७५** | | | **५५,०३८,१५५,६४५** | **६४,५३२,३३५,०२०** |

### ९.१.१ इक्विटीमा लगानी

**लेखा नीति**

समूहले सेयरमा गरेको लगानीलाई नेपाल वित्तीय प्रतिवेदनमान ९ “वित्तीय उपकरण” अनुसार वास्तविक मूल्यमा लेखाङ्कन गरिएको छ । यस्ता लगानीलाई सम्बन्धित लगानीको सुचीकरणको स्थिति (Listing Status) अनुसार वर्गिकरण गरिएको छ ।

**व्याख्यात्मक टिप्पणीहरू**

रकम रु.

**इक्विटी लगानी**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| **सुचिकृत इक्विटि लगानी** | **३३,१२७,२००** | **२९,०३४,०००** |
| सर्वोत्तम सिमेन्ट लिमिटेड | १४,४३६,००० | १४,४३६,०००.०० |
| वास्तविक मूल्यमा भएको परिवर्तन | १८,६९१,२०० | १४,५९८,०००.०० |
| **असुचिकृत इक्विटि लगानी** | **२२०,७३९,७६४** | **२२५,५७१,४४९** |
| बिद्युत उत्पादन कम्पनी लिमिटेड | १३०,०००,००० | १३०,०००,००० |
| नेशनल फण्ड मेनेजमेण्ट लिमिटेड | ६०,०००,००० | ६०,०००,००० |
| लगानीको वास्तविक मूल्यमा परिवर्तन | ३०,७३९,७६४ | ३५,५७१,४४९ |
| **जम्मा** | **२५३,८६६,९६४** | **२५४,६०५,४४९** |
| सामुहिक लगानी कोषमा लगानी | १८०,०००,००० | १८०,०००,००० |
| नेशनल इक्विटि फण्ड १ मा लगानी | १०,०००,००० | १०,०००,००० |
| लगानीको वास्तविक मूल्यमा परिवर्तन | १९,४२९,७०० | (३,५००,७००) |
| **सामुहिक लगानी कोषमा खुद लगानी** | **२०९,४२९,७००** | **१८६,४९९,३००** |
| **जम्मा** | **४६३,२९६,६६४** | **४४१,१०४,७४९** |

समूहको विद्युत उत्पादन कम्पनी लिमिटेड तथा नेशनल फण्ड म्यानेजमेन्ट लिमिटेडमा दीर्घकालीन लगानी रणनीति अनुरूप संस्थापक सेयरमा लगानी गरेको छ। समीक्षा अवधिमा सूचीकरण नभएका इक्विटी लगानीहरूको उचित मूल्य (Fair Value) नेट एसेट भ्यालु (NAV) विधि प्रयोग गरी अनुमान गरिएको छ, जसअन्तर्गत लगानी गरिएका कम्पनीको पछिल्लो लेखापरीक्षण गरिएको वित्तीय विवरणअनुसारका सम्पत्तिहरूलाई आधार मानिएको छ।

समूहले प्रत्येक समीक्षा अवधिमा सूचीकरण नभएका इक्विटी लगानीहरूको वहन (Carrying) मूल्यको समीक्षा गर्दछ र नेपाल वित्तीय प्रतिवेदनमान ९ अनुसार वास्तविक मूल्यमा भएको परिवर्तनलाई मान्यता दिन्छ। वास्तविक मूल्य निर्धारण गर्दा लगानी गरिएका कम्पनीको सम्पत्ति, पुँजी संरचना तथा सेयर हस्तान्तरणमा हुन सक्ने सम्भावित प्रतिबन्धहरूको मूल्याङ्कन लगायतका विषयमा महत्वपूर्ण निर्णय (Significant Judgements) आवश्यक पर्दछ।

समूहले सर्वोत्तम सिमेन्ट लिमिटेडमा प्रति कित्ता रु ४०१ मा ३६,००० कित्ता सेयरमा बुक विल्डिङ्ग (Book Building) मार्फत लगानी गरेको छ साथै समिक्षा अवधिमा सर्वोत्तम सिमेन्ट लिमिटेडबाट २,५२० कित्ता बोनस सेयर प्राप्त भएको छ। लगानीलाई वास्तविक मूल्यमा मापन गरिनुका साथै पुनर्मुल्यांकित मूल्य र वास्तविक मूल्य बीचको फरक रकमलाई नाफा वा नोक्सान विवरणमा लेखाङ्कन गरिएको छ।

९.१.२ **कर्मचारी ऋणः**

**लेखा नीति**

कर्मचारीलाई प्रदान गरिएको ऋणलाई नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा लेखाङ्कन गरिएको छ। प्रभावी ब्याजदरको आधारमा लेखाङ्कन गर्दा ऋणको Fair Value मा भएको परिवर्तनलाई नाफा वा नोक्सानमा देखाइने छ।

**व्याख्यात्मक टिप्पणी** :

समूहले कर्मचारीहरुलाई सुविधाको रुपमा ऋण उपलब्ध गराएको छ। यसरी उपलब्ध गराइएको ऋण रकम परिपक्व अवधिसम्म कायम गरी उक्त अवधिमा साँवा, ब्याज र बीमाबाट प्राप्त हुने बोनस रकम समेतबाट असुल गरीने छ। कम्पनीले ३ प्रतिशतले हुने ब्याज रकम ऋण रकम उपलब्ध गराउँदाका बखत र सावाँ रकम भुक्तानी तालिका अनुसार नियमित रुपमा असुल उपर गर्दछ। बीमा सहितको ऋणको हकमा कर्मचारीहरुले बार्षिक रुपमा बीमाशुल्क भुक्तानी गर्ने र बीमा अवधिको समाप्ति पछि बीमा कम्पनीबाट प्राप्त रकमबाट सावाँ रकम र बोनस रकमको पूर्वसहमती वमोजिमको अनुपातिक रुपमा कट्टा गरी अन्तिम हिसाब राफसाफ गर्ने गरिएको छ।

ब्याजदरमा भएको परिवर्तन र वास्तविक मूल्यमा भएको परिवर्तनलाई नाफा नोक्सान विवरणमा र बाँकी सावाँ रकमलाई वास्तविक मूल्यमा प्रस्तुत

गरिएको छ। यस्ता ऋणहरुको भुक्तानी अवधि १ वर्षदेखि २० वर्षसम्म रहेको छ। कर्मचारीलाई दिईएको ऋण रकम निजले पाउने सेवाकालीन सुविधा, अवकाश सुविधा र बीमा योजना बापत प्राप्त हुने रकमबाट सहजै असुल उपर गर्न सकिने हुँदा सुरक्षित रहेको छ।

**कर्मचारी ऋण**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| कर्मचारी ऋणको शुरु मौज्दात | ५,३५२,३९३,३९० | ५,५७६,४६८,०९७ |
| वास्तविक मुल्यमा समायोजन | (१,५४३,६५५,८६०) | (१,७३६,३९४,७१९) |
| **वास्तविक मुल्यमा जम्मा कर्मचारी ऋण** | **३,८०८,७३७,५३०** | **३,८४०,०७३,३७८** |
| कर्मचारी ऋण - चालु | ३६९,२४६,१९२ | ३१५,१३७,८०८ |
| कर्मचारी ऋण - गैर चालु | ३,४३९,४९१,३३८ | ३,५२४,९३५,५७० |
| **वास्तविक मुल्यमा जम्मा कर्मचारी ऋण** | **३,८०८,७३७,५३०** | **३,८४०,०७३,३७८** |

### ९.१.३ प्रोदभावी, अग्रिम भुक्तानी र अन्य प्राप्त हुने रकम

**लेखा नीति**

यसमा आर्जित ब्याज, कर्मचारी पेस्की, आपूर्तिकर्तालाई गरिएको अग्रिम भुक्तानी लगायत समावेश छन् । यी दाबीहरु एक वर्षको अवधिभित्र सामान्य सञ्चालनको क्रममा फछ्र्यौट हुने अपेक्षा गरिएको छ। यस्ता दाबीहरुलाई सुरुमा लागत मूल्यमा र पछि नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा पहिचान गरिन्छ।

**अर्जित ब्याज**

आर्जित ब्याजले ऋणपत्रको चालु आ.व.सँग सम्बन्धित तथा प्रतिवेदन मितिभन्दा पछि हुने भुक्तानीलाई प्रतिनिधित्व गर्दछ। यस्ता ब्याज प्राप्त नहुने जोखिम न्यून रहेको छ।

माथिल्लो तामाकोशीमा भएको ऋण लगानीमा समिक्षा अवधिमा आर्जित ब्याजको प्राप्त नभएकोले सो रकमलाई आर्जित ब्याजमा समावेश गरिएको छ।

**आपूर्तिकर्ता तथा अन्यसँगको दाबी**

यसमा ठेकेदार, आपूर्तिकर्ता र अन्य पक्षबाट कुनै निहित वित्त शुल्क बिना प्राप्त हुने दाबीहरू समावेश रहेका छन्। यस्ता दाबीहरु एक वर्षको सामान्य सञ्चालन अवधिमा फछ्र्यौट हुने अपेक्षा गरिएको छ। साथै, यस्ता दाबीहरुको लागतले वास्तविक मूल्यको प्रतिनिधित्व गर्ने विश्वास गरिएको छ।

**कर्मचारीहरूसँगको दाबी**

यसमा कुनै निहित वित्त शुल्क बिना कर्मचारीहरूबाट प्राप्त हुने दाबीहरू समावेश गरिएको छ। यस्ता दाबीहरु एक वर्षको सामान्य सञ्चालन अवधिमा फछ्र्यौट हुने अपेक्षा गरिएको छ। साथै, यस्ता दाबीहरुको लागतले वास्तविक मूल्यको प्रतिनिधित्व गर्ने विश्वास गरिएको छ।

समीक्षा अवधिमा समूहले कर्मचारीसँगको दावि अन्तर्गत गत आ.व.मा सम्भाव्य नोक्सानी वापत व्यवस्था गरेको रकम रु. ९,०८८,५२९ लाई Reversal गरेको छ।

**व्याख्यात्मक टिप्पणीहरु :**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| आर्जित ब्याज | ५८९,८८५,७४१ | ५५९,९५२,५६५ |
| घटाउनेः सम्भावित नोक्सानीको व्यवस्था | | |
| अन्यसँग पेस्की तथा दाबी | १,३०७,६८७,६९० | ५०७,१५७,९५८ |
| घटाउनेः सम्भाब्य नोक्सानीको व्यवस्था | (४८,३०१,३२४) | (५९,१८३,१०४) |
| कर्मचारीसँग पेस्की तथा अन्य दाबी | ३,४३३,४१८ | १३,६७१,८७० |
| घटाउनेः सम्भाब्य नोक्सानीको व्यवस्था | (१,८९१,९६७) | (९८,७१६) |
| **जम्मा** | **१,८५०,८१३,५५८** | **१,०२१,५००,५७२** |

### ९.१.४ व्यावसायिक र अन्य प्राप्यहरू

**लेखा नीति**

**व्यावसायिक प्राप्यः**

व्यावसायिक प्राप्यहरूमा नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार ग्राहकले समूहलाई तिरेको रकम समावेश गरिन्छ । व्यावसायिक प्राप्यहरूमा कुनै ब्याज लगाइदैन । यस्ता रकमहरु सुरु मूल्यमा लेखाङ्कन गरिन्छ र पछि बाँकी रकममा हानी नोक्सानी घटाई मापन गरिन्छ। समूहले यी उपकरणमा हानीको रूपमा Expected Credit Loss(ECL) अनुमान गर्दछ।

व्यवस्थापनले असुल हुन नसक्ने ठहर गरेका व्यक्तिगत तथा व्यावसायिक प्राप्यहरूलाई अपलेखन गर्दछ । कतिपय अवस्थामा व्यावसायिक प्राप्यहरूको अपलेखन समूहले यस अघि गरेका Allowances हरुको रकमबाट गर्दछ।

अपेक्षित ऋण हानि (ECL) मुख्यतः प्राप्य रकमहरुको उमेर विश्लेषण (Ageing) तथा ऐतिहासिक अनुभवको आधारमा निर्धारण गरिएको छ। प्राप्य रकमहरूलाई तिनको महत्व अनुसार व्यक्तिगत रूपमा वा समान प्रकृतिका समूहहरूमा वर्गीकरण गरी सामूहिक रूपमा इम्पेयरमेन्ट परीक्षण गरिन्छ। साथै, आधारभूत तथ्य र परिस्थितिको मूल्याङ्कनका आधारमा असुल नहुने ठहरिएका व्यापारिक प्राप्यहरूलाई लेखाबाट हटाइन्छ।

**अनुबन्ध सम्पत्ति (Contract Asset):**

नेपाल वित्तीय प्रतिवेदनमान १५ अनुसार अनुबन्ध सम्पत्तिमा संस्थाले ग्राहकहरूसँगको सम्झौताबाट पहिले नै प्रदान गरिसकेका सामान वा सेवाको बदलामा राजस्व प्राप्त गर्ने अधिकार स्थापित हुने तर समूहका व्यावसायिक नीति अनुसार भुक्तानीका सर्तहरु कायमै रहने सम्पत्ति पर्दछन्।

**इम्पेयरमेन्टः**

व्यावसायिक प्राप्य र अनुबन्ध सम्पत्तिमा क्रेडिट जोखिम रहने हुनाले इम्पेयरमेन्ट निर्धारण आवश्यक पर्दछ। Simplified approach को आधारमा अनुमानित Credit Loss अनुसार उक्त सम्पत्तिको अवधिभरको अनुमानित हानीलाई मापन गरी पहिचान गरिएको छ।

Simplified approach को आधारमा Provision Matrix को प्रयोग गरी अनुमानित Credit Loss को गणना गरिन्छ। Provision Matrix ले व्यावसायिक प्राप्यहरुमा हुन सक्ने अनुमानित नोक्सान दरलाई आधार मान्दछ।

**व्याख्यात्मक टिप्पणीहरु**

वायरलेस, फिक्स्ड लाइन, इन्टरकनेक्सन (अन्तर्राष्ट्रिय र राष्ट्रिय) सेवाहरूलाई ग्राहकहरूको आधारमा समूह बनाई Provision Matrix लागू गरिएको छ । यसरी Provision Matrix लागू गर्दा समान क्रेडिट जोखिम विशेषताहरूमा आधारित उपयुक्त उप समूहहरू समावेश गरिएको छ। कम्पनीले व्यावसायिक प्राप्यको अवधिभर Expected Credit Loss अनुमान गर्न विगतको अनुभवको आधारमा Portfolio Approach प्रयोग गर्दछ।

कम्पनीको व्यावसायिक प्राप्यहरु पुरा अवधिभरको Expected Credit Loss घटाई लेखाङ्कन गरिन्छ । व्यावसायिक प्राप्यहरुको गैर-पुनः प्राप्ति जोखिमको अतिरिक्त, जुन कम्पनीले प्रदान गरेको व्यवस्थाद्वारा पर्याप्त रूपमा समेटेको विश्वास गर्दछ, यी खाताहरूमा कुनै ब्याज नलाग्ने भएकाले मुद्राको समय मूल्य र मुद्रास्फीतिको अबमूल्यन नै यी सम्पत्तिको मूल्य घट्ने विषय रहेका छन्।

**इम्पेयरमेन्ट**

विश्वभर परेका आर्थिक मन्दीको प्रभावका कारण बेरोजगारी दरमा वृद्धि र कूल गार्हस्थ उत्पादनमा आएको गिरावटले सान्दर्भिक थ्रेसहोल्डहरू नाघ्ने अपेक्षा गरिएको छ । तसर्थ, अपेक्षित कर्जा नोक्सान अनुमान गर्दा ग्राहकहरुबाट पूर्वनिर्धारित ऐतिहासिक घाटा दरको अतिरिक्त आर्थिक सूचकहरुको समेत समायोजन समावेश गरिएको छ। फलस्वरूप, विश्व आर्थिक मन्दीले ल्याएका जोखिम र अनिश्चितताहरू प्रतिबिम्बित गर्न Expected Credit Loss को लागि व्यवस्था बढाइएको छ। भविष्यमा बृहत् आर्थिक अनुमानहरू परिवर्तन भएमा कम्पनीले आगामी वर्षको लागि गरेको Expected Credit Loss को व्यवस्था मा प्रभाव पर्न सक्छ।

**व्यवसायी प्राप्यहरु**

रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
|---|---|---|
| **कूल आसामी बांकी तथा अन्य प्राप्तियोग्य** | | |
| वायरलेस | ५९१,७१७,७२९ | ५५८,३२७,७२५ |
| आधारभुत टेलिफोन | १,१६३,७१०,५४० | १,१८२,६८४,०२४ |
| अन्तर्राष्ट्रिय अन्तरआबद्धता | ९११,९६२,०८० | ८७८,७७५,१८९ |
| राष्ट्रिय अन्तरआबद्धता | ४१५,१८८,२८९ | ३९५,३५४,४२८ |
| अनुबन्ध सम्पत्ति | ११७,६८३,१९७ | ८७,९९७,६८५ |
| **जम्मा** | **३,२००,२६१,८३६** | **३,१०३,१३९,०५३** |
| **अपेक्षित उधारो नोक्सानी** | | |
| वायरलेस | ४७६,९२९,२६४ | ३४६,२०७,७९४ |
| आधारभुत टेलिफोन | १,०९३,३७८,१०२ | ७९२,८९७,७४५ |
| अन्तर्राष्ट्रिय अन्तरआबद्धता | १४५,९१३,९३३ | १२४,४३८,०३५ |
| राष्ट्रिय अन्तरआबद्धता | ३५०,०४१,१६७ | २७३,४८६,१३४ |
| अनुबन्ध सम्पत्ति | ३५,३०४,९५९ | ४८,३९८,७२८ |
| **जम्मा** | **२,१०१,५६७,४२५** | **१,५८५,४२८,४३६** |
| **खूद आसामी बांकी Net of इम्पेयरमेन्ट** | | |
| वायरलेस | ११४,७८८,४६५ | २१२,११९,९३२ |
| आधारभुत टेलिफोन | ७०,३३२,४३८ | ३८९,७८६,२८० |
| अन्तर्राष्ट्रिय अन्तरआबद्धता | ७६६,०४८,१४७ | ७५४,३३७,१५४ |
| राष्ट्रिय अन्तरआबद्धता | ६५,१४७,१२२ | १२१,८६८,२९४ |
| अनुबन्ध सम्पत्ति | ८२,३७८,२३८ | ३९,५९८,९५७ |
| **जम्मा** | **१,०९८,६९४,४११** | **१,५१७,७१०,६१७** |

### ९.१.५ मुद्दती निक्षेप र ऋणपत्रमा लगानी

**लेखा नीति**

समूहले ऋणपत्र, मुद्दती निक्षेप र लगानीलाई सुरुमा Fair Value मा लेखाङ्कन गर्दछ भने पछि Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गर्दछ। कम्पनीले यी लगानीहरू परिपक्व अवधिसम्म राख्ने गरेको छ। समूहको व्यावसायिक स्वरुप हेर्दा यस्ता लगानीहरूमा साँवा र ब्याज प्राप्त गर्ने उद्देश्य मात्र देखिन्छ।

**मुद्दती निक्षेप तथा ऋणपत्र**

बैंकहरूमा रहेको मुद्दती निक्षेप र ऋणपत्रमा गरिएको लगानी स्थिर ब्याज दर (Fixed Coupon Rate) मा राखिएका छन् र यिनीहरूलाई प्रभावकारी ब्याज दर (Effective Interest Rate) प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गरिन्छ। समूहको व्यावसायिक स्वरुप हेर्दा यी वित्तीय सम्पत्तिबाट समूहले अन्य कुनै लागत वा प्रिमियम/छुटहरू बाहेक केवल अनुबंधात्मक नगद प्रवाहहरू मात्र प्राप्त गर्दछ। तसर्थ, Intrinsic कुपन दरलाई नै सबै मुद्दती निक्षेप र ऋणपत्रमा लगानीका लागि Effective Interest को रूपमा लिइन्छ। निक्षेपको परिपक्व अवधिको आधारमा यी वित्तीय सम्पत्तिलाई चालु सम्पत्तिको रूपमा वर्गीकृत गरिएको छ।

**व्याख्यात्मक टिप्पणी**

समूहले नेपाल सरकार र 'क' वर्गका वाणिज्य बैंकहरूले जारी गरेका ऋणपत्रहरूमा तथा 'क' वर्गका वाणिज्य बैंक र 'ख' वर्गका राष्ट्रिय स्तरका विकास बैंकहरूको मुद्दती निक्षेपमा मात्र लगानी गर्दछ। यी बैंकहरू नेपालको केन्द्रीय बैंक (नेपाल राष्ट्र बैंक) को नियमन र कडा निगरानीमा रहेका छन्। त्यसकारण यी उपकरणमा गरिएको लगानी पुनः प्राप्ति नहुने जोखिम न्युन रहेको छ। यसको अतिरिक्त कुनै अन्य वृद्धिशील लागत नभएको अवस्थामा यी उपकरणमा निहित ब्याज दर, ऋण जोखिम र पैसाको समय मूल्य समायोजित Effective Interest Rate हो।

मुद्दती निक्षेपको रकममा रु १,७८०,४५५,५८८ प्रतितपत्र खोल्नका लागि धितोमा राखिएको रकम समावेश गरिएको छ।

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| मुद्दती निक्षेप र ऋणपत्र | | |
| **ऋणपत्रमा लगानी** | **३,६७१,५५०,०००** | **३,७७९,०५०,०००** |
| **बैंकहरुमा रहेको अवधि निक्षेप** | | |
| बैदेशिक मुद्रा (रु मा) | ८,३५७,०००,००० | ७,९३४,९२०,००० |
| नेपाली मुद्रा | २१,०२०,०००,००० | २७,६२०,४६०,००० |
| | **३३,०४८,५५०,०००** | **३९,३३४,४३०,०००** |
| चालु | २९,८५२,०००,००० | ३५,७५७,८८०,००० |
| गैर चालु | ३,१९६,५५०,००० | ३,५७६,५५०,००० |
| **जम्मा** | **३३,०४८,५५०,०००** | **३९,३३४,४३०,०००** |

### ९.१.६ **ऋण लगानी**

समूहले ऋण लगानीलाई सुरुमा वास्तविक मूल्यमा लेखाङ्कन गर्दछ भने पछि परिशोधित लागतमा Effective Interest Rate को प्रयोग गरी लेखाङ्कन गर्दछ। समूहले यी लगानीहरू परिपक्व अवधिसम्म कायम राख्दछ। साँवा र ब्याज प्राप्त गर्ने उद्देश्यले मात्र यी लगानीहरू राख्नु कम्पनीको व्यावसायिक उदेश्य हो।

**अपर तामाकोशी हाइड्रोपावरको ऋण लगानीमा अपेक्षित ऋण नोक्सानी (ECL):**

**इम्पेयरमेन्ट**

यी परिशोधित लागतमा भएका ऋणहरु न्यून जोखिमका लगानी हुन्। यसमा नेपाल वित्तिय प्रतिवेदनमान ९ अनुसार Expected Credit Loss लाई आधार मानी इम्पेयरमेन्ट निर्धरण गरिएको छ।

**व्याख्यात्मक टिप्पणीहरू:**

४५६ मेगावाट क्षमताको माथिल्लो तामाकोशी जलविद्युत आयोजना (UTKHEP) लाई नेपाल विद्युत प्राधिकरणको कर्पोरेट ग्यारेन्टी सहितको ऋणको रुपमा विकास गर्न माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडमा ऋण लगानी गरिएको हो। माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडको हाल र भविष्यमा स्वामित्वमा रहेको जग्गा, सम्पत्ति, प्लान्ट र उपकरण नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानको नाममा धितो राखेर ऋण लिइएको छ। यी संस्थाहरूको ऋण लगानीको पुनःप्राप्ति परियोजनाको सुरुवातमा सम्पन्न भएको विद्युत खरिद सम्झौता (पीपीए) अन्तर्गत नेपाल विद्युत प्राधिकरणलाई ऊर्जा बिक्रीबाट प्राप्त हुने नगद प्रवाहबाट सुरक्षित हुन्छ। आयोजनाले २०७८ भाद्र २५ गतेबाट पूर्णरूपमा व्यावसायिक सञ्चालन सुरु गरेको।

**व्याख्यात्मक टिप्पणी :**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेडमा ऋण लगानी | १४,०४९,२५६,५५१ | १४,३४३,७९६,७९३ |
| अपेक्षित क्रेडिट नोक्सानी | (७०२,४६२,८२८) | (१५७,७८१,७६५) |
| खुद लगानी | १३,३४६,७९३,७२३ | १४,१८६,०१५,०२८ |
| चालु | ४४१,८१०,३६३ | २९४,५४०,२४२ |
| गैर चालु | १२,९०४,९८३,३६१ | १३,८९१,४७४,७८६ |
| **जम्मा** | **१३,३४६,७९३,७२३** | **१४,१८६,०१५,०२८** |

### ९.१.७ **नगद र नगद सरहका सम्पत्ति**

**लेखा नीति**

नगद र नगद सरहका सम्पत्ति सुरुमा वास्तविक मूल्यमा र पछि नाफा वा नोक्सान मार्फत वास्तविक मूल्यमा लेखाङ्कन गरी मौज्दात मूल्यमा प्रस्तुत गरिएका छ। नगद र नगद सरहको मौज्दात रकम र सोको वास्तविक मूल्य  समान रहेको छ।

नगद र नगद सरहको परिपक्व अवधि तीन महिना भन्दा कम छ भने कम्पनीलाई अल्पकालीन तरलता आवश्यकताहरू पूरा गर्न सक्षम बनाउँछ। कम्पनीको अधिकांश नगद र नगद सरहका सम्पत्तिहरुमा वाणिज्य बैंकहरुबाट ब्याज प्राप्त हुने गरी गरिएका कल निक्षेपहरू समावेश छन् जसमा मूल्य परिवर्तनको जोखिम नगण्य रहेको छ। यसमा नगद मौज्दात र चेकहरू समेत समावेश गरिएका छन्।

नगद र नगद सरहको रुपमा बैंकहरूमा रहेको विदेशी मुद्राको मौज्दातलाई विवरण प्रस्तुत गरिएको वर्षको अन्तिम दिनको विनिमय दरहरूको आधारमा कम्पनीको कारोवार मुद्रामा रूपान्तरण गरी हुन आउने विदेशी विनिमयबाट हुने लाभ र हानीलाई नाफा वा नोक्सान खातामा मा लेखाङ्कन गरिएको छ।

नगद र बैंक ब्यालेन्समा पैसाको समय मूल्य र मुद्रास्फीति अबमूल्यनको जोखिम रहन्छ जुन जोखिम बैंक निक्षेपहरूबाट प्राप्त ब्याजबाट मात्र पूर्ण रूपमा पूर्ति गर्न सकिदैन।

**नगद र नगद सरहका सम्पत्ति**

रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| बैंक मौज्दात | | |
| ब्याज आर्जन हुने | ९,६२२,०७७,९३१ | ४,१६१,४७५,७५४ |
| ब्याज आर्जन नहुने | - | - |
| नगद मौज्दात | १९,२८२ | ७४,४९९ |
| | ९,६२२,०९७,२१३ | ४,१६१,५५०,२५३ |
| नगद वा नगद सरहमा सटही दर परिवर्तनको प्रभाव | ४१,२६७,२३५ | २९,९५०,४२३ |
| जम्मा | ९,६६३,३६४,४४९ | ४,१९१,५००,६७६ |
| चालु आ व को नोक्सानी व्यवस्था | (१३,८८६,७८२) | - |
| जम्मा नोक्सानी व्यवस्था | (१३,८८६,७८२) | - |
| **खुद रकम** | **९,६४९,४७७,६६७** | **४,१९१,५००,६७६** |

नगद तथा नगद सरह रकममा लाभांश भुक्तानीका लागि छुट्याइएका बैंक मौज्दात रु. ४२६,५४४,८८२ र प्रतितपत्र खोल्नका लागि मार्जिनका रूपमा धितो राखिएको रकम रु. १८९,६१७,१३० समावेश छ। साथै समीक्षा अवधिमा समूहले बैंक मौज्दातका लागि रु १३,८८६,७८२ नोक्सानीको व्यवस्था गरेको छ।

## ९.२ **वित्तीय दायित्व**

(i) **वर्गीकरण**

समूहले निम्नानुसार बाहेकका सबै वित्तीय दायित्वलाई पछि परिशोधित लागतमा मापन गर्ने गरी वर्गीकरण गरेको छ :

- वास्तविक मूल्यमा नाफा वा नोक्सानमा भार पारिएका वित्तीय दायित्व। त्यस्ता दायित्व तथा दायित्वका डेरिभेटिभ समेत पछि वास्तविक मूल्यमा मापन गरिनेछ।
- वित्तीय ग्यारेन्टी सम्झौता (Contracts)

वित्तीय दायित्व Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा लेखाङ्कन गरिएको छ। समूहले भविष्यको भुक्तानी र परिशोधित लागतको गणनाको लागि छुट दरको आधार लिएको छ। Effective Interest को रकमलाई नाफा वा नोक्सानमा देखाइएको छ।

**(ii) मापन**

सबै वित्तीय दायित्व सोको सुरुवाती लेखाङ्कन वास्तविक मूल्यमा गरिएको छ भने पछिको मापन वित्तीय दायित्वको वर्गीकरणमा निर्भर गर्दछ।

**(iii) वित्तीय दायित्वको अमान्यता**

वित्तीय दायित्व समाप्त गर्दा वा रद्द वा म्याद सकिएको अवस्थामा अमान्य गरिन्छ । विद्यमान वित्तीय दायित्वलाई एउटै ऋणदाताबाट फरक सर्तहरूमा प्रतिस्थापन गरिन्छ, वा सर्तहरू प्रयाप्त रूपमा परिमार्जन गरिन्छ भने यस्तो सट्टपट्टा वा परिमार्जनलाई दायित्व मानी विद्यमान वित्तीय दायित्वलाई अमान्य गरिन्छ । नयाँ दायित्व र सम्बन्धित शीर्षकको फरक रकमलाई नाफा वा नोक्सानको विवरणमा उल्लेंख गरिन्छ।

**व्याख्यात्मक टिप्पणीहरु :**

समूहको वित्तीय दायित्व Effective Interest Rate को प्रयोग गरी परिशोधित लागतमा प्रस्तुत  गरिएको छ।

**वित्तीय दायित्व** (आ.व.२०८१।८२) रकम रु.

| विवरण | FVtPL | परिशोधित लागत | जम्मा |
|---|---|---|---|
| ग्राहक धरौटी | | ५६,२२४,१३६ | ५६,२२४,१३६ |
| चालू दायित्वहरू | | १०,२३३,११६,५४४ | १०,२३३,११६,५४४ |
| ब्यावसायीक भुक्तानी बाँकी | | ८४९,९२९,६०० | ८४९,९२९,६०० |
| **जम्मा** | | **११,१३९,२७०,२८०** | **११,१३९,२७०,२८०** |

**वित्तीय दायित्व** (आ.व.२०८०।८१०) रकम रु.

| विवरण | FVtPL | परिशोधित लागत | जम्मा |
|---|---|---|---|
| ग्राहक धरौटी | | ५९,९८७,०७० | ५९,९८७,०७० |
| चालू दायित्वहरू | | १०,६५४,७७०,२४६ | १०,६५४,७७०,२४६ |
| ब्यावसायिक भुक्तानी बाँकी | | ६२७,४८६,२९७ | ६२७,४८६,२९७ |
| **जम्मा** | | **११,३४२,२४३,६१३** | **११,३४२,२४३,६१३** |

### ९.२.१ ग्राहक धरौटी

**व्याख्यात्मक टिप्पणीहरु:**

ग्राहक धरौटी भन्नाले समूहको सेवा नीति बमोजिम ग्राहकहरुलाई प्रदान गरिने सेवाको लागि लिइने धरौटी हुन् जसमा ग्राहकहरूलाई उपलब्ध गराइएका सेवाहरूको लागि प्रदान गरिने क्रेडिट सीमा र सेवाको लागि लिइएका ग्राहक धरौटीहरु समावेश हुन्छन् ।

**ग्राहक धरौटी** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| ग्राहक धरौटी र उधारो सिमा | ५६,२२४,१३६ | ५९,९८७,०७० |
| **जम्मा** | **५६,२२४,१३६** | **५९,९८७,०७०** |

सामान्यतया ग्राहकहरुद्वारा सेवा बन्द गरे पश्चात केवल नगन्य धरौटी रकम मात्रको ग्राहको धरौटी रकमबाट घटाइएको छ। धरौटीको सम्भावित भविष्यको भुक्तानी अनुमान गर्न नसकिने हुँदा सम्पूर्ण ग्राहक धरौटी गैर-चालु धरौटीमा वर्गीकृत गरी लेखाङ्कन गरिएको छ।

### ९.२.२ व्यावसायिक भुक्तानी बाँकी

व्यावसायिक भुक्तानीले आर्थिक वर्षको अन्त्य हुनु अघि अन्तरआवद्धता भएका टेलिकम अपरेटरबाट प्राप्त सेवाहरू बापतको भुक्तानी बाँकी दायित्वको प्रतिनिधित्व गर्दछ। प्रतिवेदन अवधि पछि १२ महिना भित्र भुक्तानी बाँकी नभएसम्म व्यापार भुक्तानी योग्यलाई हालको दायित्वको रूपमा वर्गीकृत गरिन्छ । अन्यथा, तिनीहरू गैर-वर्तमान दायित्वको रूपमा प्रस्तुत हुन्छन् । व्यापारिक भुक्तानयोग्यलाई सुरुमा वास्तविक मूल्य मा पहिचान गरिन्छ र पछि Effective Interest Rate प्रयोग गरेर परिशोधित लागतमा मापन गरिन्छ।

**व्याख्यात्मक टिप्पणी**

**व्यावसायिक भुक्तानी बाँकी** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| ब्यान्डविथ सेवाको लागि भुक्तान योग्य | ५४४,९८३,८८१ | ४२७,७६२,२१७ |
| अन्तरआवद्धता सेवाको लागि भुक्तान योग्य | ३०४,९४५,७१९ | १९९,७२४,०८० |
| **जम्मा** | **८४९,९२९,६००** | **६२७,४८६,२९७** |

### ९.२.३ चालु दायित्व

चालु दायित्व र अन्य भुक्तानी लागतमा लेखाङ्कन गरिएका छन् । सो लाई व्यवसायको सामान्य अवधि १२ महिना भित्रमा राफसाफ गर्ने अपेक्षा गरिएको छ। यसमा बाँकी रकमले परिशोधित लागत (Carrying Amount) लाई प्रतिनिधित्व गर्दछ।

**व्याख्यात्मक टिप्पणी :**

चालु दायित्व अन्तर्गत आपूर्तिकर्ताको दायित्व रकममा Convergent Real Time Billing System को AMC वापतको रकम रु. १२ करोड ६७ लाख रकम कानुनी मुद्दासँग सम्बन्धीत रहेकाले कम्पनीले भुक्तानी रोक्का गरेको छ।

**चालु दायित्व** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| आपूर्तिकर्ता | ८,१३६,६४८,८९५ | ९,०९०,२५७,४१३ |
| आयसँग सम्बन्धित अग्रिम कार्य | १,८७७,१०४,९५० | १,१५४,६०६,९१२ |
| अन्य दायित्व | २१९,३६२,६९९ | ४०९,९०५,९२१ |
| **जम्मा** | **१०,२३३,११६,५४४** | **१०,६५४,७७०,२४६** |

### ९.३ वित्तीय उपकरणहरूको समायोजन

वित्तीय सम्पत्ति र वित्तीय दायित्व समायोजन गरी खुद रकम वित्तीय विवरणमा प्रस्तुत गरिएको छ । यदि रकम समायोजन गर्न मान्यता प्राप्त अधिकार छ भने क्रमश सम्पत्ति तथा दायित्व एकै साथ खुदको आधारमा समायोजन गरिन्छ ।

### ९.४ वित्तीय ग्यारेन्टी सम्झौताः

वित्तीय ग्यारेन्टी सम्झौताहरु ग्यारेन्टी जारी भएको समयमा वित्तीय दायित्वको रूपमा मान्यता प्राप्त गर्दछन् । दायित्वलाई सुरुमा वास्तविक मूल्य मापन गरिन्छ । वित्तीय ग्यारेन्टी सम्झौताको वास्तविक मूल्य, ऋण उपकरण अन्तर्गत आवश्यक खुद अनुबंधीय नगद प्रवाह (contractual cash flows) र ग्यारेन्टी बिना आवश्यक हुने खुद अनुबंधात्मक नगद प्रवाह बीचको भिन्नताको वर्तमान मूल्य हो । वर्तमान मूल्य जोखिम मुक्त ब्याज दर प्रयोग गरेर गणना गरिन्छ ।

प्रत्येक पछिल्ला रिपोर्टिङ अवधिको अन्त्यमा वित्तीय ग्यारेन्टीहरू निम्न अवस्था मध्येको उच्च रकममा मापन गरिन्छः

- हानी बापतको व्यवस्थाको रकम र
- उपयुक्त भएसम्म सुरुमा पहिचान गरिएको रकममा संचयी परिशोधन घटाई

प्रत्येक पछिल्ला रिपोर्टिङ अवधिमा नोक्सान बापत व्यवस्था रकम प्रारम्भमा १२ महिनाको Expected Credit Loss बराबर हुन्छ । यद्यपि, ऋणीले सम्झौतामा पूर्वनिर्धारित सर्तहरुको पालना गर्न नसक्ने जोखिममा उल्लेख्य वृद्धि भएको छ भने यस्तो गणना आजीवन Expected Credit Loss बराबर हुन्छ ।

वित्तीय ग्यारेन्टी सम्झौताको लागि Expected Credit Loss भनेको नगद प्रवाहको लागि विशिष्ट जोखिमबाट समायोजित नगद कमी हो । नगद अभावहरू निम्न बीचको भिन्नता हो(

- क्रेडिट हानीका धारकलाई क्षतिपूर्ति गर्न अपेक्षित भुक्तानहरू र
- कुनै पनि रकम जुन एक संस्थाले धारक, ऋणी वा अन्य कुनै पक्षबाट प्राप्त गर्ने अपेक्षा गर्दछ

**व्याख्यात्मक टिप्पणीः**

समूहले त्रिशूली ३ बी जलविद्युत परियोजनाको वित्तपोषणका लागि आफ्नो सहायक कम्पनी त्रिशूली जलविद्युत कम्पनी लिमिटेडको इक्विटी सेयर लगानी नबिल बैंक लिमिटेडलाई वित्तीय ग्यारेन्टी दिएको प्रतिज्ञा गरेको छ ।

### ९.५ वित्तीय जोखिम व्यवस्थापन

समूहको व्यापार गतिविधिहरूले विभिन्न वित्तीय जोखिम निम्त्याउछ : क्रेडिट जोखिम, तरलता जोखिम, बजार जोखिम (विदेशी मुद्रा जोखिम, ब्याज जोखिम) जसको कारणले कम्पनीको वित्तीय उपकरणको वास्तविक मूल्य  लाई प्रतिकूल असर पार्न सक्छ । जोखिम व्यवस्थापन अप्रत्याशित वित्तीय हानीमा केन्द्रित हुन्छ र समूहको कार्यसम्पादनमा पर्न सक्ने सम्भावित प्रतिकूल प्रभावलाई कम गर्न खोज्दछ ।

समूहको जोखिम व्यवस्थापनको स्थापना र निरीक्षण गर्न समूहको सञ्चालक समिति र उच्च व्यवस्थापनको मुख्य जिम्मेवारी रहन्छ । समूहको जोखिम व्यवस्थापन नीतिहरू समूहले सामना गर्ने जोखिमहरू पहिचान गर्न, विश्लेषण गर्न, उपयुक्त जोखिम सीमा र नियन्त्रणहरू निर्धारण गर्न, जोखिमहरू र सीमाहरूको पालनाको अनुगमन गर्न स्थापना गरिन्छ ।

जोखिम व्यवस्थापन नीति, अभ्यास र प्रणालीहरू, बजार अवस्था र समूहका गतिविधिहरूमा हुने परिवर्तनहरू प्रतिबिम्बित गर्न नियमित रूपमा समीक्षा गरिन्छ । समूहको व्यवस्थापनद्वारा समूहको वित्तीय जोखिमयुक्त गतिविधिहरूलाई उपयुक्त अभ्यास र प्रक्रिया अवलम्वन गरी समूहको उद्देश्य अनुसार पहिचान, मापन र व्यवस्थापन हुन्छ भन्ने प्रत्याभूती दिन जोखिमहरुको व्यवस्थापन गरिन्छ ।

**ऋण जोखिम :**

ऋण जोखिम भनेको काउन्टरपार्टीबाट वित्तीय उपकरणमा उत्पन्न हुने वित्तीय नोक्सानको जोखिम हो । यदि पार्टीले सम्झौताका सर्तहरू वा दायित्व अनुसार ऋण चुक्ता गर्न वा सेवा दिन असफल भयो भने ऋण जोखिम उत्पन्न हुन्छ । क्रेडिट जोखिमले पूर्वनिर्धारितको प्रत्यक्ष जोखिम र ऋणको योग्यतामा ह्रासको जोखिम साथै concentration जोखिम दुवैलाई जनाउँछ ।

मुख्यतया क्रेडिट जोखिमको केन्द्रीकृतताको अधीनमा रहने वित्तीय उपकरणमा ऋण उपकरणमा लगानी, ब्यापारिक प्राप्य, आवधिक निक्षेप, अग्रिम भुक्तानी, अन्य प्राप्य र कर्मचारीहरूलाई दिइएको ऋण समावेश हुन्छन्  । बैंकहरूमा रहेको मुद्दती निक्षेपहरूले क्रेडिट जोखिमहरू प्रति बिशेष ध्यानाकर्षण गराउँदछ ।

समूहको ऋण जोखिम मुख्यतया वित्तीय साधनमा संलग्न प्रत्येक प्रतिपक्षको व्यक्तिगत विशेषताद्वारा प्रभावित हुन्छ। व्यावसायिक प्राप्यहरूको जोखिम नियन्त्रणको उद्देश्यका लागि, प्रत्येक ग्राहकको क्रेडिट सीमा र निक्षेपहरू स्थापना गरिन्छ, जसमा क्रेडिट सीमाले एक बिल चक्रको लागि अधिकतम र कमको प्रतिनिधित्व गर्दछ। कर्जा लगानीका लागि हाल र भविष्यमा स्वामित्व हुने प्लान्ट तथा उपकरण धितो राखी संस्थागत ग्यारेन्टी लिइएको छ।

**तरलता जोखिम**

तरलता जोखिम भनेको अस्वीकार्य नोक्सान नब्योहरी समूहले आफ्नो वित्तीय दायित्व पूरा गर्न सक्षम नहुने अवस्था हो। तरलता जोखिम व्यवस्थापनको उद्देश्य पर्याप्त तरलता कायम राख्नु र आवश्यकता अनुसार प्रयोगको लागि कोष उपलब्ध छ भनी सुनिश्चित गर्नु हो। समूहले अस्वीकार्य हानीको सामना नगरी सबै दायित्व पूरा गर्न पर्याप्त तरलता सुनिश्चित गर्न तरलता व्यवस्थापन गर्दछ। कार्यशील पूँजी र ऋण प्रतिबद्धता सहितका अन्य परिचालन आवश्यकता पुरा गर्न छुट्याइएको रकम बाहेक लगानीमा प्रतिफल अधिकतम वनाउन कुनै पनि छोटो अवधिको बचतलाई नगद र नगद समतुल्य (आवश्यक हदसम्म) को रूपमा राखिन्छ र कुनै पनि अतिरिक्त ब्याज वहन गर्ने आवधिक  निक्षेपहरूमा लगानी गरिन्छ।

| वित्तीय दायित्व (आ.व. २०८१।८२) | कुल | चालु दायित्व | १-२ वर्ष | २-५ वर्ष | ५ वर्ष माथि |
|---|---|---|---|---|---|
| ग्राहक धरौटी | ५६,२२४,१३६ | | | ५६,२२४,१३६ | |
| लीज दायित्व | २,३२०,४६८,५०३ | ३०८,०१३,८४९ | २९१,४३०,२४० | ६७७,२५५,५२७ | १,०४३,७६८,८८७ |
| **कुल** | **२,३७६,६९२,६३९** | **३०८,०१३,८४९** | **२९१,४३०,२४०** | **७३३,४७९,६६३** | **१,०४३,७६८,८८७** |

| वित्तीय दायित्व (आ.व. २०८०।८१) (परिमार्जित) | कुल | चालु दायित्व | १-२ वर्ष | २-५ वर्ष | ५ वर्ष माथि |
|---|---|---|---|---|---|
| ग्राहक धरौटी | ५९,९८७,०७० | | | ५९,९८७,०७० | |
| लीज दायित्व | २,४८३,७४५,११२ | ३१९,३२४,०३९ | २९८,५५६,७२३ | ७३४,५७२,३१८ | १,१३१,२९२,०३२ |
| **कुल** | **२,५४३,७३२,१८२** | **३१९,३२४,०३९** | **२९८,५५६,७२३** | **७९४,५५९,३८८** | **१,१३१,२९२,०३२** |

**बजार जोखिम:**

बजार जोखिम भनेको बजार मूल्यमा हुने परिवर्तनसँग सम्बन्धित जोखिम हो, जस्तै ब्याजदर, विदेशी विनिमय दर र अन्य आर्थिक परिदृश्यहरु हुन। बजार जोखिम व्यवस्थापनको उद्देश्य स्वीकार्य मापदण्डहरू भित्र रही बजार जोखिम व्यवस्थापन र नियन्त्रण गर्नु हो।

**i) ब्याज दर जोखिम**

ब्याजदर जोखिम भनेको बजार ब्याज दरमा भएको परिवर्तनको कारणले वित्तीय उपकरणको वास्तविक मूल्य वा भविष्यको नगद प्रवाहमा उतार चढाव हुने जोखिम हो। बजारदरहरूमा कुनै पनि गतिविधिले समूहको नगद प्रवाह र लागतमा प्रभाव पार्न सक्छ।

समूहको राजस्व विभागले ब्याजदरको उतारचढावको परिणामस्वरूप वित्तीय प्रभाव कम गर्न ब्याजदर जोखिम व्यवस्थापन गर्दछ। समूहले लगानीको अनुगमन गर्न र लगानी विविधिकरण प्रयासलाई सहजीकरण गर्न नीति तथा कार्यविधि बनाएको छ।

समूहसँग नगद र नगद बराबर, आवधिक निक्षेप, ऋण लगानी र ऋणपत्रमा लगानी जस्ता परिवर्तनशील ब्याज दर वहन गर्ने सम्पत्ति छन्। समूहको ब्याजदर जोखिम मुख्यतया वित्तीय सम्पत्तिसँग सम्बन्धित छ।

**ii) विदेशी मुद्रा जोखिम:**

समूहले आफ्नो सञ्चालन मुद्रा NPR बाहेक अन्य मुद्रामा कारोवारहरु गर्दा विदेशी मुद्रा जोखिम रहन्छ। मुद्रा जोखिमहरू बढाउने दुई प्रमुख मुद्राहरू यूएस डलर (USD) र यूरो (EURO) हुन्। यद्यपि, समूहले त्यस्ता जोखिमलाई कम गर्न कुनै पनि Forward Contracts गरेको छैन तसर्थ कम्पनी जोखिमको अधीनमा छ। विदेशी मुद्रा मूल्यमा हुने परिवर्तनहरूले समूहको अन्तरआवद्धता लेनदेनहरू, USD Term deposit, वस्तुहरूको आयात, प्लान्ट तथा उपकरण र सेवाहरू सम्बन्धी कारोवारलाई प्रभाव पार्दछ। समूहले विनिमय दरमा भएका परिवर्तनलाई प्रभावकारी रूपमा व्यवस्थापन गर्न बजारको आर्थिक गतिविधि र बजार मा मुद्राको उतार-चढावलाई नजिकबाट निगरानी गर्दछ।

तलको तालिकामा आषाढ मसान्त २०८२ सम्मको विदेशी मुद्रा (भारतीय मुद्रा बाहेक) को जोखिम सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ।

**वैदेशिक मद्रा जोखिम विवरण**

रकम रु.

| | अमेरिकी डलर जोखिम | यूरा जोखिम | जम्मा |
|---|---|---|---|
| वित्तीय सम्पत्तिहरू | १०,७१९,७७८,०२७ | १९,६२०,६३२ | १०,७३९,३९८,६५९ |
| वित्तीय दायित्वहरू | ५,३८०,३२१,२५६ | २८,३४१,६३० | ५,४०८,६६२,८८६ |

समीक्षा अवधिको अन्त्यमा कायम रहेको विदेशी मुद्राको सटहि दरमा ५% को मूल्य वृद्धि/ह्रास भएमा, वित्तीय सम्पत्ति र वित्तीय दायित्वमा विदेशी मुद्राको सटहि नाफा/(नोक्सानी) क्रमशः करिब रु. ५३ करोड ६९ लाख र रु. २७ करोड ४ लाख ले घट्ने/बढ्ने सम्भावना रहेको देखिन्छ।

तलको तालिकामा आषाढ मसान्त २०८१ सम्मको विदेशी मुद्रा (भारतीय मुद्रा बाहेक) को जोखिम सम्बन्धी जानकारी प्रस्तुत गरिएको छ

**वैदेशिक मद्रा जोखिम विवरण**

रकम रु.

| | अमेरिकी डलर जोखिम | यूरा जोखिम | जम्मा |
|---|---|---|---|
| वित्तीय सम्पत्ति | १०,२११,४८२,१९३ | ३,६२६,८२५ | १०,२१५,१०९,०१९ |
| वित्तीय दायित्व | ५,८३४,६३५,५९४ | ७०,३७९,२०८ | ५,९०५,०१४,८०२ |

## १०. व्यवस्था

**लेखा नीति**

विगतका घटनाहरुको परिणामस्वरुप सिर्जना भएका समूहको वर्तमान कानूनी वा श्रृजित दायित्वलाई व्यवस्थाको रुपमा लेखाङ्कन गरिन्छ। यस्ता दायित्वलाई बहिर्गमित स्रोतबाट प्राप्त आर्थिक लाभबाट फरफारक गर्न सम्भव हुनुको साथै विश्वसनीय रुपमा दायित्वको रकम अनुमान गर्न सकिन्छ।

**व्याख्यात्मक टिप्पणी:**

व्यवस्था भनेको भुक्तानी समय तथा रकमको अनिश्चितता भएको दायित्वको रकम हो। यसको भुक्तानीमा कम्पनीको कानूनी तथा श्रृजित दायित्व (Constructive Obligation) हुने गर्दछ। व्यवस्थाको गणना कानूनी व्यवस्था तथा कम्पनीको विनियमावली अनुसार गरिन्छ। यसको भुक्तानी समय तथा रकमको लागि थप स्वीकृती आवश्यक पर्ने हुन सक्छ। कम्पनीले यी दायित्व १२ महिनाको अवधिमा राफसाफ हुने अनुमान गरेको छ, तसर्थ यसमा कुनै डिस्काउन्टिङ गरिएको छैन। यसको बाँकी मूल्यले यसको परिशोधित लागतको प्रतिनिधित्व गर्दछ। व्यवस्था को रकम लेखाङ्कन यी दायित्व राफसाफ गर्न प्रतिवेदन मितिमा आवश्यक पर्ने व्यय रकम व्यवस्थापनको उत्तम अनुमानमा आधारित छ। व्यवस्थापनले व्यवस्था रकमलाई प्रत्येक प्रतिवेदन मितिमा पुनरावलोकन गर्ने गर्दछ र उत्तम अनुमान प्रस्तुत गर्न समायोजन समेत गर्ने गर्दछ। यदि दायित्व राफसाफ गर्न कुनै वित्तीय श्रोतहरुको हस्तान्तरण आवश्यक नपर्ने अवस्था आएमा व्यवस्थालाई उल्ट्याउने गरिन्छ।

**व्यवस्था**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| खर्चको प्रावधान | ३०८,३४२,३७१ | २५२,९१०,३०७ |
| **जम्मा** | ३०८,३४२,३७१ | २५२,९१०,३०७ |

## ११. सम्पत्ति र दायित्वको वास्तविक मूल्य मापन

नेपाल वित्तीय प्रतिवेदनमान १३ अनुसार समूहले आफ्नो सम्पत्ति तथा दायित्वलाई वास्तविक मूल्य प्रयोग गरी तीन तहहरूमा विभाजन गरेको छ। तह १ मा सम्पत्ति तथा दायित्वलाई वर्गीकरण गरिएको छ, त्यसलाई Quoted Market Price को आधारमा मूल्याङ्कन गरिएको छ र त्यसकारण वास्तविक मूल्य निर्धारणमा न्यून अनुमानको प्रयोग गरिएको छ। तर सम्पत्ति तथा दायित्वको वास्तविक मूल्य तह २ तथा तह ३ मा निर्धारण गरिएको खण्डमा नगद प्रवाहलाई डिस्काउन्टिङ गरी विश्लेषण वा अन्य मोडेलबाट मूल्याङ्कन गरिएको छ। यस लगायत सुरक्षण नभएको सम्पत्तिमा बजार अभ्यास अनुसार समूहले क्रेडिट, डेबिट तथा कोष मूल्याङ्कन समायोजन गरी सही मूल्य निर्धारण गर्ने गरेको छ।

यी मूल्याङ्कन विधिमा सम्पत्ति वा दायित्व निर्धारणको जटिलता तथा बजार निरीक्षण सूचनाको उपलब्धताको समेत विचार गरी व्यवस्थापनको निर्णय तथा अनुमानहरु समावेश गरिन्छ। तह २ को सम्पत्ति तथा दायित्वको मूल्याङ्कन विधिमा बजार निरीक्षण सूचनालाई Input को रूपमा प्रयोग गरिन्छ। तह ३ को सम्पत्ति तथा दायित्वमा

सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तर अबलोकन योग्य बजार सूचनाको आधार नभएको कम्तीमा एउटा Input रहन्छ। तह ३ को सम्पत्ति तथा दायित्वमा प्रयोग गर्ने उपयुक्त पूर्वधारणा निर्धारणको लागि व्यवस्थापनको महत्वपूर्ण निर्णय आवश्यकता पर्दछ। कम्पनीको तह ३ को सम्पत्ति तथा दायित्वको विवरण तथा सो को मूल्याङ्कनको संवेदनशिलता लगायत सम्भावित विकल्प पूर्वधारणा प्रयोग गरी वास्तविक मूल्य निर्धारण गर्दाको प्रभाव लागू भएको ठाँउमा खुलाइएको छ।

**वित्तीय सम्पत्ति र दायित्वहरूको मूल्यात्त्कन**

उचित मूल्य (Fair Value) मा राखिएका वा उचित मूल्य खुलाइएका सम्पत्ति र दायित्वहरूलाई, सो मूल्य निर्धारण गर्न प्रयोग गरिएका सूचनाहरूको गुणस्तर र विश्वसनीयताका आधारमा तीन तहमा वर्गीकरण गरिएको छः

**तह १**

तह १ वास्तविक मूल्य मापनहरू सक्रिय बजारबाट समान सम्पत्ति वा दायित्वको प्राप्त असमायोजित Quoted Price को आधारमा निकालिएको छ। तह १ मा वर्गीकरण गरिएको कुराहरू विशेष गरी साधारण सेयर, ट्रेजरी विलहरू तथा नेपाल सरकारबाट जारी गरिएको धितोपत्रहरू छन्।

**तह २**

तह २ मूल्याङ्कनका लागि आवश्यक बजार मूल्यहरू (Quoted Price) उपलब्ध छैन। उदाहरणको लागि कुनै उपकरणको विनिमय हुने बजारलाई सक्रिय मानिएको छैन वा वास्तविक मूल्य निर्धारण गर्ने मूल्याङ्कन विधिलाई मानिएको छैन र यी विधिहरूले प्रयोग गर्ने Input प्रमुख गरी निरीक्षण बजार सूचनामा आधारित रहने गर्दछ। यी उपकरणहरूको उदाहरणमा इखभच तजभ Counter Derivative, वित्तीय संस्थाले जारी गरेको धितोपत्र, निक्षेपको प्रमाणपत्र तथा सम्पत्तिको सुरक्षणमा रहेको धितोपत्रलाई जनाउँदछ।

**तह ३**

तह ३ को सम्पत्ति तथा दायित्व जसमा कम्तीमा एक Input बजार निरीक्षण सूचनाको आधारमा हुदैन तर सम्पत्ति तथा दायित्वको मूल्याङ्कनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। तह ३ को सम्पत्ति तथा दायित्व मूल्याङ्कनमा प्रयोग गर्ने उपयुक्त पूर्वधारणा निर्धारणको लागि आर्जन तथा अनुमानित भविष्यको नगद प्रवाहको सम्बन्धमा व्यवस्थापनको महत्वपूर्ण निर्णय आवश्यकता पर्दछ।

११.१ **वास्तविक मूल्यमा सम्पत्ति तथा दायित्वः**

रकम रु.

| सम्पत्ति तथा दायित्व आ.व.२०८१।८२ | वहन मूल्य | बजार मूल्य | अबलोकनयोग्य थप | अबलोकन नहुने थप |
|---|---|---|---|---|
| | (वास्तविक मूल्य) | (लेभल १) | (लेभल २) | (लेभल ३) |
| जमिन | २४,७७३,४२२,००० | | २४,७७३,४२२,००० | |
| भवन | ३,५६३,६९५,८१४ | | ३,५६३,६९५,८१४ | |
| सर्वोत्तम सिमेन्टमा इक्विटि लगानी | ३३,१२७,२०० | ३३,१२७,२०० | | |
| असुचीकृत इक्विटि लगानी | २२०,७३९,७६४ | | २२०,७३९,७६४ | |
| सामुहिक लगानी कोषमा लगानी | २०९,४२९,७०० | २०९,४२९,७०० | | |
| नगद वा नगद सरह | ९,६४९,४७७,६६७ | ९,०३३,३१५,०५५ | ६१६,१६२,६१२ | |
| **जम्मा** | **३८,४४९,८९२,१४५** | **९,२७५,८७१,९५५** | **२९,१७४,०२०,१९०** | |

रकम रु.

| सम्पति तथा दायित्व आ.व.२०८०।८१ (परिमार्जित) | वहन मूल्य | बजार मूल्य | अबलोकनयोग्य थप | अबलोकन नहुने थप |
|---|---|---|---|---|
| | (वास्तविक मूल्य) | (लेभल १) | (लेभल २) | (लेभल ३) |
| जमिन | २३,०८५,०५२,०६६ | | २३,०८५,०५२,०६६ | |
| भवन | ३,४३२,४८१,३८९ | | ३,४३२,४८१,३८९ | |
| सर्वोतृतम सिमेन्टमा इक्विटि लगानी | २९,०३४,००० | २९,०३४,००० | | |
| असुचीकृत इक्विटि लगानी | २२५,५७१,४४९ | | २२५,५७१,४४९ | |
| सामुहिक लगानी कोषमा लगानी | १८६,४९९,३०० | १८६,४९९,३०० | १८६,४९९,३०० | |
| नगद वा नगद सरह | ४,१९१,५००,६७६ | ४,१९१,५००,६७६ | | |
| **जम्मा** | **३१,१५०,१३८,८८०** | **४,४०७,०३३,९७६** | **२६,९२९,६०४,२०४** | |

नगद तथा नगद सरहलाई वास्तविक मूल्यमा प्रस्तुत गरिएको छ। नगद मौज्दात उल्लिखित मुद्राको Quoted Price हो। कम्पनीले वाणिज्य बैंकहरूमा लगानी गरेको अल्पकालीन निक्षेपमा वास्तविक मूल्य प्रस्तुत गरेको मानेको छ।

जग्गालाई वास्तविक मूल्यमा प्रस्तुत गर्नको लागि जग्गाको पूनर्मूल्याङ्कन आवधिक रूपमा गरिएको छ। जग्गाको वास्तविक मूल्य निर्धारणमा समान प्रकारको नजिकको स्थानमा अवस्थित जग्गाको मूल्यलाई आधार लिइएको छ। (नोट ३ )

भवन तथा भौतिक संरचनाहरुको वास्तविक मूल्यमा विवरण प्रस्तुत गर्न कम्पनीले आवधिक रुपमा पुनर्मूल्याङ्कन गर्ने गरेको छ। भवन तथा भौतिक संरचनाको वास्तविक मूल्य निर्धारण गर्नको लागि Depreciated Replacement Cost (DRC) को प्रयोग गरिएको छ।

**११.२ परिशोधित लागतमा लिइएको वित्तीय सम्पत्ति र दायित्वको वास्तविक मूल्य**

परिशोधित लागत (Amortised Cost) मा लेखाङ्कन गरिएका वित्तीय सम्पत्ति तथा दायित्वले सोको वास्तविक मूल्यलाई जनाउँदछ। क्रियाशिल बजारमा उपलब्ध नभएका र स्पष्ट रुपले देखिने गरी छुट्याउन नसकिने वित्तीय सम्पत्ति तथा दायित्वलाई नेपाल वित्तीय प्रतिवेदनमान १३, तह ३ को अवधारणा अनुसार व्यवस्थापनले छुट नगद प्रवाहको आधारमा वास्तविक मूल्य अनुमान गर्दछ।

**सम्पत्ति तथा दायित्व** (आ.व.२०८१।८२)

रकम रु.

| विवरण | वहन मूल्य | वास्तविक मूल्य | बजार मूल्य (तह १) | अबलोकन योग्य थपहरु (तह २) | अबलोकन नहुने थपहरु (तह ३) |
|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | |
| व्यावसायिक तथा अन्य प्राप्य | १,०९८,६९४,४११ | १,०९८,६९४,४११ | - | - | १,०९८,६९४,४११ |
| मुद्दती निक्षेप | ३३,०४८,५५०,००० | ३३,०४८,५५०,००० | - | - | ३३,०४८,५५०,००० |
| ऋण लगानी | १३,३४६,७९३,७२४ | १३,३४६,७९३,७२३ | | | १३,३४६,७९३,७२३ |
| **दायित्व** | | | | | |
| ग्राहक धरौटी | ५६,२२४,१३६ | ५६,२२४,१३६ | - | - | ५६,२२४,१३६ |
| चालु दायित्व | १०,२३३,११६,५४४ | १०,२३३,११६,५४४ | - | - | १०,२३३,११६,५४४ |
| व्यापारिक भुक्तानी योग्य | ८४९,९२९,६०० | ८४९,९२९,६०० | | | ८४९,९२९,६०० |

**सम्पत्ति तथा दायित्व** (आ.व.२०८०।८१)

रकम रु.

| विवरण | वहन मूल्य | वास्तविक मूल्य | बजार मूल्य (तह १) | अबलोकन योग्य थपहरु (तह २) | अबलोकन नहुने थपहरु (तह ३) |
|---|---|---|---|---|---|
| **सम्पत्ति** | | | | | |
| व्यावसायिक तथा अन्य प्राप्य | १,५१७,७१०,६१७ | १,५१७,७१०,६१७ | - | - | १,५१७,७१०,६१७ |
| मुद्दती निक्षेप | ३९,३३४,४३०,००० | ३९,३३४,४३०,००० | - | - | ३९,३३४,४३०,००० |
| ऋण लगानी | १४,१८६,०१५,०२८ | १४,१८६,०१५,०२८ | | | १४,१८६,०१५,०२८ |
| **दायित्व** | | | | | |
| ग्राहक धरौटी | ५९,९८७,०७० | ५९,९८७,०७० | - | - | ५९,९८७,०७० |
| चालु दायित्व | १०,६५४,७७०,२४६ | १०,६५४,७७०,२४६ | - | - | १०,६५४,७७०,२४६ |
| व्यापारिक भुक्तानी योग्य | ६२७,४८६,२९७ | ६२७,४८६,२९७ | | | ६२७,४८६,२९७ |

## १२. कर्मचारी सुविधा

**लेखा नीति**

कर्मचारीहरूले सेवा प्रदान गरेको वर्षमा नै प्रदान गरिने अल्पकालीन सेवा सुविधाहरू जस्तैः तलव भत्ता, बिदा सुविधा, अन्य भत्ता कर्मचारीहरूबाट सेवा प्रदान गरेको वर्षमा प्रदान गरिने व्यवस्था रहेको छ। साथै समूहले सेवानिवृत्त कर्मचारीहरूको लागि निर्धारित सुविधाहरू र निर्धारित योगदानमा आधारित सेवा सुविधाहरू उपलव्ध गराउने व्यवस्था गरेको छ।

१. निर्धारित सुविधा योजना अन्तर्गत समूहको सेवाबाट सेवानिवृत्त कर्मचारीहरूको लगि निवृत्तिभरण, उपदान, सञ्चित बिदाको भुक्तानी लगायतका भुक्तानी समावेश हुन्छन्। उल्लिखित सुविधा कर्मचारीको सेवा अवधि, उमेर र तलब सुविधाको आधारमा निर्धारण हुन्छ।

२. निर्धारित योगदानमा आधारित निवृत्तिभरण यस्तो योजना हो जसमा समूहले निश्चित रकम योगदान गरेको हुन्छ, सो बाहेक अतिरिक्त कानूनी तथा सिर्जित दायित्वको अन्य भार बहन गर्नु पर्दैन।

समूहले कर्मचारीको अवकाश पछिको भुक्तानी गर्नु पर्ने रकम निर्धारण गर्न निश्चित समयमा स्वतन्त्र र विज्ञ मूल्याङ्कनकर्ताबाट Actuarial मूल्याङ्कन गरी सोको आवधिक पुनरावलोकन गराइ अध्यावधिक समेत गरेको छ। यसरी अध्यावधिक गर्ने प्रयोजनको लागि सम्पत्तिलाई वास्तविक मूल्यमा मूल्याङ्कन गरिएको छ भने दायित्वको हकमा Actuarial मान्यताको आधारमा मूल्याङ्किकन गरिएको छ। निर्धारित योगदान अवधारणा अर्न्तगतका दायित्वलाई वित्तीय स्थितिको विवरण मितिको बजारदरको आधारमा कट्टा गरी समायोजन गरिएको छ। समूहको आय विवरणमा उल्लिखित नाफा नोक्सानमा चालु सेवा, बिगत अवधिको सेवा र खुद ब्याज बापतको खर्च समावेश गरिएको छ। पुनर्मापन अन्तर्गत Actuarial नाफा तथा नोक्सानी र योजनाको सम्पत्तिको नाफा तथा नोक्सानी र सम्पत्ति आधारमा भएको परिवर्तनको पनि आवश्यकता अनुसार समायोजन गरी वित्तीय विवरणहरुमा समावेश गर्ने गरिएको छ। अन्य विस्तृत आयमा समावेश भएको पुनर्मूल्याङ्कनको प्रभावलाई चालु वर्षको नाफा वा नोक्सान विवरणमा समावेश नगरी विगतको सञ्चित नाफामा भार पर्ने गरी समायोजन गरिएको छ।

योजनाको सम्पत्ति योजना बापतको वास्तविक सम्पत्ति तथा दायित्वको चालु मूल्यमा आउने खुद बचत तथा घाटा रकमलाई प्रतिवेदन तयार गर्ने समयमा वित्तीय विवरणमा समायोजन गरिएको छ। योजनाबाट भविष्यमा घटाइएको योगदानबाट वा योगदान फिर्ताको रकमबाट दायित्व पुरा हुने अवस्थामा मात्र बचतलाई मान्यता दिई समायोजन गरिन्छ। योजनाबाट प्राप्त हुने बचत योगदानमा हुने कमी र भविष्यमा अन्ततः प्राप्त हुन सक्ने बचतमा समायोजन गरिन्छ।

समूहले कर्मचारी विनियमावली अनुसार कर्मचारीहरुलाई बिभिन्न प्रकारका ऋण तथा पेस्कीहरु दिने गरेको छ। त्यस्ता ऋण तथा पेस्कीहरु बीमा गरिएका वा नगरिएका तथा भिन्न भिन्न परिपक्व अवधिका हुने गर्छन्। कर्मचारीहरुलाई दिईएका ऋणलाई वास्तविक मूल्यमा मूल्याङ्कन गरिएको छ। परिशोधन नगरिएका कर्मचारी लागत भनेको कर्मचारी ऋण रकमको किताबी मूल्य र बजार मूल्यमा डिस्काउन्ट गरिएको कर्मचारी ऋणको वर्तमान मूल्य बीचको भिन्नता हो। ऋणको पूर्व-भुक्तानी र सेवानिवृत्त/राजीनामा दिएका कर्मचारीहरूको ऋण राफसाफ समावेश हुनेगरी स्थगित लाभहरू प्रत्येक वर्ष ऋण रकमको अन्तिम मौज्दात गणना गरिन्छ। ऋणहरुलाई वास्तविक मूल्यमा मूल्याङ्कन गर्नको लागि प्रयोग गरिएको डिस्काउन्ट दर भनेको त्यो वर्षमा कर्मचारीहरूको करयोग्य लाभ निर्धारण गर्न प्रयोग हुने ब्याज दर हो।

**व्याख्यात्मक टिप्पणी:**

१२.१ **कर्मचारी सुविधा**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| अल्पकालीन कर्मचारी सुविधा | | |
| तलव र ज्याला | २,०९८,७५९,७५५ | २,१६५,२५६,९५५ |
| भत्ता | १,२५५,३७२,३७० | १,३०४,४७५,६७३ |
| पोशाक भत्ता | ३८,१७७,००० | ३९,७७९,००० |
| अतिरिक्त समय भत्ता | ३८,५८६,४६७ | ३८,६९९,७२७ |
| स्वास्थोपचार खर्च | ५०९,६००,९६७ | ५२५,२८३,८३९ |
| टेलिकम भत्ता | २८९,१०८,८१३ | २८९,६१०,७९७ |
| कर्मचारी बोनस (Statutory) | ५१८,४३२,०४७ | ५९२,१३९,५४५ |
| अन्य मौद्रिक सुविधा | १४,४२३,०७८ | १६,६७७,७०३ |
| विदाको भुक्तानी | ११६,२१४,९८० | १२३,२१४,३५६ |
| लँव्ज अन्तर्गत वित्तीय लागत | २३२,०४३,९६८ | १६६,८८०,१८१ |
| **निर्धारित योगदान योजना** | | |
| सञ्चय कोषमा योगदान | २०७,५६५,३०७ | २१४,२९४,०६९ |
| जीवन विमा | ३८१,७८०,७११ | ३३,४७०,६२४ |
| **निर्धारित सुविधा योजना** | | |
| विदाको भुक्तानी | १७४,७९३,३७४ | १४७,३८७,४२७ |
| निवृत्तिभरण र उपदान- गैर योगदानमा आधारित | १,८८१,७६५,५०० | २,३६२,२३९,३१६ |
| निवृत्तिभरण र उपदान- योगदानमा आधारित | २१०,९३६,०७० | ६८०,८९०,४३० |
| अवकाश सुविधा | - | १,९२२,१२३ |
| अन्य दीर्घकालीन कर्मचारी सुविधा | २८,२९८,५४२ | ११,१५२,२०४ |
| **जम्मा** | **७,९९५,८५८,९४८** | **८,७१३,३७३,९७०** |

१२.२ **अवकाश सुविधा**

समूहको अवकाश सुविधा अर्न्तगत निर्धारित सुविधा योजना र निर्धारित योगदानमा आधारित सुविधाहरू रहेका छन् ।

**i. निर्धारित योगदानमा आधारित योजना**

समूहले अवकाश सुविधा अर्न्तगत दुईवटा निर्धारित योगदानमा आधारित योजना सञ्चालन गरेको छ ।

१. कर्मचारी संचयकोषमा योगदान अर्न्तगत निश्चित तलबको १० प्रतिशतले हुन आउने रकम तलव भुक्तानीकै समयमा उक्त कोषमा पठाइन्छ ।

२. कर्मचारीहरुको जीवन बीमा अर्न्तगत भुक्तानी गर्नुपर्ने बीमा शुल्कको ९० प्रतिशत रकम कम्पनीद्वारा योगदान गरिन्छ । बीमा गरिएको रकम र त्यसमा प्राप्त हुने बोनसको रकम कर्मचारीको अवकाशको समयमा भुक्तानी गरिन्छ ।

**ii. निर्धारित सुविधा योजना**

कम्पनीले २०६६ कात्तिक १ सम्म सेवा प्रवेश गरी २० वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीलाई निवृत्तिभरण र २० वर्ष भन्दा कम सेवा अवधि पूरा गरी अवकाश लिने कर्मचारीलाई उपदान सुविधा उपलव्ध गराउँदछ । साथै सञ्चित बिदा बापतको रकम भुक्तानी गर्दछ ।

कम्पनीले २०६६ कार्तिक १ पछाडि सेवा प्रवेश गर्ने कर्मचारीहरुको हकमा योगदानमा आधारित निवृत्तिभरण उपलव्ध गराउने व्यवस्थाका लागि सञ्चालक समितिबाट मिति १८ श्रावण, २०७९ मा भएको निर्णय अनुसार कार्यान्वयन गरिएको छ ।

२०६६ कार्तिक १ गते पछि कम्पनीमा सेवा प्रवेश भएका कर्मचारीहरूको लागि योगदानमा आधारित निवृत्तिभरण कोषका व्यवस्था गरिएको थियो र यस अनुसार कम्पनीले प्रत्येक कर्मचारीको निवृत्तिभरण कोष खातामा निश्चित रकम जम्मा गर्दछ, जुन कर्मचारीहरूलाई सेवानिवृत्तिपछि उपलब्ध हुन्छ । यो व्यवस्था २०७९ श्रावण १८ गतेको सञ्चालक समितिको निर्णय अनुसार कार्यान्वयन गरिएको छ । निर्णय अनुसार, यस समूहका कर्मचारीलाई २० वर्षको सेवा अवधि पुरा गरेपछि निवृत्तिभरण प्राप्त गर्ने अधिकार हुनेछ, जसका लागि कर्मचारीहरूले १० प्रतिशत योगदान गर्नेछन् भने कम्पनीले समान १० प्रतिशत योगदान गरेकोछ । त्यस्तो निवृत्तिभरणको भुक्तानी गर्दा कोषमा कम हुने भएमा कम्पनीले सो कम भएको रकम व्यहोर्ने छ । २० वर्षको सेवा अवधि पुरा नगर्ने कर्मचारीहरूलाई भने कोषमा जम्मा गरिएको रकम कर्मचारीको व्यक्तिगत खातामा जम्मा गरेर भुक्तानी दिइनेछ। कम्पनीले निर्धारित अवकाश भुक्तानीको मूल्याङ्कन गरी दायित्व यकिन गर्न आवधिक रुपमा Actuary मार्फत दायित्व निर्धारण गर्दै आएको छ । अवकाश भुक्तानी बापत आउने दायित्वको वर्तमान मूल्यलाई गैर चालु दायित्वमा राखिएको छ । विगत एवं वर्तमानको सेवा बापत लागत तथा खुद ब्याजलाई (Net of Unwinding Interest and Return on Plan Assets) नाफा वा नोक्सानमा राखिएको छ । Actuarial पुनर्मूल्याप्ति रकमलाई विस्तृत आय विवरणमा समावेश गरिन्छ । अवकाशको समयमा केही रकम कोषबाट र केही रकम समुह बाट भुक्तानी गर्ने गरिएको छ । कम्पनीले अधिकतम ७ वर्षको निवृत्तिभरण वरावरको रकम पेस्कीको रुपमा प्रदान गर्दै आएको छ र उक्त अग्रिम भुक्तानी रकम अन्तिम Actuarial दायित्वमा समायोजन गरिन्छ ।

कर्मचारीको पूर्वानुमानित सरदर आयुमा भएको वृद्धि, सम्पत्तिको वृद्धि दरमा गरिएको पूर्वानुमानमा गिरावट तथा अनुमानभन्दा बढी मुद्रास्फीतिले सम्पत्तिको मूल्यमा कमी भइ दायित्वमा वृद्धि हुन सक्ने जोखिम विद्यमान रहेको छ ।

**निर्धारित सुविधा योजना दायित्व** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| अ.ल्या निर्धारित सुविधा योजना दायित्व | ३३,७७७,३४४,८२७ | ३१,८६०,७७४,३३२ |
| Transition अवधिमा दायित्वमा थप | | ५४३,२९८,८९७ |
| चालु सेवा लागत | १,१०५,२४२,४४० | १,६२९,९१४,७३३ |
| वित्तीय लागत | २,४९१,४६९,६२० | २,३९९,७७४,६३० |
| सुविधा भुक्तानी | (१,०९२,४३०,५३३) | (१,०५३,२३६,२४४) |
| Actuarial मापन | २,००५,७९१,०९० | (१,६०३,१८१,५२०) |
| **अन्तिम निर्धारित सुविधा योजना दायित्व** | **३८,२८७,४१७,४४४** | **३३,७७७,३४४,८२७** |

**निर्धारित सुविधा योजना सम्पत्ति** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| अ.ल्या निर्धारित सुविधा योजना सम्पत्ति | १५,५२८,१२७,८८८ | ८,९११,२३४,९०३ |
| लगानीकर्ताको योगदान | ८८,२०५,९०९ | ९७५,१३७,४५१ |
| Employers Contribution-Non-Contributory | १२,९२३,९२६,६६४ | ५,०४७,४५२,५४६ |
| गत वर्ष लगानीको लाभ | १,२१४,५८८,५८० | ७१७,०६०,७९४ |
| Advance Tax on return on plan assets | (५५,९००,३३६) | (४४,६८३,०६२) |
| सुविधा भुक्तानी Contributory | (७,२५७,३१५) | (२२६,२६२,८४३) |
| सुविधा भुक्तानी - Non- Contचibutory | (१,१२७,४४५,२०४) | |
| Actuarial Remeasurements | (६,८७६,८५०) | १४८,१८८,१०० |
| **अन्तिम निर्धारित सुविधा योजना सम्पत्ति** | **२८,५५७,३६९,३३६** | **१५,५२८,१२७,८८८** |

| | | |
|---|---|---|
| खुद निर्धारित सुविधा योजना दायित्व | ९,७३०,०४८,१०८ | १८,२४९,२१६,९३९ |
| Charged र (credited) तय P&L | २,३८२,१२३,४८० | ३,३१२,६२८,५६९ |
| Charged र (credited) तय OCI | २,०१२,६६७,९४० | (१,७५१,३६९,६२०) |

**निर्धारित सुविधा योजना दायित्व – निवृत्तिभरण तथा उपदान (योगदानमा आधारित नभएको)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| सुरुको निर्धारित सुविधा योजना दायित्व | ३०,५८९,८४८,९९० | २९,८७३,०५४,९३४ |
| चालु सेवा शुल्क | ८३९,५९१,१६० | ८७२,४१३,५४० |
| वित्तीय लागत | २,२५६,७६२,९२० | २,२०६,८८६,५७० |
| योजनाको सम्पत्तिवाट गरिएको भुक्तानी | (८६५,२५४,८२१) | (२२६,२६२,८४३) |
| रोजगादाताले सोझै भुक्तानी गरेको रकम | | (५७७,७५९,२११) |
| Actuarial Remeasurements | १,७२४,२२६,३२० | (१,५५८,४८४,०००) |
| अन्तिम निर्धारित सुविधा योजना दायित्व | ३४,५४५,१७४,५६९ | ३०,५८९,८४८,९९० |

**निर्धारित सुविधा योजना दायित्व – (योगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| सुरुको निर्धारित सुविधा योजना दायित्व | १,२२४,१८९,३२७ | - |
| थप सुविधा योजना दायित्व (पहिचान भएको मितिमा - Transition Date) | ५४३,२९८,८९७ | |
| चालु सेवा शुल्क | ११९,४५९,०८० | ६४३,२६२,७८० |
| वित्तीय लागत | ९१,४७६,९९० | ३७,६२७,६५० |
| योजनाको सम्पत्तिवाट गरिएको भुक्तानी | (८,९९२,३३४) | - |
| रोजगादाताले सोझै भुक्तानी गरेको रकम | ४४,१०२,९५५ | - |
| Actuarial Remeasurements | २८२,७८३,३५० | - |
| अन्तिम निर्धारित सुविधा योजना दायित्व | १,७५३,०१९,३६७ | १,२२४,१८९,३२७ |

**निर्धारित सुविधा योजना दायित्व - बिदा**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| **सुरुको निर्धारित सुविधा योजना दायित्व** | **१,९६३,३०६,५१०** | **१,९८७,७१९,३९७** |
| चालु सेवा शुल्क | १४६,१९२,२०० | ११४,२३८,४१३ |
| वित्तीय लागत | १४३,२२९,७१० | १५५,२६०,४१० |
| कम्पनीद्धारा भुक्तानी गरेको सुविधा | (२६२,२८६,३३२) | (२४९,२१४,१९०) |
| Actuarial Remeasurements | (१,२१८,५८०) | (४४,६९७,५२०) |
| **अन्तिम निर्धारित सुविधा योजना दायित्व** | **१,९८९,२२३,५०८** | **१,९६३,३०६,५१०** |

**निर्धारित सुविधा योजना सम्पत्ति – (योगदानमा आधारित नभएको)**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| अ.ल्या निर्धारित सुविधा योजना सम्पत्ति | १४,५४२,५९८,०१७ | ८,९११,२३४,९०३ |
| रोजगारदाताको योगदान - योगदानमा आधारित नभएको | १२,९२३,९२६,६६४ | ५,०४७,४५२,५४६ |
| योजना सम्पत्तिमा प्रतिफल | १,१३७,६३८,२७९ | ६३४,७५०,०८१ |
| योजना सम्पत्ति प्रतिफलमा अग्रिमकर | (५५,९००,३३६) | |
| (-) सुविधा भुक्तानी - योगदानमा आधारित | - | (२२६,२६२,८४३) |
| (-) सुविधा भुक्तानी - योगदानमा आधारित नभएको | (१,१२७,४४५,२०४) | - |
| (-) Actuarial Remeasurements | १३,८६५,६१० | १७५,४२३,३३० |
| अन्तिम निर्धारित सुविधा योजना सम्पत्ति | २७,४३४,६८३,०३० | १४,५४२,५९८,०१७ |

**निर्धारित सुविधा योजना सम्पत्ति – (योगदानमा आधारित)**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| योजना सम्पत्तिको सुरुको वास्तविक मूल्य | ९८५,५२९,८७१ | - |
| रोजगारदाताको योगदान - योगदानमा आधारित | ४४,१०२,९५५ | ९७५,१३७,४५१ |
| कर्मचारीको योगदान | ४४,१०२,९५५ | |
| योजना सम्पत्तिमा प्रतिफल | ७६,९५०,३०१ | ३७,६२७,६५० |
| योजना सम्पत्ति प्रतिफलमा अग्रिमकर | | |
| (-)सुविधा भुक्तानी - योगदानमा आधारित | (७,२५७,३१५) | |
| (-)सुविधा भुक्तानी - योगदानमा आधारित नभएको | | - |
| (-) Actuarial Remeasurements | (२०,७४२,४६०) | (२७,२३५,२३०) |
| अन्तिम निर्धारित सुविधा योजना सम्पत्ति | १,१२२,६८६,३०६ | ९८५,५२९,८७१ |

## Actuarial assumptions

निर्धारित सुविधा योजना बापतको दायित्वको Actuarial Valuation मा निम्न आधारहरूलाई लिएर गरिएको छ।

**निर्धारित सुविधा योजना (गैरयोगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| डिस्काउन्ट दर | ७% | ७.५% |
| तलब बृद्धिदर | ७ % | ७% |
| निवृत्तिभरणमा हुने वृद्धिदर | ४% | ४% |
| सम्पत्तिमा अनुमानित प्रतिफल दर | ७% | ७.५% |
| बैवाहिक स्थीती | १००% बैवाहित | १००% बैवाहित |
| मृत्युदर (अवकास अघि) | Nepal Assured Mortality 2009 | Nepal Assured Mortality 2009 |
| मृत्युदर (अवकास पश्चात) | Indian Individual Annuitant's Mortality Table (2012-15) | Indian Individual Annuitant's Mortality Table (2012-15) |
| जीवनसाथीको आयुमा फरक | ५ वर्ष | ५ वर्ष |
| फिर्ता दर | Age<45 -2% | Age>=45 -0.5% |
| | Age<45 -> 5% | Age>=45 -> 0% |

**निर्धारित सुविधा योजना (योगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| डिस्काउन्ट दर | ७% | ७.५% |
| तलब बृद्धिदर | ७ % | ७% |
| निवृत्तिभरणमा हुने वृद्धिदर | ४% | ४% |
| सम्पत्तिमा अनुमानित प्रतिफल दर | ७% | ७.५% |
| सञ्चीत योगदानमा व्याज | ४% | ४% |
| बैवाहिक स्थीती | १००% बैवाहित | १००% बैवाहित |
| मृत्युदर (अवकास अघि) | Nepal Assured Mortality 2009 | Nepal Assured Mortality 2009 |
| मृत्युदर (अवकास पश्चात) | Indian Individual Annuitant's Mortality Table (2012-15) | Indian Individual Annuitant's Mortality Table (2012-15) |
| जीवनसाथीको आयुमा फरक | ५ वर्ष | ५ वर्ष |
| फिर्ता दर | Age<45 -2% | Age>=45 -0.5% |
| | Age<45 -> 5% | Age>=45 -> 0% |

## Sensitivity Analysis (Pension & Gratuity)

**निर्धारित सुविधा योजना ( गैर योगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| Discount Rate | | |
| Effect on DBO – increase of discount rate by 1% | (१३.४)% | (१३.०)% |
| Effect on DBO – decrease of discount rate by 1% | १६.८% | १६.३% |
| Salary Escalation Rate | | |
| Effect on DBO – increase of salary rate by 1% | ३.५% | ३.९% |
| Effect on DBO – decrease of salary rate by 1% | (३.२)% | (३.६)% |
| Pension Inflation Rate | | |
| Effect on DBO – increase of pension inflation rate by 5% | १२.८% | ११.९% |
| Effect on DBO – decrease of pension inflation rate by 3% | (१०.६)% | (१०.०)% |

**निर्धारित सुविधा योजना (योगदानमा आधारित)**

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| Discount Rate | | |
| Effect on DBO – increase of discount rate by 1% | (२४.२)% | (२३.८)% |
| Effect on DBO – decrease of discount rate by 1% | ३४.१% | ३३.३% |
| Salary Escalation Rate | | |
| Effect on DBO – increase of salary rate by 1% | १८.६% | १८.७% |
| Effect on DBO – decrease of salary rate by 1% | (१५.६)% | (१५.७)% |
| Pension Inflation Rate | | |
| Effect on DBO – increase of pension inflation rate by 1% | १२.८% | १२.३% |
| Effect on DBO – decrease of pension inflation rate by 1% | (१०.५)% | (१०)% |

१२.३ **योजना सम्पत्तिः**

**क) समूहको योगदानमा आधारित :**
समूहले नागरिक लगानी कोष र Earmark गरिएको मुद्दती निक्षेपको उपदान कोष योजना (निक्षेप योजना) मा योजना सम्पत्तिको रूपमा लगानी गरेको छ। कम्पनीले समीक्षा अवधिमा उक्त योजना सम्पत्तिमा नागरिक लगानी कोषमा रु.२२.०६ अर्बको स्वेच्छिक योगदान गरेको र रु.५.३६ अर्ब रकम Earmark मुद्दती निक्षेपमा लगानी गरेको छ। योजना सम्पत्तिको मुख्य लगानी उद्देश्यहरू भनेको उपदान र एकमुष्ट निवृत्तिभरण भुक्तानी गर्न कोषको उपलब्धता सुनिश्चित गर्नु हो र निवृत्तिभरणको भुक्तानी यसै कोषवाट गरिन्छ।

**ख) समूह र कर्मचारीको संयुक्त योगदानमा आधारित**
निर्णय हुनु अघि निवृत्तिभरण प्रदान गर्नको लागि राखिएको योगदानमा आधारित कोषमा कम्पनीले कर्मचारीको व्यक्तिगत निवृत्तिभरण कोष खातामा निश्चित रकम जम्मा गर्ने गरेको थियो, जुन कर्मचारीहरूलाई सेवा निवृत्तिपछि उपलब्ध हुनेछ। कर्मचारी र कम्पनीबाट कोषमा योगदान गरिएको रकमलाई निवृत्तिभरण दायित्वको भुक्तानीको लागि निर्धारित योजनाको सम्पत्ति (Defined Benefit Assets) को रूपमा लेखाङ्कन गरिएको छ।

१२.४ **अनुमानित भावी लाभहरुको भुक्तानीः**
अपेक्षित भविष्य लाभ भुक्तानीहरू आषाढ ३२, २०८२ मा लाभ दायित्व निर्धारण गर्न प्रयोग गरिएको समान Actuarial अनुमानहरू प्रयोग गरी अनुमान गरिएको छ, किनभने लाभ भुक्तानी भविष्यको रोजगारी र क्षतिपूर्ति स्तरहरू, औसत सेवा अवधि, भुक्तानी प्रक्रियामा निर्भर हुने गर्दछ। उपयुक्त अनुमानको आधारमा अवकाश सुविधाका दायित्व अन्तर्गत अपेक्षित लाभ भुक्तानीहरू निम्न तालिकाद्वारा प्रस्तुत गरिएको छ।

रकम रु. हजारमा

| वर्ष | निवृत्तिभरण तथा उपदान (गैर योगदानमा आधारित '000') | निवृत्तिभरण तथा उपदान (योगदानमा आधारित '000') | सञ्चित विदा '000' |
|---|---|---|---|
| जुलाई १६, २०२६ | १,०३५,७१८ | ७२३ | १०५,००५ |
| जुलाई १६, २०२७ | १,४०६,१५३ | १,०२६ | १८९,८३१ |
| जुलाई १६,२०२८ | १,४९५,४३८ | १,७४४ | २०३,७२१ |
| जुलाई १६,२०२९ | १,४९३,६७० | १,९१४ | १८३,४४५ |
| जुलाई १६,२०३० | १,५९६,०७१ | २,६९३ | १९५,२८३ |
| वर्ष २०३० देखि २०३४ | १०,०६८,२६१ | ५६,२०६ | ९६०,२६६ |

## १३. सेयर पूँजी

**लेखा नीतिहरू**
समूहले पुँजीकोष वित्तीय दायित्व हो अथवा इक्विटी हो भन्ने विषय निर्धारण गर्नको लागि नेपाल लेखामान ३२ (वित्तीय उपकरणः प्रस्तुति) लागू गरेको छ। करार सम्झौताको परिणाम, समूहको हालको उत्तरदायित्व, नगद वितरण गर्ने वा अन्य वित्तीय सम्पत्ति अथवा विभिन्न संख्यामा लगानीकर्ताको लागि इक्विटी सेयर जारी गर्ने भन्ने विषय अन्तर्गत जारी गरिएको वित्तीय उपकरण वा सोका तत्वहरू दायित्वको रुपमा वर्गीकृत गरिएको छ। यसबाहेक सो उपकरणलाई इक्विटी उपकरण नै मानिन्छ।

नयाँ सेयर जारी गर्दाको प्रत्यक्ष थप लागतलाई इक्विटीमा प्राप्त रकमबाट घटाई देखाइएको छ।

लगानीकर्ताको लाभांश र अन्य प्रतिफलको पहिचान भुक्तानीको समयमा गरिन्छ अथवा त्यसबेला गरिन्छ, जब वार्षिक साधारणसभाबाट घोषणा गरिन्छ र सोही आय वर्षको इक्विटीमा भार पर्ने गरी लेखाङ्कन गरिएको छ।

व्याख्यात्मक टिप्पणीहरू

**सेयर पुँजी**

रकम रु.

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१** |
|---|---|---|
| सेयर संख्या | | |
| अधिकृत सेयर संख्या | २५०,०००,००० | २५०,०००,००० |
| जारी सेयर संख्या | १८०,०००,००० | १८०,०००,००० |
| चुक्ता सेयर संख्या | १८०,०००,००० | १८०,०००,००० |
| परल मुल्य | १०० | १०० |
| सेयर पूँजी | | |
| अधिकृत पूँजी | २५,०००,०००,००० | २५,०००,०००,००० |
| जारी पूँजी | १८,०००,०००,००० | १८,०००,०००,००० |
| **चुक्ता पूँजी** | **१८,०००,०००,०००** | **१८,०००,०००,०००** |

## १४ जगेडा तथा सञ्चित मुनाफा

**लेखा नीति**

**स्थगन कर जगेडा**

समूहको स्थगन गरिएको खुद सञ्चित कर सम्पत्ति उत्पन्न भएमा समूहले आफनो नीति अनुसार सो वरावरको सञ्चित कर सम्पत्तिको भाग विनियोजन गर्दछ । जब सञ्चित कर दायित्व उत्पन्न हुन्छ, तब ती रकमलाई इक्विटीमा पुनर्वर्गीकरण गरी सञ्चित मुनाफामा लगिन्छ।

**पुनर्मूल्याङ्कन जगेडा**

**जग्गा**

समूहले Freehold Land Properties को मूल्यलाई प्रस्तुत गर्न पुनर्मूल्याङ्कन विधिलाई आत्मसात गरेको छ। जग्गाको मूल्यमा वृद्धि भएको रकमलाई पुनर्मूल्याङ्कन जगेडामा बाँडफाँट गरिएको छ। त्यस्तै गरी जग्गाको मूल्य घट्न गएमा, पुनर्मूल्याङ्कन जगेडाको रकमले खाम्ने रकमसम्म सञ्चित पुनर्मूल्याङ्कनको रकममा भार पारिन्छ भने बाँकी रकम नाफा वा नोक्सानमा इम्पेयरमेन्टको रुपमा भार पारिएको छ।

**भवन र भौतिक संरचना**

भवन र भौतिक संरचनाको मूल्यमा वृद्धि भएको रकमलाई बढेको रकम बराबर नै पुनर्मूल्याङ्कन जगेडामा थप गरिएको छ। चालु आर्थिक वर्षमा यस्तो पुनर्मूल्याङ्कन गर्दा भएको थप ह्रास रकमलाई इक्विटीमा भार पारिएको छ।

**व्याख्यात्मक टिप्पणीहरू**

**जगेडा तथा सञ्चित मुनाफा**

| **विवरण** | **३२ आषाढ २०८२** | **३१ आषाढ २०८१ (परिमार्जित)** |
|---|---|---|
| सञ्चित मुनाफा | ४५,९४२,३४०,५७१ | ४७,७६८,८५८,९८४ |
| पुनर्मूल्याङ्कन जगेडा | २५,३०३,४७९,९६१ | २३,४६१,६४९,२६९ |
| स्थगन कर जगेडा | ८,९९३,६८३,६७४ | ८,१४७,५४५,१०४ |
| | **८०,२३९,५०४,२०५** | **७९,३७८,०५३,३५७** |

जगेडा तथा सञ्चित मुनाफा भएको परिवर्तनलाई विस्तृतरुपमा इक्विटीमा परिवर्तनको विवरणमा देखाइएको छ।

## १५. ग्राहकसँगको सम्झौताबाट प्राप्त आय

**लेखा नीति**

प्रतिज्ञा गरिएका उत्पादन वा सेवाको नियन्त्रण ग्राहकलाई हस्तान्तरण गरेपछि समूहले ती उत्पादन वा सेवाबाट प्राप्त गरेको वा प्राप्त गर्ने अपेक्षा गरेको कुनै पनि कर र छुट बाहेकको रकमलाई राजस्वको मान्यता दिइन्छ।

मध्यस्थकर्ता मार्फत प्रतिज्ञा गरिएका उत्पादन वा सेवा प्रदान गर्दा, समूहले आफु मुख्य रूपमा कार्यसम्पादन दायित्व (Performance Obligation) पूरा गर्न जिम्मेवार छ कि छैन र यसले ग्राहकलाई हस्तान्तरण गर्नु अघि प्रतिज्ञा गरिएको सेवा नियन्त्रण गर्छ कि गर्दैन भनेर मूल्याङ्कन गर्दछ। प्रत्येक कार्यसम्पादन दायित्व पूरा गरेपश्चात मात्र राजस्वको पहिचान गरिन्छ।

समूह मुख्य सेवाप्रदायकको रूपमा कार्य गर्दा, ग्राहकलाई प्रदान गरिएको सामग्री सेवाबाट ग्राहकलाई बिल गरिएको कूल रकमको आधारमा राजस्वको लेखाङ्कन गरिन्छ । समूहले एजेन्टको रूपमा कारोबार गर्दा प्राप्त गर्ने सेवा शुल्कमा मुख्य सेवाप्रदायकबाट प्राप्त सेवा र सोसँग सम्बन्धित सामग्री बापतको लागत कट्टा गरी बाँकी रकम राजस्वको रुपमा लेखाङ्कन गरिन्छ ।

समूहले निम्न ५ चरणको प्रक्रिया पूरा गरी ग्राहकसँगको सम्झौताबाट प्राप्त आय मापन गर्दछ ।

१. ग्राहकसँगको करार पहिचान

२. करार अनुसारको कार्यसम्पादन दायित्व पहिचान

३. कारोवार मूल्यको निर्क्यौल

४ प्रत्येक कार्यसम्पादन दायित्वको कारोवार मूल्य कायम

५ करारको दायित्व पूरा भएपछि आय लेखाङ्कन

**पोर्टफोलियो दृष्टिकोण (Portfolio Approach):**

ग्राहकसँगको प्रत्येक सम्झौताको लेखाङ्कनको लागि माथिका ५ चरणको प्रक्रिया लागू हुन्छन् । यद्यपि, व्यावहारिक कठिनाईका कारण समूहले यसलाई समान विशेषता भएका सम्झौता (वा कार्यसम्पादन दायित्व) को आधारमा लेखाङ्कन गर्ने गर्दछ। समूहले पोर्टफोलियोमा यो प्रक्रिया लागू गर्दा वित्तीय विवरणमा पर्ने प्रभावहरू प्रत्येक सम्झौताको लेखाङ्कनको भन्दा सारभूत रूपमा फरक हुने छैन भन्ने अपेक्षा गर्दछ।

पोर्टफोलियोको आधारमा लेखाङ्कन गर्दा समूहले पोर्टफोलियोको आकार र संरचनालाई प्रतिबिम्बित गर्ने अनुमान र मान्यताहरू प्रयोग गर्ने गर्दछ।

**सम्झौता परिमार्जन (Contract Modification):**

सम्झौता परिमार्जन भनेको सम्झौताका पक्षहरुद्वारा अनुमोदित दायरा वा मूल्य वा दुवैमा परिवर्तन हो ।

निम्न अवस्थामा सम्झौता परिमार्जनलाई छुट्टै सम्झौताको रूपमा लिइन्छ :

- प्रतिज्ञा गरिएका वस्तु वा सेवा फरक भई सम्झौताको दायरा बढेमा ।
- प्रतिज्ञा गरिएको वस्तु र सेवाको एकल बिक्री मूल्यलाई प्रतिबिम्बित गर्ने प्रतिफलले सम्झौताको मूल्य बढेमा ।

**फिर्ता नहुने अग्रिम शुल्क (Non-Refundable Upfront Fees):**

- सेवा बिक्रीसँग सम्बन्धित फिर्ता नहुने गरी लिइने दर्ता, अग्रिम सेवा सुचारु (Activation) लगायत अन्य शुल्कहरु सम्बन्धित सेवा अनुबन्ध अवधि वा ग्राहकले सो सेवा प्रयोग गर्ने अवधिको आधारमा सो अवधिभर स्थगित गरी लेखाङ्कन गरिन्छ। उल्लिखित शुल्कको प्राप्तिले फरक कार्यसम्पादन दायित्वको परिणाम दिँदैन तथापि अग्रिम शुल्क भविष्यका सेवाको लागि अग्रिम भुक्तानी हो। तसर्थ सम्झौता दायित्वको रूपमा मान्यता प्राप्त हुन्छ र ग्राहकले सो सेवा प्रयोग गर्ने अवधिको आधारमा सो अवधिभर स्थगित गरी लेखाङ्कन गरिन्छ।
- प्रत्येक फरक कार्यसम्पादन दायित्व पुरा भएपश्चात राजस्व पहिचान गरिन्छ। राजस्वको मुख्य वर्ग र मान्यताको आधार निम्नानुसार छन्:

✓ सेवा राजस्व

✓ Multiple Deliverables

✓ उपकरण बिक्री

**सेवा राजस्व**

सेवा राजस्वमा मुख्यतया भ्वाइस, डाटा, एसएमएस र रब्बक जस्ता सेवा उपयोगको शुल्क पर्दछ । सबै दूरसञ्चार सेवा (भ्वाइस, डाटा र एसएमएस) कम्पनीको नेटवर्कमा डिजिटल सिग्नल प्रतिनिधित्व गर्ने डाटाको रूपमा प्रसारण गरिनुका साथै उपलब्ध गराइने भएकोले एउटै कार्यसम्पादन दायित्वलाई प्रतिनिधित्व गर्ने मानिन्छ।

सेवा प्रसारणले नेटवर्क ब्यान्डविथ खपत गर्ने हुँदा ग्राहकले सञ्चार को प्रकृतिमा केन्द्रित नभई नेटवर्कमा पहुँच र ब्यान्डविथ उपभोग गर्ने अधिकार प्राप्त गर्दछ।

समूहले यी सेवा प्रदान गरेपश्चात राजस्व पहिचान गर्दछ। ग्राहकबाट प्राप्त हुनुपर्ने राजस्वभन्दा बढी सङ्कलन भएको रकमलाई स्थगित राजस्व (deferred revenue), ग्राहक/सदस्यबाट प्राप्त अग्रिम शुल्कको रूपमा वर्गीकृत गरिन्छ।

अन्तर्राष्ट्रिय सेवा आयमा अन्तरआवद्धता र अन्य अपरेटरद्वारा कम्पनीको नेटवर्क प्रयोगबापत प्राप्त हुने भ्वाइस, डाटा, एसएमएस तथा रोमिङ्ग शुल्क आदि पर्दछन् । यसमा इन्टरप्राइज लिज (Enterprise Lease) सेवा पनि समावेश छ। साथै, सेवा नियन्त्रणको स्थानान्तरण पश्चात उक्त आयको पहिचान गरिन्छ।

समूहले सरकारको तर्फबाट सङ्कलन गर्ने स्वामित्व शुल्क, दूरसञ्चार सेवा शुल्क र मूल्य अभिवृद्धि करले समूहलाई आर्थिक लाभ नदिने भएकाले समूहको आयमा समावेश गरिएको छैन।

**Multiple Deliverables**

समूहले बिभिन्न सामान, सेवा वा सम्पत्ति प्रयोग गर्ने गरी विभिन्न राजस्व व्यवस्थापन गरेको छ । प्रारम्भमा यसमा भएका सबै Deliverable

हरूले फरक कार्यसम्पादन दायित्वको प्रतिनिधित्व गर्छन् कि गर्दैनन् भनेर निर्धारण गर्न मूल्याङ्कन गरिन्छ र यसरी मूल्याङ्कन गर्दा फरक कार्यसम्पादन दायित्वको प्रतिनिधित्व गरेमा छुट्टै हिसाब गरिन्छ।

Multiple Deliverables सँग सम्बन्धित कूल Consideration लाई प्रत्येक कार्यसम्पादन दायित्वको एकल बिक्री मूल्यको आधारमा बाँडफाँट गरिएको छ। समूहले उपकरण र नेटवर्क सेवाहरू अलग-अलग बिक्री गर्दा लिने सूचीकृत मूल्यको आधारमा एकल बिक्री मूल्य निर्धारण गर्दछ।

**उपकरण बिक्री**

उपकरण बिक्री मुख्यतया दूरसञ्चार उपकरण र सम्बन्धित सामानहरूको बिक्रीसँग सम्बन्धित छ, जसको लागि उपकरणको नियन्त्रण ग्राहकलाई हस्तान्तरण गर्दा राजस्व पहिचान गरिन्छ।

**व्याख्यात्मक टिप्पणीहरू**

**ग्राहकसँगको सम्झौताबाट प्राप्त आय**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| **सेवा विक्रिबाट प्राप्त आय** | | |
| भ्वाइस | १८,०३३,१०६,७७७ | २०,२८८,६६०,१३६ |
| डाटा | १३,८९७,६७८,०५७ | १२,४९४,२७३,७५७ |
| एसएमएस | १,४०६,३७८,१५५ | १,३४३,६१४,७५५ |
| अन्य | २५१,१३७,७३३ | १५४,०५२,७१४ |
| **जम्मा** | **३३,५८८,३००,७२२** | **३४,२८०,६०१,३६२** |
| उपकरण बिक्रीबाट आय | २८९,२३८,१४९ | २५२,६३२,५३१ |
| **जम्मा** | **३३,८७७,५३८,८७१** | **३४,५३३,२३३,८९३** |

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| आधारभूत टेलिफोन सेवा | | |
| स्थानीय/अन्तर्देशीय | १५२,६२७,३०२ | २४९,३७२,२२९ |
| अन्तर्राष्ट्रिय ट्रङ्क | ८७०,४५४ | १,३१९,७२२ |
| लिज सर्किट | २७८,९६३,८७६ | २८३,९६५,३९५ |
| एडिएसएल | १४,४४५,५१३ | ५४,२८७,५१५ |
| सीप (SIP) फोन | १,०९२,७७६ | १,१६५,१५९ |
| एफटीटीएच - भ्वाइस | ५१८,७०६,७५५ | १,२६१,३४१,८२७ |
| एफटीटीएच - डाटा | १,१५०,८११,२३० | ९१३,४४२,२३३ |
| अन्य | १९,५१९,०६३ | २१,५३२,५३१ |
| **आधारभूत टेलिफोन सेवाको जम्मा आय** | **२,१३७,०३६,९६९** | **२,७८६,४२६,६१०** |
| जीएसएम (GSM) मोबाईल सेवा | | |
| भ्वाइस | १५,२५९,३९९,८९७ | १६,१७३,१४८,८४९ |
| डाटा | १२,३८७,७२२,८५४ | ११,११६,३५६,४९१ |
| एसएमएस | ४५१,०२४,५२५ | ३९०,९१९,१११ |
| अन्तर्राष्ट्रिय ट्रङ्क | ४७,७४६,०२५ | २६,१०७,२३८ |

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| रोमिङ्ग | २१९,८४६,०७२ | १२१,३३९,७८८ |
| **अन्य** | **२८,३६५,७३९,३७३** | **२७,८२७,८७१,४७५** |
| GSM मोवाईल सेवाको जम्मा आय | | |
| अन्तरप्रशासनिक सेवा | | |
| अन्तरप्रशासनिक आय - अन्तर्राष्ट्रिय | १,५०५,३३५,४६५ | १,९४८,५६१,५६७ |
| अन्तरप्रशासनिक आय - अन्तर्देशीय | २६३,७९६,०२० | २१५,३१९,३०७ |
| अन्तराष्ट्रिय रोमिङ (Sharing) | २८३,५३१,१५४ | २४९,८१५,२१७ |
| एसएमएस | ५१३,५९५,७१७ | ५६८,५१८,७४८ |
| अन्य | ७,७७४,०३३ | ११,१८०,३९५ |
| **अन्तरप्रशासनिक सेवाको जम्मा आय** | **२,५७४,०३२,३८९** | **२,९९३,३९५,२३३** |
| भ्यालु एडेड सेवाहरू (VAS) | ४५२,५७४,१२६ | ५५२,८२४,३६२ |
| आइपीटिभी सेवा | ५८,९१७,८६५ | १२०,०८३,६८२ |
| **जम्मा सेवा बिक्री वापतको आय** | **३३,५८८,३००,७२२** | **३४,२८०,६०१,३६२** |

**बहु वितरण (Multiple Deliverables)**

Multiple Deliverables (ह्यान्डसेट, ग्राहक परिसर उपकरण, फाइबर केबल, नेटवर्क सेवा आदि) सहितको वस्तुलाई एकल Deliverables मा बाँडफाँट गरिएको र व्यक्तिगत Deliverable को समान मापदण्डको आधारमा पहिचान गरिएको छ। एक वर्षभन्दा वढी समय अवधिको प्याकेजसँग सम्बन्धित राजश्वलाई प्रोदभावी आधारमा राजश्व लेखाङ्कन गरी बाँकी राजश्वलाई Deferred गरिएको छ।

**फिर्ता नहुने अग्रिम शुल्क (Non-Refundable Upfront Fees)**

ग्राहकले समूहको सेवा प्रयोग गर्ने सरदर अवधि १२ महिना भन्दा बढी हुने अनुमान गरिएको छ र यसको Churn Rate अनुमानित सरदर सेवा प्रयोग अवधिको उत्कृष्ट सूचक हो। समूहले यसरी सेवाप्रबन्धसँग सम्बन्धी अग्रिम सेवा सुचारु शुल्कबापत प्राप्त हुने राजस्व सेवा सुचारु भएको मितिदेखि सम्बन्धित सेवा सम्झौता अवधि वा ग्राहक सेवा प्रयोग अवधिको आधारमा स्थगित गरी लेखाङ्कन गर्दछ।

## १६. वित्तीय आय

**लेखा नीति**

विभिन्न स्रोतबाट प्राप्त वित्तीय आयलाई नेपाल वित्तीय प्रतिवेदनमान ९ को आधारमा लेखाङ्कन गरिएको छ।

**व्याख्यात्मक टिप्पणी**

**वित्तीय आय** रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| ऋण लगानीमा ब्याज आम्दानी | १,३१६,५४७,११९ | १,४१२,६८९,०५६ |
| ऋणपत्रमा प्राप्त ब्याज | ३५८,४४७,११२ | ३६०,४८०,६४१ |
| निक्षेपमा ब्याज | १,८०७,०२०,७०७ | ४,८४७,५४१,८२७ |
| कर्मचारी ऋणमा ब्याज | २६९,०११,३४० | १६६,५३१,४९० |
| लगानीको वास्तविक मूल्यमा परिवर्तन | २२,१९१,९१५ | ४८,६७८,७४९ |
| **जम्मा** | **३,७७३,२१८,१९३** | **६,८३५,९२१,७६४** |

## १७. अन्य आय

### लेखा नीति

लाभांश आम्दानीलाई लाभांश प्राप्त गर्ने हक सिर्जना भएपछि तथा अन्य आम्दानीलाई विश्वसनीय रुपमा मापन भएका वा प्राप्ति सम्भव देखिएको अवस्थामा अन्य आम्दानी शिर्षकमा जनाइएको छ। सरकारी अनुदानसँग संलग्न सर्त पालना गर्ने र अनुदान प्राप्त हुने उचित आश्वासन पश्चात मात्र समूहले सरकारी अनुदानलाई आम्दानीको मान्यता दिएको छ। (नोट २६)

### व्याख्यात्मक टिप्पणीहरू

**वित्तीय आय**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ (परिमार्जित) |
|---|---|---|
| कार्यसम्पादन जमानत जफत र अन्य आय | २८७,०२७,९२४ | ५६३,१३९,७१५ |
| सरकारी अनुदान आम्दानी | २३०,२८८,८८१ | १९४,४७१,९०० |
| **जम्मा** | **५१७,३१६,८०५** | **७५७,६११,६१५** |

## १८. सेवा सञ्चालन तथा मर्मत खर्च

### व्याख्यात्मक टिप्पणी

कार्य सञ्चालन खर्चमा स्थिर नेटवर्क र मोवाइल सञ्चार सम्बद्ध नेटवर्कको सञ्चालन तथा मर्मतमा लागेका खर्च सम्लग्न गरिएको छ।

**सञ्चालन तथा मर्मत खर्चहरू**

रकम रु.

| विवरण | ३२ आषाढ २०८२ | ३१ आषाढ २०८१ |
|---|---|---|
| कार्यालय उपकरण मर्मत खर्च | ४७,८५६,१४६ | ४६,७९५,६६४ |
| भवन मर्मत खर्च | १३०,४७५,६२० | १४०,०८७,३८१ |
| प्लान्ट तथा मेसिन मर्मत खर्च | १,८२९,५१४,८४० | २,००७,५०७,९८० |
| सफ्टवेयर मर्मत खर्च | २१८,७५० | - |
| शक्ति, ताप तथा प्रकाश खर्च | १,४१८,१२३,३०२ | १,४२२,७५२,३६३ |
| सवारी इन्धन खर्च | ९६,३९९,७४४ | १०७,३०८,८५६ |
| सवारी मर्मत खर्च | ७०,७२९,९६२ | ७३,५०२,३३६ |
| ढुवानी खर्च | १४,२३१,९०५ | १३,८२१,२२७ |
| अन्तर्राष्ट्रिय आई.पि. लिज र ट्रान्जिट खर्च | १,०१२,७२५,६४८ | ९११,८७१,७७५ |
| टेलिफोन सेट तथा अन्य सामग्री खर्च | ३०७,८९४,४९५ | ४२५,२२९,६९२ |
| क्यासकार्ड खर्च | २४९,८६९,३६२ | २३६,३६५,१८६ |
| सोधपुछ सेवा खर्च | ३९,५८३,२४० | ४२,९६८,२८९ |
| भ्यालु एडेड सेवा खर्च | ४,४४२,३६९ | ७९,७६५,२१७ |
| अन्तरआबद्धता खर्च (राष्ट्रिय) | २७८,५३५,६५३ | २७८,६१७,७०७ |
| अन्तरआबद्धता खर्च (अन्तर्राष्ट्रिय) | १५३,१९५,७४७ | २५९,६०५,६५७ |
| तालिम खर्च (करार) | १०५,३००,७२३ | १७७,३४२,९५८ |
